


# स्मारिका
## २०८१

थारु आयोग, नेपाल




# स्मारिका

# २०७१

थारु आयोग, नेपाल

# थारू आयोग

नेपाल

काठमाडौं - २९ अनामनगर
टोल फ्रि नं. १६६००१५७०००
फोन नं. ५७०५११८, ५७०५११९

पत्र संख्या:- ०७८/७९
चलानी नं:-


## शुभकामना

थारू समुदायको विविध पक्षको बारेमा खोजमूलक एवं विचारमूलक लेख रचनाहरू समेटेर थारू आयोगद्वारा प्रथम पटक स्मारिका प्रकाशन हुन गइरहेकोमा गौरव महसुस भइरहेको छ । यस प्रकाशनले थारू समुदाय तथा समुदाय बारे चासो राख्नु हुने समग्र पक्षमा सूचनाको आदान प्रदान गर्न र आवश्यक बहस छलफलको वातावरण निर्माण भई थारू समुदाय प्रतिको बुझाईमा अझ निखारता ल्याउन मद्दत पुग्नेछ भन्ने आशा लिएको छु । समाज भित्र रहेर विविध क्षेत्रको अध्ययन गरी आएका विचारबाट आयोगलाई पनि थारू समुदायको हकहितको संरक्षण-सम्बर्द्धन तथा सशक्तीकरणको लागि नीति योजना निर्माणमा थप मद्दत पुग्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु ।

अन्तमा आफ्ना गहन लेख रचनाहरू उपलब्ध गराई प्रकाशनलाई सम्भव तुल्याउनु हुने सम्पूर्ण लेखकज्यूहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । पुस्तक प्रकाशन तथा सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गरी स्मारिका प्रकाशनको अन्तिम रूप दिने कार्य गर्नु हुने सम्पूर्ण आयोगका पदाधिकारी तथा कर्मचारीहरूमा धन्यवाद सहित थारू समुदाय तथा समग्र समाजमा सकारात्मक सोचको विकास गर्न यो प्रकाशन सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

मा. विष्णु प्रसाद चौधरी
अध्यक्ष
थारू आयोग, अनामनगर, काठमाडौं ।

# थारू आयोग

[illegible]नगर, काठमाडौं
नेपाल

मा. डा. उमाशंकर प्रसाद चौधरी
सदस्य
नीजि सचिवालय

थारु आयोग
नेपाल

फोन नं : ०१-५८०८३७२
मो. नं : ९८५१३१७२८०
इमेल : uschaudhary112@gmail.com

## *संयोजकको कलमबाट......*

थारु समुदायको मौलिक इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्नको लागी थरुहट आन्दोलन पश्चात थारु आयोग गठनकोलागी नेपालको संबिधानमा ब्यवस्था भएको हो। नेपालको संबिधान २०७२ को भाग-२७ धारा २६३ अनुसार २० लाख थारु समुदायको प्रतिनिधित्व हुने गरि २०७५ साल कार्तिक २५गते संबैधानिक आयोगको हैसियतमा थारु आयोगको स्थापना भएको छ। थारु आयोगले आफ्नो स्थापनाकालको चौथो बर्षमा पहिलो पटक थारु आयोगको स्मारिका प्रकाशन गर्न लागी रहेको छ। यो स्मारिका प्रकाशन गर्नकोलागी समुदायका सबै तह तथा तप्काका ब्यक्तित्वहरुलाई खुला रुपमा आफ्नो महत्वपूर्ण अध्ययन,अनुसन्धान तथा अनुभव र लेख तथा रचना लेखी पठाउनकोलागी आह्वान गरेका थियौं। प्राप्त भएका थारु समुदाय संग सम्बन्धित अध्ययन अनुसन्धान, बिभिन्न बिधाका लेख तथा रचनाहरुको साथै जानकारी मुलक तथ्यहरुको सगालोको रुपमा यो स्मारिकालाई लिन सकिन्छ।

यो स्मारिका सफलता पुर्बक प्रकाशनकोलागी महत्वपूर्ण ब्यक्तित्वहरुबाट प्राप्त लेख तथा रचनाको लागी थारु आयोग तथा संयोजकको हैसियतले सबैलाई धेरै धेरै धन्यबाद दिन चाहन्छु। स्मारिकाको सम्पादन तथा प्रकाशन लगायत सम्पुर्ण कार्य ब्यवस्थापनकोलागी **"स्मारिका सम्पादन समिति"** गठन गरिएको थियो। पाँच सदस्यीय समितिमा संयोजक थारु आयोगका सदस्य मा.डा.उमाशंकर प्रसाद चौधरी, सदस्य उपसचिव श्री घनश्याम उपाध्याय,सदस्य उपसचिव श्री अञ्जु सिंह के.सी., सदस्य शा. अ. श्री चन्द्रा थापा, सदस्य शा. अ. श्री नन्दा पौडेल रहनु भएको थियो। समितिका सम्पुर्ण पदाधिकारीहरुको अथक प्रयासले यो प्रकाशन सफल भएकोले सबैलाई धन्यबाद दिन चाहन्छु।

अन्तमा, थारु आयोगका अध्यक्ष मा.बिष्णु प्रसाद चौधरी, सदस्य मा.सुवोध सिंह थारु, सदस्य मा. भोलाराम चौधरी, सदस्य अधिवक्ता मा. शान्ति मोदी, सचिव कृष्णकान्त उपाध्याय तथा सबै कर्मचारीहरुको यो स्मारिका प्रकाशनकोलागी दिनु भएको जीवन्त सल्लाह सुझाव तथा सहयोगकोलागी हृदय देखि धन्यबाद दिन चाहन्छु।

संयोजक:
मा.डा.उमाशंकर प्रसाद चौधरी
मितिः २०७९/०३/१५

# थारू आयोग

नेपाल

काठमाडौं - २९ अनामनगर
टोल फ्रि नं. १६६००१५७०००
फोन नं. ५७०५११८, ५७०५११९

पत्र संख्या:- ०७८/७९
चलानी नं:-


## मन्तव्य

नेपालको संविधानको भाग २७ धारा २६३ मा थारू आयोग रहने संवैधानिक व्यवस्था भएको र थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नका लागि थारू आयोग सम्बन्धमा आवश्यक व्यवस्था गर्न थारू आयोग ऐन २०७४ जारी भै २०७५ कार्तिक २५ गते थारू आयोगको स्थापना भएको छ । यस आयोगले थारू सम्बद्ध नीति निर्माणको लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने, सुझाव दिने, सरकारद्वारा संचालित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने गर्दछ । यसै सिलसिलामा थारू आयोगले थारू समुदायको बारे विभिन्न जानकारी उपलब्ध गराउने र थारू आयोगलाई अझ बढी कसरी क्रियाशिल बनाउने भन्ने सम्बन्धमा राय सुझाव प्राप्त होस् भन्ने उद्देश्यले प्रथम पटक स्मारिका प्रकाशन गर्न लागिएको हो । स्मारिकामा प्राप्त लेखहरूले थारू आयोगलाई अझ बढी स्वतन्त्र र सक्षम बनाउने कुरामा दुईमत छैन । थारू समुदाय सम्बन्धी विविध जानकारी उपलब्ध गराउने अभिप्रायले प्रकाशन गर्न लागिएको स्मारिकामा पाठकहरूको अमूल्य सुझावको अपेक्षा गर्दै आगामी दिनमा स्मारिकालाई थप आकर्षक र फलदायी बनाइने नै छ । यस अङ्कमा प्रकाशित लेखहरूले पाठकहरूलाई केही मात्रामा भएपनि थारू कला, संस्कृति र इतिहास सम्बन्धी ज्ञानको तृष्णा मेटाउन सहयोग गर्नेछ भन्ने आशा गरिएको छ ।

अन्तमा आफ्नो अमूल्य समय, श्रम र सीप खर्चेर लेख रचनाहरू उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण लेखकज्यूहरू तथा स्रष्टाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यस्तो सहयोग आगामी दिनमा पनि प्राप्त हुने अपेक्षा गर्दछौं । साथै आगामी अङ्कहरूलाई अझ स्तरीय बनाउन उचित राय, सुझाव एवं अनुपोषणको लागि सबैमा हार्दिक अनुरोध गर्दछौं ।

यस स्मारिका प्रकाशन कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने आयोगका माननीय अध्यक्षज्यू, सम्पादन समूहका सदस्यहरू, संकलकहरू तथा सम्पूर्ण कर्मचारी टिमलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

कृष्णकान्त उपाध्याय
सचिव
थारू आयोग, अनामनगर काठमाडौं ।

# आयोगका पदाधिकारीहरु



मा.विष्णु प्रसाद चौधरी

अध्यक्ष



मा.सुवोध सिंह थारू
सदस्य



मा. भोलाराम चौधरी
सदस्य



मा.डा.उमाशंकर प्रसाद चौधरी

सदस्य



मा.शान्ती मोदी

सदस्य



कृष्णकान्त उपाध्याय
सचिव

# विषय सूचि


| विषय | लेखकको नाम | पेज नं. |
|---|---|---|
| १. विगतमा कमैया प्रथा र वर्तमान अवस्था | मा. विष्णु प्रसाद चौधरी | १ |
| २. नेपाल सरकार र थारू समुदाय बिच भएका सम्झौताहरु | मा. सुबोध सिंह थारू | ७ |
| ३. थारु भाषामा मानकीकरणको आवश्यकता | मा. भोलाराम चौधरी | १६ |
| ४. राज्यको समाबेशी सवालमा थारु समुदायः | मा. डा. उमाशंकर प्रसाद चौधरी | २२ |
| ५. आदिवासी जनजातिका अधिकार, आई.एल.ओ.१६९, प्रथा जनित कानून र थारु समुदाय | अधिबक्ता मा. शान्ती मोदी | २९ |
| ६. रुपन्देहीको थारु संस्कृति भाषा र कला | बमबहादुर थारु | ३५ |
| ७. थारु र थारुको धर्म | भुलाई चौधरी, थारु | ४७ |
| ८. थारू समुदायमा सख्याको समाजशास्त्र | डा. कृष्णराज सर्वहारी | ५४ |
| ९. थारु साहित्यमा कैलाली र कंचनपुरको इतिहास : एक अध्ययन | सागर कुश्मी | ६३ |
| १०. थारु जातिको एक विबेचना | गोबिन्द चौधरी | ७४ |
| ११. थारू साहित्य । | नन्दलाल चौधरी | ७९ |
| १२. थारू गीत-सङ्गीतको बाटो | भूमिका थारू | ९३ |
| १३. जूरशीतल –नयाँ वर्ष उत्सव समारोह | ई लक्ष्मीनारायण चौधरी | ९८ |
| १४. थारु संस्कृतिमा बौद्ध संस्कार : एक अध्ययन | शवशंकर चौधरी (थारु) | १०३ |
| १५. बाँके जिल्लामा थारु बड्घरको राजनीति नेतृत्व | पवन कुमार थारु | ११५ |
| १६. सामा चकेवा पर्व : सामाजिक तथा ऐतिहासिक, जीवन्त गितिमहाकाब्य एक अध्ययन | सन्तोषी कुमारी चौधरी (थारु) | १२४ |
| १७. मोरङ्गिया थारु : एक परिचय | राजेश सरदार | १४१ |
| १८. लवाङ्गी पुजा | सुशिल चौधरी | १५१ |
| १९. नवलपुरको थारुहरुको पहिचान दिने सम्पदाहरु र तिनको वर्तमान अवस्थ | हरीमायाँ थनेत थारु | १५९ |
| २०. थारू राजनीतिः मन्त्री र सांसदहरु | लक्की चौधरी | १६३ |
| २१. अष्टिम्की : प्रकृति र मानवजीवनको महिमा | छविलाल कोपिला | १७६ |
| २२. थारु माथीको दमन, बिद्रोह / अबको बाटो | पुरन प्रसाद चौधरी | १८३ |
| २३. थारु समुदायको विवाह परम्परा | बुद्धसेन चौधरी | १८७ |
| २४. मोरङिया थारुको सामाजिक शासन ब्यबस्था | राम सागर चौधरी | १९६ |
| २५. थारु समुदायको सुख र समृद्धिका लागि सम्यक मार्ग | राजेश चौधरी थारु | २०३ |
| २६. सुर्खेती थारू तथ्याङ्क २०७८ एक अध्ययन | मानबहादुर चौधरी 'पन्ना' | २१० |
| २७. थारु समुदायबारे संवैधानिक र कानुनी व्यवस्थाः एक विश्लेषणात्मक टिप्पणी | ऋतिक यादव | २२६ |

# विगतमा कमैया प्रथा र वर्तमान अवस्था



मा.विष्णु प्रसाद चौधरी
अध्यक्ष
थारु आयोग

**१. विषय प्रवेश :**

थारु समुदाय नेपालको तराई क्षेत्रमा आदिम कालदेखि बसोबास गर्दै आएको आदिवासी जनजाति हो । यस समुदाय लाई तराईको धर्तीपुत्रको रुपमा पनि चिन्ने गरिएको छ । किनभने नेपालको तराई भुभागलाई बिभिन्न रोगब्याधि, हिंस्रक जंगली जनावर तथा प्राकृतिक प्रकोपसँग संघर्ष गर्दै मानव बसोबास योग्य र खेती योग्य बनाउनमा मुख्य भुमिका थारु समुदायको नै रहेको कुरामा आम धारणा रहेको छ । प्राकृतिक अड्चनहरुलाई छिचोल्दै जाने क्रममा आज थारु समुदाय सिक्कल सेल एनेमिया जस्तो बंशाणुगत रोगबाट पिडित भई रहिरहेको कुरा पनि हामी सबैलाई बिदितै छ । प्रकृतिसँग यति घनिष्ट सम्बन्ध भएर पनि श्रोत साधन बिहिन हुदै थारु समुदायका ब्यक्तिहरु कसरी कमैया भई बधुँवा मजदुर बन्न पुगे यो विषय खोजबिन गर्नुपर्ने भएको छ ।

यस आलेखमा यिनै सेरोफेरोमा रहेर संक्षिप्तमा भएपनि विषयहरु खोतल्ने र बर्तमानमा कमैया पुर्नस्थाप नामा भएका समस्याहरुको बारेमा खोजतलास तथा समाधानका उपायहरु बारे विषय उठान गर्ने प्रयास गरिएको छ । जसबाट थारु समुदायमा रहेका सबैभन्दा निम्न वर्ग कमैयाहरुको बारेमा जानकारीका साथै उनिहरुको जिवनस्तर उकास्न तथा सशक्तिकरण गर्नका लागि सबैको ध्यानाकर्षण पनि होस भन्ने उद्देश्य रहेको छ ।

**२. कमैया प्रथाको उत्पति र बिस्तार**

थारु समुदायमा कमैया प्रथा थारु समाज भित्रबाट नै उत्पति भएको र यसको ब्यापकता तथा बधुँवा भने राज्यको निति, ब्यबहारका साथै बसाई सराईका कारण प्राकृतिक स्रोतसाधनबाट थारुहरु बेदखल हुँदा भएको भन्नेमा यस विषयमा जानकार धेरैजसो अध्ययनकर्ताहरुको भनाई रहेको छ । कमैया शब्द थारुको शब्द नै हो । अझैपनि घर मा काम गर्न सक्ने ब्यक्तिलाई छुट्याउदाँ 'कमुइया' कति जना छन भनेर भन्ने गरिन्छ । यसबाट कमैया भनेर काम गर्ने ब्यक्तिलाई सम्बोधन गरेको देखिन्छ । शब्दको अर्थको साथै कमैयाको खोज्नीबोभ्नी गर्ने परम्परा थारु समुदायमा माघ पर्वको अवसरमा नै सामाजिक कार्यको लागि बरघर (चिरक्या), चौकिदार चुन्ने, माघी दिवानी (गाउँ भेला) बस्ने पराम्परासँग मेल खाने हुँदा पनि कमैया प्रथाको सुरुवात थारु समुदाय भित्रबाट नै भएको मान्न सकिन्छ ।

परापुर्वकालदेखी तराईमा बसोबास गर्ने मुख्य समुदाय थारु नै रहेको कुरा विभिन्न अध्ययनबाट पुष्टी भएको कुरा छ । मलेरिया रोगका कारण अन्य जाति बस्न नसकेको तथा थारु समुदाय मलेरियासँग संघर्ष गर्दै जाँदाको परिणाम सिकलसेल एनेमिया रोगबाट ग्रसित हुन पुगेको कुराले पनि यो कुरालाई थप पुष्टी गर्दछ । विगतमा विभिन्न महामारीले परिवारमा मृत्यु भई समस्या पर्दा कृषि कार्यको लागि काम गर्ने ब्यक्ति राख्ने चलनको बिकास भएर कमैया प्रथाको सुरुवात भएको मान्न सकिन्छ । यस्तो हुनुमा थारु समुदायमा बाहिर अन्य समुदायसँग घुलमिलको कमी, बिदेश जाने प्रबृति पनि नरहेको तथा त्यसबेला कृषि बाहेक अन्यत्र रोजगारीको सम्भावना नरहेकोले पनि कमैया प्रथाको बिकासमा मद्दत पुगेको देखिन्छ । अर्कोतिर थारु समुदायमा गल्ती गर्ने ब्यक्तिलाई सजाय दिन काममा लगाउँदा कमैया प्रथा सुरु भएको भन्ने भनाई पनि रहेको छ भने तत्कालीन बाईसे चौबिसे राज्यका शासकहरुले पशिचम तराईलाई उपनिवेश बनाई हिन्दुस्थानमा चलिरहेको दासप्रथालाई भित्र्याउने क्रममा कमैया प्रथाको सुरुवात भएको भन्ने भनाई पनि रहको छ ।

सुरुवात जे जसरी भएपनि तत्कालिन समयका सरकारले चलाएको विभिन्न निती योजनाको प्रभावमा परि कृषि भुमिबाट बञ्चित हुँदा नै थारुहरु बधुँवा मजदुर हुन बाध्य भएको कुरामा भने दुईमत छैन। अंग्रेज शासकलाई सालको रुख उपलब्ध गराउने नाममा तराईमा बस्ती योग्य जमिनको विस्तार, राष्ट्रिय निकुञ्जको स्थापना, मलेरिया उन्मुलन पछि पहाडबाट अन्य समुदायको बसाईसराई तथा योजनावद्ध बस्ती बसाल्ने कार्यक्रम, भुमिसम्बन्धी विभिन्न निती तथा कार्यक्रम आदिले थारुहरु प्राकृतिक स्रोत साधनबाट बिमुख हुदै गएका हुन। यस अवस्थामा थारु समुदायमा रहेको अशिक्षा, कानुनी ज्ञानको अभाव तथा प्रशासनिक पहुँचको कमीले गर्दा बसाईसराई गर्ने अन्य समुदायका ब्यक्तिले प्रशस्त फाईदा उठाएको कुरा अझै पनि केही हदसम्म देख्न सकिन्छ।

## ३. कमैया प्रणाली र स्वरुप

कमैयाहरु मुख्यतः जमिनदार कहाँ कृषि मजदुरको रुपमा रहेका थिए। सौंकी (ऋण) भएका हरु वधुँवा मजदुरको रुपमा रहेका थिए भने अर्कोथरी बार्षिक सम्झौताको आधारमा काम गर्ने गरेका थिए। बार्षिक सम्झौता थारुहरुको मुख्य चाड माघी मनाईसक्ने बित्तिकै जमिनदारको घरमा कमैया बस्ने-नबस्ने, के कति ज्यालामा काम गर्ने आदि कुराको छिनोफानो गर्ने गरिन्थ्यो जसलाई खोज्नी बोझ्नी भन्ने गरिन्थ्यो। सौंकी नभएकाहरु कमैया बस्ने-नबस्ने बारे खोज्नी बोझ्नीको बेला स्वतन्त्र थिए भने सौंकी भए काहरु भने स्वतन्त्र थिएनन्। उनिहरु अर्को जमिन दारले खोज्नी बोझ्नीको बेला कमैया बसेको जमिनदारलाई सौंकी भुक्तान गरि आफ्नो नाममा सौंकी गराई खरिद गरि लगेमा मात्र जमिनदार फेर्न सक्दथे तर कमैयाबाट मुक्त हुन सक्ने अवस्था भने थिएन। यसरी पुस्तैनी परिवारका सवै सदस्य वधुँवा रुपमा बस्नुपर्ने बाध्यता रहेको थियो।

विशेषतः कमैयाहरु सपरिवार नै विभिन्न स्वरुपमा श्रम बिभाजन अनुसार जमिन्दार कहाँ काम गर्नुपर्ने अवस्था थियो। घरमुली पुरुषलाई कमैया भन्ने गरिन्थ्यो भने कमैयाको श्रीमतीलाई बुक्रही भन्ने गरिन्थ्यो। कमैयाको छोरा भएमा छेग्रहवा, बर्दिवा, भैसरवा आदि नामबाट पशुधनको चरिचरण र रेखदेखको जिम्मेवारी हुन्थ्यो भने छोरी भए कमल हरीको रुपमा केटाकेटी खेलाउने, खाना बनाउन मद्दत गर्ने, भाँडा माझ्ने, कपडा धुने, घर लिपपोत गर्ने जस्ता काममा लगाउने गरिन्थ्यो। जमिनदारको घर शहर बजारमा भए त्यहाँ पनि कमलहरीको रुपमा छोरीहरुलाई लगिन्थ्यो जहाँ विभिन्न प्रकारबाट शोषण र अमानविय ब्यबहार हुने गर्दथ्यो। बृद्धा भए केटाकेटी रेखदेख गर्न र बृद्ध भए करेसाबारी फुलबारी हेर्ने काममा लगाईन्थ्यो। यसरी बालबालिका देखी शारिरिक श्रम गर्न सक्ने अवस्था सम्म जिवनभर कमैयाको रुपमा सपरिवार बस्नुपर्ने बाध्यता रहेको थियो।

थारु जमिनदार कहाँ काम गर्ने कमैयाहरु खानपान तथा चालचलन मिल्ने भएकोले धैरै जसो त्यही जमिनदारको घर मा बस्ने र त्यहीं खाना खाने गर्दथे भने अन्य जाति समुदायका जमिनदार कहाँ काम गर्नेले भने छुट्टै बस्ने खाने गर्दथे। त्यस अवस्थामा बस्नको लागि आफ्नो घर जग्गा छ भने त्यसमा नभए जमिनदारकै जग्गामा सानो बुक्रा (झुपडी) बनाई बस्दथे। बिशेषतः ठुला जमिनदारको घर वरिपरि यस्तो बुक्राहरु लस्करै रहने गर्दथ्यो। जमिनदारको जग्गामा रहेको बुक्रामा बस्ने कमैयाहरु नै सबभन्दा नाजुक अवस्थामा रहेको र वधुँवा रुपमा काम गर्न बाध्य रहेको अवस्था थियो। जुन कमैयाहरुले अर्को जमिनदारकहाँ जादाँ त्यो बुक्रा लान पाउने अवस्था थिएन।

आफै पनि श्रम गर्ने साना जमिनदारहरु कमैयासँगै काम गर्ने भएकाले उनिहरु आफैले नै कमैयाहरुलाई अह्राउने खटाउने कार्य गर्दथे। तर ठुला जमिनदार जसले श्रम गर्दैनथ्यो र शहरमा पनि घर भएकाहरुले भने गाउँमा कोठारी (ब्यबस्थापक) राख्दथे जसले कमैयाहरुलाई अह्राउने खटाउने काम गर्दथे। उसैले नै गाउँमा जमिनदार को सम्पुर्ण जिम्मेवारी पुरा गर्दथ्यो। यस्तो अवस्थामा कमैयाहरुलाई काम लगाउन सहज होस् भनेर जमिनदार या कोठारीले अग्रहवा कमैया (नेता कमैया) पनि चुन्ने गर्दथे। जमिनदार भने बर्षमा दुईचार पटक आएर आवश्यक सल्लाह र निर्देशन गर्ने गर्दथे।

## ४. कमैयाको पारिश्रमिक र शोषणको अवस्था

प्रत्येक बर्ष माघ पर्वको अवसरमा दुईचार दिनको लागि मात्र कमैयाहरु स्वतन्त्र हुन पाउँदथे त्यो पनि सौंकी नभएकाहरु र एकदम कम सौंकी भएकाहरुको हकमा मात्र सम्भावना हुन्थ्यो । जब खोज्नीबोझ्नी भई निश्चित सम्झौता हुन्थ्यो त्यसपछि बर्षभरि जमिनदारको नियन्त्रणमा रही सम्पुर्ण कार्य गर्नु पर्दथ्यो । उनिहरुले आफ्नो इच्छा अनुसार कुनै कार्य गर्न पाउँदैनथे । पारिश्रमिकको रुपमा निश्चित मात्रामा अन्नबाली र लत्ताकपडा दिईने गरिन्थ्यो । कतैकतै निश्चित जमिनको अन्नबाली उत्पादन लिन पाउने गरि पनि पारिश्रमिक तोक्ने गरिन्थ्यो ।

निश्चित जमिनको पारिश्रमिक तोक्दा कमैया र बुक्रही दुबैजनाले काम गरेबापत १० देखी १२ कठ्ठा जग्गा भन्दा बढी हुदैनथ्यो । बाली राम्रो भए नभएको जस्तोसुकै अवस्थामा पनि कमैया परिवार सम्पूर्ण रुपले त्यही जमिनको उत्पादनमा निर्भर रहनुपर्दथ्यो । जसले बाढी तथा सुक्खा मौसमका कारण कमैयाहरुलाई खानलाई पनि समस्या उत्पन्न भई खौरही (अन्न, ऋण या सापटी) लिनुपर्ने बाध्यता आई लाग्दथ्यो जुन पछि तिर्न नसक्दा सौंकीमा रुपान्तरित हुन्थ्यो । अन्न पारिश्रमिक लिने प्रत्येक कमैयाले ८ बोरासम्म (१ बोरा=८० केजी) मस्योरा (खाना खर्च) र ५ बोरादेखी १० बोरा सम्म बिघा (ज्याला बापत पाउने अन्न) पाउने गर्दथे । यसमा कसैकसै कहाँ बुक्रही समेत तले सामान्य मस्योरा थप गरि श्रीमान श्रीमती दुबैलाई काम गराउने गरिन्थ्यो । छेग्रहवा, बर्दिवा, कमलहरीको रुपमा काम गर्ने बालबालिका तथा बृद्धबृद्धालाई भने सामान्य खाना खर्च दिएर 'पेटपलुवा' को रुपमा कार्य गराईन्थ्यो । जमिनदार कहाँ नै खाना खाने कमैयाले बिघा मात्र पाउने गर्दथे भने सामान्यतया काम गर्ने सबै सदस्यलाई बर्षमा एकसरो कपडा दिने चलन रहेको थियो ।

कमैयाहरुले निश्चित गरिएको न्युन ज्यालामा काम गर्नुपर्दा बिरामी या कुनै समस्या आईपर्दा खौरही लिनुपर्ने बाध्यता आईलाग्दथ्यो । जसले गर्दा सौंकी बढ्न गई वधुँवा भएर पुस्तौ पुस्ता सम्म जमिनदारकहाँ काम गर्नुपर्ने बाध्यता हुन जान्थ्यो । यसका अतिरिक्त जमिनदारहरुले गैरकानुनी कार्य गर्न  लगाउँदा र काम गर्ने सिलसिलामा अनेक आरोप लगाई अन्यायपूर्ण तरिकाबाट दण्ड जरिवाना गर्दा पनि कैयौं कमैयाहरु ठुलो आर्थिक चपेटामा परेको अवस्था थियो । जंगलमा काठ चोर्न पठाउने, चोरी शिकारमा पठाउने, झैझगडा जस्ता कार्यमा प्रयोग गर्ने आदि कार्यले आफ्नो बैयत्तिक स्वतन्त्रता गुमाएका कमैयाहरु लाई त्यस्तो कार्य गर्नु बाध्यता थियो । त्यस्तो कार्य सफल भयो भने जमिनदारको आफ्नो हुन जान्थ्यो भने केही गरि समातिएको खण्डमा सम्पुर्ण रुपले कमैया माथि दोष थोपरिने गरिन्थ्यो । त्यस्तै गरि काम गर्दागर्दै कुनै दुर्घटना भयो भने, हलो जोत्दा पशु चौपाया मरेको खण्डमा, एव जंगली जनावरले पशुपक्षीलाई नोक्सान पुऱ्याएकोमा समेत जमिनदारले कमैया माथि जरिवाना थोपर्ने गर्दथ्यो । यस्ता कार्यबाट पनि धेरै कमैयाहरु सौंकी बोक्न बाध्य भई वधुँवा भएको अवस्था थियो ।

## ५. संघर्ष र मुक्तिको घोषणा

पश्चिम तराईको थारु समुदायमा ब्याप्त कमैया प्रथाबाट मुक्तिको लागि लामो संघर्ष भएको इतिहास छ । सुरुमा थारु समुदायको कृषि पेशासँग जोडिएर अधिकारका लागि विभिन्न संघर्षहरु हुदै आए भने बि.स.२०३६ सालको राजनैतिक आन्दोलन पछि मात्र कमैया प्रथासँग सोझै जोडिएर संघर्षहरु भएका थिए । विगतमा बि.स.२००८ सालको बेलुवा बर्दियाको संघर्ष (जसमा कोईलीदेवी थारु सहित ६ जनाको शहादत भएको थियो), बेलवा बञ्जारी दाङको बि.स.२०१६ सालको संघर्ष र बि.स. २०३७ सालको थुम्नी बर्दियो संघर्ष प्रमुख रुपमा रहेका छन् । थारु समुदायले गरेको अन्य संघर्षमा भिमदत्त पन्तले  उठाएको किसान आन्दोलनमा कैलाली, कञ्चनपुरको बम्मन राना र घुम्मन रानाको नेतृत्वमा थारुहरुले गरेको संघर्ष र बाँके, बर्दियामा बैजनाथ थारु, राधाकृष्ण थारुले चलाएको संघर्ष तथा पश्चिम तराईमा थारु भाषा तथा साहित्य सुधार समिती (गोचाली परिवार २०२८) ले थारु समुदायमा चलाएको जागरण र संघर्ष पनि महत्वपुर्ण रहेका छन ।

थारु समुदायमा रहेको कमैया प्रथाकै बिरुद्ध भने मुलतः बर्दिया जिल्लाबाट संघर्षको सुरुवात तथा धेरै आन्दोलनहरु भएको थियो । जसमध्ये मनाऊ, डल्ला र दमौलीमा भएको कमैया आन्दोलनले महत वपुर्ण प्रभाव राख्न सफल भएको थियो । बि.स.२०४६ को राजनितिक परिवर्तनपछि नै वास्तममा विभिन्न क्षेत्रबाट कमैयाहरुमाथि भईरहेको शोषणका बिरुद्ध मुक्तिको लागि जोडदार रुपले संगठित रुपमा आवाजहरु उठ्न थाल्यो । यसमा विभिन्न राजनितिक दलहरु, राष्ट्रिय अन्तराष्ट्रिय संघसंगठनहरु तथा थारु समुदायका विभिन्न संगठनहरुले यसबारे अध्ययन गर्ने र विभिन्न तवरले आवाज मुखरित गर्ने गरेका थिए । यस मध्ये ब्याकवार्ड सोसाईटी एजुकेशन (बेस) र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट भने कमैया केन्द्रित भएर संगठन निर्माण तथा जागरण अभियान चलाईएको थियो । यस अभियान तथा विभिन्न कमैया संघर्षका बाबजुद कमैया मुक्तिको कुरा सम्भव भईरहेको थिएन । तर जब माओबादी जनयुद्धको प्रभाव जबरजस्त रुपमा कमैयाहरुमा पर्दै गयो त्यसपछि मात्र नेपाल सरकारबाट बाध्य भई २०५७ श्रावन २ गते कमैया मुक्तिको घोषणा गरियो । कमैया मुक्तिको घोषणा भएपनि शहर बजारमा कमलहरी राख्ने प्रथा भने हट्न सकेन यसको लागि कमलहरीहरुले छुट्टै संघर्ष गर्नुपऱ्यो जसमा विभिन्न संघसंस्थाको सहयोगमा राजधानी केन्द्रित आन्दोलन भएका थिए । जसका कारण २०७० असार १३ मा नेपाल सरकारले छुट्टै रुपमा कमलहरी मुक्तिको घोषणा गऱ्यो ।

## ६. मुक्तिसँगै सरकारका प्रतिबद्धताहरु

कमैया मुक्तिको घोषणा पश्चात नेपाल सरकारबाट कमैया पुर्नस्थापनाको कार्यक्रम संचालन गरियो । कमैयाहरुको सम्पूर्ण सौंकीहरु नेपाल सरकारले नै भुक्तान गर्नेगरि कमैयालाई जमिनदारबाट मुक्तिको घोषणा गरिएको थियो भने पुनस्थापनाका लागि कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ जारी गर्दै चार समुहमा कमैयाको बर्गीकरण गरियो । जसमा आफ्नो र आफ्नो परिवारको नाममा घर र जग्गा नभएकोलाई 'क' बर्गमा रातो परिचयपत्र, सार्वजनिक वा सरकारी जग्गामा बसोबास गरेको र आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा नभएकोलाई 'ख' बर्गमा निलो परिचयपत्र, आफ्नो वा आफ्नो परिवारको नाममा दुई कठ्ठासम्म जग्गा भएको र घर भएकोलाई 'ग' बर्गमा पहेलो परिचयपत्र र आफ्नो वा आफ्नो परिवारको नाममा दुई कट्टा भन्दा बढी जग्गा भएको र घर भएकोलाई 'घ' बर्गमा सेतो परिचयपत्र वितरण गर्ने ब्यबस्था गरिएको थियो । 'क र ख' बर्गमा परेका कमैयालाई पुनस्थापनाको कार्यक्रम संचालन गरियो भने सम्पूर्ण कमैयाहरुको लागि विभिन्न सिपमुलक तालिम र स्वरोजगारमूलक कार्यक्रमहरु संचालन गरियो ।

कमैया पुर्नस्थापना गर्ने कार्य विभिन्न उतारचढाव तथा कमैयाहरुका संघर्षबीच अगाडी बढ्दै गएको छ र हालै २१ बर्ष पछि सम्पन्न हुने अवस्थामा पुगेको छ । यस क्रममा कमैया पहिचान र परिचयपत्र दिने कुरा गम्भीर रुपमा उठ्दै आएको छ । घोषित जमिन लगायतको सुबिधा पनि सबैले पाउन नसकेको तथा काठ पनि उपलब्ध नभएको भन्ने बिषयहरु पटकपटक उठ्दै आए । यीनै समस्याहरु कमैयाहरुको तर्फबाट उठिराख्दा पछिल्लो समयमा सरकारकोतर्फबाट जमिन खरिदको लागि रु २ लाख नगद, घर निर्माण बापत रु ५५ हजार र काठ बापत रु १ लाख नगद प्रत्येक कमैयालाई दिने ब्यबस्था गरियो । यस ब्यबस्थाका बाबजुद पनि हालसम्म कमैया पुर्नस्थापना कार्य सम्पन्न नभएको तथा पुर्नस्थापना कार्यमा पनि केही गम्भीर समस्याहरु रहेको कुरा कमैयाका संघसंगठनहरुबाट उठिरहको छ ।

## ७. कमैया पुर्नस्थापना र समस्याबारे

मुक्त कमैयाको पुर्नस्थापना कार्यमा संलग्न कमैयाहरुको संघ संगठनको तर्फबाट पटकपटक नेपाल सरकारलाई पुर्नस्थापना कार्यलाई प्रभावकारी बनाउन ध्यानाकर्षण गराउदै आएको अवस्था छ । यसै सन्दर्भमा मिति २०७८/०७/२८ गते भुमिब्यबस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कमैयाका समस्या समाधानका लागि सुझावपत्र पेश गरियो । जसमा निम्न अनुसार कमैयाको तर्फबाट तथ्यांक प्रस्तुत गरिएको थियो ।

## मुक्त कमैया परिचय प्राप्त पारिवारिक अवस्था

| क.स. | जिल्ला | परिचय पत्र प्राप्त | जग्गा पाउनु पर्ने | जग्गा पाएका | सट्टा भर्ना गर्नुपर्ने | परिचय पत्र बदर गरिएका | जग्गा नपाएका शुद्ध | परिचय पत्र बितरण नगरिएका | कुल पुन स्थापन गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कंचनपुर | ४५०६ | ४४१८ | ४२८९ | १२९ | – | – | – | १२९ |
| २ | कैलाली | ९७६२ | ८९७५ | ८०२२ | ४०० | १७३ | ३८० | – | ९५३ |
| ३ | बर्दिया | १४४९९ | ११५५१ | १०३०६ | ८४ | – | ८३ | १०७८ | १२४५ |
| ४ | बांके | २३१६ | १९२१ | १९२१ | – | – | – | – | – |
| ५ | दाङ | १४२६ | ७०५ | ६५७ | ४८ | – | – | – | ४८ |
| जम्मा | ३२५०९ | २७५७० | २५१९५ | ६६१ | १७३ | ४६३ | १०७८ | २३७५ | |

कमैयाहरुले प्रस्तुत गरेको उपरोक्त तथ्यांक तथा विभिन्न माध्यमबाट उठाईरहेको समस्याबारे अध्ययन गर्दा मुख्य मुख्य समस्याहरु निम्न अनुसार उल्लेख गर्न सान्दर्भिक देखिन्छ ।

* पहिचान भईसकेका सम्पुर्ण मुक्त कमैयाहरुलाई सरकारको तर्फबाट घोषित सबै सुबिधाहरु उपलब्ध नभएको ।
* जमिन उपलब्ध गराईएतापनि बाढी, नदि कटान तथा जग्गा बिबादका कारण जोतभोग गर्न नसक्ने हुँदा पनि सट्टा भर्ना जमिन उपलब्ध नभएको ।
* सूचनाको अभाव तथा प्रशासनिक कमजोरीका कारण कमैयाहरु परिचयपत्र पाउन बाट बञ्चित भएको ।
* प्राप्त जमिन १० बर्ष सम्म बेचबिखन गर्न नपाईने प्रावधान भएपनि हालसम्म फुकुवा नहुँदा कमैयालाई हक हस्तान्तरण गर्न, बसाईसराई गर्न तथा ब्यबसायिक प्रयोजनको लागि धितो राख्न पनि समस्या भई समग्र प्रगतिमा बाधा उत्पन्न भएको ।
* मुक्त कमैयाहरुमा बेरोजगारीको ठुलो समस्या रहेको, धेरै जसो ज्याला मजदुरीमा नै निर्भर रहेका छन ।

मुख्य यिनै समस्याहरुका बिच गुज्रीरहेको कमैयाहरुको पुर्नस्थापनाको कार्यक्रम एक्कासी २०७५ जेठको अन्तिममा आएर संघीय सरकारबाट बाँकी काम सम्पन्न गर्ने गरि आर्थिक बर्षको अन्तिममा कुनै योजना बिना नै स्थानिय तहलाई हस्तान्तरण गरिदा यो काम अलपत्र परेको अवस्था छ । किनभने अर्को आर्थिक बर्षबाट त्यो कार्यक्रम नै नेपाल सरकारबाट सम्पन्न भएको भनेर हटाईयो र केही छिटफुट समस्या भए । भुमिसुधार कार्यक्रमको माध्यमबाट समाधान खोज्ने भनियो । तर यस बिषयमा कमैयाका नेतृत्व कर्ताहरुको पूर्ण असहमति रहेको थियो र पुरानै कार्यक्रमको निरन्तरताको माग थियो । हाल पुनः यस बिषयमा नेपाल सरकारको तर्फबाट अध्ययन भईरहेको अवस्था छ ।

पुर्नस्थापनाको एक्काईस बर्ष पुरा भइसक्दा यसमा झन थप समस्याहरु बल्झिदै गएका छन । हामीले अव हेर्ने भनेको नागरिकका मौलिक अधिकार प्रयोगको दृष्टिकोणले मुक्त कमैयाहरुको समस्याहरुलाई हेर्न जरुरी छ । शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य, आवास जस्ता बिषयमा कमैया कहाँ छ ? खोज्न जरुरी छ । पुस्तौं पुस्ता जमिनदार कहाँ कृषि कार्यमा जीवन ब्यतित गरेका तथा जमिनदारकै लागि खेतीयोग्य जमीन विस्तारमा महत्वपूर्ण योगदान गरेका कमैयाहरुलाई सम्बन्धित जमिनदारबाट नै बसोबासको लागि जमीन उपलब्ध गराउनुपर्ने निती लिएको भए यो समस्या सहज ढङ्गले समाधान हुने थियो । जुन कुरा न्यायोचित पनि हुन जान्थ्यो तर त्यसो गरिएन । जसको

परिणाम अहिले पनि हामी पुर्नस्थापनामै अल्झिरहेका छौं । पुर्नस्थापनामा जे जस्तो भएपनि मुख्य कुरा मुक्तिको कुरा हो, स्वतन्त्रताको कुरा हो । एक जना कमैयाको भनाईमा 'मुक्त भएको समयमा भोकै बस्नुपर्दाको पीडामा पनि जुन आनन्दानुभुतिको महसुस भयो त्यो कमैया बस्दाको जिवनमा कहिल्यै भएन' । यस भनाईबाट पनि कमैयालाई बधुँवाबाट मुक्त गरि जुन स्वतन्त्रता प्रदान गरियो त्यो नै सबभन्दा ठुलो उपलब्धि हो भन्ने स्पस्ट पार्दछ ।

(समाप्त)

**सन्दर्भ :**


१. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८

२. History of kamaiya in Nepal –Backward Society Education

३. Nepal Case Study on Bonded Labour Final 1- www.omct.org

४. स्थविरहरुको प्राचिन इतिहास र संस्कृति - महेश चौधरी

५. सुझाव पत्र - मुक्त कमैया महिला विकास मञ्च, धनगढी कैलाली

६. मुक्त कमैया पुनस्थापनामा अलमल (विचार, गोरखापत्र श्रावन ५, २०७८ मंगलबार) (शंकर प्रसाद भेटवाल)

# नेपाल सरकार र थारू समुदाय बिच भएका सम्झौताहरु



मा.सुबोध सिंह थारू
सदस्य
थारू आयोग

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल प्राचिन काल देखि नै विविध जातजाति, भाषा भाषी, संस्कृति र सभ्यताको साझा देश रही आएको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपाल १२५ जातजाती र १२३ भन्दा बढी भाषा रहेका छन्। सबै भाषाभाषी जातजातीका आ-आफ्नै धर्म, संस्कृति, संस्कार र मूल्य मान्यता रहेको पाईन्छ।यँहा विविधताले आफ्नै विशिष्ठता छ। परापुर्व कालदेखि नै विविधतामा एकता खोजिंदै आएको पाइन्छ।

इतिहासको काल खण्ड हेर्दा नेपालमा कुनै न कुनै रुपमा जातीय विभेद रहेको छ, विभेदले असन्तुष्टी बढेको, असन्तुष्टी बढ्दै जाँदा शासक र शासित वर्गका वीच संघर्ष भएको, कतिपय संघर्ष राज्यले दवाएको, कतिपय संघर्ष सम्झौतामा टुंगिएको तथा कतिपय असहमति उत्कर्षमा पुगेर आन्दोलनमा परिणत भई राजनीतिक परिवर्तन हुन गएको पाईन्छ। परन्तु खास समुदाय र वर्गमा आर्थिक तथा सामाजिक परिवर्तन लाभ उल्लेख्य रुपमा महसुस हुन भने बाँकी नै देखिन्छ।

विगतको समिक्षा गर्दा प्रत्येक दश-दश वर्षमा जनताले परिवर्तनका लागि संघर्ष गरेको पाईन्छ। वि.सं. २०६२/०६३ भन्दा अगाडि २४० वर्ष भन्दा बढी समय नेपाल राजतन्त्रात्मक मुलुक रहि आएको थियो। सक्रिय राजतन्त्र, राणातन्त्र, बहुदलीय शासन प्रणाली, पुनः सक्रिय राजतन्त्र र संबैधानिक राजतन्त्र हुँदै मुलुकले अहिले धर्मनिरपेक्ष संघीय स्वरूपको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अंगीकार गरेको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेकोमा थारू जातीको जनसंख्या १७,३७,४७० (६.५६%) रहेको छ। दश वर्षको अन्तरालमा थपिएको जनसंख्या अहिले २ करोड ९५ लाख भन्दा बढी भइसकेको भएता पनि थारू समुदायको हालको जनसंख्या यकिन भएको छैन।

राष्ट्रिय जनगणना, २०७८ प्रारम्भिक नतिजा अनुसार नेपालको कुल जनसंख्या २,९१,९२,४८० रहेको छ। थारू समुदाय मूलतः नेपालको तराई क्षेत्रमा युगौं देखि बसोबास गरि आएको पाइन्छ। आदिवासी जनजातीका रुपमा रहेको यस समुदायको थर तथा भाषाका बिषयमा अध्ययन गरिनु आवश्यक छ। थारू समुदायको आफ्नै भाषा, संस्कृति, भेषभूषा, सभ्यता र संस्कार रहेको छ। मूलतः कृषि पेशामा आश्रित थारू जातिले आफूमाथि भएको विभेदका विरुद्ध विभिन्न समयमा आन्दोलन तथा संघर्ष गर्दै आएका छन्। नेपालमा भएका जन आन्दोलन, सशस्त्र संघर्ष, अन्य विभिन्न आन्दोलन मध्ये २०६२/०६३ र त्यस पछिका थरूहट, थरूवान, आन्दोलन समेतको माग लाई सम्बोधन गर्न तत्कालिन नेपाल सरकार र संघर्षरत थारू नेतृत्वका बीच भएका सम्झौताको फलस्वरूप नेपलको संविधानमा थारू आयोगको व्यवस्था भएको छ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र सम्मृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य अंगिकार गरेको छ। यसका लागि नेपालमा बसोबास गर्ने सबै जातजाति, भाषाभाषी, धर्म, वर्ग, समुदायको अधिकार, हक हितको प्रचलन, संरक्षण र सम्वर्द्धन गर्न गराउन नेपाल सरकारलाई आवश्यक नीति, कार्यक्रम, व्यवस्था आदिको सिफारिस गर्न, अन्तर्राष्ट्रिय कानून, सन्धी सम्झौता, अभिलेख आदिमा नेपाल पक्षराष्ट्रबन्न, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताको

कार्यन्वयनको अनुगमन गरी आवश्यक व्यवस्थाका लागि नेपाल सरकारलाई सिफारिस गर्न र लक्षित कार्यक्रमको अनुगमन गरि आवश्यक सुझाव पेश गर्ने समेतका काम कर्तव्य तोकी संविधानको भाग २७ मा विभिन्न आयो गको व्यवस्था गरिएको छ । संविधानको भाग २७ धारा २६३ मा थारू आयोगको व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार थारू आयोग ऐन, २०७४ निर्माण भई थारू आयोगको गठन र कर्मचारीको व्यवस्था भएको छ ।

बहुसंख्यक थारू समुदाय गरिबीको रेखामुनी रहेको कारण शिक्षा, स्वास्थ, सरसफाई लगायतका आधारभूत आवश्यकतामा पहुँच कमजोर रहेको पाइन्छ । आदिवासी जनजातीको रुपमा पहिचान गरिएको थारू समुदायको समुदायको विकासमा राज्यले पर्याप्त ध्यान दिन नसकेको गुनासो छ । थारूको आफ्नै भाषा, सांस्कृति, संस्कार हुँदा हुँदै पनि राज्य संयन्त्रमा थारूको उचित पहिचान, पहुँच र प्रतिनिधित्व प्रदान गर्न नसकेको कारण विगतमा थारू समुदायले विभिन्न माग राखी आन्दोलन गरेका थिए ।

विगतमा भएका आन्दोलनका माग सम्बोधन गर्न, थारू समुदायसंग रहेको परम्परागत सीप र ज्ञानको उच्चतम उपयोग गरि देश विकासलाई तिब्रता प्रदान गर्न तथा थारू समुदायलाई सशक्तिकरण गरि राज्यको मूलप्रवाहमा समाहित गर्न आवश्यक देखिन्छ ।

मुलुकमा उपलब्ध अवसरहरुको उपयोग गर्न, अन्तर्राष्ट्रिय मन्चमा नेपालले ब्यक्त गरेको प्रतिवद्धता पूरा गर्न, न्यायपूर्ण, समावेशी, समुन्नत, सुखी तथा सम्मृद्ध नेपाल निर्माण गर्ने नेपाल सरकारको अभियान साकार बनाउन संवैधानिक आयोगको रूपमा गठित थारू आयोगले संविधान र थारू आयोग ऐन, २०७४ ले निर्धारण गरेका काम, कर्तव्य र अधिकार प्रभावकारी रूपमा सम्पादन गरि थारू समुदायको हकहित संरक्षण र प्रवर्द्धन गर्न आफ्ना कार्यहरु प्राथमिकीकरण गरि योजनावद्ध रूपमा आगाडि बढाउन आवश्यक छ । यसका लागि आयोगको रणनीतिक कार्ययोजना निर्माण गर्ने ध्येय रहेको छ । रणनीतिक रुपमा कार्य गर्दा गराउँदा आयोगको कार्यलाई प्रभावकारी, पारदर्शी रूपमा सम्पादन गरि गराई थारू समुदायको इतिहास, संस्कृतीको पहिचान, हकहितको संरक्षण र सम्वर्द्धन तथा थारू समुदायको सशक्तिकरण गर्न सकिने अपेक्षा छ ।

तसर्थ नेपाल सरकार र थारूसमुदायका बिभिन्न संघसंस्थाहरु, संगठनहरु , बिभिन्न राजनीतिकदलहरुमा आबद्ध थारू व्यक्ति, थारू व्यक्तित्वहरु बिभिन्न संघसंस्थहरुमा आबद्ध ब्यक्तित्वहरुको सहभागिता र उपस्थितिमा बिभिन्न कालखण्ड, समय र मितिमा भए, गरेका सहमतिहरु तथा सम्झौताहरु कार्यान्वयन गर्न गराउन, लागु गर्न गराउन प्रतिबद्धता जाहेरगरी दुबै पक्षले हस्ताक्षर समेत गरेको केही सम्झौताहरु करिब दश बर्ष भन्दा बढी व्यतित हुँदा पनि कार्यान्वयनमा आएको अवस्था छैन । तकिन ? कारण के ? गरिएका सहमति सम्झौताहरु नेपालसरकारको प्राथमिकतामा नपर्नु इच्छाशक्ति नहुनु नै हो ।

नेपालको संबिधान २०७२ को धारा ४२ लगायतका अन्य  बिभिन्न धारा उपधाराहरुमा ब्यवस्था गरिएका थारू समुदायको हकअधिकारहरु र मौलिकहकहरु उपभोग गर्न नमिलेको अवस्थामा  गरिएका सहमति सम्झौताहरुको के कुरा गर्ने ? तथापी आशा गरौं ।

थारू आयोगले नेपालको संबिधान २०७२ को धारा ४२ लगायतका अन्य  बिभिन्न धारा उपधाराहरुमा ब्यवस्था गरिएका हकअधिकारहरु र मौलिकहकहरुको उपभोग गर्न पाउनुपर्ने बिषयमा बिभिन्न सभा समाहरोहमा र राष्ट्रपति समक्ष पेश गरिएका आफ्नो बार्षिक प्रतिबेदनमा समेत जिकिर छ ।

नेपालमा भएका जन आन्दोलन, सशस्त्र संघर्ष, अन्य विभिन्न आन्दोलन मध्य २०६२/०६३ र त्यस पछिका थरूहट, थरूवान, आन्दोलन समेतको माग लाई सम्बोधन गर्न तत्कालिन नेपाल सरकार र संघर्षरत थारू नेतृत्वका

बीच भएका सम्झौताहरु मैले खोज तलास गर्ने क्रममा केही भेटिएका सहमति सम्झौताहरु थारू आयोगमा बुझाए । ति केही सहमति सम्झौताहरु यस प्रकारका छन् ।

**(१) सम्माननीय प्रधानमन्त्रीज्यूको सम्मुपस्थितिमा नेपाल सरकार र आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधिबीच भएको सहमति**

**मिति २०६५ साल चैत्र १ गते भएको सहमति**

**१)** तराईका अदिवासी थारुलगायत देशका सम्पूर्ण आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, अल्पसंख्यक समुदायको आ-आफ्नै विशिष्ट पहिचान छ भन्ने कुरामा नेपाल सरकार स्पस्ट छ । तसर्थ उनीहरुको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान संवैधानिक तथा कानुनी व्यवस्थालाई आवश्यक प्रक्रिया पूरागरी संशोधन गरिनेछ ।

**२)** नेपालको अन्तरिम संविधान-२०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लिखित (मुलुकको राज्यसंरचनाका सबै अंगहरुमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्रलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने) भन्ने व्यवस्थाप्रति प्रतिबद्ध रहँदै अध्यादेशमार्फत जारी भएका प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन, सैनिक ऐन, शिक्षा ऐन, विकास ऐन, स्वास्थ्य सेवा ऐन, नेपाल विशेष सेवा ऐनहरुलाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिनेछ ।

**३)** आदिवासी थारु समुदायले सञ्चालन गरेको आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने कमल चौधरी, विपिन क्षेत्री, रामप्रसाद चौधरी र प्रकाश चौधरीलाई नेपाल सरकारले सहिद घोषणा गरी निजहरुको परिवारलाई उचित आर्थिक सहायता प्रदान गर्नेछ ।

**४)** आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरुको सम्पूर्ण उपचारको व्यवस्था र धनजनको क्षतिपूर्ति नेपाल सरकारले मिलाउनेछ ।

**५)** आन्दोलनका क्रममा गिरफ्तार गरिएकाहरुलाई तुरुन्त रिहा गर्न गृह मन्त्रालयलाई निर्देशन गरिएको छ ।

**६)** आजैका मितिदेखि थारु कल्याणकारिणी सभा, थरुहट संयुक्त संघर्ष समिति, नेपाल लोकतान्त्रिक थारु संघ, थारु राष्ट्रिय मुक्ति मोर्चा, नेपाल, नेपाल आदिवासी जनजाति महासंघलगायतका सँगठनद्धारा संचालित आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता गरिएको छ ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| लक्ष्मण थारु | राजकुमार लेखी | जनार्दन शर्मा "प्रभाकर" |
| वार्ताटोली संयोजक | वार्ताटोली संयोजक | वार्ताटोली संयोजक |
| थरुहट संयुक्त संघर्ष समिती र | महामन्त्री | मन्त्री |
| आदिवासी संघसस्था | थारु कल्याणकारिणी सभा | शान्ति तथा पुननिर्माण |
| | | मन्त्रालय, नेपाल सरकार |

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| बाबुराम चौधरी | पासाङ शेर्पा | वार्ताटोली संयोजक |
| वार्ताटोली संयोजक | अध्यक्ष नेपाल आदिवासी | महासचिव |
| नेपाल लोकतान्त्रिक थारु संघ | जनजाति महासंघ, नेपाल | थारु राष्ट्रिय मुक्ति मोर्चा |

## (२) नेपाल वार्ताटोली र थारु संयुक्त संघर्ष समिति, नेपालबीच भएको सहमति

मितिर ०६९ जेठ १० गते भएको सहमति

संविधान सम्बन्धित निम्न विषयहरुलाई नेपाल सरकारद्धारा संविधानसभामा प्रवेश गराउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**१)** तराईका २२ जिल्लाहरुमा थारु संयुक्त संघर्ष समितिद्धारा गत २१ दिनदेखि निरन्तर रुपमा संचालित आन्दोलन मार्फत अभिव्यक्त जनजातिको माग र भावनाको हामी सम्मान गर्दछौं । नेपालको अन्तरिम संविधान, २०६३ धाारा, १३८ (१क) को व्यवस्था, संविधानसभा, राज्य पुनःसंरचना उच्चस्तरीय सुझाव आयोगद्धारा निर्धारित आधार, सिद्धान्त र मापदण्ड एवं विभिन्न आदिवासी जनजाति संघसंस्था दलसंग विभिन्न समयमा राज्य पक्षद्धारा गरिएको सम्झौताअनुरुप जातीय पहिचानको आधारमा थारु संयुक्त संघर्ष समितिको सीमाङ्कनको माग, जातीय पहिचानको माग, राजस्वको बाँडफाँडसम्बन्धी माग, आत्म निर्णयको अधिकारसम्बन्धी माग, राजनीतिक अग्राधिकारको माग, कंचनपुरदेखि चितवन समम थारुवान/थरुहट कोचिला प्रदेशसहितको मागका सम्बन्धमा सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । ......................प्रस्तुत भएको मागहरु संविधानसभामा प्रवेश गराइ संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने गरी २०६९ जेठ १४ भित्र नेपालको नयाँ संविधान जारी गराउन प्रतिबद्ध रहने ।

**२)** सार्वजनिक सेवालाई समावेसी बनाउन ल्याइएको १९ वटा ऐनको संशोधन खण्डमा खुल्ला प्रतिस्पर्धा र आरक्षणको व्यवस्था नगरी सबै अवसरलाई शतप्रतिशत मानी राज्यका सबै संरचना तथा अंगको प्रत्येक तहमा संघीय एवं प्रदेशको जातिय जनसंख्याको आधारमा क्षतिपूर्तिसहितको समानुपातिक प्रतिनिधित्व साथै महिला, अपाङ्ग, मुक्त कमैया, भूमिहिन र तेश्रो लिंगीहरुलाई सोही जातिय समूहबाट निश्चित कोटा सुनिश्चित गरी ३ महिनाभित्र लागु गरिनेछ ।

**३)** संघीय सरकारको व्यवस्थापिकाको जातिय सभा तथा जनप्रतिनिधि सभामा प्रदेशको जनसंख्याको आधारमा प्रतिनिधित्व गर्नका लागि संविधानसभामा पहल गर्ने प्रतिबद्धता जाहेर गरियो ।

४) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधानको प्रस्तावनामा “थरुहट आन्दोलन, जनयुद्ध, आदिवासी जनजाति आन्दोलन” थप गर्ने र समानुपातिकको स्थानमा जातिय जनसंख्याको आधारमा समानुपातिक सिद्धान्त संविधानको प्रस्तावनामै राख्नका लागी संविधानसभामा पहल गर्ने प्रतिबद्धता जाहेर गरियो ।

**५)** नयाँ संविधानमा समानुपातिक र समावेशी निर्वाचन प्रणली अवलम्बन गरी समानुपातिक तर्फ न्यूनतम ६० र प्रत्यक्षतर्फ ४० प्रतिशत व्यवस्था गर्ने

**६)** संघर्ष समितिले आह्वान गरेको आन्दोलनका क्रममा भएका सम्पूर्ण घाइतेहरुको उपचारको व्यवस्था नेपाल सरकारले गर्नेछ । सो सम्बन्धमा स्वदेश वा विदेशमा गरेको उपचारको खर्च नेपाल सरकारे व्यहोर्नेछ ।

**७)** संघर्षको क्रममा भएका सम्पूर्ण क्षतिहरुको विवरण स्थानीय प्रशासनबाट प्राप्त गरी निश्चित मापदण्ड र मूल्याङ्कनको आधारमा नेपाल सरकारले आर्थिक सहायता उपलब्ध गराउने । आन्दोलनका क्रममा क्षति भएको नवलपरासीस्थित राष्ट्रिय थारु संग्राहालयको क्षतिको स्थानीय प्रशासनबाट लगत लिई पीडित पक्षको सहमतिमा क्षति भएअनुसार व्यवस्थित रुपमा पुनर्निर्माण गराइनेछ ।

**८)** थारुहरुको चरणबद्ध रुपमा गरेको आन्दोलनका क्रममा पक्राउ परेकालाई निःसर्त रिहा गर्ने, आन्दोलनका क्रममा लगाइएको मुद्दा फिर्ता लिने ।

९) यस अगाडि गरिएका सहमति र पूर्व निर्णयहरु कार्यान्वयन गर्ने गराउने

**१०)** संघर्ष समितिले घोषणा गरेका सबै विरोधका कार्यक्रमहरु आजैदेखि स्थगन गर्ने ।

| | |
|---|---|
| थारु संघर्ष समितीको तर्फबाट | सरकारी बार्ताटोलीको तर्फबाट |
| ......................... | .............................. |
| चन्द्रकुमार चौधरी<br>संयोजक<br>थारु संयुक्त संघर्ष समिती | टोपबहादुर रायमाझी<br>मन्त्री, शान्ति तथा पुननिर्माण तथा<br>संयोजक, सरकारी वार्ता टोली |
| ................................ | ............................ |
| रामचरण थारु | सूर्यमान गुरुङ'<br>मन्त्री, संघीय मामिला तथा स्थानिय विकास तथा<br>सदस्य, सरकारी वार्ता टोली |
| ............................<br>श्री उपेन्द्र गच्छादार | |
| ............................<br>श्री बलदेव चौधरी | ............................<br>राधा जवाली |
| ............................<br>श्री गोपाल दहित | मन्त्री, उर्जा तथा<br>सदस्य, सरकारी वार्ता टोली |
| ............................<br>श्री फुलमती चौधरी | |

## (३) सरकारी वार्ताटोली र संयूक्त लोकतान्त्रिक थारु मोर्चाबीच भएको सहमति

मिति २०६९ जेठ १३ गते भएको सहमति

निम्न विषयहरुमध्ये संविधानसँग सम्बन्धित मागहरु संविधाानसभामा प्रवेश गराउने प्रतिवद्धता व्यक्त गरिएको छ ।

**१)** संयुक्त लोकतान्त्रिक थाारु मोर्चाको राज्य पुनसंरचनाको सन्दर्भमा पूर्व झापादेखि पश्चिम कंचनपुर सम्मका सम्पूर्ण तराई तथा भित्री मधेसका जिल्लाहरुलाई सम्पुर्ण थरुहट भूभाग मान्ने, राज्यको पुनःसंरचना गर्दा तराई तथा भित्री मधेशका कुनै पनि जिल्लाको भूभागलाई पहाडको प्रदेशहरुसँग नमिलाई प्रदेशको सिमाङ्कन गरिने, तराई तथा भित्री मधेसका समग्र भूभागलाई थरुहट मानी चितवनको सम्पूर्ण भूभाग सहित कंचनपुर सम्मको भूभागलाई एउटा प्रदेश र पर्सादेखि झापा सम्मको भूभागलाई एउटा प्रदेश सीमाङ्कन गरियोस भन्ने मागप्रति सरकारको गम्भीर ध्यानकर्षण भएको छ । प्रस्तुत भएका मागहरु संविधानसभामा प्रवेश गराइ संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने समय सीमाभित्र नयाँ संविधान जारी गराउन पहल गर्नेतर्फ प्रतिवद्ध रहने ।

**२)** सार्वजनिक सेवालाई समावेशी बनाउन ल्याएको १९ वटा ऐनको संशोधन खण्डमा खुल्ला प्रतिस्पर्धा र आरक्षणको व्यवस्था नगरी सबै अवसरलाई शतप्रतिशत मानी तत्काल जनसंख्याको आधारमा क्षतिपूर्ति सहित समानुपातिक प्रणाली अवलम्बन गर्ने मागका सम्बन्धमा कार्यान्वयन गर्नेतर्फ पहल गर्ने प्रतिबद्धता गरियो ।

३) आन्दोलनका क्रममा पक्राउ परेकाहरुलाई रिहाइ गर्ने ।

४) आन्दोलनका क्रममा भएका सम्पूर्ण क्षितको विवरण स्थानीय प्रशासनबाट प्राप्त गरी निश्चित मापदण्ड र मूल्याङ्कनको आधारमा नेपाल सरकारले आर्थिक सहायता उपलब्ध गराउने ।

५) आन्दोलन क्रममा भएका घाइतेहरुको उपचारको व्यवस्था नेपाल सरकारले गर्ने ।

६) साँस्कृतिक धरोहरको रुपमा रहेको नबलपरसी स्थित राष्ट्रिय थारु सँग्रहालयलाई व्यवस्थित रुपमा पुननिर्माण र संचालनको व्यवस्था मिलाउने ।

७) संयुक्त लोकलान्त्रिक थारु मार्चाले राखेको न्यायिक छानबिन आयोगसम्बन्धी मागप्रति सरकारको ध्यानाकर्षण भएको छ ।

८) मोर्चाले आह्वान गरेका विरोधमा सबै कार्यक्रमहरु आजैदेखि स्थगन गर्ने ।

संयुक्त लोकतान्त्रिक थारु मोर्चाको तर्फबाट

............................
सुरेन्द्र चौधरी
केन्द्रिय संयोजक
संयुक्त लोकतान्त्रिक थारु मोर्चा

............................
रेशम चौधरी
प्रवक्ता
संयुक्त लोकतान्त्रिक थारु मोर्चा

सरकारी वार्ताटोलीको तर्फबाट

............................
टोपबहादुर रायमाझी
मन्त्री शान्ति तथा पुननिर्माण तथा
संयोजक, सरकारी वार्ताटोली'

............................
महेन्द्र प्रसाद यादव
मन्त्री, सिंचाइ तथा
सदस्य, सरकारी वार्ताटोली

............................
राधा ज्ञवाली
मन्त्री, उर्जा तथा
सदस्य, सरकारी वार्ताटोली

**(४) सरकारी वार्ताटोली एवं रानाथारु संयुक्त संघर्ष समितिबीच भएको सहमति**

मिति २०६९ जेठ १४ गते भएको सहमति

संविधानसँग सम्बन्धित मागका सम्बन्धमा संविधानसभामा प्रवेश गराउन पहल गर्ने प्रतिबद्धता गरियो

१. राना स्वायत्त क्षेत्र घोषणा गर्ने रानाथारु संघर्ष समितिको मागप्रति सरकारको ध्यानाकर्षण भएको छ । सो माग संविधानसभामा प्रबेश गराउन पहल गर्ने प्रतिबद्धता गर्ने ।

२. आदिवासी जनजातिको सूचीमा रानाथारुलाई अबिलम्व सूचीकृत गर्ने ।

३. सार्वजनिक सेवा एवं  राज्यका हरेक अंग र निकायमा संघ प्रदेश र स्थानीय तहमा रानाथारुलाई जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वका लागी पहल गर्न प्रतिबद्ध रहने ।
४. राज्यद्धारा रानाथारु समुदायको राजनीतिक, आर्थिक , साँस्कृतिक, सामाजिक अधिकारहरुको संरक्षण र विकासको सुनिश्चितताका लागी पहल गर्ने ।
५. रानाथारु संयुक्त संघर्षका क्रममा भएका घाइतेहरुको उपचारको व्यवस्था सरकारले गर्ने ।
६. संघर्षको क्रममा भएको सम्पत्ति क्षतिको स्थानीय प्रशासनबाट विवरण प्राप्त गरी निश्चित मापदण्ड र मूल्याङ्कनका आधारमा नेपाल सरकारले आर्थिक सहायता उपलब्ध गराउने ।
७. यस अगाडि भएका सहमति एवं सम्झौताहरु कार्यान्वयन गर्ने गराउने प्रतिबद्धता व्यक्त गरियो ।
८. संघर्ष समितिले राखेका सबै संघर्षका कार्यक्रम स्थगन गर्ने ।

रानाथारु संयुक्त संघर्ष समितिको तर्फबाट

**नेपाल  सरकारको तर्फबाट**

................................
प्यारेलाल राना
संयोजक
रानाथारु संयुक्त संघर्ष समिति
गोबिन्द राज राना ......................
नवराज राना...........................
जीवन राना...........................
राम समझ राना....................
कृपा राना...........................
कन्हैया राना.......................
श्यामलाल राना.........................

................................
टोपबहादुर रायमाझी
वार्ताटोली संयोजक
मन्त्री, शान्ति तथा पुननिर्माण

................................
महेन्द्रप्रसाद यादव
वार्ताटोली सदस्य एवं
मन्त्री, सिंचाई

..................................
राधा ज्ञवाली
वार्ताटोली सदस्य एवं
मन्त्री, उर्जा

**५. कमलरी प्रथा उन्मुलनको लागि संयूक्त संघर्स समिति र नेपाल सरकार विच सम्पन्न सहमतिका बुँदाहरू**

मिति २०७० साल जेठ २४ गते

१. दाङ जिल्ला लालमटिया गा.वि.स. वार्ड नं. ८ घर भई ललितपुर चाकुपाट स्थित यूवराज पौडेलको डेरामा वाल मजदुरको रुपमा कार्यरत बर्ष १३ की सृजना चौधरीको मृत्यु भएको घटनाको सम्वन्धमा यथार्थ सत्यतथ्य पत्ता लगाई दोषी देखियका व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम कारवाही गर्न उच्च स्तरीय छानबिन समिति गठन गर्ने ।
२. मिति २०७० साल जेठ १९ गते मुक्त कमलरीहरुबाट शान्तिपूर्ण सिंहदरवार घेराउको क्रममा घाइते भएका आन्दोलनकारीहरुको सम्पुर्ण उपचार खर्च सरकारले ब्यहोर्ने ।
३. सृजना चौधरीको मृत्युको सम्बन्धमा छानविन गर्न गठित समितिले दिने प्रतिवेदनको आधारमा प्रचलित मापदण्ड बमोजिम अन्तिम निर्णय गर्ने गरि तत्काल अन्तरीम राहत स्वरूप मृतक सृजना चौधरी परिवारलाई रू ५,००,००००० (पाँच लाख) उपलब्ध गराउने । साथै कैलाली जिल्ला चौमाला ८ दैदवाडीका मृतक मेघी चौधरीको परिवारलाई समेत आवश्यक सहयोग उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।
४. कमलरीको रुपमा बाल मजदुर भई कार्यरत हुँदाको अवस्थामा बेपत्ता भएका कामलरी बालिकाहरूको हकमा छानविन गरी सत्यतथ्य पत्ता लगाउन र मृतक कमलरीहरु कैलाली टिकापुर ९ कि सरिता

चौधरी, दांङ रामपुरकी सिमा होजा मगर, कैलाली धनगढी न.पा. वडा नं. ८ धनगढी गाउँकी उर्मिला राना थारु र कैलाली चौमाला गा.वि.स. वडा नं. ८ की मेघी चौधरीको मृत्युको सम्बन्धमा १० दिन भित्र छाविन समिति गठन गर्ने गरी नेपाल सरकार समक्ष सिफारीस गर्ने ।

५. विनियोजित बजेटको परिधि भित्र रही बिधमान कमलरी छात्रावृत्ति व्यवस्थापनमा वृद्धि गर्नका लागि प्राप्त माग अनुसार मुक्त कमलरीका लागी शिक्षा निर्देशिका २०६८ लाई परिमार्जन गर्न प्रक्रिया अगाडी बढाउने ।

६. कमलरी प्रथा प्रचलित कानुन बमोजिम निषेधित कार्य भएकाले मन्त्रीपरिषदबाट कमलरी मुक्तिको घोषणा एक महिनामा गरी उद्धार हुन बाँकी रहेका कमलरी बालिकाहरुको उद्धार गरी पुनस्थापना गर्ने प्रक्रिया अघी बढाउने र बालिकाहरुलाई कमलरीको रुपमा राखने सबैलाई तत्काल कानुनी दायरामा ल्याउने ।

७. मुक्त कमलरीलाई परिचय पत्र वितरण गर्न तत्काल प्रक्रिया शुरु गर्ने ।

८. कमलरीको रुपमा रहदाको अवस्थामा कार्यरत घरमै यौन शोषणबाट आमा बन्न पुगेकाहरुबाट जन्मे का बालबालिकाहरुको पहिचान र अंशको अधिकार सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने ।

९. सृजन चौधरी मृत्यु भएको घटनाको सम्बन्धमा दांग लगायत मुलुकको विभिन्न जिल्लाहरुमा कमलरीहरुले गरेको आन्दोलनका क्रममा गिरफ्तार भएका आन्दोलनकारीहरुलाई आजै निशर्त रिहा गर्ने ।

१०. आन्दोलनकारी पक्षले सबै आन्दोलनक कार्यक्रमहरु आजै देखि फिर्ता लिने ।

श्री ऋदी बाबा प्रधान
माननीय मन्त्री
महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालय

चन्द्र कुमार चौधरी थारू
संयोजक
कमलरी प्रथा उन्मुलनको लागि संयूक्त संघर्ष समिति
तथा केन्द्रीय अध्यक्ष, थारूकल्याणकारिणी सभा

## ६. नेपाल सरकार र थारु कल्याणकारिणी सभा थारुहट / थारुवान संयुक्त संघर्ष समितिका बीचको सहमतिः

मिति : २०७८/०२/१८

१. थरुहट / थारुवान आन्दोलनका क्रममा टीकापुरमा भएको घटनामा आरोपित ई. धनीराम चौधरी, रेशमलाल चौधरी र लक्ष्मण चौधरी लगायतमाथि लगाइएको सम्पूर्ण मुद्दा फिर्ता र रिहाइका लागि संविधान र कानुनसम्मत पहल गर्ने ।

२. थरुहट / थारुवान आन्दोलनका क्रममा शहीद भई राहत प्राप्त गर्न छुटेका परिवारलाई राहत उपलब्ध गराउन्, शहीद परिवारको उचित व्यवस्थापन गर्ने, घाइतेहरुको उपचार गर्ने र आन्दोलनका क्रममा विभिन्न स्थानमा भएको धनजनको क्षतिको छानविन र मुल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया अघि बढाउन, महिला र असहायमाथि दुर्व्यवहार गर्नेलाई छानविन गरी कानुनी दायरामा ल्याउने ।

३ संविधानमा उल्लेखित व्यवस्था र सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार राज्यका हरेक तह र तप्काहरुमा थारुहरुको आरक्षणको व्यवस्था तथा सबैखाले थारु समुदायको वारेमा संविधान अनुरुपको ब्याख्या र व्यवस्था गर्ने ।

४ संविधान बमोजिम थारुभाषी बाहुल्य क्षेत्रमा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने ।

५ कमैया, कमलरी संघर्ष समितिसँग विगतमा सरकारले गरेको सहमति कार्यान्वयन गर्ने ।

६ संबिधान गतिशिल दस्तावेज हो, यसको संशोधन आवश्यकता र औचित्यताका आधारमा राजनीतिक

दलहरुबीच सहमति कायम गरी विभिन्न समयमा राजनीतिक दल र समुदायका तर्फबाट उठाइएका विषयहरुलाई सम्बोधन गरी गरिने छ, यसै क्रममा थरुहट तराईको मुलबासी आदिबासी थारु समुदायको तर्फबाट हालै प्रस्तुत गरिएका र बिगतमा नेपाल सरकार र थारु समुदायका बीचमा भएका सहमतिहरूका बिषयमा संविधान संशोधनका क्रममा छलफल गरी सहमतिक साथ उपयुक्त निर्णय गरिनेछ ।

**नेपाल सरकारका तर्फबाट**
**माननीय कानून न्याय संसदीस्य मामिला मन्त्री**
**तथा बार्ता टोली**
प्रमुख : लिलानाथ श्रेष्ठ
सदस्य : राजन भट्टराई
सदस्य : भगवती चौधरी

**थारु कल्याणकाररिणीसभा**
**थारुहट / थारुवान संयूक्त संघर्स समितिक**
**तर्फबाट बार्ता टोली**
प्रमुख : रुकमिणी चौधरी
सदस्य : प्रेमिलाल चौधरी
सदस्य : पद्मनारायण चौधरी
सदस्य : प्रभात चौधरी
सदस्य : चन्द्रप्रसाद चौधरी

थारू समुदायको इतिहास, हक अधिकार, पहिचान, भाषा, संस्कृति, परम्परा, आदिको संरक्षण सम्वर्द्धनको लागि आन्दोलनमा रहेका थारू कल्याणकारिणी सभा केन्द्रिय समिति, थरूहट/थाररूवान संघर्ष समिति लगायत थारू सम्वद्ध संघ संस्थाहरु तथा थारू व्यक्तित्व सम्मिलित अन्य संघ संस्थाहरु र नेपालसरकार बीच बिगतका विभिन्न मितिमा भएका सहमति सम्झौताहरु किन कार्यन्वयन भै रहेको छैन ? भए गरेका सहमति सम्झौताहरु दुवै पक्षबाट हस्ताक्षरित किन लागु हुन सकेको छैन ? यहाँ सम्म की नेपालको संविधानको (२०७२) धारा ४२ लगायत, विभिन्न धाराहरु, उपधाराहरूमा लेखिएका कुराहरु किन कार्यन्वन भै रहेका छैनन् ? नेपाली जनताको चिन्ताको विषय भएको छ । संविधानमै लेखिएका कुराहरु कार्यन्वयन नहुनु र लागु नहुनु सम्बन्धित सबै सरोकारवालाहरु गम्भिर नहुनु सबैको चिन्ताको विषय भएको छ । अतः करिब २०,००००० बिस लाख थारुहरुको नेतृत्व गरिरहेका थारू समुदायका बिभिन्न संघसंस्थहरु, संगठनहरु, बिभिन्न राजनीतिकदलहरुमा आबद्ध थारू व्यक्ति, थारू व्यक्तित्वहरु र बिभिन्न संघसंस्थहरुमा आबद्ध व्यक्तित्वहरुको सहभागिता र उपस्थितिमा बिभिन्न कालखण्ड, समय र मितिमा भए, गरेका सहमतिहरु तथा सम्झौताहरु कार्यान्वयन गर्न गराउन, लागु गर्न गराउन पर्तिबद्धता जाहेरगरी दुबै पक्षले राजिखुशिका साथ हस्ताक्षर समेत गरेको हाल १०/१५ बर्ष बिति सक्दा पनि हात्ती आयो हात्ती आयो फुस्सा जस्तै भएको छ । अब उप्रान्तको काम कारोबार नगदमा गर्नु पर्दछ ।

थारूसमुदायको इतिहास, संस्कृतिको पहिचान, हकहितको संरक्षण सम्बर्धन तथा थारुसमुदायको सशक्तिकरण गर्नको लागि संबैधानिक निकायको स्थापना गरिएको छ त्यो संबैधानिक निकाय हो थारू आयोग । आयोगले नेपालको संबिधान, संघिय कानून तथा थारू आयोग ऐन २०७४ अन्तर्गत रही कार्य सम्पादन गर्दै आइरहेको छ,आयोगले थारू समुदायको हक अधिकार उल्लंघनगर्ने ब्यक्ति ,समुदाय तथा संघसंस्था बिरुद्ध उजुरी संकलनगरी कानून बम्मोजिम कारवाहीको लागि नेपाल सरकारलाई सुझाव र सिफारिस गर्दै आइरहेको छ ।

नेपालसरकारले थारु कल्याणकारिणी सभा केन्द्रिय समिति, थरूहट/थारुवान संयुक्त संघर्ष समिति लगायतहरुसंग भए गरेको सहमति सम्झौताहरु र नेपालको संविधान २०७२ मा समेत उल्लेख भए गरेका बुंदाहरु समेत कार्यन्वयन र लागु गर्न गराउनको लागि नेपाल सरकार र सरोकारवालाहरु सकारात्मक सोच र सक्रिय हुन आति आवाश्यक छ ।

# थारु भाषामा मानकीकरणको आवश्यकता



मा.भोलाराम चौधरी
सदस्य
थारु आयोग

**पृष्ठभूमी**

नेपाल बहुजाति, बहुभाषी भएको मूलुक हो । यहाँ रहेका हरेक जात जातिको आफनो छुट्टै अस्तित्व र पहिचान रहेको पाइन्छ । यही विशेषताका कारणले गर्दा विश्वको माझमा नेपालको गौरवलाई अझ फराकिलो बनाएको छ । यहाँका हरेक समुदायले बोल्ने भाषा फरक फरक र आफनै मौलिकतामा आधा रित रहेका छन् । परापूर्व कालदेखि थारु समाजमा बोलिने भाषालाई थारु भाषा भनिन्छ । पूर्व मेची देखि पश्चिम महाकालीसम्म बोलिने थारु भाषामा केही अन्तर पाइएता पनि तात्वीक रुपमा खासै अन्तर रहेको पाइदैन । लाखौ लाख संख्यामा रहेका थारुहरुले बोल्ने थारु भाषाको आफनै छुट्टै महत्व र पहिचान रहेको छ । नेपालको संविधान २०७२ को धारा ३२ को उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफनो भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण गर्ने हक हुनेछ भनी व्यवस्था गरेको छ । तराइको बृहत फाँटमा छरिएर बसेका थारुहरु को भाषामा केही फरकपन रहेता पनि आफनो हक र अधिकारका लागि अहिले संगठित भएको पाइन्छ । आफनो जातिको पहिचान र अस्तिव जोगाउन भाषामा एकरुपता ल्याउनका लागि जुटनु अपरिहार्य रहेको छ ।

**भाषाको मानकीकरण के हो ?**

भाषा योजनालाई सही रूपमा स्थापित गर्ने प्रक्रियालाई नै भाषाको मानकीकरण भन्दा अत्युक्ति नहोला । एउटै भाषा बोल्ने समुदायभित्र पनि विभिन्न क्षेत्रअन्तर्गत भाषिक विभेद रहेको पाइन्छ । त्यो भाषिक विभेद लेख्य रुपमा नभएर कथ्य भाषामा हुन्छ । कुनै भाषा वा भाषिक भेदलाई छनौट गरेपछि उक्त भाषाको विकास गराएर प्रतिष्ठित गराउने प्रकृयालाई नै मानकीकरण भनिन्छ । यसरी छनौट गरिएको भाषाको भेदलाई लेख्य परम्परा, साहित्य, शिक्षा आदि क्षेत्रमा प्रयोग र विस्तार गर्ने कार्यलाई मानकीकरणले व्यवस्थित गर्दछ । वर्ण विन्यासको सुधारले मानकीकरण गर्नमा महत्वपूर्ण योगदान पुर्याउँछ । वर्णविन्यास सुधार गर्नका लागि मूलतः तीनवटा प्रवृति प्रचलित रहेको पाइन्छ ।

**क.मूलस्रोतवादी प्रवृति :** यस प्रवृतीमा जोडदिनेहरु भाषाको शब्द मूल पद पहिचान गर्न उदत रहेका हुन्छन । मूलस्रोवादी प्रवृतिले मूल स्रोत अनुसार नै वर्णविन्यासको निर्धारण गर्ने गर्दछ ।

**ख.जनजिब्रोवादी प्रवृति :** जनजिब्रो प्रवृति सोच भएका हरुले आफनो मौलिकतामा आधारित रहेर शब्दको उच्चारण अनुसार वर्णनिर्धारण गर्दछन् ।

**ग.आगन्तुकवादी प्रवृति :** आगन्तुकवादी प्रवृतिमा सोच भएकाहरुले शब्द आएको स्रोत भाषाको वर्णविन्यासको नियम अनुसार नै वर्णविन्यास निर्धारण गर्ने कुरामा जोड दिन्छन । वर्ण निर्धारण गर्दा सामान्यत यी आधारलाई लिएता पनि वर्ण निर्धारण गर्न त्यति सरल र सहज छैन । थारुहरुको आफनो लिपि पहिचान नभएकोले देवनागरी लिपिको प्रभावमा आएर कुन वर्ण लिने र नलिने दोधार अवस्था सृजना भएको पाइन्छ । भाषालाई मानक बनाउने क्रममा विश्वको इतिहासलाई केलाउने हो भने हरेक भाषामा विवाद सृजना भएको पाइन्छ । अङ्गेजी भाषालाई अन्तर्राष्ट्रिय भाषाको रूपमा लिइन्छ । यस्तो बृहत् क्षेत्रलाई अँगाल्ने भाषामा पनि विभेद देख्न सकिन्छ । ब्रिटेनका मूल निवासीहरूले बोल्ने

परम्परागत भाषा अन्तर्राष्ट्रिय रूपमा मानक मानिइएको अङ्ग्रेजी भाषाभन्दा भिन्न हुन्छ । उनीहरूले बोल्ने भाषालाई स्थानीय रूपमा ककनी इङ्लिश भनेर जानिन्छ । त्यो ककनी इङ्लिश अन्तर्राष्ट्रिय रूपमा मानक मानिइएको अङ्ग्रेजी भाषाभन्दा नितान्त बेग्लै हुन्छ । यसरी नै अङ्ग्रेजहरूमा पनि विभिन्न क्षेत्रमा बस्ने आदिवासीह रूका विविध भाषाहरू छन् । जसलाई विद्वानहरूले भाषिका भनेर परिभाषित गरेका छन् । जुन अङ्ग्रेजी भाषा विश्वव्यापी बनेको छ, त्यही नै अङ्ग्रेजी भाषाको मानकरूप हो । यद्यपि, अहिले अङ्ग्रेजी भाषाको मानक रूप पनि युके अनि युएस गरी दुईवटा हाँगोमा छुट्टिएर गएका छन् । यी दुईवटा भाषाहरूमा धेरै एकरूपता भए तापनि कतिपय हिज्जे अनि वाक्य गठनमा पृथक देख्न पाइन्छ । अहिले कम्प्युटरको प्रचलनले युकेमा चलाइने अङ्ग्रेजीभन्दा युएसमा चलाइने अङ्ग्रेजीको दबदबा रहेको पाइन्छ । भविष्यमा, अन्तर्राष्ट्रिय भाषाको रूपमा युएसमा प्रयोग गरिइने अङ्ग्रेजी भाषाले मानक रूप प्राप्त गर्नसक्ने प्रवल सम्भावना रहेको पाइन्छ ।

यस्तै प्रकारले हाम्रै छिमेकी भारतको बङ्गाली भाषाका पनि अनेक रूप छन् । सिलगढ़ी अनि कलकत्ताका बङ्गाली हरूले बोल्ने भाषामा केही भिन्नता अवश्य पाउन सकिन्छ । त्यतिमात्र होइन, सिलगढ़ीकै पनि कतिपय ग्रामीण इलाकाका बङ्गाली भाषासित शहरी क्षेत्रका बङ्गाली भाषासित विभेद रहेको देख्न पाइन्छ । यद्यपि, लेख्यरूपमा उनीहरू सबैले एउटै भाषा प्रयोग गर्छन् । लेख्य रूपमा सबैले जुन समान भाषा प्रयोग गर्छन्, त्यही नै बङ्गाली भाषाको मानक रूप हो । नेपाली भाषाको कथ्य रूपमा पनि त्यस्तै समस्याहरू छन् । विभिन्न प्रान्तमा बस्ने नेपालीहरूले उनीहरूको परिवेशअनुसार आ-आफ्नै किसिमका कथ्य भाषा प्रयोग गर्छन् ।

दार्जीलिङकै विभिन्न प्रान्तहरूमा गएर हेर्‍यौँ भने छुट्टाछुट्टै रूपले कथ्य भाषाको विकास भएर गएको देख्न पाउँछौँ । सामान्य रूपले नै भए तापनि लेख्य नेपाली भाषाको मानकीकरण भएकोले हामीलाई एकअर्काको भाषा बुझ्न उस्तो गाह्रो पर्दैन ।

त्यस्तै गरी थारु भाषा भौगोलिक दूरिका आधारमा केही फरक भएता पनि सबै ठाँउका थारुहरु सबैको भाषा बुझने गर्दछन । समग्रमा भाषाको मानकीकरण त्यो प्रक्रिया हो जसले परम्परागत रूपमा हुर्किएर आएको भाषालाई स्थापित गराउँनुका साथै यसको संरक्षण पनि गर्दछ ।

हामी थारु भाषाको कुरा गर्ने र सबै चिज नेपाली को अनुसरण गरेर भाषाको विकास हुन सक्दैन भनेर विभिन्न टिकाटिप्पणी सुरु नभएको पनि होइन । थारु भाषामा एकरूपता हुनुपर्छ भन्ने प्रश्न प्रायः सबै लेखक अनि भाषाविद्हरूले उठाइरहेका छन । तर आजको स्थितिमा भाषामा एकरूपता आउनको साटो विविधता आइरहेको स्पष्ट छ । यसको मूल कारण विद्वान्हरूले आ-आफ्नै बुझाइका विचार अनुसार भाषालाई मानकीकरण गर्ने कोशिस गरिरहेका छन् । यसरी हूल-हूल छुट्टिएर भाषाको मानकीकरण गर्छु भन्नु हाम्रो मूर्खता हो । भाषाजस्तो संवेदनशील विषयलाई लिएर खेलाइँची गरिनु हुँदैन । अहिले भाषालाई वैज्ञानिक पद्धतिद्वारा सरल गरिने भन्दै भाषालाई अझ विरोधाभासपूर्ण बनाइँदैछ ।

**थारु भाषामा भएका मानकीकरणका प्रयासहरु**

थारु भाषाको इतिहासलाई केलाउने हो भने राणा कालमा खासै लेखन कलाको विकास भएको पाइदैन । २००७ सालको क्रान्ति पश्चात थारु साहित्य सुस्त गतिमा बामे सरेको देखिन्छ । पञ्चायतकालमा आएर एकल भाषालाई प्राथमिकतामा राखेपछि अरु भाषाहरु ओझेलमा पर्नु स्वभाविक नै थियो । त्यसमा थारु भाषा पनि अछुतो रहेन । निरंकश पञ्चायती शासनको बावजुद पनि थारु भाषा साहित्यको विकास कार्य लुकीछिपी सुस्त गतिमा शुरुवात भएको पाइन्छ । २०४६ सालको परिवर्तन पश्चात थारु भाषा साहित्य द्रुत गतिमा अगाडि बढेको पाइन्छ । २०५१ साल भदौ १ गतेबाट थारु भाषा लगायत अरु विभिन्न आठवटा भाषामा सञ्चार माध्यम रेडियो नेपालबाट समाचार प्रशारण हुन थाले पछि थारु भाषा साहित्य जुरमुराउने अवसर पायो । वि.सं.२०६४ साल असोज ९ गतेबाट

गोरखापत्र दैनिकमा थारु भाषाले स्थान पाएपछि छुटै पृष्ठमा डा.कृष्णराज सर्वाहारीको अग्रसरतामा छापिन थाल्यो । यस अवधिसम्म आइपुगदा पनि थारु भाषाको छुटै लेखन परम्पराको विकास भएको पाइदैन । यस भन्दा अगाडि जेजति लेखन परम्पराको विकास भएको थियो ती सबै नेपाली शैलीको ढाँचामा लेखेको पाइन्छ ।

२०७१ सालमा मातृभाषा केन्द्र नेपाल र Sil international nepal को सहयोगमा झापा, मोरंग, सुनसरी, उदयपुर, सप्तरी, सिराह, धनुषा, महोतरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी बाह्रवटा जिल्लालाई समेटेर थारु भाषाको लेखाइमा एकरुपता ल्याउनको लागि 'मध्य-पूर्विया थारु भाषाको लेखनशैली' को विकास गरी काम सुरुवात गरेको पाइन्छ । यसका साथै २०७४ सालमा हिमाली आदिवासी समाज नेपालको सहयोगमा चित्र सहितको थारु वर्णमाला निर्माण गरी विभिन्न जिल्लामा तालिम संचालन गरी भाषिक लेखनमा एक रुपता ल्याउन अहम भूमिका खेलेको पाइन्छ । थारु भाषालाई मानक बनाउने यसलाई नै पहिलो कदमको रुपमा लिन सकिन्छ ।

**'मध्य-पूर्विया थारु भाषाको लेखनशैली'** का विशेषताहरु

वर्ण पहिचान र निर्धारण गर्ने चानचुने कुरा होइन । सामान्य अध्ययन र हचुवाको भरमा वर्ण निर्धारण हुन सकदैन । जवसम्म वर्णको पहिचान हुदैन तव भाषालाई मानक बनाउन सकिदैन । मानक भाषा निर्धारण गर्नको लागि विभिन्न चरणहरु पार गर्नु पर्ने हुन्छ । भाषिक भूगोलका आधारमा विभिन्न परिवेश, उमेर, पेशामा आधारित रहेका हुन्छन । यस्ता किसिमका चुनौतीहरुको सामना गर्दै मध्य-पूर्वियाले मानक बनाउने क्रममा भाषिक सर्वेक्षणका लागि भाषिक रेखाङ्कन विधि, भाषा रेकर्डिङ, प्रश्नावली, ल्यावटेष्ट जस्ता विभिन्न प्रकृया पूरा गरेर काम गरेको पाइन्छ ।

यसले लेखनशैली निर्माण गर्ने क्रममा ५ वटा सिद्धान्तलाई मूल मन्त्र मानेर अगाडि बढेको थियो । १.उच चारणको सही प्रतिनिधित्व २.लेखनशैलीमा एकरुप ता ३.सिकनको लागि सजिलो ४.सुबिस्ता/सहजता ५.स्वीकार्य र सहमतिपूर्ण । यसै शैलीमा रहेर शब्दकोश, व्याकरण र पत्रिका समेत प्रकाशन भएको पाइन्छ ।
थारु भाषाको उच्चारण अनुसार स्वरवर्ण र व्यञ्जन वर्ण निर्धारण गर्दा आफनै मौलिक उच्चारणलाई आधार मानेर गरेको थियो । नेपाली भाषाबाट आएका आगन्तुक शब्दका ध्वनिहरुलाई समावेश गरेको थिएन । जस अनुसार ८ वटा स्वरवर्णहरु र ३० वटा व्यञ्ज नवर्णहरु निर्धारण गरेको पाइन्छ ।

**क.स्वरवर्णहरु :** अ, आ, इ, उ, ए, ऐ, ओ, औ ।
**ख.व्यञ्जन वर्णहरु :** क,ख,ग,घ,ङ, च,छ,ज,झ, ट,ठ,ड,ड़,ढ त,थ,द,ध,न प,फ,ब,भ,म, य,र,ल,व, स,ह ।

**ग.ह्रस्व र दीर्घको प्रयोग :** थारु भाषामा शब्दको शुरु र बीचमा ह्रस्व र अन्त्यमा दीर्घ मात्राको प्रयोग गर्ने प्रस्ताव गरेको छ ।
**घ.आगन्तुक शब्दहरुको लेखनशैली :** थारु भाषामा आगन्तुक शब्दहरुको प्रयोग गर्दा थारु भाषाको वर्णमाला र लेखनशैलीको अनुसार लेख्ने प्रस्ताव गरेको छ ।
**ङ विभक्ति :** विभक्ति शब्दहरुलाई मानिसको नामसँग तथा बहुवचन जनाउने शब्दहरु जोडेर लेख्ने र थर लगायत अन्य शब्दहरुमा अलग्गै लेख्ने प्रस्ताव गरेको छ ।
**च.संयुक्त शब्दहरु :** संयुक्त नाम शब्दहरु दुईवटा उस्ता उस्तै वा अलग नाम जोडिएर आएमा हुने भएकाले ती शब्दहरुको आ-आफनै अर्थ हुने भएकाले त्यस्ता संयुक्त नाम शब्दहरुमा हाइफन चिन्हले जोडेर लेख्ने प्रस्ताव गरे को छ ।
**छ.सहायक क्रिया** : कुनै दुईवटा क्रियाहरु गाँसिएर एकैठाउँमा आएमा पहिलो क्रियाले मूल अर्थ र दोस्रोले वास्तविक अर्थ बोकेको हुनाले त्यस्तो अवस्थामा संयुक्त क्रिया लेख्दा अलगै लेख्ने प्रस्ताव गरेको छ ।
**ज.चन्द्रबिन्दु र शिरबिन्दु :** नाके स्वर उच्चारण हुने शब्दमा आकारसँग चन्द्रबिन्दु र अन्य मात्राको हकमा शिरबिन्दुको प्रयोग गर्ने प्रस्ताव गरेको छ । त्यस्तै गरी 'ङ' 'न' र 'म' को सट्टा शिरबिन्दुको प्रयोग नगरी सोही व्यञ्जनलाई

हलन्त गरी लेख्ने प्रस्ताव गरेको छ ।

**झ.हलन्तको प्रयोग :** थारु भाषामा शब्दको अन्त्यमा प्रायः 'अ' स्वरवर्ण आउँदैन । त्यसैले शब्दको अन्त्यमा आउने व्यञ्जनवर्णमा हलन्त नराख्ने, दुई व्यञ्जन सँगसँगै आएमा दुई तरिकाले लेख्न सकिने । जस्तैः (खम्हा,खम्‍हा)

त्यस्तै गरी वि.सं. २०७३ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा **'डंगौरा थारु भाषाको वर्ण निर्धारण'** भएको पाइन्छ । डंगौरा थारु भाषा बोल्ने क्षेत्र सिमित भएकोले यसको प्रभाव र विस्तार पनि सिमित क्षेत्रमा भएको देखियो । यसरी थारु भाषालाई मानक बनाउने क्रममा अगाडि बढनु र अग्रसरता देखाउनु नै ठूलो कुरा भएको प्रमाणित हुन जान्छ ।

**'डंगौरा थारु भाषाको वर्ण निर्धारण'** का विशेषताहरु

क. डंगौरा थारु भाषाको लेखन पद्धतिमा व्यञ्जन वर्ण ३०, स्वरवर्ण १२ वटा रहेको छ ।

- स्वरवर्णहरुः नासिक्य अ, आ, इ, उ, ए, ओ
  अनुनासिक्य अँ, आँ, इँ, उँ एँ औँ
- व्यञ्जन वर्णहरुः क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, प, फ, ब, भ, म, म्ह य, र, र्‌ह, ल, ल्ह्, व, व्ह्, स, ह ।

ख. देवनागरी लिपिमा प्रचलित भएका व्यञ्जन वर्णहरु 'ञ,ण,श,ष,क्ष,त्र,ज्ञ' र स्वर वर्णहरुमा भएका 'ई, ऊ,ऐ,औ,अं,अः'जस्ता वर्णहरु यो भाषामा नभएकोले यी वर्णहरु प्रयोग नगर्ने ।

ग. यो भाषामा दीर्घ उच्चारण नभएकोले ह्रस्व मात्र लेख्ने प्रस्ताव गरिएको छ ।

घ. महाप्राण उच्चारण भएका वर्णको ठिक मुनी एउटा थोप्लो दिई लेख्ने प्रस्ताव गरिएको छ ।

ङ. शब्दको बीचमा उच्चारण हुने आधा अक्षर वर्णको लागि हलन्त दिने प्रस्ताव गरेको छ ।

यसरी थारु भाषा साहित्यको लेखन परम्परामा एकरुप ता ल्याउनको लागि आ-आफनो क्षेत्रमा गरेको कार्यलाई मूल्याङ्कन गर्ने हो भने दुवैको योगदान महत्वपूर्ण रहेता पनि तुलनात्मक रुपमा हेर्ने हो भने मध्य-पूर्वियाले धेरै फडको मारेको देखिन्छ । यसले वर्ण निर्धारण गर्दा थारु भाषाको लेख्य परम्परालाई सुधार र विकास गर्नका लागि पूर्व र पश्चिममा रहेका थारु भाषीहरु मानक बनाउन अग्रसरता देखाए पछि बल्ल नेतृत्व तहमा रहेका व्यक्तिहरुको घैटोमा घाम लागन थाल्यो ।

त्यस्तै गरी वि.सं.२०७७ श्रावण १९ गते देखि निमाङ **'थारु मेडियाबाट 'थारु मानक भाषा बहस'** सुर्खेतबाट सोम डेमनडौराको नेतृत्वमा शुरु भयो । वहाँले १९ वटा बहस संचालन गर्नु भएको थियो । त्यस पछि थाकस केन्द्रिय कार्यालय काठमाण्डौबाट वि.सं.२०७७ साल श्रावण ३१ गतेबाट **'थारु मानक भाषा भर्चुअल सम्वाद कार्यक्रम'** सुरुवात गरेको थियो ।

थारु भाषा लेख्य परम्परालाई सुधार गर्न थारु लेखक संघले पनि कटिबद्ध भएर काम गरेको पाइन्छ । नेपाल भरि छरिएर रहेका थारु लेखकहरुलाई एउटै छाता संगठनमा आवद्ध गराएर लेखन सीपलाई एकरुपता ल्याउनका लागि वर्षेनी थारु साहित्य राष्ट्रिय सम्मेलन गरेर उत्साहमूलक काम गरेको इतिहास रहेको पाइन्छ । यसका साथै थारु भाषामा कलम चलाउनेहरुको मनोवल उच्च राख्न र प्रोत्साहित गर्न पुरुस्कारको समेत व्यवस्था गरेको पाइन्छ । यो काम गरेको इतिहास धेरै पुरानो नभएता पनि आफनो कामलाई निरन्तरता दिएको पाइन्छ, । थारु भाषाको विकासमा थारु लेखक संघले निम्नानुसारको कार्य गर्दै आएको पाइन्छ ।

१. पहिलो थारु साहित्य राष्ट्रिय सम्मेलन २०७३ साल बैशाख ३ र ४ गते दाङको घोराहीमा सम्पन्न गरेको थियो ।

२. दोस्रो थारु साहित्य राष्ट्रिय सम्मेलन २०७३ साल चैत १९ र २० गते कैलालीको धनगढीमा सम्पन्न गरेको थियो ।

३. तेस्रो थारु साहित्य राष्ट्रिय सम्मेलन २०७४ साल माघ ४, ५ र ६ गते बर्दियाको बढैयातालमा सम्पन्न गरेको थियो ।

४. चौथो थारु साहित्य राष्ट्रिय सम्मेलन २०७५ साल चैत २२ र २३ गते रुपन्देहीको मूर्गियामा सम्पन्न गरेको थियो ।

५. पाँचौ थारु साहित्य राष्ट्रिय सम्मेलन २०७७ साल चैत २१ र २२ गते सुर्खेतको बीरेन्द्रनगरमा सम्पन्न गरियो ।

६. छैठौ थारु साहित्य राष्ट्रिय सम्मेलन २०७८ साल फागुन १२, १३ र १४ गते सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको सिहपुर गाँउमा भर्खरै सम्पन्न गरेको छ ।

कुनै भाषालाई मान्याता पाउनको लागि व्यक्तिगत र सामुहिक प्रयासले मात्र सम्भव हुदैन । त्यसलाई सर कारी निकायबाट कानूनी मान्याता पाउनु जरुरी हुन्छ । जवसम्म सरकारी मान्याता पाइदैन तवसम्म जतिसुकै प्रयास गरे पनि बालुवामा पानी खन्याए जस्तै हुन्छ । यस्ता किसिमका कानुनी जटिलतालाई मध्य नजर गर्दै थारुहरुको समग्र हितमा काम गर्ने थारु आयोगले यसको नेतृत्व गर्दै आफनो वार्षिक कार्यतालिमा नै **थारु मानक भाषा** समावेस गरी थारू भाषा मानकीकरण कार्यशाला गोष्ठी २०७८ साउन ३१ गतेदेखि भदौ २ गतेसम्म कृषि विकास बैंक, तालिम केन्द्र बोडे भक्तपुरमा आयोजना गरी पहिलो चरणको काम सम्पन्न गरिसकेको छ । यस कार्यक्रममा २४ जिल्लाबाट विभिन्न थारु विज्ञहरु सहभागी भई खेस्रा तयार गरि १२ बुँदे समझदारी गरिसकेको छ । यस कार्यबाट थारु भाषाको मानकीकरण हुनेछ भनी थारु समुदायलाई विश्वास गर्ने पर्याप्त आधार सिर्जना भएको छ ।

१) थारू भाषा मानकीकरणमा देवनागरी लिपको प्रयोग गर्ने र थारू लिपि खोज अनुसन्धान गर्ने प्रयासलाई जारी राख्ने ।

२) वर्णमाला बनाउँदा स्वर वर्णको कथ्यमा अ, आ, इ, उ, ए, ओ गरी ६ वटा वर्ण प्रयोग हुने भएपनि लेख्यमा अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं. अः गरी १३ वटा वर्णको प्रयोग गर्ने ।

३) व्यञ्जन वर्णको कथ्यमा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह गरी २९ वटा वर्णको प्रयोग गर्ने । लेख्य वर्णमा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह, लेख्ने, र श, ष, क्ष, त्र, ज्ञ समेत गरी ३६ वटा वर्णको आवश्यकता अनुसार प्रयोग गर्ने ।

- संवर्णको रूपमा ड़ , ढ़ , ङ्ह, न्ह, म्ह, र्ह, ल्ह गरी ७ वटा वर्णको प्रयोग गर्ने ।
- तत्सम, तद्भव र आगन्तुक शब्दलाई जस्ताको तस्तै स्वीकार गरी लेख्ने ।
- थारू मौलिक शब्दलाई उच्चारणको आधारमा ह्रस्व र दीर्घ दुवैको प्रयोग गर्ने ।

४) पञ्चम वर्ण (ङ, ञ, ण, न, म) लाई देवनागरी लिपिमा भएअनुसार स्वीकार गर्ने ।

५) अ, आ र उ उच्चारणबाट बन्ने शब्दमा चन्द्रविन्दु ( ँ ) को प्रयोग गर्ने । अन्यमा शिरविन्दू ( ं ) प्रयोग गर्ने ।

६) पाउ विन्दू, हलन्त र अजन्त चिन्हहरूको आवश्यकता अनुसार प्रयोग गर्ने ।

७) स, श र ष मध्ये थारू मौलिक शब्दमा स को प्रयोग गर्ने । तत्सम, तद्भव र आगन्तुक शब्दहरूमा भने श र ष दुवै वर्णको समेत प्रयोग गर्ने ।

८) कारक र विभक्ति चिन्ह शब्दसँग जोडेर लेख्ने । खातिर र लाग विभक्ति छुट्टै प्रयोग गर्न सकिने

९) शब्दको शुरु र बीचमा इकार का लागि (ि) चिन्हको प्रयोग गर्ने, तर शब्दको अन्त्यमा इकार का लागि (ी) र शुरु र बीचमा ह्रस्व उकार ( ु ) दीर्घ ऊकार ( ू ) मात्रा, शब्दको अन्तिममा प्रयोग गर्न सकिने छ ।

१०) थारू मौलिक शब्दमा ह्रस्व प्रयोग गर्ने । आगन्तुक शब्दमा स्रोतभाषाको लेखन प्रणालीअनुसार ह्रस्व र दीर्घ प्रयोग गर्ने ।

११) संयोजकको प्रयोग गर्दा थारू भाषामा काहे की, तर, मने, मुले, काखरेकी, व, वा, ओ, तबमारे, ओह ओरसे, ओहमार, कि, तौनफे, वा, लेकिन, मनो, क्याम्की, टभुफे, नै टो, हे, तथा, आर, तै यो, महज, ताकी, मतर, और, हरे, नै ते, तौन, तौना, फिर, काकरेकी, कनिलेकी, कथिलेत, जब, तब, वकिन, आ, अउर, मगर, अगर, स्वयम्मे, या त, तैयौ लगायत थारू समुदायमा प्रचलित संयोजक हरूको प्रयोग गर्ने ।

१२) संयुक्त क्रियापद जोडेर (पदयोग) लेख्ने, तर आवश्यकता अनुसार पद वियोग गर्ने (छुट्याएर लेख्ने) ।

*नोटः छायाँमा रहेको वर्णहरु आवश्यकताअनुसार प्रयोग गर्न सकिने छ ।*

*निष्कर्ष*

थारु भाषामा अहिले आएर विभिन्न पत्रपत्रिका, पाठ्यपुस्तक, गीतिएलबम, वृतचित्र लगायत सिनेमा बनिरहेका छन । यसले गर्दा के बुझिन्छ की थारु भाषालाई माया गर्नेहरूको संख्या पनि दिनप्रतिदिन बढ़िरहेकै छन । जति जुन विषयमा चर्चा भयो त्यसमा त्यतिकै विवाद सिर्जना हुनु स्वभाविक हो यसैले पनि भाषाको मानकीकरणबारे यस्ता विवादहरू उठिरहेका छन् । विचारमा भतभेद होलान् तर सबैले भाषाको संरक्षण र संवर्द्धनकै निम्ति काम गरिरहे का छन । यसमा कुनै दुईमत छैन । भविष्यमा, सबै एकै मञ्चमा आएर भाषामाथि कार्यशाला, सङ्गोष्ठी, अन्तर्क्रिया आदि कार्यक्रमहरू सम्पन्न गर्ने कुरोमा विश्वस्त छु । यस्तै कार्यक्रमहरूद्वारा भाषाको यो चर्को विवादलाई सुल्झाउँदै मानकीकरणको पदक्षेपहुने नै छ भन्ने कुरोमा आशावादी बन्न सकिन्छ । आफ्नो मातृभाषालाई हियाउनेहरूले पनि अवश्य मातृभाषाको माया गर्न सिक्नेछन् । अज्ञानतावश हामी थारु भाषा बोल्दा अनि लेख्दा प्रशस्तै गल्ती गर्छौं ।

भाषाको मानकीकरण गर्ने कार्यमा बलमिचाइ गर्नु हुदैन । भाषा आफैमा एउटा संवेनशील विषय हो त्यसैले यसमा कसैले खेलाइची गर्नु हुदैन । कुनै वर्ण उच्चारण हुनकोलागि हाम्रा मुखका अवयवहरु जस्तै ओठ, जिब्रो, दाँत, तालु, मूर्द्धा, वर्त्स, नाक लगायत श्वास आदिले के कस्ता भूमिका निर्वाह गर्दछ त्यसकै आधारमा शव्दहरुको उच्चारणमा फरक देखा पर्दछ । संस्कृत भाषाबाट उत्पति भएका सम्पूर्ण वर्णहरुलाई थारु भाषामा ग्रहण गर्नु उपयुक्त हो वा होइन । भाषा विज्ञानको प्रभाव र थारु भाषीको उच्चारणको आधारमा 'क्ष, त्र, ज्ञ' जस्ता संयुक्त वर्णहरुलाई वर्णमालामा राख्नु उपयुक्त देखिदैन । किनकी हाम्रो समुदायमा नभएका शव्दलाई अनावश्यक रुपमा ग्रहण गर्न खोज्दा यस्ता समस्या देखिएको हो । 'श' 'ष' 'स' ले प्रायः एउटै ध्वनिलाई प्रतिनिधित्व गरेको पाइन्छ । पञ्चम वर्णमा 'ञ' 'ण' का उच्चारणमा नवर्ण सुनिने हुँदा यी वर्ण राख्ने कि नराख्नेमा विवाद हुनु, कथ्यबोली र आफनो क्षेत्रमा प्रायो ग हुने भाषिकागत विचलन तथा त्रुतिको वारेमा थाह नहुनु प्रमुख कारण हो । भाषाको उच्चारणगत आधारमा जुन जुन वर्णको प्रयोग हुन्छ तिनलाई मात्र वर्णको मान्याता दिनु पर्ने कुराको ज्ञान नभएर पनि यस्ता किसिमका समस्या देखा परेको छ । भाषाविज्ञानको वर्ण विश्लेषण सिद्धान्त अनुसार व्यतिरेकी र परिपूरक वितरणका आधारमा नयाँ वर्ण वा संवर्णलाई सहजरुपमा स्वीकार गर्न नसक्नु हाम्रो कमजोरी हो । त्यसरी गरिएका गल्तीहरू भविष्यमा सुधार्ने प्रण गरौं । भाषालाई माया गरेर शुद्ध बोल्ने अनि लेख्ने अभ्यास गरौं । यसमा देखिएका कमी कमजोरीलाई सुधार गर्दै गयौ भने अवश्य थारु भाषालाई मानकीकरण गर्न सकिन्छ ।

# राज्यको समाबेशी सवालमा थारु समुदायः



मा.डा.उमाशंकर प्रसाद चौधरी
सदस्य
थारु आयोग, नेपाल

**१.पृष्टभूमीः**

नेपालको राष्ट्रिय जनगणना २०६८ का अनुसार तराईमा बसोबास गर्ने बिभिन्न जात जातिहरुमा सब भन्दा ठुलो जनसंख्या भएको थारु समुदाय हो। यो समुदाय नेपालको सम्पूर्ण जात जातिहरुमा चौथौ ठुलो समुदाय हो । यो समुदायको जनसंख्या १७ लाख ३७ हजार ४७० रहेको छ।यो संख्या नेपालको कुल जनसंख्याको ६.६ प्रतिशत रहेको छ।थारु समुदाय मुख्यरुपमा नेपालको तराई र भित्री तराई गरि २४ जिल्लाहरु झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी (ब.सु.पु.), नवलपरासी (ब.सुप.) रुपन्देही, कपिलबस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्दछन ।

ईतिहासको लामो कालखण्डसम्म सम्पूर्ण थरुहट तराई क्षेत्रमा थारुहरुको आफ्नै शासन प्रशासनको मौ जाहरु रहेको थियो। यस शासनकालमा उनिहरुका भाषा,धर्म, संस्कृती, सभ्यता, भेषभुषा, कला, साहित्य, रितिरिवाज, परम्परा आदि ज्यादै समृद्ध र सबल अवस्थामा रहेको थियो।बिश्व शान्तिका अग्रदुत गौतम बुद्ध, चक्रवर्ति राजा अशोक सम्राट, जनप्रिय राजा दंगीशरण सबै थारुहरुका सन्तती हुन।यसरी थारु समुदायको समृद्ध एंव गौरवमय सभ्यता रहेकोछ ।

आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ (क) अनुसार थारु जातिको आफ्नै मातृभाषा, परम्परा, रितिरिवाज छुट्टै सास्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र ईतिहास भएको हुदाँ नेपालका आदिबासी जनजातिहरुको २० नम्बरमा थारु समुदायलाई सुचिकृत गरिएकोछ। आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले सूचिकृत आदिबासी जनजातिहरुलाई पाँच प्रकारका प्रोफाईलहरुमा बाडेको छः

१ लोपोन्मुख समुहः कुसुण्डा, बनकरिया, राउटे, सुरेल, किसान लगायत १० जातिहरु छन ।
२ अतिसिमान्तकृत समुहः माझी, सियार, धानुक, चेपाङ, बोटे लगायत १२ जातिहरु छन ।
३ सिमान्तकृत समुहः थारु,राजबंशी, ताजपुरीया, गन्गाँई, धिमाल लगायत २० जातिहरु छन ।
४ सुबिधा बञ्चित समुहः गुरुङ, मगर, राई, लिम्बु, शेर्पा लगायत १५ जातिहरु छन ।
५ उन्नत समुहः नेवार, थकाली जातिहरु पर्दछन ।

**२. समाबेशीता के हो ?**

ऐतिहासिक बहिष्करणमा परेका समूह, समुदाय वा जातिलाई क्षतिपूर्ति वा क्षमायाचना स्वरुप विशेष व्यवस्था मार्फत गरिने परिपूरणको सिद्धान्त हो ।

वर्तमानमा पनि बहिष्करण गराउन सक्ने संरचनागत अवरोधहरू भए हटाई समाजमा सबैलाई समान व्यवहार र इज्जत प्रदान गराउने प्रणाली हो ।

समाजमा प्रत्येक व्यक्ति विशेष गरी विभेद वा असमावेशीमा परेकाहरूको पहिचान, राज्यको हरेक निकायमा

प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गरी समान हैसियत र सम्मानका साथ जीवन गुजार्न सक्ने वातावरण बनाउने एउटा प्रभावकारी अस्त्र हो ।

सामाजिक समाबेशीतालाई प्राप्त गर्न विभेदको आयाम र आयतन अनुसार विभिन्न  तरिका अपनाइने गरिएको छः- यथा सकारात्मक विभेद,विशेष व्यवस्था,आरक्षण,समानुपातिक सहभागिता/प्रतिनिधित्व आदि।सामाजिक समाबेशीतालाई प्राप्त गर्न विभेदको आयाम र आयतन अनुसार विभिन्न  तरिका अपनाइने गरिएको छः- यथा सकारात्मक विभेद, विशेषव्यवस्था, आरक्षण, समानुपातिक सहभागिता/प्रतिनिधित्व आदि ।

**३. किन समाबेशीताको आवश्यकता छ ?**

१. राज्यका सम्पूर्ण संयन्त्रमा सबै जाति विशेषको उपस्थीतिले राज्य सत्तामा अपनत्वको भावनाले देश बिकाश साझा एजेण्डा हुन्छ ।

२. कुनै पनि समूह, समुदाय वा जात, जातिले आफु बिभेद वा बहिष्करणमा न परेको महसुस भई भाइचारा तथा अपनत्वको महसुस हुन्छ ।

३. राज्यको शासकीय संयन्त्रमा विविधताको समिश्रणले संस्थागत सुशासनको सुनिश्चितता हुन्छ ।

४. मुलुकका नागरिकलाई शासक र शासित वर्गको भावनाबाट जोगाइ समान हैसियत तथा  सम्मानपुर्बक जीवनयापनमा सहजता ल्याउछ ।

५. राजनितिक पार्टीहरुले अगालेको शासकीय पद्धतीमा थारु समुदायबाट समानुपातिक समाबेशी रुपमा हाल सम्म प्रतिनिधित्व हुन सकेको छैन ।

६. राज्यको निजामति सेवा नीति निर्माण तहमा थारु समुदायबाट बिशिष्ट श्रेणी र सहसचिव स्तरमा हाल राष्ट्र सेवक कर्मचारीहरुको उपस्थिती  सून्यमा रहेको छ ।

७. थारु समुदायको जनसंख्या ७ प्रतिशत भएकोमा न्याय सेवा तथा निजामति सेवा तर्फ १ प्रतिशत भन्दा कम कर्मचारीहरुको उपस्थिती रहेकोले राज्यको समानुपातिक समाबेशीको सिद्धान्त अनुसार कम देखिन्छ ।

८. देश शान्ति, स्थिरता प्रगति र समुन्नतीको  प्रकृयामा अगाडी बढनकोलागी थारु समुदाय लगायत पछाडी परेका अन्य जात जातिहरुलाई देश बिकाशको मुल प्रवाहमा ल्याउनु पर्ने देखिन्छ ।

९. नेपालको संबिधान २०७२ मा राज्यको हरेक निकायमा थारु समुदाय लगायत पछाडी परेका जात जातिहरुलाई राज्यको मुल प्रवाहमा ल्याउनकालागी समानुपातिक समाबेशीको सिद्धान्त अनुसार  सहभागी हुने हकको सुनिश्चतता गरिएको हुदा सो कार्यन्वयन हुनु पर्ने देखिन्छ ।

१०. सरकारले तय गरेको समृध्द "नेपाल, सुखी नेपाली" को नारालाइ साकार पार्न राज्यका सबै नागरिक, वर्ग तथा जातजातिहरुले मुल प्रवाहमा समाहित भएको महसुस भएमा बिकाशको हरेक पाईलामा नैतिक जिम्मेवारी लिने वातावरण तयार हुनेछ ।

११. विश्वभरि सामाजिक समावेशीकरणको सवाल उच्च प्राथमिकतामा हुनु यथा- युरोप र अमेरिकामा सकारात्मक बिभेदको नीति अपनाइएको छ ।  क्यानाडा, अष्ट्रेलीया जस्ता मुलुकमा "बिशेष ब्यवस्था" गरिएको छ । भारत र नेपालमा आरक्षणको ब्यवस्था गरिएको छ।

**४. नेपालमा समाबेशीताकोलागी भएका पहलहरुः**

नेपालको सामाजिक समाबेशीतालाई हिन्दु धर्म शास्त्रले प्रभाव परेको देख्न सकिन्छ । ऋगवेद तथा मनुस्मृतिमा वर्ण अनुसार काम तोकिएको पाइन्छ यथाः- ब्राम्हण- तपस्या र ज्ञान, क्षेत्रीय- रक्षा, बैश्य- कृषि र पशुपालन, शुद्र- सेवा गर्ने भनिएको छ । नेपालमा जात व्यवस्था लिच्छबी कालमा बैष्णव सम्प्रदायको रूपमा प्रवेश गरेको पाइन्छ । राजा जयस्थिती मल्लले बि.स. १४६३ मा मानव न्याय शास्त्र जारी गरि जात व्यवस्थाको पालना लाई कडा बनाएका थिए । राजा सुरेन्द्रको पालामा जंग बहादुर राणाले १९१० मा मुलुकी ऐन बनाएर जात भातलाई कानुनी मान्यता दिएका थिए । यसरी राज्य संचालनमा ऐतिहासिक रूपले निश्चित जातिको एकाअधिकार संस्थागत

हुन गयो । २०४७ सालको संबिधानमा सहभागीता मुलक प्रजातन्त्रको सुनिश्चितताकोलागी पिछडीएको वर्गको संरक्षण र बिकाशकोलागी बिषेश ब्यवस्था थियो तथापी ठोस नीतिगत ब्यवस्था केही हुन सकेको थिएन । २०६४ साल देखि निजामति सेवाको खुला प्रतिस्पर्धाबाट हुने पदपूर्तिको ४५% पदको आरक्षणकोलागी छुट्याइ महिला ३३%, आदिबासी जनजाति २७%, मधेशी २२%, दलित ९%, अपाङ्ग ५%, पिछडीएको क्षेत्र ४% का उमेदवारहरुकोलागी सुरक्षित गरियो।नेपालको संबिधान २०७२ को प्रस्तावनामा नै समानुपातिक समाबेसी र सहभागिता मुलक सिद्धान्तको आधारमा समतामुलक सामाजको निर्माण गर्नेको संकल्प गरिएको छ । नेपालको संविधान २०७२ को धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरि महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम लगायतका समुहहरुलाई समानुपातिक समाबेसीको सिद्धान्त अनुसार राज्यका हरेक निकायहरुमा सहभागिताको सुनिस्चितता गरिएको छ ।

संघिय संसदको प्रतिनीधि सभा निर्वाचन ऐन २०७४ ले समानुपातिक समाबेशी सिद्धान्त अनुसार तपसिलका समुहहरुलाई तपसिलका प्रतिशतका आधारमा आरक्षणको ब्यवस्था गरि कार्यान्वियनमा ल्याई सकेको अवस्था छ ।

तपसिलः

| **सि. नं.** | **प्रतिनिधित्व हुने समुह** | **प्रतिशत** |
|---|---|---|
| १ | दलित | १३.८ |
| २ | आदिबासी जनजाति | २८.७ |
| ३ | खस आर्य | ३१.२ |
| ४ | मधेशी | १५.३ |
| ५ | थारु | ६.६ |
| ६ | मुस्लिम | ४.४ |

चिकित्सा शिक्षा आयोगको, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ अनुसार नेपाल सरकारलाई प्राप्त MBBS, B.Sc. Nursing, B. Pharmacy, BPH लगायत स्नातक स्तरका बिषयमा अध्ययनकोलागी प्रदान गर्ने क्षात्रबृतिमा तपसिल अनुसारको समुदायलाई समाबेशि अन्तर्गत आरक्षणको ब्यवस्था गरिएकोछः-

तपसिलः

| सि. नं. | प्रतिनिधित्व हुने समुह | प्रतिशत |
|---|---|---|
| १ | थारु समुदाय | ४ |
| २ | मधेशी समुदाय | १२ |
| ३ | आदिबासी जनजति | १५ |
| ४ | दलित समुदाय | ९ |
| ५ | मुस्लिम समुदाय | २ |

मधेश प्रदेश ले नेपालमै पहिलो पटक प्रदेश निजामति सेवा ऐन २०७७ जारी गर्दै समानुपातिक समाबेशीकोलागी ४९% आरक्षणको लागी सिट छुट्याई तपसिल अनुसार क्लस्टर बनाई बिज्ञापन गरि कर्मचारीहरु भर्ना भएर कामकाज शुरु गरि सकेको अवस्थाछ।

तपसिलः

| सि नं | प्रतिनिधित्व हुने समुह | प्रतिशत |
|---|---|---|
| १ | मधेशी | ५४ |
| २ | दलित | १७ |

| | | |
|---|---|---|
| ३ | मुस्लिम | १७ |
| ४ | आदिबासी जनजाति | ६ |
| ५ | थारु | ५ |
| ६ | आर्थिक रुपले बिपन्न खसआर्य | ४ |
| ७ | अपाङ्ग | २ |

नेपालका प्रमुख राजनीतिक दलहरु ने.क.पा. एमालेको महाधिबेशन मिति २०७८/०८/१०-१२, राष्ट्रिय प्रजातन्त्र पार्टीको मिति २०७८/०८/१५-१६, नेपाली काँग्रेसको मिति २०७८/०८/२४-२७, र ने.क.पा. माओबादी केन्द्रको मिति २०७८/०९/११-१६ गते भएको केन्द्रिय महाधिबेशनमा पार्टीको सांगठनिक संरचनामा नेपालको संबिधान २०७२ अनुसार थारु समुदायको क्लस्टरलाई ६.६ प्रतिशत आरक्षणलाई अंगिकार गरि मान्यता स्थापित गरिसकेका छन।यस भन्दा अगाडी यस किसिमको ब्यवस्था नरहेको अवस्था थियो । नेपालको संबिधानको भाग-२७ धारा २६३ अनुसार २० लाख थारु समुदायको प्रतिनिधित्व हुने गरि २०७५ साल कार्तिक २५गते संबैधानिक आयोगको हैसियतमा थारु आयोगको स्थापना भई सकेको छ । समग्र थारु समुदायको शसक्तीकरण, हकहित, पहिचान तथा अधिकारको संरक्षण र सम्बर्द्धन गर्नकालागी कानुनी हैसियतको रुपमा थारु आयोग ऐन २०७४ र थारु आयोग नियमावली २०७८ जारी भई सकेको अवस्था रहेकोछ । यसै गरि थारु आयोगले आफ्नो ब्यवस्थित, नीतिगत तथा नियमित कार्यसम्पादन गर्नकालागी थारु आयोग कार्यसम्पादन निर्देशिका २०७८, थारु आयोग आन्तरिक ब्यवस्थापन निर्देशिका २०७८, थारु आयोग आचार संहिता २०७८, थारू आयोग को बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७८ समेत जारी गरिसकेको छ ।

तसर्थ नेपालको संबिधान २०७२ तथा सरोकारवाला ऐन कानुन अनुसार थारु समुदायको छुट्टै पहिचान र क्लसटर कायम भई सकेको छ। नेपालको तराई भु-भागमा बसोबास गर्ने थारु जाति आदिबासी जनजाती धरती पुत्रको रुपमा आदिम कालदेखि बसोबार गर्दै आइरहेको समुदाय हो ।

**५. राज्यको समाबेशी नीतिमा थारु समुदायको अवस्थाः**

राज्यको समाबेशी अवस्था ज्यादै असन्तुलित छ।राज्यको हरेक निकायमा खस आर्य समुदायको प्रतिनिधित्व ९७ प्रतिशतले बढी छ। आदिबासी थारु, जनजाति, मुस्लिम, मधेशी, दलित लगायतका समुदायहरुको प्रतिनिधित्व ज्यादै न्यून रहेको तथ्यांङ्क छ।राज्य संचालनको सवालमा थारु समुदायको समाबेशीता मुख्यःतह दुई क्षेत्रको अध्ययनबाट स्पष्ट हुन सकिन्छः

- नेपालको राजनीतिक पार्टीहरुले अगालेको शासकीय परिपाटीमा थारु समुदायको उपस्थितीः
- राज्य संचालनकोलागी निजामति सेवाको संयन्त्रमा थारु समुदायको उपस्थितीः

नेपालको राजनीतिक पार्टीहरुले अगालेको शासकीय परिपाटीमा थारु समुदायको उपस्थिती :

| सि नं | संस्थाको नाम | सिट संख्या | थारु समुदायको उपस्थिती | हुनु पर्ने उपस्थिती |
|---|---|---|---|---|
| १ | प्रतिनिधि सभा | २७५ | १७ (६.१८%) | १८ (१८-१७=१) |
| २ | राष्ट्रिय सभा | ५९ | १ (१ .६९%) | ४ (४-१=३) |
| ३ | प्रदेश सभा | ५५० | ३२ (५.८१%) | ३६ (३६-३२=४) |
| ४ | स्थानिय तहको अध्यक्ष/प्रमुख | ७५३ | ३१ (४.११%) | ५० (५०-३१=१९) |
| ५ | स्थानिय तहको उपाध्यक्ष/प्रमुख | ७५३ | ५२ (६.९%) | ५० (५०-५२=+२) |
| ६ | वडाध्यक्ष | ६७४३ | ३५०(५.१९%) | ४४५(४४५-३५०)=९५ |

यसरी माथीको तालिका अनुसार देख्न सकिन्छ कि प्रतिनिधी सभाको निर्वाचन २०७४ मा नेपालको राजनीतिक पार्टीहरुले अगालेको शासकीय परिपाटीमा प्रतिनिधि सभामा थारु समुदायको उपस्थिती समानुपातिक समाबेशिको सिद्धान्त अनुसार एक जनाको कम देखिन्छ। राष्ट्रिय सभामा थारु समुदायबाट चार जनाको उपस्थिती हुनु पर्नेमा एक जनाको मात्र भएको हुदा तीन जना कम देखिन्छन । प्रदेश सभा मा पनि थारु समुदायको जनसंख्याको अनुपातमा चार जनाको उपस्थिती कम भएको देखिन्छ। यसै गरि स्थानीय तहको २०७९ साल बैशाख ३० गते शुक्रवार भएको निर्वाचनमा प्रमुख/अध्यक्ष पदमा थारु समुदायबाट ३१ जना निर्वाचित भएको देखिन्छ। जनसंख्याको अनुपातमा ५० जना हुनु पर्ने भएकोले १९ जना थारु समुदायबाट हुने प्रतिनिधित्व कम भएको देखिन्छ। उपप्रमुख/उपाध्यक्ष पदमा ५२ जना थारु समुदायका पदाधिकारीहरु निर्वाचित भएको देखिन्छ। जनसंख्याको अनुपातमा ५० जना हुनु पर्नेमा २ जना पदाधिकारीहरु बढी देखिन्छन। यसै गरि वडाध्यक्ष पदमा थारु समुदायबाट ३५० जना जनप्रतिनिधिहरु चुनिएको देखिन्छन । जनसंख्याको अनुपातमा ४४५ जना हुनु पर्ने भएको हुदा ९५ जना जनप्रतिनिधीहरु कम भएको देखिन्छन । राज्य संचालन गर्नकोलागी नीति निर्माण गरिने सबै महत्वपूर्ण पदहरुमा नेपालको संबिधान २०७२ अनुसार थारु समुदायको समानुपातिक समाबेशिताको सिद्धान्त अनुसार प्रतिनिधित्व भएको देखिदैन ।

**राज्य संचालनको लागी निजामति सेवाको संयन्त्रमा थारु समुदायको उपस्थितीः**

| सि.नं | सार्वजनिक सेवा | जम्मा कर्मचारी | थारू समुदायको उपस्थिति | हुनुपर्ने सिट (६.६%) | गुमाएको सिट |
|---|---|---|---|---|---|
| १ | न्याय सेवा | ४५९ | ३(०.६५%) | ३० | २७ |
| २ | निजामति सेवा | ८९३६७ | ३६९(०.४१%) | ५८९८ | ५५२९ |
| ३ | शिक्षा सेवा | १८७६८४ | २९०२(१.५५%) | १२३८७ | ९४८५ |
| ४ | नेपाल प्रहरी | ७९५३७ | ४२८१(५.३८%) | ५२४९ | ९६० |
| ५ | नेपाल सेना | ८७९७२ | ४८१९(५.८७%) | ५८०६ | ९८७ |
| ६ | राष्ट्रिय अनुसन्धान बिभाग | १५०० | ८८(५.८७%) | ९९ | ११ |
| ७ | नेपाल सस्त्र प्रहरी | ३७३१६ | २४१५(६.४७%) | २४६३ | ४८ |

माथीको तालिका अनुसार देख्न सकिन्छ कि न्याय सेवामा न्याय सम्पादन गर्ने न्यायधिसहरुको जम्मा ४५९ दरबन्दीमा थारु समुदायको प्रतिनिधित्व जम्मा ३ जना ( ०.६५%) रहेकोछ। यसरी समानुपातिक समाबेशीको सिद्धान्त (६.६%) अनुसार थारु समुदायबाट ३० जना न्यायमूर्तीहरु हुन पर्ने देखिन्छ । तसर्थ थारु समुदायले २७ जना न्यायमूर्तीहरु गुमाएको देखिन्छ । त्यसै गरि राज्य संचालनकोलागी स्थायी सरकारको रुपमा रहने महत्वपूर्ण संयन्त्रको रुपमा मानिएको निजामति सेवा नै हो । यो सेवामा जम्मा दरबन्दी ८९३६७ जनाको रहेकोछ । यसमा थारु समुदायको प्रतिनिधित्व ३६९ जना (०.४१%) रहेको छ । यसरी समानुपातिक समाबेशिको सिद्धान्त (६.६%)अनुसार थारु समुदायबाट ५,८९८ (पाँच हजार आठ सय अन्ठान्बे) जना राष्ट्रसेवाकहरु हुनुपर्ने दखिन्छ । तसर्थ थारु समुदायले ५,५२९ (पाँच हजार पाँच सय उन्नतीस) जना राष्ट्रसेवकहरु गुमाएको देखिन्छ। यो तथ्य र तथ्याङ्कले देखाउछ कि राज्यले न्याय सम्पादन गर्ने क्षेत्र तथा सार्वजनिका सेवाहरुमा थारु समुदायको उपस्थिती १ प्रतिशत भन्दा कम रहेकोछ। थारु समुदायलाई नेपालको संबिधान २०७२ अनुसार समानुपातिक समाबेशिताको सिद्धान्तले सहभागीताको लागी गरेको सुनिश्चितता अनुसार राज्यको हरेक निकायमा प्रतिनिधित्व हुन धेरै समय लाग्नेछ या सम्भावना नै हुदैन ।

**प्रस्तावित निजामति सेवा विधेयकमा विभिन्न समूहवीच आरक्षणको तुलनात्मक अध्ययन:**

| समूह | महिला | आरक्षित समूह (महिला र पुरुष) | जम्मा | औषत प्रतिशत | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४को प्रतिनिधित्व प्रतिशत | बिधयकको औषत प्रतिशत र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन प्रतिनिधत्व बीच अन्तर |
|---|---|---|---|---|---|---|
| दलित | १३% | १६% | २९% | १४.५% | १३.८% | +०.७% |
| आदिवासी जनजाती | २६% | ३३% | ५९% | २९% | २८.७% | +०.८% |
| खस आर्य | २८% | १०% | ३८% | १९% | ३१.२% | |
| मधेसी | १६% | २०% | ३६% | १८% | १५.३% | +२.७% |
| थारू | ५% | ७% | १२% | ६% | ६.६% | -०.६% |
| मुस्लिम | ४% | ५% | ९% | ४.५% | ४.४% | +०.१% |
| पिछडिएको क्षेत्र | ४% | ५% | ९% | ४.५% | | |
| अपांगता भएको व्यक्ति | ४% | ४% | ८% | ४% | | |
| | १००% | १००% | | | | |

माथीको तालिकाले नेपालको संबिधान २०७२ को धारा ४२ ले राज्य द्वारा पछाडी पारिएका समुहहरुलाई समानुपातिक समाबेशिताको सिद्धान्त अनुसार राज्यको हरेक निकायहरुमा सहभागीताको लागी गरेको सुनिश्चितताको आधार मा तत-तत समुहहरुको उपस्थितीकोलागी जनसंख्याको आधारलाई नै लिएको देखिन्छ । समाबेशिताकोलागी सुनिश्चित गरिएका समुह तथा तिनको प्रतिशतलाई हेर्दा थारु समुदायलाई प्रस्तावित गरिएको ६% आरक्षण, जनसंख्याको अनुपात ६.६% भएको हुदा -०.६ प्रतिशत कम देखिन्छ । यो त्रुटिलाई संशोधन गर्नकालागी थारु आयोगले सम्माननीय राष्ट्रपति ज्यूलाई बुझाउने नियमित बार्षिक प्रतिबेदनमा उल्लेख गरि बुझएको छ। सम्माननीय सभामुख, लोक सेवा आयोग, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेतलाई जानकारी गराईएको छ ।

**६. थारु समुदायको समाबेशीताको लागी हुनु पर्ने पहलहरु:**

१. राज्यको संयन्त्रमा समाबेशीकरणको नीतिगत तथा कानुनी ब्यवस्था र सोको इमन्दार कार्यान्वयनको आवश्यकता छ ।

२. शिक्षा बिना समाबेशीता पुरा हुनै सक्दैन त्यसकारण थारु समुदायकोलागी शिक्षाको हरेक तहमा जनसंख्याको आधारमा क्षात्रबृति सहितको अध्ययनकोलागी बिशेष ब्यवस्था गर्ने ।

३. थारु समुदायको पुरुषको हकमा ४० बर्ष उमेर सम्म उम्मेदवारीको बिशेप ब्यवस्था कायम गर्ने ।

४. समाबेशिताको मर्म अनुसार राज्यको मूलधारमा आउन नसकेका समुहलाई प्रशासनिक तहमा अनिवार्य समाबेस गर्नुपर्ने भएकोले सो पदमा तोकिएको समुहबाट पदपूर्ति हुन नसकेमा उक्त पदमा पुनः हुने विज्ञापनमा सोहि समूहबाट क्रमशः पदपूर्ति हुने व्यवस्था गर्ने ।

५. प्रस्तावित निजामती सेवा बिधेयकमा थारु समुदायको जनसंख्या तथा प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को समानुपातिक प्रतिनिधित्वको आरक्षण प्रतिशत अनुसार न्यून भएकोले थारु महिला समूहबाट ६% र थारु आरक्षित समूहबाट ८% आरक्षण कायम  हुनुपर्ने ।

६. समबेशिकरणको उद्देश्य अनुसार राज्यको मूलधारमा आउन नसकेका समुहलाई प्रशासनिक नेतृत्व तह सम्म तो

किएको समूहको समाबेशिता सुनिस्चित गर्नुपर्ने भएकोले एक पटक मात्र सुबिधा लिन पाउने व्यवस्था हटाउनुपर्ने ।
७. राज्यको मूलधारमा आई न सकेका समूहलाई पदपूर्तिकालागि संख्या निर्धारण गर्दा सबै भन्दा कम आरक्षण प्रतिशत समूहबाट क्रमश निर्धारण गर्ने ।
८. नेपालको संबिधान २०७२ ले थारु समुदाय सहित समानुपातिक समाबेशिताकालागी सुनिश्चत गरेका क्लसटरहरु समाबेश गरि संघिय निजामति सेवा ऐन चार बर्प देखि संशोधनको प्रकृयामा रहेकोले सो ऐन पास गराई लागु हुन पहल हुनु पर्ने देखिन्छ ।
९. नेपालका सात प्रदेशहरु मध्ये मधेश प्रदेशले मात्र नेपालको संबिधान २०७२ ले समानुपातिक समाबेशिका लागी सुनिश्चत गरेका क्लसटरहरु अनुसार मधेश प्रदेश निजामति सेवा ऐन प्रदेश सभाबाट पारित भई लागु भई सकेकोछ । यस्तै बाँकी रहेका अन्य ६ वटा प्रदेशहरुमा पनि संबिधानले सुनिश्चतता गरेका क्लसटरहरु सहित ऐन बनाई लागु हुनकालागी पहल हुनु पर्ने देखिन्छ । प्रतावित संघिय निजामति सेवा बिधेयक अनुसार रिक्त पदपुर्ति तथा बढुवा गर्दा तपसिल अनुसार हुन मनासिब देखिन्छ ।

| सि नं | श्रेणी | खुला प्रतियोगिताद्धारा हुने पदपुर्तिका लागी प्रतिशत निर्धारण | | अन्तर तह प्रतियोगिताबाट | बढुवा द्धारा | |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावित | हुनु पर्ने | | प्रस्तावित | हुनुपर्ने |
| १ | राजपत्र अनांकित प्रथम | ५०% | ६०% | - | ५०% | ४०% |
| २ | राजपत्रांकित तृतीय | ८०% | ८०% | - | २०% | २०% |
| ३ | राजपत्रांकित द्धितीय | १०% | ४०% | २०% | ७०% | ४०% |
| ४ | राजपत्रांकित प्रथम | १०% | ४५% | १०% | ८०% | ४५% |
| ५ | बिशिष्ट श्रेणी | - | - | १०% | ९०% | |

माथीको तालिका अनुसार खुला प्रतियोगिता द्धारा रिक्त पदहरु पूर्ति तथा बढुवा गर्दा प्रस्तावित गरेको प्रतिशतले कर्मचारी वर्गमा दुरगामी नराम्रो असर पर्ने देखिन्छ । यसलाई सुधार गर्न राजपत्र अनंकित प्रथम श्रेणीको पदपूर्ति गर्दा ६०% पदहरु खुला प्रतियोगिता द्धारा र ४०% बढुवा द्धारा पदपूर्ति गर्न उपयुक्त देखिन्छ । राजपत्रांकित तृतीय श्रेणीका पदहरुको लागी प्रस्तावित गरेको प्रतिशत खुला प्रतियोगिता र बढुवाकोलागी मनासिब नै देखिन्छ । राजपत्रांकित द्धितीय श्रेणीकोलागी खुला प्रतियोगिता द्धारा पदहरुको पूर्ति गर्दा ४०% र बढुवा द्धारा पदहरु पूर्ति गर्दा ४०% र अन्तर तह प्रतियोगिताबाट प्रस्तावित गरिएको २०% बाट पदहरु पूर्तिहुन मनासिब नै देखिन्छ । राजपत्रांकित प्रथम श्रेणीको पदहरु पूर्ति गर्दा खुला प्रतियोगिता द्धारा ४५% र बढुवा द्धारा पदहरु पूर्ति गर्दा ४५% तथा अन्तर तह प्रतियोगिताबाट प्रस्तावित गरिएको १०% बाट पदहरु पूर्ति हुन उपयुक्त नै देखिन्छ ।
अन्तमा, बिशिष्ट श्रेणीका पदहरु पूर्ति गर्नकालागी अन्तर तह प्रतियोगिताबाट १०% र बढुवा द्धारा गरिने पदहरु पूर्ति गर्नकालागी गरिएको प्रस्ताव ९०% उपयुक्त नै देखिन्छ ।

**सम्पर्क:**
फोन नं : ९८५७०१२७३३, ९८५१३१७२८०
Email: uschaudhary112@gmail.com

= समाप्त =

# आदिवासी जनजातिका अधिकार, आई.एल.ओ.१६९, प्रथा जनित कानून र थारु समुदाय



अधिबक्ता शान्ती मोदी
सदस्य
थारु आयोग

**अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनका सन्दर्भमा आदिवासीसी जनजातिका अधिकार :-**

नागरिकका राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकार हुन्छन् । ती अधिकारहरू संविधान तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूद्वारा प्रत्याभूत गरिएका छन् । हरेक नागरिक ती अधिकारहरूको उपभोग गर्न स्वतन्त्र रुपमा पाउनु पर्छ। मानव अधिकार महासन्धिले कानुनको प्रयोगमा अभिवेदको सिद्धान्तको अनुसरण गर्दै सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणका हकदार छन् भनेको छ। यस सम्बन्धमा हुने कुनै पनि भेदभावलाई कानुनले निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ। नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ ले समेत समानता, भेदभाव र आत्मनिर्णको अधिकारलाई जनताहरूको महत्वपूर्ण अधिकारको रूपमा मान्यता दिइएको छ।

**आदिवासी जनजातिको अन्तर्राष्ट्रिय परिभाषा : -**

आदिवासी समूदायहरूलाई ऐतिहासिक उत्पतिको थलो, भाषा, सँस्कृति जस्ता निश्चित विशेषताहरूका आधारमा परिभाषित गर्ने प्रयास भएको पाईन्छ। कोबो परिभाषा (Cobo Definition) ले आदिवासी समुदाय जनताहरू र राष्ट्रहरूलाई ऐतिहासिक निरन्तरता बोकेर आक्रमण वा औपनिवेशिक अवधि अगाडि नै उनीहरूलाको भू-भागमा अविच्छिन्न रूपमा रहँदै आएका आफूलाई समाजका अरु समूहहरू भन्दा छुट्टैरूपमा चिनाउने जनताहरूको समूहलाई आदिवासीका रूपमा उल्लेख गरिएका साथै भावी पुस्तालाई पुर्ख्यौली थलो र जातीय पहिचान आफ्नै साँस्कतिक प्रारूप, सामाजिक संस्थाहरू र कानुनी पद्धती अनुरूप हस्तान्तरण गर्न प्रतिबद्ध जनताहरूको समूहका रूपमा चित्रण गरिएको छ।

**आदिवासी जनजाति को राष्ट्रिय परिभाषा :-**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा आदिवासी जनजाति भाषा, रीतिरिवाज, सँस्कृतिक पहिचान, ऐतिहासिक निरन्तरता जस्ता विशेषताहरूका आधारमा परिभाषित गर्ने प्रयास भएको देखिन्छ। जस अनुसार "आदिवासी/जनजाति" भन्नाले आफनो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचि बमोजिमको जाति वा समुदाय सम्झनु पर्दछ।

**आई.एल.ओ. महासन्धि र ऐतिहासक विकासक्रम**

सन् १९७० मा आदिवासी नेताहरूले राज्यद्वारा अतिक्रमण गरिएको भूमिका सम्बन्धमा साझा सवाल उठाए। सन् १९८१ मा UN Commission on Human Rights Sub– Commission on Prevention of Discrimination and Protection of Minorities ले आदिवासी जनताहरूको सम्बन्धमा अध्ययन सम्पन गर्नुका साथै सन् १९८२ मा आदिवासी जनसंख्या सम्बन्धी कार्यसमूह गठन भई आदिवासी जनसंख्याहरूको मानवधिकार सम्बन्धी

विकासक्रमको पुनरावलोकन गर्ने र अदिवासी अधिकारहरूका सम्बन्धमा मापदन्डहरू विकास गर्नु दुईओटा कार्य देश पाएको थियो । अगष्ट ९, १९९३ सँयुक्त राष्ट्रसङ्घले १९९२-२००२ लाई आदिवासी जनताहरूको वर्षका रूपमा घोषणा गरी पुनः दोस्रो दशकमा विस्तार गर्‍यो। सन् २००२ मा आर्थिक तथा सामाजिक परिषद् अर्न्तर्गत आर्थिक तथा सामाजिक विकास, सँस्कृति, वातावरण, शिक्षा, स्वास्थ्य तथा मानव अधिकारमा सल्लाह दिनका लागि सयुक्त राष्ट्रसङ्घीय स्थायी मञ्चका रूपमा पहिलो सल्लाहकार अङ्गका रूपमा गठ्न भयो। सेप्टेम्वर १३,२००७ मा आएर मात्र आदिवासी जनजाति सम्बन्धी घोषणापत्र सँयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा पारित हुन पुग्यो ।

**आई.एल.ओ. महासन्धि १६९ को स्वरूप**

आई.एल.ओ. १६९ महासन्धि खास गरेर सँस्कृति, जीविका परम्परा र आदिवासी जनजातिहरूका प्रथाजन्य कानुनलाई सम्मान गरीनु पर्ने जस्ता विषयहरूलाई प्रमुख सिद्धान्तका रूपमा उल्लेख गरेको छ। यसका साथै आदिवासी जनताहरूलाईको पहिचान, सामाजिक संरचना र परम्पराहरू कायम राख्दै राज्यहरूका समाजिक अङ्गका रूपमा रहन दिईनु पर्ने उल्लेख गरिएको पाईन्छ । महासन्धि नं. १६९ मा एउटै पनि नयाँ वा विशेष वा सीमित अधिकार छैन । यो महासन्धिले सम्पूर्ण मानवहरूका लागि प्रत्याभूत मानव अधिकारहरूको रुपमा पुनःप्रतिज्ञा समेत गरेको पाईन्छ ।

आई.एल.ओ. १६९ लाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ ।
सामान्य नीति (धारा १-१२)
सारभूत सवालहरू (धारा १३-३२)
भूमि (धारा १३-१९)
रोजगारी र कामका शर्तहरू (धारा २०)
व्यवसायिक तालीम, हस्तकला र ग्रामीण उद्योगहरू (धारा २१-२३)
सामाजिक सुरक्षा र स्वास्थ्य (धारा २४-२५)
शिक्षा र सञ्चारका साधनहरू (धारा २६-३१)
सर्म्पक र सीमापार सहयोग (धारा३२)
प्रशासन (धारा ३३)
कार्यविधि सम्बन्धी प्रावधानहरू (धारा ३४-४४)
माथि उल्लेखित विशेषताहरूमध्ये आत्म-निर्णयको अधिकार, परामर्श र भूमि अधिकारहरू, प्राकृतिक श्रोत र साधनहरू जस्ता विषयहरू प्रमुख रूपमा रहेका छन् ।

**आई.एल.ओ. महासन्धि १६९ को प्रमुख विशेषताहरूः-**

**आदिवासी जनजाति को आत्म-निर्णयको अधिकार**

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को धारा १, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिको धारा १, तथा आदिवासी जनजाति सम्बन्धी सँयुक्त राष्ट्रसङ्घीय घोषणापत्र(UNDRIP) को धारा ३,४ र ४६ मा आत्म-निर्णयको अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ । आत्म-निर्णयको अधिकार सम्बन्धी सवाल एउटा प्रमुख बहसको विषयका रूपमा रहेको छ । आई.एल.ओ. महासन्धि अर्न्तर्गत सामाजिक र आर्थिक अधिकारहरू मात्र आई.एल.ओ. का क्षेत्राधिकार अर्न्तर्गत पर्दछ । यद्यपि आई.एल.ओ. १६९ ले आत्मनिर्णयको अधिकारहरू अन्तर्गत कुनै सीमानाहरूको उल्लेख नगरी भविष्यमा आउने अन्तर्राष्ट्रिय दस्तावेजहरूले स्थापित गर्ने यस्ता अधिकारसँग मिल्ने गरी खुल्लै राखेको छ ।

**आदिवासी जनजाति को परामर्श अधिकार : -**

आई.एल.ओ. १६९ को आधारभूत सिद्धान्तका रूपमा परामर्श पर्दछ। आदिवासी तथ कविला जनताहरूको जीवनमा प्रत्यक्ष असर पर्ने विषयहरूका सम्बन्धमा परामर्शमा जोड दिँदै खासगरी राष्ट्रिय संविधानको

सुधार, नयाँ कृषि ऐनहरू, राष्ट्रिय शिक्षा अथवा स्वास्थ्य कार्यक्रम तथा सेवाहरू तथा आदिवासी तथा कविला जनताहरूलाई प्रत्यक्ष असर पर्ने विषयमा परामर्श लिनु पर्नेमा जोड दिएका छन्। आदिवासीहरूसँग परामर्श र उनीहरूको प्रतिनिधित्व गराएर संयन्त्रहरू बनाउने र सञ्चालन गर्ने, आदिवासीहरूसँग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र प्रकृयाहरू स्थापित गर्ने, मुलुकको अन्य समुदायहरूसँग बराबरी हैसियतमा सबै अधिकार उपभोग सुनिश्चित गर्ने,आदिवासीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरू पूर्णरूपमा उपभोग गर्न प्रवर्धन गर्ने, आदिवासीहरू र मुलुकका अन्य समुदायबीच विद्यमान सामाजिक आर्थिक दूरी अन्त्य गर्ने र आदिवासीहरूका संस्थाहरूलाई प्रवर्धन र सहयोग गर्ने समेतको उल्लेख गरेको छ।

**आदिवासी जनजाति को सहभागिताको अधिकार : -**

सहभागिता आई.एल.ओ. १६९ को प्रमुख सिद्धान्त हो । सहभागितामा निर्णयतहका स्थानीय, राष्ट्रिय र क्षेत्रीय स्तरमा आदिवासी जनजातिहरूलाई निर्णयतहमा सहभागिता सुनिश्चित गरिनु पर्ने उल्लेख छ । आदिवासीहरूसँग परामर्श त्यसबेला सामान्य दायित्वको रूपमा आउँछ जब कानुनी वा प्रशासनिक उपायहरूले उनीहरूलाई प्रत्यक्षरूपमा असर गर्दछ। साथै, बिशेष परिस्थितिमा भूमिगत स्रोतको प्रारम्भिक अन्वेषण वा दोहन गर्नुअघि र पुनर्स्थापना र भूमिबाट बेदखल गर्नुअघि लगायतका कार्यमा परामर्श लिनु पर्ने आवश्यकतामा महासन्धिले विशेष जोड दिएको पाईन्छ ।

यदि परामर्श लिइएको संस्थाले, जुन जनताको प्रतिनिधित्व गरिएको दाबी छ, तिनै जनताहरूले उक्त संस्थालाई आफनो प्रतिनिधि नमानेको खण्डमा परामर्शको बैधानिकता नरहन सक्दछ। "यदि वास्तविकरूपमा असर परेका समुदायहरूको सांचो प्रतिनिधित्व गर्ने आदिवासीहरूको संस्था वा सङ्गठनसँग उपयुक्त परामर्शको प्रकृया विकास नगरे को अवस्थामा गरिएका परामर्शहरू महासन्धिले जे आवश्यक छ भनेको छ, सो पूरा गरेको ठहरिँदैन"। महासन्धिले धारा ६(१)(ग) उल्लेख गरेअनुसार सरकारले "यी जनताहरूको आफ्नो संस्था र प्रयासको पूर्ण विकासका लागि साधन स्थापित गरिदिने र उपयुक्त अवस्थामा उपरोक्त उद्देश्य हासिल गर्नका लागि आवश्यक स्रोत प्रदान गर्ने" दायित्व निवाह गर्नु पर्दछ ।

महासन्धि नं. १६९ को धारा ६-१(ख) अनुसार सरकारले "सम्बन्धित समूहहरूले उनीहरूलाई सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक एवम् अन्य अङ्गहरूको निर्णय लिने सबै तहहरूमा स्वतन्त्रतापूर्वक र कम्तीमा पनि जनसंख्याको अन्य समूहहरूले जत्तिकै सहभागी हुन पाउने माध्यमहरू निर्माण गर्नुपर्दछ"। त्यसैगरी महासन्धिको धारा ६-२ मा उल्लेख भए अनुसार परामर्श गर्दा सम्झौ ता वा मञ्जुरी हासिल गर्नका लागि असल विश्वासका साथ गरिनु पर्दछ । अर्को तर्फ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको निर्देशक निकायले प्रष्ट भनेको छ- आदिवासीहरूले निर्णय निर्माणलाई प्रभाव पार्न सक्ने कुनै सम्भावना नभएको तर उनीहरूको विचार सुन्न भने सकिने गरी भएको सामान्य जानकारी बैठकलाई महासन्धिको प्रावधान अनुसार भएको ठहरिँदैन ।

आदिवासिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र (यूएनड्रिप) ले स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरीको अधिकारको पदाबली परामर्श र सहयोगको उद्देश्य स्थापित गर्न प्रयोग गरेको छ । घोषणापत्रको धारा १९ मा उल्लेख भए अनुसार,"आदिवासीहरूलाई असर गर्नसक्ने कानुनी वा प्रशासनिक उपायहरू अवलम्बन तथा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासीहरूका आफ्नै प्रतिनिधिमूलक संस्थाहरू मार्फ उनीहरूसँग असल नियतले परामर्श र सहयोग गर्नेछन् ।"

**आदिवासी जनजाति र भूमि अधिकार**

आई.एल.ओ. १६९ ले सरकारलाई आदिवासी तथा कविला जनताहरूले परम्परागत रूपमा बस्दै आएका र

उनीह रूको परम्परागतरूपमा प्रयोग गर्दै आएका पूर्ख्यौली भूमिको संरक्षण र स्वामित्व प्रत्याभूत  गर्नु पर्ने उल्लेख छ। आई.एल.ओ. १६९ ले सरकारलाई विशेष उपायहरूद्वारा त्यस्ता भूमिहरूको पहिचान, सम्मान र मान्यता दिईनु पर्ने भनी औंल्याइएको पाइन्छ।

**आदिवासी जनजाति को  प्राकृतिक श्रोतहरू : -**

आई.एल.ओ. १६९ ले आदिवासी जनताहरूको भूमि, प्राकृतिक श्रोतहरूको सवाललाई सामूहिक अधिकार र आत्मनिर्णयको अधिकारलाई जोड दिन्छ। आदिवासीहरूले परम्परागतरूपमा ओगटेका र व्यापक अर्थमा प्रयोग गरेका भूमि तथा प्राकृतिक स्रोतहरूमाथिको अधिकारलाई महासन्धिले मान्यता दिन्छ। सामान्य सिद्धान्तका रूपमा महासन्धि नं. १६९ ले भूमिको सर्न्दभमा आदिवासीहरूको प्राकृतिक स्रोतमाथि अधिकार रहन्छ। जसअर्न्तर्गत स्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षणमा सहभागिताको अधिकार रहन्छ। यसको अपबादकोरूपमा राज्यले खनिज, भूभागभित्रको वा अरू स्रोतहरूउपर स्वामित्व रहने अवस्थामा, महासन्धिले आदिवासीहरूलाई उचित परामर्श, उनीहरूको सहभागिता, लाभ प्राप्त गर्ने तथा उनीहरूको भूभागमा कुनै हानी पुगे त्यसको क्षतिपूर्ति दिने लगायतका थुप्रै सुरक्षात्मक उपायहरूको व्यवस्था गरेको छ।  यसले उनीहरूले ओगटेका क्षेत्रका सम्पूर्ण वातावरणलाई समेट्दै भूभागको अवधारणालाई महत्व दिन्छ। भूमि अधिकारको मान्यता परम्परागत पेशासँग आधारित रहन्छ, त्यसको अर्थ त्यस भूमिमा आदिवासीहरू वर्षौंदेखि बसोबास गरी आएका हुन्छन् र यसलाई उनीहरू आफ्ना भावी सन्ततिहरूलाई पुस्तान्तरण गर्न चाहन्छन्। राज्यले आदिवासीहरूको भूमिमाथिको अधिकार सम्बन्धमा मान्यता दिने, पहिचान गर्ने, दावीलाई सम्बोधन गर्ने संयन्त्र स्थापना, र बाहिरबाट आउनेहरूले गर्नसक्ने जग्गा अतिक्रमणमा  सुरक्षात्मक उपाय स्थापना गर्नुपर्दछ।

महासन्धिमा आदिवासीहरूको भूमिबाट हुने विस्थापन रोक्न श्रृङ्खलाबद्ध सुरक्षात्मक व्यवस्थाहरू गरिएका छन्। यसले आदिवासीहरूलाई उनीहरूको भूमिबाट विस्थापन नगरिने आधारभूत सिद्धान्त स्थापित गरिएको छ। यदि विस्थापनलाई छल्न नसकिने अवस्था भएमा, यो अपवादको उपायको रूपमामात्र गरिनुपर्दछ। अपवादका रूपमा उपाय अपनाउंदा आदिवासीहरूको स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जूरी कायम गर्नुपर्दछ। यदि मञ्जूरी लिन सकिएन भने पुर्नवासका निम्ति उचित पक्रियाहरू अपनाउनु पर्दछ। आई.एल.ओ. १६९ ले परम्परागत ज्ञान पद्धतिहरूले आदिवासी तथा कविला जनताहरूलाई प्राकृतिक श्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षणलाई सक्षम बनाएको छ।

यसैगरी आई.एल.ओ. १६९ ले परम्परागत शिक्षा पद्धतिलाई महत्व दिँदै यस महासन्धिले पक्ष राष्ट्रलाई आदिवासी तथा कविलाहरूको संरक्षण तथा सर्वद्धन गर्न र तिनीहरूका बालबालिकहरूलाई तिनीहरूकै भाषामा पढ्नका लागि कार्य गर्नका लागि जोड दिएको छ। महासन्धि कार्यान्वयन गर्दा शिक्षा क्षेत्रमा अवलंम्बन गर्नुपर्ने केही सिद्धान्तहरू छनः सम्भावना रहेसम्म आदिवासीहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्नुपर्ने, शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कनमा आदिवासीहरूको सहभागिता रहनुपर्ने, शिक्षाको प्रगतिशील अपनत्व रहनुपर्ने, शिक्षाको कार्यक्रमहरूमा आदिवासीहरूको इतिहास, ज्ञान वा प्रविधिहरू समावेश तथा सम्मान गर्नुपर्ने, र सरकारले आदिवासीहरूको शिक्षालाई प्रवर्धन  गर्न पर्याप्त स्रोत उपलब्ध गराउनुपर्ने जोड दिएको छ।

महासन्धिको धारा ७ (३) ले विषेश गरी योजनाका क्रियाकलापहरूले आदिवासीहरूको सामाजिक, आध्यात्मिक, सांस्कृतिक र वातावरणमा पार्ने प्रभावको विषयमा आदिवासीहरूको सहकार्यमा अध्ययन गर्नुपर्ने कुरालाई विषेश जोड दिन्छ र त्यस्ता अध्ययनहरूका निष्कर्षरू लागु गर्ने आधारभूत आधार (गर्नैपर्ने कुराहरू) को रूपमा लिइन्छ। त्यसको अतिरित, प्रभाव मूल्याङ्कन र  परामर्श प्राकृतिक स्रोतहरूको दोहन गर्दामात्र होइन, स्रोतहरू खोजी गर्दाको चरणमा पनि गर्नुपर्दछ। यसमा, सञ्चालकहरूलाई  योजनाको शुरुवात, अनुमति वा लाइसेन्स दिनु अगावै आदि वासीहरूलाई अनिवार्य सूचना दिने, परामर्श गर्ने र सहभागिता कायम गर्ने कुरा पर्दछ।

**आदिवासी जनजातिको प्रथा जनित कानुनको अधिकार :-**

**कानूनको अवधारणा :-**

प्रथा जनित कानुनको चर्चा गर्नु पुर्व कानूनको निर्माण तथा कानुनको अवधारणा बारे चर्चा गर्नु जरुरी छ , कानुनको निर्माण तथा विकास कसरी भयो ? कानुनका स्रोतहरु के के हुन् ? यी कुराहरु वुझ्न जरुरी छ ,प्राचिन समयमा राज्य निर्माण पुर्व सा-साना समुहको झुण्डहरु हुन्थ्यो, मौखिक रुपमा नियम सिमा निर्धारण गर्ने सा-साना झैँ झगडा समुह झुण्डलाई परिचालन गर्न सहज बनाउथ्यो समय र नियमित विकासक्रममा समाज हुदै देश निर्माण भयो, साथै लिखित कानूनहरुको पनि विकास हुदै गयो र कानून सविधान वन्न पुगियो ।

**कानूनका श्रोत** :-

संसारका कानून प्रणालीका आ-आफ्नो नै श्रोत छन् , कानून के वाट वन्यो ? कस्ले वनायो ? कानूनका श्रोतहरु के के हुन् ? भन्ने विज्ञवाट अवस्य हुने नै भयो तर हिन्दु मान्ने राज्यहरुमा वढी महाभारत भागवत गीता, रामायण, मनुस्मिर्ती, चाणक्य नीती वाट पनि प्रभावित नभएको होईन भने मुस्लीम प्रभावित देशहरुमा कुरान तथा क्रिस्चियन देशहरुमा वाईवलको समेत प्रभावित भई कानूनहरु वनेको पाईन्छ, दर्शन कानूनी सिद्धान्त विधिशास्त्रीय दर्शनका आधारमा कानूनका श्रोतहरु फरक-फरक रहेका छन्, समाजशास्त्रीय समुदायले समाजका रितिरिवाज प्रथा चलन पनि कानुनको मुख्य श्रोतका रुपमा पनि मानिएको छ ।

कानूनका धेरै श्रोत मध्ये केहि वुदाहरु

(१) विधाययन संविधान ऐन नियमहरु

(२) अन्तरास्ट्रिय सन्धि सम्झौता

(३) कानूनका मान्यता सिदान्तहरु

(४) नजिर

(५) दार्शनिकहरुको दृष्टिकोण

(६) प्रथा प्ररम्परा

**प्रथा जनित कानूनको विकास : -**

आधुनिक समाज र देशको निर्माण पूर्व समुह तथा समाज संचालन गर्न समाज द्वारा आफै स्वस्फुर्त मौखिक तथा लिखितरूपमा बनाएका न्याय प्रणाली नियम सिमारेखा परम्पराहरुलाई क्रमश देश निर्माणका क्रममा तिपरम्पराहरलाई नियमित प्रथाका रूपमा कानून ऐन नियम संबिधान बनाउदा कानुनको स्रोतका रूपमा मनिएका पाईन्छ जस्तै नेपालमा किराँत काल, लिच्छवी काल, मल्लकाल राणाकालिन तथा शाहवंशीय कालबाट प्रभावित भई बनाएका कानूनहरू नजिर संबिधान समेतको विकास प्रथा जन्य कानूनकै एक अंश मानिन्छ । यसै गरि प्रथा जन्य कानूनलाई अन्तराष्ट्रिय श्रम संगठन महासन्धि (ILO) ले समेत अंगिकार गरि आदिवासी जनजाती अधिकारका रूपमा २००७ मा नेपाल सरकार द्वारा अनुमोदन गरि अन्तराष्ट्रिय संगठन महा सन्धी (ILO) नं. १६९ आदिवासी जनजातिका प्रथाजनित कानूनी अधिकारलाई सुनिश्चित गर्ने अधिकार प्राप्त मध्ये एक अधिकार हो ।

आई एल ओ १६९ ले आदिवासी समुदायहरुको प्रथाजन्य कानून जसमा तिनीहरुको आफ्नै न्याय प्रणालीको प्रयोग र आफ्नै परम्परा नियमहरु कायम राख्नका लागि जोड गरिएको छ र केहि देशहरुमा यसका अधिकारहरुलाई मान्यता दिई कार्यान्यन समेत गरिएको पाईन्छ जस्तै फिलिपिन्स पनि एउटा उदाहरण हो र यस महासन्धीले पक्ष रास्ट्र सरकारलाई समेत आदिवासी जनजाती समुदायहरुको प्रथा जनित कानून र आधुनिक समाज र देशको निर्माण पूर्व समुह तथा समाज संचालन गर्न समाज द्वारा आफै स्वस्फुर्त मौखिक तथा लिखित रूपमा बनाएका न्याय प्रणाली नियम, सिमारेखा परम्पराहरुलाई क्रमश देश निर्माणका क्रममा ति परम्पराहरूलाई नियमित प्रथाका रूपमा कानून ऐन नियम संबिधान बनाउदा कानुनको स्रोतका रूपमा मनिएका पाईन्छ जस्तै नेपालमा किराँत काल, लिच्छवी काल, मल्लकाल राणा कालिन तथा शाह वंशीय कालबाट प्रभावित भई बनाएका कानूनहरू नजिर संबिधान समेतको

विकास प्रथा जन्य कानूनकै एक अंश मानिन्छ ।
यसै गरि प्रथा जन्य कानूनलाई अन्तराष्ट्रिय श्रम संगठन महा सन्धि (ILO) ले समेत अंगिकार गरि आदिवासी जनजाती अधिकारका रूपमा २००७ मा नेपाल सरकार द्वारा अनुमोदन गरि अन्तराष्ट्रिय संगठन महा सन्धी (ILO) नं. १६९ आदिवासी जनजातिका प्रथाजनित कानूनी अधिकारलाई सुनिश्चित गर्ने अधिकार प्राप्त मध्ये एक अधिकार हो ।

**आदिवासी थारु समुदाय र प्रथा जनित कानुन : -**

राज्य अर्थात् देश निर्माण पुर्व थारु समुदायहरुको वस्तीहरु थिए , ति वस्ती तथा समाज संचालन गर्न आफ्नै प्रकारका नियमहरु वनाएर समाज संचालन गर्दथे, टोल टोलमा समाजका विभिन्न नामकरण दिएर मैखिक नियमहरु समाजका विधि विधानहरु मर्दापर्दा, भोजभतेर तथा पैनीकुलो, थान पुजाहरु संचालन गर्न वनाएका नियमहरु द्वारा टोलहरु संचालन गर्दथे, र अहिले पनि थारु समुदायमा जीवन्त देख्न पाईन्छ ।

पछिल्लो आधुनिक नेपालको निर्माणका क्रममा पंचायती व्यवस्था , प्रजातन्त्र व्यवस्था साथै गणतन्त्र व्यवस्थामा गाउँ विकास, गाउँपालिका, नगरपालिका सगै सुरक्षाका नाममा ठाउँ ठाउँमा प्रहरी चौकी, जिल्ला प्रशासन, अदालत समेत वाट प्रभावित थारू समुदायको प्रथा जनित न्याय प्रणालीहरु लोप हुँदै गएको अवस्था छ , हाल विश्व भरि आदिवासी जनजातिका अधिकारहरूको आवाज उठी रहदा संयुक्त राष्ट्रिय संघद्वारा ल्याएको महासन्धिमा नेपाल समेत पक्ष राष्ट्र भई अनुमोदन गर्दा आदिवासी थारु समुदायले प्रथाजनित कानूनलाई पुन अधिकारका रूपमा स्थापित गर्नका लागि २०७२ को संबिधानमा समेत मौलिक अधिकारका रूपमा अधिकार प्रदान गरिएको छ ।

यसै गरी थारू आयोग द्वारा थारू समुदायको अध्ययन अनुगमनको क्रममा थारू समुदाय संग छलफल अनुगमनमा थारू आयोग सदस्य मा. सुबोध सिंह थारू, मा. डा. उमाशंकर चौधरी मा. शान्ती मोदी समेत कैलाली, कंचनपुर, बर्दियाको बाट बर्दिया न.पा. तथा कैलालीको टिकापुर र कन्चनपुरको बेलौरी गाउँपालिका समेत अध्ययन अनुगमन गर्दा त्यहाँ वरघर तथा भलमन्सा ऐन न.पा. र गाउँपालिका स्तरमा ऐन नै पारित गरेको पाइयो ।यसै गरि मा. शान्ती मोदी द्वारा मोरंग, सुनसरी जिल्लामा यसै को सम्बन्धमा अध्ययन अनुगमनको सिलसिलामा बुझ्दा यहाका थारूहरू अझपनि गरामति तथा गहदारिका रूपमा समाजमा मर्दा पर्दा तथा भोज भतेर समेतमा समाजिक परम्परा अनुसार सा-साना झैझगडा पानि कुलो थान (थारू समुदायको सम्पदा) हरू लाई समेटेर गरामति र गहदारी द्वारा छलफल मिलान तथा भेला गरी मिलाउने व्यवस्था अझ पनि जीवन्त रहेको पाईएको छ ।

यसरी नै थारू समुदायको परापुर्व कालदेखि जुनबेला राज्य र देशको निर्माण समेत नभएको अवस्थामा समूहगत रूपमा विभिन्न सामाजिक नामकरण गरी समुह समुहमा बिभाजन भई मान्यजन, गरामती, वरघर, भलमन्सा, गहदारी तथा देवान जस्ता मौखिक संस्थागत रूपमा थारू समुदायले न्याय प्रणाली द्वारा थारू समुदायको हक हित तथा सामाजिक अधिकारलाई थारू समाजका मुखिया, गहदार वरघर द्वारा संचालन गरि न्याय प्रदान गरि न्थियो । अत अन्तराष्ट्रिय श्रम संगठन (ILO) आदिवासी जनजाती अधिकार महा सन्धी १६९ ले समेत आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गरेको र नेपाल समेत पक्ष राष्ट्रिय नाताले २०७२ को संबिधानमा मौखिक हकको रूपमा प्रदान गरिएको ले अव थारु समुदायहरुले पनि जागरुकत्तका साथ मेची देखी महाकाली सम्म २४ जिल्ला अवस्थित २० लाख थारु समुदायमा प्रथा जनित कानूनलाई एनको रुप मान्यता नेपाल सरकारका साथै स्थानीय सरकारद्वारा पारित गराउन पहल गर्ने पनि देखिन्छ ।

लेखको श्रोत
International Labour Organization (ILO) convention N0 169 (1989)

# रुपन्देहीको थारु संस्कृति भाषा र कला



थारु जनकवि बमबहादुर थारु
रुपन्देही

**खण्ड - १ प्रस्तावना :**

**थारु को हुन् र के हुन् बारे छोटो चिनारी :**

थारु जातिका मानिसहरु नेपाल तराईको पूर्व मेची नदी देखि पश्चिम महाकाली नदी सम्म समतल, खोँच, बेँसी, भावर, दून, तथा विभिन्न उपत्यका लगायत करीब २५ जिल्लामा बसोबास गर्दछन्। नेपाल सरकारको पछिल्लो २०७८ को जनगणना अनुसार थारुको सङ्ख्या १७ लाख ३७ हजार ४ सय ७० देखाइएको छ। जुन कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० को ६.५७ प्रतिशत हुन आउँछ। नेपालको अनकंटार जंगलमा अज्ञात कालदेखि विषालु सर्प, हिंश्रक जीवजन्तु तथा प्राकृतिक अनेकौँ विपत्तिका साथै हैजा, मलेरिया, बिफर, जस्ता महामारी रोगहरुको सामना गर्दै यो तराई भूमिलाई उर्वर बनाउनमै आफूलाई समर्पित गर्दै आइरहेका छन् ।

**थारु जातिबारे विद्वानहरुको भनाई :**

थारु जातिको उत्पत्ति र नामाकरणको संबन्धमा विद्वानपिच्छे मतमतान्तर अर्थात फरक-फरक धारण वा किंवदन्तीहरु सुनिन्छन् । यस संबन्धमा कसैले संस्कृतका 'स्थाणु' वा 'स्थास्नु' शब्दबाट, कसैले बुद्ध धर्मको एक शखा 'स्थेरवाद' शब्दबाट, कलैले 'स्थुर' शब्दबाट, कसैले थारुहरु 'थारो' (तला नपरेको) घरमा बस्ने हुनाले, कसैले तराईका आदिवासी भएकाले 'तराई' शब्दबाट, कसैले रैथाने अर्थमा 'ठालु' शब्दबाट थारु जातिको उत्पत्ति भएको भन्छन् भने धेरैले भारतको सिंध वा राजस्थान बीचको 'थार' मरुभूमिबाट भारतवर्ष हुँदै नेपाल आएको हुनाले थारु भएको मान्दछन् । यसमध्ये शेखरसिंह गौतम र जयगोपाल चौधरीले मुगल आक्रमणको समय भारतबाट भागेर नेपाल आएका हुन् भनी लेखेका छन् । तर शरदचन्द्र शर्मा, केशवराज रेग्मी, बाबुराम आचार्य आदि स्वदेशी विद्वानहरुले थारु जातिको आगमन थार मरुभूमिबाट भएको कुरा स्वीकार्दैनन्। डा. मजुम्दारले थारुहरुको शारीरिक नाप एन्थ्रोपोमेटिक र रगतको अध्ययनको आधारमा क्रुक र नेस्फिल्डको द्राविणियन र भारतीय प्रदेशका जाति भन्ने तर्कलाई काटेर थारुलाई मंगोल भनी स्वीकारेका छन्। बाबुराम आचार्यको विचारमा यिनीहरु मंगोल हुन् यिनीहरुको मूलघर हिमालय नै हो भनी लेखेका छन्, तर छैठौँ सताब्दीको अन्त्यमा मात्र हिमालयको घाटी खुलेको र त्योभन्दा अगाडि देखि नै थारुहरुको बसोबास नेपालमा रहेको कुरा संवत् ६५० तिरको शिवदेव प्रथमको पाटन स्थित चापागाउँ अभिलेखमा 'स्थरुद्रङ्ग' उल्लेख भएबाट पुष्टि हुनआएकोले बाबुराम आचार्यको उक्त भनाई खण्डित हुन्छ ।

विलियम क्रक्स सन् १९७० ई.मा History या Northorn गए । मा वर्णन गरेअनुसार थारु जाति गंगा-जमुनादेखि लिएर हिमालको काखसम्म आफ्नो राज्य गरेका थिए । उहाँको शब्दमा भनिएकोछ–"थारु जाति सभ्यताको अग्रदूत हो (Tharu are pioneers of Society.)" । त्यस्तै इतिहासकार पार्टिजरले Historical tradition of India मा वर्णन गरअनुसार "भगवान गौतम बुद्धको परिवारमा वा जातमा कोही बाँकी छ भने त्यो थारु जाति हो।" त्यस्तै महापण्डित राहुल सांसकृत्यायनले पनि "भगवान गौतम बुद्ध थारु जातिका थिए " लेख्नुभएको छ।

यसैगरी थारु जातिको संबन्धमा डा.जगदीशचन्द्र माथुरले थारुहरु राजपूत, डा.व्रजकिशोर वर्माले हुण, बाबुराम आचार्यले पुरानो किराँती, प्रो.इमानसिंह चेमजोंग र श्री प्रेम बहादुर लिम्बुले कोचवंशी किराँत, रिशाल, टेकनाथ गौतमले असुर, नौजी आदिले मंगोल जाति, तेजनारायण पंजियार थारु, जयगोपाल चौधरी, लक्ष्मीनारायण

चौधरी आदिले राजपूत क्षेत्री, सुवसेन मगर मगर जाति, टेकनाथ गौतमले असुर जात, रमानन्द प्रसाद सिंह थारु, जनकलाल शर्मा, महेश चौधरी आदिले फ्यूरर र पार्टिजरले जस्तै थारुलाई बुद्धका परिवार अर्थात शाक्यवंशी क्षेत्री माने का छन् । ब्रिटिस नागरिक हडसन र विलियम क्रुक्सको वैज्ञानिक अनुसन्धानले थारु जातिलाई मलेरियाबाट उन्मुक्त (Immune) सावित गरेको आधारमा–बुद्धको जन्मभन्दा अगावै पनि थारु जाति रहेको र शंकराचार्यले हिन्दुस्थानबाट बौद्धधर्मलाई लखेट्दा र मुसलमानको आक्रमण हुँदा बुद्धधर्मावलम्बीहरु काठमाण्डौ उपत्यकामा आएर बसे अनि शाक्य कहलाइए र थारुहरु बाँकीलाई हिन्दुकरण गरिएको हुनाले थारुहरुले हिन्दुहरुको जस्तै होम-जाप गर्दैनन्, मात्र उपवास र व्रतमा विश्वास गर्छन् । थारुहरुको प्रकृतिजन्य मौलिक लोकसंस्कृतिमा परेको हिन्दुधर्मको प्रभाव यिनीहरुको लोक साहित्यमा समेत मुखरित भएको पाइन्छ । तथापि थारु लोक साहित्यको मूल आधार प्रकृति र आफ्नै खालको मौलिक लोकव्यवहार र परंपरा रहेको कुरामा शंका गर्ने ठाउँ देखिँदैन ।

**रुपन्देहीमा पाइने थारुका थरहरु :**
(१).दङोरिया (२).कठरिया (३).पुर्विया (४).पछिउँहा (५).खङडा (६).रौतार (७).ढकहेर (८).खौसिया (खवास) (९).बाँतर (१०).कवँरजोगी (११).थरकुम्हार (१२).मर्चहा (१३).सिंह (१४).नवलपुरिया (१५).ठढजोगी (१६).डँडहा (१७).मृदहा ।
**केही जातीय टाइटल :** (१).चौधरी (२). माहुर (३).ददुवा (४).लक्की (५).सरगम आदि ।

**खण्ड - २ संस्कृति :**
नेपाली बृहद् शब्दकोश अनुसार "संस्कृति कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनैतिक अर्थव्यवस्था आदिमा प्रतिविम्वित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदि प्रकट हुने संपूर्ण क्रियाकलापको परिष्कृत रुप हो" । अर्को शब्दमा कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन, आदि विभिन्न विषय वा मूल्यमान्यताको समष्टिगत नाम संस्कृति हो ।

**थारु संस्कृतिको वर्तमान अवस्था :–** थारु लोकसंस्कृति नै थारु संस्कृति हो । लोकसाहित्य, लोककला, लोकसंस्कार को समष्ठिगत रुप लोकसंस्कृति हो भनेर बुझिनु पर्दछ ।

**अतिथि सत्कार :**
अतिथि सत्कार थारु जातिको पहिचान वा निशानी नै हो । अतिथिलाई परापूर्वकालदेखि नै विशेष प्रकारले आवभगत गर्ने पुर्खौली आनीबानीले गर्दा अहिले सम्म पनि यस मानेमा थारु समुदाय कहलिएका सर्वविदित नै छ । सोझो, सरल, इमान्दार, लप्पन-छप्पन नजान्ने, श्रमलाई प्रधान ठान्ने स्वाभावको कारणले यो जाति र यिनीसंग पुरातन संस्कृतिको खानी समेत रहेको हुँदा विदेशी पर्यटक समेतले संपर्कमा आउन लालायित देखिन्छन् ।

**केही मुख्य-मुख्य नाता संबन्ध :**
बाबाका बाबा र आमा = बुहु ओ बुही । अमाका बाबा र आमा = नाना ओ नानी । बाबा र आमा = बाबा ओ दाइ । काका र काकी = काका ओ काकी । बाबाका दाई र भाउजु = बडका बाबा ओ बडकी दाइ । आमाका भिनाजु र दिदी = बाडा ओ बाडी । आमाका बैनीज्वाइँ र बैनी = मौसा ओ मौसी । दाजु र भाउजु = दादा ओ भौजी । भाइ र भाइबुहारी = भयवा ओ छोटकी । जेठाजु र जेठानी = जेठवा ओ जेठिनिया । देवर र देउरानी = देवरा ओ देवरिनिया । नन्द र नन्दज्वाइँ = नन्दिया ओ नन्दोइया । श्रीमानको दिदी र भिनाजु = दिदी ओ भाटु । बैनी र बैनीज्वाइँ = बहिन ओ बहनोइया । महिलाको हकमा– बहिनिया ओ बहज्वाइँ । दिदी र भिनाजु = दिदी ओ भाटु । आदि ।

**खण्ड - ५ संस्कार :**
थारु जातिको जन्म, मुण्डन, विवाह र मृत्यु पश्चात हुने काजक्रिया अन्य समुदायकोभन्दा केही भिन्न प्रकारको देखिन्छ । तेज नारायण पञ्जियार र रमानन्द सिंह थारु अनुसार – थारुहरु पहिले बौद्ध धर्मावलम्बी थिए । कालान्तर

मा बौद्धहरुलाई हिन्दुकरण गर्नलाग्दा केही जो व्यक्तिहरु भागेर काठमाण्डौ उपत्यकामा गए र पछि शाक्य भए तर यहीँ बस्न बाध्य भएका अन्य थारहरु हिन्दुकरण गरिए । त्यसकारण थारुहरु हिन्दु भएपनि होम जाप नगरी अधिकांश बौद्ध संस्कारलाई मान्दै आइरहेका छन् । जुन अति संक्षिप्तरूपमा प्रस्तुत छन् ।

(क).जन्म : बच्चा जन्मिदा निम्न क्रियाकलापहरु गरिन्छन् ।

(क) सौरी सजाई (ख) धुर्रा बन्हाइ (ग) लैका भत्ताई (घ) सोरहिनियक नेवता (ङ) सौरी सैँताई (च) छठ्ठी वा घटवा टिकना (छ) बरही (ज) मुन्डन

**(ख). भोज विवाह :**

केही दशक अघीसम्म थारु समुदायमा विवाह होइन भोज हुन्थ्यो । भोजमा पण्डिको कुनै आवश्यक थिएन । आफ्नै रीति परंपरा अनुसार च्याटचुट विवाह सकिन्थ्यो गरिबगुरुवाको लागि पनि सहज थियो । तर कालान्तरमा पण्डितको निर्देशनमा हिन्दु परंपरा अनुसार हुनथालेपछि थारुको विवाहमा ठूलो खर्चको मार परेको देखिन्छ । विवाहको पूरा विवरण संभव नभएको हुँदा संक्षिप्त केही वुँदाहरु मात्र प्रस्तुत छन ।

चुल्हा-बोरसी पथाइ । नेवता बँटाइ । मेदी पटाई । मडवान । भत्तवान । सगरा खनाइ । बरात । लगन लिखाइ । बरात पैँठाइ । कलशा देखाइ । वियाह सेनुरदान । राक्ष घुमाइ । कोहबर । नेगजोग । बरात विदा । गुरवाको भूमिका । बधाय । मौर छोडाइ । अवनगवन । चौथिहार तथा नेवता । सुवरिहा भनसहरके नेवता । दुवरलड्ही बैसाखी नेनहर । माघी नेनहर ।

**(ग) मरनी (मृत्यु संस्कार) :**

केही दशक अघीसम्म थारु जातिले मृतशवलाई जलाउने होइन जमीनमुनि गाड्ने चलन थियो । लासलाई सेतो कोरा कपडाले ढाकेर उत्तानो खटियामाथि राखी छातीमाथि दीयो बाली मसानघाटतर्फ लग्थे । लासलाई सकेसम्म आफूले रोपेको आँपको बुटामुनि गाडिन्थ्यो तर अहिले त्यो अवस्था छैन अरु समुदायको देखासिकी गर्दै लासलाई नदीको बगरमा दाह संस्कार भइरहेको अवस्था छ । पहिले बाऱ्ह तेऱ्ह दिन भित्रै काजक्रिया गरी सिध्याउने प्रचलन पनि थिएन । वर्षौँ पछि गरे पनि हुन्थ्यो । तर अहिले तत्कालै गर्ने गर्दछन् ।

**(घ) देवी देवता र गुरवा प्रथा :**

परापूर्वकाल देखि थारु जातिमा गुरवा प्रथा कायम छ । थारु गाउँको पूर्वपट्टि देवी देवताका स्थान देख्न सकिन्छ । जसलाई डिउहार भन्ने गरिन्छ । जसमा विभिन्न नाम गरेका देउताको स्थापना गरिएको हुन्छ । उदाहरणकालागि बरम, समय, मुडहाबाबा, कोट, सातो सायरी, गुन्नी आदि ।

थारु देवी देवतलाई पुजापाठ गर्ने, मन्छाउने आदि काम गुरुवाले नै गर्दछन । कुनै शुभ कार्य, शुभ अनुष्ठान गुरुवा बिना सम्पन्न हुँदैन ।

**खण्ड - ६ थारुहरुको चाडपर्व :**

प्रमुख चाडपर्वहरुको छोटो चर्चा प्रस्तुत छ ।

**गुडिया (नागपञ्चमी) :**

यो पर्व साउन महीनाको नागपञ्चमीकै दिन पर्दछ । फागु पर्व समाप्ति पछिको यो पहिलो चाड भएको नाताले यसलाई सबभन्दा जेठी चाडपर्वको रूपमा लिने गरिन्छ । यसमा कन्या केटीहरुले कपडाका स-साना गुडिया बनाई फूल र बत्ती सहितको स-साना डोलीमा सजाई साँझपख नदी वा पोखरीमा सामूहिक रूपमा नाच-बाजा-गाजा सहित गई सेलाउने केटाहरुद्वारा लठ्ठीले पिट्ने अनि चनामटरको घुघुरी परिकार प्रसाद खाई घर फर्किने प्रचलन छ ।

**अष्टिमकी (श्रीकृष्णजन्माष्टमी) :**

यो पर्व भदौ महीनामा श्रीकृष्ण जन्माष्टमीकै दिन पर्दछ । यसदिन व्रतालु नरनारीहरु फलाहार गर्दछन् र श्रीकष्ण सम्बन्धी भक्तिभजन गर्दछन् । र डेहरीको चाक्लो पाटो अथवा भित्ताको सफा भुइँमा विचित्र-विचित्रका रङ्ग-ढङ्गका

कृष्णलीला सम्बन्धी कलाकृति कोर्ने गर्दछन् । यसै कलाकृलिाई नै अष्टिमकी भनिने गरिन्छ ।

**बडका अत्तवार (अटवारी) :**

यो पर्व भदौं कुशे औंसीको अठदिन पछिको आइतबारको दिन मनाइने गरिन्छ । सुरु-सुरुमा सूर्यदेवताको व्रतबाट सुरु भई कालान्तरमा यो पर्वले चाडको रूप लिएको जस्तो देखिन्छ । यसमा व्रतालुहरु दिनभरी उपवास बसी करीब अपरान्ह ४/५ बजे तिर घिउमा पकाएको रोटी र चिनीको भोग लगाउँछन् । पश्चिम तर्फ चेलीबेटीलाई निस्राउ खर्च वा अटवारी सामग्री पुऱ्याउने प्रचलन पनि छ ।

**दसैं (विजयादशमी) :**

पितृऔंसीको दशदिनपछि पर्ने भएकोले थारुहरुले यसलाई दसैं भनेका हुन् । यसमा हिन्दु धर्मग्रन्थमा वर्णित महिषासुर र दुर्गा अनि रामचन्द्रद्वारा लङ्का राजा रावणमाथि विजय आदि-इत्यादि जस्ता कुनै कुराको कतैपनि सन्दर्भ नरहेको यो दसैं निकै पृथक ढंगले मनाएको देखिन्छ । वास्तवमा भन्ने हो भने थारुको दसैं नौ दिनमै सकिन्छ । (क) जेंवराही (ख) झोलझराइ (ग) घरलिपाइ .घ) मछरमराइ (ङ) ढिकराही (च) बलचढाइ (छ) डिउहार पूजा (ज) पित्तर सेरुवैना ओ भैंडवापरके दारु :– नवमीको अपरान्ह करीब पाँच बजेतिर घर-घरबाट पाका उमेरका महिलाहरु देउताका सबै पूजा सामग्रीहरु र काटिएको भैंडाको टुक्रा ढक्कीमा राखी साथै केही रक्सी चटनी पनि साथै लिई बाजागाजा सहित जलासय तर्फ सेलाउन वा विसर्जन गर्नको लागि जान्छन् । झुमडाको नाच खरो रूपमा देखाइन्छ, जसको सट्टामा भैंडवा परके दारु प्रसाद खान पाइन्छ । सामग्री पानीमा बगाइन्छ । नुहाइधुवाइ गरी फर्किन्छ । नवमीमै दसैं सकिन्छ ।

**अमौसा (तिहार) :**

यो पर्व कार्तिक महिनाको अमावश्या तिथिमा पर्ने हुँदा यसको नामै अमौसा राखिएको हो । पहिलोदिन बिहानै देखि लक्ष्मीको स्वागतको लागि भनी साँझपख झिलीमिली बत्ती बाल्ने काम हुन्छ । घरायसी औजारहरु वा महत्वपूर्ण चीजबीज सामु दीयो बालिन्छ जसबाट लक्ष्मी खुशी भई बास गर्लिन भन्ने जनविश्वास रहेको छ, तन्त्रमंत्र वा गुनविद्यावालाले पनि यस रात पुनः अभ्यास दोहोऱ्याउने गर्छन् । देस्रोदिन बिहानै गोरुलाई मीठो खाना र रङले फूलबुट्टा छेप्ने काम हुन्छ । साँझ पुनः बत्ती बाल्ने काम हुन्छ । दीवाली भरी झुमडा नाच र ढिकरी मासुको व्यवस्था हुन्छ । स्मरण रहोस् थारु जातिमा भाईटिकाको पहिले कुनै प्रावधान थिएन तर अहिले नयाँ पुस्ताले अरुको देखासिकी गर्दै टिका लगाउन थालेकाछन् ।

**चौथीचन्ना** :

भाद्र शुक्लपक्षको चौथी तिथिको चन्द्रमालाई चौथीचन्ना भनिन्छ । यसदिन साँझपख देखिने चन्द्रमाको दर्शन भएमा वर्षैभरीको लागि अनिष्ट मानिने हुँदा कसैले पनि यसलाई हेर्न हुँदैन । कथंकदाचित देखिइन गएको खण्डमा मासका गेडा भुम्रोमा भुटेर खान दिइन्छ र खानेसँग सोधिन्छ– 'के खाएको ?' अनि उसले भन्नुपर्छ– 'चौथी चन्नाको हाड-खोड' अनि लागेको दोष काटिन्छ भन्ने जनविश्वास छ ।

**अकादसी (एकादशी) :**

यो मंसिर महीनामा पर्दछ । यसमा पनि फलाहार व्रत बस्ने नियम हो तर थारु समुदायमा व्रतालुहरुको संख्या दिनानुदिन ओरालो लाग्दै गएको अवस्था छ । व्रत बसेपनि नबसेपनि यसदिन थारुहरुको घर-घरमा फलाहार सिंगाडा, पेडालु, सखरखण्ड, तरुल, खन्ती भेली आदिको व्यवस्था अनिवार्य हुन्छ ।

**रखौनी (रक्षाबन्धन) :**

यस दिन ब्राह्मण आएर रक्षाबन्धनको डोरा बाँध्छन् र तिनीलाई सिदा दिनुपर्छ यसबाट वर्षदिनलाई कल्याण हुनेछ भन्ने कुरामा मात्र यो पर्व सकिन्छ । वास्तवमा भन्ने हो भने यसदिन कुनै चहलपहल वा खानपिनको विशेष

व्यवस्था हुँदैन । तर अहिले नयाँ पुस्तामा नयाँ नौटंकीको लहर चलेको देखिन्छ । बजारभरी रक्षाबन्धनका राखी धागा देखेपछि दिदी बहिनीहरुमा ठूलो कौतुहलता चलेको देखिन्छ । माइत पनि जान पाइने दाजु भाइसंग पनि सौहार्द्रता गाँस्न पाइने अवसरको रूपमा विकसित भएको देखिन्छ । यो थारुको मौलिक चाड नभएर नौलो संस्कार भित्रिएको मात्र हो ।

**माघ खिचडी लावा बरस (माघे सङ्क्रान्ति) :**

पश्चिम तराईमा माघ पर्वले प्रचलित रुपन्देहीमा यसलाई खिचडी भन्ने चलन छ । व्यवहारिक रूपमा परंपरा देखि मान्दै आए पनि देशमा बहुदलीय व्यवस्था आए पछि मात्र थारु समाजले औपचारिक रूपमै लावावर्ष अर्थात नयाँवर्षको रूपमा चाडको साथसाथै विविध कार्यक्रम राखी मनाउने गरेको पाइन्छ । खिचडी (बेसार हालेको पहेँलो भात) का साथै थारु जातिमा सुँगुर वा हाँस कुखुरा का साथै माछाको समेत परिकार बनाइने चलन छ । ढिक्री पनि पाक्छ । झुमडाको नाच र अन्य प्रतियोगितात्मक कार्यक्रम पनि आजभोली देख्नमा आउँछ । पहिला यसलाई आर्थिक वर्षको रूपमा मान्थे भने आजभोली नयाँवर्षको रूपमा समेत मान्ने गर्दछन् ।

**फगुवा (फगुवा होली) :**

यो थारु जातिको सबभन्दा अन्तिम चाडपर्व हो । रङ्ग र अबीर छेपाछेप गर्दा सामान्य हातपात र हाँसोठट्टा सम्मका प्रयोग हुने हुँदा यसलाई फोहोरी चाड पनि भन्ने प्रचलन छ । उखान– 'कुलसे लहुरी, कुलसे फुहरी' सबै भन्दा फुच्ची, सबैभन्दा लुच्ची । अर्को उखान छ– 'जुन दिन नाग, उही दिन फाग' जे बार नागपञ्चमी पर्छ, त्यसवर्षको फागु पनि उसै बारमा पर्छ र थारु जातिको पर्व पनि नाग पहिलो चाड र फाग अन्तिम चाड हुन्छ ।

**खण्ड - ३ भाषा :**

नगेन्द्र मणी प्रधानको शब्दकोश अनुसार भाषा भन्नाले बोलचाल गरिने साहित्ययुक्त प्रचलित बोली हो । यसरी हामी बुझ्न सक्छौं कि भाषाको शाब्दिक अर्थ आफ्ना मनमा लागेका कुरा वा विचारहरुलाई अरुलाई बुझाउन वा सञ्चार गर्न प्रयोग गरिने बोली, इसारा वा यस्तै कुनै रूप भन्ने बुझाउँछ ।

**थारु भाषा भनेको के हो ?** :

थारु समुदायमा परापूर्वकालदेखि बोलिने भाषा वा थारुहरुको मातृभाषा (:यतजभच तयलनगभ ) नै थारु भाषा हो ।

**रुपन्देहीको थारु भाषा-साहित्य :**

**(क) लोकसाहित्य :**

थारु लोकसाहित्य भन्नाले थारु जातिले युगौंदेखि एक पुस्ताबाट अर्को पुस्तासम्म मौखिक रूपमा लोकगीत, लोकगाथा, लोककथा, लोकहकुत, लोकतुक्का, लोकबुझौलिया आदिका माध्यमले लोकव्यवहार हस्तान्तरण हुँदै आइरहेको लौकिक साहित्य वा परम्परालाई बुझाउँछ । यहाँ रुपन्देहीको बुटवल र आसपासका ठाउँलाई नै अध्ययनको थलो मानी थारु लोकसाहित्य प्रस्तुत गर्ने प्रयास गरिएको छ–

स्वरूप :

थारु लोकसाहित्यमा निहित प्रवृत्ति एवं विशेषताका आधारमा यसलाई निम्न वर्गमा विभाजन गर्न सकिन्छ–

**(१).लोकगीत : –**

वर्ष-दिनभित्र गाइने आधारमा लोकगीतको छोटो वर्ग-विभाजन :–

बुझ्न र छोटो अर्थमा प्रस्तुत गर्न सजिलोका लागि वर्ष-दिनलाई अर्थात १२ महिनालाई मुख्य आधार बनाई वर्गीकरण गर्न सकिन्छ–

१. वैशाख– वियाहगीत, बिरहनीगीत, झमटा, तितला ।

२. जेठ– बिरहनी (सजना), खेलनी, झिझिया, झमटा, तितला ।
३. असाढ– बिरहनी (सजना), खेलनी, झिझिया, झमटा, बेठौनी, गोरुबेढाइ ।
४. सावन- खेतवाही, धर्तिक जलमौती, बिरहनी, खेलनी, बैठौनी, कजरी, बलहागीत, गुडियागीत, बरहमासा, र मझुमडी, खेतझुमडी, उदासी, किर्तन ।
५. भदौ– खेतवाही, धर्तिक जलमौती, कजरी, निरौनी, बलहागीत, बरहमासा, भादा, झुमडा, पटेवा, रमायण, सोरठी, अष्टिमकी, पटिदारी, कंशलीला, जागरन ।
६. असोज– झुमडा, बरहमासा, उदासी, पटेवा, रामलीला, कृष्णलीला, राधना, पचरा, सखियाझुमर, झिझिया, झमटा, महाभारत ।
७. कार्तिक– झुमडा, देबीगीत, महाभारत, रामलीला, बरहमासा, भोरहरी, बिहग्रा । ८. मंसिर– धनकटनीगीत, लवाङीपूजागीत ।
९. पुस– पराती, फुलवार, गोबिना गीत । १०. माघ– मघौटागीत, मैनागीत, लगनी, झुमडा । ११. फगुन– फगुवा, कबीर, बियाहगीत, झुमडा । १२. चैत– चैती, चैता, चैतीकुसुम, तितला, निर्गुन आदि ।

**(२). लोकगाथा :–** छोटकरीमा भन्नुपर्दा कुनै कथालाई लोकगीतको माध्यमले सुनाउनु नै लोकगाथा हो । थारु समुदायमा यस्ता गाथाको भण्डार नै छ । साँझ खाना खाई अगेनाको बरीपरी बस्दा फुर्सदको बेलामा वा समूहमा बसी-बसी काम गर्दा यस्ता रोचक कथाकुथुंग्री भन्ने चलन हुन्छ । जस्तै– घोडी बकुलनी, हित्तुकुवँर, चारुयार, सत्तलसेन रजवा, सोरठीवृजाभार, धर्तिक जलमौती, फुलवार आदि ।

**(३) लोकनाच :**– विभिन्न अवसरमा प्राप्त सुखान्त अनुभूतिले आनन्दातिरेक भई आफ्नो आन्तरिक उत्साहलाई सहज र स्वाभाविक रूपमा प्रकट गर्न गीत गाउँदै नाच्नथाल्दछन् । पुरुषका साथै महिलाहरु पनि आफ्ना सहेलीहरुसँग मनोरञ्जनात्मक किसिमले आफ्ना हार्दिक अनुभूतिहरुलाई प्रदर्शन गर्दछन् । यिनैलाई लोकनृत्य वा लोकनाच भनिन्छ । उदाहरण–

**(क). धार्मिक लोकनाच :**– यसमा देवी-देवता, अवतारी पुरुषहरु वा लोकनायकहरुको आराधना, स्तुति, अर्चना, अभ्यर्थना, चरित्रगान वा लीलाको नृत्यद्वारा प्रदर्शन गरिन्छ ।
**(ख). सामाजिक लोकनाच :–** यसमा सामान्यतया पारिवारिक सामाजिक वा इहलौकिक जीवनसँग सम्बन्धित कथावस्तुहरु हुन्छन् ।
**(ग).ऐतिहासिक लोकनाच :–** दन्त्यकथामा आधारित नृत्यहरु यस अन्तर्गत पर्दछन् ।
**(घ). विविध लोकनाच :**– यस अर्न्गात ऋतु, मौसम, वा विभिन्न अवसर अनुसार प्रदर्शित हुने नृत्यहरु नै पर्दछन् ।
**(४) लोककथा** :– यसलाई थारु समुदायमा खिसा भनिन्छ । थरुहटमा प्रायः खिसा राती सुन्ने प्रचलन छ । दिउँसो खिसा सुन्दा दोष लाग्छ भन्ने लोकविश्वास पनि रहिआएको छ । खिसा सुरु हुनु पूर्व कथावाचकले एकजना श्रोता सङ्ग हुँकारी भर्ने अर्थात हाँमा हाँ मिलाउने सर्तमा खिसा आरम्भ हुन्छ ।
**उदाहरण :–**
(क). प्रकृति लोकखिसा (ख).पशुपक्षी लोकखिसा (ग).धर्म तथा पौराणिक लोकखिसा (घ).ऐतिहासिक लोकखिसा (ङ).सामाजिक लोकखिसा (च).नीति एवं उपदेशात्मक लोकखिसा (छ).प्रेम लोकखिसा (ज).देवी देवताका लोकखिसा (झ).धामीझाँक्रीका लोकखिसा (ञ).पराक्रम र साहसका लोकखिसा (ट).चमत्कारिक लोकखिसा (ठ).हास्यविनोद लोकखिसा (ड).विविध लोकखिसा

**(५).लोकोक्ति :–** कुराकानीका दौरान आफ्ना भनाईलाई थप कलात्मक, सान्दार्भिक र विश्वस्नीय बनाउन केही विशेष शब्दावलीहरुको प्रयोग गरिन्छ जसलाई लोकोक्ति र थारु भाषामा कहकुत भनिन्छ ।
**(क). कहकुत :–** कहकुतलाई पूर्वमा कहवी, केहवी, कहावत, र पशिचममा कहकुट भन्ने गरिन्छ । नेपालीमा भने

उखान र अंग्रेजीमा प्रोभर्व भनिन्छ।

**केही उदाहरण –**

- कानी घोडी लंकक चढाइ। = कानो घोडी लङ्काको धावा।
- झाँट उखरले मुर्दा हल्लुक। = काछीको रौं उखेल्दा लास हलुङ्गो।
- मार-मार बुढिया बेटवा बिया। = लौ न लौ बुढीमान्छे छोरो पा।
- रोटी मोट नीक, जनी छोट नीक। = रोटी मोटो निको, स्वास्नी छोटी निको।
- पाव भरके देवी, नौ पावके पुवा। = एक पाउको देवी, नौ पाउको दीयो।

**(ख). तुक्का :–** तुक्कालाई नेपालमिा टुक्का, हिन्दमिा मुहाबरा र अंग्रेजीमा इडियम्स भनिन्छ। लोकोक्तिमा भनिँदा उखान-टुक्का एकैसाथ भन्ने गरिए तापनि उखान र टुक्कामा प्रसस्त अन्तर देखिन्छ।

**उदाहरण–**

- आँख फुटेक (आँखा फुट्नु) = डाहा गर्नु।
- टाङी मारेक (बन्चरो हान्नु) = धोका दिनु।
- तेल लगाएक (तेल घस्नु) = विन्ती खुशामद गर्नु।
- नाक दरेक। (नाक दल्नु) = अथक प्रयास गर्नु।

**(ग) बुझौलिया :–** नेपालीमा यसलाई गाउँखाने कथा भनिन्छ भने हिन्दीमा पहेली र अंग्रेजीमा राइडल भनिन्छ। थारु समुदायमा पनि पूर्वमा फोकडा, फकडा, बुझौवली, पिहानी र पश्चिममा बुझौलिया खिसा भनिन्छ।

**उदाहरण–**

- एक साँप दुई बिल्ला झारे। (का हो ? ) (गोरुक जीभ)। ( गोरुको जिभ्रो )।
- छोटकी-बडकिक छौ बिल्ला। (का हो ?) (हवाइ चप्पल)। ( हवाइ चप्पल)।
- दाइक कान बाबक कनवे नै। का हो ? ( कराही बटुला )। (कराही र कसौंडी )
- सोना मिलल चानिम, गैल भैंस पानिम। का हो ? ( पानेक बिरा )। ( पानको बिडा )।

(ख) रुपन्देहीमा लिखित साहित्यको संक्षिप्त सूचि विवरण :

| क्र.सं. | पुस्तकको नाम | प्रकाशित वर्ष | रचयिताको नाम | निवास स्थान |
|---|---|---|---|---|
| १. | माधोनल इन्द्रासनी नाटक | | मनीराम थारु | खुन्सा बोहिया |
| २. | थारु सुधार (चौपाई सं.) | दोस्रो संस्करण सन् १९९० | सतरङ्गीदास बेचैन प्रकाशक : बासदेव थारु | सोनचिरैया कुटी तिलोत्तमा गनेशपुर |
| ३. | माधोनल इन्द्रासनी नाटक | | रामनारायण थारु | प.अमवा |
| ४. | चौताल डेढताल (गीत सं.) | २०२५ साल | विजय ब. कवँर | भगलापुर |
| ५. | चौताल करेजाफार(गीत सं.) | २०२८ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| ६. | चौताल टाइगर (गीत सं.) | २०४९ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| ७. | चौताल हथगोला (गीत सं.) | २०४९ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| ८. | चौताल रसभरी (गीत सं.) | २०४९ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| ९. | ई जिन्गी (खण्डकाव्य) | २०५५ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| १०. | आँसुका थोपाहरु (वनकाव्यं) | २०५५ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| ११. | हुलुकबान (दोहा सं.) | २०६५ साल | बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| १२. | रुपन्देहीको थारु समाज र संस्कृति (खोजमूलक पुस्तक) | २०६७ साल | थारुजनकवि बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |

| | | | | |
|---|---|---|---|---|
| १३. | समाज सोहानी झुमडा भाग- १ | २०६२ साल | थारुजनकवि बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| १४. | कितबिया निशानी (गीत सं.) | २०६२ साल | थारुजनकवि बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| १५. | चौताल चोटगर (गीत सं.) | २०६२ साल | प्रहलाद थारु | कञ्चन-२ सुगहिया |
| १६. | सुघर चालके (गीत सं.) | २०६२ साल | प्रहलाद थारु | कञ्चन-२ सुगहिया |
| १७. | गुलरिक फूला (गीत सं.) | २०६२ साल | दशरथ प्रसाद थारु | कञ्चन-१ बकुलगाढ |
| १८. | चौतालदौलतके खजाना(गीत सं.) | २०६३ साल | प्रहलाद थारु | कञ्चन-२ सुगहिया |
| १९. | थारु इतिहास | २०५१ साल | महेश्वर प्र.चौधरी | उचुम्ही, भैरहवा |
| २०. | प्रेम समर्पण (पद्य सं.) | २०६७ साल | प्रेमनारायण थारु | अमारी |
| २१. | छन्दकुमारी (पद्य सं.) | २०७३ साल | थारुजनकवि बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| २२. | माधोनल-कामकवण्डला (आधुनिक झुमडा जोडी गीत) | २०७४ साल | थारुजनकवि बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| २३. | समाज सोहानी झुमडा भाग-२ | २०७५ साल | थारुजनकवि बमबहादुर थारु | कञ्चन-१ बकुलगाढ |
| २४. | रामलीला (गीत सं.) | २०७५ साल | प्रहलाद थारु | कञ्चन-२ सुगहिया |
| २५. | फूलक जवाब पत्थरसे देहला (मुक्तक, शायरी) | २०७५ साल | केवल प्रसाद थारु | सैनामैना-४ कुश्महा |
| २६. | काव्य तथा लेख | २०७५ साल | राम बहादुर थारु | सैनामैना-४ पर्रोहा |
| २७. | मेरो मलेसियायात्रा (यात्रा संस्मरण) | २०७७ साल | बिश्वनाथ थारु थारु भाषाका अन्य लेख र चनाहरु | कन्चन - २ मटेरिया |

## केही पत्रपत्रिकाहरु :

| क्र.सं. | पत्रिकाका नाम | प्रकाशित वर्ष | प्र.संपादक | प्रकाशक |
|---|---|---|---|---|
| १. | थारु साहित्य (त्रैमासिक) | २०४२ साल | बमबहादुर थारु | मङ्गल प्र. थारु |
| २. | पहिल परग (अ.वा.) | २०६१ साल | संरक्षक : बमबहादुर थारु प्र.संपादक अशोक थारु | था.क.स. रुपन्देही |
| ३. | थारु आदिवासी जागृति महिला समूहको चिनारी | २०६५ साल | संस्थाको मुखपत्र | थारु आदिवासी जागृति महिला समूह हाटीबनगाई उचुम्ही |
| ४. | हाम्रो संस्कृति हाम्रो पहिचान | २०७० साल | संस्थाको मुखपत्र | थारु आदिवासी जागृति महिला समूह हाटीबनगाई उचुम्ही |

**केही थारु चलचित्रहरु :**

१. हमार बेटवा निर्माता : हिमाली डिजिटल प्रा.लि. फर्साटिकर । २. तोहरिक हम भुला न सकली निर्माता : सावन मर्चहा बैठोलिया ।

३. थारुबगिया निर्माता : थारु बगिया युवा संघ । ४.  बकलोल्स निर्माता : थारु बगिया युवा संघ

५. छोटका हीरो बडका हीरो  (निर्माणाधीन) निर्माता : थारु बगिया युवा संघ

**केही गीति एल्बम :**

१.गोरी टिकोरी निर्माता : थारु संस्कृति संरक्षण समाज ख.बनगाई । २. हम्मनके निशानी निर्माता : थारु संस्कृति संरक्षण समाज ख.बनगाइ । ३. प्यारके मौसम निर्माता : थारु संस्कृति सेवा समाज रुपन्देही । ४.जवनिया तहलका मचादेहल : निर्माता : न्यू शान्ति युवा क्लब सौरहिया । ५.चढती जवानी निर्माता : सोनु कुमार कहाँर सिद्धार्थनगर भैरहवा । ६.कलयुगके परी निर्माता : सीताराम थारु सौरहिया ।

**(ग) विवध :**

**रुपन्देहीको थारु बोलीभाषामा स्थलगत केही भिन्नता :**

समाजमा एउटा उखान छ – “दुई कोसपर पानी, चार कोसपर बानी” सोही अनुसार विश्लेषण गर्दा भाषा एउटै भए ता पनि पश्चिमबाट पूर्वतर्फ लाग्दा अन्य जिल्लामा जस्तै रुपन्देहीमा पनि बोलीमा निम्न अनुसारको स्थलगत विभिन्नता रहेको देखिन्छ उदाहरणको लागि –

**नेपाली शब्द : म जाँदै छु ।**

| ठाउँको नाम | थारु बोलीभाषा |
|---|---|
| कन्चन - भैंसाही | मैं जाइटुँ । |
| सैनामैना - बकसड | हम जाट्टि । |
| गैंडहवा - बगहवा | हम जाइथय |
| सुद्धोधन - फर्साटिकर | हम जातटी |
| सिद्धार्थनगर - बसडिलवा | हम जातबाटी |
| ओमसतिया - जमुहानी | हम जातबडि |

**खण्ड - ४ कला :**

थारु समुदाय तराईको रैथाने आदिवासी भएको कारणले जङ्गलीयुगका अवशेषीय अनन्त मूर्त तथा अमूर्त कलाका लागि रुपन्देही पनि कम धनी छैन । पुराना पुस्ताका नारी पुरुषमा रहेका यी सीप र कला अझ पनि नयाँ पुस्तामा हस्तारन्तरण हुन सके विश्वमै थारु जातिको यसोगाथा एवं समृद्धि समेत बढ्ने निश्चित छ। स्थान अभावका कारण छोटकरीमा निम्नविधामा राख्न सकिन्छ ।

**१). हस्तकला :–** विशेष गरी दैनिक व्यवहारमा प्रयोग हुने कृषि संग सम्बन्धित घरायसी प्रयोजन र शिकार संग सम्बन्धित काठ, बाँस, रेसा वा माटाका अधिकांस सामग्रीहरु थारु जातिले आफ्नै हातले बनाउन ज्यादै सिपालु देखिन्छन् ।

**केही उदाहरण–**

**(क) काठका हस्तकला :**

केही भाँडाकुडा :– जस्तै– अँढिया, डोकनी, डोकवा, डोकिया, चटुवा, दबिला, ओँखरी, पहरुवा, ठेकारी, खैलर, सेइ, डोङवा, डोडिया, हाथा आदि ।

**केही वाद्यवादनका वस्तुहरु :–** जस्तै– धौसा ढोल, ढोलक, ढोलकी, पखौज, मानर, मिरदङ, सराङी, तबला, कस्तार, तमूरा, खँभ्रुडी, ढाक आदि ।

**केही घरायसी प्रयोजनका वस्तुहरु :–** जस्तै– कोल्ह, ढेँकी, केवाँरी, दरवाजा, पल्ला, जङला, कठओदरा, बुटकी, लढिया, पिढका, सतास, हर, हेङा, सुइला, पौवा, खराँव, खटिया, मचिया, घाँटी, ठेकुर, घुरला, बेधौँडी, लाठी, डण्डा, पैना, भट्ठा, भण्डा, परगेहनी, टेँढवा, टेँढिया, अखइन, बौँखा, बेँट, टैरी, टैरा, कोरो, बाती, खुँटा, खम्हा, बल्ला, ओर बाँती, मुन्हा, टेवा, टेउकी, ठेहा, डटहा, तरहा, तरौँची, डिउरठ, जुवा, जोठा, सइल, गतान्ह, कठबेढा, ढोङरा, आदि ।

**(ख).बाँसका हस्तकला** :– जस्तै– कोरो, बत्ता, लाठी, बहिङा, गुडता, पताका, धमिर, टाँडा, भट्ठा, डेलपुतरी, बेना, घुग्घी, बाँसुरी, चपुनी, टिकठी, भुजनाठी, बखारी, डेलिया, खेन्हरा, तेलबाँसा, ढरका, ढोङरी, बेना, सेको, छतरी, मुहजाबा, गेदली, मेडरा, डिग्गिन आदि ।

**(ग).सीँक-खर तथा मूज-खरबाट बनेका हस्तकला :–** जस्तै– डेलिया,बढनी, बेना, बेवाँ, दँतखोदनी, खञ्ह, मौनी, भुजनाठी, खेलौना, भौकी, बेनिया, ढकिया, ढकुली, डेलवा, चपुरी, सुपली, मौनी, नुइँया, पनतोपनी, पैन, बीँरा, डोली, टेँढवा, फुललोढनी, खेन्हरा, बेना, बोथ, झिरखी आदि ।

**(घ).रेशाबाट बनेका केही हस्तकला :–** जस्तै– जाल, जलखरी, उक्छा, पखई, जुइना, अरदवन, झोरा, पगहा, बगला, रसरी, रसरा, फुलरा, सिँकहर, झिङुरी, दौँडी, तोरन, हरझोँकी, गरदनी, बटाय, गेराँव, झलुहा, बलहा, झीँरा, नाथ, डोर, मुहजाबा, खारा, बीँरा, छिरकी, उबहन, घरछौनी, बगनी, हेलुका, ढुइना आदि ।

**(ङ).माटाका केही हस्तकला :**

(अ).काँचो माटोबाट बनेका हस्तकला :–जस्तै– डेहरी, डेहरी, कुठला, कुठली, जबरा, धुनकी, खोभरा, आडा, चुल्हा, थौना, बोरसी, ओन्हण्डा, अँथरा, घेरौना, तखवा, अरवा, आन भरकन, दीया, हाथी, घोडा, गैया, बघेस्वर, चिरई, खेलौना, मेदी परके मनैया, आदि ।

**(आ).पाकेको माटोबाट बनेका केही हस्तकला :–** जस्तै– कुँडवा, हौदी, बान्हा, गोलरा, करवा, करई, कर्लहाहाँडी, हाँडी, हँडकोली, गगरी, खोन्हा, खपरी, भुर्की, टुइँया, कोसिया, परई, दीया, सनहकी, हुँक्का, चिलम, ढेबरी, चुक्की, हाथी, घोडा, बघेसर, खेलौना, ठेकारी, डोकिया, धुतुवा, सुराही, गमला, कलसा, मेटिया, मेटहा, डमरु आदि ।

**(२) खान-पान कला :–** थारु जातिले आआफ्नो घरैमा पकाएको खानेकुरा पनि अन्य समुदायभन्दा केही फरक शैलीको देखिन्छ । तल केही संक्षिप्त उदाहरण प्रस्तुत छन्–

**(क).चामलबाट बन्ने केही खानेकुराहरु नेपाली शब्दार्थ सहित :–**

-भात = भात । -माड = जाउलो । -गोलहत = बाक्लो जाउलो । -भूजा = भुजा । -भाका = बाफमा उसिनेको भातको डल्ला । -भौरी = उब्रेको बासी भातलाई ठूलो रोटी जस्तो बनाएर पातभित्र छोपी भुम्रोभित्र पकाएको । -चेँची = अन्दी चामलको बाफमा पकाएको भात । -जाउर = दूधमा पकाएको खिर । -भतढिकोर = पीठोमा बासी भात मिसाएर उसिनेको ढिकरी, -खोँतर = कसौँडीको पिँधमा डढेको भातको माम्री । -भतभूजा = उब्रेको भात घाममा सुकई भुटेको भुजा । -भतिया = रक्सी पार्नको लागि बाफमा उसिनेको भात, -जाँड = मर्चा भातमा मिसाई गुम्साइएको मताउने गुलियो भात । -धनमदिया दारु = चामल कनिका कुहाएर बनेको रक्सी ।

**(ख).गहुँ, चामलको पीठोबाट बनेका केही खानेकुराहरु नेपाली शब्दार्थ सहित :–**

-रोटी = रोटी । -ढिकरी = बाफमा उसिनेको चामलका साना-साना डल्ला विशेष । -बरिया = गोलो छोटो अन्दी चामलको पठिोको गुलियो पुरी रोटी । -सेल्हो = सेलरोटी । -खाझा = भित्र पत्र-पत्र परेको चिनीको चास्नीमा डुबाएको रोटी ।

**(ग).दालबाट बनेका केही खानेकुराहरु नेपाली शब्दार्थ सहित :–**

-फुलौरी = फुरौला । -पकौडी = पकौडा । -पकसुन = ठूला पातमा लपेटेर भुम्रोभित्र घुसाई पकाइएको तरकारी वा चटनी । -पतुसनी = कर्कलोको पातमा बेसन दलेर बेरी उसिनेर चाना-चाना काटी तेलमा तारेको तिहुन । -गँडदगली = हल्का तेलमा पकौडा सेकाई पकाइएको झोल तिहुन । -पन्डुभकी = तातो पानीमा बेसनको डल्ला-डल्ला हाली पकाइएको झोल तिहुन ।

**(घ).दूधबाट बनेका केही खानेकुराहरु नेपाली शब्दार्थ सहित :–**

-दही = दही । -मही = मोही । -मसका = तर । -घिउ = घिउ । -किचकोर्नी = दही तताइएको हाँडीभित्र जमेको वा डढेको सास्रो भाग वा माम्री । -दुधढिकरी = दूधमा पकाइएको ढिकरी । -इन्डर = गाई भैँसीले बच्चा पाउँदा सुरुमा निस्केको बाक्लो दूधको खुवा, -खेभुरी = कुरौनी । आदि ।

**(ङ).आँपबाट बनेका केही खानेकुराहरु नेपाली शब्दार्थ सहित :–**

-चटनी = चटनी । -अँचार = अचार । -खटाइ = आँपका टुक्रा सुकाई नून र हिङ मिसाई हाँडीमा खाँदी-खाँदी सजाइएको खट्टो । -अमावट = पाकेका आँपका रस निचारी जम्मा गर्दै कुनै चाक्लो भाँडोमा सफा कपडामाथि सुकाइएको बाक्लो रसको पाप्रो ।

**(च).सुकाएर राखिने केही खानेकुराहरु :–**

-चोक्टी :– सागसब्जी, मुला, गोभी आदि ठूलामाछा । -पकली :– ठूलामाछा । -सिधरा :– साना माछा । -पकठा :–ठूला मासु । -सुकठी :– साना मासु । -भुजिया :– उसिनेको धान वा चामल ।

-गब्दौरी :– दालको पीठो र जलुका मिसाई कुटी सुकाइएको मस्यौरा ।

-मेथौरी :– दालको पीठो र कुभिण्डो एउटैमा मुछेर डल्ला-डल्ला पारी सुकाइएको मस्यौरा । -पोपहरा :– चामलको पीठोको पापड जस्तो सुकाएर फुराइएको रोटी ।

**(छ).खाना खाने समय :–**

(क) कलवा = बिहान नौ/दश बजेको खाना । (ख) मिभनी = अपरान्ह तीन बजेतिरको खाना । (ग) बेरी = साँझको खाना ।

खान-पिउने गाँस बुझाउने केही शब्दहरु :– भात – कौरा, प्याज – हबक्का, तरल पदार्थ– घुटुक्का, नीद– भुटुक, आलुको तरकारी आदि – गोट्टी, रोटी – टुक्का, सुर्ती – बीरा, आमाको दूध –चुटुक्का, चून, नुन – चिकुटी, मासु – खुदरी, काँक्रा – फाँकी, भुजा – फाँका, तमाखु – सुरुक्का, मिठाई – टुक्का, नुहाउँदा – टुभुक्का/डुभुक्की, माछा – खँडिया, निबु–सुन्तला – चुघली ।

**(३).वस्त्र तथा गरगहना :**

**(क) महिलाहरुले लगाउने पारंपरिक भेषभूषा र गरगहना :**

**वस्त्र :–** लेहङा, जम्फर, अङिया, गँतिया, ओढनी, अघरान, लुग्गा, चोलिया, चादर ।

**गहना (शिरमा) :–** किलिफ काँटा, फुलरा, चोँटी, मङिया, धरी, सेनुर, टिकुली, टिक्का ।

**गहना (नाकमा) :–** फोँफी, फुलिया, नथिया, नथुनी, नास्ता, खिल ।

**गहना (कानमा) :–** तर्की,भुम्मक, सिकडी, लरी, टप्प, लाहेक तर्की, ऐरन, बिचकानी, कनपासा ।

**गहना (घाँटीमा) :–** सुतिया, माला, मुङ्ङा, रुपियक माला, चौकी माला, असरफीमाला, ठुमरी, हार, सीताहार, चन्द्रहार, सिकडी, गुरिया, पथरैची, मुङियामाला ।

**गहना (हातमा) :–** चुरिया, अगेला, पछेला, छनिया, सलोनी, बढुल्ला, बाजु, बहोट्टा, जोसन, पहुँची, अङ्ठी, टँडिया, तौँक, रुपियक अङ्ठी ।

**गहना (कम्मरमा) :–** कर्धन, लरीदार फुलरा ।

**गहना (खुट्टामा) :–** काडा, छडा, छैकल, पायल, घुघरु, पोरिया, मेहावर ।

**अन्य सिंगार :–** आँखामा गाजल, सुरमा, अजना, ओठमा लाली, शिरमा तेल, अत्तर, सिंदुर, पाउमा मेहावर, हात-खुट्टा-छाती-चिउँडोमा गोदना, हातको हत्केलामा मेहन्दी ।

**(ख).थारु पुरुषले लगाउने पारंपरिक वस्त्र तथा गरगहना :**

**वस्त्र :–** शिरमा – टोपी, फेटा, पगिया आङमा – बँहकट्टी, अधबाँही, भुलिया, कमीच, गँतिया, चादर । काँधमा – अङोछा, कम्मरमा–लँगाटी, भेगई, कछाड, जोडाजामा, धोती, करधुन ।

**गहना :–** कानमा – ढोलना, बिचकानी, कुण्डिल, कनौसी घाँटीमा – सिकडीमाला, असरफीमाला ।

पाखुरामा – टोँडर, ताबीज, अनन्ता । नाडीमा – कङना । औँलामा – औँठी ।

**अन्य :–** पाइतालामा – काठका पौवा, खडाउँ  धान काट्दा – नाडीमा काठका बौँखा लगाउने गरिन्छ बर्सातमा पानी पर्दा– बाँस भोर्लापातबाट बुनेको छतरी र पिठचुपट्टि भोर्लापात सिउरेर बुनेको पिस्तुर लगाउने चलन पनि छ।

**(ग).बच्चाहरुको पोसाक तथा गरगहना :**

**कपडा :–** फेलकुट, गँतिया, चिरकुट, करधुन, लङोटी, भेगई, कट्टु, जामा, टोपी, झुलिया, पुल्टुङ ।

**गहना :–** बाला, कङना, तबीज, चनरमा, लोहेक कोलह, टुली, गुरिया, घुङ्हरु, सुवरके दाँत-मजोरेक सैंकसैंकिया-अगियारीखन्हेक माला ।

**खण्ड - ७ उपसंहार :**

अन्य जिल्लामा जस्तै रुपन्देहीमा पनि थारु संस्कृति भाषा र कलाको अजस्रभण्डार हुँदाहुँदै पनि समयको अन्तरालसङै संरक्षण र संवर्द्धन बिना धरासायी हुँदै राष्ट्रकै आन बान र शानको रूपमा चिनिनुपर्ने अमूल्य सम्पदा लगभग लोप भैसकेको छ। त्यही लोप हुनै आँटेका लोकव्यवहारमा हजारौं वर्षदेखि समुदायको सुखदुःखमा साथ दिँदै आएका केही शब्दावलीका सुन्दरतम थुँगाहरुलाई बल्ल-बल्ल समेटी यहाँ छोटो माला उन्ने प्रयास गरिएको हो। थारु लोक जीजनमा निहित प्रवृत्तिलाई निम्न अनुसार पस्किने काम भएको छ –

खण्ड– १ प्रस्तावना : यसमा थारु को हुन् र के हुन् बारे छोटो चिनारी, थारु जातिबारे विद्वानहरुको भनाई, रुपन्देहीमा पाइने थारुका थरहरु समावेश छन् ।

खण्ड – २ थारु संस्कृतिको परिचय ।

खण्ड - ३ भाषा : यस खण्डमा भाषाको परिभाषा, रुपन्देहीको थारु भाषा-साहित्य, लोकसाहित्य, लोकगीत, लोक गाथा, लोक नाच, लोकोक्ति, रुपन्देहीमा लिखित साहित्यको सूचि विवरण, थारु भाषा-साहित्यका चुनौतीहरु,

खण्ड - ४ कला : यसअन्तर्गत हस्तकला, खानपान, अहिरनपहिरन नाताकुटुम्ब र अतिथि सत्कारको छोटकरी वर्णन गरिएका छन् ।

खण्ड - ५ संस्कार : यसमा जन्म, विवाह भोज, मरनी मृत्यु काजक्रिया र देवीदेवता र  गुरवा प्रथाको छोटो परिचय दिइएको छ ।

खण्ड - ६ थारुहरुको चाडपर्व : यस खण्डमा थारुहरुको विशेष चाडपर्व र तिउहार गुडिया नाग पञ्चमीदेखि फागु होली पूर्णिमा लगायत केही मेलापातको जिकिर समेत गरिएको छ ।

खण्ड - ७ उपसंहार : यस खण्ड यस लेखको समग्र गतिविधिको अति सटीक रूपमा निचोड प्रस्तुत गर्ने प्रयास गरिएको छ। अन्त्यमा थारु संस्कृति भाषा र कला पारखीमित्रहरु एवं सम्बन्धित विद्यार्थीवर्गलाई समेत यो लेख फिडब्याक बनोस् भन्ने उच्च चाहना पनि राखिएको छ ।

**सन्दर्भ सामग्री :**

(१) फनीश्याम थारु – थारु लोकसाहित्य एक अध्ययन (२०७०) प्र.-नेपाल रा.प्र.प्रतिष्ठान कमलादी ।

(२) थारु जनकवि बमबहादुर थारु – रुपन्देहीको थारु समाज र संस्कृति (२०६७) प्र. थारु भाषा कला तथा संसकृति उत्थान मञ्च रुपन्देही ।

(३) डा.गोपाल दहित – थारु संस्कृतिको परिचय (२०७७) प्र.युनिक नेपाल, जोतपुर बर्दिया

(४) सुशील चौधरी – थारु संस्कृति संरक्षण तथा संवर्द्धनका सवालहरु आधार-पत्र (२०६८/११/१९ नेपालगंज) ।

# थारु र थारुको धर्म



नामः भुलाई चौधरी, थारु
ठेगानाः रुपनी गाउँपालिका, वडा नं १,
रायपुर, सप्तरी
ईमेल नंः chaudharybhulai@gmail·com
मोवाइल नं :९८४९०२५३१५

**१। पृष्ठभूमिः** थारु, भारतीय उत्तरीउपमहाद्वीपका तराईक्षेत्रका आदिवासी हुन् अर्थात् यो जाति यस भू-भागका अति प्राचीन जातिहरु मध्येका एक बहुसंख्यक, मिहिनेती, ईमान्दार, सोझा तथा बीर जाति हुन् । थारु जाति अहिलेसम्म यस क्षेत्रमा जीवनका विभिन्न उत्तार-चढाव झेल्दै आएका जाति हुन् । यो जाति यस उपमहाद्वीपमा विभिन्न समयमा राजपाट संचालन गर्दै आउनुको साथ-साथै यहाँ विभिन्न जानलेवा जनाबर तथा भू-पिचासहरुसंग बाँझ्दै पहाड-पहरा, बाझो परती-पराट तथा वन-जंगललाई फडानी गर्दै, यसलाई खेती योग्य जमीनमा परिणत गर्दै यहाँ खेती-पाती गर्दै आफ्नो समाज र देशलाई भरण-पोषण गर्दै आएका जाति हुन् । यो जाति लाई इतिहासकारहरुले सभ्यताका अग्रदुत पनि भन्ने गरेका छन् ।

इतिहासमा उल्लेख भए अनुसार आर्यहरु अर्थात् आगन्तुक जाति समुदाय वा व्यापारिक समुदाय वा हिन्दू समुदाय यहाँ यो क्षेत्रमा आउनुभन्दा धेरै पहिलेदेखि यहाँ आदिवासी जनजातिहरु बस्दै आ-आफ्ना राज्य संचालन गर्दै आएका हुन् । यिनीहरुका आ-आफ्ना राज्य, मातृभाषा, धर्म र संस्कृति थियो । यस भारतीय उपमहाद्वीपमा आर्य, हिन्दू धर्म र हिन्दूको प्रवेश धेरैपछि भएको बुझिन्छ । यस क्षेत्रमा अहिलेका यी विभिन्न सम्प्रदायिक धर्म जस्तै हिन्दू धर्म, इस्लाम धर्म, बौद्ध धर्म, ईसाई धर्म, जैन धर्म, सिख धर्महरु अस्तित्वमा आउँनु अघि यहाँ सबै आदिबासी-जनजाति वा कबिलाहरुको प्रकृति प्रदत धर्म थियो । यसलाई हामी प्रकृति धर्म वा मानव धर्म वा अंग्रेजीमा उबनबल धर्म भनिन्छ । पृथ्वी धर्म रहित थिएन । प्रकृति आफैमा एउटा ठूलो गुरु हो । यो हरेक शिक्षार्थीका स्थायी परम गुरु पनि हुन् । यो प्रकृतिरुपी गुरु सबै गुरुका गुरु हुन् । हाम्रा पूर्वजहरु अघिदेखि नै यस गुरुबाट धर्मको कुरो सिक्दै आफ्नो देश र समाजमा धार्मिक व्यवहारहरु प्रतिपादन गर्दै समाजलाई मानव हितमा संचालन गर्दै आएका छन् जसलाई हामी प्रकृति धर्म भनेर बुझ्दछौ । प्रकृति धर्मको मौलिकता भनेको सुरक्षा, हित, भलाई, उपयोगिता वा आम्दानीलाई आधार मानेर बनेको धर्म हो । यसबाट कस्लाई मान गर्ने, कस्लाई तिरस्कार गर्ने स्वतः बुझिन्छ । यसैलाई आधार मानेर यस धर्म अन्तर्गत सूर्यलाई, पूज्ने, चन्द्रमालाई पूज्ने, नदी-नाला, बन-जंगल, रुख-विरुवा, ढुंगा-पत्थर, हल-हतियार, खेतबारी र कामयाबी जन्तु-जनाबरलाई पूज्ने, आफुभन्दा ठूलोलाई मान गर्ने र सानालाई माया गर्ने जस्ता व्यवहारहरु चलन गरेका थिए जसले गर्दा मानिसको दैनिक जीवकोपार्जन र मान-मार्यादा सजिलैसंग सम्पन्न हुने गरेको थियो ।

धेरैपछि आएर यो कुरो “प्रकृति धर्म” लिखितरुपमा पहिलो पटक अमेरिकी धार्मिक अध्ययन विद्वान कैथरीन अल्बनीसले सन (१९९१) मा प्रयोगमा ल्याए भने वी. वियरले (१९९८) मा यो प्रकृति धर्म प्राकृतिक घटनाहरु र प्राकृतिक वस्तुहरुको प्रत्यक्ष अनुभवको माध्यमले देवी-देउता र अलौकिक शक्तिका कुराहरु अगाडि बढाए ।

## २। थारु को हुन् ?

थारुजाति नेपालको मंगोल मूलको मूलवासिन्दा हुन् । थारु जाति नेपालको तराईका जातिहरु मध्ये सबैभन्दा पुराना जाति हुन् । थारु आदिमकालदेखि नेपालमा बस्दै आएको जाति हो । जे.सी.नेस्फील्ड (१८८३) ले डिस्क्रिपशन अफ द म्यानर्स इण्डस्ट्रोज रिलिजन अफ द थारुज एण्ड बोक्सा ट्राइब्स अफ इन्डियामा उल्लेख गरिएअनुसार नेपालका भित्री तराईको उत्तरी भेगमा बस्ने थारु प्राचीन जनजाति हो । डा मजुम्दार (१९४२) को थारुको रगत

परीक्षणको आधारमा थारु औलो निरोधक जाति हो, जुन गुण कुनै जातमा हुनका निम्ति उ जाति समुदाय औलोग्रस्त क्षेत्रमा कम्तिमा तीन हजार वर्ष निवास गरेको हुनु पर्ने हो । यसबाट पनि साबित हुन्छ कि थारु पाँच हजार वर्षभन्दा बढी समयदेखि नेपालमा बसोबास गर्दै आएको जाति हो । डा. गुरुङ (२००३) का अनुसार पनि थारु तराईको सबै भन्दा प्राचीन र नेपालमै उत्पति भएको जाति हो । नेपालका इतिहास शिरोमणी डा. बाबुराम आचार्य (२०१०) ले "थारुको मूल घर कहाँ ? भन्ने कृतिमा थारु जाति राजपुतानाबाट आएका होइनन् तर यिनीहरु क्षत्रीय जातिका हुन् भनी लेखेका छन् । यिनीहरुको मूल घर हिमालय नै हो ।

थारु जाति नेपालको भूमिपुत्र पनि हो । यिनीहरुको आफ्नै रहन-सहन, साहित्य, संस्कार, संस्कृति, सामाजिक मान्यता, पूजापाठ, लवाई-खवाई, कला, भेषभुषा भएकोले थारु जातिलाई आदिमबासी भनिन्छ अर्थात् आदिबासी जनजाति भनिन्छ । गौरी शंकर द्विवेदी (१९७०) "मध्यदेशीय गणतन्त्र र नेपाली संघ" मा उल्लेख गर्नु भएकोछ कि थारुहरु शाक्यवंशीय क्षत्रीय हुन् । भगवान बुद्ध यसै वंशमा जन्मिनु भएको थियो । थारुहरु यसै वंशका अवशेष हुन् । त्यस्तै दधिराज सुबेदी, पूर्वाञ्चल साहित्य प्रतिष्ठान (२०३४) मा उल्लेख गर्नु भएको छ, नेपालका आदिबासी थारु जाति आदि मानव मनुका सन्तति भित्र पर्ने सम्भवतः शाक्यवंशीय गौतम बुद्धका सन्तान मानिन्छ । पूर्णप्रसाद नेपाल "यात्री" सेती अंञ्चल दिग्दर्शन, (२०३५) का अनुसार थारु जातिको वंश श्रृंखला आदिम जातिसंग जोरिएको छ । दाङ्ग, चितवन, सप्तरी, मोरङ स्थानहरुमा थारु जातिको राज्य थियो । रमान्द्र प्रसाद सिंहले आफ्नो पुस्तक "The Real Story of the Tharus" (२०४५) मा उल्लेख गर्नँ भएको छ कि थारुहरुको उद्गमस्थल नेपालको तराई हो र यिनीहरु शाक्य र कोलीय जातिका अवशेष हुन् । उहाँका भनाई अनुसार गौतम बुद्ध थारु जातिका थिए र कपिलवस्तुमा उहाँको जन्म भएको थियो । आदिमकालदेखि कपिलवस्तु थारुहरुको बाहुल्य रहदैआएको स्थान हो । उहाँ उल्लेख गर्नँ हुन्छ कि थारुहरु बौद्धिष्ट संस्कारमा हुर्केका हुन् जो पछि हिन्दूकरण हुन पुगे । थारुहरुले अहिलेसम्म पनि हिन्दू संस्कारलाई पूर्णरुपमा अँगाल्न सकेका छैनन् । यिनीहरुलाई हिन्दू गर्ने काममा शंकराचार्यहरुको ठूलो हात रहेको थियो । लिच्छवीहरुले मगधमा राज्य गर्दा र ब्रिजी गणतन्त्रको समयमा ब्रिजी अर्थात् ब्रजहरुले शाक्य र कोलीयहरु माथि आक्रमण गरेका थिए । फलस्वरुप, धेरै संख्यामा यस जातिका मानिसहरु मारिए । त्यसैले आजसम्म पनि थारुहरुले अन्य जातिलाई बजिया भने गर्दछ ।

नेपालको राष्ट्रिय जनगणना २०६८ का अनुसार थारु जातिको कूल जनसंख्या १७ लाख ३७ हजार ४७० रहेको छ । यो संख्या नेपालको कूल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ को ६.७५ प्रतिशत रहेको छ । थारु जाति नेपालको तराई र भित्री तराई (भित्री मधेस) गरी २४ जिल्लाहरुः झापा, मोरंग, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, काठमाण्डौ उपत्यका, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कंचनपुरमा बसोबास गर्दछ । थारु जाति नेपालमा मात्रै नभई भारतको मधुबनी, पश्चिमी चम्पारन, गोरखपुर, खिरी, गोन्डा, बहराइच र नैनीताल जिल्लाहरुमा लगभग तीन लाखको संख्यामा बसोबास रहेको छ ।

कुनै पनि जातजातिको पहिचान, अस्तित्व र साँस्कृतिक विकासको लागि भाषाको विकास तथा संरक्षण हुनु आवश्यक रहेको छ। थारु भाषा थारु जाति बसोबास गर्ने जिल्लाहरुमा महत्वका साथ बोल्ने गरिन्छ। थारु भाषा नेपालमा बोलिने भाषाहरुमा प्राचीन भाषाको रुपमा मानिएको छ। नेपालको सरकारी जनगणना वि.स.२०१५ सालमा नै "थारु भाषा"को संज्ञा दिएको छ । उक्त प्रतिवेदन अनुसार थारु भाषिकको संख्या ३ लाख ५९ हजार ५९५ रहेको उल्लेख गरिएको थियो । वि.स.२०१५ सालदेखि वि.स.२०६८ सालसम्मको जनगणनामा थारु भाषा उल्लेख भएको छ । यो थारु मातृभाषा नेपालको भाषिक विवरण अनुसार ६.६ प्रतिशत मानिसको मातृभाषा रहेको छ । यो भाषा नेपालको चौथो ठूलो भाषा रहेको छ ।

### ३ । थारुको धर्मः

आज मैले यो आलेखमा थारु जाति कुन खेमामा अर्थात् कुन धर्ममा पर्दछ ? सो कुरा छानबिन गर्न खोजेको हुँ । यहाँ यो कुरो छानबिन गर्नको लागि मैले थारुको (क) ब्युत्पति (उत्पति) र (ख) धर्मको नाउँमा थारुले गर्ने विभिन्न धर्मिक विधि व्यवहारहरुको अध्ययन विश्लेषन गर्ने जमर्को गरेको छु ।

**(क) ब्युत्पति (उत्पति) :**

प्राचीन समयमा बनारसका राजा ओकाका र ओकामुखाका केही संतानहरु राजगद्दी सम्बन्धित केही कुरा लिएर बनारस छाडेर अन्तै बस्नको लागि उपयुक्त ठाउँ हरूको खोज-तालास गर्दा-गर्दै अन्तमा कपिलमूनिको आश्रममा आई पुग्नु भयो। मूनिसंग केही कुरोकानीपछि मूनि खुशी भए र सहर्ष उनीहरुलाई यहाँ बस्न र राजबिस्तार गर्न अनुमति दिए। यिनीहरु पनि मूनिबाट खुशीभई यहाँ सालको बनमा राज्य बिस्तार गरि सुखिपू र्वक बस्न थाले र मूनिबाट खुशीभई बिस्तार गरेको राज्यको नाम कपिलमूनिकै नाउँमा आफूहरुले यस ठाउँको नाम कपिलवस्तु राख्नु भयो। यसरी यस ठाउँको नाम कपिलवस्तु हुन गयो भने बनारसबाट यहाँ आएर सालको बनमा राज्य बिस्तार गरेको ले यिनीहरूको बंश शाक्य हुन गएको हो। साल सबै काठहरु मध्ये कडा, बलियो र टिकाउँ काठ शाक्य पर्यायवाची जस्तै हो।

यहाँ शाक्यहरु धेरै पुस्ता दर पुस्ता राज्य गरे। पछि यसै बंशका राजा सुद्धोधन शाक्यले यहाँ राज्य गरे। उहाँ धेरै धर्मात्मा, प्रजावत्सल र शक्तिशाली राजा हुनुहुन्थ्यो। उहाँकै सुपुत्र हुनुहुन्थ्यो राजकुमार सिद्धार्थ गौतम। उहाँ धेरै धर्मात्मा र हितैषी हुनुहुन्थ्यो। उहाँले मानवलाई दुःख, रोग र कष्टबाट मुक्त गर्न ६ वर्षसम्म कठोर मिहिनत गरेर यी समस्याहरुबाट मानवलाई मुक्त गर्न ज्ञानको बाटोको खोजी गर्नु भयो। जुन ज्ञान कालान्तरमा गएर पञ्चशीलको नामले प्रसिद्ध भयो। जुन यस प्रकारको छ : १) झुठो नबोल्नु, २) व्यभिचार नगर्नु, ३) हिंसा नगर्नु, ४) चोरी न गर्नु र ५) मादकपदार्थ सेवन न गर्नु। यस किसिमले उहाँले बुद्धत्व प्राप्त गर्नु भयो। जसले गर्दा पछि उहाँलाई सबैले बुद्ध भन थाले। उहाँले अहिलेको गया भने ठाउँमा ज्ञान प्राप्त गर्नु भएको थियो। यसैले सो गया भने ठाउँलाई अहिले पनि सबैले बौद्धगया भने गरिन्छ। बुद्धत्व भनेको सर्वैत्कृष्ट ज्ञान हो। ज्ञान प्राप्त गरिसकेपछि उहाँ अहिलेको भार तवर्षको बनारस (काशी) को सारनाथ भने स्थानबाट आफनो ज्ञान प्रचार-प्रसार गर्न थाल्नु भयो। उहाँको ज्ञानको खूब प्रचार-प्रसार भयो। कालान्तरमा आएर उहाँको यो ज्ञानले धर्मको रुप लियो जसलाई सबैले बौद्ध धर्मको नाउँ दिए। बौद्ध धर्मको खूब प्रचारपछि उहाँ कपिलवस्तु घर आउँदा चालिस हजार भिक्छुहरु साथ आउनुभएको थिए। उहाँलाई देखेर यहाँ सबै जनता धेरै खुसी र हर्षविभोर भए। प्रायः यहाँ पनि सबै जनताहरू बौद्ध धर्ममा सरासरी दिक्षित हुन थाले र भए पनि।

पछि आएर बौद्ध धर्म दुई हाँगामा विभाजन भयो। स्थविर (थेरवादी) र महासांघिक। थेरवादी तराई र दक्षिणतिर फैलियो भने महासांघिक पहाड अर्थात् उत्तरतिर फैलियो। दुबैमा के फरक देखियो भने समयानुसार महासांघिक हिन्दूहरूको देखासिकी आफूमा तन्त्रमंत्र, तरक-भरक र मूर्ति पूजन जस्ता कर्महरु समाबेश गरे भने थेरबादीहरु सरल र सामान्य रुपमै बसेर बौद्ध धर्म मान्दै किसानी पेशा गर्न मन पराए। यस किसिमले बौद्ध धर्म चारैतिर खास गरेर दक्षिण र उत्तरतिर द्रुतर गतिमा फैलियो। सम्राट अशोकको समयमा पुरा भारत बौद्ध धर्ममय भयो। यस किसिमले भारतमा स्थविर बौद्धहरुको बोलबाला थियो। सम्राट अशोकको राज्यकाललाई भारतवर्षको सुनौलो युग भनिन्छ। उहाँलाई विशाल भारतको संस्थापक भनेर संसार चिनिन्छ। यस किसिमले सातौ सताव्दीसम्म बौद्ध धर्मको धेरै विकास भयो तर सातौ शताव्दीको अन्तसम्म आई पुग्दा हिन्दू धर्मको अवनति र बौद्ध धर्मको विकास दिनदुना रात चौगुना देखेर हिन्दू धर्म प्रवर्तकहरुमा बौद्ध धर्मप्रति धेरै आक्रोस उत्पन्न भयो। उनीहरु हिन्दू धर्म प्रवर्धनको लागि गलत बाटो अर्थात् मारकाटक (हिंसा) को बाटो अपनाउने निर्णय गरे र भित्र-भित्रै सो अनुसारको तयारी गरे र एकैपटक बृहत संख्यामा अहिंसावादी, सत्यवादी, शान्तिवादी बौद्ध धर्मावलम्बीहरु माथि जाइलागे।

अहिंसावादी बौद्ध धर्मावलम्बीहरुलाई धर्मले पनि हिंसा गर्न अनुमति नदिने, दोश्रो यिनीहरुले प्रतिकार गर्न समयनै पाएनन्। हिन्दू धर्म प्रवर्तकहरुको यो हिंसात्मक आक्रमण अहिंसावादी बौद्ध धर्मावलम्बीहरुलाई धेरै महगो पर्‍यो। यतिखेरै शाक्यबंशी वा गैर शाक्यबंशी थेरवादी स्थवीरहरु लाखौ-लाखको संख्यामा बलिको बोका भए। बौद्ध धर्मावलम्बीहरुका प्रायः सबै जसो मठ-मन्दिर, गुम्बा र विहारहरु ध्वस्त भए। बौद्धका मूर्तिहरू प्रयाः सबै भताभुङ्ग भए, निदोष बुद्धिष्टहरु प्रायः धेरैजसो मारिए र यो क्रम आठौ शताब्दीसम्म चलिरह्यो।

यहाँ धर्मको कुरो रहेन । कुरो रहयो प्राण रक्षाको । गैर शाक्यवंशी थेरबादी बुद्धहरु सजिलैसंग आफ्नो धर्म परिवर्तन गरेर आ-आफ्ना ज्यान जोगाउन सफल भए भने शाक्यबंशी थेरवादी बौद्धहरु हत्पत धर्म परिवर्तन गर्न सकेन र अहिंसाबादी भएर युद्ध पनि गर्न सकेन र झुठो पनि बोल्न नसकेर यिनीहरूले त्यतिखेर ठूलो मूल्य चुकाउनु पर्‍यो । शाक्यबंशी थेरबादी बौद्धहरु मध्ये केहीले मृत्युवरण गर्नं पर्‍यो त केही उत्तरतिर भागेर ज्यान जोगाउन सफल भए भने केही श्रीलंका, थाइल्याण्ड, बर्मा त केही लाओसतिर भागेर आ-आफ्ना ज्यान र धर्म बचाउन समर्थ भए । बाँकी शाक्य बंशी थेरवादी बौद्धहरु हिन्दूहरुको डरले यै ठाउँमा हत्तार-हतार धर्म परिवर्तन गरेर हिन्दू भए र आफूहरु स्थवीर धर्मको नभएर हामी थविर जात-जातिका हौ भनी बाँच्न सफल भए । यो थारु जाति थविरकै रुपपरिवर्तन भएर बनेको रुप हो । अहिले यी थारु जाति अरु कोही न भएर पूर्वका शाक्यहरुका अवशेष हुन् । यो कुरो प्रसिद्ध इतिहासकार पाजीटरले पनि आफ्नो ग्रन्थ “हिस्टोरिकल ट्रेडिशन अफ इन्डिया”मा उल्लेख गर्नं भएको छ कि संसार मा यदि कोई जाति बुद्धका अबशेषका रुपमा छन् भने उ थारु हुन् । जनकलाल शर्मा (२०५८) का अनुसार थारु शव्दको व्युत्पतिका विषयमा भन्नुपर्दा पछि बौद्ध धर्म महासाङ्गिक र स्थविरवाद नामक दुई हाँगामा विभाजित भयो । यिनै दुई हाँगामध्ये एक हाँगा स्थविर सम्प्रदायतिर शाक्यवंशीहरुको झुकाव राखने शाक्यवंशको नाम नै स्थविरवादी वा छोटकरीमा स्थविर रहन गयो । जनजिब्रोको उच्चारणमा स्थविर पछि थविर भएर थारु हुन आयो जुन तथ्य थारु विद्वान रमान्नद प्रसाद सिंह र अहिलेका बहुसंख्यक थारु वुद्धिजीवीहरुले पनि स्वीकार गरेका छन् । यसरी थारु शव्दको नामाकरणलाई नै बौद्धिज्मसँग जोडिएको पाईन्छ ।

शाक्यबंशीय थेरबादी बुद्धहरु (थारुहरु) पनि ज्यानको रक्षा गर्न धर्म परिवर्तन गरेर देखावटी हिन्दू त बने तर कर्महरु कुनै विधिवत न सिकेर देखासिकीको भरमा मात्र सिमित रहयो । संस्थागत हिन्दु धर्मावलम्बीका कुनै पनि संघ-संस्थाले यिनीहरुलाई हिन्दु धर्ममा दिक्षित गरेन । हिन्दु धर्मका के-के धार्मिक संस्कारहरु रहेछन्, कतिवटा रहेकाछन्, यी संस्कारहरु कहिले कसरी सम्पादन गरिन्छ ? यी कुराहरु न कसैले सिकाउन चाहे न थारुहरु सिक्न चाहे किनकि थारुहरुको त आफ्नो स्थविर धर्म अर्थात् बौद्ध धर्म त छदै थियो, केवल यिनीहरु डरले सो कुरा बाहिर ल्याउन सकेका थिएनन् । त्यसकारण हिन्दू धर्म बारे वा हिन्दु संस्कार वारे थारुहरुलाई केही थाहा भएन । सबै हिन्दु धर्म-कर्महरु देखासिकी नै रहयो । यिनीहरु केवल देखासिकीको भरमा हिन्दु रहे र रहेका छन् । हरेक हिन्दु कर्म बाहुन बोलाई बढि भन्दा बढि दान-दक्षिणा दिएर बाहुनहरुलाई धनी बनाउनेमा नै अहिलेसम्मका थारुको हिन्दु धर्म सिमित रहेको छ । हिन्दू कसरी बनिन्छ, हिन्दूका के-के कर्म हो, यी कर्महरु आफै कसरी सम्पन्न गरिन्छ ? त्यो केही थाहा छैन् । केही सिमित थारु हिन्दुहरुमा केही हिन्दू कर्महरु बाहुन बोलाई उनीहरुबाटनै सम्पन्न गरिने चलन रहिआएको छ । अर्कोतिर यी थेरबादी बौद्धहरु नक्कली हिन्दू बनेकाहरु हिन्दूहरूको डरले धेरै लामो समयदेखि बौद्धकर्म ओझलमा रहेकाले केही बौद्धकर्महरु गरिरहदा पनि सैधान्तिक तवरमा धेरै जसो बौद्धकर्महरु बिर्सिसकेका छन् र अहिले पनि केही बौद्ध कर्म गरिरहदा पनि त्यो पनि हिन्दु कर्मको नाममा सम्पादन गरिरहेका छन् । उनीहरुलाई थाहै छैन कि यो हिन्दु कर्म होइन यो बौद्ध कर्म हो । अहिले पूर्ववर्तीय शाक्यबंशीय थेरबादी बौद्धहरु (नक्कली हिन्दु) अर्थात् थारुहरु फेरि आफ्नै बौद्ध धर्ममा फर्किन खोजिरहेका छन् । उनीहरु आफ्नै पहिचान बनाउन खोजिरहेका छन् तर यिनीहरूलाई पनि बौद्ध धर्मको प्रर्याप्त कअजययष्लिन को अभावमा बौद्ध धर्म बारेमा पनि आवश्यक जानकारी छैन । अहिले केही थारुहरु बौद्ध धर्मको प्रवर्तनमा लागि परेका छन् तर त्यो अप्रर्याप्त मात्रामा छ । यसबाट केही हुनेवाला छैन् । थारुहरुको मौलिक धर्म पहिलेदेखिनै बौद्ध धर्म हुँदा-हुँदै पनि अहिले भन्ने हो भने थारु पूर्ण कर्मले न त हिन्दू हुन् न त बौद्ध या न त प्रकृति पूजक नै । जसले जे पायो त्यही गरिरहेका छन् । धर्मको वृहत ज्ञान नभएर अन्धविश्वासको भरमा धर्म अनुरागी भएका छन् । कोई भन्छ, म प्रकृति पूजक हुँ, कोई भन्छ , म हिन्दू हुँ त कोई भन्छ, म बुद्धिष्ट हुँ । सहीमा म कुन धर्मको हुं, मैले कुन कर्म गरिरहेको छु भने कुरो कसैलाई थाहा छैन् ।

बरु कतिपय थारुहरुमा अहिले पनि गलत बुझाई के छ भने हाम्रा पुर्खा अर्थात् शाक्यहरुको र सो भन्दा अघिका पुर्खाहरुको धर्म बौद्ध धर्म अस्तित्वमा आउनु अघि हिन्दु धर्म थियो । यसको जवाफमा के भन्न सकिन्छ भने त्यतिखेर यी भारतीय उत्तरीउप महाद्वीपमा हिन्दु धर्म आफै राम्ररी अस्तित्वमा आईसकेको थिएन । सबै आदिबासी जनजातिहरुका आ-आफ्ना राज्य र कबिलाहरु थियो । हिन्दु वर्णाश्रम थिएन । त्यसैले बुद्धलाई अहिलेसम्म

इतिहासकारहरु मध्ये राजनीतिबस कोही क्षेत्रीय त कोही ब्रात्य क्षेत्रीय लेखिरहेका छन् । यो पनि बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि । बुद्धलाई नै नजर गर्ने हो भने एकातिर बुद्धको कुनै मूर्तिमा जनै देखिएको छैन् भने बुद्धले आफ्नै मामाकी छोरी बिहे गरेको थियो जो हिन्दू धर्ममा पाच्य व्यवहार हैन । थारुका पितामहको समयदेखिनै उहाँहरुका धर्म प्रकृति धर्म थियो जुन धर्मका धेरै जसो कर्महरु अहिले पनि थारु समुदाय अन्तर्गत व्यवहारमा छन् र अरु धर्मवलाहरुले पनि प्रकृति धर्मका धेरै जसो असल कर्महरु आ-आफ्ना धर्म-कर्ममा समाबेस गरिसकेका छन् । खाँचो छ केवल त्यसलाई छानविन गर्नुमा । यो कुरो त्यसै जगजाहिर भईहाल्छ कि थारुको मौलिक धर्म बौद्ध धर्म थियो र अहिले पनि बौद्ध धर्म नै हो ।

## (ख) अहिलेका थारुहरुका विभिन्न धर्मिक विविद्-

**व्यवहारहरु :**

यो उपयुक्त विषय के सही हो, के गलत ? यसको परीक्षणको लागि मैले थारु समाजमा धर्मको नाममा अहिले के विधि-व्यवहारहरु भईराखेका छन् ? यसको जानकारीको लागि थारुको कुल देउता अर्थात् घरको देउता, घर बाहिरको देउता (देवथान वा डिहवार, राजा जी, सिराथान) र थारुले सम्पादन गर्ने पर्व-त्योहारहरुको अध्ययन अनुसंधानको आधार लिएको छु ।

हुनत मानिसहरुबाट यो पनि सुनिन्छ कि धर्म भनेको आस्था हो, आ-आफ्नो विश्वास हो । जसलाई जहाँ आस्था छ, विश्वास छ, उसको लागि उही उसको धर्म हो । तर एकै पटक आस्था र विश्वासमा मात्रै लाग्नु यो अन्धविश्वासतिर डोऱ्याउछ, जसको परिणाम गलत पनि हुन सक्छ । भन्न त सबै भन्दछन् कि मनसा, बाचा, कर्मना अर्थात् मनले बुझेर ग्रहन गर्नँ, त्यस्को सही-सही वकालत गर्न सक्नु र त्यस अनुसारको कर्म गर्नु हो । अनि मात्रै त्यो चीज वा धर्म कसैले सहीरुपमा अंगालेको वा ग्रहन गरेको बुझिन्छ नत्र भने के न के ? यो चीज अंगालेको त हुन्छ तर कहिले-काँही उसलाई शोभा दिदैन बरु समाजमा कहिले-काँही मानहानी पनि हुनसक्छ । त्यसैले त्यो अवस्थासम्मलाई साँचिकै ग्रहण गरेको वा अंगालेको हो बुझिदैन ।

थारुहरुको धार्मिक अवस्था बुझ्दाखेरि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको थारुमा कुलदेउताको हकमा के एकरुपता देखिन्छ भने सबैको छुट्टै देउता घर हुन्छ, घर भित्र उत्तर-पूर्व कुनामा पूर्वको भितामा कसै-कसैको घरमा शिव-पार्वती त कसै-कसैको घरमा काली देवता हुन्छ भने पूर्वमा कसै-कसैको घरमा पुर्खाको पनि पूजा गर्ने गरिन्छ र घर बाहिर हनुमान पूज्ने गरिन्छ तर पश्चिममा हनुमान पूज्ने चलन छैन् । पूर्वमा पुरुबको भितामा दियो अडाई राख्नसम्म माटोको एउटा अलि बाहिर निस्केको बढेको भाग हुन्छ यसलाई सिर भन्ने गरिन्छ । यो नै देउताको प्रतिकको रुपमा हुन्छ, जसमा कही-कही बलेको दियो राखने गरिन्छ । यो सिर शुभ साइत हेरि सात पुर वा कसै-कसै को पाँच पुरको माटो ल्याएर बनेको हुन्छ । पुरको अर्थ के हो भने गाउँको नाउँको पुछारमा पुर जोरिएको गाउँ । जस्तै रायपुर, मोहनपुर, कल्यणपुर ईत्यादि । सिरको ठीक मुनि भूईमा अलि अग्लो माटो ऊठेको भाग हुन्छ, जसलाई kll भने गरिन्छ । पूजापाठ वा देवधर्म गर्दाखेरि पहिले सिरसंगसंगै यो kll लाई पनि सफा-सुघर र लिपपोत गर्ने गरिन्छ । अनि सिरमा दियो बालेको हुन्छ भने kll मा दुईवटा तुलसी पात राखेर त्यसमा एक-एक चिमटी अछता र अछतामा दुई-दुईवटा सुपारीको टुक्रा र एक-एकवटा पानको पात राखेर छेउँमा धुप वा अगरवती बालेर पूजा गर्ने गरिन्छ । पूजन कर्मको अन्तमा सबै सदस्यहरु ढोगी पूजनकर्ताले पूजामा जलढार गरेर पूजा विसर्जन गर्ने चलन छ ।

साधारण तवरले हेर्ने हो भने सिर देउताको प्रतिक हो बुझ्नुभन्दा दियो राख्ने स्टेन्डको प्रतिक हो जस्तो बुझिन्छ । सहीमा यो सिर र भुईमा अग्लो उठेको माटोको भाग बुद्ध चैत्यको प्रतिक हो वा हिन्दू संस्कार हो भने कुरो सही-सही बताउने जानकार व्यक्तिको कमी छ । बौद्ध मतकाले यो बौद्ध संस्कार हो भन्ने गरिन्छ भने हिन्दू मतवालाले हिन्दू संस्कार । तर बाल-बच्चाको मुन्डन वा विवाहको समयमा देउतालाई खसी-बोकाको बलि प्रदान गर्ने चलन छ चाहे देउता महादेव, पार्वती वा काली वा बुद्ध जो हुन् । तर अहिले धेरै जसो गाउँमा घरको मूल देउता महादेव-पार्वती भएको परिवारमा चाहे मुन्डन होस् वा शादी-विवाह बलि प्रथा रोकेर देउतालाई लड्डु, पान, सुपारी चढाउन थालेको छ । देउता कोठामा देउता राखने ठाउँमा कुनै देउताको फोटो वा मुर्ति राख्ने चलन छैन् । परापूर्वकालमा फोटो वा मूर्तिको अभाव वा कम खर्चिलो बनाउन यस्तो चलन चलेको हो कि ? सही कुरो कसैबाट थाहा भएन ।

पश्चिममा ठ्याक्कै पूर्ब जस्तै चलन त छैन् तर पूर्ब जस्तै देउता घरको उत्तर-पूर्व कुनामा नै देउताको पीढि हुन्छ जहाँ देउताको प्रतिकको रुपमा माटो, काठ र फलामबाट बनेका देउताहरु हुन्छन् । पश्चिममा पनि पुर्व जस्तै महादेव, पार्वती, काली देवताहरु नै हुन्छन् चाहे त्यो स्थानीय भाषानुसारका फरक नाउँ किन न होस् । पश्चिममा दे उतालाई कुखुराको बलि प्रदान गर्ने चलन छ । पूर्वमा देउतालाई कुखुराको बलि प्रदान गर्ने चलन छैन् । जन विश्वास छ कि मुस्लिम देवतालाई कुखुराको बलि प्रदान गर्ने गरिन्छ ।

पुर्बमा घरमुली आफै घर देउताको पूजा गर्ने चलन छ भने पश्चिममा मुख्य पुजा देशबन्ध्या गुरुवाबाट हुन्छ । मुख्य कुरो के हो भने कही पनि घर देउताको हकमा बाहुनहरु लगाउँदैन । अहिले पूर्वमा कोई कोई थारुहरु हिन्दूहरुको देखासिकी गरी घरमा सत्यनारायण पूजा लगाउने, भागवत लगाउने, तुलसी उद्यापन गर्ने, अस्टजाम गर्ने, कृष्णजीको मूर्ति बनाउने, दशैंमा देवी-दुर्गा बनाउने र बाहुनबाट ती पूजाहरु सम्पन्न गर्ने गरिएको देखिदा पनि उसको मानंसिक लगाउँ देखिदैन । थारुको जो जति आफ्ना मूल पर्व-त्योहारहरु छन् त्यो थारुले आफ्नै विद्-व्यवहार र चलन अनुसार आफै सम्मन्न गर्ने गरिएको छ । बाहुन लगाउदैन् चाहे उ पूर्वका थारु हुन् वा पश्चिमका हुन् । यदि एउटै पर्व-त्योहार जस्तै सिरुवा पर्व, जितिया, दशैं, सम(-चकेवा, शुकराती, नेमान ईत्यादि थारुहरु र हिन्दूहरु दुबैले मनाइरहेका छन् भने पनि चाहे पूर्वका थारु हुन् वा पश्चिमका, थारुहरुको पर्व-त्योहार सम्पादन गर्ने तौर-तरिका हिन्दूहरु भन्दा फरक हुन्छ ।

त्यस्तै, बहरिया देउताको हकमा गाउँ बाहिर खास गरेर गाउँको दक्षिण वा पुरबमा गाउँलेहरुको साझा डिहवार देवथान हुन्छ जहाँ अषाढ वा मंसिर महिनामा साझा पूजा लगाउने गरिन्छ । यो डिहवार थानमा पूर्वमा एउटा मुलघर हुन्छ जहाँ देउताको स्वरुप अलि उठेको माटोको पीढि जस्तो हुन्छ जसलाई लिपपोत गरेर पाँचवटा दियो बाल्ने गरिन्छ र दाहिने भागमा पनि माटोको ढिस्को हुन्छ जहाँ बती बालने गरिनेछ । त्यस्तै देब्रे भागमा दुई ठाउँमा सफा गरेर माटोको ढिस्को भएको ठाउँमा तुलसी पात, अक्षताले पूजा गरेर बती बाल्ने गरिन्छ । यी ठाउँहरुमा कुन-कुन देउतालाई पूज्ने गरिन्छ त्यो प्रायः कसैलाई थाहा छैन् । देखासिकी जस्तै हेर्दै आए अनुसार गर्दै गरे जस्तो बुझिन्छ । यो पूजा सम्पन्न गर्न बाहुन लगाइँदैन बरु रजहैन धामीबाट पूजा सम्पन्न गर्ने गरिन्छ । यहाँ पूजाको नाउँमा खिर, लडुले पूजा गरेर बोकाको बलि प्रदान गर्ने गरिन्छ । पश्चिममा पनि देवथानमा कुखुराको बलि दिनेगरिन्छ र पश्चिममा पनि देवथानमा गर्ने पूजा हिन्दूहरु भन्दा फरक किसिमको हुन्छ । भूपू महान्यायधिवक्ताको एक अध्ययन अनुसार चाहे घर देउता वा डिह वार थानका यी सबै ढिस्काहरु बौद्ध धर्मका प्रतीक हुन् भन्नु भएको छ । अचानक हिन्दुको हिंसात्मक आक्रमणले गर्दा यी संस्कारहरु विधिवत रुपले अरु पीढिमा स्थानान्तरण हुन न सकेर यो अवस्था आएको हुनसक्ने प्रवल संभावना देखिन्छ । खासमा जिउ-ज्यानको डर र त्रासले गर्दा शाक्यबशी सबै थारुहरुले हतार-हतार हिन्दु धर्म अपनाएर हिन्दु देवी-देवताको स्थापना गरे ।

**५। निश्कर्ष :**

धर्म मानिसको आ-आफ्नो आस्था र विश्वासको चीज हो । मानिसले आफ्नो ईच्छानुसार कुनै पनि धर्म मान्न सक्छ । यो जात र कर-काप अनुसार ग्रहण गर्ने चीज होईन । मात्रै यहाँ के भन्न सकिन्छ भने जुन धर्म मान्दा, पनि उसको अर्थ, महात्तम र कार्य सम्पादन विधि राम्ररी बुझेर ग्रहण गर्दा फल प्राप्त पनि हुन्छ र भोलि हाँसोको पात्र हुनु पर्दैन र चाडो त्यस धर्मबाट बिरक्त हुनु पर्दैन ।

थारुका पुर्खाहरु जो पहिले-पहिले अहिलेका नेपाल तराई अर्थात् कपिलवस्तु आएर यहाँ राज्य विस्तार गरे उनीहरु हिन्दु मूलका थिएनन् । कारण शुरु-शुरुमा उनीहरु बना रसबाट यहाँ कपिलवस्तु आउँदा संगै आएकी आफ्नै पाँच दिदी बहिनीहरु मध्ये चार दाजु-भाईहरुले चार दिदी-बहिनीहरुसंग बिहेबारी गरि घरबसालेका थिए जुन हिन्दूधर्म संगत कुरो होईन । यिनीहरु आदिबासी जनजा ति समूहका थिए । यिनीहरुको धर्म प्रकृति धर्म थियो । त्यतिखेर हिन्दुधर्म वर्णाश्रम थिएन । पछि हिन्दुहरु वहाँहरुलाई हिन्दू धर्ममा पार्न आफ्नो किसिमको वर्णाश्रममा विभाजन गर्दा कोही क्षेत्री त कोही ब्रात्य क्षत्री भनेका हुन् । यति मात्रै होईन कि धेरैपछि आएर पनि गौतम बुद्धले आफ्नो मामाकी

छोरीसंग बिहे गरेका हुन् । अहिलेसम्म बुद्धको मूर्तीहरुमा कहीं पनि जनै देखिएको छैन् । हिन्दु धर्मका सोह्र संस्कार मध्ये थारुमा मात्र चार संस्कार -जन्म संस्कार, मुन्डन संस्कार, विवाह संस्कार र मृत्यु संस्कार देखिन्छन् । त्यो पनि आफै गर्ने गरिन्छ ।

हिन्दु आक्रमणकारीहरुबाट डराएका शाक्यहरु प्राणरक्षा को लागि हतार-हतार हिन्दु भए र जातमा स्थवीर शब्द कायम राख्दै नयाँ नाममा थारु भए । सहीमा ब्युत्पति र व्यवहारको आधारले पनि थारुको धर्म बौद्ध धर्म नै हो । थारुहरु व्यवस्थित किसिमले हिन्दु धर्ममा परिवर्तित न भएकाले शब्दमा मात्र हिन्दु सिमित रहेको छ । अहिले केही थारुले हिन्दु धर्म भनेर लिखतमा लेखेपनि उनीहरुको पूजापाठ र मान्ने विधि हेर्दा हिन्दुसँग शतप्रतिशत मेलखाँदैन । बुद्धको पहिरन, लवाई-खवाई मायादेवीको श्रीगारका सामानहरु थारु महिलाले लगाउने श्रीगारसँग मेल खाने हुनाले कतिपय इतिहासकारले बुद्धलाई थारुकै सन्तानका रुपमा चर्चा गर्दैआएका छन् । राजा सुद्धोधनले हलोजोती कृर्षि पेशा अपनाएको उदाहरणले पनि सुद्धोधन थारु नै थिए भन्नै धेरैको भनाइ छ। खेती थारुको मुख्य पेशा नै हो । यसबाट पनि यो कुरो पुष्टी हुन्छ कि सुद्धोधन थारु नै थिए । नेपालमा आदिबासी जनजातिको परिभाषानुसार यो समूह हिन्दू वर्णाश्रममा पर्दैन । त्यसकारण पनि थारु हिन्दू हुने कुरो हुँदैन । थारुमा अनिवार्यरुपले हुने मुन्डन र छौरझपी संस्कार हो जो बौद्ध धर्मको प्रतीक हो । अहिले थारुहरु यी सबै कुरो बुझेपछि आफ्नो पहिचान मुखी भएर बौद्ध धर्मतिर उन्मुख देखिन्छन् । यसरी यी सबै कुराहरु विचार गर्दा थारुको धर्म पहिला पनि बौद्ध धर्म थियो भने अहिले पनि यसका व्यवहारहरु विचार गर्दा थारुको धर्म बौद्ध धर्म नै हो भन्ने बुझिन्छ ।

**६ । संदर्भ सामग्री :**


१) अल्बनीज, कैथरीन १९९१ : अमेरिका में प्रकृति धर्मः अल्गोंकियन भारतीयों से नए युग तक । शिकागो विश्वविद्यालय प्रेस, शिकागो ।

२) थारु, फनिश्याम २०६९ : थारु लोकसंस्कृति र चाडबाड । नेपाल प्रज्ञा प्रतिष्ठान । काठमाडौ ।

३) दहित, गोपाल २०६२ : थारु संस्कृतिको संक्षिप्त परिचय । आदाबासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान । ललितपुर ।

४) चौधरी, लक्की २०७० : थारु देवथान र धार्मिक महत्व । फुलरिया, थारु पत्रकार संघ, नेपाल ।

५) चौधरी, नन्दलाल २०७४ : सम्राट अशोक । ईजोत मासिक पत्रिका । माघ, वर्ष २ , अंक ७ । काठमाडौ ।

६) चौधरी, पुरुषोत्तम २०७५ : थारु जातिको मझियान वंशावली । प्रकाशकः श्री शुभकरण चौधरी, ललितपुर ।

७) चौधरी, भुलाई, २०६१ : थारु संस्कृति, प्रकाशकः श्रीमती सरोजदेवी चौधरी । काठमाडौ ।

८) चौधरी, भुलाई २०७४ : बुद्ध, थारु आ बुद्ध धरम । ईजोत मासिक पत्रिका । बैसाख, काठमाडौ

९) चौधरी, महेश २०६९ : स्थवीरहरुको प्राचीन इतिहास र संस्कृति । प्रकाशक : शान्ति चौधरी, ग्रामिण विकास संस्था, दाङ्ग ।

१० ) चौधरी, श्रवण कुमार २०७४ : थारु हिन्दू होइनन्, बुद्धका वंशज हुन् । ईजोत मासिक पत्रिका । भदौ, वर्ष २, अंक ६ ।

११ ) चौधरी, शिवशंकर २०७५: थारु बौद्ध संस्कार, समस्या र समाधान । ईजोत मासिक पत्रिका । बैसाख, वर्ष ३, अंक ८ ।

१२ ) सर्वहारी, कृषणराज २०६९ : थारु गुर्वा र मन्त्रज्ञान । थारु पत्रकार संघ, नेपाल । लाईकाठमाडौ ।

13) Chaudhary, Dr. Sankar Lal : Simraungadha, Hidden Town & History of Tirhoot Tharus . Publisher : Shila Chaudhary, Lalitpur .

14) Singh, Tharu, Ramanand Prasad 2045 B.S. : The Real Story of the Tharus . Published by Tharu Sanskriti, Krishnagalli, Pulchowk, Lalitpur Nepal

15) Google, Wickipadia, Dharm .


॥ **समाप्त** ॥

# थारू समुदायमा सख्याको समाजशास्त्र

डा. कृष्णराज सर्वहारी

**१. परिचय** थारू लोकसाहित्य कथ्य रूपमा अति नै सम्पन्न छ । बिस्तारै लेख्य रूपमा यसको संरक्षण सम्बर्द्धनको प्रयास भइरहेको छ । 'गुर्बाबक् जन्मौटि' (थारू लोक ब्रम्ह पुराण) 'फुलवार' (थारू लोक शिव पार्वती पुराण) 'राम बिहग्रा' (थारू लोक रामायण) 'बर्किमार' (थारू लोक महाभारत), 'हिउँटी', साँची, कहरा, जोगिन्या, माढो-सुन्डरि आदि थारू समुदायको जनजिब्रोमा झुण्डिएको छ (चौधरी २०६७: ३४) ।

यही क्रममा थारू समुदायको संस्कृतिको अभिन्न अंग बनेको अष्टिम्की/सख्या (थारू लोकभागवत पुराण) काव्य पनि एक रहेको छ । पश्चिमा थारू समुदायको गीतअन्तर्गत अष्टिम्की (कृष्ण जन्माष्टमी) र डस्या (दसैं) मा नाचिने सख्या नाचको गीतमा हुबहु एकै गीत रहेको छ । अष्टिम्कीमा गीत मात्रै गाइन्छ भने सख्यामा गीतसँ गै नृत्य पनि हुन्छ । त्यस्तै, अष्टिम्की गीतमा 'सखि रे/र' थेगो प्रयोग गरी सख्यामा नाच्दै गाइन्छ । सहजताका लागि यस आलेखमा अष्टिम्की शब्द प्रयोग नगरी सख्या मात्रै प्रयोग गरिएको छ ।

नेपाली बृहत् शब्दकोशमा 'सख्या' को अर्थ थारू जातिमा प्रचलित एक लोक नृत्यको रूपमा दिइएको छ (त्रिपाठी र अन्य २०५०: १२८३) । अष्टिम्की/सख्या काव्यको प्रमुख विशेषतामध्ये एक यसका श्लोक मुधर स्वर मा गाउँदै मादलेको तालमा थारू नर्तकीहरूको नाच्ने कला पनि हो । यस आलेखमा समाजशास्त्रीय दृष्टिकोणबाट सख्याको खास विशेषता पर्गेल्न खोजिएको छ ।

**२. सख्या काव्यको कथासार**

संख्याको खास विशेषता पर्गेल्न सर्वप्रथम यसको कथा सार चिहाउनुपर्ने हुन्छ (चौधरी, २०७६: १७६-१८२) । कृष्ण चरित्र थारू लोककाव्यको सुरुवात धर्ती, कुश र अन्नपुरुष सिर्जना भएपछि (११-१५) इसरु (वसुदेव) लाई जासू (यशोदा) ले हलोको लागि काठ काट्न अह्राएको प्रसंगबाट सुरु भएको छ । हलोको लागि काठ चाहिएको हो भने आफ्नो लागि भान्सा तयार गर्न इसरुले भन्छन् । चौरासी व्यञ्जन ग्रहण गरेर इसरु बन हिँड्छन् । जासूले सिकाएअनुसार हलोको लागि चाहिने काठ काटेर ल्याउँछन् (५४-१५२) । विश्राम गरिरहेको इसरुलाई जासूले खेत जोत्न अह्राउँछिन् । जासू खेतमै खान पुऱ्याउन जान्छिन् (१५३-२२६) । भातभान्साको लागि जासू साग टिप्न हिँड्छिन् (२४८-२४९) । साग टिपेर आएपछि जासू नुहाउन भनी नदीमा जान्छिन् । नुहाउने क्रममा उनको रुवाई छुट्छ (२९४-३२४) । पृथ्वीतल घुम्दै आएकी गौरा पार्वतीले जासूलाई रुदै नुहाइरहेको देखेर रुनुको कारण  सोध्छिन् । एउटा पुत्र विना रोएको बताएपछि पार्वतीले नरोऊ महरिन बहिनी, म तिम्रो लागि पुत्र पठाइदिन्छु भनेपछि उनी खुशी हुँदै घर फिर्छिन् । यसरी जासूको रूपमा नुहाउन गएकी जासूलाई पार्वतीले महरिन नामकरण गरेपछि बाँकी कथा जासूको स्थानमा महरिन तथा इसरुको स्थानमा महराको नामबाट अघि बढ्छ । महरिन मचि यामा बस्दा डोरी टुटेपछि गर्भवती भएको थाहा पाउँछिन् (३२५-३५६) । गर्भवती महरिनलाई अनेकथरी खानेकुरा खान मन लाग्छ । उनले महरालाई निबुवा ल्याउन पठा उँछिन् (३६०-३९७) । निबुवाको चटनी बनाउन महराले चेरियालाई बोलाएर ल्याउँछन् (३९८-४५८) ।

गर्भमासको अवधि सकिएपछि सुँडेनीको खोजी सुरु हुन्छ। चेरियामार्फत् डँगियालाई बोलावट हुन्छ। डँगियाले अनेक कष्ट गरेर नानाथरी माग गर्ने सुँडेनीलाई झ्याइँकुटी पार्दै महरा द्वार पुऱ्याउँछन् (४७४-६७१) । सुँडेनीले पेट मसाज गरेपछि प्रसुति व्यथा सकिएर महरिनले पुत्र जन्मा उँछिन् । सुँडेनीले लुगा लगाइदिएर नाम्लोमा सुताउँछिन् (६९१-७२६) । महराले जैसीकहाँ पुत्रको नामकरण गर्न सुँडेनीलाई नै अह्राउँछन् । जैसीले पुत्रको नाम कान्हा जुराउँछन् (७२७-८२०) । कान्हा बिस्तारै हुर्किन थाल्छन् । दौडिने क्रमसँगै साथीहरूसँग डण्डीबियो खेल्न थाल्छन् । आमाले बाच्छा चराउन जानुभन्दा उनले सुनको तीर धनुष, खराउ, बाँसुरी बनाई माँग्छन् । यी सबै चीज राजा घर भएकाले काठको सामान बनाइ दिने भनेपछि अन्तमा बासी भातको डल्लो खाँदै बाच्छा चराउन जान कान्हा तयार हुन्छन् ।

डाँडामा गाईबस्तु धपाएर रुख चढी आफू बाँसुरी फुक्न थाल्छन् (८२२-८७९) ।

बाँसुरीको धुनले राधालाई मोहित पार्छ । उनी दूध दुहुने बहानामा कान्हा भएको स्थानमा पुग्छिन् । (८८१-९५२) । लगत्तै राधा माटो लिन (९६५-१०२२), भुस लिन (१०२३-१०४८), पानी भर्न (१०५९-११६४) जान्छिन् । कान्हासँगको सामिप्यताले प्रायः सबैजसो काममा गएर फर्किदा ढिलो भएपछि सासुको गाली बर्सिन्छ । यी सबैथरीको जोहो गरिसकेपछि उनले माटोको चुल्हो बनाउँछिन् (११६५-११७७) । सूर्यनारायणले पनि राधालाई साथ दिन्छन्, उनको चुल्हो एकै घामले सुक्छ (११७६-११७७) । कामको धपेडी सकिएपछि राधा कइली नदीमा नुहाउन हिँड्छिन् (११८१-१२३७) । त्यहाँ पनि कान्हा छाँयाभैँ पुग्छन् । तल्तिर नुहाइरहेकी राधाको पानी फोहोर पार्न कान्हाले नदीमा पातपतिङ्गर फाल्छन् । ए ठट्याउलो कान्हा त्यसो गर्नु साटो पिठ्युँ मिच्न आऊ न भन्ने राधाको आग्रह हुन्छ । राधाले काम अह्राए पछि कान्हाको माग सुरु हुन्छ (११९८-१२०३) । त्यहाँबाट आएपछि दूध उमाल्छिन् । दुधमा जामन राख्दा दही तयार हुन्छ (१२३८-१२४७) ।

दही जमेपछि राधा बजारमा बेच्न जान सुरसार कस्छिन् (१२४५-१२४७) । घरपरिवारका सबैसँग दही बेच्न जान दिन बिन्तिभाउ गर्छिन् । दही बेच्न जाने भए श्रृंगार गर न त भन्दै श्रीमान्ले स्वीकृति दिएपछि राधा फुरुङ्ग हुन्छिन् । त्यसै त श्रृंगारिक राधा, त्यसमाथि श्रीमान्को स्वीकृति उनी पसलमै गएर लुगा छान्न थाल्छिन् । नौ गाँठो लुगा छोड्दै उनी सेतो, कोरिया जिन, पनेल, असलस लगायत लुगा छान्छिन् (१२७८-१३१३) । असलस लुगा लगाएर ओल्टे कोल्टे हेरेपछि बल्ल राधाको चित्त बुझ्छ । लुगामाथि अघरान (सप्को) बेर्छिन् (१३१४-१३१८) । लुगा छानिसकेपछि उनको गहना छान्ने काम सुरु हुन्छ । सिउँदोमा सिन्दुर, निधारमा टीका, नाकमा नठिया, कानमा टरना, झिल्मिल्या, गलामा पोते, छातीमा माला, पाखुरामा टँरिया, नाडीमा चुरा, आँगमा अँगिया, कम्मरमा लेहेंगा, औंलामा बिछिया, कपालमा सेहरी, कपालमाथि हीरामोती यी सबै श्रृंगारमा सजिएकी राधालाई ऐना हेरेपछि बल्ल चित्त बुझ्छ । उनको रूपको बयान हेर्दा लाग्छ, राधा दही बेच्न होइन कि मानौ सौन्दर्य प्रतियोगितामा सहभा गी हुन गइरहेकी छिन् (१३१९-१३४०) ।

दही बेच्न जाँदा बाटो अलमल भएपछि राधाले कान्हालाई बाटो देखाउन भन्छिन् । कान्हाले औंल्याएको सहरमा पूर्व हटनपुर, उत्तर जुम्ला-भोटान, पश्चिम मधेश, दक्षिण पटनपुर भनिएको छ (१४०३-१४१२) । बीच बाटो मा नदी आइपर्छ । राधाले कान्हासँग डुँगा तार्न भन्छिन् । डुँगा बनाउन पनि उनले नै सिकाउँछिन् । डुँगा तारी दिए वापत कान्हाले राधाको आँचलले दही चाख्न माँग्छन् । तर छोराले विष्ट्याएर आँचल मैलो भएकोले कुनै रुखको पात टिपेर त्यसैले दही चाख्न राधाले गरेको अनुरोध एकपछि अर्को गरी टार्छन् । सालको पात बाबा, मालुको पात आमा, फोरसाको पात दाजु, कमलको पात बहि नी भएकाले ती पातबाट दही चाख्न नसकिने कान्हाले बताउँछन् । त्यसो भए सिन्काको डोभले दही चाख न त राधाले भन्दा कान्हाले त्यो त बिझ्छ भनेर टार्छन् । रिसाएकी र ाधाले खुट्टा भाँच्ने धम्की दिएपछि कान्हा हि क्का छाडी रोएका छन् (१४१६-१४७०) । नरोऊ कान्हा, बरु दही तौलिन आऊ भनी राधाले आग्रह गर्छिन् । राधा जेठो, माइलो, साइलो हुँदै कान्छो नगर पुगेपछि बल्ल उनको दही बिक्री हुन्छ (१४७१-१५००) । दही तौलिन राधाले कान्हालाई नै बोलाउँछिन् । दही बिक्री भएपछि कान्हाले मेटुकी नै फोर्दिन्छन् । फेरि राधाले उट्पट्याङ् गर्ने कान्हाको खुट्टा भाँच्ने भनेपछि उनी रुन थाल्छन् । तर घर फर्किनु त थियो । त्यसैले नदी पार गर्न डुँगाले तार्न कान्हाकै सहयोग चाहिन्छ (१५०१-१५२९) । दही बेचेर फर्किदा राधा र कान्हाबीच सामिप्यता अझ बढ्छ (१४४३-१५९७) ।

कंसले चेरियामार्फत् महरालाई दरबारमा डाक्न पठाउँ छन् । कंसले महरालाई तिम्रो छोरा कान्हाले ठूलो छाती पार्दै राधासँग रासलीला गर्दै हिँड्काले बारी फुलवार जानुपर्ने उर्दी जारी गर्छन् । दुःखी हुँदै घर फर्किएका मह रासँग महरिनले स्वामी मेरा बुढा भए, कान्हा बालक छ, को जान्छ बारी फुलवार भनेर बिलौना गर्छिन् । कान्हा आफू बारी फुलवार जाने भनेर कुरा बुझ्न कंसको दर बारतिर लाग्छन् (१६०४-१६७२) । उनलाई पनि महरासँ ग भनिएको कुरा नै आरोप लगाइन्छ । त्यस निर्णयले कान्हाकी आमा दुःखी भएको पनि कान्हालाई कुनै चिन्ता ले सताउँदैन । कान्हा आफू बारी फुलवार जान तयार रहेको तर कंस मामाले सामल बनाइ दिनुपर्ने आग्रह गर्छन् । कंसको दरबारमा गएर कान्हा भन्छन्- मामा तिमीले भनेपछि म विष समेत पिउन तयार छुँ । बाघसँग लाप्पा खेलेर बघिनीको दूधसमेत दुहन तयार छु । तर बारी फुलवार जाने सामल भने तिमीले जुटाइ दिनुपर्छ । भान्जा यति सजिलै

बारी फुलवार जान तयार हुन्छन् भन्ने कंसलाई लागेको हुँदैन । त्यसैले, भान्जाले मागेबमोजिम सामग्री जुटाउन कंस हँसी खुशीसाथ तयार हुन्छ । सुनको बाँसुरी, सुनको छुरी, सुनको धनुष, सुनको खराउ कान्हाले बनाइ माँग्छ (१७३३-१७४१) ।

ती सामान बनाउन चेरियाको बोलावटमार्फत् सुनार आइ पुग्छ । कान्हाले बारी फुलवार जान झोला पनि सिलाइ माँग्छन् । झोला सिलाउन दर्जी आइ पुग्छ । झोलाको बनोट सर्पको खोलबाट हुन्छ । कंसले विभिन्न थरिको सर्प मार्छन् । उनले दर्जीलाई भन्छन्- झोलाको लागि डोम सर्पको खोल बाहिरी आवरण बनाउनु, धमला सर्पको भित्री खोल राख्नु, सुगा सर्पको खोल चारैतिर मोडेर सिउनु, चिरी सर्पको खोल तुना लगाउनु, गरैंचा सर्पको खोल फुर्को बनाउनु । ए दर्जी, कान्हा भान्जाले मन पराउने झोला राम्ररी सिलाउनु (१८७०-१८७८) । कान्हाले त्यो विशेष झोला मन पनि पराउँछ । कान्हा ले आफ्नो लागि बाटोमा खान सात अन्न मिसाइएको साटुभुक्का पनि पिसाउन लगाउँछन् । कंसले ती पनि तयार पारी बारीभरी फलफुल फलेका छन्, त्यो पनि लिएर जाऊ भन्छन् (१८८६- १८९८) ।

बारी फुलवारबाट के कस्तो फुल टिपेर ल्याउने हो ? मामा नाम भन्नुस् न त भनेर कान्हाले विभिन्न फुलको नामै किटान गरेर यो लिन्छौ कि त्यो लिन्छौ भनेर सोधेका छन् तर कंस मौन बस्छ । कान्हा बारी फुलवार प्रस्थान गर्नुअघि कंस मामासँग धम्कीको भाषामा बोल्छन्- मैले बारी फुलवार जान सामल माँगे, त्यो तिमीले जुटाइदियो । यसरी सामग्री जुटाइ दिएर तिमीले आफ्नै काललाई निम्ता दियो (१९०७-१९०८) । तै पनि कंस मौन बस्छ । कान्हा अन्तमा ढोकभेटको लागि बोलाउँदा कंस हाँस्दै मुस्कुराउँदै आइपुग्छ । बारी फुलवार जान लागेका छौ, जिउ जोगाउनु है भान्जा भनेर कंसले विदा ईको बेला मुखले ठिक्क पार्छ (१७४२-१९२०) ।

यता कंसको दरबारबाट घर फर्केर आएपछि बारी फुलवार जानु अघि घर परिवारका सदस्यहरूसँग विदाइ हुँदाको क्षण कारुणिक छ । कान्हाकी आमा हिक्का छाडेर रोइरहेकी हुन्छिन् । कान्हाले आमालाई सम्झाउँछन्- बाबा छँदै हुनुहुन्छ, कथम्कदाचित बारी फुलवार म मरेर गए, विभिन्न थरी चिनो राख्नुस् । ती सग्लै रहे म बाँचेछु भन्ने ठान्नु होला । कथाको सन्दर्भअनुसार कान्हा मरेर गए कचौराको दूध रगत बन्ने, साइजनको रुख ओइलाउने, ओथारो का कुखुरा, खोरका भेंडा, गोठका गोरु, तवेलाका घोडा बसोबास गरेकै ठाउँमा मर्ने, हात्ती वृन्दावन लाग्ने तथा उनी जिउँदै रहे, ती सबै चीज ठीकठाक रहने उल्लेख छ (१९३४-१९७७) । आफू मर्दिन भन्ने कान्हालाई थाहा हुन्छ, आमाको मन राखी दिन उनले विभिन्न चिनो राख्न लगाउँछन् । विदाईको बेला आमा बाबासँगै का न्हाका दाजु भाउजु पनि आइपुग्छन् । ती सबैले जिउको ख्याल राख्नु भनेर आर्शिवाद दिन्छन् । कान्हा एक कचौरा दूध पिएर बारी फुलवार प्रस्थान गर्छन् (१९२९-२०१०) ।

कम्मरमा पटुकी, पटुकीमा छुरी, काखीमा झोला, टाउकोमा गरुङ्गो भारी, हातमा तीर धनुष, अनि गोडामा खराउ लगाएर कान्हा गरुङ्गो मनले घरबाट बारी फुलवारको लागि पाइला चाल्छन् (२०११-२०१९) । तर घरको ढोकाबाट निस्किन लाग्दा कान्हालाई ढोका अनि पिढीसम्मको बाटो नै बडेमानको पर्वत सरह लाग्छ । उनले विलौना गर्न थाल्छन्- मेरो त कर्म खोटो रहेछ, आमा पर्वत केले खनुलाँ, म कसरी बारी फुलवार जाउँला ? आमाले ढाडस दिएकी छिन्- के गर्छौ त, कंस मामा पापीले बारी फुलवार पठाइदिहाले । पहाड पर्वत पाखुरीले खन्नु, जाँघ बलियो अँठिलो पार्नु, तिमी अवश्य बारी फुलवार पुग्नेछौ (२०२०-२०३१) । यसरी कान्हा पहाड पर्वत, खोलानाला, काँडेझारीसँग पौठेजोरी खेल्दै यात्रा थाल्छन् । बीच बीचमा बाँसुरी फुकेर आफ्नो मन शान्त पार्छन् । कान्हाको बाँसुरीको धुनले बनका चरा चुरुङ्गीसमेत उनको दुःखले मुर्छा पर्छन् (२०५६-२०६३) ।

एक ठाउँमा विश्राम गरेर निदाएजसो गरी उठेपछि कान्हाको कानमा कोइलीको तिखो बोली सुनिन्छ । को इलीको लगातार बोलीले कान्हालाई अपशकुन महशुस हुन्छ । उनले कोइली मार्न तीर धनुष निकाल्छन् । के मन हुन्छ, त्यो राखी गुलेली उठाउँछन् । कान्हाले छोडेको गुलेलीको गोली छलिएर स्वर्गमा हिउँट राजाको अगाडि खसेर धुलाम्मे हुन्छ । हिउँट राजाले विचार्दा त्यो कान्हाले छाडेको गोली भएकोले माफ गर्छन् । कान्हाले पुनः गुलेली ताक्छन् । यसपाली कोइली ठहरै हुन्छ । रुखमा बसेको कोइली 'राम राम' भन्दै भुइँमा खस्छ (२०७४-२१००) तर मारिएको कोइली त कान्हा आफूले नै पालनपोषण गरेको ठहरिएकोले उसलाई जोगाउन औषधी खोज्नमा कान्हा लाग्छन् । लोककाव्यको सन्दर्भ अनुसार कान्हा औषधीको लागि बसुदेव द्वार पुगेका छन् । यी बसुदेव पात्रको पृष्ठभूमि खुल्दैन । बसुदेवकहाँबाट विभिन्न औषधी बनाएर कान्हाले कोइलीलाई पुनर्जीवन दिन्छन् । इमलीको घोरिया, बाउन्न पंखा,

बेटको डण्डा लगायत परम्परागत जडिबुटी औषधीको प्रयोग गरिएको छ (२१०४-२१७३)।

त्यसपछि कान्हा कैलागिन, ढउरागिन हुँदै सुरमिल पर्वत पुग्छन्। तैपनि बारी फुलवारको नामोनिशान देख्दैनन्। अनि एक ठाउँमा बसेर हिक्का छाडेर रुन थाल्छन्। बाटो देखाउन ढुकुर आइपुग्छ। हिँड्दा हिँड्दै आफनो जाँघ दुखेको, पाखुरी फर्किएको भन्दै कान्हाले अब बारी फुलवार कति टाढा छ भनी ढुकुरसँग जिज्ञासा राख्छन्। ढुकुरले बारी फुलवार त्यति टाढा छैन, अब पुग्नेछौ भनेपछि कान्हाको ढाडस बाँधिन्छ। उनी सुरमिल पर्वत फाँडेर करौटी कटबेरा (छेको/बार) तथा कपरक कटबेरा फाँडेर बल्ल बारी फुलवार गई पुग्छन् (२१७४-२३०९)।

बारी फुलवारमा सुरक्षा पहरा कडा हुन्छ। कारी लगिन्या (काली नाग) ले फुफकार मार्ने हुँदा त्यहाँका सूर्य, हरिकविलास, देवी खरटार, शिव जगन्नाथ चारै दिशाका देउताले कान्हालाई बारी फुलवार नपस्न आग्रह गर्छन्। कान्हाले देउताका आग्रह नमानेर बारी फुलवार पस्दा कारी लगिन्याको फूफकारले बेहोश हुन्छन् (२३१४-२३७८)। कान्हाको त्यो अवस्था देखेर गलुरा (गरुड) उनलाई पातपतिङ्गरले छोपछाप पारेर औषधी खोज्न उड्छ। कान्हालाई छोपेर औषधीको लागि गरुड आकाशदेखि पातालसम्म उड्छ। जसरी कोइलीलाई जोगाउन कान्हा बसुदेवकहाँ औषधी माँग्न गएका छन्, त्यसैगरी गरुड कान्हा जोगाउन बासुदेवकहाँ औषधी माँग्न गएको छ (२३७९-२४५८)।

औषधीले पुनर्जीवन पाएपछि कान्हा बारी फुलवारमा आफूले चाहेको फुल धमाधम टिप्छन्। बारी फुलवारको पहरा गर्दै बसेको पसिया (बगरे) ले कान्हा लाई अतिथि हुन् भनेर देखेर पनि केही गर्दैन। सबै फुल टिपिसकेपछि कान्हा आफ्नो कानमा चम्पा फुल सिउरिन्छ र फुलको भारी काली नागको पिठ्युँमा कस्छ। बारी फुलवारबाट हिँड्नु अघि त्यहाँका सवै देउतालाई विदा बारीको लागि कान्हाले डाक्छ। देउता आएपछि सबैलाई मारेर थुप्रो लगाउँछ। राम्रो काम गरे देउता नभए उही दानव भनेझैँ कान्हाले दानवरूपी काली नागको पिठ्युँमा फुल बोकाएर डोर्‍याउँदै बारी फुलवारबाट निस्किएर घरतिर प्रस्थान गर्छ (२४५९-२५३०)।

कान्हा बाँसुरी बजाउँदै कुवा पानीघाट पुग्छन्। पानी भर्न जाने युवतीहरूले तिम्रा पुत्र बारी फुलवारबाट घर फर्किदै छन् भन्ने खबर दिए पनि कान्हाकी आमा महरिनले पत्याउँदिनन्। कान्हा घर पुगेर आमासँग दूध खान माँगेपछि दूध दिएर उनकी आमा खुशी हुँदै राम्रा राम्रा फुल आफ्ना देउतालाई चढाउँछिन् (२५३१-२५६५)। कान्हा नराम्रा फुल लिएर कंसको दरवार हिँड्छन्। कंसले पूजा गरेर देखाउन भनेपछि, आफ्ना देउता भए पूजा गरेर देखाउने थिएँ, अरुको देउताको कसरी पूजा गरौं भनी कान्हाले टार्छन्। पूजा गर्नु अघि कंस नुहाउन हिँड्छ। नुहाएर आइ पूजाको लागि पाँच फुल चढाउँदा लुकेर खाँडो चम्काइरहेका कान्हाले प्रहार गर्छन्। कंस गुहार माँग्छन्, जुन कान्हाको घरबाटै सुनिन्छ। मामा कंसलाई मारेपछि उनको सबै श्रीसम्पत्ति तथा राज्य कान्हा आफूले लिएको घोषणा गर्छन्। मामा मइ मरलुँ, माइ घर करलुँ भन्दै माइजुको स्याहार सुसार गर्छन् (२५६६-२६१९)। अन्तमा राधासँग कान्हाले बिहे गरेको सन्दर्भ लोककाव्यमा छ। कान्हाले धेरै थरी फुल रोप्छन्। सत्य युग गयो, कली युग आयो। कलीयुग माझ मनुवाले अवतार लिए भन्दै कृष्ण चरित्र थारू लोककाव्यको बाचन टुङ्ग्याइएको छ (२६२२-२६३८)।

## ३. सख्या काव्यको विशेषता

माथिको कथासारमा दृष्टि दिंदा सख्या काव्यलाई सृष्टिको कथा, खेतीपातीको प्रसंग, सुँडेनीको महत्व, कृष्ण राधाको प्रेम, कंसबाट कृष्णको परीक्षा, कृष्णको बारी फूलवार प्रस्थान गरी मोटामोटी ६ खण्डमा बाँडी यसको विशेषता केलाउन सहज हुन्छ। जसको संक्षिप्त चर्चा गरिन्छ।

### ३.१ सृष्टिको कथा

भनिन्छ, त्यो जाति मानव सभ्यताको आदिम जाति मानिन्छ, जसकोमा सृष्टि उत्पत्ति कथाको बर्णन हुन्छ। थारू जातिमा पनि सृष्टिको कथा पाइन्छ। गुर्बावक् जन्मौती (जल्मौटि) अर्थात् थारू लोक ब्रह्म पुराणमा यसको बृहत् बर्णन छ। यसबाहेक सख्या/ अष्टिम्की काव्यमा पनि सृष्टिको वर्णन पाइन्छ।

पहिले ट सिरिजल ढरटि मडागिन ११

सिरिजि ट गइल हो कुस कहि र डाभ १२

अर्थात् जमिनको पहिले कुनै नामोनिशान थिएन, सबैतिर जल नै जल थियो। त्यसपछि कुश प्रजातिको बिरूवाको उत्पत्ति भयो। त्यही बिरूवामा डाँठ, पात, फूल, फल लाग्दै ठूलो भयो। अन्य रूखविरूवा भए, जंगल बन्यो। जसरी

हिन्दू परम्परामा ब्रह्मालाई सृष्टिकर्ता मानिन्छ, त्यसैगरी थारू लोकोक्तिमा 'गुर्बाबा'लाई सृष्टिकर्ता मानिन्छ । सोही सृष्टिकथा अष्टिम्की चित्रमा पनि चित्रण गरेको पाइन्छ ।

### ३.२ खेतीपातीको प्रसंग

सख्या काव्यमा कान्हा (श्रीकृष्ण)ले खेलेको, कुदेको ठाउँको वर्णन यसरी गरिएको छ कि मानौ कान्हा, राधाहरू पनि थारू समुदायकै नै हुन् । हलो बनाउने काठ लिन बन गएको, पन्नी काठको हलो, हेंगा र हरिसलाई साल (जिन्ना), सैल र गटारलाई डुढि तथा लट्ठीलाई फोरसा काठ काटेको, हलो बनाइसकेपछि इसरू आफै गोरू हाँक्दै हलो जोत्न गएको लोकगाथा छ । थारूहरूको भोजनमा माछा, मासु, प्रिय हुन्छ । जासूले बिहानको खाना (कलवा) मा ती सबै परिकार बनाउँछिन् । खेती गर्दा खेतमै खाजा खानु थारूहरूको दिनचर्या हुन्छ । यहाँ कृष्णकी आमा जसलाई जासू (यशोदा) भनिएको छ । खेतमै श्रीमान्लाई खाना पुऱ्याउन डेलवामा राखेर जान्छिन् । गाउँभरिका मान्छे खेतमा व्यस्त हुन्छन् । यता खान पुऱ्याउने महिलाहरू यो समयमा खाना पुऱ्याउन जाने भनेर सल्लाह गरी हुल बाँधी सँगै निस्किन्छन् । यो परम्परा थारू समुदायमा अझै कायम छ (चौधरी २०६७: २७) । यस काव्यमा कृष्णका अभिभावकहरूको बस्ने घर पनि थारू जातिमा प्रचलित परम्परागत घरजस्तै छ । कृष्णको गोठाला जीवनले थारूहरूको सानैदेखि गाई गोठालाको जिम्मेवारी सम्हाल्ने परिस्थिति दर्शाउँछ ।

### ३.३ सुँडेनीको महत्व

जासु गर्भवती भएपछि इसरू आफै डंगियालाई लिएर सुढेनी बोलाउन गएको देखिन्छ । सुढेनीले जासुको प्रसुती गराउँदा कुशल नर्सझैं जासुको पेट मालिस गरेर सकुशल कृष्णलाई प्रसुती सेवा दिइएको प्रसंग छ । थारू समाजमा अहिलेसम्म पनि अस्पतालमा प्रसुती गराउनु भन्दा सुँडेनीकै सहयोग लिइन्छ । उनलाई केही पारिश्रमिक र विशेष खानपीन गराइन्छ । थारू समाजमा आफै न्वारन गर्ने चलन भएपनि सख्यामा सुँडेनीले नाम राख्न जैसी (ब्राम्हण) बोलाउन पठाएको प्रसंग छ । जैसीले कृष्णको नाम कन्हैया वीर राखेका छन् ।

### ३.४ कृष्ण राधाको प्रेम

कृष्णको बाँसुरीको धुनले वनका जीवजन्तु, पशुपंक्षीसमेत मोहित हुन्छन् भने बठिन्या (युवती) हरू झन मोहित नहुने कुरै भएन । कृष्ण राधाको प्रेमको झल्को सख्या नाचमा देख्न पाइन्छ । सख्या नाचमा मादलेको रूपमा देखिने मन्डरियाहरू कृष्णको प्रतीक हुन् भने नर्तकीहरू राधाको प्रतीक हुन् । जसरी राधा सोह्र श्रृङ्गार गरेको प्रसंग सख्या काव्यको विभिन्न चरणमा उल्लेख छ, त्यसैगरी सख्या नाचमा राधारूपी नर्तकहरूको श्रृङ्गार पनि बेजोड हुन्छ । राधा दही

बेच्न जाँदा उनले आफ्ना सहेलीहरूलाई आफूले गरेको श्रृङ्गारले अरुलाई आकर्षित गर्न यसरी निर्देशन दिएकी छिन्:

१३६५ रसकन नेंगहो रि बहिनि भाँउ मटकइहो
१३६६ मठ कहि टिकुलि मार रे झलका
१३६७ रसकन नेंगहो रि बहिनि अँखिया झम्कइहो
१३६८ आङखि कही कजरा उरि रे फहरा
१३६९ रसकन नेंगहो रि बहिनि मुरिया हिलइहो
१३७० नाक कहि नठिया मार रे झलका
१३७१ रसकन नेंगहो रि बहिनि मुरिया हिलइहो
१३७२ कान कहि झिल्मिलिया मार रे झलका ।

(चौधरी, २०७६: ३४५)

अर्थात्, ए बहिनी, तिम्रो हिँडाइको चाल यस्तो होस्, आँखीभौं खुम्च्याउँदा निधारको टीका टलक्क टल्कियोस् । आँखाको झिम्काइ यस्तो होस् कि आँखामा लगाएको काजल नै उडोस् । यसरी शीर हल्लाउनु कि नाकको नठिया, कानको झिल्मिलिया झल्कियोस् । सख्या नाचका नर्तकीहरू पनि नाचको ख्वाट (स्टेप) मा यसरी नाच्छन् कि राधाले वर्णन गरेझैं त्यसरी नै अंग हल्लाउँछन् र आफ्नो श्रृंगार हेर्न बाध्य पार्छन् ।

श्रीमद्भागवत लगायत महाकाव्यमा राधा केवल कृष्णकी प्रेमिका छिन् । तर सख्यामा कान्हाले राधालाई बिहे नै गरेका छन् । कसैसँग प्रेम गरिए त्यसलाई प्रेमको उत्कर्ष बिहेमा परिणत गर्नुपर्ने थारू समुदायको मान्यता यसमा झल्किन्छ ।

### ३.५ कंसबाट कृष्णको परीक्षा

मामा कंससँग कृष्णको थोरै सम्बाद अष्टिम्की/सख्यामा समेटिएको छ । कंशले मार्ने उद्देश्यले कृष्णलाई जिउँदो बघिनीको दूध ल्याउन अह्राएको र कृष्णले सफलतापू र्वक ल्याएको, डरलाग्दो फूलवारीमा फूल टिप्न पठाउँदा काली नागलाई नै बोकाएर कंशको दरवारमा फर्किएको प्रसंग छ । यस काव्यमा अन्यत्र बर्णन नपाइने कैयौं प्रसंग आएका छन् । कृष्णकी बोई, ठूला बा, ठूली आमा, दाजू भाउजूका प्रसंग छन् (आचार्य, २०६३ः १३६) । जेठाजु, जेठानी, देवर, नन्दलगायतका प्रसंग पनि छन् । यसले थारू समुदायको संयुक्त परिवारको झल्को दिन्छ ।

यदि कृष्ण बारी फूलवार नगएको भए गोठाला जीवन नै बिताउने थिए । एक्लै छोरा छ कसरी बारी फुलवार पठा उनु भनेर यशोदा रूँदै भात पकाएको कारूणिक दृष्यको बर्णन छ ।  एउटा भनाइ छ, जहाँ थारू, त्यहाँ दारु । सख्या काव्यमा मड (रक्सी) को प्रंसग पनि आएको छ ।

१६४९ टाल भर घ्यूउ मइ डिहबु पोखर भर मडवा मइ डिहबु

१६५० छोरि डेउ कनसा कनैया कहि जिउ

(चौधरी, २०७६ः ३६५)

यहाँ कान्हाका बाबाले कंससँग विन्ति गर्छन् । ए कंस बरु म तिमीलाई तालभरि घ्यूउ अनि पोखरीभरि रक्सी दिउँला तर कान्हालाई बारी फुलवार नपठाऊ, उसलाई माफ गरिदेऊ । यसरी थारू समुदायले द्वापर युगमै घरमा रक्सी तयार पार्ने प्रसंग यहाँ भेटिन्छ ।

### ४. सख्याको प्रस्तुति

दसैं आउनु अघि नै एक महिनादेखि रातीको खानापछि सख्या गीत सिकाउने मोह्निन्या (गुरुमा) को घरमा सख्या नाच्ने टोलीका सदस्यहरूले गीत सिक्छन् । दसैं सुरु भएपछि दिन डुबेसँगै गाउँको बरघर (महटाँवा) को आँगनमा खास गरी एकैजसो पोशाकमा ठाँटिएर गाउँका थारू युवतीहरू जम्मा हुन्छन् । गाउँको घरसङ्ख्या अनुसार नर्तकीहरूको सङ्ख्या पनि धेरै, थोरै हुने गर्छ । मादलेको आगमन भएपछि मादलको तालमा गीत गाउँदै हातको मुजुरा एकापसमा ठोक्काउँदै नाच्छन् । दर्जनौ मादलको एक दमदार तालमा मुजुराको छन छन ध्वनिले आफैमा वात(ावरणलाई मादकता थप्दै रौनक बढाउने भएकोले युवा युवतीहरूले रात गएको पनि थाहा नपाउने अवस्था सिर्जना हुने गर्दछ ।

दसैंमा करीब २ सातासम्म सख्या नृत्यमा गीत गाउँदै नाचिन्छ । मादलेको मादलको तालमा राती १२-१ बजेसम्म नृत्य हुन्छ । सख्याको कृष्णचरित्र वाहेक बीच बीचमा रामायण लगायत अन्य सामाजिक विषयवस्तु बोकेको गिडहा पैँया गीत पनि गाउँदै नाचिन्छ । सख्या नृत्यको समापनमा देउता बसाल्नुपर्छ । सख्यामा विभिन्न हाउभाउका साथ नर्तकीहरूको नृत्य तथा मादलेको हाउ भाउले सम्पादन कला देखाउँछन् । देउता बसालेपछि त्यो दिन मादल बजाउन पाइँदैन । सख्या नाच गरेको उपलक्ष्यमा नर्तकीहरूबाट व्यवस्थापन गरिएको 'ख्यारा' खाएर यसको औपचारिक समापन हुन्छ । पुरुषले मादल बजाउने लगायत कला जान्नुपर्ने, महिलाले नाच्ने, गाउने लगायत कला जान्नुपर्ने सन्देश दिन्छ सख्याले ।

### ४.१ सख्यामा भेषभूषा, गहना र सौन्दर्य प्रसाधन

सख्यामा मादलेहरू आफ्नो मादलमा झप्कनले सजाएर टोपी, गम्छा, कमिज, कछार लगाएका हुन्छन् । नर्तकीहरू सेतो रिवन, रातो झोवन्हा, रातै ब्लाउज तथा सेतो ठेठवा (लुँगी जस्तो पहिरन) एकै किसिमको पहिरन लगा(एका हुन्छन् । ठेठवा अड्याउन कम्मरमा बाँधिने पेटी तथा खुट्टाको चप्पल भने फरक फरक हुन्छ । आफूले लगाएको भेषभूषाले पनि नर्तकीहरू मादलेलाई आकर्षित गर्ने प्रयास गर्छन् । युवायुवतीहरू आफूप्रति एक अर्काको भावना बुझ्ने एउटा अभियान पनि हो सख्या नृत्यको प्रचलन ।

### ४.२ सख्यामा कृष्णचरित्रको गायन

सख्या गीतको सुरुमा उठान गर्दा समह्रौटी (मङ्गलाचरण) गाइन्छ । यस्तो समह्रौटी थारू समुदायमा बर्का नाच गर्दा पनि गाउने चलन छ (दिवस र प्रधान (सं), २०६५ः २४४) । यसमा सख्या नाच सफलतापूर्वक सम्पन्न होस् भनी देवीदेउताको अराधना गरिएको छ । यसमा डानु अर्थात् राक्षसको सुरुमा सम्झना गरिएको छ । कंसरूपी डानुले नृत्य नबिथोलोस् भनेर डानुको अर्चना गरेको हुन सक्छ । त्यसपछि विद्याकी देवी सरस्वतीलाई सम्झिदै, प्रणाम गर्दै उनी

हृदयमा बसुन्, अनि गीत पोते उनेझैं आओस् भनी कामना गरिएको छ। लगत्तै पोते उनेझैं गीत पनि सर्रर आएको छ। मालीलाई फूल लिन पठाउँदै फूलको माला उनेझैं गीत आओस् भनी कामना गरिएको छ।

समझौटी गीत सख्या नाच्नु अघि प्रत्येक दिन गाइन्छ। समझौटीमा सर्वप्रथम डानु (दानव) र उसको बलवान् आकारको स्मरण आह्वान गरिएको प्रसङ्गलाई अर्थ्याउँदै कसै कसैले थारू जातिलाई दानव पूजक ठान्दछन् (आचार्य, २०६८: २)। शेरबहादुर चौधरीका अनुसार डनुवा थारूहरूको बाइस देउतामध्ये एक देउता हुन्। यी देउता प्रत्येक थारू गाउँको सामूहिक देउथान मरुवाको पश्चिम उत्तर कुनामा हुन्छन्। यिनको काम आफूले मादल ठटाएर डहर चण्डी देवीलाई नचाउनु हो। त्यसैले, यिनलाई हरेरी पूजामा काठको मादल र खराउँ वनाएर चढाईन्छ। डहरचण्डी थारू गाउँको सामूहिक देउथान मरुवामा पूजा गरिने सबैभन्दा ठूला देवी हुन्। डहरचण्डी र द्रौपदी दुई दिदी बहिनी हुन् भन्ने विश्वास थारू समुदायमा गरिन्छ। (चौधरी, २०५३: २९-३०, सर्वहारी, २०६९: ३०)। यसरी डहरचण्डी देवीलाई नचाउने मरुवाको डनुवालाई समझौटीमा विद्याकी देवी सरस्वतीलाई भन्दा पहिले समझौटीमा दुई पटक सम्झना गरिएको छ। मूल सख्यामा कृष्णचरित्रको विषयवस्तु समेटिएको हुन्छ भने मूल गीतबाहेक कृष्णचरित्र नसमे टिएको अन्य गिडहा पैंयाको गीत पनि बीच बीचमा गाउँछन्। मादलेहरू भने गीत गाउँदैनन्। मादलेको अगुवाले ठूलो स्वरमा 'हँई' कही 'हाँ' स्वर उरालेपछि नाचको चरण परिवर्तन हुन्छ, तर गीत भने जारी रहन्छ। पाउ लागी गर्नुलाई थारू भा षामा पैंया लग्ना वा पैंया लगैना भनिन्छ। सख्या गीतको प्रसङ्गमा नृत्य गर्ने गोपिनीरूपी बठिन्या (युवती)हरू कान्हारूपी मादले युवाहरूप्रति तथा कान्हारूपी मादले युवाहरू गोपिनीरूपी बठिन्याहरू एक अर्काप्रति समर्पित हुने सन्दर्भमा आएको हो।

सख्यामा पैंया नाचको चलनबारे सुशील चौधरीको कथन छ- थारू ताण्डव नृत्य भनेर परिचित अखरिया नाच (गुरुवा बन्दा वा दसैंमा कुल देवतालाई खुसी पार्न ना चिने शास्त्रीय नाच) यसलाई भुटहा नाच पनि भनिन्छ, यो नाच पचरा मन्त्र डेसबन्ढ्या गुरुवाले उच्चारण गरे पनि शारीरिक रूपमा पूर्ण रूपमा उत्तेजित भएर ना चिन्छ। यसका साथै खेतीपाती सकिएपछि गाउँको सुरक्षा तथा खेतीपाती हरियो भरियो भइरहोस् भन्नका लागि हरेरी पूजा गरिन्छ, त्यस बेला पनि मन्त्रले सजाइएको बेटको लठ्ठीलाई पैंया भनिन्छ, पैंया समातेर गुरुवाहरू नाच्ने गर्दछन्। त्यसैले पनि सख्यामा पैंया नाचको चलन भएको होला। मादलको तालमा धेरै समानता हुने भएकोले पनि यसो भन्न सकिन्छ।

पैंया मूलतः गीतहीन सामूहिक नृत्य हो। तर केही गीति पैंया पनि पाइन्छ। त्यस्तो पैंयालाई गिडाहा पैंया भनिन्छ। कुनै कुनै पैंया गीत त श्रृङ्खलित आख्यानमा उनिएको हुँदा त्यस्ता पैंया गीतलाई लोकगाथाको कोटीमा पनि राखिएको छ। पैंया गीत अनेक विषयवस्तुमा रचिएको पाइन्छ। यसमा रामायण, महाभारत तथा लौकिक जी वनका आख्यान पनि भेटिन्छन्। रावणसँग सम्बन्धित रौंनक पैंया पनि रहेको छ (दिवस र प्रधान (सं), २०६५: २४४)। यसरी पैंया लाग्दा सख्या गीतकै प्रसङ्ग आउनु पर्छ भन्ने छैन।

## ४.३ आशिष दिने गीत

सख्या नृत्य नाचेर समापनको रूपमा आसिक डेना (आशिष दिने) गीत गाइन्छ। आसिक डेना गीत दुई चार लाइन भए पनि प्रत्येक दिनको समापनमा गाउनु पर्छ। औपचारिक रूपमा सक्नु अघि भने आसिक डेना गीत पुरै विधि पुऱ्याएर गाउनुपर्छ।

जाओ जाओ हो मन्डरिया डाडु उटरक पर्वट सिलिकोट बुकि फूला टुरि टुरि अनहो र
सखि र हमारि मोह्निन्या गोहि हुइहि जे केसरार ।१।
जाओ जाओ हो मन्डरिया डाडु उटरक पर्वट सिलिकोट बुकि फूला टुरि टुरि अनहो र
सखि र हमारि अगुन्या गोहि हुइहि जे केसरार ।२।
जाओ जाओ हो मन्डरिया डाडु उटरक पर्वट सिलिकोट बुकि फूला टुरि टुरि अनहो र
सखि र हमारि पछ्गिन्या गोहि हुइहि जे केसरार ।३।
असौंक साल मन्डरिया डाडु झुलि झुलि मन्डरा बजैलो र
सखि र आगु साल मन्डरिया डाडु हाँठ मिसि मिसि रहबो ।४।

(पन्ना, २०७०: १९५-१९६),

अर्थात् जाउ है मादले दाजु, उत्तरतिरको पर्वतबाट बुकी फूल टिपी ल्याउनु, ती फूल पहिरेर हाम्रा नाच टोलीका मोह्रिन्या, अगुन्यादेखि पछगिन्यासम्म सबै प्रफुल्लित हुनेछन् । यो वर्ष त कम्मर मर्काइ मर्काइ मादल ठटायो, अर्को वर्ष हात मलेर बस्नु पर्ला । अर्थात् नर्तक युवतीले आफू बिहे गरेर जाने संकेत मादलेलाई दिएकी छिन् ।

### ४.४ समह्रना गीत

मोह्रिन्याहरूले समह्रना गीत गाउने तर पछगिन्याले हमरि मेररियक रच्छा करि रिउ र यही एक श्लोक मात्रै दोहऱ्याउने गर्छन् । महटाँवाले गाउँमा जुन जुन देउताको साझा पूजा गराउँछन्, त्यसबाहेक बरघरसँग सोधपुछ गरेर उनको घरको देउता र अन्य देउताको नाम लिएर समह्रना (सम्हाल्ने) गीत गाउँछन् ।

### ४.५ बइठइना गीत

बइठइना (देउता बसाल्ने) क्रियाकलाप पहिले जति पनि नृत्यगान गर्न छुट छ । तर देउता बसालेपछि सो दिन मादल बजाउन, नृत्यगान गर्न बर्जित हुन्छ । त्यसैले देउता बसाल्ने दिन जति थकित भए पनि देउता बसाल्नु अघि सख्यासँगै अन्य नृत्य गर्ने चलन पनि छ । यसलाई भुटहा गीत पनि मानिने भएकोले एकजना गुरुवा (धामी) पनि सँगै  हुन्छन् । सख्या नाचको अन्तमा मोह्रिन्याहरूले माथिको बइठइना (देउता बसाल्ने) गीत गाउँछन् । तर पंच्गिन्याहरूले तलको यही एक श्लोक मात्रै दोहऱ्याउने गर्छन् ।

२६४९ डानु डाडा डेहोरि नोहोरि डानु रि डाडा

२६५० डानु मोर गइला र उहि परडेस ।

यसरी सख्या गीतको अन्त्यमा पशुपंक्षी, रूख वृक्ष ला ई पनि विश्राम लिन आग्रह गर्दै सकिन्छ । सख्या नृत्यको समापनको दिन साँझ हुने क्रमसँगै महटाँवासहित पाहुनाहरू भेला भएपछि देउता बइठइना (देउता बसाल्ने) काम सुरु हुन्छ । गुरुवा मन्त्र पढ्दै देउता बसाल्छन् । जसमा महटाँवा, मडरिया र नर्तकीहरू सबैजना अनिवार्य रूपमा भाग लिई सहयोग गर्छन् । देउता बसाल्दा पहिले गाउँका साझा देउतापछि सख्या नाचिने महटाँवाको घरको देउताको नाम लिदै गीत गाइन्छ (पन्ना, २०७०: १९६) । बइठइना (देउता बसाल्ने) क्रियाकलापपछि ख्यारा खइना काम सुरु हुन्छ । सख्या नृत्य लामो समयसम्म गरिने हुनाले बिच बिचमा चुक्की (पिकनिक) खाने कार्यक्रम पनि रहन्छ । त्यसै गरी अन्तिममा ख्यारा खइना (विशेष पिकनिक) कार्यक्रम हुन्छ । सख्या नृत्य खास गरी महटाँवा/बरघरको आँगनमा गरिने भएकोले ख्यारा खइना कार्यक्रम पनि उनकै घरमा हुन्छ । सख्या नृत्यको अन्तिम दिन खुशीयालीको रूपमा चुक्की खाने दिन, मीठो मीठो खानपिन र देउता बैठैना (नाचमा सक्रिय देउता बसाल्ने) काम गरिन्छ । यो दिन सबैभन्दा धेरै मा नमर्यादा अग्वा मडरिया (मुख्य मादले) को हुन्छ । त्यसै गरी गाउँका महटाँवा/बरघर, गुरुवा र केही गन्यमान्य पुर्खाहरू पनि पाहुनाको रूपमा निम्ता गरिएका हुन्छन् । यो कार्यक्रम नर्तकीहरूको तर्फबाट आयोजना गरिन्छ । कहीं कहीं महटाँवा/बरघरको तर्फबाट ख्यारा खइनाको लागि पूरै व्यवस्था हुन्छ ।

ख्यारा खाने तयारी करिब दुई साता अघिबाट नै गरिन्छ । कुनै घरको मान्छे रक्सी वनाउँछन्, कुनै घरमा जाँड वनाइन्छ । नजिकैको वनबाट सालको पात टिपी ल्याइ दुना र टपरी गाँस्छन् । ख्यारा खाने दिन समूह समूह वनाइ एक समूह नर्तकीहरू माछा मार्न जाने, अर्को समूह घर घरबाट तरकारी जुटाउने, अर्को समूह खानपान  बनाउँछन् । जुन जुन घरमा सख्या नाचिन्छ, त्यहाँबाट गच्छेअनुसार नगद रकम दिइन्छ । विशेष फर्मायस गर्नेले अलि बढी रकम दिन्छन् । तर रकमको व्यवस्थापन सही काममा हुन सकेको  छैन । खानपीनकै जोहोमा त्यो रकम सकिन्छ । नृत्य गरेर उठेको पैसाले जिता मार्ने (सुंगुर), चलन छ । मानबहादुर पन्ना (२०७०: ज) ले आफ्नो अगुवाईमा सुर्खेतका गैरथारूहरूको घरमा समेत सख्या नाच गराएको तथा सङ्कलित रकमले सख्या गीत प्रकाशन गर्नुपर्ने प्रस्ताव राख्दा समूहका कसैले नमानेको, बरु सुंगुर मारेर खाएको तथा बाँकी रकमले भ्रमण गरेर आएको दुःखेसो पोख्छन् ।

साँझ हुनुभन्दा पहिले नै सबै किसिमको खानपीन पका उने काम सम्पन्न भइ सक्छ । अग्वा मडरियालाई ठूलो टपरीमा माछाको खँरिया, मासु र तरकारी, रक्सी खान दिइ मान मर्यादा गर्छन् । त्यसै गरी पछ्वा मडरियाहरूको पनि राम्रैसँग मानमनितो गरिन्छ । त्यसपछि गुरुवा र पाहुनाहरूलाई खानपिन टक्र्याइन्छ । अन्तमा नर्तकीहरू पनि खानपिन गर्छन् । अग्वा र पछवा मडरियाहरू कहिलेकाहीँ चित्त दुःखेर अलि बढ्तै मानमनितो खोज्छन्, रिसाएका हुन्छन् । तब नर्तकीहरू कैयौंचोटि घरमै बोलाउन जान्छन् । अन्तमा हात समाती ल्याएको पनि देखिन्छ । मादलेहरू रिसाएमा अर्को वर्ष कसले मादल बजाइदेला भन्ने डरले पनि सक्दो खुसामद गर्ने चलन र बाध्यता हुन्छ ।

आजकल युवाहरू प्रायः पढाई वा कामको सिलसिलामा गाउँ बाहिर रहने भएकाले युवतीहरू आफै नै मादल वनाएर रहर मेट्ने गरेको पनि देखिन्छ। अव त अग्वा र पच्छ्वा मादले पनि युवतीहरू नै हुने गरेको देखिन्छ। खास गरी दाङदेउखुरीमा यो प्रचलन बढी देखिन्छ।

त्यसो त बाबियो काटेर सकिएपछि, घरको छाना छाएर सकिएपछि, रोपाइँ सकिएपछि, धान दाँइ सकिएपछि पनि थारू गाउँलेहरू ख्यारा जस्तै सामूहिक खानपीन गर्छन्, नाच्छन्, गाउँछन्, रमाउँछन् । जतिसुकै थकाई लागे पनि नाचगान भनेपछि उनीहरू हुरुक्कै हुन्छन्। दिनभरी काम गरेर सकेपछि आदिवासीहरू राती एक ठाउँमा भेला हुन्छन्, तव लोग्ने, स्वास्नीको भेद रहन्न, त्यहाँ मात्र पुरुष, महिलाको उपस्थिति रहन्छ। मध्यरातसम्म नाचेर उनीहरू मस्तले आ-आफ्नो झुपडीमा सुत्छन् । त्यसैले, आदिवासीहरूमा जस्तो शान्ति छ, जस्तो प्रफूल्लता छ, उनीहरूको दीनहीनतामा पनि जस्तो गरिमा छ, त्यो सभ्यभन्दा सभ्य मान्छेले सबै सुविधापछि पनि पाउन सकेको छैन। कहीं कतै धेरै गहिरो सत्यलाई सम्झिन सकिएको छैन (ओशो, ई. स.२०१०: १३०)। ओशोले आफ्नो नृत्यमोहले आदिवासी खुशी रहेको जुन आँकलन गरेका छन्, त्यो थारू समुदायमा पनि देखिन्छ।

## ५. उपसंहार

संख्या गीतको अन्त्यमा पशुपंक्षी, रूख वृक्षलाई पनि विश्राम लिन आग्रह गर्दै सकिन्छ। अझै पनि बनसप्टिको नाउँमा थारू समुदायले रूख वृक्षलाई पुज्ने चलन कायमै छ। सख्या नाच तथा गीत सस्तो मनोरन्जन नभएर यसमा समग्र थारू सुमदायको समग्र चित्रणका साथै इतिवृत्तान्त रहेको छ। थारू लोकरचियताहरूले स्ख्याका प्रमुख पात्र कृष्ण, राधालाई थारूकरण गरेका छन् । थारू गोपिनीहरूद्वारा कान्हाको जन्मदिनमा प्रत्येक बर्ष मनाइने पावन पर्व 'अस्टिम्की' तथा दसैंमा गाइने सख्या लोक काव्यभित्र वैज्ञानिक तथ्य र चिन्तनका कुरा समावेश भएको छ। कान्हा चरित्रले थारू लोकसंस्कृतिमा जुन रस घोलेको छ, त्यो अनौठो छ। सख्यासँगै जोडिएको 'अस्टिम्की'का अवसरमा बनाइने चित्रमा थारू समुदायको जीवन प्रणाली झल्किन्छ। यसको अभ्यासलाई निरन्तरता दिनु जरुरी छ।

## सन्दर्भ सामग्री


आचार्य, गोविन्द (२०६८), थारू लोक सांगीतिक सामग्री सख्या-पैया, **अतिरिक्त**, १)३, पृ.१५।

आचार्य, गोविन्द (२०६३), **राप्ती लोक साहित्य**, काठमाडौं: पैरवी प्रकाशन।

ओशो (२०१० ई), **साक्षी कृष्ण और रासलीला**, दिल्ली: डायमण्ड पाकेट बुक्स प्रालि।

चौधरी, कृष्णराज। २०७६। थारू संस्कृतिमा कृष्णचरित्र परम्पराको अध्ययन। नेपाल संस्कृत विश्वविद्यालय समक्ष विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधपत्र, अप्रकाशित।

चौधरी, कृष्णराज (२०६७), अष्टिम्की (कृष्णजन्माष्टमी) र सखिया नृत्य, **समष्टी**, ३१)७४, पृ.३४-३८।

चौधरी, कृष्णराज (२०६७), थारूहरूको अष्टिम्की पर्वमा श्रीकृष्ण गाथा, **अन्तर्ध्वनि**, ४२)२६, पृ. २५-२८, बैशाख-आषाढ।

चौधरी, शेरबहादुर (२०५३), रजावर मरुवक बाइस देवता, **बिहान**, कुँवार, ८)५, पृ.२९-३२।

दिवस, तुलसी र प्रमोद प्रधान (सम्पा.) (२०६५), **थारू लोक वार्ता तथा लोक जीवन**, काठमाडौं: नेपाली लोकवार्ता तथा संस्कृति समाज।

थारू, अशोक (२०६३), **थारू लोक साहित्यमा इतिहास, कला र दर्शन**, दाङः परिवर्तनका सम्वाहकहरूको मञ्च नेपाल।

पन्ना, मानबहादुर (२०७०), **थारू सखिया नाच गीत**, बर्दिया: युनिक नेपाल।

सर्वहारी, कृष्णराज। २०७६। सख्याके समाजशास्त्र, **गोचाली**।

सर्वहारी, कृष्णराज (२०६९), **थारू गुर्वा र मंत्र ज्ञान**, काठमाडौं: थारू पत्रकार संघ नेपाल।

त्रिपाठी, वासुदेव र अन्य (२०५५), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

# थारु साहित्यमा कैलाली र कंचनपुरको इतिहास : एक अध्ययन

सागर कुश्मी
धनगढी कैलाली
फोन ९८४८४७००६०
sagarkusmi779@gmail.com

हरेक जाति समुदायको आ-आफ्नो पहिचान र मौलिकता रहेको छ । भाषा, कला, संस्कृति, रहनसहन, भेषभुषा हरेक समुदायको पहिचान हो । यहाँका थारु समुदाय पनि तराईका आदिवासी भुमिपुत्र हुन् । थारुहरुको पनि आफ्नै नाचगान, चाडपर्व, चालचलन छन् । यहाँ यस आलेखमा थारु समुदायको कैलाली र कंचनपुरका थारु भाषामा प्रकाशित पोस्टा र स्रस्टाका बारेमा उपशीर्षक राखी चर्चा गरिएको छ ।

## थारु साहित्यमा कैलालीको इतिहास

### विषय प्रवेशः

कैलाली जिल्ला थारु समुदायको सबैभन्दा बढी जनसंख्या भएको जिल्ला हो । २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० रहेको छ । जसमध्ये महिलाको जनसंख्या १ करोड ४९ लाख १ हजार १ सय ६९ छ भने पुरुषको जनसंख्या १ करोड ४२ लाख ९१ हजार ३ सय ११ रहेको छ । यहाँको वार्षिक वृद्धिदर ०.९३ प्रतिशत रहेको छ ।

कैलालीमा संस्थागत ढंगले थारु साहित्यलाई टेवा दिने क्रमको शुरुवात भएको छ । यो खोज तथा अनुसन्धानमुलक आलेखमा कैलालीबाट थारु पुस्तक तथा थारु पत्रिका प्रकाशनको सूची केलाउँदै थारु साहित्यमा कैलालीको इतिहासबारे चर्चा गरिएको छ ।

## कैलालीबाट प्रकाशित थारु पत्रपत्रिका

कैलालीबाट प्रकाशित हुँदै गरेको थारु भाषाको पहुरा नेपाल भरीमै एक मात्र थारु दैनिक पत्रिका हो । यसले शनिबारीय अंकमार्फत् थारु साहित्यलाई टेवा दिएको छ । २०२८ सालमा थारु भाषाको पहिलो पत्रिका गोचाली प्रकाशन भए पनि कैलालीबाट २०४६ सालमा मात्र थारु पत्रिका प्रकाशित भएको देखिन्छ । कैलाली बहुमुखी क्याम्पस, धनगढीमा गठित थारु विद्यार्थी परिवारले २०४६ सालमा टेम्ह्री (कोपिला) पत्रिका प्रकाशन गरी त्यहाँबाट थारु साहित्यिक पत्रिकाको शुरुवात गरेको थियो । २०४८ सालमै थारु विद्यार्थी परिवार, टीकापुर कैलालीका विद्यार्थीहरुले जोगनी (पुतली) पत्रिका प्रकाशन गरे । तर यी दुवै पत्रिकाको अर्को अङ्क निस्किन सकेन । थारु युवा जागृति परिवार कैलालीको गोम्हनियाँ (बामे सर्नु) पत्रिका २०४९ सालमा प्रकाश गऱ्यो । कैलारी गाउँपालिका ५ गोबरैला कैलालीका अजय करियामंघरियाको सम्पादनमा जम्मा तीन अङ्क प्रकाशित भई स्थगित रहेको गोम्हनियाँ पुनः प्रकाशन हुन सकेन ।

थारु पत्रकारितालाई व्यावसायिक ढङ्गले अघि बढाउने अगुवा हुन् जोखनराम चौधरी । कैलाली, रानामुडाका यी युवा जोखन रत्गैंयाका नामले परिचित थिए । कैलालीमा गोचाली परिवार गठन गरी प्रगतिशील साहित्य पत्रकारितालाई मलजल दिने काममा दिने काममा यिनको भूमिका महत्वपूर्ण छ । २०४९ सालमा गोचाली परिवार कैलालीको मुखपत्रको रुपमा मुक्तिक डगर (मुक्तिको बाटो) वार्षिक पत्रिका जोखन रत्गैंयाको सम्पादनमा निस्कियो ।

मुक्तिक डगरको सहप्रकाशन थारु मुक्ति साप्ताहिक ४७ अङ्कसम्म प्रकाशित भएको देखिन्छ । समाचारमुलक पत्रिका भए पनि यसमा प्रगतिशील कथा, कविताले धेरै स्थान पाए । गोचाली परिवार कैलालीसँग आबद्ध अधिकांश सदस्य तथा थारु मुक्ति साप्ताहिकका सम्पादक जोखन रत्गैंया तत्कालिन नेकपा माओवादीको पार्टी अभियानमा संलग्न भएपछि यसको प्रकाशन स्थगित भयो । सुरक्षा कारबाहीमा जोखन रत्गैंयाको हत्या भएको बताईन्छ । गोचाली परिवार तथा मुक्तिक डगर र थारु मुक्ति साप् ताहिक सम्बद्ध अधिकांश सदस्यहरुलाई २०५८ मंसीर ८ को संकटकालपछि खोजी खोजी पक्राउ गरियो । अन्य पत्रिकासंग सम्बद्ध सदस्यहरुलाई पनि यस कारबाहीले निकै तर्सायो

। थारु पत्रिका एकप्रति भेटिए पनि प्रशासनले पक्राउ गर्न थालेपछि धेरैले आफ्नो बर्षौंदेखि सङ्कलित पत्रिका जलाउनु पऱ्यो । यस कारबाहीले सिङ्गो थारु साहित्यिक पत्रकारितालाई पनि उथलपुथल पाऱ्यो । पत्रिका प्रकाशनमा जुन उभार आई रहेको थियो, त्यो स्यापसुप्पै सुक्यो ।

थारु कल्याणकारिणी सभा जिल्ला समिति कैलालीले, २०५३ पुसमा अँखुवा (टुसो) चौमासिक प्रकाशित गऱ्यो । त्यस्तै, २०५३ माघमा जगत रत्तौँयाको सम्पादनमा एकता थारु परिवार, पञ्चोदय माध्यमिक विद्यालय, कैलालीले ट्रासन (मादलको ताल), २०५४ माघमा रामदिन चौधरी तथा साथीहरुको सम्पादनमा थारु विद्यार्थी एकता परिवार, धनगढी माध्यमिक विद्यालय, कैलाली दिया (दीयो) पत्रिका तथा २०५७ मा टीकापुर कैलालीका चित्रबहादुर चौधरीको सम्पादनमा सैचिन (नासो) मासिक पत्रिका प्रकाशित गरेको देखिन्छ । बाँढुराम थारुले धनगढी, कैलालीबाट थारु साप्ताहिक (२०५७) तथा अव्यवस्थित बस्ती समाधान समाज, कैलालीले संगम चौधरी र रामलक्ष्मण चौधरीको सम्पादनमा निसराउ साप्ताहिक (२०५७) १३ अंक मात्र प्रकाशन गरे । दिलबहादुर चौधरी लगायतको समूहले धनगढीबाट २०५९ चैतदेखि पहुरा साप्ताहिक शुरु गरेपछि यसले पछि लक्की चौधरीको प्रकाशन/सम्पादनमा हमार पहुरा अर्द्धसाप्ताहिक, र पछि दैनिक रुपमा प्रकाशन गर्दै थारु साहित्यलाई पनि टेवा दिएको छ । हाल स्माइल चौधरी र प्रेम चौधरीको टीमले पहुरा दैनिकको सम्पादन/प्रकाशन गरिरहेका छन् ।

कैलालीकै सुरेन्द्र कठरियाको सम्पादनमा रहिबार वार्षिक (२०६०) राजकुमार कठरियाको सम्पादनमा रोशनी (२०६०) धनगढी कैलालीका श्यामलाल राना/नारदमुनि रानाको सम्पादनमा राम राम (२०६०) पत्रिका प्रकाशित गरेको देखिन्छ । गैरथारुको सम्पादनमा पनि थारु पत्रिका प्रकाशन भएको देखिन्छ, जो स्वागत योग्य कुरा हो । युवा जागरण समाज बनगाउँ, कैलालीले हेमराज खड्काको सम्पादनमा दिया त्रैमासिक प्रकाशित गरेको छ । २०६० सालमा कैलारी गाउँपालिका ४ को गाउँ कैलालीबाट हनुमान चौधरीको सम्पादनमा झोंपडी साहित्यिक त्रैमासिक पत्रिका २ अंक सम्म प्रकाशन भएको देखिन्छ । जनआन्दोलन २०६२/६३ को राप र तापले होला, सखिया साहित्य उत्थान समूह, कैलालीले कृपाराम चौधरी अंङना त्रैमासिक (२०६२), कैलालीबाटै अश्रा (२०६२) थारु विद्यार्थी समाज कैलालीले बसन्त चौधरीको सम्पादनमा कल्गी सन्देश (२०६३), थारु विद्यार्थी समाज, कैलालीले जगदीश रानाको सम्पादनमा लखबारी (२०६६) प्रकाशित गरेको देखिन्छ । उघरार थारु साहित्य प्रतिष्ठान, कैलालीले संयुक्त प्रकाशनको कुरालाई जोड दिदैं प्रकाश बहादुर चौधरीको समुहले उघरार अर्द्धवार्षिक (२०६९) प्रकाशन गरेको छ । जिल्ला प्रशासन कार्यालय कैलालीमा विधिवत रुपमा दर्ता भई धनगढी कैलालीबाट साहित्यकार तथा पत्रकार सागर कुश्मी संगतको एकल प्रकाशन/सम्पादनमा हरचाली साहित्यिक त्रैमासिक पत्रिका २०७२ बैशाखबाट हालसम्म नियमित रुपमा पत्रिका प्रकाशन हुँदै आईरहेको छ । सागर कुश्मीकै प्रकाशन/सम्पादनमा निसराउ साप् ताहिक २०७७ साउनबाट हालसम्म नियमित रुपमा प्रकाशन हुँदैं आईरहेको छ । यो पत्रिका पनि जिल्ला प्रशासन कार्यालय कैलालीमा विधिवत रुपमा दर्ता भएको हो ।

कैलालीबाट थारु पत्रिका प्रकाशित हुने क्रम जारी छ । तर जति पनि पत्रिका प्रकाशित भइरहेका छन्, व्यवस्थित ढङ्गले नभई केवल एक दुई अङ्क मात्रै शौखको रुपमा प्रकाशन गर्नेहरुको लर्को देखिन्छ । पछिल्लो कालका जलमौती, राम राम, लखबारी जस्ता पत्रिका पनि स्थगित भइसकेका छन् ।

**उँकुवारभेंटको प्रकाशन**

थारु भाषामा वार्षिक रुपमा समेत पत्रिका प्रकाशन कार्य अनियमित भईरहेको बेला धनगढीबाट जिल्ला प्रशासन कार्यलयमा दर्ता गरी विशुद्ध साहित्यिक मासिक पत्रिका उँकुवारभेंट प्रकाशन गर्ने कार्यको थालनी भएको थियो । २०५९ चैत्रदेखि कैलालीबाट पहुरा साप्ताहिक प्रकाशन भएपछि शनिबार साहित्य विशेषांक प्रकाशन गर्थ्यो । त्यसले साहित्यिबाट खुराक यथेष्ट मात्रामा समेट्न नसकेपछि यो पत्रिकाको आवश्यकता महशुश भएको थियो । २०६१ भदौमा पहिलो अंक प्रकाशित यसको प्रकाशन उँकुवारभेंट व्यवस्थापन समितिको नामबाट भएको थियो । उँकुवारभेंटले धार्मिक, चलचित्र, कहकुट सम्बन्धी स्तम्भदेखि स्रष्टालाई कविता लेख्न सिकाउने, पुछो लड्को अपन बात जोन्हुँ मामासे जस्ता राम्रा स्तम्भको शुरुवात गरेको थियो । यसमा स्रष्टाले सोधेको जवाफ कविता शैलीमा दिइएको छ । तर यो २०६२ असोजसम्म जम्मा ७ अंक प्रकाशन भएर स्थागित भयो । त्यसपछि यसले गति लिन

सकेन । यद्यपी उँकुवारभेंटले वर्षमा मात्रै झुल्किने थारु साहित्यिक पत्रिकाको परम्परागत शैलीलाई भने तोड्यो । उँकुवारभेंट २०७० तिर टीकापुरबाट केही समय साप्ताहिक रुपमा समाचारमुलक ढंगले प्रकाशित भएकोमा यसको प्रकाशन पुनः स्थगित भएको छ ।

**थारु भाषा बहसमा कैलाली**

२०५१ भदौ १ बाट थारु भाषामा पश्चिमा र पूर्वीया गरी दुई भाषामा समाचार प्रसारण शुरु भएपछि मानक थारु भाषाको कुरा उप्कियो । त्यसको एक दशकपछि छापा पत्रकारितामा बल्ल यस विषयले स्थान पायो । पूर्विया थारु भाषाको पत्रपत्रिका हाल शुन्य गतिमा रहेकोले त्यस क्षेत्रमा मानक भाषाको विषयवस्तु उठान हुन सकेको छैन । रेडियो नेपाल सुर्खेतबाट २०५८ सालमा थारु भाषाको रेडियो कार्यक्रम ख्याल (कचहरी) प्रसारण हुन थाले पछि आफ्नो भाषा समुदायप्रति थारुहरु भाषा विवादमा उत्रिए । दंगौरा र देशौरी (बाँके, बर्दिया) दंगौरा र कैलरीया (कैलाली क्षेत्र) दंगौरा र देउखरीया (देउखुरी क्षेत्रको) भाषी बीच मनमुटाव देखियो । “ख्याल” मा दंगौरा थारुलाई मात्रै प्राथमिकता दिएको र लिखित रुपमा भाषा बिगारेको आरोप अन्य भाषीले लगाए । रेडियो ख्यालमा प्रसारण भएका सामग्रीको बुलेटिन ख्याल मा दन्त्य त थ द ध को कुनै प्रयोग नगरी पुरै तालव्य ट ठ ड ढ को प्रयोग भई समाचार प्रशारित भएको देखिन्छ । विश्वराज पछलङ्ग्याको लेखको प्रतिवाद उँकुवारभेंट मासिकका सम्पादक ओमप्रकाश गोंइजिहार लगायत अन्यले गरे । गोंइजिहार र पछलङ्ग्याबीच धेरै अङ्कसम्म हमार पहुरा साप्ताहिकमा दोहोरी नै चल्यो । पछि बाध्य भएर सम्पादकले भाषा विवादलाई स्थान नदिने सूचना जारी गर्नु पऱ्यो ।

पत्रपत्रिकामा लिखित भाषा विवाद आएपछि त्यसको एउटा राम्रो पक्षके देखियो भने आफ्नो क्षेत्रको भाषाको संरक्षण सम्बर्द्धनमा त्यसै ठाउँका युवा जुर्मराए । जस्तो दंगौरा भाषाले पेलेको अनुभूति भएपछि पत्रकारिता र भाषा साहित्यमा रुची राख्ने देसौरी समूहले देसौरी भाषामा साप्ताहिक फुलवारको प्रकाशन गऱ्यो । यी बाहेक हवाई पत्रिका कथा, कविताका सङ्ग्रह प्रकाशन गीति एल्बम तथा रेडियो एफएममा देसौरी समूहबाट कार्यक्रम प्रसारण हुन थाल्यो । तर कैलालीबाट कठरिया तथा राना थारु भाषामा पत्रिका प्रकाशन हुन सकेको छैन । यद्यपी यी दुवै भाषामा स्थानीय एफएममा कार्यक्रम प्रसारित भइरहेका छन् । २०७७ सालबाट नन्दलाल रानाको सम्पादनमा राना थारु भाषाको सबेरो अर्द्धवार्षिक पत्रिका प्रकाशन भएको देखिन्छ । भाषाको सवाललाई विवादको रुपमा नलिई सकार ात्मक रुपमा लिन सके थारु भाषाका विभिन्न उपसमूहका धेरै गहन सामग्री लिखित रुपमा आउलान् नै, साथै नयाँ नयाँ प्रतिभाको पनि उदय हुने छ । हमार पहुरा दैनिकको लामो समय सम्पादन गरेका लक्की चौधरीले भरखरै व्यावसायिक रुपमा उदाइरहेको थारु पत्रिकामा भाषा विवादको प्रसङ्ग आउनु स्वाभाविक ठान्छन् । उनी भन्छन्, “तर हामीले यसलाई नकारात्मक रुपमा नलिई सकारात्मक रुपमा नै लिनु पर्छ ।”

**कैलालीका थारु साहित्यकार तथा प्रकाशित कृति**

जोन्हाँपुर, कैलालीका फूलाराम चौधरीको संघरिया (लोकगीत संग्रह २०३८) प्रकाशित छ। कैलाली जिल्लाबाट प्रकाशित शायद यो पहिलो कृति हो । टीकापुरका रेशम लाल चौधरीले थारु भाषामा पहिलो मौलिक पुस्तकाकार संग्रह प्रकाशन गरे । यिनको एकठो बिरहिन कथा नामक् कविता संग्रह २०५३ सालमा प्रकाशित भएको थियो । (यहाँ २ भन्दा बढी पुस्तक प्रकाशन गर्ने स्रष्टाहरुबारे उपशीर्षक दिएर तथा एक वटासम्म प्रकाशित गर्नेको अन्य लेखकहरु उपशीर्षक दिएर उल्लेख गरिएको छ) ।

**मनिराम चौधरी**

साविक उदासीपुर गाविस-६, हाल कैलारी गाउँपलिका ८ पृथ्वीपुर, कैलालीका मनिराम चौधरी सशक्त युवा हस्ता क्षर हुन् । उनको विधवा (उपन्यास-२०५७), हिमालको मुस्कान (कविता संग्रह २०५८), रसाइल करम (कथा संग्रह २०५९) चम्फा फुलुवार (खण्ड काव्य-झुम्रा गीत २०६०), दुखियारी बयिया (कथासंग्रह २०६१), बापसे पुत ज्ञानी फाँडाले बझाइ पानी (कविता संग्रह २०६२) तथा हर्वड्डा (निबन्ध संग्रह २०६२) प्रकाशिन छ ।

**लक्की चौधरी**

साविक उर्मा गाविस-४, हाल धनगढी १६ रामपुर कैलालीका लक्की चौधरी थारु भाषामा पहुरा साप्ताहिक, अर्द्धसाप्तहिकदेखि दैनिक सम्पादन, प्रकाशन गरी थारु साहित्यमा महत्वपूर्ण योगदान दिएका छन् । उनको सहिदान (गजल संग्रह २०६१), तिहुवार (निबन्ध संग्रह २०६२), अन्तर्भाव (गजल संग्रह २०६३), मोर पहुरा (लेख संग्रह २०७०) नेन्धर (कविता संग्रह २०७१) तथा हँसौनी (चुट्किला संग्रह २०७२) प्रकाशित छ । हाल काठमाडौँमा गोरखापत्र दैनिकको स्थायी समाचारदाता भएपछि यिनको साहित्य लेखन निकै दरिलो, र अखबारी लेखन बढी छ ।

**शर्मिला चौधरी 'सृष्टि'**

२०४२ साल कार्तिक १२ गते साविक बसौटी गाविस-३, हाल कैलारी गाउँपालिका २ बसौटी कैलालीमा जन्मिएकी शर्मिला चौधरी 'सृष्टि' शान्ति चौधरी (बारा जिल्ला) पछि थारु साहित्यमा उदाएको सशक्त महिला हस्ताक्षर हुन् । आठ कक्षा अध्ययनकै बेला कविता लेखन शुरु गरेकी उनको मनके फूला (कविता संग्रह २०६२) तथा दुःखके हल्कोरा (उपन्यास २०६४) प्रकाशित छ ।

**सागर कुश्मी 'संगत'**

साविक बसौटी गाविस-७ हाल कैलारी गाउँपालिका ८ डखिन टेंर्ही कैलालीका सागर कुश्मी 'संगत' गजल तथा मुक्तकमा अघि बढेका युवा हुन् । उनको हस्ता क्षर (गजल संग्रह २०६८), फुटल पोक्री (गजल संग्रह २०६८), आँशके सागर (मुक्तक संग्रह २०६९) प्रकाशित छ । सबै विधामा कलम चलाउने हाल उनको थारु भाषा लोक साहित्यमा खोज तथा अनुसन्धानमा बढी कलम चलिरहेको देखिन्छ ।

**मुकेश टेर्रा**

धनगढी उपमहानगरपालिका-६, मटियारी कैलालीका मुकेश टेर्राको फुला  (कविता संग्रह २०६३) तथा लालमुरै (कथा संग्रह २०६४) प्रकाशित छ । पत्रकारिता पेशा अंगालेका हाल यिनको साहित्य सिर्जनाको मूल सुक्दै गएर अखबारी लेखनमा बढी केन्द्रित छ । पहिले साहि त्यको गहिराइ नबुझ्रेर हतारमा प्रकाशन गरियो, अब उत्कृष्ट लेख्न समय मिलाउन नसकेको उनी बताउँछन् ।

**प्रेमलाल दहित**

साविक जानकीनगर गाविस-६, हाल जानकी २ खर्गौली कैलालीका प्रेमलाल दहित हाल रेडियोकर्मी छन् । उनको टुटल झोपडी (कविता संग्रह २०६१) तथा अंधरीया रात (उपन्यास २०६१) प्रकाशित छ । यिनले पनि हाल साहित्य लेखनमा विश्राम लिएका छन् ।

**छपिलाल चौधरी 'शित्तल'**

टीकापुर नगरपालिका-९ बनगाउँ कैलाली छपिलाल चौधरी शित्तलको छिट्रल अक्षर (गजल संग्रह २०६२), ओजरी या रातम (हवाई हाइकु संग्रह २०६३), पहिचान (गजल संग्रह २०७५) प्रकाशित छ । यिनको पनि हाल साहित्यिक सकृयता देखिदैन ।

**हिरालाल सत्गौवा**

साविक दरख गाविस-७, हाल घोडाघोडी नगरपालिका ३ सरैया कैलालीका हिरालाल सत्गौंवाको दुःखके भौरी (कथा संग्रह २०६३), चट्नी (हाँस्यव्यग्य संग्रह २०६४) (थारु भाषाको पहिलो हाँस्यव्यग्य संग्रह), केरनी ओजरि यक (कथा संग्रह २०६५) तथा पैनस्टोपी (मुक्तक संग्रह २०७१) प्रकाशित छन् ।

**लाहुराम चौधरी 'जहर'**

साविक खैलाड गाविस-३, हाल भजनी नगरपालिका ९ पहलवान कैलालीका लाहुराम चौधरी 'जहर' को फुलरीया (गजल संग्रह २०६६) तथा भूलाइल डगर (उपन्यास २०६५) प्रकाशित छ ।

**अन्य लेखकहरु**

अब यहाँ कम्तीमा एकवटा भन्दा बढि कृति प्रकाशन गर्ने लेखकहरुको सूची दिइन्छ । प्रतापपुर-५ हरदहनी, कैलालीका दिल बहादुर चौधरी थारु तथा नेपाली दुवै भाषामा अखवारी लेखनमा खरो विचार लिएर प्रस्तुत हुने गरेका छन् । यिनको सन्देश (धमार गीत संग्रह २०६३), विद्रोहको झिल्को (लेख संग्रह २०७५) प्रकाशित छ । धनगढी-१६ कनरी कैलालीका जीत बहादुर चौधरी 'ट्रासन' को यी जीतके हटल कविता (कविता संग्रह २०६१), कर्फ्यु भित्रका मान्छेहरु (कविता संग्रह २०७५) प्रकाशन भएको छ। शिक्षण पेशामा लागेका यिनले थरुहटको मुद्धाबारे सशक्त कविता रचना गरिरहेका छन् ।

टीकापुर नुक्लीपुर कैलालीका लक्ष्मण किशोर जोगेठ्वा थारुले इज्जतके दाम (कथा संग्रह २०५५) प्रकाशन गरे । पछि थारु चलचित्र निर्देशनमा लागेका यिनलाई स्वास्थ्यले साथ दिएन । दुर्गौली-५, धर्मापुर, कैलाली भोजर ाज चौधरी तिरिया जलम (उपन्यास २०६३), जिन्गीक उभरखाभर दिन (कथा संग्रह २०७४) पछि थप नयाँ लेखनमा जाँगर देखाएका छैनन् । खागरी जनआन्दोलन २०६२/६३ पछि नयाँ स्रष्टाहरुले पुस्तक प्रकाशन गरिरहेका छन् । कैलारी ६ बेंडौली, कैलालीका संजिप चौधरी जलमके दुखियारी (उपन्यास २०६५), सिताराम चौधरीको उरन्टा घोरुवा (कथा संग्रह २०७५) टिकापुर-३ भगरैया कैलालीका टिकाराम चौधरी "ठुल्दाइ"को आग्रह (मुक्तक संग्रह २०६३), पथरैया-३ अमौरी, कैलालीका जय प्रकाश दहितको परोसी (नाटक २०६६), गदरिया-८ बनकंडरी कैलालीका राम लखन चौधरीको छलमल्की (कविता संग्रह २०६७), मुनुवा कैलालीका राजकुमार कठरियाको निराशी जीवन (उपन्यास २०६६), उर्मा-डमौलिया कैलालीका खुशीराम चौधरी (गम्भीर) को विक्षिप्त मुटु (गजल संग्रह २०६८), पवेरा-३ वैजपुर कैलालीका मोतीराम चौधरी (रत्न) को मनके बोझा (गजल संग्रह २०७०), गदरीया-९ सामरचौरा कैलालीका गणेश चौधरीको जित्तल पटोहिया (उपन्यास २०७०), गदरिया-८ बनकंडरी कैलाली दिव्या प्रयासी (धनपति चौधरी) को मुस्कानके अस्रा प्रकाशित छ । धनगढी कैलालीका रोदनसिहंह चोधरीको पहिल कदम (कविता संग्रह २०७२) प्रकाशित छ ।

रानामुरा कैलालीका जोखन रत्गैंयाँले २०५७ सालमा थारु भाषको पहिलो गजल संग्रह चोराइल मन प्रकाशित गरे । यो कृति अपर्याप्त छ । उनले भुटुवा महाकाव्य पनि तयार पारेका थिए, जुन फेला पर्न सकेको छैन । उनकै छोरी इन्दु थारुको निलम्बित निबन्ध (निबन्ध संग्रह २०७५) पनि प्रकाशित भएको देखिन्छ । पथरैया-३ अमौरी, कैलालीका तुलाराम चौधरी सनमको तुहिन उपहार (हाइकु संग्रह २०६१) प्रकाशित छ । उनी कविता, गजल, मुक्तक लेखनमा नियमित लागी परेका छन् । मुम्वईको बसाईमा यिनले नियमित झै फेसबुकमा मुक्तक, गजल शेयर गर्ने गरेका थिए । मुम्वईमा जंग्रार साहित्यिक बखेरीको अध्यक्ष रहेका तुलाराम सोही समूहमार्फत् २०७१ सालमा जेउनास थारु संयुक्त गजल संग्रह प्रकाशन गरेका छन् । यो पंक्तिकारको अध्ययन अनुसार प्रवासबाट थारु पुस्तक प्रकाशन भएको संभवतः यो नै पहिलो हो । यिनको संयुक्त मुक्तक संग्रह प्रकाशोन्मुख छ ।

त्यस्तै, पथरैया-३ अमौरी, कैलालीकै अर्का स्रष्टा दिप लाइफ कियरले तुहार लग फूला (तान्का संग्रह २०६३) प्रकाशन गरेका छन् । पहुरा थारु दैनिकमा आवद्ध धनगढी-१, धनगढी कैलालीका रामचरण चौधरी 'एकल यात्री' को मोर टुटल झोपरी (गजल संग्रह २०७०) प्रका शित छ । बलिया-९ तिल्काका सुन्दर चौधरीको हमार पहुरा (मुक्तक संग्रह २०७०), रतनपुर-८ भइयाँफाँटा, कैलालीका चन्द्र प्रसाद चौधरीको गजल माला (गजल संग्रह २०७०) प्रकाशित छ । अहिले उनी साहित्य लेखनमा बिल्कुलै निष्क्रय छन् । साविक खैलाड गाविस, हाल भजनी १२ गन्जहुवा कैलालीको रबिना चौधरी 'रब्बु' को ओंरी (गजल संग्रह २०७१) मा प्रकाशित छ । जुन संग्रहलाई थारु महिला गजलकारद्वारा लिखित पहिलो कृति मानिएको छ ।

त्यसैगरी फुलवारी-१ फूलवारी, कैलालीका थारु अगुवा तथा नेता लक्ष्मण थारुको सेक्स, युद्ध र जेल कार ागार डायरी (निबन्ध संग्रह २०७२) प्रकाशित छ । उनले थरुहट आन्दोलनको बेला टीकापुरमा भएको घटनामा गिरफ्तार भएपछि कैलाली कारागार बसाइँको क्रममा उक्त पुस्तक लेखेका हुन् । कुनै कृति नभए पनि गारखापत्र दैनिकको थारु पृष्ठ तथा पहुरा दैनिकमा कलम चलाउने धनगढीकी पवित्रा चौधरीको निबन्ध लेखन राम्रो छ । माथि चर्चा गरिएका कम्तीमा एक पुस्तक प्रकाशन गरिसकेपछि स्रष्टा तथा कैलाली तथा कञ्चनपुरका नयाँ थारु स्रष्टालाई समेत समेटेर धेरै थारु साहित्यिक गोष्ठी जिउगर साहित्य समाज र हिरगर साहित्यिक बगाल, हरचाली त्रैमासिक

लगायतका साहित्यक समूहहरुले गर्नपर्ने देखिन्छ। कैलालीमा संस्थागत रुपमै थारु साहित्यक लागी परेका छन्। यहाँ कैलालीमा क्रियाशील थारु साहित्यिक समूहबारे चर्चा गरिन्छ।

**छिट्कल थारु साहित्यक समाज**

२०६८ सालमा सागर कुश्मीको अध्क्षतामा हसुलिया कैलालीमा स्थापना भएको छिट्कल थारु साहित्यिक समाजले २०६९ बैशाख ९ गते कैलालीको दक्षिण टेंढीमा पहिलो, २०७० बैशाख ८ गते कैलालीको छुट्की लियामा दोश्रो, २०७० पुस २० गते भादा होमस्टेमा तेश्रो, २०७१ बैशाख २७ गते कंचनपुरको बेलौरीमा चौथो बृहत थारु साहित्यिक कार्यक्रम गरेको छ। छिट्कल थारु साहित्यिक समाजले ४ श्रृंखला साहित्यिक कार्यक्रम गरी २०७१ कार्त्तिक १ गते बिघटन भएको छ। यो अब इतिहासमा सीमित भएको छ।

**जिउगर साहित्य समाज**

सागर कुश्मीकै अध्यक्षतामा २०७० माघ महिनामा धनगढीमा जिउगर साहत्य समाज स्थापना भएको हो। छिट्कल थारु साहित्यिक समाज बिघठिट भई जिउगर साहित्य समाजमा समाहित भएको छ। जीत बहादुर चौधरी ट्रासनको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति पुर्नगठन गरिएको छ। यसमा उपाध्यक्ष रबिना चौधरी, सचिव सत्यनारायण दहित, सहसचिव दिनेश चौधरी तथा कोषाध्यक्ष हिरालाल सत्गौंवा रहेका छन्। सदस्यमा क्रमशः राम दहित, बालकृष्ण चौधरी, दुर्जन चौधरी, राम प्रसाद चौधरी तथा तेज बहादुर भूल चयन भएका छन्। यसको सल्लाहकारमा सागर कुश्मी, जन्ती चौधरी तथा मोहनलाल चौधरी रहेका छन्। जिउगर साहित्य समाजले थारु भाषाको गजल, मुक्तक, कविता, गीत, रीतिसंस्कृति तथा पहिचानको श्रीवृद्धिको लागि स्थापनाकालको महिना देखि सात्यिक कार्यक्रम गर्दै आएको छ।

जिउगर साहित्य समाजको पहिलो श्रृंखला २०७० माघ २५ गते साथी डेस्टकप धनगढी, दाश्रो श्रृंखला २०७० फागुन २४ गते धनगढी ७ देवहरिया जीत बहादुर चौधरीको घरको छतमा) कैलालीमा, तेश्रो श्रृंखला २०७० चैत २९ गते जोखर ताल धनगढीमा गरिएको थियो। २०७१ वैशाख २७ गते बैलौरी, कञ्चनपुरमा चौथो श्रृंखला छिट्कल थारु साहित्यिक समाजको सहकार्यमा गरेको थियो। त्यस्तै, अरु श्रृंखला कैलालीमै गरिएको छ। जसमा पाँचौ श्रृंखला २०७१ जेठ ३१ गते धनगढी-२, बैयाबेहडी (शारदा उ.मा.वि.), छैठौ श्रृंखला २०७१ असार २८ गते थारुनके डटकम कार्यालय धनगढी, नवौं श्रृंखला २०७१ असोज २१ गते चौमाला-१, खुर्हुरिया, कैलालीमा सम्पन्न गरिएको थियो। समाजले आफ्नो मासिक कार्यक्रम प्रा यः धनगढी क्षेत्र भित्र गर्दै आए पनि १२ औं श्रृंखला घोडाघोडी-३ सर्रहिया (साबिक दरख गाविस) मा २०७१ पौष २६, २७ र २८ गते पहिलो बृहत राष्ट्रिय थारु साहित्यिक तथा साँस्कृतिक महोत्सव गरेको छ। २१ औं श्रृंखला २०७२ माघ गते ४ गते युवा जनज्योति क्लब गदरिया-६, बेंडौलीको सहकार्यमा बृहत थारु साँस्कृतिक तथा साहित्यिक कार्यक्रम वनदेवी मेलामा गरेको छ।

**हिरगर साहित्यिक बगाल**

अर्कोतिर जिउगर साहित्य समाजको संस्थापक कोषाध यक्ष रहनु भएका हिरालाल सत्गौंवाको अध्यक्षतामा ११ सदस्यीय समितिले हिरगर साहित्यिक बलाग गठन गरेको छ। जसमा उपाध्यक्ष प्रेमा चौधरी, सचिव सागर कुश्मी 'संगत', सहसचिव कालुराम चौधरी, कोषाध्यक्ष गंगा, सदस्यमा पार्वती चौधरी, गणेश चौधरी, रामु कुस्मी, आरबिन चौधरी, शिवसागर चौधरी र सृजना चौधरी रहेका छन्। हिरगर साहित्यिक बगाल २०७१ साल चैत २६ गते जिल्ला प्रशासन कार्यालय, कैलालीमा वैधानिक रुपमा दर्ता भएको छ। यसले आफ्नो सकृयता देखाउँदै १६ वटा शाखा समेत विस्तार गरेको छ।

धनगढी-२ बैयाबेहडी, कैलाली, अत्तरिया-५, बडेहाँ, कैलाली, अत्तरिया-७ हरैया,कैलाली,मसुरिया-८ ऐंठा, कैलाली, साँडेपानी-१ जुरपानी, कैलाली, बसौटी-७ डखिन टेंर्ही, कैलाली, हसुलिया-१ के गाउँ, कैलाली, दरख-३ नायणपुर, कैलाली, दरख-७ सरर्हिया, कैलाली, टिकापुर, कैलाली, टीकापुर बहुमुखी क्याम्पस, उर्मा-८ भादा, कैलाली, गोदाबरी-१ अत्तरिया र भलारी पिपलाडी-३ लक्ष्मीपुर, कञ्चपुर, टीकापुर, तुलसीपुर दांग, गुलरिया

बर्दिया, बेलौरी, कलकत्ता, कंचनपुर लगायत २० वटा शाखा समेत विस्तार गरेको छ ।

अहिलेसम्म ७५ औं साहित्यिक श्रृंखला सम्पन्न गरिसकेको हिरगर साहित्यिक बगालले आफ्नो शाखाको सहका र्यमा ९-१० पटक साहित्यिक तथा साँस्कृतिक कार्यक्रम भव्य रुपमा सम्पन्न गरिसकेको छ । डिजिटल प्रविधिको युगमा समयसँगै थारु साहित्य तथा साँस्कृतिक कार्यक्रम भव्य रुपमा सम्पन्न गरिसकेको छ । डिजिटल प्राविधिक युगमा समयसँगै यसले www.hirgarsahitya.com नामक थारु साहित्यको पहिलो बेव साइट पनि खोलेको छ ।

**उपसंहार**

कैलाली थारु साहित्यको लागि उर्वर भूमि हो । थरुहट आन्दोलनको नाक जोगाउन आफ्ना रचना मार्फत् यहाँका थारु स्रष्टाहरुको योगदान कम छैन । चलचित्र, गीत, संगत लगायत आधुनिक साहित्यमा कैलाली अगाडि छ तर लोकसाहित्यको अध्ययनमा यो निकै पछाडि रहेको छ । उँकुवारभेंट, गोम्हनियाँ जस्ता स्तरीय थारु साहित्यिक पत्रिका पनि यहाँबाट प्रकाशित भएका छन् । तिनलाई निरन्तरता दिनु छ । राना थारु, कठरिया थारु भाषामा पनि पत्रिका प्रकाशनको पहल हुनुपर्छ । एकै अंक प्रका शन गरेर पत्रिका स्थगित गर्नुभन्दा संयुक्त रुपमा प्रका शनको पहल गरे जीवन्तता पाउन सक्छ ।

पहुरा दैनिकले पनि आफ्नो वार्षिकोत्सवका अवसरमा थारु साहित्य केन्द्रित स्मारिका प्रकाशनको सोँच बना उनुपर्छ । सुदूरपश्चिम साहित्य समाजले वर्षेनी लाखौं रुपैया स्थानीय निकायमार्फत् सहयोग लिने गरेकोमा हिरगर साहित्यिक बगाल लगायत साहित्यिक समूहहरुले पनि थारु साहित्यको श्रीबृद्धिको लागि त्यहाँबाट सहयोगको लागि पहल गर्नुपर्छ । पुरस्कारले लेखनमा निरन्तर हौसला बढाउँछ । त्यसैले, यहाँका थारु स्रष्टालाई पुरस्कृत गर्न दाताहरुको खोजी गरी पुरस्कार स्थापना गरिनुपर्छ । हिरगर साहित्यिक बगालले २०७२ फागुनबाट थारु साहित्यको पहिलो बेव साइट खोलेर ऐतिहासिक कार्य गरेको छ। यसले निरन्तरता पाउनु पर्छ। अहिले थारु साहि त्यको योगदानमा कैलाली सबैभन्दा बढी जुर्मुराएको छ । तर पनि साहित्यिक बहस कम, साहित्यिक कार्यक्रममा साँस्कृतिक कार्यक्रम हावी भइरहेको छ ।

## थारु साहित्यमा कंचनपुरको इतिहास

### १. विषय प्रवेश

कंचनपुर जिल्ला कैलाली जिल्लासंग जोडिएको जिल्ला हो । कंचनपुर जिल्ला पनि थारु समुदायको बाहुल्यता भएको जिल्ला हो । कंचनपुरमा डोटेली भाषी पहिलो र थारु भाषी दोस्रो स्थानमा छन् । कैलालीमा संस्थागत रुपमा थारु साहित्यलाई संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले धेरै गतिविधि भएको छ र हुँदै आएको छ । यहाँ कंचनपुरबाट प्रकाशित थारु पोस्टा र थारु स्रस्टाको बारेमा उपशीर्षक दिएर चर्चा गरिएको छ ।

### २. कंचनपुरबाट प्रकाशित थारु पोस्टा र साहित्यकार

कंचनपुर जिल्लाको थारु भाषा साहित्यको इतिहास खासै लामो छैन । अहिलेसम्म प्रकाशित कृतिहरु हेर्दा औंलामा गन्न सकिने स्थिति रहेको छ । अहिलेसम्म हेर्ने हो भने कंचनपुरमा कमै पोस्टा प्रकाशन भएको देखिन्छ । साहि त्यिक माहोल त्यति नहुँदा थारु भाषी स्रस्टाहरुको पोस्टा खासै देखिन्न । यो आलेखमा थारु साहित्यमा कंचनपुर को इतिहासलाई केलाउँदै थारु स्रस्टाहरुको प्रकाशित पोस्टा ओ पत्रपत्रिका प्रकाशनको बारेमा चर्चा गरिएको छ ।

### ३. हिमाली चौधरी

वि.स.२०३२ साल साविक झलारी गाविस ४, हाल शुक्लाफाँटा नगरपालिका ७ झन्डाबोझी कंचनपुर मा जन्मेका हिमाली चौधरी थारु लोक साहित्यको भकारी हुन् । उनको कृष्णक् अस्टिम्किक् गीत (२०६१) प्रकाशित भएको छ । यो पोस्टा कंचनपुरको थारु भाषाको पहिलो पोस्टा हो । हिमाली चौधरीसंग थारु लोककथा, (बट्कुही), लो कगीत, गुरुवा मन्त्र, र जडिबुटी ज्ञान अहिलेसम्म मुखैमा कन्ठ छ । आजकल उहाँ गाँउको भलमन्सा र डेसबा न्ढया गुरुवाको रुपमा समाज सेवा गर्दै आएका छन् ।

### ४. कल्पना चौधरी

वि.सं २०४३ साल भदौ २७ गते साविक पिपलारी गाविस ५, हाल शुक्लाफाँटा नगरपालिका ३ जोन्हाँपुर कंचनपुरकी कल्पना चौधरीको उजरल घर डुवार (कथा संग्रह २०६२) प्रकाशित छ। कंचनपुरको थारु महिला लेखकको यो पहिलो पोस्टा हो। आजकल नेपाल प्रहरीमा जागिरे भएपछि उनको साहित्य लेखन पनि सेलाएको छ।

### ५. अशोक चौधरी

साविक मोतीपुर गाविस ५, हाल पुनर्वास नगरपालिका २ मोतीबस्ती कंचनपुरका अशोक चौधरी गजलमा जमेका युवा हुन्। उनको मनके आवाज (गजल संग्रह २०७०) प्रकाशित भएको छ। यो गजल संग्रह कंचनपुर जिल्लाको थारु भाषाको पहिलो गजल संग्रह हो। अध्ययनको सिल सिलामा राजधानी छिरेकाले उनको लेखन पनि कमै देखिन्छ।

### ६. जोगराज चौधरी

साविक कृष्णपुर गाविस ७, हाल कृष्णपुर ६ सिंहपुर कंचनपुरका जोगराज चौधरीको पनि अस्टिम्कीक् गीत (२०७३) प्रकाशित भएको पाईन्छ। यसको भाग २ आउन बाँकी छ। उनीसंग धेरै लोक साहित्य संकलित छन्। पुर्खाहरुबाट बहुत गीटबाँस संकलन गरि जोगाएर राखे पनि प्रकाशन हुन सकेको छैन। । उनी आजकल थारु राजनीतिमा सक्रिय छन्।

### ७. साफी चौधरी

साविक कृष्णपुर गाविस ७, हाल कृष्णपुर नगरपालिका ६ सिंहपुर कंचनपुरकी साफी चौधरीको सिर्जल मुक्तक संग्रह (२०७४) प्रकाशित छ। यो पोस्टा थारु महिलाद्धारा लेखिएको थारु भाषाको पहिलो मुक्तक संग्रह हो। उनको मनके बह संयुक्त मुक्तक संग्रह (२०७५) पनि प्रकाशित छ। त्यसैगरि गोरपासु निबन्ध संग्रह पनि प्रकाशनको तयारीमा रहेको छ। आजकल उनको लेखन अख्यान विधामे लगातार कलम चलिरहेको देखिन्छ।

### ८. संगम चौधरी

साविक मोतीपुर गाविस ५, हाल पुनर्वास नगरपालिका २ अमरहिया कंचनपुरका संगम चौधरीको अस्रा गजल संग्रह (२०७५) र लावा घर कथा स्रग्रह (२०७५) पनि प्रकाशित भएको देखिन्छ। उनी कथामा बढी कलम चलाउँछन्।

### ९. वीरबहादुर राजवंशी

साविक कृष्णपुर गाविस ७, हाल कृष्णपुर नगरपालिका ६ बन्जरिया कंचनपुरका वीरबहादुर राजवंशीको 'जोंजा लेख संग्रह' २०७८ प्रकाशित भएको छ। यो कृति नेपाली भाषामा छ। समाजमा वर्गीय, जातीय, भाषिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, उत्पीडन, शोषण हुन्छ तब उत्पीडत वर्ग एकताका साथ उन्मुक्तिका लागि प्रत्यक्ष रुपमा विद्रोह गर्न थाल्दछ। हो त्यै विद्रोह गर्न अर्थात् न्याय खोज्न हरेकले आआफ्नो पहिचान र अस्तित्वको खोजी गर्न थाल्छन। त्यही पहिचानको बुलन्द आवाज हो जोंजा।

### १०. सुमिरन पत्रिका

कंचनपुर जिल्लाबाट प्रकाशित सुमिरन वार्षिक पत्रिका (२०७४) कंचनपुर जिल्लाको थारु भाषाको पहिलो पत्रिका हो। यसमा भाषा, साहित्य, संस्कृति, खोज तथा अनुसन्धानमुलक लेख रचना विशेष ठाउँ पाएको छ। यो पत्रिकाको प्रकाशक/सम्पादक युवा साहित्यकार तथा पत्रकार सागर कुश्मी 'संगत' हुन्।

## ११. फुट्कर लेखक

त्यसैगरि कंचनपुर जिल्लामा फुट्कर रुपमा लेख रचना सिर्जना गर्ने लेखक पनि छन् । यहाँ केही फुट्कर लेखक र संयुक्त रुपमा प्रकाशन गरेका स्रस्टा र पोस्टाको बारेमा पनि चर्चा गरिएको छ ।

साविक श्रीपुर गाविस ५, हाल बेलौरी नगरपालिका ७ पौलाहा कंचनपुरकी सानु चौधरीको १० वटा गजल जेउनास (गजल संग्रह २०७२) मा प्रकाशित भएको पाईन्छ । कंचनपुर बेलौरीमा थरुहट आन्दोलनलाई उचाईमा पुर्याउने उनको ठूलो योगदान छ । अफ्फकल हुँकार साहि त्य लेखन फेन रुकल बटिन् ।

साविक रैकवार बिचवा गाविस १, हाल कृष्णपुर नगरपालिका ८ मजगैं कंचनपुरका सुमित रत्गैंयाँको पनि १० वटा गजल मैंयक् पहुरा (गजल संग्रह २०७३) मा प्रकाशित भएको छ । तमाम पत्रपत्रिकामा उनको गजल, मुक्तक प्रकाशित भएको पाईन्छ । उनको पनि आजकल लेखन बन्द छ ।

यसैगरि बेलौरी नगरपालिका ५ भकुन्डा कंचनपुरका सन्तोष चौधरीको २० वटा मुक्तक हल्कोरा (मुक्तक संग्रह २०७३) मा प्रकाशित भएको पाईन्छ भने बेलौरी नगरपालिका ५ महुलिया कंचनपुरकी सरस्वती चौधरीको पनि २० वटा मुक्तक बहल याद (मुक्तक संग्रह २०७३) मा प्रकाशित छ । हाल यी दुबै जनाको कलम लगातार चलेको दे खिन्न ।

साविक देखतभुली गाविस ६, हाल शुक्लाफाँटा नगरपालिका १२ देखतभुली टिल्कीपट्टी, कंचनपुरका युवा इन्द्र चौधरी पनि कलम लगातार चलाउँदै आएका छन् । उनको तमाम पत्रपत्रिकामा लेख रचना प्रकाशित छन् । आजकल उनको नाटक विधामा जोडदारसंग लागेका छन् ।

साविक पिपलारी गाविस ५, हाल शुक्लाफाँटा नगरपालिका ३ जोन्हाँपुर कंचनपुरकी पुजा चौधरी प्रकृति ओ गीता चौधरी दृष्टिको फुट्कर रुपमे लेख रचना पाईन्छ । दुबै राजधानीमा रहि ठुम्रार साहित्यिक बखेरीको नियमित मासिक श्रृंखलामा छुटपुट रुपमे सहभागी जनाउँदै आ एका छन् ।

कंचनपुर जिल्लाकै बेलौरी नगरपालिका १० सडकघाटकी रविता चौधरी, ८ बिचपुरीकी शान्ती चौधरी, १० भुर ाका मोहनलाल चौधरी, सुरेश चौधरी, १० शिवनगरका मोहनप्रसाद चोधरी, सुगम चौधरी, शुक्लाफाँटा नगरपालिका ३ लोहरपुरका प्रेम उल्टहुवा, ७ भन्डाबोभ्कीकी सीमा चौधरी, आशिका चौधरी, कृष्णपुर नगरपालिका ८ का रामु कुस्मी, सुनिल कुस्मी, धनबहादुर कुस्मी, ममता चौधरी पनि गजल, मुक्तक, निबन्ध विधामा कलम चला एको पाईन्छ ।

## १२. कंचनपुरको पहिलो साहित्यिक कार्यक्रम

छिट्कल थारु साहित्यिक समाज कैलालीको आयोजनामा २०७१ साल बैसाख २७ गते (भाग ४) कंचनपुरको बैलौरीमे बृहत साहित्यिक कार्यक्रम सम्पन्न भएको छ । यो कार्यक्रम कंचनपुर जिल्लामा भएको पहिलो थारु साहित्यिक कार्यक्रम हो । जहाँ कैलालीबाट सागर कुश्मी 'संगत', हिरालाल चौधरी, जन्तीराम चौधरी, सत्यनार ायण दहित, जीतबहादुर चौधरी 'ट्रासन', सीताराम चौधरी, राजु चौधरी, बीरेन्द्र चौधरी, मोतीराम चौधरी, तेजबहादुर भुल लगायत एक दर्जन साहित्यकारहरुको सहभागिता रहेको थियो । सानु चौधरीको विशेष संयोजनमा सम्पन्न कार्यक्रममा पौलाहा गाँउको मघौटा नाच पनि प्रदर्षण गरिएको थियो । यो कार्यक्रम सागर कुश्मी 'संगत' कै अध्यक्षतामा भएको थियो ।

हिरगर साहित्यिक बगाल कैलालीमा विधिवत रुपमा दर्ता भएको साहित्यिक संस्था हो । हिरगर आफ्नो शाखा कंचनपुरको शुक्लाफाँटा नगरपालिका ३ लोहरपुरमा रामबहादुर कुश्मीको अध्यक्षतामे ११ सदस्यीय समिति गठन गरेको छ । यो शाखा २०७२ बैसाखमा सागर कुश्मी 'संगत' कै विशेष पहलमा गठन भएको हो । शाखा गठन हुँदा

हिरालाल चौधरी र गंगाराम डंगौराको पनि विशेष सहयोग रह्यो । लोहरपुर शाखाले २०७२ मंसिरमा एक भव्य साहित्यिक कार्यक्रम गरिसकेको छ ।

यसैगरि हिरगर साहित्यिक बगाल आफ्नो शाखा बेलौरीमा पनि सुशीला चौधरीकी अध्यक्षतामे ११ सदस्यीय समिति गठन गरेको छ । २०७३ जेठमा आफ्नो नियमित मासिक श्रृंखला भएको छ भने दशैंमा डसिया विशेष र साहित्यिक कार्यक्रम पनि सम्पन्न गरेको छ । बेलौरी शाखा गठन गर्दा सागर कुश्मी 'संगत' र मोहनलाल चौधरीको विशेष भूमिका रहेको थियो ।

त्यसैगरि हरचाली साहित्यिक त्रैमासिक, हिरगर साहि्त्यक बगाल र सहिदान कला प्रतिष्ठानको संयुक्त आयोजनामा २०७३ कात्तिकमा १० दिने उद्घोषण र गजल लेखन तालिम भएको छ । तालिमको सहजीकरण सागर कुश्मीले गरेका थिए । उक्त तालिम पश्चात शिवनगर कंचनपुरमा पनि हिरगर साहित्यिक बगालाको शाखा सुगम चौधरीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको छ। यो शाखा पनि सागर कुश्मी 'संगत' कै विशेष अगुवाईमे भएको हो ।

२०७३ मंसिरमा कृष्णपुर ८ मजगैंमा पनि हरचाली साहित्यिक त्रैमासिक र सहिदान कला प्रतिष्ठानको संयुक्त आयोजनामा ७ दिने उद्घोषण र गजल लेखन तालिम सम्पन्न भएको छ । जहाँ सागर कुश्मी 'संगत' कै ठूलो भुमिका रह्यो ।

### १३. कंचनपुरमा साहित्यिक संघसंस्था

थारु भाषा, साहित्य, संस्कृति जगेर्ना गर्ने उद्देश्य लिएर यहाँ दुई वटा साहित्यिक संघसंस्था स्थापना भएको पाईन्छ । मोहरैन सांस्कृतिक तथा साहित्य समाज बेलौरी र सहिदान कला प्रतिष्ठान बेलौरी कंचनपुर यी दुबै संस्था जिल्ला प्रशासन कार्यालय कंचनपुरमा विधि वत रुपमा दर्ता भएका छन् । तर आजकल दुबै संस्था निस्क्रिय छन् ।

### १४. सिंहपुर युवा क्लव

कृष्णपुर-६ सिंहपुर कंचनपुरको आयोजनामा २०७४ जेठ १ गते देखि ७ गतेसम्म उद्घोषण र गजल लेखन ७ दिने तालिम सम्पन्न भएको छ । गाउँ भरिका ३५ जना युवाहरुको सहभागीता रहेको तालिमका प्रशिक्षक सागर कुश्मी, प्रेरणा पाण्डे र लोकबहादुर महरा रहेका थिए । यो कार्यक्रम क्लवकै अध्यक्ष बाबुराम चौधरीको विशेष अगुवाईमा भएको थियो । त्यहि गाउँमा २०७५ माघमा मघौटा वृहत सांस्कृतिक साहित्यिक कार्यक्रम पनि भव्य रुपमा सम्पन्न भएको छ ।

हरचाली साहित्यिक त्रैमासिक पत्रिकाको आयोजनामा २०७४ सावन ४ र ५ गते कंचनपुरको कृष्णपुर २ बाणी गाउँमा २ दिने गजल लेखन तालिम भएको छ । २४ जना सहभागीता रहेको यो तालिमको सहजीकरण पनि सागर कुश्मीले गरेका थिए । तालिम लिएका युवा आजकल गजल लेखनमा आकर्षित भएका छन् ।

### १५. थप साहित्यिक गतिविधि

कंचनपुरमा थुप्रै सांस्कृतिक तथा साहित्यिक गतिविधिहरु भएका छन् । बेलौरीको खुल्ला मंचमा हरेक वर्ष पुस २७ गते कार्यक्रम हुँदै आएको छ । तर कोभिड १९ ले गर्दा यो बीचको दौरानमा कार्यक्रम हुन सकेको छैन । त्यसैगरि सुमिरन र हरचालीको आयोजनमा २०७४ पुस ८ गते गुलरियामा, कात्तिक १७ गते जोन्हाँपुरमा, माघ २० गते झन्डाबोझीमा, २०७५ कात्तिक १६ र १७ बन्जरियामा पनि साहित्यिक कमर्यक्रहरु भएका छन् । उक्त कार्यक्रममा दांगदेखरबाट छविलाल कोपिला, नीमबहादुर थापा, सुर्खेतबाट बिन्तीराम महतो, कपिलवस्तुबाट रामऔतार चौधरी, बर्दियाबाट सुशलि चौधरी, सुदिन चौधरी, कल्पना चौधरी, रीता चौधरी, जग्गुप्रसाद चौधरी, कालिराम चौधरी, श्याम सराबी, गोचाली परिवारका सदस्यहरु, कैलालीबाट सागर कुश्मी, रामचरण कुस्मी, अंकर चौधरी, बलराम चौधरी, तिलक चौधरी, पूर्णिमा चौधरी, संजीव चौधरी, कंचनपुरबाट मोहनप्रसाद चौधरी, वीरबहादुर राजवंशी, सुमित्रा चौधरी, सीमा चौधरी, सितु चौधरी, सन्तोष चौधरी, राजेश चौधरी, धर्मेन्द्र चौधरी, संगम चौधरी लगायत थुप्रै साहित्यकारहरुको सहभागिता रहेको थियो ।

## १६. निष्कर्ष

कंचनपुर जिल्लालाई अझै थारु साहित्यमा मलिलो बनाउन सके यहाँका थारु साहित्यिक विकासको सम्भावना बहुत छ। यहाँको पुराना गीतबाँस, लोक साहित्यको खोज अनुसन्धान गर्न जरुरी छ। यहाँ थारु भाषामा कलम चलाउनेहरुको कमी छ। यसका लागि यहाँका युवा वर्ग सचेत हुने बेला आएको । यहाँका युवाहरु आफै अवसर खोज्नमा ढिलो गर्नु हुँदैन। पुर्खाहरुबाट लोक साहित्य संकलन गर्ने समय यहि हो। यहाँका मोहरैन सांस्कृतिक तथा साहित्य समाज, सहिदान कला प्रतिष्ठान र थारु कल्याणकारिणी सभा जस्ता साहित्यिक संघसंस्थाहरु नियमित साहित्यिक मासिक अभियान चलाउन जरुरी देखिन्छ। आऔं सबैं मिली हाँतमा हाँत मिलाई कदम उचाल्नुपर्छ आफ्नो भाषा, साहित्य, संस्कृति र पहिचानका लागि। तब रहन्छ हाम्रो कंचनपुरको पहिचान र इतिहास।

## सन्दर्भ सामग्री


१. कुश्मी सागर, (२०७३/२०७४) स्थलगत अनुसन्धान।
२. चौधरी अशोक, (२०७३) असोज २० गते कुराकानी।
३. चौधरी हिमाली, (२०७४) असार ११ गते कुराकानी।
४. चौधरी कल्पना, (२०७४) असार ११ गते कुराकानी।
५. राजवंशी वीरबहादुर, (२०७४) सावन १२ गते कुराकानी।
६. कुस्मी सागर, २०७७/२०७८ स्थलगत अनुसन्धान।
७. चौधरी सिताराम, (२०७८ माघ १२ गते कुराकानी।
७. थारु इन्दु, (२०७८ माघ १३ गते कुराकानी।
७. चौधरी लाहुराम, (२०७८ माघ १२ गते कुराकानी।

# थारु जातिको एक विबेचना

(अतीत देखी वर्तमान सम्म)



गोबिन्द चौधरी
पुर्व शिक्षा राज्य मन्त्री

**१) थारु जातिको पहिचानको प्रादुर्भाव :**

थारु जातिको पहिचानका बिषयमा धेरै मत मतान्तरहरु देखिन्छ । काशी प्रसाद श्रीवास्तव द्वारा लिखित “नेपाल की कहानी पुस्तक” अनुसार थारु शब्द स्थबीर शब्दवाट अपभ्रन्स भई आएको उल्लेख छ । केहीले भार तको थार मरुभूमीवाट थारु भएको हुन सक्ने उल्लेख गरेका छन भने केहीले तिरहुतवाट थरुहट हुन आएका भन्ने गर्दछन । थारुहरुको रहन, सहन, संस्कृति, मान्यता र भुगोल आदीको बिश्लेषण गर्दा थारु जातीहरु कही कतैवाट बसाई सरी आएको नभई यहीको रैथाने बासी हो । जंगल र पहाडमा बस्ने अन्य जातीहरु च्याउ खाएर मरेको र विरामी भएको समाचार वर्षेने सुनिने गरीन्छ तर थारु जंगली च्याउ खाएर मर्‍यो या विरामी भएको सय वर्षको इतिहासमा सुनिएको छैन । यस कारण थारु जातीहरुको यो भुगोलको जंगल पहाड वनस्पती जिव जन्त संग पूर्ण रुपले परिचित रहेको कुरा बुझीन्छ । वंशानुगत (जेनेटिक) रुपले थारु जातीमा आर्यन पनि छन् र मंगोलियन पनि छन् । यस हिसाबले थारु पहिचान वंशानुगत होइन भन्ने बुझीन्छ । ज्ञात रहोस अशोक सम्राटको एक छोराको नाम महिन्द थेर थियो । अशोक सम्राट बौद्धिस्ट धर्म अंगीकार गरे पछि तिनको सम्पूर्ण परिवार बौद्धिष्ट भएका हुन् । बौद्ध धर्मको प्रचारमा श्रीलंका, वर्मा, भियतनाम, थाईलैण्ड, चिन, जापान र तिब्बत जस्ता धेरै देशमा आफ्नै परिवारका सदस्यहरु पठा एका थिए । बौद्ध साहित्यका आधारमा गौतम बुद्धको अवसान पछि बौद्ध धर्म महायान, बज्रयान, हिनयान गरी धेरै शाखामा विभाजित भयो । बौद्ध भिक्षुहरुको जिवन भिच्क्षाटनमा मात्र निर्भर रहने हुनाले युवा पिढि पनि भिच्छु हुन थाले पछि समाजको अर्थ तन्त्रमा धेरै नाकारात्मक असर पर्न थाल्यो । यस कारण गृहस्थ जीवनमा पनि बौद्ध धर्म मान्न सकिने एउटा शाखा थेरवादको प्रतिपादन भयो । कालान्तर पछि हिनया नलाई थेरवाद पनि भनियो । थेरवादको छोटकरी नाम थेर, थेरो, पछि विग्रेर थारु हुन आएको हुन सक्ने यस पक्तिंकारको भनाई हो । ज्ञात र होस वर्तमानको बंग्लादेश देखि अफगानिस्तान सम्मको भुभाग अशोक कालिन भारत थियो । हालको दक्षिणी भारत बाहेक सम्पुर्ण भारत बौद्धिष्ट भइसकेको थियो । यो कुरा बानियानको बुद्ध प्रतिमाले पनि प्रमाणित गर्दछ । यो दुई हजार पाँच सय वर्षको समय काल खण्डमा यो भुगोल अफगानिस्तान पाकिस्तान, बांग्लादेशमा विभाजित भई स्लाम र हिन्दु हुन पुगे । जहाँ बुद्ध जन्मे र जहा बुद्ध मृत्युवरण गरे त्यही भुखण्डमा आज बौद्ध धर्म छैन । यसका पछाडी धेरै घटना र परिघटनाहरु छन् । त्यता तिर नजाऔ । थारु पहिचान भनेको वंशगत वा जेनेटिक पहिचान नभई यो धार्मिक पहिचान हो । बुद्ध धर्मको एक शाखा थेरवादबाट थेर, थेरो हुदै थारु हुन आएको हो । थारुहरु हिन्दु संस्कृतिको रिती रिवाज मान्दै विस्तारै हिन्दु धर्म वरण गर्दै आफ्नो बौद्ध धर्मको पुजा पद्धति विर्सिदै आएको कारण हिजोको थेरवादी आजको हिन्दु वर्ण व्यवस्थाको थारु जातीको रुपमा चिनिन पुगेको मात्र हो । यसको अतित बौद्धिष्ट हो । थारु जातिको देवता पुजा पद्धति धार्मिक मेलाहरुले यो कुरा प्रस्ट रुपमा संकेत गर्दछ ।

**२ थारुको देउताः**

सामुहिक परिवार टुटदै जांदा साथै आधुनिक सुविधा अनुसारको घर बनाउने चलन आइसकेकोले आजभोली घरमा देउता राख्ने चलन हराउदै गईरहेको छ । थारुहरुको पुरानो घरहरुमा प्रायः उत्तर पश्चीम कुनामा र उत्तर पुर्व कुनामा देउता राख्ने चलन थियो । देउता राख्ने कोठा संगै टासिएर भान्साघर जसलाई थारु भाषमा भितरीघर भन्ने गर्दछन् । देउता घरमा सिधै जाने वाटो नभई भान्साघर भएर मात्र देउता घरमा जाने बाटो हुने गर्दथ्यो । देउताहरु स्तुप आकारको माटोको ढिस्को हने गर्दथ्यो । देउताको नाम पित्रीको नाममा हुने गर्दथ्यो । यो परम्परा बौद्धिष्ट परम्परा हो

। थारु जातीमा दुई वटा भेद मात्र हो । एउट पुर्विया थारु र अर्को पश्चिमा थारु । यो भेद भूगोलको बसाइको भेद होइन । देउता राख्ने ठाउको भेद हो । उत्तर पश्चिम कुनामा देउता राख्ने थारु पश्चिमा थारु हो । उत्तर पुर्व कुनामा देउता राख्ने थारु पुर्विया थारु हो । यहाँ ज्ञात हुन यो जरुरी छ कि दक्षिण भारत बाहेक सम्पुर्ण एसिया बौद्धिष्ट भई सकेको थियो । आठौं सताब्दीमा शंकराचार्यको उदय पश्चात बौद्धिष्ट धर्मावलम्बीहरु उपर धर्म परिवर्तनको घोर राजकिय संकट आई परेको कारण थारुहरुले आफ्नो मूल देउता घर भित्र लुकाए र घर बाहिर शिव मंदीर बनाए । यसरी बहिरवाट हेर्दा सनातन धर्मावलम्बी देखिने तर मौलिकरुपले बौद्धिष्ट रहने गरी मूल देउता भितरी घर (भान्सा घर) को पछ्याडी लुकाईयो । यती मात्र नभई देउता घरमा अरुको पहुच नहोस भनी  देउताको पूजा गर्नको लागी धामी र गुरौ जातीको निर्माण पनि गरे । यसकारण थारु जातीमा अहिले धामी र गुरौ जाती पनि छन् । यो धर्म परिवर्तनको संकट शंकराचार्य भन्दा पुर्व अशोक सम्राटको अवसान पछिको नातीको पालामा शैन्य विद्रोह संगै उत्पन्न भएको हो । त्यस पछि शुंग वशंको शासन स्थापित भयो । यो क्रम मुस्लिम काल सम्म रह्यो । नालन्दा विश्वविद्यालय र तक्षशिला विश्व विद्यालयको विनाश लिला यसको ज्वलन्त प्रमाण हो ।

**३ थारु जातिको धार्मिक मेलाः**

केही धार्मिक मेलाहरु शुद्धरुपमा बौद्धिष्ट मेला भन्नु भन्दा पनि गौतम बुद्धको साइनो रहेको धार्मिक मेलाहरु हुन । जहाँ थारुहरु तिर्थ स्थलको रुपमा हेर्न जाने र मान्ने गर्दछन् । जस्तै बैशाष पूर्णिमाको लुम्बनी मेला, माघे औंसीको त्रिबेणी मेला (नवलपरासी), र चितवनको देवघाट मेला, चितवनको बिक्रमबाबा मेला,  चित्रसेन दर्शन, ठोरीको छेउमा भारतको बिहार प्रदेशमा पर्ने सहोदरा माई स्थान जो वास्तवमा यशोधरा (यशोधराले मृत्य वरण गरेको ठाँउ) माई हो । भारत विहारको शारनाथ र कुशीनगर यी सबै गौतम बुद्ध संग संबन्धति ठांउहरु हुन । थारुहरु जानेर वा न जानेर परम्परागत रुपमा यी ठाउंहरुको मेला र दर्शन गर्न गई रहन्छन । आफ्नो पूर्खाको साईनो रहेको कुरा बिस्मृतिको बिषय हुनगए पनि धर्म र परम्पराको रुपमा अहिले पनि यो ठाँउको मेला र दर्शन गर्नजाने थारु जतिमा चलन विद्यमान छ । यसले बुद्ध भगवानसंग सम्बन्धीत मुख्य ठांउहरुमा थारुहरुको साईनो रहेको पुष्टी गर्दछ । आजको अवस्थामा थारु एउटा जातको रुपमा बुझिएको भए पनि यसको अतित बौद्धिष्ट नै हो । थारु शब्दको प्रादुर्भाव बौद्ध धर्मको थेरवाद बाट भएको हो भन्ने कुरा तिर इंगित गरिरहेको छ ।

**४ थारु जातीमा बर्ण र थरः**

हिन्दु वर्ण व्यवस्थामा धेरै जात थर र वर्ण भए जस्तै थारुहरुमा पनि धेरै थर, वर्णहरु छन । ज्ञात रहोस कि गौतम बुद्धको जिवन काल भन्दा पहिला दक्षिण एसिया भुखण्डमा जाती र वर्ण व्यवस्था थियो । वर्ण व्यवस्थाका कारण सानो ठुलो उच निच छुत अछुत भेदभावले गर्दा यस भुखण्डमा घोर हिंसा व्याप्त थियो । यहाँ सम्म कि अछुतको लागी सडकमा हिन्ने पेटी पनि निर्धारण गरिएको थियो । यो हिंसाको मुल कारण मानव समानताको अभाव हो भन्ने कुरा बुझेर नै गौतम बुद्धले सबै मानव समान हो भनि समसामाजिक व्यवस्थाको निर्माण तिर बौद्ध धर्मलाई लक्षित गरेका हुन । बौद्ध धर्मको प्रभाव बढ्दै जादा वर्णवादी व्य वस्था भित्रका जातहरुनै बौद्धिष्ट भएकाहरु पछि थेरवादी भएका हुन । र पछि थारु भएका हुन । त्यसै कारणले थारु जातीमा मुल जाती संग थारु जोडिएर आएको हुन्छ । जस्तैः राना थारु, कठरिया थारु, कुर्मि थारु, योगी थारु, मौर्य थारु, रौतार थारु, कुम्हाल थारु, बोटे थारु, खवास थारु, विश्वास थारु आदी जस्ता वर्ण व्यवस्थाको मूल थर संग थारु थर जोडिएर आएको छ । थारुहरुमा थर र वर्ण चार थरीबाट आएको छ । पहिलो वर्ण व्यवस्थाको मुल थर संग जोडिएर आएको थर । दोश्रो राज्य संचालनको प्रशासनिक ओहोदा संग जोडिएर आएको थर । जस्तै चौधरी, फौजदार, हुज्जेदार, गच्छेदार, सर्दार, महतो, बडघर, आदि । तेश्रो भूगोल संग जोडिएर आएको थर । जस्तै नवलपुरिया, लोकौलिया, चितवनिया, कोचिला, मोरगिंया, दगोरिया, आदि । चौथो संकटकालिन अवस्थामा आफ्नो सुरक्षाको लागी जन्माएको जात जस्तै धामी, झाक्रि, गुरौ आदि । थारुहरुमा चमार थारु देखी पौडेल थारु सम्म छन् । अर्थात दलित देखी बाहुन सम्म थारुहरुमा थर वर्णहरु छन् । यस थारु जातीको मुख्य विशेषता उच निच सानो ठुलो छुत अछुतको भेदभाव छैन । यसका रण थारु हिन्द वर्ण व्यवस्था भित्रको जातको रुपमा चिनिए पनि यो हिन्दु वर्ण व्यवस्था भित्रको जात होइन । थारु नेवार जस्तै समुदाय को रुपमा

चिनिएको भएता पनि नेवार हिन्दु वर्ण व्यवस्था भित्रको समुदाय हो । तर थारु समुदाय समसामाजिक व्यवस्थाको बौद्धिष्ट सम्प्रदाय हो भन्ने दर्शाउछ । तराई मधेशमा थारु जातिले आफु बाहेकका मधेशीहरुलाई बाजी भन्ने पहिचानले सम्बोधन गर्दछ । बाजी समुदायको विवेचना यहाँ यस मानेमा जरुरी छ कि यसले थारु समदायलाई पूर्ण रुपले परिभाषित गर्दछ । यथार्थमा भन्ने हो भने तराई मधेशको थारु र बाजी समुदायले एक अर्कोलाई परिभाषित गर्ने गर्दछ । यसकारण यसको विवेचना हुन जरुरी छ ।

**५ बाजी पहिचानको एतिहासिकताः**

मुलतः बाजी शब्द बुद्धकालीन मध्यदेशको १४ महाजनपद मध्येको "बज्जी" गणराज्यबाट आएको शब्द हो । बुद्धकालीन सदानिरा नदी हालको गण्डक नदी देखी पू र्वका महाजनपदहरु "बज्जीका" संघमा र गण्डक नदी देखी पश्चिमका महाजनपदहरु कपिलवस्तू संघ गरी दुईटा संघमा बिभाजित थिए । बौद्धकालिन साहित्यका आधार मा "बज्जीका गणराज्य" र बज्जीका संघभित्रका महाजनपदहरु को अर्थतंत्र (ब्यापार) र राज्य प्रशासन ज्यादै समृद्ध थियो भने कपिलवस्तु गणराज्य र यस संघ भित्रका महाजनपदहरुको धर्म र संस्कृती समृद्ध थियो । हालको मगही र मैथिल भाषा त्यति खेरको "बज्जीका" भाषा हो । यस अर्थमा बाजी शब्द बज्जीका शब्दबाट अपभ्रंस भई आएको शब्द हो । जुन प्रकारले मध्यदेश, मधेश र मधेशी जनताको राष्ट्रीयता पहाडी जनताको जनजिब्रोमा जिवित थियो ठीक त्यसै प्रकारले "बज्जी" जनताको "राष्ट्रीयता" थारु जनताको जन जिब्रोमा जिवित रहन गएको हो । त्यसैले थारु र बाजी जनताको बसोबासको सघनताको हिसावले तराई मधेशमा थरुहट क्षेत्र र बजीहट क्षेत्र भन्ने व्यवहारिक प्रचलन अहिले पनि यथावत छ । अर्को अर्थमा भन्ने हो भने बौद्ध धर्म उपर संकट आएको बेलामा बौद्ध धर्म छाडी वर्ण व्यवस्थाको आफ्नो मुल थरमा फर्किएका चतुर र चलाक जातिका रुपमा पनि यो बाजी भनिने सम्बोधन प्रप्त भएको हो । जे भए पनि मुलतः थारु समुदाय अर्थात थेरवादी समुदाय कपिलवस्तु संघका जनताले बाजी भनि सम्बोधन गरेको पहिचान बुद्धका लिन ऐतिहासिक बज्जीका गणराज्यको राष्ट्रियता नै हो । बाजी समुदायको देउताहरु पनि स्तुप आकारको माटोको ढिस्को नै हुने गर्दथ्यो । स्मरणीय कुरो के हो भने सम्पर्ण एसिया नै बौद्धिष्ट भइसके को अवस्थामा यी सबै बौद्धिष्ट भइसकेका थिए । यस अर्थमा थारु भनेको हालको थेरवादी र बज्जीका भनेको पुर्व थेरवादी भनेर बुझ्न जरुरी छ । यसकारण बज्जीका समुदाय भित्र जती जात र थर वर्ण हुने गर्दछन् त्यतिकै जात र थर वर्ण थारु समुदाय भित्र छन् । यथार्थमा भन्ने हो भने गौतमबुद्ध स्वयः बौद्धिष्ट थिएनन । उनि सूर्यबंशी क्षेत्री थिए । आजको थारुको भााषामा भन्ने हो भने उनि बाजी थिए । सामाजिक न्यायको सिद्धान्त प्रतिपा दित गरेर बुद्ध भए र बौद्धिष्ट भएका हुन भन्ने कुरा बुझ्न जरुरी छ । अर्को अर्थमा भन्ने हो भने जुन थरवादीहरु आफ्नो मुल थरमा फर्किएनन् ति थारु रहन गए । जो थेरवादीहरु वर्ण व्यवस्थाको मुल थरमा फर्किए अथवा पुनः वर्ण व्यवस्था स्विकार गरे ति थेरवादीहरु आज बाजी वा वज्जीका भनिएका हुन । थारुबाट (थेरवादी) वर्ण व्यवस्थाको मुल थरमा फर्किने क्रम अहिले पनि जारी नै छ । जस्तै खवास थारु, योगी थारु, दनुवार, सुनुवार, ताजपुयिा, राजबंशी आदि लाई लिन सकिन्छ । खवास थारु अहिले खस क्षेत्रीमा फर्किन थालेकाछन् । त्यस्तै योगी थारु अहिले दशनामीमा फर्कन थालेका छन् । थारु भनेको नामको थेरवादी र बाजी भनेको पुर्व थेरवादी बुझ्दा हुन्छ । प्रत्यक्ष नदेखिएता पनि जहाँ जहाँ बाजी समुदाय छन् त्यहा त्यहा थारु सम्प्रदाय छन् । काठमाडौं उपत्यका भित्र एक थरी नेवारहरु अर्को थरी नेवार लाई वजिया भन्ने गर्दछन् । मुल रुपमा बौद्धिष्ट नेवारहरु हिन्द वर्ण व्यवस्थालाई स्विकार गरिसकेका नेवारहरुलाई वजिया भन्ने गर्दछन् भन्ने यस पक्तिंकारको बुझाइ हो । आज भन्दा सय वर्ष पहिला ललितपुरको चापागाँउलाई थारु गाँउ भनिने गरिन्थ्यो । काठमाडौंको असन बजारमा रहेको केलटोललाई कोलिएबाट भागेर आएको शाक्यहरुले बसाएको टोल भनि धेरै इतिहासकारहरुको भनाइ हो । भिक्षु आनन्द आफ्नो जिवनकालमा काठमाडौं उपत्यका आएको भनि बौद्ध साहित्यमा उल्लेख पाइन्छ । धर्म प्रचार संग संगै आफन्त भेट्न आएको हुन सक्ने कुराले पनि यो पुस्टी गर्दछ । थारु र बाजी एउटै सिक्काको दुइटा पाटा हुन । दुवै समुदायले एक अर्कालाई परिभाषित गर्दछन् भन्दा पनि अतिशयोक्ति नहोला ।

**६ थारु जातीको उत्थान र पतन :**

उपरोक्त हरफहरुमा उल्लेख भए अनुसार थारु कर्मले थेरवादी नभएता पनि नामले थेरवादी पक्कै हो । गौतम बुद्धको

अवसान पछि विभाजित बौद्ध धर्ममा थेरवादको प्रवर्दक जो भएता पनि थेरवादको मुल प्रचारक अशोक सम्राट नै हुन । यसमा दुई मत छैन । अशोकको जन्म भन्दा पहिला दुनियाको नक्सामा भारत भन्ने कुनै देश थिएन । हालको बांग्लादेश देखि अफगानिस्तान सम्मको भुगोलमा विशाल भारतको निर्माता पनि अशोक सम्राट नै हुन । विशाल भारत संगै श्रीलंका, वर्मा, थाइल्याण्ड, भुटान, जापान, चाइना, तिब्बत, मंगोलिया जस्ता दर्जनौ देशमा आफनै परिवारको सदस्य मार्फत बौद्धिष्ट धर्म (थेरवाद)को प्रचार प्रसारमा आफ्नो जिवनको अन्त सम्म कटिबद्ध रहे । थारु मध्ये केही थारुको वंश गौतम बुद्धको वंश होलान् तर थेरवाद वा थारुको वास्तविक प्रवर्तक अशोक सम्राट नै हुन् भन्दा गलत नहोला । अशोक काल सम्म थारु जातीको आर्थिक सामाजिक र राजनितिक उत्थानको उत्कर्श काल भन्न सकिन्छ । अशोक सम्राटको अवसान पछि तिनका नाती बृहद रथ को शासन कालमा चक्रवर्ती सम्राटको सेनामा पुष्यमित्र सुग भनिने एक जना वर्णवादी सेनापतिले सैन्य विद्रोह गरी पुनः वर्ण व्यवस्था फर्काउने तिर राजकिय अभियान शुरु भयो । यसै क्रममा बौद्धिष्टहरुलाई दमन गर्न थालियो । थेरवादी सहित सम्पुर्ण सम्प्रदायको पतनको यो शुरुवात  काल हो । यो दमनको त्राशदीपुणकार्य सैन्य बलको भरमा सयौं वर्ष सम्म जारी रह्यो । आठौं शताब्दीमा शंकराचार्यको उदय भएपछि शैन्य बल संगै सांस्कृतीक एजेन्डाका साथ यो अभियान जारी नै रह्यो । त्यसपछि भारतमा मुस्लिम आक्रमण भयो । जसमा बौद्धिष्ट र हिन्दु दवै माथी सांस्किृतिक अतिक्रमण भयो । यो क्रम इस्ट इन्डिया कम्पनीको अंग्रेज सरकार नआए सम्म जारी रह्यो । यसै कारण जहाँ बुद्ध जन्मे र जहाँ मृत्युवरण गरे त्यही बौद्ध धर्म समाप्त भएको हो । थेरवादी वा थारु संगै सम्पुर्ण बौद्धिष्ट सम्प्रदायको पतनको क्रमको अन्तिम काल भन्न सकिन्छ । यो त्रासदीको समय एक हजार वर्ष भन्दा बढी नै रह्यो । यो अवसर बाट नेपाल अछुतो रहन सकेन । नेपाललाई असली हिन्दूस्तान बनाउने वा नेपाल चार वर्ण छत्तिस जातको फुलवारी हो भन्ने पृथ्वि नारायण शाहको भनाईले यो कुरा बुझ्न गाह्रो छैन ।


नेपालको थारुको अवस्थाको सन्दर्भमा भन्नु पर्दा तराई मधेश केन्द्रित राजनितिक, सामाजिक अवस्थाको क्रमिक विकास र परिवर्तनको विवेचना जरुरी हुन जान्छ । तराइ भुगोल भित्र सेन वंशको पतन भए पछि मात्र शाह वंशको शासनको उदय भएको इतिहास साक्षी छ । नेपालका राजा र तराईका थारु भन्ने पुस्तकको लालमोहरहरुको विश्लेषण गर्दा थारुहरु र सेनवंशी राजाहरुको विचमा अभिन्न सम्बन्ध रहेको देखिन्छ । पाल्पाका राजामणी मुकुन्द सेनले  हालका नवलपरासी जिल्लाको नवलपुरका एक जना थारु गुरौलाई लेखेको पत्रको आसय हेर्दा राज गुरौ भएको आसय झल्किन्छ । यसबाट राजाको देउता र थारुको देउता वा पुजा पद्धती समान रहेको बुझीन्छ ।  अर्को कुरा निजको छोरा भारतको गोरखपुर क्षेत्रमा राजकाज सम्हालिरहेका सेनवंशी राजा रतन सेन ले सोही क्षेत्रका एक जना थारुलाई अन्न प्रासनको समारोहमा लेखेको स्याहमोहर हेर्दा थारुहरु संग पारिवारिक सम्बन्ध रहेको देखिन्छ । सेनहरुको शासन कालमा गन्डक देखि पुर्व क्षेत्रको थारुहरुको परम्परागत राज्य संचालनको प्रकृया मान्यजन र महतवा प्रथा राज्य संचालनको विधिको रुपमा मान्यता पाएको देखिन्छ । त्यसै गरी गण्डक नदी देखीको पश्चिम तराई भुभागमा बडघर प्रथाले मान्यता पाएको देखिन्छ । केहि इतिहासकारहरु सेन राजाहरु वंगाली रहेको उल्लेख गरेता पनि उपरोक्त कारणहरुले गर्दा म यसमा सहमत छैन । स्याह मोहर र लाल मोहरको भाषा र शैली हेर्दा थारु भाषा र शैली संग पुरा मेल खाएको देखिन्छ । मेरो विचारले शाक्य वंश र कोलिया वंशको राज्य सत्ता समाप्त भएको धेरै पछि सोहि वंश श्रृंखलाका व्यक्तिहरु पुनः सेन वंशका रुपमा शासन व्यवस्थामा आएको हुन सक्दछ । यसै कारण थारुहरु संग सेन राजाहरुको अभिन्न सम्बन्ध देखिन्छ । चितवनको टाडी बजार देखि केहि दक्षिण रहेको चित्रसेनको स्थान छ । जसलाइ चितवनका थारुहरु आफनो देउताको रुपमा मान्ने गर्दछन् । डा. सिके राउत द्वारा लिखित मधेसी विर सपुतहरु भन्ने पुस्तिका अनुसार मधेशको एकिकरण लोहान सेन ले गरेका हुन भन्ने उल्लेख छ । चितवनको माडी क्षेत्रमा रहेको विक्रम बाबाको स्थान छ । जहाँ मेला लाग्ने गर्दछ । ती विक्रम बाबा गौतम बुद्धको वंशावली भित्रका व्यक्ति हुन् । चितवन जिल्लाको नामाकरण नै चित्रसेनको नामले भएको चितवनका थारुहरुमा जनभनाइ छ । यी उपरोक्त तथ्य हेर्दा सेन राजाहरु थारु थिए भन्ने कुरा दर्शाउछ ।

नेपालमा सेन वंशको पतन संग संगै थारुहरुको पतनको शुरुवात भएको भन्न सकिन्छ । त्यसपछिको शाहकाल राणाकाल, र पन्चायत कालमा थारुहरुको दमनको कथा भनेर साध्य छैन । अहिलेको लोकतान्त्रिक कालमा पनि यो

क्रम जारी छ । अन्यथा थारु आरक्षणको संवैधानिक व्यवस्था हुदा हुदै थारु कल्याणकारिणी सभाले आरक्षणको मुद्दा लिएर न्यायलय धाउनु पर्ने अवस्था आउदैनथ्यो । स्मरण रहोस पृथ्वी नारायण शाहको दिव्य उपदेशमा तामांग, नेवार, राई, लिम्बु, आदी जस्ता जात मासिने जातीको सुचीमा समावेश थिए । ललितपुरको इमाडोललाई महालक्ष्मी नगरपालिका नामाकरण गरिएको छ । इमाडोलको अर्थ महालक्ष्मी नै हो । शब्दको अर्थ फरक छैन तर इमाडोल नेवारी भाषा संस्कृती हो र महालक्ष्मी भनेको खस आर्य संस्कृती हो । यो सुक्ष्म सांस्कृतिक अतिक्रमण हो । अर्को शब्दमा भन्ने हो भने यो सैन्य र सामन्ति दमनको लोकतान्त्रिक संस्करण हो । विशाल भारतको निर्माण अशोक सम्राट (थारु)ले गरे । नेपालमा मधेशको एकिकरण लोहान (थारु) सेनले गरे । थारुको अतितमा एउट गौरवशाली इतिहास लुकेको छ । यो बुझ्न जरुरी छ ।

एउटा भनाई छ जुन जाती समुदायले आफ्नो अतित विर्सन्छ त्यो जाती र समुदायको भविष्य अन्धकार हुन्छ । वास्तवमा थारुहरुको पतनको मुल कारण थारुहरु आफ्नो अतित वर्सेका छन् । दमनकारी शासक जातीहरु थारुको गौरवशाली इतिहास देखी तर्सेका छन् । थेरवादी, थेर, र थेरो हुदै थारु हुन गएको उपरोक्त भनाइको अर्थमा हेर्नेहो भने थारु जाती नेपाल र भारतको उतरपरदेश, विहार र उत्तराखण्डमा मात्रै सिमित छैनन् । यस जातीको विस्तार श्रीलंका, वर्मा, थाइल्यान्ड, चीन, जापान, दक्षिण कोरिया संगै विश्वका बाइस देशमा यो जातीको विस्तार छ ।

॥ समाप्त ॥



# थारू साहित्य ।



नन्दलाल चौधरी ।
सुरुंगा न.पा. वडा नं १०,सप्तरी
हाल महालक्ष्मी न.पा.वडा नं ५
टिकाथली (थारूटोल) ललितपुर
(मो:९८४१३८७७१३,९८०३४५६२९६)
email nandlal.chy@gmail.com

**१. विषय प्रवेश :–**

भाषा र साहित्य समाजका अभिन्न अंगहरु हुन् । भाषा विना समाज र समाज विनाको भाषा तथा साहित्यको कल्पना गर्न सकिन्न । त्यसैले यी दुबै हरेक अवस्थामा एक अर्काका पुरक मानिन्छन् । मानव सभ्यताको विकाश संगै भाषा र समाजको अभ्युदय भएको देखिन्छ भने त्यसको लगत्तै साहित्यको सिर्जना नभएको होइन । चाहे त्यो आदिबासी साहित्यको रुपमा होस् चाहे लोक साहित्यको रुपमा । इतिहासको हरेक कालखण्डहरुमा मानव समुदायको यावत कुराका दृष्यहरु समाजरुपी रंगमंचमा निरन्तर मञ्चन हुंदै आएका छन् । त्यस्तै समाजमा भए गरेका हरेक क्रियाकलापहरु जस्तै सामाजिक, सांस्कृतिक र धार्मिक अभिनयहरुको प्रतिबिम्बहरु साहित्यमा देखा परेकै हुन्छ । शायद त्यसैले होला साहित्यलाई सर्जकह रुले समाजको दर्पण भनेर स्थापित गरे । एउटा यस्तो मूक दर्पण जहां हरेक जात जाति र विभिन्न सम्प्रदायका वस्तुस्थिती संगै रुप,गुण र दोषहरुलाई चरितार्थ गरिएको हुन्छ । मानव मात्रको हावभाव, विचरण र जीवन शैली नभई हरेक प्राणी लगायत प्रकृति संगको निर्बाध र कमिक विकाशहरुको चारित्रिक एवं विषद चित्रण साहित्यमा हुन्छ ।

**२. परिभाषा :–**

साहित्यलाई शब्द, अर्थ र भावको विपुल भण्डार भनिन्छ । मानव जातिको धर्म, संस्कृति र सभ्यताको हरेक आयामहरुलाई यसले संगालेको हुन्छ । हरेक मर्महरुलाई स्पर्श गरेको हुन्छ । त्यसैले भनिन्छ “साहित्य शब्द,अर्थ र भावका त्रिवेणी हुन् । जुन जनहितको भावनालाई कदर गर्दै उंच्च आदर्श तिर प्रवाहित हुन्छ ।” यस्तै लोकहितको भावनालाई उंच्च कदरको मूल प्रबाहमा समाहित गराउने नेपाली साहित्यका स्रष्टाहरुमा महाकवि देवकोटा र नाट्य सम्राट समको चर्चा सर्वथा यहाँ प्रशाङ्गिक छ । विश्व साहित्यका महान् आदर्श शेक्सपियरले त यसको व्यापकतालाई सर्वोपरि मान्दै लेखे “Literature is a comprehensive essence of the intellectual life of a nation” उनले आफ्नो विराट अंग्रेजी साहि त्यमा रोमन सभ्यताको स्तुतिगान नगरेको भए शायद त्यो सभ्यता कहिल्यै यस्तो व्यापक तथा विश्व प्रसिद्ध हुने थिएन सायद । मानौं ती नगरीय सभ्यताको जगको ईटहरुमा यिनका अमर कीर्तिका सरस शब्दहरु अंकित छन् र जीवित पनि ।

**३. थारू साहित्यको स्वरुप :–**

जे होस् त्यस्तै सारगर्भित दर्शन,प्रशंग एवं चिन्तनहरुको न्यानो आलोकमा विचरण गर्दै संक्षेपमै भएपनि हाम्रा थारु साहित्यको क्षितिज तिर हेर्नु यथोचित हुनेछ । त्यो निर्मल क्षितिजमा जहां असंख्य सर्वसुलभ र बोधगम्य साहित्यका लोक लहरीहरुको अनन्त संसार छ । जसले जतिबेला चाहे पढ्न र बुझ्न सक्छन् । चौतारी र देउरालीमा राखिएका खुल्ला किताबहरु जस्तै । यस्ता सार्वजनिक किताबहरु जसको शब्द, वाक्य र अर्थभावहरु विरलै नबुझ्ने खाले वा कठिन छन् । शायद चर्चित अरु अरु साहित्यको वाक्य र शब्दार्थको तुलनात्मक अनुपातमा थारु साहित्य अव्वल सिद्ध नहोला भन्न सकिन्न ।

### ३.१ उदाहरण र विशेषता :–

त्यसको एउटा ज्वलन्त उदाहरण हो थारु भाषा साहि त्यमा आदरार्थी क्रियापदहरुको कठिन र विषम प्रयोग नहुनु वा एउटैले काम चल्नु । यसको अवस्था समान रहनु । लिंग, बचन र वाक्यको रुपान्तरण हरेक कर्ता अनुसार नभएर एउटै हुनु । जस्तै :– काका जाइछै,काकी जाइछै,बच्चा जाइछै,राष्ट्रपति जाइछै,भीखारी जाइछै,हम तों आ उ सैब जाइछै । खास गरेर यी थारु साहित्यका आफ्नै अतुल धरोहर र मौलिक विशेषता हुन् र यही नै विशेषताको वरदान स्वरुप यो साहित्य प्राचिनतम् भएर पनि कहिल्यै लोपोन्मुख भएन । छिमेकी भाषा र साहि त्यबाट अतिक्रमित रहेर पनि यसको अस्तित्व कायम छ ।

### ३.२ जोगाउनु पर्ने कारण :–

यस्तो राष्ट्रिय तथा सार्वजनिक महत्वको सम्पतीलाई संरक्षण र संवर्धन गरिनु अपरिहार्य देखिन्छ । यसको अभिलेख अधिकांश अलिखित रहे पनि लोकस्मृतीका मन र मष्तिस्कहरुमा व्याप्त छन् । ऐतिहासिक बिरासत देखि हालसम्म थारू संस्कृतिका सुनौला पानाहरुमा स्वर्णाक्षरले अंकित छन् र रहने पनि छन् । थारु समाजका प्रत्येक नर नारीहरुको ढुकढुकी बनेर यी चाहिने बेलामा स्वतः स्फुर्त हुन्छन् । राष्ट्रिय र सांस्कृतिक चाडपर्व, विहावारी, खेतीपाती र अन्य अनेकौं सामाजिक मूल्य मान्यता र संस्कारहरुमा शुभसूचक भावको रुपमा गाईन्छन् । खेतबारीमा काम र विश्राम गर्दा कहिले रोपाईको गीत त कहिले बाह्रमासा (बाह्रै महिना गाइने) त कहिले चाचैर बिरहैन (सुख,दुःख/विरह वेदनाका अनुभुति) का क्षणहरुमा यी गीत गुञ्जन्छन् । यस बाहेक चाडपर्व जस्तै :– सामा चकेवा, जितीया, दशैं, दिपावली (सुकराती),छठ,माघीमा गाइन्छ । हर्षोल्लासको समय होरी (होली) वसन्त त विवाह र पछि विदाइ गीत समदौनको रुपमा त कहिले विभाष परातिको शब्दालंकारको रुपमापनि प्रकट हुन्छन् । यी लोक साहित्यका विशिष्ट थारु कोसेलीको सविस्तार लेख्य विवरण साहित्यकार फनिश्याम थारु द्वारा "थारु लोक साहित्य एक अध्ययन" नामक कीर्तिमा गरिएको छ । यसको प्रकाशन श्रीमती श्यामा कुमारी थारुले वि.सं. २०७० बैशाखमा गर्नुभएको छ । थारु साहित्यका यी समस्त अमर निधिहरु आफ्नो अस्तित्वको परिचय जाती य पहिचानको रुपमा दिइरहेका छन् । अनेकौं भाषिक आरोह अबरोह र तछार मछाडका बावजुद पनि साहित्यिक कवचको रुपमा यी मौजुद छन् ।

### ३.३ यसको सबल पक्ष : –

केहि कालजयी दृष्टान्तहरु यस्तो अनुकुल बेलामा यहाँ प्रस्तुत नगरे यो लोक साहित्य विधाको अपमान होला । जिवीकोपार्जनको साधन खेती भएकोले इतिहासमै कृषिका अग्रदूत थारूहरु रहेको निर्विवाद छ । (विलियम कुक २१६, द नर्थ वेस्टर्न प्रोभिन्सेज अफ इन्डिया : दायर हिस्ट्री,एथनोलजी एण्ड एडमिनिस्ट्रेसन) त्यसैले पनि यिनको साहित्यको आधार स्तम्भको जग यहींबाट निर्माण हुनु स्वभाविक देखिन्छ । आफ्नो आदिबासी साहित्यको मूर्त रुपमा परिचय दिदै जोतिरहेको हलगोरुको चित्रण "गाउँ खाने कथा"को रुपमा उहिले नै यसरी अति सरस तथा सहज ढंगले गरिएको पाइन्छ ।

छ कान दुइ पुच्छरा दश गोर मुख चाइर,
एक मुख जे जीव नै से ज्ञानी कहे बिचाइर ।

थारू साहित्यको उर्वर र सघन फांटको अर्को नाम हो "धुमरा नाच" । यो थारूहरुको मूल साहित्यिक र सांस्कृतिक धरोहर पनि हो । यसमा थारू समुदायका हरेक गतिविधि,आहार बिहार र आचार व्यवहारहरुको समिश्रण हेर्न पाइन्छ । थारू र धुमरा नाच एक अर्का को पर्यायवाची भन्दा कुनै अत्युक्ति नहोला । त्यसैले थारू भाषा साहित्य केन्द्र नेपालले २०७७ चैत्रमा धुमरा नाच (थारू गीति महाकाव्य) सगौरव प्रकाशित गरेको छ । यसै नाच अन्तर्गत उहिले थारू साहित्यको एउटा पाटो जसलाई समस्या समाधान भनिन्थ्यो बडो रोचक र मार्मिक ढंगले दर्शाइएको हुन्थ्यो । यसलाई स्व. खखन विपातर (हास्य कलाकार,भूसी महौलिया सप्तरी) पृथ्वी जयन्ती पदक विजेताले यसरी बखान गर्नु हुन्थ्यो । समस्या :– "कोन कारण सुन्दरी हाथ जरे ?" पति पत्नी मिलनको पहिलो रात तिर लक्षित । नयाँ दुलही हरुको पहिलो रात तिनको जीवनमा कति महत्वपूर्ण र सकसपूर्ण हुन्छ त्यसैको सटीक समाधान तथा उत्तर

साहित्यिक शैलीमा यस्तो छ ।

लब (नयाँ) अबला रस भेद ने जाने,सेज करत जीया बहौत डरे,
सुइत परल तब चौंक उठल जब दौर के कंत (पति) बैंह पकरे ।
दुनु के झकझोरन में गैंठ लब पिताम्बर तब खुइग परे,
झट् दिपक कामिनी हाथ धरे याहा कारण सुन्दरी हाथ जरे ॥
(हास्य कलाकार स्व.खखन चौ.सप्तरी)

### ३.४ समस्या समाधान :–

थारू साहित्यमा समस्या समाधानलाई उँच्च दर्जामा राखिएको छ । यहां यसवारे केही चर्चा गर्नु सान्दर्भिक होला । साहित्यको यो अभिन्न अंग जुन अहिले पनि मात्र थारू समुदायमा अवशेषको रुपमा छ । उहिले यसलाई वैठका भनिन्थ्यो । यो बैठकाको आयोजन खास गरेर ससुरालीमा र रातिको समयमा गरिन्थ्यो । यसका सहभागीहरु विशेषरुपमा सालीहरु,भिनाजु तथा तिनका साथीहरु,जेठानकी श्रीमती,देवर र भाउजु हुन्थे । यसको प्रमुख विशेषता यो रात्रीकालमा भएपनि अति मर्यादित र अनुशासित हुन्थ्यो । यसमा जुनसुकै साहित्यिक समस्या राख्दा वा त्यसको समाधान गर्दा सामाजिक मूल्य र मान्यताको परिधि भित्र रही मात्र गर्नु पर्दथ्यो । अश्लील तथा उछृंखल व्यवहार पूर्णतया निषेध गरिएको हुन्थ्यो । यो पक्ष र प्रतिपक्ष दुई समुहमा विभाजित भई जुहारी जस्तै खेलिन्छ । जित्ने हार्ने दुवैले सर्त अनुसार पुरस्कार तथा सजायको तत्काल भागी बन्नु पर्ने हुन्छ । प्रस्तुत छ एउटा सरस र रोचक समस्याको समाधान जुन बाल विवाहको सेरोफेरोमा छ र त्यतिखेर कुरीतिको रुपमा रहेर थारू समाजलाई बर्बाद पारेको थियो । थारू साहित्यले त्यसलाई यसरी समस्या समाधान भित्र अंकित गरेको छ ।

चारु दृग पोखरा बिच नेमुअन के बास,
जुग जुग जिहे रे भमरा आजु पुरैले आश ।
(स्व.रविलाल चौ,पटेर्वा,सप्तरी)

उहिले बाल विवाहमा कनियौती प्रथा कलंकको रुपमा जरो गाडेको थियो । कनियौती भन्नेको कन्या पक्षले लिने नगद रकमलाई भनिन्छ । कुल खानदानमा केटी पक्ष अव्वल भएको खण्डमा केटा पक्षले माग गरे अनुसार पैसा तिर्नुपर्ने हुन्थ्यो । यसरी पैसा तिरेर विहा गरेपछि केटाको पनि खानदानको सम्मानमा बृद्धी हुन्थ्यो । त्यसैले केटी राम्री र खानदानी रहेछ भने जग्गा बेचेर भए पनि केटा पक्षले विहाको लागि भए भरको जोखिम उठाउथ्यो । यसको दुरगामी असर पछि केटी माथी परेर केटा केटी दुबैको दाम्पत्य जीवन नरक बन्न पुग्थ्यो । यहाँ पनि त्यस्तै घटनाको पुनरावृत्ति भएको छ । एकजना गोरी सुन्दरी केटीको विहे काले केटासंग भएछ । केटा मात्र कालो भए त हुन्थ्यो । विहेमा उसको जग्गा पनि बेच्नु परेकोले खान लाउन पनि हम्मे हम्मे नै हुने भयो । यो कुराको सुइको पाएपछि विस्तारै तिनीहरु टाढिन थाले । एउटा नदीको दुई किनार जस्तै भए । चकेवा चकेवीको जोडी दिउंसो संगै भएर पनि राति पर पर बस्न थाले । आखिर केहि सिप नलागेर बाआमालाई सम्झाइ बुझाइ केटोले श्रीमतीलाई उसको माईत पुऱ्याउने निधो गऱ्यो । फागुनको महिना बसन्त ढकमक फुलेर मन्द मन्द हावा चलेको थियो । मध्य बाटोमा जहां तिनीहरु दुइतिर फर्केर विश्रामको अवस्थामा थिए । एउटा ठूलो पोखरी थियो । त्यसको डीलमा सेतै लटरम्म फूलेका निबुवाको बोट थियो । फूलमा एउटा असाध्यै कालो भमरा पनि थियो । जसले निरव शान्त वातावरणमा फूललाई मदहोशी अवस्थामा चुसीरहेको थियो । अकष्मात् केटीको आंखा त्यहां पुग्यो । केटीले त्यो प्रकृतिको प्रेमालाप देखिन् र आफु पनि पूर्ण रोमाञ्चित भइन् । अचानक एकै चोटी धरतीमा पछारीएको जस्तो अनुभव भयो । बिहान बाटो बिराएको बटुवाझैं तिनी सांझ टुप्लुक्क घर फर्किसकेकी थिइन् । छड्के आँखाले श्रीमान् तिर हेरीन् । भमरा जस्तै उसलाई निर्दोष र निश्छल पाइन् । समय र परिस्थितीको अनुपम संयोग यस्तो कि दुबै त्यहीं फूल र भमरा जस्तै भए । अनि मानसिक र शारीरिक दुबै तृप्तीका साथ भमरालाई आशीष दिंदै भनिन् “युग युग बांच हे भमरा तिमीले गर्दा मेरो जीवनमा फेरी नयाँ मोड आयो र खुसियाली छायो ।

## ४. कृषि र मानसुन वायुको थारू साहित्यमा प्रभाव :–

थारू साहित्यको थाकथलो र उद्‌गम दुइटै कृषिको मुहानबाट उर्लेर आएको भन्दा त्रुटीपूर्ण नहोला। धार्मिक,सांस्कृतिक र साहित्यिक हरेक आयामहरु देखि जीवन यापन तथा संस्कारीक मूल्य मान्यताहरु समेत यसैमा निर्भर रहेकाले पनि थारु साहित्य कृषिकै उर्वर धरातलमा फुल्दै फल्दै गरेको पाइन्छ। स्वभावैले बौद्ध संस्कारका हिमायती तथा प्रकृति पूजक थारूहरुको कृषि कर्मको साहित्यिक उठान असारको पहिलो दिन देखि नै हुने गरिन्छ। (शाक्य गणराज्यमा उहिले राजा शुद्धोदनले गरे झैं) ग्राम देउता "राजाजी वा डिहबार"को सामुहिक पूजाबाटै किसानहरु हौंसिएका हुन्छन्। बंगालका खाडीबाट चल्ने तराईका वरदान मानसून वायुको प्रवेश पनि यसै बेला तिर हुन्छ।(आर्थिक भूगोल शिव कु. तिवारी) त्यसैले पूर्व तिरको क्षितिजमा नमीयुक्त बादललाई देख्दा अनायास थरूहटमा गुञ्जिन थाल्छ

- पुरुब दिशन मेघ लागी गेलै हो, धनी रे कारी कजर वा के रेह,
- चमकैत आबे ओहो रे बिजुरीया कि उरियाइत आबैधनी केश।

(स्व. अन्दीलाल चौ. पटेर्वा,सप्तरी)

साहित्यका लोक तरंग पुरुषहरुमा मात्र सिमीत रहंदैन। भन्छन् महिलातिर पनि यसको प्रतिक्रिया समान रुपमा तरंगित हुन्छ। त्यसैको फलस्वरुप महिलाहरु पनि यसै समयमा बाह्रमासा गीतको सामुहिक स्वर लहरीको आलापमा गाउन थाल्छन्

- शीतल चन्दन अंग लगावल,कामिनी करे सिंगार,
- वही रे चन्दन तर प्रीत लगावल,चढलै ने मास असार हे।
- जब हम छेलियै बाल वियाहल,तब पिया नैगेलै विदेश,
- मेघ मेघिनिया यहो झैर लादल, सावन भेल कठिन (कठोर)।
- भादो हे सखी भरल भियावन, चौदिश लागे अन्हार हे,
- ठन्का जे ठन्के बिजुली जे चम्के, काँपै हमरो शरीर हे।

(धुमरा नाच गीति म.का.,बारहमासा पृ.४७)

नेपाल,थरूहट र मानसुन तीनटै एक अर्कामा अन्तर्निहीत छन्। यिनको त्रिकोणात्मक सामन्जस्यता यस्तो छ। मातृभूमि नेपालको गौरव हिमालको हरियो, उर्वर र न्यानो कांख तराई हो भने यसको एकल वरद भूमिपुत्र आदिबासी थारूहरु हुन्। त्यस्तै औलो व्याप्त तराईलाई हराभरा र धनधान्य पहिला पार्ने अरु कोहि नभएर यी नै थारू र द.पू. मानसुन भएको तथ्यको साक्षी भूगोल छ, रहने छ। मानसुन नभए त थारुहरुको अस्तित्व नै हराउने थिए शायद। कृषिको कल्पना सम्म गरिने थिएन। जीवन धान्ने खेतीपाती देखि थारूहरुका आँप, कटहर, लिची, नरीवल र सुपारीहरुका बगान, बाग र बगैंचा सबै मरुभूमि बन्ने थिए। त्यसैले मानसुनलाई थारू भाषामा पूर्वैया र आँप पकाउने बेलामा आउने भएर "अमरसा" पनि भनिन्छ। यो अमरसा तराई र थरूहटमा आँप पाक्ने समयमा बिहानी पख चल्ने हुंदा अक्सर गरीब धनी हरेकलाई निद्राले लट्ठ पार्नुको साथै गृहस्थी जीवनलाई केहि असर पार्छ। यहाँ त्यसैले एउटी महिला द्वारा आफ्नो श्रीमान्लाई उठाउने उपकमको थारू साहित्यमा यसरी दर्शाइएको छ।

- बहल बहल आबै पूर्बैया कि सामी लेखे वैरी भेलै हो,
- सुखहु के निनीया पियवा के येले कि जागलोने जागै हो।

(धुमरा गीति म.का.५७)

(भावार्थ – यो पूर्वैयाले गर्दा मेरा श्रीमान् यस्तो लठ्ठिने भयो कि उंठ्दा पनि उठ्नु हुन्न के पो गरौ ?)

**५. .हास्य व्यंगको अपुर्व समायोजन :–**

हास्य व्यंगविधा साहित्यको मूल मर्म भएकोले थारू साहि त्यमा पनि यसलाई समावेश गरेको पाइन्छ । तर सुखद संयोग नै मान्नु पर्छ पुनः खेतीपातीकै माहौलमा यसको समायोजन भएको छ । सेतो पहिरन धोती लगाएर खेतमा काम गर्दैगर्दा हिलाम्मै भएको केटालाई देखेर केटीहरुले व्यंग गर्दै भन्छिन्

-डाँर छौ लचपचिया रे छौरा पगरी छौ तोहर छितनार,
-कान्ह में बिचहन के भार छौ त धोती के कोन सिगार ?

**आसय :–** यो केटोको एक त कम्मर बलियो देखिन्न,दोश्रो फेटा ठूलो छ त्यस माथि बेर्ना(धान)को भारी बोकेर हिलाम्मै भएछौ भने तिमीले लगाएको कोचावाल (मुजावला) धोतीको के सिंगार भो ? त्यसको उत्तर व्यंगकै शेलीमा केटोले पनि कटाक्ष गरी यसरी फर्काए छ ।

-आबर उप्छल डाबर उप्छल मारलियौ हम रोहु बुआर,
-यौवन तोहर थाल में लेटायछौ खोपा के कोन सिंगार ?

अर्थात् ठूल्ठूला दह र पोखरी सुकाएर मैले ठूलै रहु, बुआरी माछा मारें त्यसैले हिलाम्मै छु तर तिम्रो पनि त यौवन हिलैमा छ अनि तिम्रो जुडाको के सिंगार भो र ?

**६. अभिलेख एवं लिखित रुप :–**

थारू साहित्य प्रतिकुल समय तथा संघर्षको गोरेटोमा असंख्य उकाली, ओराली, देउराली र भञ्ज्याङ्हरुलाई छिचोल्दै आइरहेको छ । यस कठिन यात्राको साहित्यिक संस्मरणमा यसले कतिपय आफ्ना निधिहरु गुमाउनु परेतापनि कतिपय उपलब्धीहरु हासिल नगरेका होइनन् । जे आयस्ता र श्रीसम्पति यसको आफ्नो भन्ने छ त्यसैको लेखाजोखा गर्नु न्यायोचित होला । यसलाई चरणबद्ध रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

क. प्राचिन चरण (आदिबासी तथा लोक साहित्य काल)
ख. पहिलो चरण बि.स.२००७ देखि २०३२ साल सम्म
ग. दोश्रो चरण बि.स.२०३३ देखि २०५८ साल सम्म र
घ. तेश्रो चरण बि.स.२०५९ देखि २०७८ साल सम्म

क.प्राचिन चरण :– (बि.सं.२००६ भन्दा पूर्व)
यसमा राणाकालिन संगै प्राचिन कालका लोक साहित्यिक सिर्जनाहरु र लोक गीतहरु धार्मिक,ऐतिहासिक लगायत सांस्कृतिक धरोहर एवं सामाजिक मूल्य मान्यता र संस्कार सम्वन्धी आउने सबै थारू लोक साहित्यका निधिहरु पर्दछन् ।
ख.पहिलो चरण (२००७–२०३२) :–
प्रजातन्त्रको उदय र पछिका किर्तिहरु यस चरणमा भएकोले तिनका लेखक,प्रकाशक र वर्ष :–

| क्र.सं. | किर्ति | विधा | लेखक | प्रकाशक/वर्ष |
|---|---|---|---|---|
| १ | बढक्क जीर्नी | गीत | वढ्बा थारू | दाङ,२००७ |
| २ | हम्र व हमार बन्वा | गीत | जीबराज शर्मा | दाङ,२०१५/०१६ |
| ३ | दंगी शरण कथा | लोक साहित्य | रुपलाल चौधरी | आफै २०१६ |
| ४ | बड्कीमार | ,, ,, | महतो बद्रीनाथ योगी | दाङ,२०१६ |
| ५ | जीतमहान कथा | कथा | – – | चितवन,२०१६ |
| ६ | थरुहट के बौवा और बहुरीया | गीति नाटक | राम प्रसाद राय | बारा २०१९ |
| ७. | श्री कृष्ण गीत | लोक साहित्य | दाङ,.देउखुरी थारुछात्र संघ | दाङ,देउखुरी था २०२२ |
| ८ | सखिया गीत | ,, ,, | थ.क.का.समिति | थकका दाङ,२०२४ |
| ९ | थारू लोक गीत | ,, ,, | प्रफुल्ल कु. सिंह मौन | विराटनगर २०२५ |
| १०.. | कहली सुनली बुझली | कथा संग्रह | हृदय नारायण चौधरी | गोविन्द प्र.चा,बारौ ०३२ |

**ग.दोश्रो चरण(२०३३–२०५८) :–**

दोश्रो चरणको शुभारम्भ २०३३ साल देखि भएको हो । यो साल थारू साहित्यको इतिहासमा उत्साह वर्धक र उपयोगी रहेको देखिन्छ । थारू भाषाको मूल मर्मलाई आत्मसात् गर्दै यसको संरक्षण र सम्वर्धनकोलागि अधिराज्यभरिका थारूहरु सर्वसम्मत हुने वर्ष नै यही हो । यसै वर्ष अन्तर्गत तत्कालिन महान्यायाधिवक्ता रमानन्द प्र.सिंह ज्युको कुशल नेतृत्व र सम्पादनमा थारू कल्याणकारिणी सभाको मुखपत्र थारू संस्कृति जस्तो गुणस्तरयुक्त पत्रिकाको केहि वार्षिक अंकको निरन्तर प्रकाशन सम्भव भयो । निरंकुश पंचायती शासनको बावजुद पनि थारूहरुले भाषा साहित्यको विकाशकालागि दुस्साहसका साथ केहि लेख्न जमर्को गरे । थारू साहित्यको सिर्जना र विकाश पनि विस्तारै सम्भव हुने भयो र यी कीर्ति तथा थारू रचनाहरु प्रकाशित भए ।

| क.सं | कीर्ति | विधा | लेखक | प्रकाशक(वर्ष) |
|---|---|---|---|---|
| १ | छारा | गीति नाटक | महेश चौधरी | शान्ति चौधरी,दाङ,२०३६ |
| २ | बड्कीमार | लोक साहित्य | ,, ,, | ,, ,, ,२०३८ |
| ३ | झुमरा गीत | ,, ,, | ,, ,, | ,, ,, २०३८ |
| ४ | कमैयक पुकार | कविता | ,, ,, | ,, ,, २०३८ |
| ५ | गुरु बाबक जलमौती | लोक साहित्य | महेश चौधरी | शान्ति चौधरी,दाङ,२०३९ |

| | | | | |
|---|---|---|---|---|
| ६ | थारू लोक गीत | ,, ,, | बैफ्लाल चौधरी<br>रामप्रसाद चौधरी | आफै, दाङ, २०४४ |
| ७ | मेहमान | कविता | हृदय नारायण चौधरी | गेविन्द प्र.चौ बारा,२०४५ |
| ८ | पोह फाइट गेलै | ,, ,, | सियाराम चौधरी | प्रेमलाल फनैत,सिरहा,०४७ |
| ९ | जीतिया के फूल | ,, ,, | नन्दलाल चौधरी | नेपाल प्रज्ञा प्रतिष्ठान २०४७ |
| १० | अनमोल बेहान | कविता | राम सागर चौधरी | सुनसरी,२०४९ |
| ११ | शाक्यमुनि बुद्ध | जीवनी | तेज नारायण पंजियार | उदयपुर २०४९ |
| १२ | हमर गाम हमर बस्ती | कविता | सियाराम चौधरी | सवि प्रकाशन केन्द्र, सिरहा |
| १३ | सुनखरी | खण्डकाव्य | महेश नन्दन चौधरी | सिरहा,२०५० |
| १४ | बिगरल तोहर थारू समाज | आलेख | शान्ति चौधरी | सृजना वि.केन्द्र काठ ०५१ |
| १५ | आदिबासी | ,, | ,, ,, | ,, ,, ,, |
| १६ | कमैया | ,, | ,, ,, | ,, ,, ,, २०५२ |
| १७ | हमर दुधु | ,, | ,, ,, | ,, ,, ,, २०५३ |
| १८ | इजोत | कविता | हृदय नारायण चौधरी | बरा २०५३ |
| १९ | एकथो बिरहिन कथा | ,, | रेशमलाल चौधरी | आफै कैलाली २०५३ |
| २० | बेटी | आलेख | शान्ति चौधरी | सृ.वि.के. काठाण्डौ २०५४ |
| २१ | गांजा,दारु,अफिम एगो जहर | ,, | ,, ,, | ,, ,, २०५४ |
| २२ | गांव के पहिचान | कविता | ,, ,, | ,, ,, २०५४ |
| २३ | कन्यौती | आलेख | ,, ,, | ,, ,, |
| २४ | थारू गीता | लोक साहित्य | रमानन्द प्र. सिह | आफै, सप्तरी,२०५४ |
| २५ | धम्मपद | ,, ,, | ,, ,, | ,, ,, – |
| २६ | फुटल करम | उपन्यास | कृष्णराज सर्वहारी | जुनुबुनु प्र.दाङ दे.,२०५५ |
| २७ | मधु | कविता | मधुसुदन चौधरी | भगवती कि.पसल,बारा,२०५५ |
| २८ | मधु | कथा | ,, ,, | ,, ,, |
| २९ | थारू साहित्यिक महा कबव्य बर्किमार एक संक्षिप्त तुलनात्मक अध्ययन | लोक साहित्य | अशोक थारू | कुर्त मेयर र पामेला डुयल २०५५ |
| ३० | ईज्जत के दाम | कथा | लक्ष्मण किशोर जोगेठवा परदेशी | त्रिशक्ति युवा क्लव कैलाली २०५५ |
| ३१ | ई जिन्गी | कविता | बम बहादुर थारू | धनीराम चौ. रुपन्देही २०५५ |
| ३२ | बरा के जनजाति थारू के खातिर नेतृत्व के विकाश | आलेख | शान्ति चौधरी | सिर्जना विकाश के. काठमाण्डौ २०५५ |

| क.सं | किर्ति | विधा | लेखक | प्रकाशक (वर्ष) |
|---|---|---|---|---|
| ३३ | उजर तारा | ,, | ,, ,, | ,, ,, ,, |
| ३४ | जुभ्करिया | विविध | सन्त कु करिया मघरिया | एन एन सी काठमाण्डौ,२०५५ |
| ३५ | चतुरंगी फूल | कविता | हृदयन नारायण चौधरी | गोविन्द प्र चौधरी बारा,२०५६ |
| ३६ | दोशर घर जाइबेर | मुक्तक | कृष्णराज सर्वहारी | जुनुबुनु प्र दाङ दे उखुरी,२०५६ |
| ३७ | ढुकढुकी | कविता | मान बहादुर चौधरी | आफै सुर्खेत २०५७ |
| ३८ | वैशालु जोवन | कविता | बाल गोविन्द चौधरी | दाङ देउखुरी २०५७ |
| ३९ | चमत्कार | कथा | परशुराम चौधरी | बारा २०५७ |
| ४० | विधवा | उपन्यास | मणिराम चौधरी | आफै कैलाली २०५७ |
| ४१ | चोराइल मन | गजल | जोखन रत्गैया | कैलाली २०५७ |
| ४२ | लब चलन एक | गीत | जनसरोकार समूह | जन सरोकार स.बर्दिया २०५७ |
| ४३ | थारू दस्तावेज (थारू भाषा संरक्षण) | कार्यपत्र(थाकस,सप्तरी) | भुलाइ चौधरी | श्रीमती तारा देवी चौधरी, सिनामंगल,काठमाण्डौ २०५७ |
| ४४ | हिमाल के मुस्कान | कविता | मनिराम चौधरी | नाटक समिति कैलाली २०५८ |

**घ. तेश्रो चरण (२०५९–२०७८ साल) तथा हाल सम्म :–**

यस चरण अन्तर्गत लोकतन्त्रको पुनर्बहाली भएकोले राष्ट्रिय स्तरका साहित्यहरुमा नयाँ आयाम थपिए। त्यसैले थारू साहित्य पनि मौलाउने अवसर पाएको देखिन्छ। यसरी निम्न साहित्यिक कीर्तिहरुको क्रमवद्ध विकाश भएको पाइन्छ।

| क सं | कीर्ति | विधा | लेखक | प्रकाशक (वर्ष) |
|---|---|---|---|---|
| १ | प्रभात रोशनी | कविता | हृदय नारायण चौधरी | गोविन्द प्र.चौ.बारा,२०५९ |
| २ | बेटी के पुकार | नाटक | परशुराम चौधरी | आफै बारा,२०५९ |
| ३ | मुक्तिक खोज | उपन्यास | छविलाल कोपिला | अतिरिक्त प्र.देउखुरी,२०५९ |
| ४ | रसाइल करम | कथा | मनिराम चौधरी | आफै कैलाली,२०५९ |
| ५ | बड्कीमार | लोक साहित्य | रुपलाल थारू | चन्द्र प्र थारू दाङ,२०५९ |
| ६ | चम्पा फुलुवार | खण्डकाव्य | मनिराम चौधरी | आफै, कैलाली,२०६० |
| ७ | लौव चलन २ | गीत | सुशील चौधरी | जन सरोकार स.बर्दिया,२०६० |
| ८ | कहतुँ मै | कविता | प्रेमराज चौधरी | आफै, कैलाली,२०६० |
| ९ | शीरथान कुमार वती देउचुली | कविता | हरिआसमा महतो | छन कुमारी कविता महतो, नवलपरासी,२०६० |
| १० | शिक्षा मूलक गीत | गीत | सहयोग समाज नेपाल | सहयोग समाज दाङ,२०६१ |

| | | | | |
|---|---|---|---|---|
| ११ | हमार जुनी | कथा | सन्तराम घारकटुवा थारु | युनिक बर्दिया,२०६१ |
| १२ | टुटल झोपडी | बविता | प्रेमलाल दहित | आफै, कैलाली,२०६१ |
| १३ | अंधरिया रात | उपन्यास | ,, ,, | ,, ,, ,, |
| १४ | आछत | गजल | भुवन भाई | दाङ,२०६१ |
| १५ | सहीदान | गजल | लक्की चौधरी | सु.प.गजल मञ्च कैलाली,२०६१ |
| १६ | भौगर | गजल | छविलाल कोपिला | दाङ,२०६१ |
| १७ | तुहिन | कविता | सुरेश चौधरी | आफै,२०६१ |
| १८ | दुखियारी बगिया | कथा | मनिराम चौधरी | रमेश कु चौधरी,२०६१ |
| १९ | किसान के जिन्दगी | खण्डकाव्य | मान बहादुर चौधरी पन्ना | आफै, सुर्खेत,२०६१ |
| २० | मुटुक धडकन | कविता | रामबहादुर बखरिया | आफै, बर्दिया,२०६१ |
| २१ | तिहुवार | निबन्ध | लक्की चौधरी | गीता चौधरी कैलाली,२०६२ |
| २२ | थारू संस्कृति | निबन्ध | भुलाई चौधरी | सरोज देवी चौ सप्तरी,२०६१ |
| २३ | सुख्ली | बाल कथा | कृष्णराज सर्वहारी | गुर्बाबा प्र.प्रालि नेपालगंज,०६२ |
| २४ | चिट्किन | कविता | श्रीराम चौधरी | ,, ,, ,, |
| २५ | चमलियो | उपन्यास | आदर्श वान्धव | बन्धु र रत्न प्रकाशन ,२०६२ |
| २६ | आत्मा भितर के गाथा भेलइ जिनगी कथा | उपन्यास | हरि आशमा महतो | आशमा(प्रकाशन) नवलपरासी,२०६२ |
| २७ | मन के फूला | खण्डकाव्य | शर्मिला सृष्टी | पूर्णागिरी क्लव,कैलाली,२०६२ |
| २८ | उजरल घरदुवार | कथा | कल्पना चौधरी | कञ्चनपुर,२०६२ |
| २९ | अर्जुन दहित | कविता | अर्जुन दहित असफल | बर्दिया,२०६२ |
| ३० | हरबड्डा | निबन्ध | मनिराम चौधरी | चौधरी प्र.चौधरी २०६२ |
| ३१ | समाज सोहानी झुमडा नाच | गीत | बमबहादुर थारू | आफै रुपन्देही,२०६२ |
| ३२ | तिरिया जलम | उपन्यास | भोजराज चौधरी | कैलाली,२०६३ |
| ३३ | छिटल अक्षर | गजल | छपिलाल चौधरी शितल | जग्गु प्र चा.कैलाली,२०६३ै |
| ३४ | सन्देश | धम्मार गीत | दिल बहादुर चौधरी | आफै कैलाली,२०६३ |
| ३५ | जोन्हु मामा | बाल कविता | कृष्णराज सर्वहारी | युनिक नेपाल बर्दिया,२०६३ |
| ३६ | दु:ख के भौरी | कथा | हिरालाल चौधरी सत्गौवा | कैलाली,२०६३ |
| ३७ | बर्किमार | लोक साहित्य | धनराज चौधरी | जेखन,हेलुनी थारू बर्दिया,२०६३ |
| ३८ | अन्तर्भाव | गजल | लक्की चौधरी | सु.प.गजलमञ्च कैलाली,२०६३ |
| ३९ | कहिया फुली उ | ,, | छविलाल कोपिला | दाङ,२०६३ |

| | | | | |
|---|---|---|---|---|
| ४० | आग्रह | मुक्तक | टिकाराम चौधरी | थारू वि. समाज,कैलाली,२०६३ |
| ४१ | हमार रीति हमार संस्कृति | लोक साहित्य | चन्द्र प्रसाद थारू | दाङ,२०६४ |
| ४२ | झप्टल परेउना | उपन्यास | श्रीराम चौधरी | ,, ,, |
| ४३ | लाल मुरै | कथा | एम टेर्रा वास्तविक | कैलाली,२०६४ |
| ४४ | दु:ख के हल्कोरा | उपन्यास | शर्मिला सृष्टी | जानकी चौ,कैलाली,२०६४ |
| ४५ | जलम के दु:खियारी | ,, ,, | संजिप चौधरी | आफै कैलाली,२०६४ |
| ४६ | छलम्ल्की | कविता | राम लखन चौधरी | आफै कैलाली,२०६५ |
| ४७ | भुलाइल डगर | उपन्यास | लाहुराम चौधरी (जहर) | आफै भजनी,कैलाली,२०६५ |
| ४८ | थारू बटकोही १ | लोककथा | सहयोग समाज नेपाल | सहयोग समाज नेपाल,दाङ,२०६५ |
| ४९ | मिलन के डगर | चित्रकथा | कृष्णराज सर्वहारी | हिमराइट्स ललितपुर,२०६५ |
| ५० | तुलाराम के चर्तिकला | ,, ,, | ,, ,, ,, | रुम टू रीड ललितपुर,२०६६ |
| ५१ | हरजोत्ना मछरिया | ,, ,, | ,, ,, ,, | ,, ,, ,, |
| ५२ | अनारकलीक् अर्न्तकथा | ,, ,, | ,, ,, ,, | ,, ,, ,, |
| ५३ | सत्तल सिंहके कथा | ,, ,, | ,, ,, ,, | ,, ,, ,, |
| ५४ | निराशी जीवन | उपन्यास | राजकुमार कठरिया | कैलाली,२०६६ |
| ५५ | फुलरिया | गजल | लाहुराम चौधरी | ललित स्टोर,भजनी,कैलाली,२०६६ |
| ५६ | परोसी | नाटक | जय प्रकाश दहित | गंगाराम सुब्बा,कैलाली,२०६६ |
| ५७ | जीवलाल के फुलरिया | विविध | जीवलाल सत्गौवा थारू | सनातन,रुक्मिनी चौ,दाङ्क२०६७ |
| ५८ | इजोत | नाटक | जयनारायण चौधरी | शैक्षिक तथा वातावरण समाज काठमाण्डौ,२०६७ |
| .५९ | लोप हैले लागल( ाहा | निबन्ध | जयनारायण चौधरी | शैक्षिक तथा वातावरण समाज काठमाण्डा,२०६८ |
| ६० | थारू लोक साहित्य केहेन ? | लोक साहित्य | नन्दलाल चौधरी | इजोत मासिक २०६८ मंसीर |
| ६१ | थारू भाषाक् प्रतिनिधि कक्षा | कथा | सत्रुघ्न चौधरी | थारू युवा परिवार काठ. २०६८ |
| ६२ | ढों ढों पो पों | निबन्ध | कृष्णराज सर्वहारी | ,, ,, ,, |
| ६३ | वीरबहादुर के ऋतु | विविध | वीरबहादुर चौधरी | देउखुरी साहित्य मञ्च २०६८ |
| ६४ | ललित विस्तर | महाकाव्य | हृदय नारायण चौधरी | बारा,२०६८ |

| | | | | |
|---|---|---|---|---|
| ६५ | अर्थ सहित बर्किमार गुरैपाती हमार संस्कार | लोक साहित्य | चन्द्र प्रसाद थारू | दाङ,२०६९ |
| ६६ | चुरिनियाँ | उपन्यास | छविलाल कोपिला | अल्लाउदीन सा.प्र.बाँके,२०६९ |
| ६७ | आश के सागर | मुक्तक | सागर कुश्मी संगत | चम्पा चौधरी,कैलाली,२०६९ |
| ६८ | मन के बोझा | गजल | मेतीराम चौधरी | डाइमल समूह,कैलाली,२०७० |
| ६९ | जित्तल पटुहिया | उपन्यास | गणेश चौधरी सवरिया | श्रीप्रसाद चौधरी,कैलाली,२०७० |
| ७० | मोर पहुरा | निबन्ध | लक्की चौधरी | गीता चौधरी,कैलाली,२०७० |
| ७१ | गजलमाला | गजल | चन्द्र चौधरी | कैलाली,२०७० |
| ७२ | हमर थारू भाषा यात्रा | संस्मरण पत्र | भुलाई चौधरी | रामभुवन चौ.काठमाण्डौ,२०७३ |
| ७३ | धुमरा नाच | गीति महाकाव्य | प्र.सं. भुलाइ चौ.,सह संपादक बुद्ध सेन चौ धरी | थारू भाषा साहित्य केन्द्र नेपाल काठमाण्डौ,२०७७ चैत |

यस बाहेक थारूहरुको उत्पति,सोध सन्दर्भ,ऐतिहासिक श्रोत र अनुसन्धान मूलकाकासाथै चर्चित एवं ठोस पृष्ठभूमि बोकेका पुस्तकहरु,शब्दकोश,व्याकरण र अन्य रचनाहरुको नामावली :–

| क.सं. | कीर्ति | विधा | लेखक | प्रकाशक(वर्ष) |
|---|---|---|---|---|
| १ | द रीयल स्टोरी अफ द थारूज | सोध | रमानन्द प्रसाद सिंह, पटना,पत्रकार सम्मेलन | थारू संस्कृति सन् १९८८ |
| २ | थारूज द पायोनियर अफ सिभिलाइजेसन अफ नेपाल | ,, | डा.शंकरलाल चौधरी | शिला देवी चौधरी,सप्तरी सन् २००३ |
| ३ | द ग्रेट सन्स अफ द थारूज शाक्य मुनि बुद्ध एण्ड अशोका द ग्रेट | इतिहास/सोध | सुबोध कुमार सिंह | बबिता सिंह ललितपुर सन् २००६ |
| ४ | द रिटर्न अफ द मौर्याज | ,, ,, | ,, ,, | ,, ,, ,, सन् २००७ |
| ५ | कम्युनिटी दैट चेन्ज्ड एशिया | ,, ,, | ,, ,, | ,, ,, ,, सन् २०१० |
| ६ | कपिलवस्तु एशियाली सभ्य(ताको झुलुङ्गा(थावर थारू इतिहासका झझल्काहरु | ,, ,, | ,, ,, | ,, ,, ,, बि.सं.२०७५ |
| ७ | थारू अंग्रेजी नेपाली शब्दकोष | शब्दकोश | गोपाल दहित | बर्दिया,२०५४ |
| ८ | थारू व्याकरण | व्याकरण | भोलाराम चौधरी | भोलाराम चौधरी (आफै) २०५९ |
| ९ | मध्य पूर्वैया थारू शब्दकोष | शब्दकोश | भोलाराम चौधरी | मातृभाषा केन्द्र,२०७३ |

| | | | | |
|---|---|---|---|---|
| १० | म.पू.थारू भाषा निसेके शैली में आधारित थारू व्याकरण | व्याकरण | भोलाराम चौधरी | बुढीगंगा गाउं पालिका २०७४ |
| ११ | थारू एडभान्स्ड डिक्सनरी ईंगलिस थारू नेपाली | शब्दकोश | उदयराज आले | थारू कल्याणकारिणे सभा,देउखुरी सन् २०२१ |
| १२ | बिब्लीयोग्राफी अफ इण्डिजिनस एथनिक थारू | विविध | गोपाल दहित / कृष्णराज सर्वहारी | थारू बौद्धिक तथा रष्ट्रिय अनुसंधान कन्द्र,काठमाण्डौ,२०६३ |
| १३ | थारू व्याकरण | व्याकरण | हृदय नारायण चौधरी | बारा,२०४६ |
| १४ | थारू जाति और समय | इतिहास | ,, ,, ,, | गोविन्द प्र.चौ.बारा,२०४८ |
| १५ | थारू भाषा एक परिचय | समालोचना | तेज नारायण पंजियार | बौली चौ थारू सप्तरी,२०५५ |
| १६ | लिरौसी व्याकरण | व्याकरण | महेश चौधरी | बेस दाङ,२०५६ |
| १७ | थारू संस्कृति साहित्यका केहि हास्य व्यंग पक्ष | समालोचना | शान्ति चौधरी | सृजना विकाश केन्द्र काठमाण्डौ २०६२ |
| १८ | कैहवी संग्रह | लोक साहित्य | सियाराम चौधरी | सवि प्रकाशन केन्द्र सिरहा,२०५५ |
| १९ | थारू समाजमा प्राप्त ऐतिहासिक दस्तावेजहरुको संग्रह | इतिहास/खोज | रामसागर चौधरी | फूलेस्वर थरूनी,सुनसरी,२०५३ |
| २० | जीतिया व्रतकथा | धार्मिक कथा | कन्तलाल चौधरी | सिरहा,२०५५ |
| २१ | जीतिया पावैन | ,, ,, | शिवकुमार चौधरी | सप्तरी,२०६३ |
| २२ | थारू लोकवार्ता तथा लोक जीवन | समालोचना | तुलसी दिवस/प्रमोद प्रधान | नेपाली लोकवार्ता तथा संसकृति समाज २०६५ |
| २३ | थारू लोक कथा १ | लेक कथा | कृष्णराज सर्वहारी | विवेक सिर्जनशील प्र.काठ. २०६७ |
| २४ | रुपन्देही थारू ्माज र संसकृति | समालोचना | बम बहादुर थारू | थारू,भाषा,कला,संस्कृति तथा उत्थान मंच २०६७ |
| २५ | जाने का हो ? | गाउँखानेकथा | शेरबहादुर चौधरी | दाङ,२०६९ |
| २६ | थारू लोक संस्कृति र चाडबाड | समालोचना | फनिश्याम थारू | श्रीमती श्यामा कु. थारू २०७० |

**७. थारू हस्त लिपि :–**




थारू भारोपेली भाषा परिवार अन्तर्गतको केन्द्रीय भारोपेली शाखाको भाषा हो र वक्ता संख्याको हिसावले यो नेपालको चौथो ठुलो भाषा हो (प्रा.डा.दानराज रेग्मी, कार्यपत्र थारू भाषाको मानकीकरण २०७८ साउन ३२ थारू आयोग)। यसै कार्यपत्रको अन्तमा तराई र भित्री मधेशको सबभन्दा पुर ानो आदिबासी थारूहरुको भाषा भएको स्वीकारोक्ति मानकीकरणको लागि उहांबाट भएकोले यो भाषा साहित्यको प्राचिन तथा ऐतिहासिक महत्व छर्लङ भएको छ । तसर्थ हिन्दी,नेपाली र मैथिली जस्तै यसको आफ्नै लिपि भएको ले उक्त थारू हस्तलिपिको उद्घोष गर्दा निकै खुशी तथा गौरवको अनुभूति हुनु स्वभाविक छ । ईसरा तथा ईसराज थारू वंशावली सप्तरीको किताबमा संरक्षीत सो हस्तलिपिको स्वरुप तथा आकृति प्रस्तुत छ ।

**अन्तमा थारू साहित्यको विकाशरुपी गोरेटोमा देखिएका अवरोध र यसका निवारणका केही उपाय तथा सुझावहरु :–**

क) लोक साहित्य समृद्ध भए पनि यसको संरक्षण र संवर्धन पक्ष निकै फितलो र असहाय हुनु नै यसको दुर्भाग्य हो । लेख्य रुप,संचय र संग्रह नहुनु पनि आगोमा घीउ थप्ने काम गरेकोले यसतर्फ तत्कालै गम्भिर हुनु नितान्त जरुरी देखिन्छ ।

ख) युवा जनशक्ति साहित्य,कला र संस्कृतीको श्रोत परिचालनमा निर्णायक भूमिका खेल्छ तर तुलनात्मक रुपमा थारू ग्रामीण युवाहरु पतनोन्मुख वा दिशाविहीन अवस्थामा रहेकोले समयमै सम्वन्धित थारू संस्था र निकायहरु अनिवार्य रुपमा सचेत हुनु आवश्यक छ ।

ग) थारू साहित्यको भण्डारलाई कविता,लेख,रचना र अरु आधुनिक सूचना प्रवाह तथा प्रविधिको माध्यम द्वारा श्रीबृद्धी गरिनु अति जरुरी छ । सकेसम्म एउटै भाषिक क्षेत्र निर्धारण गरी विस्तृत अध्ययन अनु संधानका साथ सो समस्यालाई भाषा विज्ञानको मानकीकरण विधिद्वारा समयमै हल खोजिनु जरुरी देखिन्छ ।

घ) थारू भाषा साहित्यको उंच्च महत्वलाई आत्मसात् गराई तराईका हरेक जिल्ला,गाउँ र थरुहटका बस्ती बस्तीहरुमा सघन भाषिक जनचेतनाको लहर ल्याउनु अपरिहार्य देखिन्छ ।

ङ) थारू समुदायको हक हितकालागि सिमित मात्रामा भएपनि थारू आयोगले गर्नलागेको रचनात्मक काम स्वागतयोग्य मात्र नभइ प्रशंसनीय छ । तर हालसालै भाषा आयोगले थारू भाषा प्रति सरकारी काम काजको भाषा तोक्ने सम्वन्धमा देखाएको उदाशीनता एवं विचलन सो आयोगले तोकेको भाषा मापदण्डको अनुकुल नभएको देखियो । त्यसैले यसलाई कसरी यथाशीघ्र समन्वय र उचित समाधन गर्ने तर्फ ध्यान पुर्‍याउनु आवश्यक छ ।

**उपसंहार :–**

थारू साहित्यको अतीत सरस तथा समृद्ध रहेको तथ्यलाई यहाँ पुनः दोहोराईरहनु पर्दैन । तर जुन बलियो जगको आधार स्तम्भलाई टेकेर यसको निर्माण भएको छ त्यो दह्रो लयको अनुपातमा यसको विकाश र विस्तार नहुनु चिन्ताको विषय बनेको छ । त्यसैलै थारू साहित्यको कमवद्ध विकाश अभियानका मूल चुनौतीहरुलाई गम्भिर रुपमा औंल्याई सोको निकासको उपाय र उचित मार्ग दर्शनको अभिबृद्धी गरिनु नै आज थारू साहित्यको मुख्य माग अनि मूलमन्त्र पनि हो जस्तो लाग्छ ।

**श्रोत र सन्दर्भ :–**

१. धुमरा नाच (थारू गीति महाकाव्य) प्रकाशक : थारू भाषा साहित्य केन्द्र नेपाल – २०७७ चैत
२. थारू लोक साहित्य एक अध्ययन (फनिश्याम थारू) : श्यामा कु.चौ सुनसरी – २०७० बैशाख
३. इजोत मासिक (थारू भाषा साहित्य विशेष) आ.बा. कानुन तथा मानव अ.मु.पत्र – २०६८ मंसीर
४. थारू सामान्य ज्ञान (जुनु चौधरी थारू)आदिबासी ज.उ.रा. प्रतिष्ठान,ललितपुर – २०७३ भदौ
५. थारू संस्कृति (प्रधान संपादक रमानन्द प्र. सिंह) थारू कल्याणकारिणी सभा मुख पत्र – २०३५
६. थारू दस्तावेज(भुलाई चौधरी)कार्यपत्र प्र.अन्तर्राष्ट्रिय विद्वान महासम्मेलन सप्तरी,–२०५७ असोज

# थारू गीत-सङ्गीतको बाटो

भूमिका थारू

## १. विषयप्रवेश

भनिन्छ, भाषाको विकास हुनुभन्दा पहिले ध्वनिको विकास भएको थियो । त्यही प्रकृतिमा पाइने मीठो ध्वनिहरूको मानिसहरूले पत्ता लगाइ संयोजन गरी प्रयोगमा ल्याए । ललितकलाका विधाहरू चित्रकला, मूर्तिकला, वास्तुकला, नृत्यकला, नाट्यकला, साहित्य मध्ये सङ्गीतकला पनि एक हो । आफ्नो मनमा रहेका विविध भावनालाई सुर, ताल र लयको माध्यमबाट कलात्मक तरिकाले पोख्नुलाई सङ्गीत भनिन्छ । साधारणतयः सङ्गीत भन्नाले केवल गायन मात्र हो भनेर बुझिने गरिन्छ तर शास्त्रीय आधारमा हेर्ने हो भने गीत, वाद्य तथा नृत्य यी तिनै कलाको समुदायलाई सङ्गीत भनिन्छ। प्राचीनकालमा गायन, वादन तथा नृत्य कलाहरूको प्रयोग प्रायः एकैसाथ हुन्थ्यो । आजकाल गायन, वादन तथा नृत्य कलाहरूले आ-आफ्नो क्षेत्रमा छुट्टै महत्व राखेको पाइन्छ । विश्वको इतिहास पल्टाउने हो भने सङ्गीत प्राचीन कालदेखि नै स्वतन्त्र रुपमा प्रयोग भएको पाइन्छ ।

नेपालमा शास्त्रीय सङ्गीतको सुरुवात लिच्छवि कालदेखि नै भएको पाइन्छ । संसारमा अहिले लगभग तीन प्रकारका सङ्गीत प्रचलित छन्- शास्त्रीय सङ्गीत, आधुनिक सङ्गीत र लोक सङ्गीत । सङ्गीतले हामीलाई मानसिक तथा आध्यात्मिक दुबै किसिमको आनन्द दिलाउँछ । चाहे सुखमा होस् या दुःखमा या मनोरन्जनका लागि होस्, हामीले सङ्गीत श्रवण गर्ने गर्दछौं ।  यसले हामीलाई सकारात्मक उर्जा प्रदान गर्दछ । भाषा नबुझे पनि श्रोताले सङ्गीत सुनेर आनन्द लिन सक्छन् । त्यसैले सङ्गीतलाई विविधतायुक्त अन्तर्राष्ट्रिय कला भन्दा फरक पर्दैन ।

सङ्गीतले पहिचान, रितिरिवाज, भाषा, र संस्कृति झल्काउने काम गर्छ । झन् थारू समुदाय तगीत सङ्गीत बिना नै अपूरो हुन्छ। २०१६/०१७ सालतिरै बाराका संगीत उस्ताद रामप्रसाद राय थारूले थारू समुदायको छाता संगठन थारू कल्याणकारिणी सभामार्फत् गाउँ गाउँमै गीत गाउँदै गीतमार्फत् जनचेतना फैलाउने काम गरे । लोकगीतमा सीमित थारू गीतलाई आधुनिक गीतमा छिराउने श्रेय उनै रामप्रसाद राय थारूलाई जान्छ । उनको थरुहटके बौवा और बहुरिया (२०१९) पुस्तकमा जनचेतनाका लागि गाईएका गीत समेटिएका छन् । थारू गीत-सङ्गीतको बाटो शीर्षक दिइएको यस लेखमा थारू गीत सङ्गीतको इतिहास भन्दा पनि अवस्थालाई बुँदागत रुपमा नियाल्ने प्रयास गरिएको छ ।

## २. थारू समुदायः लोकगीतको भण्डार

खास गरी पश्चिमा थारू समुदायमा सजना, मैना, होरी, अष्टम्की, सख्या, सुर्खेल, ढमार, मघौटा, बरमासा, रतनचवा, दिनन्चवा, बिरहैन जस्ता अनेक थरि लोकगीतको भण्डार रहेको छ । थारू जातिको हरेक महिना र पहरमा गाउने विभिन्न खालका गीत छन् । जस्तो कि बैशाखमा सजना, राम जलम, बहला झुल्ना गीत, जेठमा सजनी, सजना गीत, असार तथा साउनमा सिङग्रु, राजा चरिवल, घोघर, बैठाउन गीत, भदौमा अस्टिम्की, उदा सी, गीत गाइन्छ । त्यस्तै, असोज र कार्तिकमा सख्या, फूलवार, बर्किमार, जितिया, झमटा गीत, जर्मौटी, करनौटी, लाला, डफक गीत, ढमार, बिरहैन चाँचर गीत, मंसीरमा साँची, जर्मौटी गीत, पुस र माघमा मघौटा, मैना, लगुनी, बनगीत, फागुनमा माँगर, होरी (ढुरहेरी गीत) र चैतमा सजना र सजनी गीत रहेका छन् । यसैगरी बरमास्या नाच र बरमास्या गीत भने बाह्रै महिना गाउन र नाच्न मिल्छ । यसरी नाच नगरी सोझै गाइने गीतहरू पनि प्रशस्त रहेका छन् (दहितः २०६२: १३४) ।

एक पहरमा गाइने गीत अर्को पहरमा गाउन पाइँदैन । हुरडुङ्वा नाचमा राम कहरा (दिउँसो गाइने गीत), लटिया (साँझपख गाइने गीत), बिहग्रा (झिसमिसे बिहा न गाइने गीत) बर्किमार (बिहानमा उज्यालोमा गाइने गीत)

हुन् । थारू लोकगीत गेयात्मक र लयात्मक छन् । गायन सँगसँगै नृत्यका रूपमा पनि गीत प्रस्तुत गरिएका पाइन्छन् । सामान्यतया ६ श्लोकदेखि लिएर बृहत महाकाब्य स्तरका लामा प्रकारका गीत पनि छन् । थारू लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । फनिश्याम थारूले (२०७०: १६) ऋतुगीत, सामाजिक गीत, धार्मिक गीत तथा अन्य गरी चार वर्गमा वर्गीकरण गरेका छन् । त्यस्तै, गोविन्द आचार्यले संस्कार गीत, चाडपर्व गीत, ऋतु गीत, श्रम गीत र बाह्रमासे गीत गरी पाँच वर्गमा वर्गीकरण गरेका छन् (आचार्य, २०६३: ३७) । त्यस्तै, दिवस र प्रधानले पनि गायनको आधारमा संस्कार गीत, चाडपर्व गीत, ऋतु गीत, श्रम गीत तथा बाह्रमासे गीत गरी पाँच वर्गमा विभाजन गर्न सकिने मत राखेका छन् (दिवस र प्रधान, सं. २०६५: २३६) ।

### ३. थारु लोकगीतको दस्तावेजीकरण

मौखिक रुपमा रहेको थारू समुदायको लोकगीत अब लिखित रुपमा दस्तावेजीकरण हुन थालेको छ । थारू अ ायोगले २०७८ सालमा 'थारू लोक गित मोट्री' प्रकाशन गरेको छ, जसमा २५३ थान लोकगीत समेटिएको छ । यसमा राना, कठरिया, डेसौरी, डंगौरा, चितवनिया, नवलपुरिया, पूर्वीया सबै क्षेत्रका गीत समेटिएका छन् । यो पुस्तक थारू लोकगीत क्षेत्रमा कोशेढुंगा हो भन्दा फरक परोइन । यसमा संकलित प्रायः लोकगीत भने रेकर्ड हुन सकेको छैन । यदि यी गीत समयमा रेकर्ड भएन भने यी गीतको भाका पनि लोप हुँदै जाने देखिन्छ ।

थारू समुदायको चाडपर्व मनाउने तौरतरिकादेखि विवाह संस्कारमा पनि निकै फेरबदल आएको छ । आम नेपाली समुदायको दसैं तिहार आयो भने त्यससँग सम्बन्धित सयौं गीत रेडियो, टिभीबाट बज्न थाल्छ । तर थारू समुदायको माघी, अस्टिम्की लगायत चाडमा थरुहट क्षेत्रका एफएम रेडियोमा खै ती चाडसँग सम्बन्धित थारू लोकगीतको झंकार ? किनकी त्यस्ता गीत नै रेकर्ड भएका छैनन् ।

थारूहरूको विवाहमा विभिन्न गीत गाइन्छ, जसलाई माँगर भनिन्छ । मुख्य विवाहको अघिल्लो साँझ डिउली डर्ना संस्कार सम्पन्न गर्दा, दुलहालाई लुगा लगाइदिदा, दुलहा जन्ती हिँड्दा, दुलहा ससुराल पुग्दा, सम्धी मिलन अनि दुलही निकाल्दा फरक फरक लयको माँगर गाइन्छ । तर यी माँगर गीत रेकर्ड हुन सकिरहेको छैन । जसले युवा पुस्ताले यी गीत बिर्सिदै गएको छ भने थारूहरूको बिहेभोजमा हिन्दी, भोजपुरी, नेपाली गीत घन्किन थालेको छ ।

कृषि थारू समुदायको पुर्ख्यौली पेशा हो । खेतीपातीका बेला गाइने गीत भरमार छन् । विभिन्न सुमदायमा श्रम गर्दागर्दै या श्रमको अघिपछि गीत गाउने चलन छ । यसले श्रमिकको थकान मेटाउँछ । थारू समुदायमा पनि श्रम गीत रहेका छन् । खेतीपाती सकिएपछि एक नवदुलही माइत जाने विचार गर्छिन् । यस श्रम गीत सजनामा माईत गइरहेकी श्रीमतीलाई श्रीमान्ले सम्झा एका छन् । यस्तो भरिएको नदीमा तिमी कसरी माइती जाउली भन्दा आफैं डुंगा बनाए जाने बताएकी छन् ।

डेस गइलुं डेस डुनियाँ रे, कि छैंला पटुरिया ।
कौने बिढि उटरुँ मै पार, नैहर बरि डुसे ॥१॥
नैहर-नैहर जिनि करो ढनियाँ रे, नैहर बरि डुसे ।
डस कोस नडी भरियाइ, चौरासि कोस बनवाँ ॥२॥

काठ कटैबुँ पाँडन फरहि रे, नडि रे बिचे ढरबुँ ।
उटरि जैबुँ नडि कइ पार्हे, नैहर हिरकि जैबुँ ॥३॥

स्रोत : ईश्वर (सागर) चौधरी, लमही नपा-१, नर्ती देउखुरी-दाङ
उदाहरणको रुपमा दिइएको यस्ता मौलिक सजना गीतहरु पनि रेकर्ड हुन सकिरहेको छैन । यो दुःखद पक्ष हो ।

### ४. थारू गीत सङ्गीतमा व्यावसायिकता

हालको अवस्थालाई नियाल्ने हो भने थारू गीत सङ्गीत व्यावसायिक ढंगले अगाडि लम्किदैछ भन्दा फरक परोइन । परशुराम चौधरीको निर्देशनमा २०४९ सालमा बनेको थारू भाषाको पहिलो फिल्म करमपछि थारू गीत सङ्गीतको बाटोमा व्यावसायिकता थपिएको मान्न सकिन्छ । तर पचासको दशकमा जुन हिसाबले थारू गीत सङ्गीतको बाटो फराकिलो हुनुपर्ने हो, त्यो भएन । त्यसो त २०५४ सालमा रेशम चौधरीले भुवर विहान, युनिक नेपाल, बर्दियाले ओजरार डगर तथा थारू साँस्कृतिक समाज, ललितपुरले घर भेलै कोशीके पार थारू गीति क्यासेट ल्याएका थिए । २०५७ सालमा सुशील चौधरी र सुमित्रा चौधरीको लखारगीन, २०५८ सालमा प्रेम म्यूजिक, कैलालीको विछोड, २०५९ सालमा पतिराम चौधरी, प्रमिला चौधरीको माधो सुन्दरी लगायत औंलामा गन्न सकिने थारू गीति क्यासेट मात्रै  पचासको दशकमा आएको देखिन्छ (दहित र सर्वहारी, सन् २००६: ५१-५५) । संघीय राजधानी काठमाडौंमा २०५९ सालमा पहिलो पटक माघी महोत्सव मनाउन सुरु गरिएपछि स्टेजमा थारू गीतको जोडदार उपस्थिति हुन थाल्यो ।

साठीको दशक थारू गीत सङ्गीतको स्वर्णिम काल हो । कैलालीबाट आएको चम्पा फुलवारे (२०६०) क्यासेटले थारू गीतमा एक किसिमको मानकता बनायो । यही गीति क्यासेटबाट मनिराम चौधरीको नाम हिट भयो । अहिले उनलाई थारू लोक महागायक समेत भन्न थालि एको छ । कैलालीबाट मोर चम्पा फूलवारे, रोजल दुल्हनिया, दुलहा घुमे मरुवा, हमार बगिया, चमेलीक फूला, सोल सिंगार, पुर्खा सैडान, टुटल अस्रा, जानकी कुँवारी, बर्दियाबाट दिलके आवाज, हमार अर्जी, साँवर गोरिया, सुग्घर साली जस्ता गीति क्यासेट, दाङबाट दाङसे बुह्रान, राउट डमन्ड्वा, साली भाटु, सुर्खेतबाट भ्याँवक घर लगायत गीति क्यासेटले थुप्रै लोकगायक जन्मायो (दहित र सर्वहारी, सन् २००६: ५१-५५) । यी गीतमा गैरथारू गायकहरूको पनि स्वर रह्यो । जनआन्दोलन २०६२/६३ पछि अधिकार, पहिचानकेन्द्रीत गीतको सुरुवात त भयो तर यसले निरन्तरता पाउन सकेन, बरु माया प्रेमकै चर्चा गरिएका साली भाटुको गीतको बर्चस्व रह्यो ।

प्रविधिले मारेको फड्कोले सत्तरीको दशकबाट गीत सुन्ने मात्रै होइन, हेर्ने प्रणालीको विकास भएको छ । गीत रेकर्ड गरी भिडियो बनाई रिलिज गर्ने परम्परा बसेको छ । यसबाट थारू गीतसङ्गीत पनि अछुतो छैन । २०७८ माघ २७ गते सुवेश कठरियाको शब्द, गणेश चौधरीको सङ्गीत अनि अन्नु चौधरी र आरके थारूको स्वर रहेको 'मन लागेना' थारू गीतले थारू सङ्गीतको इतिहा समै पहिलोचोटि १ करोड भ्यूज रेकर्ड राख्न सफल भएको छ । तर पछिल्लो समय थारू गीतहरूमा गैर थारूहरूको अत्यधिक मात्रामा प्रयोग भएको पाइन्छ । थारू गीतहरूमा थारू संगीतकार, एरेन्जर तथा भिडियोमा कलाकारलाई नै प्राथमिकतामा राखी अभिनय गराए सुनमा सुगन्ध थपिने थियो ।

### ५. खै थारू बालगीत ?

बालबालिकाहरूलाई उनीहरूको मातृभाषामा उनीहरूको शब्द सुहाउँदो गीत गाएर सुनाउँदा, अभ्यास गराउँदा भाषा, साहित्य सिकाउन धेरै नै मद्धत गर्छ । त्यसैले थारू बालगीतहरू आउन निकै जरुरी देखिन्छ । तर थारू सङ्गीत जगत्मा बाल गीतको खडेरी नै छ भन्दा फरक नपर्ला । इन्दु थारूको शब्द र निर्देशन अनि सीएल चौधरीको संगीत संयोजन, मनिष थारू र मिस्मिता चौधरीको गायन रहेको 'हमार बाल अधिकार' नामक् थारू गीत रेकर्ड भएको पहिलो थारू बालगीतको रुपमा चिनिन्छ । यो गीत सन् २०१९ मा रेकर्ड भए पनि युट्यूबमा सन् २०२१ मात्र अपलोड भएको हो ।

**भिन्सरहिया उठ्क ग्वाबर ना करहाउ**
**आने घर छेगरि भेरि चरहाइ ना पठाउ**
**स्कुल पठाउ ग्यान गुनके बाट सिखब**
**पढ्ह लिख पैना ट हो बालअढिकार**

**सजना, माँगर, ढमार गिट गैना मन लागठ**
**सखिया, झुमरा मुँगरहवा फे नच्ना मन लागठ**

यो गीतले बालबालिकाको हक अधिकारको कुरा गरेको छ । २०७८ माघको दोस्रो सातामा हमार म्यूजिक बगियाको युट्यूब च्यानलबाट 'बेबी आउ ना खेले' भन्ने गीत अपलोड भयो जसमा शेखर (छोटा र्‍यापर) नाम गरेको नाबालकको दुरुपयोग भएको देखिन्छ । उनले 'नाच छैली नाच' जस्ता थारू र्‍याप गीत पनि गाइसकेका रहेछन् । यी दुबै गीतमा उमेरभन्दा भारी शब्द उनलाई गाउन लगाइएको छ । यस्ता गीतसंगीतले बा लबालिकामा नकारात्मक असर त पर्छ नै बालमस्तिष्कले भविष्यमा कस्तो आकार लिन्छ ? सोचनीय विषय हो । बालबालिकालाई कस्तो गीतमा सहभागी गराउने हामीले सोच्ने बेला आएको छ । यो पक्कै पनि गम्भीर विषय हो ।

अर्को थारू बालगीत 'उक्रुङ्ग बुक्रुङ्ग' (सन् २०२०) इन्दु थारूकै शब्द, सङ्गीत, अनि निर्देशन, सी.एल चौधरीको संयोजनमा रहेको यो गीतमा मनिष थारू र अमृता चौधरीको आवाज रहेको छ । यसपछि कुनै पनि थारू बाल गीतहरू सुन्नमा आएनन् । संगीतकार सीएल चौधरकिा अनुसार अब चाँडै नै इन्दु थारूकै शब्द रहेको अर्को बालगीत 'हमन जन्ना हक बा' रेकर्ड भई रिलिज हुने तयारीमा छ । थारू समुदायले पनि नयाँ पुस्ताहरूलाई थारू गीत सङ्गीतको अभ्यास गराउन आवश्यक छ । थारू बालबालिकाहरूलाई मौका दिए उनीहरूले पनि यस क्षेत्रमा टेवा पुऱ्याउन सक्छन् । यसो गर्दा हाम्रो गीत सङ्गीत, भाषा, संस्कृति सधैँ जीवित रहनेछ । अनि नयाँ पुस्ताले थारू सङ्गीतको माटोलाई मलिलो बनाउन कहिले कसर छाड्ने छैनन् ।

### ६. आधुनिक प्रभाव

पछिल्लो समय केहि थारू साँस्कृतिक गीत आए तापनि आधुनिक गीत नै हाबी बनेको छ । अहिले युट्यूबमा थारू र्‍याप गीत सर्च गर्ने हो भने छ्याप्छ्याप्ती पाइन्छन्, जुन सबैजसो बेअर्थका शब्द संयोजन गरिएका छन् तर अपवादमा भने 'कमैया' शीर्षकको गीतले र्‍यापमा नै थारू समुदायको कथा उठाएको छ, जसलाई राम्रो प्रयास मान्न सकिन्छ ।

थारू सङ्गीत अझै पनि एउटै धारमा बगिरहेको छ । यसो झट्ट मात्रै सुन्ने हो भने थारू गीत सुनेको भान हुँदै न । आधुनिक प्रभावले मौलिक स्वादको अभाव देखिन्छ । माया प्रेमका गीतहरू अधिक मात्रामा फस्टाइरहेको छ । 'आदिवासी थारू हम्रे', कौनो किल्लामे नै छुट्लि जस्ता केही अपवादका गीतहरूले मात्र पहिचान अनि अधिकार का कुरा उठाएको छ । थारू इतिहास, कमैया कमलरीको कथाव्यथा बोकेको रेशम चौधरीको थारू फिल्म 'कमैया' मा समावेश गीत 'माटिके ओरहौना, माटिके बिछौना' सुन्दा सायद जो कोहीको मन भक्कानिन्छ ।

**'लाल लाल बायो, सबके रगटवा**
**कोहि मालिक, कोहि कमैया हो'**

उनले गीतमार्फत् सबैको रगत रातो छ, तर कोही मालिक त कोही कमैया किन ? भन्ने प्रश्न गरेका छन् । तर अहिले साँच्चै उनलाई सरकारले कमैयाकै व्यवहार देखाएको छ । पहिचान रहे मात्र हाम्रो अस्तित्व रहन्छ । के हामी थारू अधिकारका लागि पछि हटिरहेका त छैनौँ ? वास्तवमा कमैया फिल्मका गीतले जति थारू समुदायको आवाज बोलेको छ, अरु थारू सिनेमामा खास थारू मौलिकता भेटिदैन । सबैभन्दा बढी थारू सिनेमा बनाउने परशुराम चौधरी लगायत थारू फिल्म निर्माताहरूको यतातिर ध्यान जानु जरुरी देखिन्छ ।

### ७. उपसंहार

पहिले पुर्खाहरूले रातीदेखि झिसमिसे बिहानसम्म पनि गाउँथे । विभिन्न चाडपर्व अनुसार गीतहरू गाइन्थ्यो र बाजा बजाएर नाच्ने गरिन्थ्यो । अहिले गाउँमा पुर्खाहरूले गुनगुनाउने ती धुनहरू सुन्न पाइदैन । अनि धुनसँगै लय मिलाउँदै

लहङगा फरफराएर कसले नाचिदिने ? नयाँ पुस्ताहरू यहाँ डिजेकै धुनमा कम्मर मर्काइरहेका छन् । आधुनिकताको नाउँमा थारू गीत सङ्गीतले विकृति र विसङ्गतिको रुप लिइरहेको छ । थारू मौलिकपन बोकेको लोकगीतहरू नयाँ पुस्तामा हस्तान्तरण हुनुको साटो ओझेलमा परिरहेका छन् । परम्परागत गीतलाई आधुनिकताले छोपेर क्यासेट नृत्यले ओझेल पार्दैछ । यसको संरक्षणका लागि यी लोकगीतको प्रतियोगितादेखि रेकर्ड पनि गरिनु आवश्यक छ । समय परिस्थिति अनुसार परिवर्तन हुन जरुरी छ तर पहिचान नै भत्किने गरी परिवर्तन भए थारू गीत सङ्गीत भविष्य ओझेलमा पर्नेछ । त्यसैले थारू गीत संगीतलाई आत्मसात, संरक्षण गर्ने जिम्मा एवम् कर्तव्य अब नयाँ पुस्ताको हो ।

## सन्दर्भ सामग्री


थारू, फनि श्याम । २०७० । **थारू लोकसांहित्य: एक अध्ययन,** सुनसरीः श्यामाकुमारी थारू ।

दहित, गोपाल । २०६२ । **थारू संस्कृतिको संक्षिप्त परिचय,** ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

दहित, गोपाल र कृष्णराज सर्वहारी । सन् २००६ । **बिब्लियोग्राफी अफ इन्डिजिनियस इथ्निक थारू ।** काठमाडौंः थारू बौद्धिक तथा राष्ट्रिय अनुसन्धान केन्द्र नेपाल ।

दिवस, तुलसी र प्रमोद प्रधान (सम्पा.) । २०६५ । **थारू लोक वार्ता तथा लोक जीवन,** काठमाडौंः नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

# जूरशीतल –नयाँ वर्ष उत्सव समारोह



–ई लक्ष्मीनारायण चौधरी
हडिया–५, उदयपुर, नेपाल
Email: ln.huzdar2040@gmail.com
मोबाईल: ९८४९४६७०००

## १. परिचय

जूरशीतल नेपालको थारु समुदायमा मनाइने एउटा स्वच्छ पानी, आशीर्वाद, उत्साह, उमंग, उल्लास, मनोरन्जन र भाग्यको तिहार हो । चन्द्रतालिका अनुसार यो पर्व अप्रिल महीनाको १३ वा १४ तारीकमा (तदनुसार बैशाख १ गते मा) पर्दछ र नयाँ वर्षको शुभारम्भ हुन्छ । सम्पूर्ण नेपाल देशभरि बैशाख १गतेलाई नयाँ वर्षको रुपमा लिइन्छ भने थारु समुदायको लागि यो एउटा अर्को विशेष चाड र अवसर पनि हो । उनीहरुले यसलाई सिरुवा पावैन अथवा साधारणतया सिरुवा भन्ने गर्दछन् किनभने यो पर्व प्रत्येक वर्षको शुरुमै आउँदछ र प्रथम स्थानमा स्थापित रहन्छ । हाल नेपालमा थारु समुदाय नजिक रहेका तराईमा बसोवास गर्ने अन्य  समुदायका मानिसहरुले पनि यो पर्व मना उने गर्दछन् । जूरशीतलको शाब्दीक अर्थ हुन्छ "पानीले चिसो पार्नू"। अतएवं नामांकरण अनुसार जूरशीतल एउटा भाग्यको चाड हो–विशुद्ध पानीको चाड हो र एक अर्कामाथि पानी छर्केर मनाईन्छ ।

यो पर्व थारु समुदायमा मात्र सिमित रहेको छैन् बरु थेरावाद बुद्ध धर्मभएका दक्षिण र दक्षिण पूर्व एशियाली देशहरु जस्तै थाइल्याण्ड, म्यानमार, लाओस, कम्बोडिया र श्रीलंकामा समेत बडो धुमधामकासाथ मनाईन्छ तर अर्कै नामले । थाईलैन्ड र श्रीलंकामा यसलाई सबैभन्दा ठूलो राष्ट्रीय पर्वको रुपमा अत्यन्तै हर्षोल्लास र भव्यताकासाथ ३ देखि ४ दिनसम्म एकअर्कामाथि पानी छर्केर मनाईन्छ भने श्रीलंकामा एक सप्ताह सम्म धुमधामले मनाईन्छ । थाईलैन्डमा यसलाई महासोंक्रान वा सोझै सोंक्रान भन्दछन् भने म्यानमारमा यो पर्वलाई थिनग्यान, लाओसमा पीमाइ लाउ, कम्बोडियामा चौल चांमथ्यें, श्रीलंकामा आलुथ अवुरुदु (सिंहला) भन्ने चलन छ । म्यानमार, लाओस, कम्बोडिया र श्रीलंका देशहरुमा यो चाडलाई पानी छर्केर नै मनाउने प्रचलन छ । साथै भारतको तामीलनाडु, आसाम, बंगाल, केरल, मनीपुर, उडीसा, पंजाब र त्रीपुरा राज्यमा पनि यो नयाँ वर्ष चाडलाई सोही समयमा मनाउने चलन छ ।

## २. उत्पति

थारु भाषामा जुरल वा जुर भनेको भाग्य हो र जूरशीतलको अर्थ हुन्छ भाग्यलाई  शीतल पार्नँ वा राम्रो राख्नु । त्यस्तै जूर एउटा थारु शब्द हो जसको अर्थ हुन्छ चिसो । स्वभाविकरुपमा सबैभन्दा चिसोपनको प्रभाव पानीबाटै नै गर्न सकिन्छ । जूरशीतलको अर्थ चिसो भन्ने शब्दको प्र्यायीवाची शब्द जूरल वा जूरबाट सोझै उद्दरण गरिएको छ । वास्तवमा जूरशीतल, थिनग्यान वा सोंक्रान भनेको सूर्यको प्रवेश नक्षत्र मंडलको मेष राशिको सीमा क्षेत्रमा हुनु हो । तुलनात्मक रुपमा हेर्ने हो भने यो जूरशीतल चीनको चिङमिङ, भारतवर्षको होली, आसाम (भारतको) बिहु र क्रिश्चियन चाड ईस्टर जस्तै वसन्त ऋतको आगमनसंगै नयाँ वर्षको उल्लासपूर्ण आगमन हो ।

चित्रः पानी छर्केर जूरशितल पर्वमा आशिर्वाद लिने दिने संस्कृति




**३. इतिहास**

श्रुति अनुसार नेपालको थारु समुदायमा यस चाडसंग सम्बन्धित अत्यन्तै रोचक कथा पुस्तौं पुस्ता देखि सुनाइंदै आएको पाईन्छन् (स्व. श्रीमोहनलाल हुजदार (१९७०) । कथा यस प्रकार छ । धेरै पहिलेको कुरा हो, एउटा देशमा एक जना अत्यन्त नै ज्ञानी राजकुमार थिए । ति राजकुमार बहु भाषिक ज्ञाता हुनुको साथ साथै जनावर र चरा चरुङ्गीसमेतको भाषा बुझ्ने सामर्थ राख्थे । भनिन्छ उनको त्यो विद्वताको कुराले स्वर्गमा रहेको एकजना कपील भन्ने देवतालाई डाह, ईर्ष्या उत्पन्न भयो । कपील भन्ने देवता पथ्वीमा आए र राजकुमारलाई शर्तसहित तीनवटा अप्ठ्यारा प्रश्नहरु राखे । शर्त अनुसार यदि राजकुमारले सात दिन भित्रै तीनवटै प्रश्नहरुको जवाफ दिन सकेन भने उसको (राजकुमारको) गर्दन काटिने तर तीनटै प्रश्नहरुको सही जवाफ दिन राजकुमार सफल भएमा, साटोमा उसले (देउताले) आफनो टाउको काटेर दिने भए ।

अन्य लोक कथा झैं राजकुमार त्यस्ता कठीन प्रश्नहरुको जवाफ दिन किंकर्त्तव्यविमुढ भए । हार खाएर, बेइजत भएर, बाँच्नुभन्दा मर्नु जाती भन्ने कुरा राजकुमारले मनमनै विचार गरे । यस्तै  सोंच्दै आत्महत्यागर्न उ एउटा ठूलो अग्लो रुखमुनि उभिन पुग्यो । त्यस रुखमाथि एउटा चील पक्षीको गुँड थियो । संयोगको कुरो हो, रुखमुनि उभिएको आत्महत्यागर्न हिडेको राजकुमारले आमा चीलले आफना चूजा चीलहरुलाई सान्त्वना दिदैं गरेको कुरा सुने । चूजा चीलहरु “भोक लाग्यो, भोक लाग्या” भनी बढी खानाको लागि कराउँदै थिए । आमा चीलले तिमीहरु आत्तिनु पर्दैन्, धेरै छिटो नै तिमीहरु तल उभिएको नैाजवान मान्छेको मासु खाएर कृत्यकृत्य हुनेछौ । तिमीहरुलाई थाहा छैन् तल उभिएको नैाजवान तीनवटा कठीन पहेलीहरुको जवाफ दिन असफल हुनेछ र आत्महत्यागर्न बाध्य हुनेछ । त्यस कुराकानीको सिलसिलामा आमा चीलले चुज्जा चीललाई देउता र राजकुमार बीच भएको शर्तको कथा सुनाईन र चुज्जाहरुको प्रश्नको जवाफमा तिनले ती तीनवटा कठीन प्रश्नहरुको (पहेलीहरुको) उत्तर पनि बताईन । रुखमनि उभिएका राजकुमारले तीनटै प्रश्नहरुको सही उत्तर पाएर मनमनै रमाए र केही न बोली त्यहाँबाट घरतिर लागे । तोकिएको दिन र समयमा राजकुमारले देउतालाई तीनटै प्रश्नहरुको सही उत्तर दिन सफल भए । कथानुसार देउता बाजीमा पराजित भए  र शर्त अनुसार देउताले आफनो टाउको काटेर राजकुमारलाई दिए । तर देउताको टाउको अत्यन्त नै अचम्मको थियो–किनभने सो टाउकोलाई पृथ्वीमा राख्दा असिमित आगोको ज्वाला प्रज्वलित

हुने भयो, समुद्रमा राख्दा समुद्र सुक्ने भयो, पहाडमा राख्दा पहाड जलेर खरानीमा परिणत हुने भयो । अतएव ती समस्याहरुको समाधानगर्न कपील देउताको सात बैनी छोरीहरुले सधैंकोलागि पालैपालोसँग बाबुको सो टाउको बोकी एउटा धुरीमा मेरु पर्वतको वरिपरि घुम्न थाले । सो टाउको बोक्ने पालो छोरीहरुको माझ प्रत्येक १ बर्षमा आउने भयो र यो जूरशीतलको दिनमा अर्की बैनीले अगामी एक बर्षसम्म टाउको बोक्ने जिम्मेवारी लिने भयो र यसरी यो क्रम दोहरिन थाले ।

**४. समानता**

यो पंक्तिकार थाइल्याण्डमा ९ बर्ष र श्रीलंकामा ४ बर्ष कार्य गरी फर्केका हुन् । यस दौरानमा पंक्तिकारलाई नेपालको थारु समुदायमा प्रचलित जूरशीतल पर्वको यो लोककथा र थाईलैन्डमा प्रचलित सोक्रान कथासँग दाँज्ने तुलना गर्ने मौका मिल्यो जुन यस प्रकार रहेको छ । साँचै भन्ने हो भने नेपालको थारु समुदायमा प्रचलित जूरशीतल पर्वको यो लोककथा र थाईलैन्डमा प्रचलित सोंक्रानको कथाको सार उन्नानसय प्रतिशत मिल्दछ । फरक निम्न बमौजिम छन् । थाईलैन्डको प्राध्यापक र इतिहांसकार खुन अनुमोन राजधोनद्वारा लिखित - थाइ संस्कृति संग्रह–५, (१९५०) एवं प्रचलित सोंक्रानको कथा अनुसार देउताको टाउको स्वर्गको कुनै गुफामा राखिन्छ  र सोंक्रानको दिनमा कपील देउताका सात बैनी छोरीहरुमध्ये एउटीले स्वर्गका असंख्य अन्य देवी देवताहरुसँग सो टाउको बोकी जुलुसमा, सूर्यले पर्वत मेरुलाई परिक्रमा गरे झैं घुम्छन् । त्यस जुलुस परिक्रमापछि देवतागणमा भोज हुन्छ र भोजपछि टाउकोलाई पुनः गुफाभित्र राखिन्छ र अर्को बर्ष त्यहीं सोंक्रानको दिनमा फेरि टाउको बाहिर ल्याउंछन् र यसरी क्रम दोहरिन्छ । थाई कथामा कपील देउतालाई कबील महां फ्राम उल्लेख गरिएको छ ।

त्यस्तै, बर्मेली (म्यानमार) कथा पनि हुबहु मिल्दछ । म्यानमारको थिनज्कयान कथा अनुसार बाजीमा टाउको गुमा उने देउताको नाम आसी ब्रह्मा उल्लेखित छ । बर्मेली कथा अनुसार सात बैनीहरुमध्ये एउटीले सधैंभरि टाउको बोकेर हिडने गर्छिन् र त्यही नयां बर्षको (सोंक्रानको) दिनमा पालो तोकिएको बैनीले आएर बाबुको टाउको अर्को एक बर्षकोलागि बोक्ने गर्छिन् र यसरी क्रम दोहरिन्छ । मोरातुवा विश्वविद्यालय, मोरातुवा (२००९) श्रीलंकाका प्राध्यापक निमाल डिस्लिभाको अनुसार श्रीलंकामा पनि यस्तै कथा सुन्न पाईन्छ र यो चाड देशभरि नै ५–६  दिन सम्म धुमधाम र हर्षोल्लासका साथ पानी छर्केर मनाउने चलन रहेको छ ।

प्राध्यापक तथा ईतिहांसकार फईया अनुमान राजधोन आफनो किताब “थाईलैन्ड संस्कृति संगालो–५, (१९५०)” मा लेख्नु भएको छ–“प्रत्येक वर्ष, यो पर्वको शुरुवातमा थाई ज्योतिषशास्त्रीले नक्षत्र र ग्रहहरुको परम्परागतरुपमा नयाँ वर्षको शुभ घडी मुहुर्तको गणना गरी थाई राजाकहां पेश गर्दछ । थाई दरबारसंग आबद्ध चित्रकारले गणना गरिएको शुभ घडी मुहुर्त बमोजिम सोंक्रान देवी र स्वर्गको देवताको टाउको भएको जुलुस र परिक्रमाको चित्र बनाउँदछ र थाईलैन्डको बैंककमा अवस्थित चित्रलदा राजदरबारको वरिपरि र सार्वजनिक स्थलहरुमा प्रदर्शन गर्न राखिन्छ ।” थाईलैन्डमा यो चलन हालसम्म विद्यमान रहेको छ ।

**५. ज्योतिष विज्ञान**

माथि वर्णित कथालाई दांजेर हेर्‍यौं भने हामी सोझै यो निष्कर्षमा पुग्छौं कि नेपालको जूरशीतलको कथा, म्यानमारको थिनग्यान कथा, लाओसको पीमाइ लाउ, कम्बोडियाको चौल चांम थ्यें र थाईलैन्डको सोंक्रानका कथाहरु एक आपसमा पूर्णरुपेण मिल्दछन् । भोगौलिक र सामाजिक दूरी भए पनि प्रत्येक देशमा यो चाड प्रत्येक वर्ष एउटै समय र एउटै दिनमा पर्दछन्, एउटै लोक कथा र एउटै पानी छर्केर मनाउने तरीका संगालेको देखिन्छ । यस्ता विश्लेषणले हामी के निष्कर्षमा पुग्न सक्छौं कि जूरशीतल, थिनग्यान, पीमाइ लाउ, आलुथ अवरुदु र सोंक्रान वास्तवमा एउटै चाड हुन्, नामको मात्रै भिन्नता छ । यस बाहेक यो पनि निष्कर्ष निकाल्न सकिन्छ कि यो कथा अरु केही पनि होईन बरु सौर्य मंडलको हो र कपील, कबील महां फ्राम वा आसी ब्रह्माको टाउको अरु कोही नभएर आफै सूर्य हुन् तथा सात बैनी छोरीहरु कोही नभएर सप्ताहका सात दिनहरु हुन् । साच्चै भन्ने हो भने त्यो वेलादेखि नै प्राचीनकालका

मानिसहरुले सौर्यमण्डलको गहनतम अध्ययन गर्न शुरु गरिसकेका थिए र शायद त्यही नै समय र भाग्यको गणना गर्ने ज्योतिषशास्त्रको श्रीगणेश थियो ।

### ६. तीन प्रश्नहरु

माथि उल्लेखित दक्षिण र दक्षिण पूर्व एशियाली देशहरु र नेपालको थारु समुदायमा यो चाड कसरी मनाइन्छन् सो को वर्णन गर्नु भन्दा अघि ती तीनवटा पहेलीहरु के थिए र तीनका सही उत्तर के थिए त्यसको उल्लेख गर्न बढी सान्दर्भिक होला । तीन कठीनतम पहेलीहरु यस प्रकार थिए । निम्न समयमा मानिसको भाग्य (राशि) कहाँ बास गर्छ रु (१) प्रभातकालमा (२) मध्यान्हमा र (३) रातिमा । आमा चीलले चुज्जा चीललाई देउताले राजकुमारलाई राखेको ती तीनवटा कठीन प्रश्नहरुको उत्तर यसरी दिएको थिईन ।

“मनुष्यस्य भाग्यम् एकः गतिशीलः तन्तुरस्ति । समयानुसारेणेषः चल्यमानः भवति तथा विविध समयेषु एषः भिन्न भिन्नस्थाने अवस्थितो भवति । प्रातःकाले अयं मनुष्यस्य ललाटे, मध्यान्हे शरीरे, रात्रौ चैषः पादौ स्थानान्तरितो भवति । तस्मात् प्रातःकाले मुखप्रक्षालनम्, मध्यान्हे शरीरप्रक्षालनम् व रात्रौ च पादप्रक्षालनम् कृत्वा शयनेन भाग्यं प्रक्षाल्यते शुचते वा इति  मान्यतायाः भाग्यं फलतीति जनविश्वासः अपि ।”

नेपालीमा अनुवाद–मान्छेको भाग्य एउटा गतिशील तन्तु हो । समय अनुसार यो सदैव चलायमान हुन्छ र विभिन्न समयमा यो भिन्दाभिन्दै स्थानमा अवस्थित हुन पुग्छ । प्रातःकालमा यो मान्छेको निधारमा, मध्यान्हकालमा जीऊमा र रात्रिकालमा खुट्टामा अवस्थित हुन जान्छ । मानिसले प्रातःकालमा मुख धुने, मध्यान्हकालमा जीऊ धुने र रातिमा खुट्टा धोएर सुत्ने कारण भाग्यलाई स्वच्छ, सफा र जतन गरेको बुझिन्छ र यसो गरी राखेमा भाग्य फलित हुन्छ, चम्किन्छ भन्ने जनविश्वास छ । (अनुवादक पंडित श्रीगंगेश मिश्र २०२२)

### ७. पर्व मनाउने तरीका

जूरशीतलको अघिल्लो दिन थारु समदायका मानिसहरु आआफना घर आगन, चोक, इनार, पाटीपौवा, मठ मन्दिर सफासग्घर पार्दछन्, फाहोर-कसींगर बाल्ने वा फयांक्ने गर्दछन् । त्यसबाहेक विभिन्न किसिमको स्वादिलो र मिठो मेवा मिष्ठानका परिकारहरु तयार पार्दछन् आउने नयां वर्ष अर्थात् जूरशीतलको दिनमा खानको लागि । यसरी अघिल्लो दिन तयार गरिएको मिठो खाना अर्को एक सालकोलागि खान पुग्छ भने आउने नयां वर्षमा अन्नको परिपूर्णता रहन्छ भन्ने जनविश्वास रहेको छ । यस पर्वको महत्व यसैबाट प्रष्ट हुन्छ ।

यो पर्वको दिनमा थारु समुदायका मानिसहरु एक अर्कामाथि पानी छर्केर आशिर्वाद लिने र दिने गर्दछन् । ठूलाले आफूभन्दा सानाहरुको टाउकोमा पानी छर्केर आशिर्वाद दिन्छन भने सानाहरुले आफूभन्दा ठूला बडाको गोडामा पानी राखेर ढोगगरी आशिर्वाद लिने गर्दछन् । पानी छर्केर यो वेलामा उष्णतालाई मात्रै कम गर्न खोजिएको होइन, अपितु आशिर्वाद लिने र दिने काम गरेको बुझिन्छ । यस्तो गरेमा आउने नयां वर्ष उल्लासमय, शीतल, सफल र फलदायी हुने कुरामा विश्वास गरिन्छ ।

थाइल्याण्डमा यो दिनमा प्रातःकालदेखि नै बाल, युवा र बृद्धहरु नयां नयां लुगा लगाउने गर्छन्, आ–आफनो गाउं वा क्षेत्रमा भएका वाट (मन्दिर), पाटीपौव र बिहार सफा गर्ने र भिक्षुकहरुलाई मिठो मिठो खाना खुवाउने गर्दछन् । वाटको हातामा एउटा ठूलो टेबुलमाथि दुइ पंक्तिमा भिक्षुकको कचौराहरु राख्ने गरिन्छ । थाईहरुले भिक्षुकको कचौराहरुमा स्वादिष्ट खानेकुरा र कचौराको बिर्कोहरुमा फलफूल र मिठाईका परिकारहरु पस्कने गर्दछन् । सोही दिन अपरान्हमा भगवान बुद्धको मूर्तिलाई स्नान गर्ने र वाट, मठ र विहार पानीले सफागर्ने काम गर्दछन् । यसपछि शुरु हुन्छ प्रख्यात पानी छर्कने तिहार–सोंक्रान ।

श्रीलंकामा यो पर्वको वेलामा ५– ६ दिनको सरकारी विदा दिइन्छ । यसरी नयां वर्ष शुभारम्भ म्यान्मार, लाओस, कम्बोडिया र पनि हुन्छ । यो वेला श्रीलंकामा सिंहलाहरुले आफूभन्दा ठूला र भिक्षुहरुलाई पानको पात, नरिवलको तेल टाउकोमा राख्न दिने गर्छन र आशीर्वाद थाप्ने गर्छन् । यो वेलामा घर आंगन, पाटीपौवा, मन्दिर र बिहार सफा गर्ने र भिक्षुकहरुलाई मिठो मिठो खाना खुवाउने गर्दछन् । उनीहरुले यो वेलालाई अति शुभ मान्दछन् र त्यंहीबाट शुरु गर्दछन् पानी छर्कने प्रसिद्ध तिहार आलुथ अवरुदु ।

## ८. निष्कर्ष

माथि उल्लेखित हरफहरुबाट के बुझिन्छ कि बुद्ध धर्मको संगसगै यो पर्व नेपाल भारत श्रीलंका हुँदै दक्षिण पूर्व एशियाका देशहरु थाईलैन्ड, म्यानमार, लाओस र कम्बोडियामा हजारौ वर्ष अघि मनाउदै आइएको रहेछ । यो पर्वलाई हामी जूरशीतल, सोक्रान, थिनग्यान, चौल चाम थ्यें, पीमाई लाउ वा आलुथ अवरुदु भनौं, सबै एउटै हन, एउटै कथा बोकेको, एकैनासको महत्व बोकेको, एकैनासकै संस्कति झल्किन्छ । यसले के प्रमाणित गर्दछ कि **संस्कृती कहिल्यै मर्दैन बरु पलाएर, फक्रिएर आउँदछ ।**

सप्ताहका सातवटा दिनहरुको नाम ग्रहहरुको नामबाट लिइएको देखिन्छन् र विश्वभरी नै यसको प्रभाव मानिसहरुका जीवनमा देखा पर्दछ । तीनवटा प्रश्नहरुले के बुझांउछ कि राशी **(लग्न अर्थात् भाग्य–सिंहलाहरुको भनाइ)** समय अनुसार एउटा गतिशील तन्तु हो । यो एउटा स्वतन्त्र अवयव हो । कालचक्र र राशी अनुसार यो स्थानानतरण भै राख्छ । यही यसको प्रकृति हो । थाइल्याण्डमा बाह्रै महीनाहरुको नाम राशीहरुकै नाममा (मीन, मेष, सिंह, मकर, कर्कट आदि) रहेको देखिन्छ । यो अध्ययनले एउटा नयां खोज, अन्वेषण गर्ने बाटो औंल्याएको छ । साच्चीकै यो पर्वलाई राम्ररी संरक्षण, सम्बर्धन, सम्प्रेषण र संचार गर्न सकियो भने यसले विभिन्न दक्षिण पूर्व एशियाका देशहरु बीचमा अझै थप सामाजिक, सांस्कृतिक, भातृत्व, मित्रता र आपसी समझदारीको विकासमा बढोतरी गर्ने छ ।

**सन्दर्भ सामग्रीहरुः**


१. प्राध्यापक डा.फ्या अनुमान राजाधोन द्वारा लिखित किताब “थाईलैन्ड संस्कृति संग्रह न.–५, ल्वाय कराथोङ्ग–सोंकान पर्व” राष्ट्रीय संस्कृति संस्थान, बैंकक, थाईलैन्ड (१९५०)

२. प्राध्यापक डा.निर्मल डिसिल्भा (२००९) मोरातुवा विश्वविद्यालय, मोरातुवा, श्रीलंका “व्यक्तिगत अन्त र्वार्ता र जानकारी”, कोलम्बो, श्रीलंका ।

३. स्व. श्रीमोहनलाल हुजदार (१९७०): पंक्तिकारलाई सुनाइएको र वर्णित पूर्वी तथा मध्य नेपालको थारु समाजमा प्रचलित अपितु अलिखित जूरशीतलको कथाको अधारमा ।

४. साभारः इन्टरनेट, युटयुव र समय साक्षेप विभिन्न पत्र पत्रिकामा प्रकाशित जूरशीतल सम्बन्धी लेख र चनाहरु ।

५. पंडित श्रीगंगेश मिश्र(२०२२), संस्कृतलाई नेपालीमा अनुवादक ।

६. श्रीपुलकित चौधरी थारु (२०२२), जूरशीतल पर्वलाई चित्रांकन गरेको । (ईतिश्री)



नामः- शिवशंकर चौधरी (थारु)
ठेगानाः- चौदण्डीगढी न. पा. वडा नं. १० हडिया, उदयपुर, १ नं. प्रदेश, नेपाल
जन्म मितिः- २०२१-०८-२०
शिक्षाः- आई. ए. (त्रि. वि. वि. मानविकी तथा समाज शास्त्र)
पेशाः- खेतीपाती र धर्मप्रचार
रुचीः- बौद्ध अध्ययन, धर्मप्रचार एवं कलाकारिता
मो.- ९८४२५७७०७६

# थारु संस्कृतिमा बौद्ध संस्कार : एक अध्ययन

**परिचय**

नेपालमा तराईको प्राय : सबै जिल्लाहरुमा थारु जातिको बसोबास भएको पाईन्छ । हाल उपत्यकाको तीनै जिल्लाहरुमा पनि थारुको बसोबास हेर्न सकिन्छ । खासगरीकन तराईका जंगल छेउछाऊ, नदी किनारका समथर भूभागमा थारुको बस्ती रहेको पाईन्छ । नेपालमा यिनीहरुको कहिले देखि बसोबास भएको हो भनेर किटानीसाथ भन्न नसकेता पनि विभिन्न विद्वानहरुको अनुसन्धानमा करिब चार/पाँच हजार वर्ष भन्दा अगाडी देखि नै बसोबास भएको अनुमान छ । किनभने मलेरियालाई पचाउन कुनै पनि हालतमा त्यसलाई तीनहजार वर्ष लाग्दछ । अनि यहाँका थारुहरु तराई र भित्रिमधेशको गर्मी तथा उष्ण जलवायुमा हुने मलेरियाको महामारीलाई जिती स्थीर भएर सोही स्थानमा बसिरहेका छन् । यिनीहरु स्थीर भएर एकै ठाँउमा बस्न सकेकोले नै यिनीहरु साँच्चैका स्थविर (थारु) हुन् । यिनीहरु अत्यन्त सरल स्वभावका मनमा छलकपट पटक्कै नभएको र सहनसिलताको गुण भएको आदिवासी हुन् । यिनीहरुको आफ्नै भाषा, भेषभूषा र संस्कृति रहेका हुनाले यिनीहरुलाई यहाँका आदिवासी जनजाती भनि एको छ । थारु यहाँको अतिनै प्राचिन जाति भएको हुनाले नेपालको मूलवासीको रुपमा रहेको देखिन्छ ।

प्राचिन समय देखिनै थारुको सामाजिक शासकीय स्वरुप गणतन्त्रात्मक रहेको देखिन्छ । बुद्ध कालिन शाक्य गणराज्यको शासकीय स्वरुपको ढाँचा अहिलेको थारु समाजमा पनि प्रष्टै देख्न सकिन्छ । सुदूर पश्चिमका थारु समुदायलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ । जसअनुसार गाउँको मुखिया, जेबार, भलमन्सा र बडघर प्रशासकको रुपमा रहेको हुन्छ । त्यसैले थारुका पुर्खाहरुले राज्य संचालन गरेको इतिहास थारुसँग त छ, तर दुर्भाग्य र दुर्दशा थारुहरुको  यस्तो छ आज कमैया र कमलहरी पनि थारुहरु नै रहेका छन् । अत्यन्तै सोझा बौद्ध धर्मा वलम्बी रहेका थारुमाथिको आक्रमण, अत्याचार र हिन् दूकरण नै यसको मूल कारण हो । हिन्दूकरणको महामारीमा परि थारु अहिले पुरै पंगु भइसकेको अवस्थामा देखिन्छ । यहि नै थारुको वास्तविक परिचय हो ।

**विषय प्रवेश**

मानव सभ्यताको इतिहास खोज्ने क्रममा थारुको इतिहास सबभन्दा पुरानो भएको भेटिन्छ । यस्तो गौर बमय इतिहास बोकेको थारुको सभ्यता पनि उतिकै पुरानो छ, जति कि थारु समाज र थारु सँस्कृतिको छ । संसार को कुनै पनि सभ्यता नदी किनारबाट शुरु भएको पाईन्छ । जस्तै कि नाइलनदीको सभ्यता, सिन्धुघाँटीको सभ्यता र मेसो पोटामियाको सभ्यता आदि । नेपालको सन्दर्भमा कोशी, कर्णाली, गण्डकी, महाकाली, राप्ती, भेरी, त्रियुगा र बागमती जस्ता नदीहरु पर्दछन् र उत्तरी–पूर्वी भारतका ब्रम्हपुत्र,जमूना र गंगानदी आदि प्रमुख छन् । यिनै साना-ठूला नदीहरुको तटीय समथर भूभाग नै थारुको उद्‌गम् स्थल हो भन्न सकिन्छ ।

संस्कृतिको धनि मानिएका थारु जातिलाई भित्र र बाहिर सबैतिरबाट वडो महत्वकासाथ हेर्ने गरिन्छ । थारुलाई सभ्यताको अग्रदुत भनेर भनिन्छ । त्यसैले थारु जातिलाई विलियम क्रुक्सले सन १९७० मा History या northern गए । भन्ने पुस्तकमा "Tharu was pioneers of society." भनेर उल्लेख गरेका छन् । थारुको भाषा, भेषभूषा र रितिरिवाजहरु स्थान विशेषको आधारमा केही फरक रहेको भएता पनि यिनीहरुको व्यवहार, रहनसहन र

स्वभावमा भने मूलरुपमा एउटै किसिमको एकरुपता रहेको पाईन्छ । अरुको उपकार गर्नखोज्ने र बदलाको भावना पटक्कै नभएको अति नै सोझा जातिको रुपमा थारुलाई चिनिन्छ । त्यसकारण स्वभावैले थारु जातिमा बौद्ध संस्कार रहेको कुरा एक अध्ययनले देखाएको छ । थारुको संस्कृतिमा बौद्ध संस्कार हुनुमा भगवान् गौतमबुद्ध थारु जातिकै हुनु पनि एक हो । गौतमबुद्ध लाई नै शाक्यमूनीबुद्ध भनिएको छ ।

अब यहाँ शाक्य वंशको प्रादुर्भाव कसरी भयो भन्ने कुराको चर्चा गर्नु वढी प्रासङ्गिक होला । परापूर्वका लमाकोशल देशमा इच्छवाकु वंशका राजा ओक्काक थिए । जेठी रानीको देहान्त पछि उनले दोस्रो विवाह गरेर कान्छी रानी भित्र्याए । कान्छी रानीबाट एउटा छोरा जन्म्यो । जसको नाम जयन्तु राखियो । छोरा जन्मेकोमा राजा अत्यन्त खुशीभई रानीलाई वरदान माग्न भनेपछि कान्छी रानीले आफ्नो छोरा राजा बन्न पाउनु पर्ने वरदान मागिन । रानीको वरदानमा बचनबद्ध भएको राजा ओक्काक जेठीरानी पट्टिका चारभाई छोराहरु ओक्कामुख (उल्कामुख), करन्डुक, हस्तिनिक र सिनीसुर अनि पाँच बहिनी छोरीहरु प्रिया, सुप्रिया, आनन्दा, वि जिता र विजितसेनालाई देशनिकाला गरी आफ्नो देहान्त भएपछि फर्किआई आफ्नो राज्य लिएर बस्नु भनी आदेश दिएका थिए । उनीहरु चार दाजुभाई छोराहरु र पाँच दिदीवहिनी छोरीहरु सबैजना उत्तरतिरको बाटोलागेर जाँदैगर्दा वाणगंगा नदीको किनारमा शाक (शाल) को जंगलमा तपश्यागरी वसिरहेका कपिल ऋषिको आश्रममा पुगी आफुहरुले पनि यतै बसोबास गर्नकोलागि अनुमति माँगगर्दा ऋषिले अनुमति प्रदानगर्दै ऊनी आफ्नो नामको बस्ती बसाल्न सल्लाह दिएका थिए ।

त्यसपछि उनीहरु सबै संगै आएका चार दाजुभाईले चार दिदीवहिनीहरुसँग एकआपसमा समागम गरी एकैठाँउमा घरजमगरी बसे र सबभन्दा जेठीदिदी प्रियालाई राजमाताको सम्मान दिई राखे । शक (सखुवा) को जंगल फडानीगरी बस्ती बसालेको हुनाले उनीहरु शाक्य कहलिए र कपिल ऋषिको नामबाट बस्ती बसाली कपिलवस्तु नगर को स्थापना गरेका हुन । समय बित्दैजाँदा केही दिनपछि राजमाताको रुपमा रहेको जेठीदि दी प्रियालाई स्वेतकुष्ठी रोगले पिडित वनायो । त्यसवेला कुष्ठरोगबाट मुक्तहुनकोलागि 'कोल' नामक वृक्षकोपात र रस खानु पर्दथ्यो । त्यसैले राजमाता प्रियाला ई नजिकै रहेको कोल (कोइलार) को जंगलमा रहनको लागि पठाईदियो । त्यसै समयमा वनारसका राजा रामलाई पनि यसैगरी स्वेतकुष्ठरोग लाग्दा आफ्ना उत्तराधिकारीलाई राज्य सुम्पिदिई त्यहि कोल (कोइलार) को जंगलममा बस्न आएका थिए । यसरी कोलको जंगलमा बस्दाको समयमा दुबैजनाको एकआपसमा भेटघाट र चिनजान भयो । केही समय पछि दुबैजनाको कुष्ठरोग हटेर गयो । उनहिरु दुवै जनाले त्यहाँबाट फर्केर फेरी घर तिर नजाने कुराको निर्णय गरेर एकआपसमा आशक्तभई लोग्नेस्वास्नीको नाताराखी त्यहीं बाकी जीवन बिताउने निश्चय गरे । पछि त्यहीको जंगल फडानी गरी एक नगर बसाले । जसको नाम कोलियनगर र आफूहरुलाई कोलिय भनि सम्बोधन गरे । यिनीहरु दुवैजना (राजा राम र राजमाता प्रिया) इच्छवाकु वंशकै थिए । तर आफूहरुले पहिले को इच्छवाकु वंश लाई छोडेर आएको हुँदा र यही कोलको जंगलमा आफ्नो पुनर्जीवन पाएको हुनाले आ फूहरुको वंश अब कोलिय भएको घोषणा गरे । अनि आ फूले बस्ती बसालेको नगरलाई कोलियनगर वा रामग्राम भनियो । त्यही रामग्रामलाई अहिले देवदह पनि भनिन्छ । जहाँ मायादेवीको माइतीघर थियो र यशोधराको जन्म पनि यही देवदहको कोलिय वंशमा भएको थियो ।

यहाँ शक (सखुवा) को जंगल फडानी गरेर बस्ती बसालेको हुनाले त्यसलाई उनिहरुले शाक्य वंश र कपिल ऋषिको नामबाट वसालिएको बस्ती भएकोले कपिलवस्तुराज्य भनियो । अनि उता कोल (कोइलार) को जंगल फडानी गरी कोलिय वंशले कोलियनगर अर्थात् राजा रामको नामबाट रामग्राम वा देवदह नगरको स्थापना गरेका हुन् । त्यसकारण यहाँ इच्छ्वाकु वंश बाट नै वर्तमान शाक्य र कोलिय वंशको उत्पति भएको देखिन्छ । भू.पू. महान्यायाधिवक्ता श्री रमानन्दप्रसाद सिंहले यस कथालाई थारुको कथाको रुपमा "The real story of the Tharu" मा विस्तृत वर्णन गरेका छन । उहाँको भनाई अनुसार गौतमबुद्ध थारुका सन्तान हुन् अर्थात् कोलिय र शाक्य अहिलेका थारुहरु नै हुन् ।

थारुको संस्कारमा विवाहको बखत अशोक स्तम्भ जस्तै स्तम्भको चित्रलेखी र अर्को बुद्धको पहिलो धर्मउपदेशको प्रतिकको रुपमा रहेको धर्मचक्रको चित्र लेखी त्यसमा पनि सिंदुर लगाई विवाह गर्ने परम्परा रहिआएको छ । जसलाई 'कोबरविवाह' भनेर भनिन्छ । कोबर विवाहको लागि कोबर लेख्दा त्यसमा चन्द्र-सुर्य र एकजोडी मयुरको चित्र पनि लेखिएको हुन्छ । साथै बाँ सबाँसिन भनेर बाँसको चित्र र पुरनीपत्ता भनेर कमलको फूलको चित्र कोबर को रुपमा लेखी 'कोबरविवाह' गर्ने परम्परा थारुमा रहेको छ । जुन बौद्धधर्मसंग सम्बन्धित छ । बौद्ध धर्मावलम्वी थारुहरु हिन्दूकरणमा परेपछि यता आफ्ना बौद्ध संस्कारहरु लुकिछिपी अरुले थाहा न पाउन भनि भित्र–भित्र अपनाई रहे । जुन कुराको पुष्टि यस कोबर विवाहबाट हुन आउँछ ।

बौद्ध धर्मको थेरवादी साहित्य अनुसार सिद्धार्थ गौतमबुद्ध लुम्बिनीमा जन्मिनुभन्दा कैंयौ कल्प अगाडी यस लोकमा २७ वटा बुद्धहरु जन्मिसकेका थिए र यस लोकलाई धर्मउपदेशगरी आफ्नो कार्यकाल पूरागरी गरीसकेका छन् । हालको गौतमबुद्ध अठ्ठाइसौं बुद्ध हुनुहन्छ ।

पहिले आएका बुद्धहरुले दिएका धर्म-दर्शनहरुको नामोनिशान नरहेको अवस्थामा वा लाखौं असंख्यकल्प वर्षपछि वर्तमानको गौतमबुद्ध शाक्य वंशमा कपिलवस्तुका राजा सुद्धोदनको पुत्रको रुपमा जन्मेका हुन् । शाक्य वंशमा उत्पन्न भएको कारणले यिनलाई शाक्यसिंह वा शाक्यमूनि बुद्ध पनि भनिन्छ । शाक्यमूनी गौतमबुद्ध थारु जातिकै हुनुमा विभिन्न विद्वानहरुको मत यसप्रकार रहेका छन् ।

- इतिहासकार पार्जिटरले **"हिस्टोरिकल ट्रेडिसन अफ इन्डिया"** मा **"गौतमबुद्धको परिवारमा कोही बाँकी रहेका छन् भने ती थारु जातिका मात्र हुन ।"** भनि लेख्नु भएको छ ।
- विद्वान महापण्डित राहुल साँकृत्यायनले आफ्ना पुस्तकमा **"गौतमबुद्ध थारु जातिका थिए ।"** भनी लेख्नु भएकोछ ।
- जनकलाल शर्माको लेखमा "**शाक्यहरु थारु जातिका थिए ।"** भन्ने उल्लेख छ ।
- मातृकाप्रसाद कोइरालाले बुद्धधर्ममा एउटा शाखा स्थविरवाद छ, त्यही स्थविरबाट थारु भएको कुरा आफ्नो पुस्तक **"कोशीको कथा"** मा लेख्नु भएको छ ।
- भारतका डी.एन.मजुम्दारको पुस्तकमा थारुहरु "**को लिय"** र **"शाक्य"** वंश बाट आएको कुरा उल्लेख छ ।
- भू.पू.महान्यायाधिवक्ता रमानन्दप्रसाद सिंहले आफ्नो कृति **"द रियल स्टोरी अफ द थारु"** मा गौतमबुद्ध थारुका सन्तान हुन् अर्थात् कोलिय र शाक्य थारुनै हुन भनि लेख्नुभएको छ ।
- गोपाल गुरुङका अनुसार **"बुद्धदेव जन्मिनुभएको शाक्य वंशका अवशेष आजका तराईका थारु हुन् , उनी आर्य होइनन् ।"**

**हिन्दूकरणमा परेका थारु**

आजभन्दा २५ सय वर्ष अगाडी सिद्धार्थ गौतमले बोधी ज्ञान लाभगरी धर्मचक्र प्रवर्तन गर्नुभई संघको स्थापना गर्नुभएको थियो । सो संघमा कपिलवस्तुका थुप्रै शाक्य राजकुमारहरु पनि प्रब्रजित भई बुद्धको भिक्षु संघमा सामेल भएका थिए । कपिलवस्तुका शाक्य अहिलेका थारुहरु नै हुन् ।

त्यसबेला धेरैजसो थारुहरु बुद्ध धर्ममा लागेका थिए । कालान्तरमा आएर विभिन्न हिन्दू शासकहरुको हैकमले गर्दा बौद्धधर्म मान्दै आएका सोझा थारुहरु लगायत अन्य जनजातिहरुलाई पनि हिन्दूकरण गराएको इतिहास जिउँदो छ । ई.पू.दोस्रो शताब्दीमा सम्राट अशोकको नाति मौर्य वंशको अन्तिम शासक वृहद्रथलाई उनकै सेनापति पुश्यमित्र शुङ्गले हत्या गरी शासनको सत्ता आफ्नो हातपारी शुङ्ग वंशको स्थापना गरेका हुन् । उनले आफ्नो राज्यमा बौद्धधर्म मान्दै आएका मौर्य (थारु) र बौद्ध भिक्षुहरुको शिर काटेर ल्याउनेलाई एउटा शिरको १०० दिनार (सुनको मुद्रा) इनाम दिने घोषणा गरेका थिए । त्यसपछि सातौं शताव्दीमा शंकराचार्य भारतबाट नेपालमा प्रवेशगरी आफ्नो शासन जमाएका थिए । नेपालका बौद्ध भिक्षुहरुलाई गृहस्थ बनाई दिए । बौद्धधर्मको प्रचार गर्न पाउँदैनौ भन्दै ८४ हजार बौद्धधर्मका ग्रन्थहरु आगोमा जलाइ दिए र सडकमा फ्याँकिदिए । शंकराचार्यको यहि धर्म परिवर्तनको अभियानमा परि आफ्नो बौद्ध धर्मलाई त्यागी हिन्दूधर्म अपनाउन बाध्य भएका हुन् थारुहरु ।

त्यस्तै मल्लकालमा आएर नेपाल सम्वत् ५१५ मा जयस्थिति मल्लको आक्रामक ब्राह्मणवादी नितिले बौद्ध समाजको निहित स्वार्थ र भावनामाथी अतिक्रमण गऱ्यो । उनले त्यस समयका विभिन्न ब्राह्मणवादी परम्पराका प्रतिनिधित्व गर्ने पाँच कट्टरपन्थी ब्राह्मणहरु किर्तीनाथ उपाध्याय, रघुनाथ झा, रामनाथ झा, महिनाथ भट्ट र श्रीनाथ भट्ट आदि यी पाँच व्यक्तिहरुले बैठक गरी उप त्यका र तराईका बौद्ध धर्मावलम्बीहरुलाई हिन्दू बनाउने अभियान चलाएका हुन् । यो हिन्दूकरणको अभियानको चपेटामा थारु पनि परेका छन् ।

त्यसपछि १७ औं शताब्दीका शाह वंशीय राजा पृथ्वीनारायणशाहले एउटा सामन्ती राजाको रुपमा सम्पूर्ण जनजा तिहरुको ठूलो शोषण गरेका छन् । मुलुकमा सम्पूर्ण जनतालाई आफ्नो शासनको डोरीले एकैसुत्रमा बाँधी राष्ट्रएकिकरणको नाममा थारु जातिलाई पनि चारवर्ण छत्तिसजातको फूलवारीमा रोपेर हिन्दू बनाएका हुन् । पछि उनकै वंशजले थारु समुदायले आर्जेका जग्गाजमिन बिभिन्न बहानामा हडप गरेर अधिकांश थारुहरुलाई कमैया बनाएका हुन् । एकात्मक केन्द्रीकृत राज्यसत्ताले थारुहरुको भूमि मात्रै हडप गरेनन् । सँगसँगै उनीहरुको धर्म, भाषा र संस्कृतिमा पनि अतिक्रमण गऱ्यो । राजा लाई विष्णुको अवतार मान्नु पर्ने, सबैले हिन्दूको चाँडपर्व मान्नुपर्ने, हिन्दू धर्मअनुसार शुद्ध-अशुद्ध, उँच-नीच, छुत्-अछुत् जस्ता भेदभावपूर्ण मान्यतालाई सबै नागरिकले मान्नुपर्ने बाध्यताको सृजना गरायो । यसरी नै थारु हिन्दूकरणमा परि बर्वाद भए ।

**हिन्दूकरण पछिका थारु**

हिन्दूधर्मको प्रभावलेगर्दा नै प्रायः जसो सबैक्षेत्रका थारुहरुमा रहेका मिश्रित किसिमको संस्कारलाई भने अहिले पनि देख्न सकिन्छ । अनि कतिपय संस्कार, रितिरिवाज र चाँडपर्वहरु थारुको आफ्नै किसिमको पनि रहेको छ, जुन कि हिन्दू संस्कारसँग पटक्कै मेल खाँदैन । त्यसैले लेखक विद्वान प्रा.डा.गोपाल सिवाकोटीले आफ्नो अनुसन्धानको पुस्तक “थारु जाति” मा लेखेका छन कि “थारुहरु आफू लाई हिन्दू भनेतापनि उनिहरुमा हिन्दूको संस्कार भेटिंदैन ।” अर्को विद्वान केशरबहादुर के.सी.का अनुसार-नेपाल तराईको थारु समाजमा अहिले पनि बुद्धकालिन कतिपय भेषभूषा र सांस्कृतिक अवशेषहरु रहिरहेको कुरा विद्वा नहरुको अध्ययनबाट थाहा हुन आउछ। त्यसैगरी अर्को एक विदेशी विद्वान ‘टिस्सा कास्कप’ जो नालन्दा पाली इन्स्टीच्युटमा बौद्धधर्मका प्रोफेसर हुनुहुन्थ्यो । उहाँले केथेन मोरगन द्वारा सम्पादित "The history of Buddism" भन्ने पुस्तकको एक निबन्धमा लेख्नु भएको छ कि “थारुहरुका संस्कार र संस्कृति बुद्धधर्मका धरोहर हुन् ।” यसरी माथि उल्लेखित यी सबै तथ्यहरुले थारुहरु हिन्दू धर्माबलम्वी कदापी होइनन् भन्ने पुष्टि हुन्छ ।

अतः थारु समाज पहिले देखिनै बौद्ध रहि आएको कुरा उसको संस्कारले देखाइरहेको छ, सावित हुन्छ । यो त कालान्तरमा हिन्दूकरण गरिएको मात्र हो ।

## बर्तमान अवस्थाको थारु

थारुको वर्तमान अवस्थाको अध्ययन गर्दै जाँदा थिचिएर, मिचिएर, पिल्सिएर अनि निकै अप्ठ्यारो परिस्थितिको सामना गर्दै बाँचिरहेका थारुमा आज जनचेतनाको लहर  देखापरेको छ । आफ्नै मुलुकको अनुकुल वातावरणले गर्दा केहीमात्रामा उकुसमुकुस गर्न र आफ्नो हकअधिकार खोज्नकोलागि सल्बलाई रहेको अवस्थाको महशुस भईरहेको छ । नेपालको बुद्धधर्मको इतिहासमा २०४६ असोज १३ को दिनलाई एक अतिमहत्वपूर्ण दिनको रुपमा हेर्न सकिन्छ । यहि दिनमा भू.पू. महान्यायाधि वक्ता श्री रमानन्दप्रसाद सिंहले काठमाडौं युवा बौद्ध समूहको आयोजनामा बागबजार स्थित बुद्धबिहारमा राखिएको एक कार्यक्रममा ऐतिहासिक प्रवचन दिनु भएको थियो । प्रवचनको विषय थियो “बुद्धधर्म र थारुजाति” । श्री सिंहले थारुको परिभाषा दिएर थारुको परिचय गराएका थिए । उहाँले “थारुहरु बौद्ध धर्मावलम्बी हुन्” भनी पुष्टि गर्नुभएको थियो । कुरा पुष्ट्याँई गरेको सुन्न हलमा खचाखच भरिएको श्रोतागण लगायत कार्यक्रमको सभापतित्व गरिरहनु भएको महत्वपूर्ण बौद्ध व्यक्तित्व भिक्षु अमृतानन्द पनि उहाँको कुरा सुनेर स्तब्ध हुनुभएको थियो । यहाँ बुद्धको वंशावलिलाई हेर्दाखेरी शाक्यमूनी गौतमबुद्धको पूर्वज कस्सप वा काश्यप बुद्धलाई आफ्नो पूर्खा सम्झने थारु आफ्नो गोत्रको उल्लेख गर्दा काश्यपगोत्र भनी उच्चारण गर्नुले वा वंशजको नाताले कायम रहेको कुरा एक अध्ययनले प्रष्टरुपमा प्रमाणित गरीरहेको छ । प्राचिन कालदेखि नै शाक्यमूनी गौतमबुद्धलाई पनि प्रत्यक्ष पूर्खाको रुपमा सहर्ष स्वीकार गरीरहेका छन् , सच्चा ईमान्दार थारुहरु ।

संसारको जुनसुकै भागमा बसोबास गर्ने थारुले प्राचिन कालदेखि नै रितिरिवाजको रुपमा कुनै न कुनै संस्कार अपनाउदै आइरहेका छन् । जसमा प्रमुख रहेका छन् -चाँडपर्व, देवीदेवताको पूजा लगायत विवाह, मुण्डन र मृत्यु संस्कार जस्ता अनिवार्य संस्कारहरु । चाँडपर्वको चर्चागर्दा हिन्दू समाजको प्रमुख विशेषता हो विजयाद शमीको महानचाँड मान्नु । हिन्दूको यो महानचाँड कुनै पनि थारुले मुख्यरुपमा मनाइरहेको पाईदैन । अर्थात् उनीहरु आफ्नै रितीरिवाज अनुसार मनाउने गर्दछन । यो महानचाँड दशैंको मुख्य विशेषता हो - जमरा राख्नु, रातोटिका लगाउनु, र दुर्गाभवानीको पूजाअर्चना गरी पशुबली चढाउनु । यो दशैंको चाँड पूर्वका कुनैपनि थारुले मनाएको पाईदैन । पश्चिमका थारुहरुमा हिन्दूकरण र हिन्दूको प्रभावमा परी जमरा र टिकाको प्रचलन भने रहेको पाईन्छ । विद्वान गोपाल दहितका अनुसार बर्दियामा जमरा त घटस्थापना मै राख्छन् तर दशमीको दिन टिका लगाउँदा चामलको पिठोको सेतोटिका लगाउँछन् । अहिले भने रातोटिका पनि लगाउन थालेका छन् । यता पूर्वतिरका थारुले भने घटस्थापनाको दिन आफ्ना सबैघरका ढोकानेर भित्तामा तिनओटा कालो र दुईओटा सेतोरंगको ठाडो धर्काको चिन्ह लेखेर राखि दिन्छन् । अनि सप्तमीको दिन त्यसलाई मेटाएर त्यस ठाँउमा चामलको पिठोमा हातको छाप लगाई त्यसमाथि सिंदुर लगाउँछ । दशैं भरी थारुहरु खुसियालि मनाउनुको साटो डराएर बसेको हुन्छ । किनभने दशैंको वेलामा बोक्सीको बिगबिगी बढेको हुन्छ भन्ने जनविश्वास रहेको छ , थारु समाजमा । त्यसैले मसिना केटाकेटी त झनै डराएर बाहीर कहीँ जाँदैनन् र तिनीहरुका आमा-बुबाले आफ्ना बच्चाहरुलाई लसुनका ढिक्का वा केस्रालाई धागो मा उनेर शरीरमा झुन्ड्याइदिएका हुन्छन् । अनी ठूला मान्छेहरुले भूतप्रेत र बोक्सीको प्रभावबाट बच्नको लागि धामी वा बिजुवा बस्ने गर्दछन् र आफ्नो घरको देउताला ई राम्रोसंग धुपदीप बाली पूजा गरेको हुन्छ । प्रायःजसो महर्षिया वर्गका थारुले आफ्नो घरको देउतालाई विजया दशमीको दिन आँगनमा चौका लगाएर कुभिण्डो वा घिरौलाको बली दिने गरेको पाईन्छ । जसबाट रातो रगत निस्किएको हुदैन् । अनि त्यसलाई काट्नको लागि प्रयोग गरिएका हतियार लाई त्यही चौकामा राखी चामलको पिठो घोलेर ठाँउ-ठाँउमा लगाई त्यसमाथि रातो सिंदुर पनि लगाइदिएको हुन्छ । यसबाट कुनै जीवित प्राणीको हत्या नगरी आफ्नो हतियारको परित्यागगरी पूजा गरेको भन्ने बुझिन्छ । यो चलन त प्रत्यक्ष रुपमा हेर्दा सम्राट अशोकले कलिङ्गयुद्धको नरसंहार पछि विजयादशमीकै दिन आफ्नो हतियार बिसाई शस्त्र परित्याग गरी बुद्धधर्ममा समर्पण गरेको कुरासंग मेलखान्छ । त्यसैले यो त्यसैको प्रारुप हो भन्ने बुझ्नसकिन्छ । अहिले पनि थारु बौद्धसमाजले विजयादशमीको दिनलाई अशोक विजया दशमी वा शस्त्र परित्याग दिवशको रुपमा मनाइरहेका छन् ।

देवीदेवताको पूजाको हकमा आफ्नो घरको कुलदेवता, ग्रामदेवताको थान, सामुहिक शिराथान आदिमा आफ्नै जातिका गुरुवा (धामी) वा पूजारीले पूजा गरेका हुन्छन् । यहाँ  एउटा विचार गर्नु पर्ने कुरा यो छ कि, देवीदेवताको पूजाको नाममा कहिं पनि मूर्तिपूजा गरेको पाइदैन अर्थात् उनिहरुको देवताघर र देवताको थानमा कहि पनि कुनै मूर्ति हुदैन । यिनीहरुको पूजागर्ने देवताको स्वरुप प्राकृतिक रहेको हुनाले नैयिनीहरु मूर्ति पूजक नभएर प्रकृति पूजक हुन् भनी प्रमाणित हुन्छ । कसै कसैले मात्रै हिन्दू ब्राह्मणको बहकावमा परेर भाकलगरी दशैंको मूर्तिपूजा गरेको पाईन्छ । तर दशैंको दशदिन सकिने वितिकै मूर्तिलाई जलप्रवाहगरी दिन्छ । रातोटिका भने कहिल्यै पनि लगाउँदैनन् ।



जितिया ब्रतको समापन पूजा गरिरहेको
दुई ब्रतालु थारु महिला ।



फागुन पूर्णिमाको दिन आफ्नो कुलदेवतालाई
फगुवा पूजा गरिरहेको एक थारु महिला ।

पूर्वतिरका थारुले मनाउने पर्व जितिया, दिपावली (सुकराइत), माघी (तिलासंकराइत) फगुवा, शिरुवा, अषाढही र नेमानपूजा आदि प्रमुख रहेका छन् । प्रत्येक सालको वैशाख १ गते नयाँबर्षमा थारुका सवै देवस्थलहरुमा देवपूजनको साथै शिरुवा मेला लाग्दछ र प्रत्येक देवस्थलको पुजारीमा थारु नै रहेको हुन्छ जहाँ ब्राहमण पुजारीको प्रयोग हुदैन त्यहाँ त्यो बौद्ध संस्कार नै भएको बुझिन्छ ।



जितिया ब्रतको समापन पूजा गरिरहेको दुई ब्रतालु थारु महिला ।



आफ्नो परम्परा अनुसार नेमान पूजा गरिरहेको एक थारु दम्पति ।

त्यसैले थारुहरु आजपनि राजाजीथानमा आषाढ पूर्णिमाको दिन खिरचढाई भगवान् बुद्धकै प्रतिकात्मक रुपमा पूजा गरिरहेको प्रष्ट हुन्छ । यो प्रमाणले थारुहरु शतप्रतिशत बौद्धमार्गी भएको ठहरिन्छ ।

## थारुको संस्कारमा बौद्ध संस्कृतिको स्वरुप र सम्बन्ध

थारुको संस्कार र संस्कृतिमा बौद्ध संस्कारले कति भित्रसम्म जरोगाडेर बसेको छ भने त्यसलाई हेर्नको लागि हामीले थारुको जन्म देखि मृत्युसम्मको सम्पूर्ण संस्कारहरुलाई राम्रो संग नियालेर हेर्नुपर्ने हुन्छ। थारु संस्कार लाई नियाल्नुअघि धर्मरत्न शाक्यज्यूले लेख्नु भएको बौद्ध संस्कार पद्धतिमा नजर लगाऔं । उहाँले विभिन्न बौद्ध मुलुकहरुले प्रचलनमा ल्याएका १० प्रकारका संस्कारहरुको उल्लेख गर्नु भएको छ। ती यसप्रकारका छन् ।

१) गर्भमंगल २) नामकरण ३) अन्नप्राशन ४) कर्णवेध ५) चुडाकर्म ६) विद्यारम्भ ७) प्रव्रज्या तथा शिलाचारीणी ८) उपसम्पदा ९) विवाहमंगल र १०) अन्त्येष्ठी ।

यहाँ उल्लेखित यी १० प्रकारका बौद्ध संस्कारहरु मध्ये प्रव्रज्या र उपसम्पदा बाहेक अरु सम्पूर्ण संस्कारहरु थारुको संस्कारमा पनि भेटिन्छ। तर हाल आएर कालान्तरमा हिन्दूकरणमा परेका थारु अहिले बुद्धधर्म तर्फ फर्कन थालेका छन् । त्यसैले केहीमात्रामा प्रव्रज्या र उपसम्पदाको दिक्षा पनि ग्रहण गरिएको अवस्था देखिन्छ। अब, यिनै संस्कारहरुको चर्चा तर्फ लागौं ।

**१) गर्भमंगल :** यो बौद्धहरुको पहिलो संस्कार हो। थारुमा यसको विधिविधान खासै नभए तापनि खान-पान, उठ-बस, रहन-सहनको भने विशेषरुपमा ख्याल गरिएको हुन्छ । कुनै पनि महिलाको गर्भवती अवस्थामा मनपर्ने मिठा खाने कुरा खाने मन हुन्छ। त्यसैले थारु समाजमा माइतीबाट आमाले खीर बनाई पठाईदिने चलन रहेको छ। यो खीरको प्रयोग थारुहरुले देवताको थानमा र आफ्नो कुलदेवतालाई आषाढ पूर्णिमाको दिन घरमा पूजागर्दा चढाइने गरिन्छ। जो बौद्ध इतिहासमा पनि सुजाताले सिद्धार्थलाई खीरभोजन प्रदानगरी बुद्धत्व प्राप्तिको लागि सहयोग गरेकी थिइन् ।



आषाढ पूर्णिमाको दिन परम्परा अनुसार आफ्नो कुलदेवतालाई अषाढही पूजा गरिरहेको ।

**२) नामकरण :** बच्चा जन्मिसकेपछि एक हप्ताभित्र नामकरण गर्ने गराउने बौद्धको दोस्रो संस्कार हो। थारु समाजमा बच्चा जन्माउन आफ्नै जातको सुडेनीहरुको प्रयोग गरिएको हुन्छ। पाँच दिन सम्म सूतक वारेको हुन्छ। छैठौं दिनमा बच्चालाई नुहाई सुत्केरी र सुडेनीले हातगोडाको नङकाटी रातोरंग लगाई चोखिने परम्परा छ। तर त्यतिखेरै वाहुन बोलाई नामकरण गराउने र जन्मकुण्डली वनाउने कुनै प्रावधान भने छैन ।

**३) अन्नप्राशन :** यो बौद्धहरुको तेस्रो संस्कार अन्तरगत थारुमा कुनै विशेष किसिमको प्रावधान नभएकोले प्रायः बच्चा ५/६ महिनाको भएपछि कुनै साइत नहेरी कुनै पनि दिन घरकै मान्छेले नरम खालको ठोस आहार (खीर) खुवाउने चलन रहेको छ । यो पनि बौद्ध संस्कारसँग मेलखाएको देखिन्छ ।

**४) कर्णवेध :** यो चौथो बौद्ध संस्कार प्रायः सबैतिरका थारु समुदायले आफ्नै चलन अनुसार गरेको पाईन्छ । बौद्ध परम्परा अनुसार बुद्धपूजा तथा त्रिशरण र पञ्चशील ग्रहण नगराए पनि केटा वा केटी दुवैलाई १/२ वर्षे भित्रमा कुनै पनि बखत नाककान छेडेर मुन्द्री र बुलाकी आदि कुनै धातुको हलुका गहना लगाइदिने चलन थारुको आफ्नै संस्कार हो

**५) चुडाकर्म :** यो पाँचो बौद्ध संस्कार हो । यसमा हिन्दूको जस्तो ब्रतबन्ध वा उपनयन कर्म नगर्ने भएता पनि थारुहरुमा गरिने यो चुडाकर्मलाई 'मथमुरैन' वा 'मुण्डन' भन्ने गरिन्छ । यो मुण्डन कार्य बच्चालाई दुईदेखि पाँच बर्षको उमेरमा आफ्नो सुविधा अनुसार केटा र केटी दुवैलाई गर्ने गरिन्छ । यो मुण्डन गर्दा बच्चालाई निरामिष भोजन गराई, खानेकुरा, लुगा-कपडा आदि उपहार दिने गरिन्छ । यो मुण्डन गर्ने समयमा घरको कुलदेवतालाई पूजा पनि गरिएको हुन्छ । जसलाई थारु भाषामा घरपूजा पनि भनिन्छ । मथमुरैन (मुण्डन) गरी कपाल खौरिंदा टाउको को पुरै कपाल टुप्पो नराखिकन खौरिनु पर्छ । बच्चा जन्मिदै देखिको यो जन्मौति केश भूईमा खस्न नदिई आमा वा हजुरआमाले नयाँ लुगा थापेर राख्नुपर्छ । काटीएको कपाललाई नदीमा बगाई दिनु पर्दछ ।



परम्परा देखि गरिंदै आएको मथमुरैन (मुण्डन) संस्कारमा एक बालकको बौद्ध विधि अनुसार शिखाछेदन् गरी कपाल खौरिंदै ।

यो मुण्डन संस्कार महर्षिया र कलियाहा दुवै वर्गका थारुले गर्ने चलन रहेको देखिन्छ । पूर्वका कलियाहा थारुले मुण्डन गर्दा कुलदेवतालाई कोहीले खसीबोका र कोहीले सुँगुरको बली दिएको हुन्छ । महर्षिया वर्गमा लड्डु, पान र सुपारी तथा फल-फूल चढाएर घरपूजा सम्पन्न गर्दछ । शिरको कपाल पुरै मुण्डनगरी काटेको हुनाले यो एउटा बौद्ध धर्मको थेरवादी संस्कार भएको प्रमाणित हुन्छ ।

**६)विद्यारम्भ :** यो छैठौं संस्कार बौद्ध विधि अनुसार बौद्ध विहारमा गएर बालबालिकाको विद्यारम्भको कार्य शुरु गर्नुपर्दछ । तर यहाँ थारुको आफ्नै चलन अनुसार श्रीपंचमीको दिन आफ्नै घर वा नजिकको विद्यालयमा गएर बच्चाको हात समाती लेख्न लगाएर यसको शुरुवात गरिन्छ । पहिलेको जमानामा विद्यालयहरु नभएकोहुँदा आफ्नै गाउँका गुरुआश्रममा गई विद्यारम्भ गराएको परम्परा देखिन आँउछ । यो कार्य खासगरी ५/७ वर्षको उमेर मा गर्ने गरिन्छ ।

**७) प्रव्रज्या तथा शिलाचारिणी :** बौद्ध धर्मको प्रचलन अनुसार जीवनमा एक पटक अनिवार्य रुपमा सबै बौद्धले प्रब्रजित हुने नियम छ । थारुमा यसको प्रारुप मथमुरैन (मुण्डन) संस्कारमा देख्न सकिन्छ । यो मथमुरैन संस्कारमा बालक र बालिका दुवैको मुण्डन गरिने संस्कार छ । तर कोहीले भने छोराको मात्रै गरेको हुन्छ । मुण्डन गर्दाखेरी बाल-बालिकाको टाउकोमा टुप्पी नराखी पुरै मुण्डन गरिन्छ । त्यसैले बौद्ध परम्पराको शिलाचारिणी र प्रव्रज्यालाई थारुको यो मथमुरैन (मुण्डन) संस्कार लाई लिन सकिन्छ ।

**८) उपसम्पदा :** बौद्ध परम्परामा प्रव्रजितभई श्रामणेर भएको १० वर्ष पुगेपछि दिईने दिक्षालाई 'उपसम्पदा' भनिन्छ । यो दिक्षाको लागी २० वर्षको उमेर पुगेको हुनुपर्छ । यसमा बाबुआमा र विवाहित भए पत्निको पनि अनुमति लिनु अनिवार्य हुन्छ । तर थारुको संस्कारमा यो उपसम्पदाको दिक्षा लिने परम्परा भने छैन । तर हाल आएर बुद्धधर्मको व्यापकताले गर्दा थारु जातिबाट प्रव्रजित भएका श्रामणेरहरु पनि थुप्रैले उपसम्पदाको दिक्षा लिइसकेका छन् ।

**९) विवाह :** मानवजीवनमा गृहस्थ जीवनको आधारशिला नै विवाहलाई मानिन्छ । बौद्धहरुको निम्ती विवाहकार्य वा कुनै पनि शुभकार्य गर्नमा आफ्नो सुविधा अनुसार प्रत्येकक्षण शुभ हुन्छ । थारु जातिको विवाहमा बेहुला–बेहुलीको चिनाहेर्ने चलन छैन किनभने बच्चा जन्मिएको बेलामा कुनै जन्मकुण्डली वा जन्मपात्रो बनाएको हुदैन । त्यसैले कसैको चिना मिलाई राख्नुपर्ने आवश्यक पनि पर्दैन । मात्र आफ्नो कुल-वंश, थर-गोत्र हेरे पुगिहाल्छ । आफ्नो रिति र संस्कृतिमा जे छ त्यही गर्न वेश हुन्छ । त्यसैले अब थारुजातिको विवाहबाट कसरी थारुमा बौद्ध संस्कार रहेको छ भन्ने कुराको जानकारी लिंदै जाऔं ।

कपिलवस्तुका शाक्यहरु इच्छवाकुका सन्तान सुर्यवंशी क्षेत्री हुन् र तिनै सुर्यवंशी शाक्य आजका थारु हुन् । यिनीहरु विवाह गर्नजाँदा तरवार बोकेर जान्छन् । यसको अर्थ यो हुन्छ कि कपिलवस्तु जस्तै पूर्वकालमा तिरहुत राज्यमा पनि थारु राजाले राज्य गरेका थिए । ती क्षेत्रीकुलका राजा भएको कारणलेगर्दा अहिलेसम्म थारुले विवाह गर्दा तरवार बोकेर जन्ती जान्छन र विवाहको सम्पूर्ण कार्य नसकुन्जेल तरवार बेहुलाको साथमा नै रहेको हुन्छ । यहाँ तिरहुत राज्यको उल्लेखनीय चर्चा के रहेको छ भने त्यो ठूलो थारुराज्यको राजधानी सिमरौनगढमा रहेको थियो । जुन अहिले बारा जिल्लामा पर्दछ । त्यस इलाकामा सिमलको गाछीको घनाजंगल रहेको थियो । त्यसैले त्यो सिमर (सिमल) को बन सिमरा+ वन+गढ लाई सिमरौनगढ भनिएको हो । पछि गएर तिरहुत राज्यको पतन भएपछि त्यहाँका थारुहरु पूर्वतिर सर्दैगएका हुन । आफ्नो राज्यमा भएको त्यो सिमलको रुखसँगको सम्बन्धलाई विर्सिन नसकेर आफ्नो संस्कार को रुपमा विवाह गर्दाको बखत विवाह मण्डपको प्रवेशद्वारमा सिमलको गाछी वा विरुवा राख्ने गरिन्छ । पूर्वका सबै थारुको विवाहमा यो देख्नसकिन्छ । विवाहको शुरुमा त्यही सिमलको गाछीमा बेहुलाले सिंदुर लगाई विवाह गर्ने विधान रहेको छ । जसलाई “मलिथम विवाह”गरेको भनिन्छ ।



विवाह मंडपमा विवाहको लागि राखिएको मलिथम (सिमलको बोट) लाई तरवारसँगै राखेर समाई राखेको एक बृद्ध महिला ।

विवाह गर्नको लागि वेहुलाले विवाह मण्डपमा ल्याउन बेहुलीलाई लीन जाँदाखेरी बेहुली बसेको कोठाको द्वारमा बेहुलीको भाईले बेहुलाको बाटो छेकी बस्छ, जान दिदैन । त्यपछि बेहुलाले केही सामान वा रुपैयाँ–पैसा दिएपछि मात्रै बाटो छोडीदिन्छ । यसको अर्थ यहाँ यो हुन जान्छ कि कपिलवस्तु राज्यको स्थापना गर्दा शाक्यहरु आफ्नै दिदीबहिनीहरुसंग विवाह गरेका थिए । जो थारुको विवाहमा पनि यसको झझल्को पाईन्छ ।

थारु बौद्ध धर्मावलम्बी हुनुको अर्को प्रमाण उसको भेषभूषा र पहिरनले पुष्टि गर्दछ । मायादेवीले लगाएको खुट्टाको कल्लि अहिलेको थरुनीहरुले लगाउने गरेको कल्लिसंग मिल्दछ । त्यस्तै महिला र पुरुषले लगाउने सेतोरंगको पहिरन धेरैपुरानो चलन हो । हाल आएर मात्रै आधुनिक डिजाइनका भेषभूषा लगाउन थालिएको हो । लेखक विद्वान गोपाल दहितका अनुसार बर्दीया र त्यसभन्दा पश्चिमका थारुमा दुलहाले भरिसक सेतो रंगको कपडा लगाउँछ, तर पाग (पगरी) भने सेतो नै हुनु पर्छ । किनभने पुरुषको पहिचान नै पाग हो । त्यस्तै दुलहीको लागि भित्री कपडा रातै वा अन्यारंगको भए पनि माथि बाट घर्लप्प ओढ्ने घुर्घट भने सेतौरंगको हुन्छ । यसरी दुल्हा-दुल्हीले पनि विवाह जस्तो शुभकार्यमा सेतौरंगको पहिरनलगाउने हुँदा थारु कुनै पनि हालतमा हिन्दू धर्मावलम्बी हुन् सक्दैन ।। त्यसकारण आज यो ज्यादै खोजको बिषय पनि रहेको छ ।

अनि यता बौद्ध संस्कारलाई हेर्दा बौद्ध परम्परा अनुसार प्रव्रज्यागर्दा प्रव्रजितहुनु अगाडी प्रत्येक कुलपुत्रले एक छिन भएपनि सेतौपहिरनमा बस्नु पर्ने नियम रहेकोछ । त्यसपछि विधिपूर्वक गेरुवा वस्त्र धारण गरी नियम अनुसार शील पालन गरिन्छ । यो गेरुवावस्त्र (चिवर) धारण गरिरहँदा सम्म बिहेगर्न पाइदैन अर्थात् ब्रम्ह्चर्यको पालना गर्नु पर्छ । त्यसकारण यी सम्पूर्ण व्यहोराको अध्ययन गर्दा थारुको विवाह संस्कारमा बौद्ध संस्कार नै रहेको पुष्टि हुन्छ ।

**१०) अन्त्येष्टी :** बौद्ध संस्कार अनुसार मानव जीवनको यो अन्तिम संस्कार हो । यसलाई मृत्यु संस्कार पनि भनिन्छ । यो मरणोपरान्त गरिने संस्कार हो । बौद्ध संस्कार पद्धतिमा उल्लेख भएका विधि र तरिकाहरुमा थारुले गर्ने विधि र तरिकाहरु प्रायः धेरैजसो हुबहु मिलिराखेको देखिन्छ । खासगरी थारुजातिमा हिन्दू भनिने कन्ठाहा बाहुनलाई ल्याई श्राद्धकर्म गराईएको भएता पनि थारुको भने आफ्नै किसिमको संस्कार रहेको र गरेको पाईन्छ । अब, यहाँ यहि विषयमा केही चर्चा गरौं ।

मान्छे मरेको वा अन्त्येष्टी गरेको दिन क्रियापूत्री बस्ने मान्छेले वा कसैले पनि केश मुण्डन गर्दैनन् । सेतोलुगा लगाई जेठोछोरा वा कुनैपनिछोरा एकजना मात्र क्रियापुत्रीमा बस्दछ । अन्त्येष्टी गरेको भोलीपल्ट मला मीमा जाने सम्पूर्ण व्यक्तिलाई बोलाई मृतकको घरमा 'दुधमुहको भोज' खुवाउने चलन रहेको छ । त्यसदिनको खानामा दालभात, तरकारी र खीर पकाईएको हुन्छ । क्रियापुत्री बस्नेले पनि यहि खाना खान्छ । तर आफ्नै हातले पकाएर चाँहि खाँदै नन् । श्रीमतिले पकाईदिएको हुन्छ । श्रीमति नभएमा अरुकसैले पकाईदिएको हुन्छ । कोही कोहीले भने "अरवाइन" गरेका हुन्छन् । "अरवाइन" भनेको नुन, तेल र उसिनाभात नखानु हो ।

मरेको तीनदिन बितिसके पछि चौथोदिनमा आफ्नो समा जका २/४ जनालाई बोलाएर 'तेराइत' वा 'छौरझप्पी'को संस्कारगर्न लाशजलाइएको मशानघाटमा समा जको साथ लागेर क्रियापुत्रीले जानुपर्छ । मशानघाटमा पुगी त्यहाँ भएका खरानी, अंगार र जलिसकेर शेषरहेका अस्तु त्यहीं जमिनमूनि गाडी पुरेर माथिसम्म आउनेगरी माटोकोढिस्को बनाईन्छ ।



बाबु मरेको चौथो दिनमा स्मशानमा गई क्रियापुत्रीले शरा (स्तूपा) मा तुलसी रोपी पूजा गरिरहेको ।

ढिस्कोको शिरभागमा एउटा तुलसीको विरुवा रोपेर स्नानगरी जलचढाई धूप-दीपले पूजा गरिन्छ । यहाँ त्यस दिन मशानघाटमा क्रियापुत्रीले बनाएको माटोकोढिस्को नै बौद्ध परम्परामा देखिने स्तुपको स्वरुप हो । यहाँ माटो को ढिस्कोमूनि अस्तु राखिएको हुनाले यो स्तुप नै हो । जसलाई थारु भाषामा "शरा" भनिन्छ । यहाँ तुलसीको विरुवा रोपिराखेको हुनाले आफ्नो पितृको पूजागर्ने यो असल बौद्ध परम्पराको नमुना हो ।

यहाँ बुझ्नुपर्ने एउटा कुरा के रहेको छ भने, जुनसुकै समुदायमा मान्छे मरेको त दुःखै हो । यो दुःख त सबैको लागि बराबर हो । तर यहाँ थारुको लागि भने कुनै किसिमको दुःख लागिरहेको देखिंदैन, किनभने कुरा सुन्दा अचम्म लाग्न सक्छ । यहाँ आफ्नो आफन्त र समाजलाई बोलाई-बोलाई भोज खुवाउन आतुर रहेका हुन्छन र खानेहरु पनि मान्छेमरेको भोजखान निक्कै लालायित देखिन्छन् । अर्थात् भोजखानको लागि पर्खेर बसिरहेको जस्तो देखिन्छ । यति मात्र हैन, यसैसँग जोडिएको अर्को कुरो पनि छ । यहाँ कोही मरेपछि "जुठो परेको छ" भनिन्छ । तर थारुको लागि खोई जुठो ? यदि जुठो परेको भए मृतकको घरमा गएर कोही पनि खान पिउन हुँदैनथ्यो नी ? तर यहाँ त थारु समाजमा श्राद्ध अवधि सम्म दिनकादिन श्राद्धभोज खाइरहेका छन् र रमाईरहेका छन् । जुठो र सुत्तक न चोख्खिईकनै पनि । आज मरेको भोली पल्टै मृतककै घरमा गएर भोजखाने कुरा कुन हिन्दूको शास्त्र र सिद्धान्तमा उल्लेख भएको छ ? के यो आश्चर्य लाग्ने कुरो भएन र ? तर थारुहरुले खाएका छन र खुवाएका छन् । यो मान्छे मरेको बेलामा दुःख बार्नंको सट्टा भोजखाएर रमाउनु भनेको कुन संस्कृति होला त ! यो त साँच्चै नै बौद्ध संस्कृति नै भएको हुनु पर्छ भन्ने पंक्तिकारको ठहर छ । किनभने मान्छे वा कुनै पनि प्राणी जन्मनु र मर्नु यसको स्वभावधर्म हो भनी बुद्धउपदेशमा वर्णित छ । यो प्रतीत्यसमुत्पादको कारणले

उत्पन्न भई नष्ट भएको हो । यो बौद्ध दर्शनको सिद्धान्तले थारुको संस्कार बनेर बौद्ध धर्मलाई र बौद्ध संस्कारलाई जीवित राखेको छ भन्दा कुनै अतिशयोक्ति हुने छैन । यो त खाली बाहिरबाट लादिएको हिन्दूब्राह्मणवादी संस्कार देखावटीकोलागि मात्र व्यवहार गरेको देखिन्छ । यसका रण यहाँ पितृ उद्धारको लागि पिण्डदान गर्ने बहानामा हिन्दूवादी संस्कारमा परि थारु ठगीएको देखिन्छ । हिन्दू संस्कार अनुसार मान्छे मरेको वेलादेखि नै शव जलाउनु अघिसम्म पाँचओटा पिण्ड दिईसकेको हुनुपर्छ । अनि शव आधा जलिसकेको अवस्थामा फेरी अर्को एक पिण्ड दिने विधान रहेको छ । तर यहाँ कोही थारु मर्दाखेरी न त्यहाँ कुनै बाहुनलाई बोलाइन्छ न त कुनै पिण्डदान  नै गरे को हुन्छ । यहाँ त केवल दायकलाई क्रियापुत्रीको रुपमा सेतोवस्त्र पहिराई सबै आफन्तजनहरु मिली अन्त्येष्टीको कार्य पूरा गर्दछ । स्मशानबाट फर्किदा वा घर आईपुग्दा सम्म सबैले स्नानगरी लुगाफेरी निमको पात चवाएर ती नपटक कुल्ला गरेपछि सबै चोखिन्छन् । त्यसपछि दायक क्रियापुत्रीको रुपमा सेतोवस्त्र धारण गरी हातमा एउटा काँचो बाँसको लट्ठी बोकी १०/१२ दिन सम्म बसेको हुन्छ । तर हिन्दूको जस्तो कठीन ब्रतको पालन भने गरेको हुँदैन । विहान बेलुका अरुले वा आफ्नै पत्नी (जो क्रियापुत्रीकै रुपमा रहेको हुन्छ) ले पकाइदिएको खाना घरभित्रै बसेर केराको पातमा खाने गरेको हुन्छ । खाने बेलामा आफूले खाने खानाको केही भाग छुट्याई सानो केराको पातमा राखेर एक गिलास शुद्धजल लिई घरबाहिर बाटोछेऊमा मृतकलाई भनी चढाएपछि आफूले खान्छ र यो प्रक्रिया बिहान बेलुकै गरेको हुन्छ । यहाँ दायकबाट आफ्नो भोजनको केही अंश पितृको लागि भनी चढाईएको हुनाले यहि नै सच्चा बौद्ध संस्कारको पिण्डदान हो भन्न सकिन्छ । अहिले देखिईराखेको बाहुनवादी हिन्दूसंस्कार “थारु” हिन्दूकरणमा परेपछिको विकसित भएको संस्कार हो भन्न सकिन्छ । त्यसैले थारुले आफ्ना केही बौद्ध संस्कार र केही हिन्दू संस्कार को मिश्रित रुपको संस्कारलाई मानिरहेको देखिन आएको छ ।

थारुमा आफ्नो तरिकाबाट छुत्तुकबार्ने, पिण्डदान गर्ने र भोज खुवाउने परम्पराको संस्कार आफ्नो हुँदाहुदै पनि गाउँका मुखिया र जेवारको निर्देशनमा कन्ठाहा वाहुनलाई वोलाई चौथो दिनबाट भएपनि श्राद्ध गर्ने गराउने र भोज खुवाउने परम्परा झन् बढेरगएको देखिन्छ । त्यसपछि फेरी अर्को उपाध्याय वाहुनले मौकाछोपी बसीराखे को हुन्छ र भन्छ- “कर्ता शुद्धिको लागि दान त मलाई दिनु पर्छ” भन्दै गाउँका जेबार-मुखियालाई पक्डेर सबैकुरो दानदक्षिणा गर्न लगाउँछ । किनभने उनै धुर्त बाहुनहरुबाट जेबार र मुखिया पनि संचालित भएको हुन्छ । उसले जस्तो भन्छ, त्यस्तो नगरी धरै पाँईदैन । हुन त सबै तिरका थारुमा यो मृत्यु संस्कारको एकरुपता रहेको त पाईदैन । तर पनि कपिलवस्तु जिल्ला सम्म त यस्तै नै चलन रहेको पाईन्छ । चितवमा पहाडे हिन्दू वाहुनको प्रचलन रहेको छ । उता पश्चिमका जिल्लाहरुमा आफ्नै जातिका गुरुवा, भर्रा वा पुरोहितले गराउने परम्परा रहेको भएपनि पुरोहितको दानदक्षिणा लगायत आफ्नो परम्पराको ठूल्ठूला भोजभतेरको आयोजना गरिएको कुरा लाई कसैले नकार्न पाँउदैन । सुँगुरको मासु लगायत अरु परिकारहरु पनि रक्सीको साथमा पितृलाई चढाई धुमधामले भोजखाने गर्दछन् । त्यहाँ सुँगुरको मासु र रक्सी विनाको त कुनै संस्कारै हुदैन । उता पूर्वका सुनसरी र मोरङ जिल्लाहरुमा भने दालभात, तरकारी र दहीदुधको साथै ठूल्ठूला खसीहरु काटेर नै श्राद्धभोज खाएको पाईन्छ । त्यसैले हिन्दूको श्राद्धसँग मिल्ने त कुरै भएन । बरु मतुवाली जनजातिसँग मिल्नजान्छ । मरिसकेको मान्छेको नाममा गरिने यो दानदक्षिणा र ठूल्ठूला भोजभतेरले थारुको उठ्नै नसकिनेगरी ढाँड भाँचिईसकेको छ । जसले गर्दा थारु अहिले बिल्लिबाँठ भएर घरको न घाटको भएको छ । यिनैकारणहरुले गर्दा एकदिन राजा रहेका थारु आज कमैया र कमलहरी बनी बस्नुपरेको छ ।

## लेखकका केही अनुभव र सुझावहरु

एका समयमा जब म पनि आफुलाई हिन्दूधर्मकै हिमायति सम्झिरहेको थिएँ । उसै समयमा गाउँकाले मलाई केही शिक्षित र ईमान्दार सम्झि आफ्नै जिल्लामा थारु कल्याणकारिणी सभा द्वारा २०५२ सालमा आयोजना भएको बौद्ध जागरण शिविरमा भाग लिन पठायो । त्यस कार्यक्रममा सहभागी भई घर फर्किदा सम्ममा मेरो आँखा वरिपरी लागेका कचेरा र आँखाको वाहिरी आवरणलाई छोपिराखेको कालो ध्वाँसो केही मात्रामा हटेर गयो । त्यसपछि आफुलाई गाउँको मुखिया कसैले नभने पनि मलाई पुरोहितको रुपमा सबैले चिन्नेछन् र पण्डितजी भनेर बोलाउने छन् भनि मनमा लिइराखें । केही दिन पछि न भन्दै त्यस्तै नै भएर गयो । त्यसपछि एक-डेढ वर्षपछि काठमाडौंबाट आएको जानकारी अनुसार काभ्रेको बनेपामा संचालन भएको सातदिने बौद्ध जागरण शिविरमा सहभागी हुन पुगेको थिएँ । त्यस शिविरको ३/४ दिन नबित्दै आँखा अगाडीको आवरणमा छाएको ध्वाँसो पुरै हटेर गएपछि छ्याडै

उज्यालो जस्तो भएको महशुस भयो । अनि पूरा शिविरको अवधि बितिसके पछि त आफ्नै आँखाले सबैकुरा देख्ने भएँ । झलमल्ल लागेको घामले जस्तै सबै कुरा स्पष्ट पारिदियो । मनमा रहेका कुभावना र कुसंस्कार त्यही हराएर गयो । असल संस्कारको संचार भयो ।

यसैक्रममा २०६५ सालमा भएको भिक्षु ज्ञानपूर्णिक महास्थविरको स्वर्ण-दिवस समारोहका कार्यक्रममा आफूलाई प्रव्रजित हुने पहिलो सौभाग्य प्राप्त भएको थियो । जसमा भगवान् बुद्धले परिशोधन् गरी प्रतिपादन गर्नुभएको धर्मकोमर्मलाई व्यवहारद्वारा अनुभूति गर्ने अवसर प्राप्त भएको थियो । त्यही बौद्ध संस्कृतिको अनुभव र अनुभूतिले अहिले मेरो जीवन शैली नै बदलिएको अनुभव गर्दछु ।

धर्म र पुण्य संचयको क्षेत्रमा समाजमा बुद्धधर्मको प्रचार गरी आफ्नो जाति समुदायमा एउटा बौद्ध उपा सकको नाताले थारुपण्डितको रुपमा समाजमा सेवा प्रदान गरिरहेको छु । समाजमा गरिरहेको यो सेवाले र भगवान् बुद्धको अनुकम्पाले यो सानो लेख लेख्न सकेको हुँला, शायद् । यहि नै मेरो आफ्नो अनुभव रहेकोछ ।

भगवान् बुद्धले भन्नु भएको छ -"अप्पमादेन सम्पादेथ" अर्थात् सधैं अप्रमादी भएर बस्नु । अथवा सधैं होशियार भइरहनु । यदि हामी सधैँ होशियार भई बस्यौं भने शत्रुले पनि नोक्सान पुऱ्याउन सक्तैन । त्यसै कारणले संस्कारलाई उद्धृत गर्दै भगवान्ले भन्नु हुन्छ -

"सब्बे सङ्खरा अनिच्चाति, यदा पञ्ञाय पस्सति ।
अथो निब्बिन्दति दुक्खे, एस मगो विसुद्धिया ॥"

अर्थात् सबै संस्कार अनित्य छ । जो प्रज्ञा ज्ञानले देख्दछ, उसको दुःख क्रमशः क्षीण हुँदै जान्छ । यहि नै विशुद्धिको मार्ग हो । यहाँ यदि आफ्नै प्रज्ञा र ज्ञान विशुद्धिको मार्ग हो र यसैबाट दुःखको पनि निवारण हुँदै जान्छ भने हाम्रो आफन्त कोही मर्दाखेरी छुतुक भगाउन अथवा कर्ता शुद्ध गराउन किन हामी बाहुनलाई बोलाई सकिनसकि सम्पति थुपारी दान गर्छौं त ?

त यसकारण हामी चेतनशिल थारु अब पनि पुरानो भन्दा पुरानो धर्म संस्कारलाई सधैं यो त हाम्रो पुर्खाको पुर ानो संस्कार हो भनी काँखी च्यापी राख्यौं भने हामी असभ्यमा गनिन्छौं । आजको उत्तर आधुनिक युगमा इन्टरनेटको प्रयोगले अनलाइन मार्फत् थुप्रै कामहरु सजिलैसँग गर्न सकिन्छ । अहिले त कम्प्युटरको चमत्कार यति अगाडी बढीसक्यो कि, मान्छेले मुखबाट भन्न सिद्धयाएको हुदैन उता कम्प्युटरले तुरुन्त लेखिदिन्छ । जस्तो उच्चारण हुन्छ त्यस्तै लेखिदिन्छ, कुनै फरक हुँदैन । मोवाइलमा भिडियो कल गरी कुरा गर्दा अरु कसैको होइन कुरा गरिराखेको आफ्नै मान्छेको अनुहार देखिन्छ । कस्तो सत्य चमत्कार ! यो त भयो आँखा अगाडीको सत्य । जो सत्य नै हो । यो आँखाको अगाडी भइरहेको सत्य हामीलाई विश्वास गर्न गाह्रो भइराखेको हुन्छ भने, त्यो झन आँखा पछाडीको नदेखिने सत्यलाई कसरी विश्वास गर्ने । तर त्यो पनि हामीले निर्वाध विश्वास गरीराखेका हुन्छौं, आफ्नै बेहोशी र अज्ञानताले । शायद यसैलाई भनिएको हुनुपर्छ 'अन्धविश्वास' ।

**सन्दर्भ सामग्री**


१) स्थविरहरुको प्राचिन इतिहास र संस्कृति - महेश चौधरी
२) थारु संस्कृतिको संक्षिप्त परिचय -गोपाल दहित
३) थारु जाति -प्रा.डा.गोपाल सिवाकोटी
४) थारु जातिका महान सपुतहरु शाक्यमूनि बुद्ध र सम्राट अशोक -सुवोध कुमार सिंह
५) थारु (अधिकारमुखि आन्दोलन) -सम्पादक राजकुमार लेखि
६) कोशीको कथा -मातृका प्रसाद कोइराला
७) मृत्युके वाद क्या ? -डा. गिरीसचन्द्र त्रिपाठी
८) THE REAL STORY OF THE THARU - रमानन्द प्रसाद सिंह
९) SIMRAUNGADHA (HIDDEN TOWN & HISTORY OF TIRHUT THARUS) -डा.शंकरलाल चौधरी
१०) बौद्ध संस्कार पद्धति -धर्मरत्न शाक्य

# बाँके जिल्लामा थारु बड्घरको राजनीति नेतृत्व

पवन कुमार थारु
थारु युवा सभा
केन्द्रिय उपाध्यक्ष

**परिचय**

नेपाली समाज विविधतामा एकता भएको बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय एवम् आदिवासी जनजातिको सङ्गम स्थल हो । यहाँ आफ्नै सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमि भएका जातीय, आदिवासी जनजाति समूह छन् । विश्व मानव समुदायमा विविध सामाजिक तथा सांस्कृतिक परिदृष्य भएको देश नेपाल पनि हो । नेपाली, समाज र संस्कृतिको चर्चा गर्दा एउटा कुरा के भुल्नुहुँदैन भने यहाँको जनसङ्ख्या, समाज एवम् संस्कृति बसाइँसराइँमा आधारित छ । प्राचीन नेपालको सभ्यता अध्ययन गर्दा के कुरा थाह पाउन सकिन्छ भने नेपालमा बसोबास गर्नेहरू सबै उत्तर दक्षिण तर्फबाट नेपाल प्रवेश गरेको कुरा स्पष्ट हुन्छ (ढकाल २०६३) । प्राचीन समयका विभिन्न ऐतिहा सिक कालखण्डमा विभिन्न सामाजिक र सांस्कृतिक पृष्ठभूमिका विभिन्न मानव समूहहरू नेपाल पसेका हुन् । हिन्दु धर्म र बौद्ध धर्मको पृष्ठभूमिका भएका तथा आर्य र मङ्गोल शारीरिक बनोट भएका मानिस इतिहासका विभिन्न कालखण्डमा नेपाल प्रवेश गर्दा आफ्नो संस्कृति र सभ्यतासहित नेपाल प्रवेश गरेका थिए । यही क्रममा आदिवासी जनजाति थारू समाज र संस्कृति पनि नेपाल प्रवेश भयो (उपाध्याय, २०५५) ।

वर्तमान नेपाली समाजको सांस्कृतिक संरचना, व्यवस्था एवम् स्वरूप भनेको ऐतिहासिक पृष्ठभूमिमा रहेको सामाजिक एवम् सांस्कृतिक परिवेश नै हो । नेपाल मूलतः भारतीय सभ्यता र संस्कृतिबाट बढी प्रभा वित छ । नेपालको पहाडी क्षेत्रमा तिब्वती र भारतीय सभ्यताको मिश्रण पाइन्छ । नेपाली समाजको सामाजिक र सांस्कृतिक वास्तविकतालाई बुझ्न सांस्कृतिकरण, आधुनिकीकरण, बजारीकरण, मित्रता आदि जस्ता अवधा रणहरूबारे जानकारी राख्नु आवश्यक छ (ढकाल, २०६८) ।

नेपाल परापूर्वकालदेखि नै विभिन्न आदिवासी जनजातिहरूको बसोबास हुँदै आएको देश हो । हिमाली भेगमा मुख्य रूपमा शेर्पा, गुरूङ, थकाली, भोटे आदि एवम् पहाडी भेगमा राई, लिम्बू, तामाङ, क्षेत्री, बाहुन, दमाई, कामी, सन्यासी, गाइने आदिको बसोबास छ । उपत्यकामा मुख्यतया बाहुन, क्षेत्रीय, नेवार बसोबास गर्दछन् । तराई भेगमा राजबंशी, धिमाल, थारू, मेचे, सुनवार, गनगाई, यादव, सतार, झाँगड, कायस्थ, ताजपुरीया, हलवाई आदि आदिवासीहरूको बसोबास रहेको पाइन्छ । तर सबैभन्दा कम आदिवासी जनजाति बसोबास उपत्यकामा रहन गएको छ भने पहाडमा झन कम छ (विष्ट, २०३४) ।

थारूहरू अहिले आएर क्रमशः पछि पर्दै आएको देखिन्छ । यसका धेरै कारणहरू छन् । यिनीको सरल मिलनसार, सिधा स्वभाव भएका कारण अन्य जातजाति (पहाडे) ले यिनीलाई सजिलै शोषण गर्न सफल भएका छन् । शिक्षाको अभावमा यिनीहरूलाई प्रशासनिक ज्ञान नहुनु र यस्ता झन्झट लिन नचाहनु, प्रहरी प्रशासनबाट टाढै बस्न रूचाउनु आदि कारणले थारूहरू शोषणको चपेटामा परेको पाइन्छ । भूमिसुधार कार्यक्रम लागू भएपछि यिनीहरू जमिन्दारबाट मोही बन्न पुगे भने शिक्षा तथा चेतनाको कमीका कारण यिनीहरू शोषित बन्न पुगे । थारूहरूको जग्गा-जमिनमा मात्र अतिक्रमण भएको होइन कि उनीह रूको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, परम्परा, मूल्यमान्यतामा पनि अतिक्रमण हुँदै आएको छ । उनीह रूको आफ्नो सामाजिक संरचनाका साथै पूरै वंश लोप हुने अवस्था दिनानुदिन निर्माण भइरहेको छ । थारू जातिको सांस्कृतिक, सामाजिक संरचनामा पनि परिवर्तन भइरहेको छ । आफ्नो परम्पर ादेखि चलिआएको सामाजिक र सांस्कृतिक संरचनाको स्वरूपमा पनि परिवर्तन देखापरेको छ । थारूहरू मित्रतालाई ईश्वर जस्तो ठान्दछन् । त्यसबाट फाइदा उठाउनेले उनीहरूलाई पछाडि पार्न सक्छन् तर थारूहरू पनि परिवर्तनको प्रक्रियामा रहेकै कारण पुरानो मान्यता छाड्दै गएका छन् (ढकाल, २०६८) ।

नेपालको विकासमा थारूको क्षेत्रीय तथा राष्ट्रिय रूपमा महत्वपूर्ण योगदान छ तर पनि यो जाति नेपालको विकासको प्रतिफल प्राप्त गर्ने सन्दर्भमा उपेक्षित रहेका पाइन्छ। यो जाति शैक्षिक, आर्थिक, राजनैतिक र सामाजिक कल्याणकारी कार्यमा समान अवसरबाट वञ्चित रहेको देखिन्छ। थारू आदिवासी जाति भएर पनि होला क्षेत्री, बाहुन, नेवार, राई, लिम्बुहरूले यिनीहरूको सोझोपनको अनुचित फाइदा उठाई यिनीहरूलाई घरबारबिहिन बनाएका छन् । थारू राजनैतिक रूपमा सहभागी भए तापनि उनीहरूको राजनैतिक शोषण भएको पाइन्छ । चेतनाको अभाव, सामाजिक, आर्थिक तथा राजनैतिक रूपले कमजोर भएकाले यिनीलाई विकासको मूलधारमा समावेश गर्न आवश्यक देखिएको छ। यी सबै कारणले गर्दा थारू जातिको सामाजिक संरचना र परम्पराको अध्ययन गर्न आवश्यक देखिएको छ। त्यसैले जातिको विवरणात्मक अभिलेख तयार गर्ने, थारू जातिको सामाजिक तथा सांस्कृतिक संरचनाको विस्तृत अध्ययन गर्ने तथा यस जातिको परम्परागत सामाजिक संरचनामा देखापरेका निरन्तरता र परिवर्तनबारे विवेचना गर्ने उद्देश्यले यो अनुसन्धान तयार गरिएको हो (आचार्य, २०६१) ।

नेपालीको अस्तित्व यहाँका भाषा, रहनसहन, प्रवृत्ति, रितिरिवाज, कला, पहिरन, जातजाति, धर्म तथा संस्कृतिसँग गाँसिएको हुन्छ । प्रत्येक जातिका बेग्लाबेग्लै संस्कृति, परम्परा, मूल्यमान्यताले आ-आफ्नो अलग पहिचान स्थापित गरेका छन् । त्यस्ता कुनै पनि परम्परागत संस्कृतिलाई संरक्षण गर्नु र सुरक्षित राख्नु आवश्यक हुन्छ । नेपाल विविधतामा एकता भएको सानो देश भए पनि विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन्। नेपालमा बसोबास गर्ने सबै जातजातिका बारेमा समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययन अझै गर्नुपर्ने देखिन्छ। आज पनि कतिपय अल्पसङ्ख्यक जातिहरू लोप हुने स्थितिमा छन् भने कतिपय जातिलाई आफू कुन ठाउँबाट बसाइँसराइँ गरेर कुन ठाउँमा पुगेको हो भन्ने आफ्नो इतिहास नै थाह छैन । उनीहरू पुर्खाहरूले अँगाल्दै आएको परम्परा र संस्कृतिलाई छाडेर अन्य जातिहरूसँग समायोजित भइसकेका छन् र आफ्ना परम्परा र संस्कृतिलाई बिर्सिसकेका छन् । एउटा धर्मसंस्कारबाट अर्को संस्कारमा रूपान्तरको सम्भावना बढेर गएको छ (पाण्डे, २०६०) ।

विश्वव्यापी रूपमै सन् १९९५ देखि नै विश्व अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवस मनाउँदै आएको पाइन्छ। यसको मुख्य उद्देश्य संयुक्त राष्ट्र संघको आदिवासी अधिकार सम्बन्धी घोषणापत्र लागू गर्नु र आदिवासीको एउटा स्थायी मञ्च खडा गरी त्यसलाई संयुक्त राष्ट्रको पद्दतिभित्र समावेश गराउनु थियो । परिवर्तनको विश्वव्यापी मान्यता अनुसार एक ठाउँको विकासको प्रभाव सहजै रूपमा अन्य ठाउँमा पर्ने भएका कारणले नै नेपालले पनि विश्व आदिवासी जनजातिका लागि अन्तर्राष्ट्रिय दिवस मनाउँदै आएको छ। यस अवसरमा आदिवासी जनजातिका संस्कृति, भाषा र परम्पराह रूको संरक्षण र संवर्द्धन नेपाली माटो सुहाउँदो किसिमले गरिनुपर्छ भन्ने कुरामा जोड दिइएको छ र संयुक्त राष्ट्र संघको आव्हान अनुसार आदिवासी जनजातिहरूलाई वाञ्छित अधिकार दिलाउने कुरामा आवश्यक कदमहरू चाल्न नेपाल सरकारको ध्यानआकर्षण हुँदै आएको देखिन्छ (पाण्डे, २०६०) ।

विश्वव्यापारीकरणको सोचाइ संसारभरि विकसित भएको विश्व भावनाको कारणले संसारका सबै आदिवासी जनजातिका संस्कृति, सांस्कृति मान्यता, आधुनिकीकरण, पश्चिमीकरण र स्तरीकरण जस्ता शक्तिशाली तत्वले गर्दा खतरामा पर्दै आएका छन् । यी वाह्य प्रभावले आमसांस्कृतिक समिकरणको बाटो खोजेको देखिन्छ । जबसम्म हामी जातीय तथा सांस्कृतिक विविधतामा ध्यान दिँदैनौं तबसम्म हाम्रो समाजको चौतर्फी विकासका लागि कुनै आशालाग्दा परिदृष्य देखिँदैन । त्यसैले यसका लागि नयाँ पद्दति र तरिकाहरू खोजी गर्नु जरूरी छ। यस किसिमका तरिकाहरू सामाजिक मानवशास्त्रका क्षेत्रमा भ्रण अवस्थामा उपस्थित छन् (होलम्बर्ग १९९८) ।

थारू जातिका बारेमा विस्तृत अध्ययन नभई सकेको भएता पनि यिनीहरूको केही पक्षमा भने अध्ययन भइसके को पाइन्छ । यस बाहेक थारूहरूको बारेमा जानकारी दिने खालका लेखहरू पत्रपत्रिकाहरू पनि प्रकाशित छन् । त्यसकारण यो अध्ययन महत्वपूर्ण हुने विश्वास छ। दशैं तिहारलाई राष्ट्रिय संस्कृतिका रूपमा राज्यले मना उन थाले पछि अन्य जातिका संस्कृतिका क्रमैले हराउन थाले र क्रमशः दशै तिहारलाई आफ्नो चाडपर्वका रूपमा मान्ने क्रम

बढ्न थाल्यो । परिणाम यो भयो कि नेपालका विभिन्न आदिवासी जनजातिका संस्कृति आज आइपुग्दा खोज्नु पर्ने स्थिति पैदा भयो । जनजातिमा सबैभन्दा ठूलो सङ्ख्या भएको मगर जातिको ठूलो हिस्सा आफ्नो धर्म संस्कृतिका बारे मा आज पनि अलमलमा छन् भने तामाङ जातिमा पनि आफ्नो महान पर्व ल्होसार छाडेर दशै तिहार नै हाम्रो पर्व हो भन्नेहरू अझै भेटिन्छन् । यसको मूल कारण राज्यले अपनाएको २५० वर्षदेखिको सांस्कृतिक नीति हो । राज्यले अपनाएको हिन्दू संस्कृति लाद्ने नीतिले यहाँका आदिवासी जनजातिको धर्मसंस्कृति र सामाजिक जीवनमा निकै ठूलो असर पुग्यो (वि.सी., २०६४) ।

नेपालका सन्दर्भमा पारम्परिक तथा एकाङ्की पद्दतिलाई नै आदिवासी जनजातिहरूको आधुनिकीकरणका लागि प्रमुख नमूना मानिँदै आएको पाइन्छ । राष्ट्रको सम्पूर्ण क्षेत्रमा न्यून अवस्थामा छरिएर रहेका आदिवासी जनजातिहरूका आवश्यकता र अपेक्षालाई यस पद्दतिले पूरा गर्न कदापि सक्दैन । यसका लागि एउटा नयाँ किसिमको प्रक्रियालाई सूक्ष्मरूपमा स्थानीयकारण गरी न्यूनीकरण गरिएका जनजातिको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ (भट्टचन, २०६५) । थारूहरू नेपालका आदिवासी जनजाति तथा तराई र भित्रि तराईका भूमिपुत्र हुन् । डा. हर्क गुरूङ (२०००) का विचारमा यिनीहरू सम्भवतः थारूहरू तराईका सबैभन्दा पुराना मुल आदिवासी जनजाति हुन् ।

थारू पनि नेपालको एउटा महत्वपूर्ण आदिवासी जाति हो, जो पूर्वी नेपालको झापा, सुनसरी, सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चित वन, नवलपरासी जिल्लामा बसोबास गर्दै आएका छन् । त्यसैगरी पश्चिमा दाङ, बाँके, सुर्खेत, बर्दिया, कैलाली, कन्चनपुरमा पनि थारूको बसोबास छ । थारू जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक बनावटका बारेमा केही विद्वानहरूले अध्ययन गरेका छन् । आधुनिकीकरण, संस्कृतिकरण, बजारीकरण र विश्वव्यापीकरणले थारू समाज पनि परिवर्तनको दिशातर्फ उन्मुख हुँदै आएको छ । यसले गर्दा उनीहरूको इतिहास, परम्परागत संस्कृति, सामाजिक संरचनामा अनेक परिर्वतन देखापरेका छन् ।

थारूहरुले बाघ, भालु, हात्ती जस्ता जस्ता जंगली जनावरसँग लडेर, औलो पचाए तथा तराईको बन फँडानी गरी गुल्जार गरे । त्यसैले थारु जातिलाई नेपालको भूमिपुत्रको रुपमा लिइएको पाइन्छ (थारू, २०७६) । पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म पुरै तराई/थरुहट क्षेत्रमा थारुहरुको वसोवास भएकाले थारुहरुमा डंगौरा, डेसौरी, कठरिया, राना, कोचिला लगायत विविधता छ । नेपालको नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा डेसौरीहरु पहिल्यैदेखि बसोबास गरेकोले डेसौरी थारु भन्ने गरेको गरिन्छ धेरै बाँके जिल्लामा डेसौरी थारुको जनसंख्या बढी बसोबस गरेको पाइन्छ । वि.स. २०६८ को जनगणनाअनुसार बाँकेमा १४.३ प्रतिशत जनसंख्या रहेको छ । त्यसै गरी नेपालमा थारुहरुको थारु बड्घरको राजनीति नेतृत्वको कारणले गर्दा धेरै ठाउँमा विभिन्न राजनीतिक दलहरु विभिन्न पदको व्यवस्था समेत गरेको पाइन्छ । त्यसैकारणले गर्दा थारु बड्घर ऐन बर्दिया जिल्लाको बारबर्दिया नगर पालिकामा पहिलो पटक नगरपालिकाको आठौं नगरसभाबाट बड्घर ऐन २०७७ पारित गरेको छ । त्यसै क्रममा कैलालीको जानकी गाउँपालिका, बर्दियाको बासगढी नगरपालिका, बाँकेको कोहलपुर नगरपालिका बड्घर ऐनको बारेमा खेस्रा तयार पारेका पाइयो । थारु सामुदायलाई अहिलेसम्म विभिन्न जनचेतनामूलक कार्यक्रम समेत बड्घरले नै गरेको पाइन्छ । त्यसैले नेपाल सरकारले स्थानिय तहमा मात्रै नभएर संघ र प्रदेशबाट नै ऐन बनाउनु पर्ने सरकारले पहल गर्नुपर्ने हुन्छ ।

**उद्देश्य**

यस अध्ययनको उद्देश्य बाँके जिल्लाका थारु बड्घरको खेलेको नेतृत्वका बिश्लेषण गर्नु रहेको छ ।

**सैद्धान्तिक खाका**

समाजमा शक्ति र सङ्गठन परिचालनका लागि कुनै न कुनै प्रकारका राजनीतिक सङ्गठन रहेका छन् । ती सङ्गठनहरुले सामाजिक नियन्त्रणका क्रियाकलापमा आफूहरुलाई संलग्न गराउँछन् । समाजमा हुने गरेका सामाजिक नियन्त्रणका काममा कसले कसलाई नियन्त्रण गर्ने, कसले अगुवाइ गर्ने गर्ने सहयोगी वा अनुदायी हुने भन्ने सवालसँगै कसरी कुनै व्यक्तिलाई अरुको नेतृत्व गर्ने हैसियत प्राप्त हुन्छ । समाजको राजनीतिक प्रणालीसँग जोडिएको हुन्छ । समाजको

यही राजनीतिक शक्ति र स्रोत परिचालनबारे विश्लेषणका लागि मूलतः त्यँहाको नेतृत्व प्रणाली नै मूल चासोको विषय बन्दछ (दाहाल, १९८८) ।

सामाजिक इतिहास निर्माणका क्रममा विकसित ऐतिहासिक चेतना, सक्रिय रहने उद्देश्यमूलक र विषयगत शक्तिका बीचको सम्बन्धले सामाजिक प्रक्रियाहरुमा परिवर्तन ल्याउन बल पुऱ्याउछन् । सामाजिक परिवर्तनलाई आर्थिक कोणबाट हेर्ने र उत्पादन प्रणालीमा आएको परिवर्तनका आधारमा केलाउने पद्धति रहेको छ । नेतृत्वशैली निर्माणमा यी दुई पक्षबाहेक समाजको उत्पादन प्रणाली र सामाजिकरण प्रक्रियाले समेत प्रभाव पार्दछ । नेतृत्व र अनुयायीबीचको सम्बन्ध ढाँचाले सामूहिक क्रियाशीलतामा प्रभाव पार्ने भएकोले नेतृत्व शैलीसँग सामाजिक विकासको गति समेत सम्बन्धित हुन पुग्दछ । नेतृत्वशैलीको रुपान्तरणले सामाजिक रुपान्तरण समेतलाई प्रभाव पार्ने भएकाले यी दुईबीच सघन सम्बन्ध प्रष्टै देखिन्छ । नेतृत्वशैलीलाई राजनीतिक विश्लेषक प्रदिप गिरीद्धारा दुई खाले चरित्रमाः नायकत्व र अधिनायकत्वका शैलीमा वर्गीकरण गरि विश्लेषण गर्न सकिने तर्फ गरेका छन् ।

तेस्रो नोकरशाही नेतृत्व शैली हो । आधुनिक राज्यको विकासक्रमसँगै कर्मचारितन्त्रको विकास र राज्यको राजनीतिक आर्थिक प्रशाासनका लागि कानूनी तवरमा स्थापना गरिएको शक्ति परिचालन तथा कतिपय स्वयंसेविक सङ्गठनको सञ्चालनका लागि स्थापना गरिएको कर्मचारितन्त्रको नेतृत्वलाई नोकरशाही नेतृत्वका रुपमा लिइन्छ । आधुनिक पूँजीवादको विकास गर्न यस्ता आर्थिक इलम केन्द्रहरुमा कर्मचारितन्त्र र उसको नेतृत वको महत्वपूर्ण भूमिका हुने भएकाले नोकरशाही नेतृत वको विशेष पहिचान रहन्छ ।

## गुणवादी नेतृत्व सिद्धान्त

अवतारी सिद्धान्तले जब जन्म र कुलीनतामा गुण क्षमता सम्पन्न महापुरुषको कुरा गऱ्यो, त्यसले गुणवादी सिद्धान्तको उठान गऱ्यो । एउटा सफल नेतृत्वका लागि आवश्यक सीप, ज्ञान र क्षमता निर्धारणको गर्ने तथा त्यस्तो गुण भएको व्यक्तिलाई छनौट गरेर नेतृत्व भूमिकामा भर्ति गर्ने दृष्टिकोण यस सिद्धान्तले अगाडी साऱ्यो । यसको प्रभाव र प्रयोग कतिपय आयोगमा पदाधिकारी र सेनाहरुमा जनशक्ति भर्ति गर्नाका लागि उम्मेदवारहरुको योग्यताको सीमा निर्धारण गर्ने र छनोट गर्ने परिपाटीमा अझै पनि उपयोग हुँदैछ ढकाल, सुरेश एण्ड अदर्स २०६८) ।

महापुरुषवादी नेतृत्वकै धरातलमा कुलिनतन्त्र धारणाको विकास भए पनि समयको मागलाई सम्बोधन गर्ने क्रममा गुणवादी सिद्धान्तमा रुपान्तरणका अभ्यास पनि पाइन्छन् । महाभारतकालीन समयमा भारतवर्ष एक राजा 'महाभिष' ले आफ्नो छोरामा राजकाज सञ्चालनको आवश्यक क्षमता र लोकप्रिय आचरण नभएको जनगुनासो का कारण आफ्नो राजकाजको उत्तराधिकारी आफ्नो छोरालाई नबनाई प्रजामा लोकप्रिय रहेको गुणकारी पुरुषलाई सुम्पिने घोषणा गरेको सन्दर्भले गुणवादी नेतृत्व सिद्धान्तको अभ्यासको प्रमाण दिने एकजना पण्डित रामकृष्ण सापकोटाले तर्फ गरेका छन् ।

## कार्मिकतावादी नेतृत्व सिद्धान्त

नेतृत्व शैलीलाई विश्लेषण गर्ने सिद्धान्तहरुमध्ये कार्मिकताको सिद्धान्तले महापुरुषवादी सिद्धान्तको विपरित दृष्टिकोण अगाडि सारेको छ । महापुरुषवादी सिद्धान्तले नेतृत्व जन्मजात हुन्छ अर्थात् जन्माइन्छ भन्ने दृष्टिकोण राख्छ भने कार्मीकताको सिद्धान्तले नेतृत्व जन्मले होइन कर्मका आधारमा निर्माण हुन्छ भन्ने मत राख्छ । यसले गुणवादी सिद्धान्त भन्दा फरक दृष्टिकोण राख्छ । यस सिद्धान्तले नेतृत्वको मानसिक गुण र क्षमताको आधारमा नभइ उसले गर्ने कर्मका आधारमा हेनुपर्ने तर्फ राख्दछ । यस सिद्धान्तअनुसार जनताले सिकाइ र अवलोकनका माध्यमबाट नेता बन्ने सीप सिक्न सक्छन् ।

**परिस्थितिवादी नेतृत्व सिद्धान्त**

यस नेतृत्व सिद्धान्तले व्यक्तिमा भएको गुण र क्षमताले भन्दा समय परिस्थितिले नेतृत्व शैली निर्माण र नेता जन्माउनमा प्रधान भूमिका खेल्छ । यो नेतृत्व सिद्धान्तलाई अवसरवादी वा परिस्थितिवादी नेतृत्व सिद्धान्त हुनेछ । समाजशास्त्री हरवर्ट स्पेन्सरको मतअनुसार समय परिस्थितिले नै व्यक्तित्व जन्माउँछ, यसको अर्कोबाटो छैन (स्पोन्सर, १९८२) ।

**चमत्कारीक नेतृत्व सिद्धान्त**

परिस्थितिपरक नेतृत्व सिद्धान्तको केही परिस्कृत ढाँचाको यस नेतृत्व सिद्धान्तले कुनै निश्चित परिस्थितिमा सबैभन्दा उच्चतम सम्भावनाको प्रयोग गरि प्रभावकारी नेतृत्व शैली प्रस्तुत गरि परिस्थितिमा उचित हुने चमत्कारिक निर्णय दिन सक्ने क्षमता राख्ने दृष्टिकोण लाई चमत्कारिक नेतृत्वको सिद्धान्त मानिन्छ । सर्वकाले उत्तम हुने खालका कुनै नेतृत्व सिद्धान्त नहुने, नेतृत्वको प्रभावकारीता र सफलताका लागि संलग्न नेतृत्वशैली, अनुयायीको गुणक्षमता र परिस्थितिको अनुकुलता जस्ता पक्षले प्रभाव पार्ने कुरामा यस सिद्धान्तले जोड दिन्छ । चमत्कारिक नेतृत्व सिद्धान्त व्यवहारवादी नेतृत्वको परिमार्जत स्वरुप हो र यसले अवसरवादी नेतृत्व चरित्रलाई देखाउने प्रयत्न गरेको पाइन्छ (बोल्डेन, २००३) ।

**संक्रमणकालीन नेतृत्व सिद्धान्त**

नेतृत्व सिद्धान्तमा संक्रमणकालीन नेतृत्व समेतलाई लिन सकिन्छ । यस सिद्धान्तलाई नेतृत्व व्यवस्था पनको सिद्धान्त समेत भनेको पाइन्छ । यथास्थितिबाट कुनै परिवर्तनको सङ्घारमा रहेको तर परिवर्तन संस्थागत भइनसकेको संक्रमणकालको अवस्था व्यवस्थापनका लागि नेता र उसका अनुयायीका बीचको विशेष सम्बन्धलाई यस सिद्धान्तले सम्बोधन गर्दछ । संक्रमण कालमा आपसी लाभका लागि दुवैको सक्रियता देखिन्छ । नेताले उपलब्धि मूलक व्यवस्थापन गर्न सक्ने अनुयायीलाई सुदैव वफादार एवम् प्रतिवद्ध बनाइरहन नेतृत्वले सक्रियता निर्माण गर्ने प्रवृत्तिलाई संक्रमणकालीन नेतृत्व भनिएको छ (बोल्डेन, २००३) ।

नेतृत्व शैलीको निर्माण संस्कृति र सामाजिकीकरणले प्रभाव पार्ने भएकाले यसका प्रक्रियामा विविधता हुनसक्छ । नेतृत्व प्रक्रिया चयनमा सामाजिक धर्म, दर्शन र राजनीतिक आर्थिक परिस्थिति समेतले भूमिका खेल्दछ । त्यसैले भू-राजनीतिक विविधता र सांस्कृतिक पृथकतका आधारमा फरक गुणहरुको अभ्यास हुने सम्भावनाले नेतृत्व शैलीमा एकरुपता पाइदैन परिभाषा दिने क्रममा ऐतिहासिक परिस्थितिमा ऐतिहासिक आवश्यकता र समय विशेषको सामाजिक आर्थिक परिस्थितिले नेतृत्व निर्माण गर्ने (वेलर र वेलर, २००२) तर्फ गरेझैं नेतृत्व सिद्धान्तको निर्माणमा पनि समय विशेषको सामाजिक आर्थिक परिस्थितिले निर्माण गरेको चिन्तन र सामाजिकीकरणले बल पुऱ्याएको देखिन्छ ।

बाँके जिल्लाको विभिन्न गाउँमा परम्परागत रुपमा सामाजिक नेतृत्व प्रणालीमा ल्याएको रुपान्तरणको प्रकृया बिश्लेषण गर्ने मूलध्येय रहेको यस अध्ययनको केन्द्रीय चासोमा बडघर प्रणाली र सामाजिक परिवर्तन रहेको ले यी तीन पक्षहरुको त्रिकोणात्मक सम्बन्ध केलाउन प्रयत्न गरिएको छ । यस क्रममा रुपान्तरित नेतृत्व प्रणालीको स्वरुपलाई समेटिएको छ । आर्थिक, सामा जिक तथा सांस्कृतिक अवस्था आर्थिक रूपले पछाडि भए पनि थारू जाति सामाजिक र सांस्कृतिक सिप, कला, वेशभूषा, रहनसहन, चाडपर्व, विवाह वर्तबन्धका आफ्नो मौलिकता र महत्व छ । सोझो र इमानदार जाति भएका कारण एकअर्काको विश्वास गर्ने, एकअर्कालाई सहयोग गर्ने, समाजमा मिलेर बस्ने यो जातिको विशेषता रहेको छ । शायद त्यसै कारणले यी समुदायमा अझै पनि बडघर प्रणाली जिउँदै छ । यी समुदायमा बडघरको निकै आवश्यकता र महत्व छ । गाउँघरमा हुने सानातिना झैझगडा बडघरकै रोहबरमा मिल( ाइने चलन अझैसम्म चल्दै आएको छ । समुदायमा गरिने बरबेगारी, विवाह, चाडपर्व, भोजभतेर इत्यादि बडघरकै ने तृत्वमा गरिने चलन कायमै छ । थारू समुदायमा बडघर तथा भलमन्सा छनोट गर्ने प्रक्रियाहर वर्षे माघ २ गते देखि माघ महिनाभरि गरिन्छ । पुरानो बडघरको कामप्रति चित्त बुझेमा पुरानै बडघरलाई प्रक्रिया पुऱ्याइ माला लगाइदिने गरिन्छ भने चित्त नबुझेमा नेतृत्व गर्न सक्ने व्यक्तिलाई माला, टीका लगाइ चुन्ने गरिन्छ । जसलाई माघीदेवानी वा खोज्नी बोज्नी भनिन्छ ।

**व्याख्या र विश्लेषण**

गाउँका सबै किसान मिली साझा रूपमा गरिने पूजालाई सामुहिक पूजा गरिन्छ। यस्ता पूजाहरू गाउँका सबै मानिस, जिव जन्तु तथा खेतिपातीको सुरक्षाको खातिर गर्ने गरिन्छ। यस्ता खाले पूजा गर्नको लागि एकजाना भुइँह्यार गुरूवा (प्रमुख गुरूवा) र अर्को एकजना केसौका गुरूवा (सहायक गुरूवा) को व्यवस्था गरिन्छ। यस्ता खाले पूजा गरेवापत दुबैजना गुरूवाह रूलाई गाउँका सबै घरको प्रत्येक सदस्यको एक पसेरी धानका दरले तिहाई दिने चलन छ। यस्ता गुरूवाहरूको चयन प्रत्येक साल माघी महिनामा गरिन्छ। गाउँका सबै किसानको समउपस्थितिमा बड्घर वा भल्मन्साको अगुवाईमा बसेको बैठकले दुबै किसिमका गुरूवाहरूको चयन गर्ने गर्दछ। यिनै गुरूवाहरूले वर्षभरिको विभिन्न खाले सामुहिक पूजाहरू गर्ने गराउने गर्दछन्। जसमा मुख्य भूमिका भुइँह्यार गुरूवा जसलाई देशबन्ध्या गुरूवा पनि भन्ने गरिन्छ को रहन्छ। सहयोगी भूमिका केसौकरण रहन्छ। केसौका गुरूवाले देशबन्ध्या गुरूवाले अह्राएका जिम्मेवारीहरू सम्हाल्ने गर्दछ। साथै निजको अनुपस्थितिमा साना तिना समस्या निराकरण गर्ने भूतप्रेत शान्त पार्ने कार्य पनि गर्दछन्।

नेपालमा थारु बड्घर संघ रहेको छ। जसलाई विभिन्न विकसिमले विभाजन गरेको छ। नगर बड्घर, वडा बड्घर, गाउँ बड्घर र सहायक बड्घर समेत रहेको छ। टोल बडुघरले गाउँ बड्घरलाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो टोलमा नेतृत्व गर्ने गर्दछ। बड्घर वर्षको आर्थिक वर्षको माघ १ गतेदेखि शुरु भई अर्को आर्थिक वर्षको पुष मसान्त सम्मलाई मानिएको छ। लिखन्डार (लेखापाल) बड्घर प्रणालीमा लेखापढी, हिसाब किताबको काम गर्नेलाई भनिन्छ। अगह्वा (सुपरिवेक्षक) भौतिक विकास निर्माणको कामलाई व्यस्थित गर्न कामको बाडफाँड र निरीक्षण गर्ने जिम्मेवारी दिइएको हुन्छ। थारु गुरुवा (थारु झाक्री) बड्घर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँ बखेरी र खोज्नी बोझ्नीबाट छनौट गरिएको पाइन्छ। केसौका (थारु झाक्री सहयोगी) गुरुवाको सहयोगीलाई भन्ने गरिएको छ। चिरक्या (पण्डित) थारु गाउँमा परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देवता ठन्वा मर्वामा नियमित दियो बाल्ने र पूजापाठ गर्ने, चाडपर्व र उत्सव विवाहमा चोखो आगोको व्यवस्था मिलाउने र उज्यालो पार्ने कार्यका लागि नियुक्त भएकालाई रहेको छ।

चौकीदार (सुचना अधिकारी) गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएको भनिन्छ। बेगारी/झराली बड्घरको नेतृत्वमा गाउँको सार्वजनिक कामकालागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामुहिक रुपमा गरिने कार्यलाई रहेको छ। ढकेहर खास गरी बड्घर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान, ढाक बजाउने कार्यका लागि गाउँ बखेरी/खोज्नीबोझ्नीबाट छनौट भएको गरिएको छ। बखेरी प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँ, वडा र नगरको वार्षिक भेला हो। जुट्ह्याला गाउँको बड्घरको नेतृत्वमा छलफल गर्ने गरिन्छ। खोज्नीबोझ्नी बड्घर प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरुको कामको समीक्षा गर्ने, आवश्यक पर्ने पदका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने कार्य वा प्रक्रिया रहेको छ। कचहरी समाज, गाउँघर कुनै किसिमको सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँका सबै जना भेला गराइ सत्य तथ्य न्याय गर्नु रहेको छ। टिहाई कुनै पनि कार्य आफ्नो अवधिभर गाउँको सार्वजनिक पदमा काम गरे वापत प्रत्येक घरधुरीबाट गाउँ बखेरीको निर्णयअनुसार एकै ठाउँमा संकलन गरि पारिश्रमिक दिनको लागि टिहाई उठाउने गरिन्छ।

**बड्घरको कार्यक्षेत्र**

थारु समुदायको परम्परागत प्रथाजनित संगठनको क्षेत्राधिकार गाउँ बड्घरको हकमा सम्बन्धित एक गा( उँमा रहेको छ। निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ। टोल बड्घरले आफ्नो टोल र सोही गाउँमा बड्घरले प्रदान गरेको जिम्मेवारी अनुसार अगुवाई गर्नेछ। वडा बड्घरले सम्बन्धित वडा कार्यालय, वडा भित्र पर्ने सबै गाउँका बड्घरहरुसँग समन्वय र सहकार्य गर्नेछ। नगर बड्घरले नगरपालिका, नगरपालिका भित्रका सबै वडा बड्घर र गाउँ बड्घरसँग समन्वय र सहकार्य गर्नेछ।

**बड्घरको काम कर्तब्य र अधिकार**

गाउँमा वर्षभरि भए गरेका कामको समीक्षा गर्ने, गाउँको वर्ष भरिको लागि योजना निर्माण गरी सम्बन्धित वडा र नगरपालिकामा पेश गरेको पाइन्छ। गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परा र नियम, कानुन बनाइएको छ । बड्घर संगठन प्रणाली अन्तर्गतका पदहरु, बड्घर, सहायक बड्घर, लिखन्डार, गुरुवा, केसौका, चौकीदार, चिरक्या, अगह्वा, आदिचयन गर्ने र आवश्यकता अनुसार बड्घर समितिका सदस्यको खोज्नी बोझ्नी गर्ने । बड्घर समितिमा महिलाको प्रति निधित्व गराउनु पर्नेछ। वर्षभरी भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाइ गरी, आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, टिहाई, खारा, आदि निर्धारण गर्ने गर्दछ। नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अध्यावधिक गरी नगर बखेरी र वडा बखेरीका लागि प्रतिनिधि गर्ने कार्य गर्दछ। वार्षिक योजना बनाउने र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पारी बड्घर प्रणाली आफैमा स्वायत्त हुनेछ। यसर्थ गाउँ बड्घरले आफ्ना परम्परागत कार्यहरु गर्न स्वतन्त्र रहन्छ। विकास निर्माणका कार्यहरु गर्दा वडा वा नगरपालिका सित समन्वय र सहकार्य गर्न सक्नेछ। वडा बड्घर प्रणा लीले वडा कार्यालय र सो वडाभित्र रहेको गाउँ बड्घर सँग समन्वय गर्ने कार्य गर्नेछ । नगर बड्घर प्रणालीले नगरपालिका र नगरभित्र रहेका वडा बड्घर र गाउँ बड्घरसँग समन्वय गर्ने कार्य गर्नेछ। गाउँको नियमित जुट्याल्हा सामान्यतया महिनामा एक पटक हुनेछ तर आवश्यक परेको बेला जति पटक पनि जुट्याल्हा गर्न सकिनेछ। विवाद समाधान वा न्याय निरुपणको लागि आवश्यकता अनुसार कचहरी जुनसुकै दिन र बेलामा बस्न सक्नेछ। गाउँ बखेरी, जुट्याल्हा र कचहरीले गरेको निर्णयहरु बड्घरको नेतृत्वमा पदीय जिम्मेवारीअनुसार कार्यान्वयन गरिएको हुन्छ। गाउँ बखेरी, जुट्याल्हा र कचहरीको अध्यक्षता बड्घरले गर्ने गरेको पाइन्छ। यदि निजको अनुपस्थितिमा सहायक बड्घरमध्ये सहमतिमा एक जनाले अध्यक्षता हुन्छन । बहुमत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ र निर्णयहरु सर्वसम्मत वा बहुमतले हुनेछ।

बड्घरले गाउँका सबै मानव, चराचर, पशु पंक्षी, बालीनालीको प्रमुख संरक्षकको रुपमा भूमिका निर्वाह गरी गाउँमा आईपर्ने विपदबाट जोगाउने, बाह्य आक्रमण वा हस्तक्षेपबाट गाउँकालाई सुरक्षित बनाउने र आपत विपद्मा राहत दिने कार्य गर्दछ। कसै माथि अन्याय परेमा गाउँको जुट्याल्हा बोलाई सो सम्बन्धमा छलफल गरी आवश्यक सल्लाह सुझाव दिने कार्य गर्दछ। गाउँभित्र कुनै घर अलग हुन चाहेमा बड्घर वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुट्याउन र घरबर निर्माण गर्ने कार्य गर्दछ विपदमा परी समस्यामा परेका व्यक्ति, घरपरिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने। गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गर्दछ। आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्दछ।

राज्यका सबै क्षेत्रमा प्रति निधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सृजना गर्नका लागि पहल साथै महिला, बालबालिका र विपन्न वर्गको न्याय निरुपणमा विशेष ध्यान दिने कार्य गर्दछ।

**केसौकाको काम कर्तब्य र अधिकार**

विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा कार्य गर्दछ । गाउँका मानिस र पशुपंक्षीमा कुनै रोग ब्याधले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने गर्दछ।

**चिरक्याको काम, कर्तव्य र अधिकार**

गाउँमा बड्घरले खटाएको सार्वजनिक हितको काम गर्ने गर्दछ। गाउँको मुल देव थानमा नियमित दियो बाल्ने र पूजाआँटी गर्ने गर्दछ। पूजापाठ, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने गरेको पाइन्छ। गाउँको सामुहिक काम, पूजा पाठ र गाउँको भोजकाजमा बत्ति वा उज्यालोको व्यवस्था मिलाउने गरेको पाइन्छ।

**चौकीदार (सुचना अधिकारी) को काम, कर्तव्य र अधिकार**

बड्घरले खटाएको काम गरेको पाइन्छ । गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुऱ्याउने गरेको पाइन्छ । गाउँको सम्पत्तिको रेखदेख, विपदमा परेका व्यक्ति, घरपरिवारलाई सहयोग, गाउँ घरको सूचना नियमित रुपमा बड्घरसँग आदान प्रदान गर्ने गरेको पाइन्छ ।

**घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार**

गाउँ बखेरी, जुट्याल्हा, कचहरीमा सहभागी भई आफ्नो विचार, मत दिने गरेको पाइन्छ । बड्घरले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा, गाउँ बखेरीको नियमअनुसार टिहाई, बड्घरको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीप दान, जिन्सी दान र नगद दान, गाउँ समुदायको समस्याको बारेमा गाउँ बड्घरलाई जानकारी गराउने गरेको पाइन्छ । बड्घरले खटाएको सामुहिक हितको समुदायको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने गरेको पाइन्छ ।

**न्यायिक अधिकार**

थारुहरुको प्रथाजनित कानुन, परम्परा र मान वताको आधारमा निष्पक्ष रुपमा न्याय निरुपण गर्ने अधिकार बड्घरमा रहेको छ । बड्घर समक्ष कुनै पीडित पक्षले न्याय पाउन अर्जी गरेमा उक्त विषयमा छलफल गराउने र मेलमिलाप गराउन मध्यस्थताको भूमिका निर्वाह गर्ने । द्वन्द्वरत पक्षलाई समझदारीमा ल्याएर न्याय सम्पादन गर्नँपर्दछ । न्यायिक तथा अर्ध न्यायिक संस्थाबाट मध्यस्थता, मेलमिलाप, सहजीकरण लगायत कार्यका लागि अनुरोध भई आएमा सो सम्बन्धी कार्य, न्यायिक समिति र मेलमिलाप केन्द्रमा कुनै विषयमा निवेदन वा मुद्दा परेमा र उक्त विषय आफ्नो गाउँ, समुदायका परिवार, व्यक्तिसँग सम्बन्धित भएमा त्यसको छलफलमा उपस्थित हुने वा प्रतिनिधि पठाउने, गाउँको विवाद मिलाउँदा गाउँको नियम अनुसार खारा, क्षतिपूर्ति भराउने आदि गर्न सक्ने छन् । कुनै विवाद मिलाउदा सकेसम्म प्रचलित कानुनलाई पनि ध्यानमा राख्नु पर्नेछ ।

**विकास निर्माण सम्बन्धी अधिकार**

आफ्नो गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनौट गर्ने, योजना बनाउने र निर्माण कार्यको अगुवाई, विकास निर्माण कार्यका लागि स्रोत र साधनको व्यवस्था मिलाउने कार्य गर्नुपर्दछ । गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई, गाउँको सामुहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ जुट्याल्हाबाट गाउँको योजना पास गराई सम्बन्धित कार्यलय पठाइ, विकास निर्माणको काम सम्पन्न भई सकेपछि सार्वजनिक सुनवाइ गराई अभिलेख राखी आवश्यकता अनुसार सम्बन्धित कार्यालयमा कार्य गरेको पाइन्छ । गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग, समन्वय, सहकार्य गर्दछ ।

**संस्कृति संरक्षण, प्रर्वद्धन सम्बन्धी अधिकार**

गाउँमा वर्षभरि गर्नँपर्ने पूजाआँटी, नाचगान, परम्परा आदिको संरक्षणका लागि वार्षिक कार्य योजना, गाउँमा वर्षभरि मनाईने चाडपर्व र पूजाआँटीको लागि गुरुवा, केसौका र सम्बन्धित सबैको सल्लाह, सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने गरेको पाइन्छ । मेलमि लापका साथ सामुहिक रुपमा चाडपर्व मनाउन अवश्यक व्यवस्था, भाषा, लिपि, लोककला, साहित्य संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने । प्रथाजनित कानुन, परम्परा र संस्कारअनुसार सामाजिक, सांस्कृतिक काम गरेको पाइन्छ । सामाजिक संस्कारगत कार्य विवाह, मृत्यु संस्कार, चाडपर्वमा सक्रिय सहभागिता जनाउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था, गाउँ बखेरीको निर्णय अनुसार टिहाई संकलन गर्ने र सम्बन्धित पक्ष, समुदायमा लोप हुन लागेका संस्कृतिको पहिचान गरी संरक्षण र प्रवर्द्धन गरेको पाइन्छ ।

**सम्पर्क र समन्वयात्मक अधिकार**

गाउँको लागि सम्पर्क र समन्वय गर्ने नेतृत्वदायी भूमिका निर्वाह, नगरपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरुसँग सम्पर्क, समन्वय र सहकार्य, गाउँको समस्याको बारेमा स्थानीय सरकारकालाई जानकारी गराउने र आवश्यक सहयोगको लागि आपेक्षा गर्ने कार्य गर्दछ। गाउँको आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्बन्धित कार्यालय, व्यक्तिहरुसँग आवश्यक सम्पर्क र सहकार्य सरकारी तथा गैरसरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा सहभागी हुने विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने गर्दछ । गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना प्रचार गर्ने कार्य गर्दछ ।

**निष्कर्ष**

बाँके जिल्लाको विभिन्न गाउँमा परम्परागत रुपमा सामाजिक नेतृत्व प्रणालीमा ल्याएको रुपान्तरणको प्रकृया बिश्लेषण गर्ने र अन्य सामाजिक परिवर्तन प्रकृयासँग विश्लेषण गर्ने मूलध्येय रहेको यस अध्ययनको केन्द्रीय चासोमा बडघर प्रणाली र सामाजिक परिवर्तन रहेकोले यी तीन पक्षहरुको त्रिकोणात्मक सम्बन्ध केलाउन प्रयत्न गरिएको छ । यस क्रममा रुपान्तरित नेतृत्व प्रणालीको स्वरुपहरुलाई समेटिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था आर्थिक रूपले पछाडि भए पनि थारू जाति सामाजिक र सांस्कृतिक सिप, कला, वेशभूषा, रहनसहन, चाडपर्व, विवाह वर्तबन्धका आफ्नो मौलिकता र महत्व छ । सोझो र इमानदार जाति भएका कारण एकअर्काको विश्वास गर्ने, एकअर्कालाई सहयोग गर्ने, समाजमा मिलेर बस्ने यो जातिको विशेषता रहेको छ । शायद त्यसै कारणले यी समुदायमा अझै पनि बडघर प्रणाली जिउँदै छ । यी समुदायमा बडघरको निकै आवश्यकता र महत्व छ । गाउँघरमा हुने सानातिना झैझगडा बडघरकै रोहबरमा मिलाइने चलन अझैसम्म चल्दै आएको छ । समुदायमा गरिने बरबेगारी, विवाह, चाडपर्व, भोजभतेर इत्यादि बडघरकै नेतृत्वमा गरिने चलन कायमै छ । थारू समुदायमा बडघर तथा भलमन्सा छनोट गर्ने प्रक्रियाहर वर्षे माघ २ गते देखि माघ महिनाभरि गरिन्छ ।

नेतृत्व शैलीको निर्माण संस्कृति र सामाजिकीकरणले प्रभाव पार्ने भएकाले यसका प्रक्रियामा विविधता हुनसक्छ। नेतृत्व प्रक्रिया चयनमा सामाजिक धर्म, दर्शन र राजनीतिक आर्थिक परिस्थिति समेतले भूमिका खेल्दछ।

**सन्दर्भ**

अधिकारी, रेशराज, (२०५६), नेपाली समाज संस्कृति, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, रामप्रसाद (२०५५), नेपालको प्राचीन तथा मध्यकालीन इतिहास, काठमाडौं : रत्न पुस्तक ।

दहित, गोपाल (२०६२), थारू संस्कृतिको संक्षिप्त परिचय, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

ढकाल, सुरेश एण्ड अदर्स (२०६८), ईस्यु एन्ड एक्सपेरियन्सः कमैया सिस्टम, कनारा आन्धान एन्ड थारूज ईन बर्दिया, सोसाईटि फर पार्टिसिपेटरी कल्चरल एजुकेशन (स्पेस), काठमाण्डौं ।

थारू, पवनकुमार र आले, उदयराज, (२०७६), थारू भाषामा शिक्षासम्बन्धी अध्ययन प्रतिवेदन २०७५ प्रदेश नं. ५ राप्ती गाउँपालिका, देउखुरी दाङ नेपाल, भाषा आयोग, शङ्खमूल काठमाडौं ।

पाण्डे, मधुसुदन (२०६०), नेपालका जनजातिहरू, काठमाडौं : पैरवी प्रकाशन ।

भट्टचन, कृष्ण (२०६५), नेपालमा जातिय विभेद, काठमाण्डौ : एनडिएफ ।

शर्मा, शिव (२०५६), नेपालको कमैया प्रथा एक पुर्नदृष्टि, अनौपचारिक क्षेत्र सेवा केन्द्र, कलंकी, काठमाण्डौ ।

वि.सी., शिवनारायण (२०६४), थारुको पराम्परगत विवाह, सुर्खेत : लोकमञ्च छपाखाना ।

सर्वहारी, कृष्णराज (२०६८), थारु समुदायको प्रथा जनित कानुन बरघर प्रणाली र यसको सान्दर्भिकता, आदिवासी जनजाती जर्नल, ४ पौष, पृ. १३८-६८ ।

विष्ट, डोरबहादुर, (२०५५), सबै जातको फूलबारी, काठमाडौंः साझा प्रकाशन ।

Bolden, R. & et al (2003). Leadership Theory and Competency Frameworks. University of Exeter Centre for Leadership Studies.




**नाम : सन्तोषी कुमारी चौधरी (थारु)**
**स्थायी ठेगाना :चौदण्डीगढी न.पा. १०,उदयपुर**
**अस्थायी ठेगाना : का.म.न.पा.- २९, घट्टेकुलो**
**मोबाईल नं :९८४२९२७७३८**


# सामा चकेवा पर्व : सामाजिक तथा ऐतिहासिक, जीवन्त गितिमहाकाब्य एक अध्ययन

**भूमीका**

नेपालको पूर्वीतराईका जिल्लाहरुका थारु समुदायमा भाइ बहीनीको प्रेमको प्रतिककोरुपमा मनाउने पर्व सामा चकेवा पर्व हो । यो पर्व तिहारलगत्तै कार्तिक शुक्ल पक्षको द्वितिया तिथिदेखि प्रारम्भ हुन्छ । साँस्कृतिक पर्व सामा चकेवा थारु जनसमुदायमा परापुर्वकालदेखि नै मनाउँदैआएर प्रख्यात रहेको छ । सामा चकेवा पर्व एउटा वियोगान्त अलिखित गितिमहाकाब्यको रुपमा स्थापित छ । सामा चकेवा पर्व मार्फत तात्कालीन समाजले वर्तमान समाजलाई सन्देश दिएको छ । यो पर्वले साँस्कृतिक मनोरञ्जन गिति कौतुहलकासाथ प्रेमान्त, दुखान्त, वियोगान्त, पश्चाताप, विरहपूर्ण, शिक्षाप्रद ज्ञानमुलक साथै पुर्वजन्म र पुनर्मिलनको प्रेमपूर्ण विश्वास तथा सामाजिक इतिहास ब्यक्त गर्नमा सफल रहेको छ ।

कला र संस्कृतिले सम्पन्न हुन्छ समाज । मानवजातिको आफ्नै कलासंस्कृति परम्परा र रहनसहन छ । ती कला र गलामा उनिहरुको आफ्नै मौलिकता झल्किएको पाईन्छ । संस्कृति तथा सभ्यताको धनी मानिने आदिवासी थारुहरुको पनि आफ्नो अलग्गै किसिमको परम्परा रहेको छ । यो पर्व कार्तिकको ईजौरियापख (शुक्लपक्ष) मा दिदीबहिनीले दाजुभाइको दिर्घायुको कामनागर्दै पुर्णिमासम्म मनाउने परम्परा रहिआएको छ । सामा चकेवा पर्व खास व्रतबस्ने, उपवासबस्ने चाड होइन । यो परम्परा सखीबहैनजीसहीत मनोरञ्जन गर्ने विशुद्ध पारिवारिक र सामाजिक जमघटकोरुपमा मनाउने पर्व हो । यसले पारिवारिक सम्बन्धलाई प्रगाढ बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ ।

***






# सामा चकेवा पर्वको ईतिहास

थारु समुदाएमा रहेका बुढापाका, विभिन्न दस्तावेज र थारु संस्कृतिविद श्री भुलाई चौधरीका अनुसार सामा चकेवा पर्व मनाउने परम्पराको शुरुवात २००० वर्ष पहिले भएको अनुमान गर्न सकिन्छ । जुन समयमा सिङ्गो भारत थिएन, भारत प्रान्त प्रान्त (सानासाना राज्य)मा सिमित थियो । त्यस प्रान्त प्रान्त राज्यलाई गर्भदेश भनिन्थ्यो । गर्भदेश (भारतको इलाहावाद प्रान्त)मा सेन वंशीय राजाहरुले राज्य गरीरहेका थिए । तीमध्ये पराक्रमी, महाप्रतापी र धर्मात्मा राजा किसनभुसन सेनले राज्य गरीरहेका थिए । राजाको रानीको नाम आदमवती थियो । राजाका दुईजना सन्तानहरु थिए । राजकुमारी 'सामा' भन्ने सामावति र राजकुमार 'साम्ब' थियो ।

गरभा राजाको राजपरिवार निक्कैकडा पारिवारिक अनुशासनमा चलिरहेको थियो । राजपरिवरमा एकअर्का सदस्यहरुबीच असल र पारदर्शी सम्बन्ध थियो । राजपरिवारका सदस्यहरु र दरबारीया भारदारहरुबीच सप्रेम, पारिवारिक सन्तुलनकासाथ राजकाज चलिरहेको थियो । राजाका होनाहार छोराछोरी दुई सन्तान पनि हुर्किनेक्रममा थिए । राजाको पहिलोसन्तान छोरी सामावती थिइन् भने दोस्रोसन्तान छोरा साम्ब थिए । यी दुई दिदी भाइ बिच घनिष्ट, ममतामयी सम्बन्ध थियो । **"हुने विरुवाको चिल्लो पात"** झैं राजकुमारी सामा पनि सानै देखी रुपवती, शिलवती, असल स्वभावकी र सहनशील थिईन् । त्यसैले सामालाई दरबारमा सबैले माया गर्थे । सामा सानै उमेर मा पनि हेर्नमा राम्री भएकीले सबैको नजर पर्थ्यो र जोसुकै पनि सामाको सुन्दरता देखेर मोहीत हुन्थे । सामाले भाइ साम्बको निक्कै रेखदेख गर्थिन् । उनीहरुको माया प्रेम स्नेह प्रगाढ थियो ।

तात्कालिन समयमा सानैमा विवाह गराईदिने चलन भएकोले गरभा राजाले पनि सामाबती छोरीको १२ वर्ष को कलिलो उमेरमा नै मगध देशका मौर्य वंशीय सातौं पुस्ताका राजा शालिसुकका जेठोछोरा राजकुमार चक्र वाकसँग विवाह गराईदिएका थिए । सानै उमेरमा विवाह गर्नेचलन रहेकाले थारु संस्कृति अनुसार युवती जवान भएर घर व्यवहार सम्हाल्नसक्ने भएपछि मात्र माइतीघरबाट आफ्नो कर्मघरजाने परम्परा थियो । त्यसैले सानै उमेरकी सामा माइतीमै जवान भईरहेकी थिइन् । जब सामा जवान भईन् तब उनी अतीराम्री, अप्सराजस्तै सुन्दर देखिन्थिन् ।

राजा किसन भुषण सेनको दरबारमा विश्वासिलो भारदारकोरुपमा चुरठ नामक दरबारीया थिए । समयको अन्तरालसँगै सामाको उमेर परिपक्व भएपछि चुरठ/चुगलाको कूदृष्टि सामामाथि पर्नथाल्यो । चुरठले दुस्चरित्र स्वभावले सामालाई आँखालगाउन थाले । कसैले थाहा नपाउनेगरी, सामा एक्लै भएको बेला उनीसँग भेटेर प्रेमप्रस्ताव राख्ने योजना बनायो । योजना बनाएजस्तै एकदिन चुरठलाई मौका मिल्यो । त्यसदिन चुरठ निक्कैहर्षित थिए । हत्तपत्त मौकाछोपी चुरठले राजकुमारीसँग अनैतिक प्रेमप्रस्ताव राख्यो तर सामा विवाहीत भएकीले चुरठले राखेको अनैतिक प्रेमप्रस्ताव ठाडै अस्विकार गरिदिईन् र यो कुराले दरबारको बदनाम हुनसक्छ भन्ने सोँचेर सामाले अरु कसैलाई सुनाईनन् ।

चुरठको प्रेमप्रस्ताव सामाले अस्विकार गरेपछि चुरठलाई सामाप्रति जलन हुनथाल्यो । त्यसपछि चुरठले सामामाथि षडयन्त्र रच्न थाल्यो । चुरठले आफुलाई अपमानित भएको महसुशगर्दै बदलालिन कपोकल्पित लान्छना लगाई सामाको चरित्रहत्या हुनेगरी आफ्नो कुरौटेनितिले राजाको कान फुक्ने काम गर्यो । राजाले यो कुरा सुन्ने बित्तिकै क्रोधले सत्यतथ्य नबुझिकनै चुरठको विश वासमापरि, राजखान्दानको बेइज्जत गरीस् भन्दै निर्दोषछोरी सामालाई चरी बन्ने श्राप दिई दण्डसजाय भोग्ने वचन दिए । सामा राजकुमारी आज्ञाकारी भएकीले बुबाको बचन निर्वाह खातिर तुरुन्त वनबास गईन् । निर्दोष सामा श्रापले चरीबनेर बनवास गईसकेपछि यो कुरा भाई साम्बले जब थाहा पाए तब सामालाई दरबार फर्काउन उनले अथकप्रयास गरे तापनि आज्ञाकारी राजकुमारी सामा दरबार फर्किईनन् । सामा दरबार नफ र्किएपछि भाइ साम्ब निराशहुँदै दरबार फर्किए । दरबारमा राजाको क्रोध शान्त भएको थिएन । त्यसैबेला राजाले आवेशमा सामा बनबासगएको जङ्गलभरी भिषणडढेलो लगाइदिने आदेश

दिए । जङ्गलमा भिषणडढेलो लागीरहेको खबर सुनेर रानी आदमवती स्तब्ध भईन् भने साम्बले सुन्ने बित्तिकै तुरुन्तै आफ्ना साथीहरुसहीत (सातभाई) भिषणडढेलो निभाउनतर्फ लागे र सामा दिदीलाई डढेलोबाट तत्काल बचाए । भाइले बचाएपछि पुनः सामा दिदीलाई दरबार फर्काउन अनेकन उपाय लगाए तर पनि सामा दिदी मानिनन् । किन दरबार फर्किन नमान्नु भएको दिदी ? भनेर सोध्दा सामा दिदीले सुन भाइ, सत्यकुरा के हो भने, नखाएको विष लाग्यो । मेरो सुन्दरता देखेर लोभलागेर चुरठले मौकाछोपेर मसँग अनैतिक प्रेमप्रस्ताव राख्यो । उसले राखेको प्रेमप्रस्ताव मैले ठाडै अस्वीकार गरीदिएँ । दरबारको बदनाम हुनसक्छ भन्ने सोँचेर यो कुरा मैले कसैलाई सुनाइँन । गल्ती चुरठको हो तर चुरठले आफुलाई निर्दोषठानेर मलाई परपुरुषसँग लागेको भनी बुबा (राजा) लाई चुग्ली लगाइदिएर यो घटनाले विशालरुप लिएको हो । बुबा(राजा)ले दिनुभएको वचन जस्तोसुकै कठोर भए पनि आज्ञाकारी छोरीभई मान्नुपर्ने मेरो कर्तब्य हो, म मेरो कर्तब्यमा कहिल्यै पनि चुक्दिन । त्यसैले म पुनः दरबार फर्किन सक्दिन भनेर भाइ साम्बलाई जवाफ दिईन् । त्यसपछि भाइ साम्बले सामा दिदी अब हाम्रो भेट कहिले हुन्छ ? भनी सोधे । सामा दिदीले रुँदै कारुणिक गीतीलयमा भाइ साम्बसँग वार्तालापगरी अर्को जन्ममा एकैकोखमा जन्मिई चखेवा-चखेवीको जोडीजस्तै साथसँगै बस्ने वचन दिईन् (गीतीलयको वार्तालाप तलको पृष्ठमा उल्लेखित छ) । त्यहि समयदेखि प्रत्येकवर्ष भाईबहीनीको प्रेमको प्रतिककोरुपमा सामा चकेवा पर्व थारु समुदायमा मनाउने परम्परा रहीआएको छ ।

***

## सामा चकेवा पर्व

थारु समुदायमा भाकलविषेशले मनाउने चोरखेलीनाच तिहारमा गोबरधन पुजाको दिन समापन भएपछि भोलीपल्ट भाइ टिकाको दिनदेखि सामा चकेवा पर्व प्रारम्भ हुने भएकाले थारु जनमानसपटलमा चोर **के मुरी डुगलै हौ,** सामा के मुरी उगलै हौ भन्ने लाकोक्ति थारु समुदायमा प्रख्यात रहेको छ ।

सामा चकेवा पर्व भाइबहिनीको प्रेमको प्रतिककोरुप हो । यो पर्व अरु पर्वहरुभन्दा नितान्त बेग्लै तरिकाले मनाउने पर्व हो । यो पर्वको समयावधी पन्ध्र दिनसम्मको हुन्छ । कार्तिक शुक्लपक्षको द्धितियातिथि (भाइटिकाको दिन)देखि पुर्णिमासम्म दिदीबहिनीहरुले दाजुभाईहरुला ई प्रत्येकदिन आषिशदिदै हर्षोल्लासकासाथ सामा चकेवा पर्व सामुहिकरुपमा मनाउँछन् । सामा चकेवा पर्वमा गाउने गित, भजनकृतन समुहमा गाउँदै झमटो नाँचदै सामा चकेवा पर्व मनाउँछन्

सामा चकेवा पर्वमा विभिन्न ब्यक्तित्व झल्किने आकारहरु बनाउँछन् तर ती आकारहरु कुनै स्पेषलिष्टद्वारा बनाईँदैनन् र कतै बाहिरबाट किनेर पनि ल्याउँदैनन् । आमा दिदीबहीनी स्वयंआफैँले आफ्नैढंगले काँचोकमेरो माटो बाट सानोसानो चराको आकारमा सामा चकेवा तथा भिन्न-भिन्न ब्यक्तित्व झल्किने प्रतिमा विभिन्न आकारमा बनाउँछन् । एकपरिवारमा एकसेट सामा चकेवा बनाएर सामा चकेवा पर्व सामुहिक रुपमा मनाउँ छन् । परापुर्वकालमा गरभा राजाको दरबारमा घटेको घटनाबाट सामा चकेवा पर्व सुरुवाती भएकोले त्यतिखेर दरबारमा खटी आएका ब्यक्ति पशुपंछी, सवारीकाला गी हात्ती घोडा, दरबारमा पहरादिनकालागि झ्याँझी कुत्ता, मनोरञ्जनकालागि मनोरञ्जनटोली नटुवा ढोलकियार मृदंगिया झाईल बजाईबला विपातर न्याकजी भलाजी, दरबारमा पुजाकालागि फूल टिपेर ल्याइदिने माली लगायत विभिन्न पात्रहरु हुन्छन् । सामा चकेवा, लामो जुँगा भएको चुगलामोरहा, ढिररीमौगी (वर्ष्यौनी बच्चा पाउने चुगलाको श्रीमती), वृन्दाबोन, सतभैया, भमरा रंजित, तितिर आदी ब्यक्तित्व झल्किने सानोसानो आकारमा मुर्ति बनाउँछन् ।

सामा चकेवा पर्व सुरु भएपछि थारु समुदायका आमा दिदीबहीनीहरु साँझको खाना खाईवरी सामा चकेवाको डालामा दियोबाली एकैठाँउमा भेला हुन्छन् । सामा चकेवाको डाला टाउकोमा बोकी जगमगजगमग दीप

जुलुषजस्तै लाईनैसित मन्दमन्द पाइला अगाडीबढ्दै सामुहिकरुपमा सामा चकेवा विषेशगीत गाउँदै दरबा जामा जान्छन्। दरबाजामा माटोको डल्ला फुटाइफुटाइ ख्वाउँछन् । भजनकृतन गाउँछन् । पुनः त्यसरी नै सामा चकेवा टाउको मा बोकी आँगनमाआई झमटो नाच्दै दाजुभाइलाई आषिशदिँदै मनोरञ्जन गर्छिन् । सामा चकेवाको अवधिभर प्रत्येकदिन फरक फरक किसिमका गीत तथा आषिश गाउँदै आाफ्ना दाजुभाइको सुस्वास्थ्य निरोगी दिर्घायु उत्तरो त्तर प्रगति होस्, सुखीसम्पन्न तथा अन्नधनले पूर्णहोस् ताकी जीवनभर माईती सबल सम्पन्न रहोस् भनी सामा चकेवा पर्व मनाउँछन् ।

गरभा राजाको दरबारमा दरबारीया(नोकरचाकर)हरु प्रसस्तै थिए । दरबारीयाहरु दरबारका काममा व्यस्त हुन्थे । जसमध्ये दरबारमा पूजाकालागि फूलटिपेर ल्याई दिने जुनजस्ती राम्री स्वच्छआत्मा र कतै खोट नभएकी जीउडाल चटक्कमिलेको पातलीकम्मर उज्यालोअनुहार भएकी माली थिईन्। दरबारमा पूजाकोलागि फूलरोप्ने, गोड्ने र फूलटिपेर दरबारमा ल्याईदिने ती महिला माली वास्तवमै अतिसुन्दरी थिईन् । मालीको सुन्दरता देखेर गरभा राजा लोभीएका हुन्छन् । एकदिन मालीले फूल पुऱ्याउँद गर्दा दरबारमै भेट भएको बेलामा मसँग बिहेगर भनी गीतीलयमा मालि सँग राजाले प्रस्ताव राख्छन् :

घर से बहार भेलै, गरभा से राजा हे
फूल ले बहार भेलै मालिन
सुनु सुनरी हे बसी जाहु आजुके राइत

कैसे हम बसबौ राजा आजुके राइत
मोर घर छै रसैया मलार

देबौगे मालिन सिथ जोखी सिनुरा
बसी जाहु आजुके राइत

कैसे हम बसबौ रजा आजुके राईत
मोर घर छै रसैया मलार

देबौगे मालिन नाक जोखी नथिया
बसी जाहु आजुके राइत

कैसे हम बसबौ रजा आजुके राईत
मोर घर छै रसैया मलार

देबौगे मालिन गर्ह जोखी हौसली
बसी जाहु आजुके राइत

कैसे हम बसबौ रजा आजुके राईत
मोर घर छै रसैया मलार

देबौगे मालिन कब्जा जोखी मोठा
बसी जाहु आजुके राइत

कैसे हम बसबौ रजा आजुके राईत



मोर घर छै रसैया मलार

देबौगे मालिन पैर जोखी पैरी
बसी जाहु आजुके राइत

कैसे हम बसबौ रजा आजुके राईत
मोर घर छै रसैया मलार

वास्तवमा मालि अतिसुन्दरी थिईन् भन्नेकुरा पौराणिक गीतले पनि प्रस्ट पारेको छ ।

गरभा राजा र मालीले गितीलयमा भनेको कुरा सामा चकेवा गीतकोरुपमा प्रख्यात छ । राजाले सुन्दरी मालिनलाई जतिफकाए पनि मान्दिनन् । किनकी दरबारमा फूलटिपी ल्याईदिने मालीले राजासँग विवाह गरेर कान्छि श्रीमती (रानी) भई दरबारमा भित्रिन नैतिकताले मिल्दैन ।

सामा दिदी र साम्ब भाईको आत्मिय प्रेम बुबाको एक वचनले वियोगमा परिणत भएपछि , हृदयविदारक रुवाबासी चल्यो । साम्ब भाइले सामा दिदीलाई दरबारमै फर्काउन मिठास गीतीलयमा वार्तालापगरी, अथक प्रयासगरेर अनेकन उपाय लगायो तर आज्ञाकारी सामा यो जन्ममा अब बनबासमै जीवन बिताउने र अर्को जन्ममा एकैकोखमा जन्मिईने वाचा भाइसँग गरेकी थिइन् । दिदी सामा र भाई साम्बले थारु भाषामा मिठाष गीतीलयमा वाचा गरेको गीत :

साम्ब :
कथिले कानैचिही हे सामा बैहनी, कथिलै  टुटलौ लैहरासे आश
घर घुरी चलु हे सामा बैहनी बाँटीदेबौ आधा राज,

**सामा :**
बाबाके सम्पतिया हे भैया, भतिजवाके आस
हम परगोतनी हे भैया, मोटरियाके आस,
बाबाके घर सोनाके अटरिया हे भैया, धीयाघर परै उपास,

**साम्ब :**
घर लौटी चल हे सामा बैहनी, बाबाके देबै हम ज्ञान
तुहु जनु घुरब हे सामा बैहनी, मोही तेजब आपन प्राण,

**सामा :**
जनु यैसन करहु हे साम्ब भैया, बाबाके हेतै बहुत बदनाम
करमके खोंट हे भैया, विधि मोरा भेलै बाम,

**साम्ब :**
कैसनके जीबै हे सामा बैहनी, कैसनके फेरबै हम सांस
जनु तुहु घुरब हे सामा बैहनी, जगतमे भाइके हेतै बहुत उपहास,

**सामा :**
जनु हियाहार हे साम्ब भैया, जनु हेब निराश,
दोसर जन्मुवा हे साम्ब भैया, फेनो एकेकोखी लेबै अवतार,
की फेनो एकेकोखी लेबै अवतार,

**आब,**
जनु कानु जनु खिजु जनु हेबु निराश
दोसर जन्मुवामे हमसब फेरी एकेकोखी लेबै अवतार,

यसरी सामा दिदी र साम्ब भाइले हृदयविदारक सम्वादात्मक गितिलयमा सम्वाद गरेको सामागित थारु समुदायमा सामा चकेवा पर्वमा प्रचलित छन् ।

गरभा राजाले आवेशमा सामालाई चरी बन्ने श्रापदिई बनवासदिएर पनि राजाको मनमा शान्ति नभएपछि सामाले चरी भएर बाँचेको पनि देख्न नपरोस् भनी डढेलो लगाईदिएर खरानीहोस् भनी जङ्गलैभरी भीषणडढेलो लगाईदिन्छन् । डढेलोको बेला साम्बले सामालाई बचाएको खबर रानी अर्थात् सामाकी आमाले थाहा पाएपछि रोईकराई विलौना गरीरहेकी हुन्छिन् । राजासँग अझ विलौना गर्दै गीतीलयमा भनेकी छिन् :

केहेन तोहर गौरव हे गरभा राजा, सगरे भेलौ उपहास
चुगलाके चुगलीमे पैरके हे राजा, बेटीके देला बोनवास

परके वचन बिमोचन हे राजा, तोराभेलौ सत्यानाश
माई बाप छुटल, बेटीके लैहरासे टुटलै आस

जनु तु सम्झ-बुझह हे राजा, जनु कैल खोज विचार
तोहरो विचारमे लागल मधवा, सामा बेटीके छुटल सबसे हित

कौने विधि बेटी बसही हे राजा, कौने विधि काटतै समय साल
सबसुविधा जोडी हे राजा, नेत समय बिततै बड जनजाल
चुगलाके चुगलीमे पैरके हे राजा, बेटीके देला बोनवास

त्यसपछि रानीले भनेको कुरा मनन गरेर राजाले रानीलाई गीतीलयमा प्रतिउत्तर भने ।

चुरठके जनु दोष हे रानी, जनु दोष मोर रिस
विधिके लिखल हे रानी, सामाके साथ यैसन अनरित

साँठी साँठी भेजी देहु आहे रानी झाँझी रे कुतवा, भमरा रंजित
छानी छानी पठाव हे रानी, सकले समान जैसे हेतै सामा बेटीके हित
अलख जगाबे पठाव हे रानी, एक गिरोह काली नृत्य
हृदयानन्द हेतै हे रानी, खुश हेतै सामा बेटीके चित

उपर्युक्त वार्तालाप शैलीको विलौना गरेको सामा गीत सामा चकेवा पर्वमा प्रख्यात छन् । राजाले सामा छोरीलाई

श्रापदिई बनवास पठाएको छोरीको विछोडमा रानीले राजासँग विलौना गरेको प्रतिउत्तरमा सामाको हितकोलागि वनबासमै भएपनि सामालाई रेखदेखमा सहयोग गर्ने झाँझी कुत्ता (कुकुर), भमरा रंजित दाइजोसरह पठाईदेऊ भनी भनेका थिए ।

सामा चकेवा पर्व समुहमा मनाईरहेका प्रत्येक परिवारका दिदीबहिनी दाजुभाइको पालैपालो नाम भन्दै झमटो गीत गाउँदै सामा चकेवालाई घुमीघुमी थपडी बजाउँदै झम्टोनाच नाँच्छन् ।

सामावती राजकुमारीले राज खान्दानको इज्जतमा दाग लगायो भनी राजाले सत्यतथ्य नबुझी कनै रिस क्रोधले तुरुन्त चरीबन्ने श्रापदिई सामालाई बनबास दिएका थिए । बनबासमा चरीबनेकी सामालाई कहिल्यै देख्न नपरोस् र जलेर खरानीहोस् भनी वृन्दाबनमा राजाले भिषणडढेलो लगाईदिएका थिए । बुबाको श्रापले चरी बनीसके की सामा दिदीलाई उक्त डढेलोबाट बचाउन साम्ब भाईले आफ्नो साथीभाइहरुसहीत डढेलो निभाएका थिए । त्यही घटनास्वरुप सामा चकेवा पर्वमा सग्लोटुप्पो भएको एकमुठो काँसले बनाएको वृन्दाबोनी प्रत्येकदिन टुप्पोतिरबाट डालामा बालिरहेको दियोमा अलि अलि सल्काउँदै निभाउँदैगर्दा आ-आफ्नो दाजुभाइको नाम भनेर निभाउने चलन रही आएको छ :

- वृन्दाबोनी वृन्दाबोनीमे
  आइग लागल जाई आइग लागल जाई
  सेहा वृन्दाबोनी के के मुजहाबै ? के के
  मुजहाबै ?
  सात भाइ (दाइभाइको नाम) बौवा/भैया
  सेहा मुजहाबै, सेहा मुजहाबै

- वृन्दाबोनमे आइग लागलौ कोइयोने बुताबै है
  (दाइभाइको नाम) भैया सातो भाइ हाथी/घोरा चैढके आबै है
  हाथमे झारीलोटा पानी वोहीसे बुताबै है







थारु समुदायमा सामा चकेवा पर्व मनाईरहँदा केटाकेटीहरुलाई कलात्मक खेलौना खेलाईरहेको जस्तो लागिरहेको हुन्छ। सामाको आर्दश चरित्रको प्रशंसा र दुष्चरित्र चुगलाको निन्दा तथा आदर्श समाजको स्थापनामा सामा चकेवा पर्वको महत्वपूर्ण मर्यादा रहेको छ। चुगला(कुरौटे) चरित्रहीन बदमासको कहिल्यै पनि भलोनहोस् । समाजमा चुगलाको विनाशहोस् । चुगलालाई सराप्दै, असह्य गाली दिँदै, बालीरहेको दियोमा प्रत्येकदिन लामोजुँगा अलिअलि झुसीदिदै कुपात्र चुगलालाई सजाय दिन्छन् :

- अगर के काठी डगर के गुँह
  घोईर घोइर देबौ चुगलाके मुह, चुगलाके मुह

- एकमन मरुवामे दुईमन भुषी
  चुगलाके मोछ डहैछै आपने खुसी, आपने खुसी

पहिला-पहिला घर-घरमा चर्पीको व्यवस्था नभएको समयमा मानिसहरुले बाटोमा नै दिसा गर्नेगर्थे । त्यसैले चुगलालाई गालीदिँदा बाटोको गुँह घोलेर खुवा उँछु भनेको हो । यसरी चुगलालाई गाली दिँदै सामा चकेवा जलप्रवाह गर्नेदिन पनि चुग्लालाई जलप्रवाह गर्नजाँदा दाजुभाइले बाटैमा लछार्दै-पछार्दै गालीदिँदै, नदीसम्म पुऱ्याउँछन् ।

कोही पनि निर्दोष छोरीचेली चुगला (चुरठरकुरौटे) जस्ता दुस्चरित्र स्वभावका व्यक्तिका सिकार हुन नपरोस् । पवित्र वातावरणमा स्वतन्त्र खेल्न, रमाउन तथा हरेक काम राम्रोसँग गर्नपाएर जिन्दगी जिउन पाओस् । सामाले आफ्नो इज्जत तथा कुलखान्दानको इज्जत मानमर्यादा ख्याल गरीरहँदा चरित्रहत्याको आरोपले घरबार बिग्रिएको तथा वियोगले जिन्दगीभर बिछोडीएर चरीभई वनबासमै जिन्दगी बिताएको जस्तो कोहीपनि छोरीचेलीका घरबार, चुरठजस्ता व्यक्तिले बिगार्न,भाँड्न नपाओस् ।

'मानिसले घरबार धनसम्पति पैसा सबै गुमाए,
कमाएर आर्जन गर्न सक्छन्,
तर
इज्जत गुमाए, जीवनमा कहिल्यै पनि इज्जत पाउन सक्दैनन्'

सामा चकेवा पर्वको उत्सव मनाइरहँदा प्रत्येकदिनको उत्सवमा वृन्दावनी सल्काउँदै निभाउँदै गरीसकेपछि र चुग्लाको जुङ्गा झुसिईदिसकेपछि सामा चकेवा पर्वमा बनाएका प्रत्येक पात्रहरुहरुलाई पालै पालो सामा बहिनीलाई सहयोग गर्नु भनेर त्यसदिनको उत्सव समापनगर्ने चलन रहिआएको छ ।

माली तिमीले सामालाई पुजाको लागी फुल टिपेर
ल्याइदिनु



भुक्ने कुकुर तिमीले भुक्दै सामाको घरमा पहरादिनु

घोडा तिमीले सवारी साधनकोरुपमा सामालाई सहयोग गर्नं

हात्ती तिमीले सामालाई सफारी गराउनु



भमरा भुनभुन गरी सामाको हालखबर आदान प्रदान गरीदिनु




तितिर(तित्रा) तिमी सामाको साथी हुनु



सतभैया तिमीले सामालाई नदी तारी दिनु




नटुवा तिमीले नाचेर सामालाई मनोरञ्जन गराउनु



ढोलकिया तिमीले तालमा ताल मिलाएर ढोलक बजाउनु



झाइल बजाईबाला तिमीले झ्याली बजाउनु



ढिररी मौगी तिमीले चुगलालाई धेरै माया गर्नु




विपातर तिमीले चुट्किला भनेर हँसाउनु



चुगला तिमीले चुग्ली लगाउने काम नगर्नु



वास्तवमा वर्तमान कालखण्डमा पनि सामा चकेवा पर्वको सत्यतालाई प्रमाणित हेर्नकालागि उदयपुरको तिलजुगा (त्रियुगा), नदी तट र चराका लागि उपयुक्त स्थान पूर्वको कोशीटप्पु जहाँ जो कोही व्यक्ति पनि त्यहाँ गई चरी चकेवा-चकेवीको दिनचर्या हेर्न सक्छन् । चकेवा-चकेवी दिनभरी एकैठाउँमा सँगसँगै भई सुखदुःख मायापिरति साटासाटगरी रमाउँछन् र घाम अस्ताएपछि राती अलग-अलग बस्छन् । यही नै हो सामा बहिनी र साम्ब भाइको प्रेमको सत्य, असली प्रमाण । यहाँ सामाले ठुलो त्याग र तपस्या गरेकी छिन् । बुबाको वचन निर्वाह गर्नका खातिर इज्जतलाई आत्मसात् गर्दै सामाले जन्म दिने आमा, बुबा, भाइ, श्रीमान, सुख सम्पन्नताले भरीपूर्ण दरबार सबै त्यागिन् ।

चकेवा चकेवीको दिनचर्या पौराणिक पराती गीतबाट पनि प्रष्ट हुन्छ :

हाँ एक त विछोडी हे भेलै चान्द सुरुज
आहे कहियोने भेलै लगलग (सङ्गसङ्ग)
हाँ दोसर त विछोडी भेलै आहे राम लखन
सिया जानकी आहे बोनही मे बिपती हे



गमाबै
हाँ तेसर विछोडी हे भेलै आहे हाँस चकेवा जोडी(सामा चकेवा जोडी)
आहे दिन ठोरा ठोरी राती भेलै विछोडी
हाँ चारम विछोडी हे भेलै आहे ननदी हे भौजैया
हाँइरे दैवा ताब पिया चललै हे विदेश

विशेष किसिमले मनाउने सामा चकेवा पर्वमा गाउने गीतहरु प्रशस्त छन् । ती गीतहरु खास गरेर सामा चकेवा गीत भनेर नै प्रचलित छन् । सामा चकेवा गीत सामा चकेवा पर्वमा मात्र गाउन मिल्छ । सामा चकेवा बनाएपछि जन्मेकोगीत गाउँछन् र आषिश दिन्छन् भने बनाएका ती सामा चकेवा मुर्तिहरुलाई कमेरो माटोले पोतेपछि पोतेको भनी गीत गाउँछन् र आषिश दिन्छन् तथा सामा चकेवा रङ्गाएपछि रङ्गाएको भनी गीत गाउँछन् र आषिश दिन्छन् । थारु भाषामा सामा चकेवा गीतको आफ्नो छुट्टै भावपूर्ण तर्ज-लय रहेको छ । जुन गीतहरु सामा चकेवा पर्वमा सामुहिक रुपमा गाउँदा टोल नै गुन्जायमान भईरहेको हुन्छ ।

महिलाहरु सामा चकेवा मुर्तिहरु जुनदिन बनाउँछन्, त्यसदिन सामा चकेवा जन्मेको आषिस दिन्छन् :
गाङी जमुनाके चिकनी माटी

वोही माटीके उरेहल सामा रे चकेवा जोर
कोइयो देल दियरा रे दियरा कोइयो देल बाती
आ कोइयो देल सर्सोके तेल जरैये सरीराती
माये देल दियरा रे दियरा भौजी देल बाती
तेलिया देल सर्सोके तेल जरैये सरीराती
खेलबे गेलै (दिदीबहिनीको नाम) बैहनी
जरेलागल दियरा रे दियरा झमकी गेलै बाती



**जन्मोत्सबगीत :**
ढेकेचेके ढेकेचेके सामाके जलम भलै, ढेके भेलै खोराक
ओ हो गे सामा सजनी, नै करु विरोधे
कियाबिना या गे सामा मुहुवा मलिन भेलौ ?
कियाबिना सुरखी उदास ?
ओ हो गे सामा सजनी, नै करु विरोधे
पान आनी या गे सामा मुहुवा रङ्गाए देबौ,
रङ्ग आनी सुरखी चर्हाए देबौ
ओ हो गे सामा सजनी, नै करु विरोधे

सामा चकेवा उत्सवमा प्रत्येकदिन सबैले आ-आफ्नो सामा चकेवालाई माटोको डल्ला फुटाईफुटाई खुवाउँछन् । समुहका सबैले एकैचोटी डल्ला खुवाउँछन् र खुवाउनेगीत सबैले एक्कैस्वरमा गाउँछन् :
साम-चके साम-चके आबिहे हौ आबिहे हौ
जोतला खेतमे बैठिहे हौ बैठिहे हौ
ढेक फोइर फोइर खाईहे हौ खाईहे हौ
सब रङ्ग पटिया बिछाबिहे हौ बिछाबिहे हौ
तै पटियामे के-के सुते के-के सुते

छोटे बढे लाधहैन सुते लाधहैन सुते
केहे सामा चकेवा

त्यसपछि गाउँका प्रख्यात व्यक्ति(पटुवारी, जेवार, गोराइत आदी)को नाम  भनेर हँस्यौली ठट्यौली गर्दै प्रत्येकदिन सामा चकेवा पर्व मनाउने परम्परा रहेको छ ।

सामा चकेवा पर्वमा गाउने गीत तथा दाजुभाइलाई दिने आषिश विशेष प्रकार सामाजिक भावनाले ओत-प्रोत हुन्छ । यी गीतहरुमा भाइबहीनी बिचको प्रेम, उमङ्ग, ज्ञान, हाँस्य रस, संयोग-वियोग, सामाजिक जीवनको सजिव चित्रण स्पष्ट रहेको छ । त्यसैले थारु समुदायमा मनोरञ्जनको उत्सवहरु मध्ये सामा चकेवा पर्वको विशेष महत्व छ ।

सामा चकेवा जलप्रवाह गर्नेदिन भन्दा ३/४ दिन अगाडी सुताउने समदौन गीत गाएर सामा चकेवाला ई श्रवणगराई सुताउँछन् र सामा चकेवा सुतेको भन्ने धार्मिक मान्यता रहेको छ ।

सामा चकेवालाई सुताएको भोलीपल्ट उठाउने वा जागभनी जगाउनेगीत गाएर सुताएर उठाएको भन्ने धार्मिक मान्यता रहेको छ ।

सामा चकेवालाई साडी स्वरुप नयाँ कपडा दिई ओ ढाईएका हुन्छन् । सामा चकेवा पर्वको अन्तिम दिन (डगर बुल्ने दिन) महिलाहरुले सामाको डाला सजाउँछन् । सजाएको डालामा वा सजाएको सानो मन्दिरमा राखी टाउकोमा बोकेर सामुहिक रुपमा दिप जुलुष गरे जस्तै कार्तिक पुर्णिमाको राति सामुहिक गीत गाउँदै मन्दमन्द पाईलाको चालमा सामा चकेवालाई गाउँको परिक्रमा गराई गाउँ डुलाउँछन् । यस कार्यक्रमलाई थारु भाषामा डगर बुलेको भन्छन् । डगर बुल्नेदिन सामा चकेवा पर्वको अन्तिमदिन भएकाले अरुदिन भन्दा त्यो दिन केही बढी समय लगाएर धेरै मनोरञ्जन गर्ने गर्छन् ।

सामा चकेवा जलप्रवाह गर्ने दिन दही, चिउरा, चिनी, सखर, केरा मिसाएको प्रसादि हुन्छ । प्रसादी नयाँ कपडामा पोकोपारी सामा तथा स्त्रीपात्र सबैलाई बिदा ईकोरुपमा कोसेली पनि दिन्छन् । प्रसादी बनाई सामा चकेवालाई खुवाउने चलन छ । सामा चकेवा पर्वमा प्रत्येकदिन माटोको डल्ला फुटाइफुटाइ सामा चकेवालाई खुवाइन्छ भने अन्तिम दिन विशेष किसिमको प्रसादी खुवाइन्छ। सामा चकेवा जलप्रवाह गर्नेदिन आ-आफ्नो घरआँगन लिपपोतगरी सबैले आफ्नो सामा चकेवाला ई एकपटक आफ्नो घरमा नै प्रसादी पूजागरी खुवाउँछन् साथै नदी किनारमा जलप्रवाह गर्ने बेलामा दोस्रोपटक चोखो प्रसादी पुनः पूजागरी प्रसादी सामा चकेवालाई खुवाउने चलन छ । जलप्रवाह गर्नेदिन भजन कृतनसँगै विशेषगरी विछोडका गीत (समदौनगीत) टोलकासबै भेला भएपछि आगँनमा सामुहिक रुपमा गाउँ छन् र दाजुभाइलाई आषिस दिन्छन् । जलप्रवाह गर्नजाँदा बाटोभरी समदौनगीत गाउँदै जान्छन् :

चाकै या हे माली भरलु है चडेरीया सामैन जाइछै सासुर
कोइयो जेतैसङे ढोल रे ढोलकिया डारुलेल कहरीया
छतवा लेने (दाइभाइको नाम) भैया जेतैसङे
एककोश गेल हे सामैन गेल दुईकोश डोलिया उघारी भैयाके ताकै
जाब भैयाके देखलकै ताब केहे लागलै सामैन
भैया घुरियौ हे घुरियौ भैया पलटी घर जाबु , मैया त रोबैछै मधुदरबार
कैसे हमे घुरबौ गे सामैन बहीन पलटी घर जेबौ
मैया त पठैलकै सहोदरसङे अर्याती जाई हे

नदीतटमा पुगेपछि अन्तिमपटक दाजुभाइलाई आषिस दिन्छन् :

कथिकेरि घोरीया हे कथिके लागल हे लगामियाँ
सोनाकेरि घोरिया हे रुपाके लागल हे लगामियाँ
सेहा चढि जेतै (दाइभाइको नाम) दर रे देवानियाँ
सोनाकेरी किया असिन सिनुर
सेहा पिन्हतौ (दाइभाइको नाम) भैया तोरे बहु रे बहि नीयाँ

कथिकेरि घोरीया हे कथिके लागल हे लगामियाँ
काठकेरी घोरीया हे जौरके लागल हे लगामियाँ
सेहा चढी जेतै चुगला मोरहा गुँह डबरा
माइटकेरी किया छौरके सिनुर
सेहा पिन्हतौ चुगला मोरहा तोरे बहु रे बहिनियाँ

जलप्रवाह गर्ने बेलामा केटी केटी साथीसँग र केटा केटा साथीसँग सामा चकेवा साटासाट गर्दै सखी, बहैनजी, माईधी, बगैर्या, जोडी, भाइजी, गोधिया आदि नाता जोड्ने परम्परा थारु जनसमुदायमा विशेष प्रख्यात रहेको छ । जसले जो साथीसँग जे साइनो जोड्दछ त्यसदिनदेखि त्यस व्यक्तिले त्यो साथीलाई त्यही नाता भनी बोलाउने चलन रहीआएको छ ।

सामा चकेवा जलप्रवाह गर्नेदिन सामा चकेवा मुर्तिह रुलाई घरमा पूजा गर्छन् र पुनः त्यस्तै किसिमले नदी किनारमा पूजा गर्छन् ।



**घरमा पुजा गरेका**



**नदी किनारमा पुजागरी कोसेली दिएको**

जलप्रवाह गर्ने बेलामा **जा हे सामा जा हे चकेवा,हमर भैयाके आशिक देने जाईहे,आनसाल फेरो आबिहे** भनी जलप्रवाह गर्छन् । सामा चकेवा नदी, तलाउ, पोखरी आदीमा जलप्रवाह गरीसकेर घर फर्किनेबेलामा (लौटानी समदौन) गीत गाउँदै घर फर्किन्छन् :

साँझहुके बेरिया समरो भोरै जुरि हे पानी की चौदिस नजर खिराबल
तैयोनही लौटलै हे ननदी तोरोजेठ हे भैया
साहु जे लौटलै हे सौदागर लौटलै, लौटीगेलै बनियाँ हे दोकान

तैयोनही लौटलै हे ननदी तोरोजेठ हे भैया
तोरोभैया छौके बडा अमरुखे
सिझली रसैया सेहो रे सेरायेगेलै, खोवाऔंटल दुध भाएगेलै पाइन
तैयोनही लौटलै हे ननदी तोरोजेठ हे भैया
तोरोभैया छौके बडा अमरुखे
पान ही पनबट हे ननदी सेहो रे सुखायेगेलै, रीठीगुवा लागीगेलै घुन
तैयोनही लौटलै हे ननदी तोरोजेठ हे भैया
तोरोभैया छौके बडा अमरुखे
मालीया ही उकतन हे ननदी सेहो रे सुखायेगेलै, झिङुर पियल सबतेल
तैयोनही लौटलै हे ननदी तोरोजेठ हे भैया
तोरोभैया छौके बडा अमरुखे
रातल धोतिया हे ननदी सेहो रे कररीगेलै, झिङुर काटलै चारु खुँटे
तैयोनही लौटलै हे ननदी तोरोजेठ हे भैया
तोरोभैया छौके बडा अमरुखे
खाट तुरैया हे ननदी मोकरा हे बियायेगेलै, पौवापासी लागीगेलै घुन
तैयोनही लौटलै हे ननदी तोरो जेठ हे भैया
तोरोभैया छौके बडा अमरुखे

सामा चकेवा पर्वको प्रसादी बाँडेर खान्छन् । सामा चकेवा पर्वको अवसरमा भोज खाने र नाँचगान गर्ने चलन रहेको छ ।

नवविवाहिता युवती माईतीमा पहिलोपटक जितिया पर्व मनाउन आउँदा कार्तिकमा हुने सामा चकेवा पर्व मनाईसकेर मात्रै मंसिरमा ससुराल जाने चलन रहेकाले सामा चकेवा पर्व सकिएलगत्तै नवदुलहीलाई लिन नवदुलहा स्वयं आउँने चलन रहेकाले थारु जनमा नसपटलमा “सामाके मुरी डुगल हौ ,बरके मुरी उगल हौ” भन्ने लोकोक्ति प्रख्यात रहेको छ ।

***

## सामा चकेवा पर्वको भाकल

सामा चकेवा पर्व मनाउनकालागि दिदी भाइ हुनुपर्छ । दिदी भाइ, दादा बहिनीको प्रेमको प्रतिकको रुपमा सामा चकेवा पर्व हुने भएकाले छोरी छोरी मात्रै हुनेले छोराको चाहना गर्छन् र छोरा छोरा मात्रै हुनेले छोरीको चाहना गर्छन् । यस्ता चाहना पूरागर्न परापुर्व कालदेखि नै सामा चकेवा पर्वको भाकल गर्ने चलन थारु समुदायमा रहीआएको छ । आजको वर्तमान कालखण्डमा पनि सामा चकेवा पर्व भाकल गर्नेहरु समाजमा छन् ।

थारु समुदायमा सामा चकेवा पर्व भाकल विशेष पनि मनाउछन् तर यो पर्व भाकल विशेषले मात्र मनाउने होइन । दिदीबहीनीले दाजुभाइलाई आसिस दिने यो सामा चकेवा पर्व भाकल गर्नेले चिताएको पुरा भएपछि त्यस व्यक्तिले भाकल विशेषले यो पर्व मनाउँछन् भने भाकल नहुनेहरुले स्वतन्त्रपूर्वक प्रत्येकवर्ष मनाउँछन् ।

कुनै दम्पति (श्रीमान श्रीमती)सँगै बसेर पनि केही वर्षसम्म सन्तान नजन्मिएको अवस्थामा सन्तानको चाहनागरी सामा चकेवा पर्वको भाकल गरेर पनि सन्तान पाएका छन् । थारु समुदायमा कोही कसैको छोरा छोरा

मात्रै छन् र त्यस व्यक्तिले छोरीको चाहानागरी सामाजस्तै छोरी मैले पनि पाएँ भने सामा चकेवाको डाला बोकी खेलाउँछे भनी संकल्पगरी भाकल गरिसकेपछि केही वर्षको अन्तरालपछि छोरी नै जन्मिएर त्यस व्यक्तिको चाहना पुरा भयो भने वा जसको छोरी छोरी मात्रै छन् र त्यस व्यक्तिले छोराको चाहनागरी सामा चकेवा पर्व भाकल गरेर साम्बजस्तै छोरा चाहना गर्ने व्यक्तिको केहीवर्षको अन्तरालपछि त्यस व्यक्तिको छोरा नै जन्मियो भने भाकलगर्ने व्यक्तिले आफ्नो जीवन कालभरी निरन्तर प्रत्येक वर्ष नबिराई सामा चकेवा पर्व अनिवार्य मनाउँनै पर्ने हुन्छ । सामा चकेवा पर्व भाकल विशेषमा पर्नेहरु :

- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं.३ नमुना टोल ठार्हीका श्रीमान राजदेव चौधरी र श्रीमती नेपालवती चौधरी (खाँ खमान मधुमाइझ थारु) को छोरी यसोधा चौधरीको वि. सं. २०५१ सालमा जन्म भएको हो । यसोधा चौधरी तीन जना दाजुहरुको कान्छी बहिनी हुन् । छोरा बुहारीबाट नातिनी पाऊँ भनी दादी (हजुरआमा) लक्षमैनिया चौधरीले सामा चकेवा पर्वको भाकल गरीदिनु भएको थियो । उहाँ हजुरआमा लक्षामैनिया चौधरीको स्वर्गवास भईसकेको छ ।

- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं.३ नमुना टोल ठार्हीका श्रीमान बिरेन्द्र चौधरी र श्रीमती पार्वती चौधरी (खाँ खमान मधुमाइझ थारु)को छोरा शिवनन्दन चौधरी (खाँ खमान मधुमाइझ थारु)को वि. सं. २०६० सालमा जन्मभएको हो । शिवनन्दन चौधरी चार जना दिदीहरुको कान्छा भाइ हुन् । नाति नातिनी बुहारीबाट पनाति पाऊँ भनी बुढिया दादी (बुढी हजुरआमा) लक्षमैनिया चौधरीले सामा चकेवा पर्वको भाकल गरीदिनु भएको थियो । उहाँ बुढी हजुरआमा लक्षमैनिया चौधरीको स्वर्गवास भईसकेको छ ।

- उदयपुर जिल्ला, बेलका नं. पा., वडा नं. २ त्रिशक्ति टोल, करहियाका श्रीमान् देवचरण चौधरी र श्रीमती बलकी देवी चौधरी (टुगर खाँ थारु) को छोरा देवानन्द चौधरी (टुगर खाँ थारु)को विं सं. २०५६ सालमा जन्म भएको हो । श्रीमान् देवचरण चौधरी दम्पतिको केही वर्ष सम्म सन्तान नजन्मिएको अवस्थामा सन्तानको चाहाना गरि सामा चकेवा पर्वको भाकल गरेर छोरा देवानन्द पाएको हो ।

- उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं. १२ बिसनपुरका श्रीमान् तेजनारायण चौधरी र श्रीमती बसन्ती देवी चौधरीको छोरा शेम्भु चौधरीको विं सं.२०५२ सालमा जन्म भएको हो । छोरा शेम्भु चौधरी दुई जना दिदीहरुको कान्छा भाइ हुन् । छोरा शेम्भु चौधरी सामा चकेवा पर्वको भाकल गरी जन्मिएको हो ।

थारु समुदायका सबैले स्वतन्त्ररुपमा सामा चकेवा पर्व मनाउँछन् । सामा चकेवा मनाउनेहरुले प्रत्येकवर्ष अनिर्वाय बनाउनै पर्ने बाध्यता हुँदैन तर भाकल गर्नेहरुले प्रत्येकवर्ष नबिराई सामा चकेवा पर्व मनाउनै पर्ने हुन्छ र यो पर्व भाकल गर्नेले मनाउनै पर्ने बाध्यता पनि हुन्छ ।

***

## सामा चकेवा पर्वमा सद्भाव

सामा चकेवा पर्व दिदी भाइ बिचको सद्भावको पर्व हो । नेपालको इतिहास हेर्दा तराईमा बसोबास गर्ने थुप्रै जातजातीहरुले विभिन्न कालखण्डमाआई आ-आफ्नो अस्तित्वलाई स्थापित गरेपनि एकअर्कालाई विस्थापित गर्ने र अर्काको धर्म संस्कृति परम्परालाई नकारात्मक व्यवहार गरेको पाइँदैन । फलस्वरुप अहिले पनि पुर्वीतराईमा थारु समुदाय मात्रै नभई थारु समुदायसँग सम्पर्कमारही बसोबास गरेका अन्यजाति समुदायहरुले पनि सामा चकेवा पर्व मनाउँने परम्परालाई स्वीकारगरी धुमधामका साथ मनाउने गर्छन् । थारु समुदायको टोलटोलमा समुहबनाई

प्रत्येकवर्ष यो पर्व मनाउने गरेको पाईन्छ। हाल यो संस्कृति राजधानी काठमाडौँ उपत्यका लगायत देशका विभिन्न स्थानमा महोत्सवको रुपमासमेत मनाउँदै आईरहेका छन् । काठमाडौँ उपत्यकामा भने थारु महिला समाजले पहिलोपटक वि.स.२०६१ सालदेखि मनाउन थालेपनि हाल थारुबाहुल्य भएको टिकाथली, कुपण्डोल, बल्खु लगायत टोलहरुमा विभिन्न समुहबनाई सामा चकेवा पर्व मनाउँछन् । त्यसैले सामा चकेवा पर्व थारुहरुको पुर्खौली परम्परा भएपनि हालआएर सम्पूर्ण तराईबासीहरुको साझा संस्कृतिको रुपमा सद्भावको पर्व बन्दै गएको छ । यो पर्वले नेपालीहरुको राष्ट्रियतालाई बोकेको छ भने विस्तारै अन्यसमुदायमा पनि रुपान्तरण र हस्तान्तरण भईरहेको छ । सामा चकेवा पर्वला ई कतिपय समुदायले हिन्दु र मैथली संस्कृतिको रुपमा चित्रण गर्न प्रयास गरेपनि यर्थाथमा यो पर्वको इतिहास र परम्परा थारु समुदायबाट भएको हो । पछि यसलाई हिन्दु धर्मावल्मबीहरु र मैथली समाजले पनि ग्रहण गरेको पाइन्छ ।

***

## सामा चकेवा पर्वले दिने सन्देश

सामा चकेवा पर्व विशेष सन्देशमुलक पर्व हो । मनोरञ्जनात्मक ढंगको यो सामा चकेवा पर्वले जनसमुदायलाई विशेष सन्देश दिन्छ । ‘हरबरमे गरबर हैछै’ (हतारमा लतार पर्छ) बोलेर भनीसकेको वचन फिर्ता हुन सक्दैन । आवे शमा गरेको निर्णयले आखिरीमा पछुताउनु पर्छ, त्यसैले आवेशमा निर्णयगरी तुरुन्त वचन दिई आदेश/श्राप दिन हुन्न भन्ने सन्देश सामा चकेवा पर्वले दिन्छ । परिवारका सदस्यहरुका लागि पारिवारिक अनुशासन महत्वपुर्ण हुन्छ । त्यसैले पारिवारिक अनुशासनको दायराभित्र परिवारका सम्पूर्ण सदस्यहरु बस्नुपर्ने ज्ञानको बोध सामा चकेवा पर्वले गराउँछ । यो पर्व अनुसार बुबाआमाले दिनेआदेश जस्तो भएपनि छोराछोरीले आज्ञाकारी भई मान्नुपर्ने कर्तव्य देखिन्छ । बुबाआमाले आदेशको रुपमा दिनेवचन कदापि आवेशमा दिनहुन्न । सत्यतथ्य बुझेर सोँचविचार गरी निर्णय लिएर भन्नुपर्ने हुन्छ, अन्यथा भनेमा पारिवारिक सन्तुलन नै खलबलिन्छ। त्यसैले परिवारका गार्जनले संयमित भई आदेश दिनुपर्छ । समाजमा चुग्लाजस्ता कुरौटे पात्रले गर्ने घातप्रतिघातबाट जोगीएर सार्थक जीवन जिउन सामा चकेवा पर्वले जनसमुदायलाई सजग गराउँछ । दिदीबहिनीलाई परेको आपत्‌बिपत्‌बाट बचाउन (दुस्चरित्र व्यक्तिका सिकारबाट बचाउन) दाजुभाई हरबखत तयार रहन्छन्, भन्ने सन्देश सामा चकेवा पर्वले प्रवाहगरेको छ ।

***

## सुझाव

सामा चकेवा पर्व तात्कालिन सामाजिक यथार्थता झल्काउने विशेष पर्व हो । यो सामा चकेवा पर्वको विशेष महत्व छ तर विभिन्न कारणहरु :थारुटोल समुदायमा छोराछोरीको पढाई बिग्रिन्छ भन्ने सोचले, कतिपय महिलाहरुले सामा चकेवा विशेष पौराणिकगीत गाउन नजान्नाले, सामा चकेवा पर्वको महत्व नबुझ्नाले, कलात्मक ढंगले सामा चकेवा मुर्तिहरुका आकार बनाउन नजान्नाले या Money mind भमैजिवनको उतरार्द्धमा अतिव्यस्ता आदी कारणले सामा चकेवा पर्व मनाउन छोडेका छन् । यसले गर्दा विकाशोन्मुख समाजमा संस्कृतिको व्यावहारिक ज्ञान भावी पुस्तामा हस्तानतरण हुन नसक्नुका साथै सैद्धान्तिक रुपमा पनि ज्ञान नहुन सक्छ । कुनै संस्कृति चाडपर्व विधिपूर्वक नमनाई बेवास्ता गर्दा संस्कृति नै लोप हुने तथा भोलीका कर्णधार सन्ततीको अवस्था जगबिनाको घरजस्तो हुन सक्छ । संस्कृति जरैदेखि उखेल्लिएर निमिट्यान हुन सक्छ । कला संस्कृतिको आधारले परिचित हुन सक्दैन त्यसै ले जनसमुदायलाई म लेखकको तर्फबाट विशेष सुझाव दिन चाहन्छु । थारु समुदाय पुस्तौँ पुस्तासम्म थारु कला संस्कृतिमा सम्पन्न भईरहनु छ भने, कला र संस्कृतिको नामले परिचितभई संस्कृतिको जग बलियो बनाउनु छ भने, साँस्कृतिक चाडपर्वहरुको संरक्षण, सम्बर्द्धन र जगेर्ना उचितसमयमै उचितढंगले गर्न आवश्यक छ । बाहिरी संस्कृतिभन्दा थारु संस्कृति जगेर्ना गर्नुहोस् । जग बलियो भए घर बलियो, घर बलियो भए स्वतन्त्ररुपले सार्थक जिवनयापन गर्न सक्छन् । संस्कार र संस्कृति जिवन्तरह्यो भनेमात्र चार वर्ण छत्तीस जात को फूलबारीमा हाम्रो

अस्तित्व जिवन्त रहन्छ । त्यसैले यो आधुनिक कालखण्मा जिवन जतिसुकै व्यस्त भएपनि संस्कृति जोगाउनकालागि केहीसमय छुट्याउनुहोस् । यो महत्वपूर्ण आधुनिक घडिमा विशुद्ध संस्कृतिलाई निरन्तरता दिनुहोस् । केहीवर्ष पहिला "Sama Chakewa Festival In Tharu Community" शिर्षकमा माध्यमिक तहको पाठ्यक्रममा थियो । पछिल्लोसमयमा पाठ्यक्रमबाट हटाईएको देखिन्छ । संस्कृतिलाई जोगाउन खातिर सामा चकेवा पर्व पाठ्यक्रममा समावेशगर्न आवश्यक छ । वर्तमान आधुनिकसमयलाई मध्यनजरगर्दै आकर्षित तथा मनोरञ्जनात्मक ढङ्गबाट सामा चकेवा पर्व गितिमहाकाब्यलाई अडियो, भिडियोमा श्रब्य दृष्य बनाई जनसमुदायको घर-दैलोमा पस्किन सके अझप्रभावकारी ढङ्गले संस्कृति जोगाउन र संस्कृति जिवन्त राख्न सकिन्छ ।

## सन्दर्भसामग्री


- संस्कृतिविध श्री भुलाई चौधरीको - 'थारु संस्कृति' प्रथम संस्करण
  प्रकाशित मिति-२०६१ पुस (सन् २००५ जनवरी)
- थारु भसा साहित्य केन्द्र नेपाल समेत २०७६ को प्रेस विज्ञप्ति
- लेखककी आमा थारु पौराणिकगीत गायिका-भोजनीदेवी चौधरी(थारु) र दिदीहरु (Elder Sisters) पौराणिकगीत गायिका श्यामकुमारी चौधरी(थारु), अनिता कुमारी चौधरी(थारु) र लालकुमारी चौधरी(थारु) ।


म लेखक सानैदेखि थारु समुदायमा सामुहिक रुपमा सामा चकेवा पर्व मनाउँदै आईरहेकी थिएँ । मेरी आमा लगायत भाउजुहरु, दिदीहरुबाट सामाचकेवा किंवदन्ती सुनेकी थिएँ । यी विभिन्न आधारहरुलाई टेक्दै मैले यो अनुसन्धानमुलक लेख लेखेकी हुँ । वर्तमान समयमा निरन्तर काठमाडौं बसाई भएपनि समुहमा मनाउने सामा चकेवा पर्व एक्लै आफ्नै घरकोठामा मनाउँदै आईरहेकी छु । सामा चकेवा पर्वको विशेष महत्व भएकोले मैलै यो अनुसन्धान लेखेकी हुँ ।

**शिर्षक र सन्दर्भ :** थारु समाजमा त्यस समयमा ज्ञानबर्धक थारु लोक कथा सुन्नेर सुनाउने चलन थियो । आधुनिक युगको विकास नभएको समयमा, ज्ञान आर्जनगर्ने अरुमाध्यम नभएको बेलामा लोककथा सुनेर अनपढ मानिसले पनि ज्ञान हाँसिलगर्न सक्थे । मेरो बालापनमा सुनेको सामा चकेवाको ऐतिहासिक कथा मैले हुबहु लिखित रुपमा खोज अनुसन्धान गरेर लेखेंकी हुँ ।

**नोट :** यस स्मारिकाकालागी अनुसन्धानात्मक लेख निश्चित शब्दमा लेख्नुपर्ने भएकाले सामा चकेवा पर्वका आषिस, गीत, भजन, कृतन, समदौनगीतहरु समावेशगरीएको छैन ।

***समाप्त***

# मोरङ्गिया थारु : एक परिचय



राजेश सरदार

नेपाल एक बहुजाति र बहुभाषाका मानिसहरु मिली बसोबास गरेको सामूहिक फूलबारी हो । नेपालका प्राचीन आदिबासीहरुमध्ये जनसंख्या एवं भू-क्षेत्रमा विस्तार भएका दृष्टिले थारु जातिको विशेष महत्व छ र यिनीहरुको इतिहास पनि नेपालको तराईको सामाजिक इतिहास जतिकै पुरानो मान्नु पर्दछ। आदिम कालदेखि बसोबास गर्दै आएका आदिवासी थारुहरुको जनसंख्या पूर्व मेचीदेखि महाकालीसम्म सन २०११ को जनगणना अनुसार ६.६५ रहेको छ । त्यसैगरी मोरङ्गमा ५.९४% र सुनसरीमा ११.६% थारु जनसंख्या रहेको पाइन्छ । तिनीहरुमध्ये मोरङ्गिया थारु पुरुषहरु जामा र धोती तथा थरुनीहरु अचरा खडकी पहिरन लगाएका हुन्छन् । पश्चिमेली थारु भन्दा फरक किसिमका मोरङ्ग र सुनसरीमा बसोबास गर्ने यी थारुलाई मोरङ्गिया थारुका रुपमा चिनिन्छ। सोझापन, भलादमीपन, संस्कारी हुनु थारुहरुको विशेषता हो । आम थारुहरुमा सामाजिक, सांस्कृतिक र ऐतिहासिक हिसाबले धेरै कुरामा मिल्दाजुल्दा पाइन्छन् । तर मोरङ्गिया थारुहरुले बोल्ने पारिवारिक नातेदारी भाषा र पहिरनमा महिलाहरुले लगाउने अचरा खडकीका  कारणले गर्दा अरु थारुभन्दा भिन्न देखिन्छन् ।

**शब्द कुञ्जी**

थारु, मोरङ्गिया थारु, पुच्छरबाली, लामपुच्छुवा, अचरा खडकी, आदिवासी

## विषय प्रवेश

वर्तमानका झापा, मोरङ्ग र सुनसरी तीनै क्षेत्रलाई विगतमा मोरङ्ग भनिन्थ्यो । वि.सं. २०१९ सालमा १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्नु भन्दा अगाडिसम्म वर्तमान सुनसरी र मोरङ्ग क्षेत्र एउटै प्रशासनिक क्षेत्र मोरङ्ग भित्र पर्दथे । २०१९ सालपछि मात्र मोरङ्ग र सुनसरी अलग अलग जिल्लाको रुपमा छुट्टिएको थियो । वि.सं. २०१९ सालमा मोरङ्ग क्षेत्र पनि मोरङ्ग र सुनसरी दुई जिल्लामा विभक्त भएपछि मोरङ्ग जिल्ला एउटा अलगै प्रशासकीय इलाकाको रुपमा रही आएको छ । यिनै मोरङ्ग र सुनसरीमा बसोबास गर्ने मोरङ्गिया थारुहरुको सामाजिक, सांस्कृतिक, ऐतिहासिक पक्षको अध्ययन गर्ने उद्देश्य राखेर यो लेख तयार पारिएको छ ।

## अध्ययनको उद्देश्य र महत्व

थारु जाति पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका तराई, खोच, दून र उपत्यकाहरुमा बसोबास गर्दै आएका छन् । मेचीदेखि महाकालीसम्मका चौबिसभन्दा बढी जिल्लाहरुमा यो जातिको बसोबास रहेको छ । पूर्वी नेपालमा कोशी पूर्वका मोरङ्ग, सुनसरी क्षेत्र, कोशी पश्चिमका सप्तरी, सिराहा क्षेत्र, मध्य नेपालका बारा, पर्सा, चितवन क्षेत्र र पश्चिम नेपालका रुपन्देही, कपिलबस्तु दाङ, बाँके, बर्दिया, कञ्चनपुर, कैलाली क्षेत्र थारुहरुको बसोबास भएका मुख्य क्षेत्र हुन् भने तराईका अन्य जिल्लाहरुमा पनि थारु बस्तीहरु पाइन्छन् । यस अनुसन्धानबाट थारुको संक्षिप्त ऐतिहासिक पक्षको जानकारी गराउनुको साथै मोरङ्ग र सुनसरीमा बसोबास गर्ने मोरङ्गिया थारुका चालचलन, रीतिरिवाज, संस्कृति, पहिरन, नातेदारी भाषा, थर आदिको बारेमा खोज गर्नु रहेको छ ।

## अनुसन्धान विधि

यस अनुसन्धनात्मक लेख प्राथमिक तथ्यांक अर्न्तगत अन्तर्वार्तामा आधारित छ भने द्वितीय तथ्यांकका स्रोतहरु विभिन्न पुस्तक, लेख/रचना, शोधग्रन्थ लाई  आधार मानेर पूर्णता प्रदान गरिएको छ ।

## वसोवास क्षेत्र र ऐतिहासिकता

थारुहरु नेपालमा ठूलो संख्यामा भएका  एक आदिवासी जनजाति हुन् जसले पुरै तराई र भित्री तराई नेपालको दक्षिण भूमिसँगै २० भन्दा बढी जिल्लाहरुमा बसोबास गरेका छन् । राष्ट्रिय जनगणना २०११ अनुसार थारुको जनसंख्या १७,३७,४७०। रहेको छ । थारुहरुलाई थारुवान वा थारुहट भनेर पनि जानिन्छ । उनीहरुको जनसंख्या र उनीहरुले ओगटेको पर्याप्त क्षेत्रका आधारमा थारुहरुलाई नेपालको सामाजिक इतिहास जतिकै प्राचीन आदिबासी जनजाति मानिन्छ । तिनीहरुको छुटै भाषा, संस्कृति, रीतिरिवाज र जीवनशैली छ । तिनीहरु लोकगीत, साहित्य र भाषामा धनी छन् । सांस्कृतिक र भाषिक रुपमा थारुहरु विभिन्न उप समूहमा विभाजित छन् । सांस्कृतिक रुपमा झापा, मोरङ्ग, सुनसरी जिल्लाका थारुहरुलाई मोरङ्ग कोचिला, उदयपुर, सप्तरी र त्यसको पश्चिममा बसोबास गर्ने थारुहरुलाई पश्चिम कोचिला, मध्य र मध्यपश्चिम तराईमा बसोबास गर्ने थारुहरुलाई कोठारिया (डंगौरा) भनिन्छ र सुदुर पश्चिम क्षेत्रमा बसोबास गर्नेहरुलाई  राना थारु भनिन्छ ।

**(शर्मा, २०५२ : २७)**

थारु उत्पतिको सम्भावना बारे डा. सुशिलका अनुसार प्राचीन कपिलबस्तु राज्यको पतन भएपछि मा निसहरु विभिन्न ठाउँमा बसाँई सरेका थिए । थारुहरु साँस्कृतिक सम्पदामा धनी छन् र तिनीहरुको आफ्नै विशेष पहिरन, बस्ने शैली, भाषा, धार्मिक आस्था छ, जसले तिनीहरुलाई नेपालका अन्य आदिबासी समुदायभन्दा फरक बनाउँछ ।  समाजशास्त्री डोरबहादुर बिष्टका अनुसार थारुहरु दक्षिण मरुभूमिबाट बसाई सरेका थिए जसलाई थार भनिन्छ र त्यसैले उनीहरुलाई थारु भनिन्छ । उनीहरुको बसोबास क्षेत्रलाई थारुवान वा थरुहट क्षेत्र भनिन्छ ।
**(बिष्ट, १९७२ : ११८-१२७)**

थारुहरु भारत बिहारको चम्पारण जिल्ला, उतराखण्डको उधमसिंह जिल्ला, त्यसै गरीकन उतरप्रदेशको खेरी, पि लीभीत, गोंडा, बलरामपुर, गोरखपुर र बहिरायच जिल्लामा रहेको दावी छ । जसमध्ये उतर प्रदेशमा ८३५४४ र उतराखण्डमा ८५६५६ गरी कुल थारु जनसंख्या १६९२०९ रहेको अनुमान छ । (**बर्मा, २०१० : १७७ - १७८)** हिन्दु साहित्यले दक्षिणबाट आए का भगवान श्रीकृष्णलाई श्रेय दिन्छ । नेपाली संस्कृति दक्षिणबाट प्रभावित भएको प्रष्ट हुन्छ । **(दाहाल, २०५८ : २७ र २८)** डा. महिनारायणको चौधरी (सन २००८ : १५४-१६३) को अनुसन्धनात्मक लेखमा थारुहरु गौतम बुद्धको सन्तान हुन भनी उल्लेख गरिएको छ । थारुहरु नेपाल तराईको मात्र होइन विश्वकै प्राचीनतम जाति मध्ये एक हो बाहिर कहीं बाट आएका होइनन् । भर्खर राजस्थानको थार भूमिबाट आएका होइनन् । आदिबासि मध्येको सर्वप्राचीन समुहको सदस्य हो । फेरि डा. महिनारायण चौधरी (सन २००९ : ७३) ले अर्को अनुसन्धनात्मक लेखमा नेपाल जनजाति महासंघको परिभाषालाई समेट्दै थारुहरुको बारेमा तर्क दिदै थारुहरु नेपालको कुनै एक खास भूभागमा आवादी गर्ने वा आफूलाई पहिलो वा पहिलो मध्येको वा मूल बासिन्दाको रुपमा स्थापित गर्ने वा आदि कालदेखि बसोबास गर्दै आएका भिन्न उत्पति, जाति, भाषा, संस्कृति भएको राज्य र शासन सतामा निर्णायक भुमिका खेल्नबाट वञ्चित तथा आफ्नो पुर्ख्यौली भूमिलाई भौतिक अभौतिक विकासको स्रोत मान्ने आदिबासि भएको समुदाय हो । अपार कुमार लम्सालका अनुसार थारुहरु आफ्नै कला संस्कृतिका धनी जाति हुन् । तिनीहरु संस्कृतिकरणको  प्रक्रियामा रहेको भए पनि आफ्नो छुटै पहिचान छ र अरु जातिमा बिलिन भएको पाइदैन । **(लम्साल, २०६९)**

मोरङ्गिया थारु एक थारु जातिकै उपसमूह हो । जो नेपालको पूर्वी तराईमा बसोबास गर्दछन् । तिनीहरु मुख्यतया मोरङ्ग र सुनसरी जिल्लामा पाइन्छ । दुई जिल्लामा पाइए पनि सन १९६२ अघि ती दुई जिल्ला एउटै भएकाले मोरङ्गिया थारु भनेर बोलाउने गरिन्छ । यिनीहरु आफूलाई मोरङ्गिया थारु भनेर चिन्छ र चिनाउँछ । **(सिंह, १९६८ : २७)**

## पेशा

धान, तोरी, मकै र दाल उब्जाउछन् । जंगली फलफूल, तरकारी, औषधीय बोटबिरुवा र घर बनाउनका लागि सामग्रीहरु पनि संकलन गर्छन् । तिनिहरु हरिण, खरायो, जंगली बँदेलको सिकार गर्छन् र नदी, तालहरुमा माछा मार्न जान्छन् । तिनीहरुले गाई, बाख्रा, सुँगरु र भैसी जस्ता घरपालुवा जनावरहरुका साथै परेवा, कुखुरा र हाँस पाल्छन्

। तिनीहरु प्रकृतिको नजिक बस्छन् । बंगुर नखाने थारु जतिको समुहलाई ठोकाहा भनिन्छ र यस्तो मासु खाँदा कुलदेवी क्रोधित भई परिवारमा रोग निम्त्या उन सक्छ भन्ने जनविश्वास छ । पेशाले अधिकांश मोरङ्गिया थारुहरु किसान हुन् । उनीहरुको आम्दानीको मुख्य स्रोत कृषि नै हुने तर उनीहरुको खेती प्रणाली अझै परम्परागत छ ।

## धर्म तथा चाडवाड

थारु जातिको आध्यात्मिक आस्था र नैतिक मूल्य मा न्यता प्राकृतिक वातावरणसँग घनिष्ट रुपमा जोडिएको छ । उनीहरुको पूर्खाको देवता ग्रामथान हो । उनीहरुको छुटै धर्म र संस्कृति छ । तथा आआफ्नै रीतिरिवाज, परम्परा र संस्कृति छ । ग्रामथान देउतालाई पुजाआजा गर्छन् । आफ्नो कुल देउता हुन्छ । उनीहरु परम्परागत हिन्दु धर्म मान्दै आएका छन् । तिनीहरुका मुख्य चाडहरु तिहार (सुकरात), नयाँ वर्ष (सिर्व पावन) हुन् । यस बाहेक उनीहरु गोठाले, दशै (दशमी), होली (फगुवा), माघे सक्रान्ति आदि पनि मनाउँछन् । उनीहरुले हिन्दु धर्मका सबै देवी देवताहरुलाई विश्वास र पूजा गर्छन् किनभने तिनिहरुका विशेष देवी देवताहरु छैनन् । आज भोली ईसाई धर्मलाई पनि पछयाउँदै आएको फेला पार्न सकिन्छ । **(विकीपिडीया)**

## विवाह प्रणाली

मोरङ्गिया थारुहरुको आमाबुवा तथा आफन्तको इच्छा अनुसारको छोराछोरीको व्यवस्थित विवाह हुन्छ । बाबुआमाले वर र कन्या खोजेर छोरा छोरीको विवाह गरि दिने चलन छ । मोरङ्गिया थारुहरु भित्रै उनीहरुको विवाह हुन्छ र विवाह गर्न मन पराउँछन् । तिनीहरुको अन्य थारु समुहसँगको विवाह गर्ने चलन छैन । विवाहको पहिलो चरनमा देखासुनी हुन्छ जसमा केटा पक्षीय अभिभावक, केटीको घरमा भेटने कार्यक्रम हुन्छ । दोस्रो चरणमा सहकटी हुन्छ । केटी तर्फकाले ईष्ट मित्र, आफ न्त तथा समाजका व्यक्तिहरुलाई बोलाई केटाको घरमा गई नाता पक्का भएको घोषणा गर्दछन् । केही समय ६ महिना या १ वर्ष पश्चात केटा र केटीको साइत हेरी विवाहको तय गर्दछन् । (सिंह, २०५५) तर अहिले प्रेम विवाह र मागी विवाह पनि अन्य समुदायसँगको विवाह का अभ्यास भइराखेको पाइन्छ ।

## भाषा

मोरङ्गिया थारु भाषा थारु भाषा मध्येको एउटा यस्तो भाषा हो जुन मुख्यता मोरङ्ग र सुनसरी जिल्लामा बसोबास गर्ने थारु समुदायले बोल्ने गरेको छ । यो सत्य हो कि एउटै भाषा भौगोलिक क्षेत्र, सामाजिक वर्ग र व्यक्ति पिच्छे फरक हुन्छ । तसर्थ भाषाको गतिशील प्रकृतिको कारण थारु भाषा अपवाद भने होइनन् । मोरङ्गिया थारु भाषा, थारु भाषाका अन्य बोलीहरुभन्दा ध्वनि, शब्द र अन्य भाषिक विशेषताका हिसाबले धेरै फरक छन् । यो सबै भौगोलिक अवरोध र एक अर्कासँग नजिकको सम्पर्कको अभावले गर्दा भएको हो ।

## पोशाक श्रृंगार तथा गरगहना

अचरा खडकी महिलाहरुले लगाउने परम्परागत पोशाकको नाम हो । खडकी हातले बुनेको कपडा हो जुन धिमाल समुदायले मात्र बनाउँछ । अचरा राम्रो कपास वा अन्य कुनै विशेष कपडा हो जसमा सुन्दर हस्तनिर्मित चित्रहरु हुन्छन् । सामान्यतया यो सेतो रंगको हुन्छ तर विभिन्न अवसरहरुमा फरक फरक रंगहरु लगाइन्छ । अचराको पुच्छर जस्तो संरचना हुन्छ जसलाई पुच्छा भनिन्छ । यो संसारको अद्वितीय पोशाक हो । मोरङ्गिया थारुहरुले बोल्ने भाषा अन्य थारु समूह भन्दा फरक हुन्छ । मोरङ्गिया थारु महिलाहरु केश विन्यासमा निकै निपूर्ण हुन्छन् । महिलाहरु जुरो बाध्छन् जसलाई खोपा भनिन्छ । महिलाहरु शरीरको विभिन्न भागमा गोदना (खोपाउने) गर्दछन् । विभिन्न उत्सवमा सुन चाँदीका गरगहना लगाउने गर्दछन् । नारीले प्रयोग गर्ने गर गहनाहरु निम्न छन् ।

चुरी – हातमा लगाउने चुरा

हसली – घाटीमा लगाउने चाँदीको गहना

ठोका – हातमा लगाउने चाँदीको गोलो आकारको गहना

पात –पाखुरामा लगाउने चाँदीको गोलो तथा पातलो आकारको गहना

पैरी – खुट्टामा लगाउने चाँदीको गहना
झालर – खुट्टामा लगाउने चाँदीको बुट्टेदार गहना
नथिया – नाकमा लगाउने सुनको गहना
कुण्डल – कानको तल्लो भागमा लगाउने सुनको गहना
मछरीया – कानको माथिल्लो भागमा लगाउने सुनको गहना
चनर हार – घाँटीमा लगाउने लामो गोलो भएको चाँदीको गहना
टका हार – घाँटीमा लगाउने लामो गोलाकार पुरानो चाँदीको डलरले बनाएको चाँदीको गहना
जिजिर – पताहरु गासेर सिक्री बनाई माला जस्तै घाँटीमा  लगाउने चाँदीको गहना
खुटला – नाकमा लगाउने सुनको गहना
अंगठी – औलामा लगाउने सुन या चाँदीका गहना
कनबभ्का – कानलाई सुनको सिक्री द्वारा बाँधी लगाउने सुनको गहना
पोतय – विवाहित महिलाले लगाउने माला
**(थापा, २०६२)**

**प्रचलित थरहरु**

**चौधरी :**

बृहत नेपाली शब्दकोशमा गाउँको प्रतिष्ठित वा जमिन दार देहात, गाउँ वा समाजको प्रधान तराईका विशिष्ट व्यक्तिलाई सम्मान देखाउन प्रयोग गरिने शब्द भनी चौधरी शब्दको अर्थ दिइएको छ । थारु भाषामा पनि चौधरी शब्दको गाउँको जमिनदार वा मुखिया भन्ने अर्थ लाग्छ । तराईको उर्वर भूमिमा बसोबास गर्ने आदिवासी थारुहरुसंग प्रशस्त मात्रामा जमिन रहने हुँदा आर्थिक रुपमा निकै सम्पन्न हुन्थे र गाउँका प्रतिष्ठित व्यक्ति पनि उनीहरु नै कहलाउथे जसलाई सम्बोधन गर्दा चौधरी भनिन्थ्यो । थारु जातिमा प्रचलित लोकोक्ति अनुसार शाह कालमै राणाहरुद्वारा तराईका बस्तीहरुको निरीक्षण एवं रेखदेख गर्नको लागि एउटा व्यक्तिलाई चौधरी पदमा नियुक्त गर्ने चलन थियो जुन विशुद्ध प्रशासकीय पद थियो । पछि यसै चौधरी शब्दबाट थारु जातिको एउटा समूहको थर नै चौधरी रहन गएको हो । (बृहत नेपाली शब्दकोश)

**माझी:**

बृहत नेपाली शब्दकोष अनुसार डुंगा खियाएर जीविका गर्ने एक जाति माझी हो तर थारु भनाइको माझी शब्दले नेपाली भाषाको भन्दा भिन्न अर्थ बोकेको हुन्छ । यस भाषामा माझीको अर्थ अगुवा वा जिम्दार हुन्छ । गाउँका ठूला बडा वा जिम्दार व्यक्ति नै गाउँका मुखिया वा माझी हुन्थे । यस्तो काम पुस्तैनी रुपमा चल्दथ्यो । पछि आफू उच्च घरमा भएको देखाउन माझी परिवारका सन्तानले आफ्नो थर नै माझी लेख्न थाले र थारु समुदायमा एउटा अलग उपथर नै कायम हुन गयो । **(बृहत नेपाली शब्दकोष)**

**तवदारः–**

तवदार शब्द तावेदारबाट अपभ्रंश भएर बनेको हुन सक्ने कुरा थारु वृद्धहरु बताउँछन् । राणाकाल वा त्यसभन्दा पूर्वदेखि नै सरकारको आज्ञाकारी सेवक भई काम गर्दै आएको थारु समूहलाई तावेदार भनिन्थ्यो । यस्तै तहविलको काम गर्ने तहविलदारबाट तवदार भयो कि भन्नेहरु पनि छन् । यसबाट तहविलदार वा तवदार पनि विशुद्ध प्रशासकीय थर भएको बुझिन्छ । पछी यही तावेदार वा तहविलदारबाट तवदार भएको विश्वास गरिन्छ ।

**सरदारः–**

थारु कविलाको मुख्य मान्छेलाई स्थान अनुसार कतै चौधरी त कतै सरदार भनिन्थ्यो । यस्ता सरदारहरुले सम्पूर्ण समूहकै नेतृत्व गर्ने गर्दथ्यो । बाबु समूहको सरदार भएकोले छोरा छोरीले पनि आफूलाई सरदारको सन्तान देखाउन

सरदार नै लेखाउन थाले र सरदार थारु समुदायको एउटा उपथरकै रुपमा कायम हुन गयो ।

**गच्छदारः–**

थारु भाषामा गाउँको मुखियालाई गच्छदार भन्ने गरिन्छ । धेरै पहिले देखि नै थारु समुदायमा विभिन्न गाउँहरुमा मुखिया राख्ने चलन थियो । जसलाई गच्छदार वा गहदार भनिन्थ्यो । एउटा गहदार वा गच्छदारको मृत्युपछि अर्को गहदार वंशाणु क्रमबाट छानिन्थ्यो । पछि यिनीहरुका सन्तानले आफूलाई उच्च खानदानको देखाउन आफ्नो थर नै गच्छदार लेख्न थाले र यही गहदार कलान्तरमा गच्छदार भएको हो ।

**भगतः–**

थारु जातिमा भगत थर भएका मानिसहरु पनि पाइन्छ । थारु भाषामा कुनै धार्मिक क्रियाकलापहरुमा देवस्तुति वा भजन किर्तन गर्नेहरुलाई भक्तिया भनिन्छ । भक्तियालाई नै पछि भगत भन्न थालियो र तिनैका सन्तानबाट थारु जातिमा एउटा समूहको नामाकरण नै भगत हुन गयो । **(सरदार, २०६२ : १७-१८)**

संक्षेपमा मोरङ्गिया थारु समुदायका विभिन्न थरहरु छन् जसमा खॉ, सुतिहार, कांगोइ, वहरदार, सिक्दार, थन्दार, दास, मण्डल, धामी, मोदी, विश्वास, गच्छदार, तबदार, भगत, माझी, सरदार, चौधरी, मिर्धा, पेश्कार, सिंह, मडर, देवान, हजारी आदि । **(चौधरी, २०७८ः अन्तर्वार्ता)**

**परिवार र नातेदारी**

साधारणतया परिवार भन्नाले घरका सदस्यहरु एकै ठाउँमा बस्ने एउटै भान्छामा खाने भन्ने बुझिन्छ । परिवार समाजको एक प्रारम्भिक र प्राथमिक इकाई हो । मनुष्यको जन्म, विकास र संस्कृति परिवारबाट निर्माण भएको हुन्छ । मोरङ्गिया थारुमा विशेष गरी २ प्रकारको परिवार पाइयो - संयुक्त परिवार र एकात्मक परिवार । तर अचेल शिक्षित वर्गहरुले संयुक्त भन्दा एकात्मक परिवारमा बस्ने रुचाउने गरेको पाइयो । थारु परिवार पितृ सत्तात्मक भए पनि परिवारमा महिलाको इज्जत र प्रतिष्ठा पुरुष सरह नै रहेको हुन्छ । परिवारमा अन्य ठूला हिन्दु जातिको जस्तो लोग्ने र स्वास्नी जस्तो सानो ठूलो भनी भेदभाव रहेको पाइदैन । घरभित्रको काम स्वास्नी मानिस र घर बाहिरको काम लोग्ने मानिसले गर्दछन् । थारु परिवारका स्वास्नी मानिसहरु आफ्नो पेसागत क्षमता बढाउनका लागि हाँस, कुखुरा, खसी, बाख्रा, सुंगुर आदि पाल्ने गर्दछन् । थारुहरु छोराछोरीको शिक्षा दीक्षाप्रति उतिकै चाहना राख्ने गर्दछन् । आफ्नो क्षमता अनुसार छोरा छोरीलाई देशभित्र र देश बाहिर पढाउने लेखाउने गरेको पाइन्छ । **(ओझा, २०५५)**

थारु परिवारमा अन्य परिवार जस्तै दुई प्रकारको नाता सम्बन्ध रहेको हुन्छ एउटा विवाहद्वारा र अर्को रक्त सम्बन्धबाट । यसबाहेक मितेरी साइनोको नाता सम्बन्धलाई पनि नजिकको नाता सम्बन्ध मानिन्छ । आज भन्दा २० वर्ष अगाडि मोरङ्गिया थारुहरुमा बुवाआमाको इच्छाअनुसार विवाह गर्ने भए पनि पढे लेखेका बुज्रुक वर्गहरु आफूले मन पराएका केटाकेटीसँग विवाह गराई दिने गरेको पाइन्छ । छोरी मात्र भएको आमाबुवाले आफ्नो इच्छा अनुसार घर ज्वाँई राख्ने चलन पनि छ ।

## बुवाको तर्फबाट पर्ने नाता

| क्र.सं. | सम्बन्ध | नाता | सम्बोधन |
|---|---|---|---|
| १ | बुवा | बा | बा..... (गे) |
| २ | ठूलो वुवा | बढकी बा | बढकी बा ...... (गे) |
| ३ | ठूली आमाा | बढकी मा | बढकी मा........ (गे) |
| ४ | क्का | क्का | काका ............ (गे) |
| ५ | फुपु | पिसम्या | पिसु ...... (गे) |
| ६ | दाजु | भ्या | ददा ...... (गे) |
| ७ | भाइ | भ्या | (भ्या) नाम ......(रे) |
| ८ | हजुर बा | बुढना बाप | बुढना बा ...... (गे) |
| ९ | हजुर आमा | बुढिया म्या | बुढिया मा ......(गे) |

## आमाको तर्फबाट पर्ने नाता

| क्र.सं. | सम्बन्ध | नाता | सम्बोधन |
|---|---|---|---|
| १ | आमा | म्या | मा .......(गे) |
| २ | हजुर बा | न्ना | नाना ...... (गे) |
| ३ | हजुर आमा | नानी | नानी ...... (गे) |
| ४ | मामा | मम्मा | ममा ...... |
| ५ | माइजु | मामी | मामी ...... |
| ६ | ठूली आमा | मोसम्या | मोसी ...... (गे) |
| ७ | सानी आमा | मोसम्या | मोसी ..... . (गे) |
| ८ | मामाका छोराहरु | भ्या | ददा..(गे),भ्या (नाम सम्बोधन) .(रे) |
| ९ | मामाका छोरीहरु | वहिन | दय, गुदी ..... (गे) |

## दाजुका तर्फबाट पर्ने नाता

| क्र.सं. | सम्बन्ध | नता | सम्बोधन |
|---|---|---|---|
| १ | दाजु | भ्या | ददा..... (गे) |
| २ | भाइ | भ्या | नाम (बौ) .......(रे) |
| ३ | दाजुकी पत्नी | भौजी | भौजी ...... (हौ) |
| ४ | दाजुको छोरा | भतिजा | बौ (नाम) .......(रे) |
| ५ | दाजुकी छोरी | भतिजी | गुदी ...... (गे) |
| ६ | भाइकी छोरी | भतिजी | गुदी ...... (गे) |
| ७ | भाइकी पत्नी | भौसानी | बहुरिया...... (हौ) |

## दिदी बहिनीका तर्फबाट पर्ने नाता

| क.सं. | सम्बन्ध | नता | सम्बोधन |
|---|---|---|---|
| १ | दिदी | बहिन | दय..... (गे) |
| २ | बहिनी | बहिन | गुदी ....... (गे) |
| ३ | दिदीकी पति | भाटु | भाटु ...... (हौ) |
| ४ | बहिनीकी पति | बहिन जम्या | बाबु साहब... (हौ) |
| ५ | दिदीका छोरा | भैगना | भैगना ...... (हौ) |
| ६ | दिदीकी छोरी | भैगनी | भैगनी...... (हौ) |
| ७ | बहिनीकी छोरी | भैगनी | भैगनी ..... (हौ) |

## पतिका तर्फबाट पर्ने नाता

| क.सं. | सम्बन्ध | नाता | सम्बोधन |
|---|---|---|---|
| १ | पति | मरद | ऐ, अई |
| २ | पतिका बाबु | ससुर | बोलचाल हुदैन |
| ३ | पतिकी आमा | सास | ....लैक, दैक, आवेक, जावेक |
| ४ | पतिको दाजु | भेसुर | बोलचाल हुदैन |
| ५ | पतिको भाइ | गोतिया | नाम सम्बोधन |
| ६ | पतिकी दिदी | डेर सास | ...लैक, दैक, आवेक, जावेक |
| ७ | पतिकी बहिनी | ननद | नाम सम्बोधन |
| ८ | पतिको भाइ बुहारी | गोतनी | कन्या (गे) |
| ९ | पतिको भिनाजु | डेर ससुर | बोलचाल हुदैन |
| १० | पतिको भाउजु | गोतनी | ....लैक, दैक, आवेक, जावेक |
| ११ | पतिको हजुरबुवा | बढससुर | बोलचाल हुदैन |
| १२ | पतिको हजुरआमा | बढसास | ...लैक, दैक, आवेक, जावेक |

## छोराका तर्फबाट पर्ने नाता

| क.सं. | सम्बन्ध | नता | सम्बोधन |
|---|---|---|---|
| १ | छोरा | बेटा | बौ..... (रे) |
| २ | छोराको पत्नी | बहुरिया | बहुरिया...... (हौ) |
| ३ | बुहारीको बाबु | सम्धी | सम्धी ...... (यौ) |
| ४ | छोराको सासु | सम्धीन | बोलचाल हुदैन |
| ५ | छोराको छोरा | पोता | बौ...... (रे) |
| ६ | छोराको छोरी | पोती | गुदी...... (गे) |
| ७ | छोराको बुहारी | बहुरिया | कन्या....रा |
| ८ | छोराको छोरी ज्वाई | पोत जम्या | बाबु साहब....(हौ) |

**छोरीका तर्फबाट पर्ने नाता**

| क्र.सं. | सम्बन्ध | नता | सम्बोधन |
|---|---|---|---|
| १ | छोरी | बेटी | गुदी..... (गे) |
| २ | छोरीको पति | जम्या | बावु साहव ....(हौ) |
| ३ | छोरीको ससुरा | सम्धी | सम्धी .... (यौ) |
| ४ | छोरीको सासु | सम्धीन | बोलचाल हुदैन |
| ५ | छोराका देवर, जेठाजु | जम्या | बावु साहव.... (हौ) |
| ६ | छोरीको छोरा | नाति | बौ .... (रे) |
| ७ | छोरीको छोरी | नतनी | गुदी ... (गे) |

**पत्नीका तर्फबाट पर्ने नाता**

| क्र.सं. | सम्बन्ध | नता | सम्बोधन |
|---|---|---|---|
| १ | पत्नी | मौगी | एय ........ (रे) |
| २ | पत्नीका बाबु | ससुर | ठाकुरजी ......(यौ) |
| ३ | पत्नीकी आमा | सास | मताराम ......(यौ) |
| ४ | पत्नीको दाजु | जेठान | जेठानजी ......(यौ) |
| ५ | पत्नीको भाइ | सार | नाम सम्बोधन (हौ) |
| ६ | पत्नीकी भाउजु | सरोजनी | सरोजनी .......(यौ) |
| ७ | पत्नीकी दिदी | डेर सास | मताराम.... (यौ) |
| ८ | पत्नीकी बहिनी | सारी | नाम सम्बोधन (हौ) |
| ९ | पत्नीकी भाइबुहारी | सरोज्नी | सरोज्नी .. (यौ) |
| १० | पत्नीको भिनाजु | जेठपत | जेठपतजी ... .(यौ) |
| ११ | पत्नीको बहिनीज्वाई | साढु | साढु ...... (यौ) |
| १२ | पत्नीको हजुरआमा | नन्यासास | नानी....... (यौ) |
| १३ | पत्नीको हजुरबुवा | नन्याससुर | नना........ (यौ) |

चाड पर्वका बेला कुनै पनि समयमा परिवारका सवै जना बसी रमाइलो गर्ने गर्दछन् । हाँसीठट्टा गर्ने गर्दछन् । यसरी हाँसीठट्टा गर्दा देवर भाउजु, साली, भिनाजु आदि सवै मिलेर गर्ने गरिन्छ । लोग्ने स्वास्नीले एक अर्कालाई बोलाउँदा नाम सम्बोधन नगरी बोलाउने गर्दछन् । सम्धी–सम्धी, सम्धीनी–सम्धीनी बीच बोलचाल भएपनि सम्धी र सम्धीनी बीच बोलचाल हुदैन । भिनाजुले सालो सालीलाई नाम सम्बोधन (हौ) गरी बोलाउदछन् । बुहारी जेठाजुबीच बोलचाल हुदैन । त्यसैगरी बुहारी ससुरा बीच पनि बोलचाल नगर्ने चलन छ । आफू भन्दा कान्छो छोरा जातीलाई बौ रे र छोरी जातीलाई गुदी गे भनी सम्बोधन गर्दछन् । (सरदार, २०६२ : १९-२२) बुहारीले सासुलाई सम्बोधन गर्दा सुन्छी भनी बोलाउछन् । बुहारीले सासुलाई सम्बोधन गर्दा जस्तै खानुहुन्छमा खेति, जानुहुन्छमा जेति, आउनुसमा आवेक, जानुसमा जावेक, दिनु पर्नेमा लैक, लिनु पर्नेमा दैक जस्ता सत्कार बोधक शब्द जोडी बोलाउछन् । (गच्छदार, २०७८ : अन्तर्वार्ता) ससुराले बुहारीलाई बोलाउदा बहुरीया भनी सम्बोधन गर्दछन् । सासुले बुहारीलाई बोलाउदा कन्या भनी सम्बोधन गर्दछन् । ससुराले ज्वाँइलाई बाबुसाहव र ज्वाँइले ससुरालाई ठाकुरजी भनी सम्बोधन गर्दछन । (भगत, २०७८ : अन्तर्वार्ता) ।

ऐना देवी सरदार (७१ बर्षीय) को भनाई अनुसार बुहारीले श्रीमान्‌को हजुरआमा संग अर्थात बढसास संग लैक दैक शब्दको नै प्रयोग गरि बोलाउने चलन छ तर श्रीमान्‌को हजुरबुवासंग बोलचाल नगर्ने चलन छ। त्यस्तै सासुले ज्वाँइलाई बाबुसाहव र ज्वाँइले सासुलाई माताराम भनी सम्बोधन गर्दछन् तर अचेल आधुनिकताले छोइ सकेको छ। सबैसँग सबैको बोलचाल हुने क्रम बढेको छ। सम्बोधनमा पनि फरक पार्दै लगेका देखिन्छ।

## निष्कर्ष

थारुहरु आदिबासी जनजाति समुहमध्येको सबैभन्दा पहिलो आदिबासी हुन्, बाहिर कही कतैबाट आएका होइनन्। यहीका भूमि पुत्र हुन्। सोझा, इमान्दार कहलिएका थारुहरु पश्चिमबाट क्रमशः पूर्वतर्फ बसाई सर्ने क्रममा ठाँउपिच्छै भाषा, चालचलन, भेषभूषामा फरक पर्दै गएको हो। प्रागऐतिहासिक कालदेखि नै थारुहरु आफ्नो सामाजिक, सांस्कृतिक पक्षमा विभिन्न ठाउँका आधारमा बसोबास गर्दै आएका छन्। उनीहरुको भाषा, सामाजिक, सांस्कृतिक अवस्था पनि फरक फरक छन्। यसै क्रममा मोरङ्गिया थारु मोरङ्ग र सुनसरी जिल्लामा बसोबास रहेको देखिन्छ। पुरुषहरुले जामा र धोती लगाउँछन् भने विशेष रुपमा माहिलाहरुको पहिरनमा अचरा खडकी, रीतिरिवाज, चालचलन र भाषामा बोल्ने शैलीको कारणले गर्दा अरु थारुको समूहभन्दा फरक देखिन्छन्। खासगरी महिलाहरुलाई लामपुछुवा वा पुच्छरबालीको रुपमा चिनिन्छन्। यिनै अचरा खडकी पहिरनका कारणले यिनीहरुको अद्वितीय पहिचान रहेको छ।

## नेपाली सन्दर्भ सामग्री


- अधिकारी, डा. सुशिल कुमार (२०६२) नेपालका थारु जातिको खोजनीति : स्वर्ण महोत्सव स्मारिका, महेन्द्र बहुमुखी क्याम्पस, धरान। पेज नं. १९६
- ओझा, केदार प्रसाद (२०५५) टंकी सिनुवारीका थारु जातिको सामाजिक संरचना, एम.ए. शोधपत्र, त्रिभुवन  विश्वविधालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, स्नातकोतर क्याम्पस बिराटनगर
- चौधरी, डा. महिनारायण (ई.स. २००८) फेरि हामी थारु : विश्लेषण, त्रिभुवन बिश्वविधालय प्राध्यापक संघ, स्नातकोतर क्याम्पस, बिराटनगर।
- चौधरी, शोभा सिंह (२०५५) सुनसरी, भलुवा गा.वि.स. का थारु जाति एक अध्ययन : एम.ए. शोधपत्र, त्रिभुवन बिश्वविधालय, इतिहास शिक्षण बिभाग, स्नातकोतर क्याम्पस बिराटनगर।
- चौधरी, डा. महिनारायण (ई.स. २००९) नेपालको संघीयता र थारुका मुद्दा : विश्लेषण, त्रिभुवन बिश्वविधालय प्राध्यापक संघ, स्नातकोतर क्याम्पस, बिराटनगर।
- थापा, राजेन्द्र (२०६२) मोरङ्ग कटहरी गा.बि.स. का थारु जाति : एक संक्षिप्त अध्ययन, एम.ए. शोधपत्र, त्रिभुवन विश्वविद्यालय, इतिहास शिक्षण विभाग, स्नातकोतर क्याम्पस बिराटनगर।
- लम्साल, अपार कुमार (२०६९) मोरङ्गिया थारुको सामाजिक सांस्कृतिक जीवन, परम्परा र परिवर्तन : पि.एच.डी शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, कीर्तिपुर, काठमाण्डौं।
- शर्मा, नागेन्द्र (२०५२), नेपाली जनजीवन : साझा प्रकाशन, काठमाण्डौं।
- सरदार, राजेश कुमार (२०६१/२०६२), प्रजातन्त्र पुनःस्थापना पछि मोरङ्ग जिल्लाको राजनीतिमा थारु जातिको भूमिका : त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र संकाय, स्नातकोतर तहको शोधपत्र, स्नातको तर क्याम्पस, विराटनगर।
- सिंह, प्रफुल्ल कुमार (सन १९६८) थारु लोक गीत : पूर्वाञ्चल पुस्तक भण्डार, बिराटनगर।
- नेपाली बृहत् शब्दकोष (दशौं संशोधित र परिवर्धित संस्करण) २०७५ : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं।

**अंग्रेजी सन्दर्भ सामग्री**

- Bista, D. B. (1972). People of Nepal: Ratna Pustak Bhandar, Kathmandu.
- Verma, Subhash Chandra. (2010). The Ecofriendly Tharu Tribe: A Study in Socio-cultural Dynamics. Journal of Asia Pacific Studies ( 2010) Vol 1, No 2, 177-187. Kumaun University (Nainital, India)

**Website**

- https://en.wikipedia.org/.../Lampucchwa_T. (Lampucchwa Tharu - Wikipedia)

This page was last edited on 3 October 2021, at 11:54 (UTC)

***अन्तवार्ता***

*गच्छदार, लुसी, रेडियो नेपाल धनकुटा, थारु भाषा कार्यक्रम संचालिका, २०७८।१०।०५*
*भगत, प्रदिप कुमार भगत, थारु कल्याण कारिणी सभा मोरङ्ग, सभापती, २०७८।१०।०४*
*चौधरी, रामकुमार, दुहबी नगरपालिका ३, २०७८।०७।२२*

*सरदार, ऐना देवी थारु, ग्रामथान- १, मोरङ्ग, ०७।१०।२०७८*

*॥ धन्यवाद ॥*



नामः-     सुशिल चौधरी
स्थायी ठेगानाः- राजापुर नगरपालिका वडा नं. २ बर्गदही, बर्दिया, नेपाल ।
अस्थाई ठेगानाः- बढैयाताल गाँउपालिका वडा नं. ४ रामनगर, बर्दिया, नेपाल ।
सम्पर्क नम्बरः- ९८६५४९३६५५/९८१२४४१३२७
पेसाः-     अनुसन्धानकर्ता
संस्थाः- प्राचिन सृजनशिल आदिबासी समाज, बाँसगढी नगरपालिका वडा नं. ५ बाँसगढी बर्दिया, नेपाल
इमेल ठेगानाः- chaudharysushill555@gmail.com

# लवाङगी पुजा

नेपालमा थारुहरु चिरकाल देखि आदिवासीको रुपमा तराई र भित्री मधेसमा बसोबास रहेको पाईन्छ । नेपालमा  भएका जिल्लाहरु जस्तैः पश्चिममा कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत, दाङ लगायत पुर्वमा कपिलवस्तु, नवलपरासी, चित वन, सिराहा, सप्तरी, सर्लाही, महोत्तरी, उदयपुर, धनुषा, मोरङ्ग, सुनसरी, आदि जिल्लामा थारुहरुले आदिमकाल देखि बसोबास गर्दै आई रहेको पाइन्छ । यी जिल्लाहरुमा थारुहरुको वाक्लो बस्ती रहेको पाईन्छ। थारुहरुको नेपालमा मात्र नभई भारतमा समेत थारुहरुको बस्ती रहेको जस्तैः चम्पारन, विहार, उत्तराखण्ड, उत्तर प्रदेश, गोरखपुर र गोण्डामा पनि थारुहरुको बसोबास रहेको पाइन्छ। जहाँ बसेपनि हामी थारुहरु आदिबासी जनता हौं । थारु समुदायहरुले साँस्कृतिक रुपले धेरै धनि रहेको हाम्रो इतिहासमा पाउने गरेको पाइन्छ । आफ्नै भेष-भुषा, रीति-रिवाज र चाल-चलन ठाँउ अनुसार छुट्टा-छुट्टै रहेको पाइन्छ। थारु समाजमा भएको संस्कृति अन्तर्गत पुजा-पाठ पनि अनेक खालको हुने गरेको पाइन्छ। थारु समुदायमा समय र ठाँउ अनुसार विभिन्न खालका पुजा-पाठ गर्ने गरेको पाइन्छ । थारुहरु पुजा-पाठमा सबभन्दा पहिला निकासी पुजा, दोरबन्ध्या पुजा, धुरिया पुजा, हरिया-गुरै पुजा, र लवाङगी पुजा गर्ने गरेको पाईन्छ थारु समाजमा ।

एक वर्षमा लगभग चार-पाँच पुजा-पाठ गर्ने सर्न्दभमा अन्तिम पुजा भनेको लवाङ्गी पुजालाई लिन सकिन्छ । यो लवाङगी पुजा गरेमा भदौ, असोजमा हुन सक्ने खेश्रा, दादुरा, हैजा, दबाब, बौराहा जस्ता खतरनाक महामारी रोगबाट गाँउका सबै जनतालाई बचाउन सकिन्छ भन्ने जनविश्वास रही आएको छ। (गोपाल दहित,२०६२)  लवाङ्गी भन्नाले खास गरी बै-बरकत गाँउ घरमा ल्याउनका लागि यो पुजा गर्ने गरिन्छ । बै-बरकत भन्नाले यो सालमा कुन अन्न-बालीको बढि उत्पादन भएको छ ? भन्ने जान्नका लागि यो पुजा गरिन्छ भन्ने परम्परागत भनाई रहेको छ । लवाङ्गी पुजामा विशेष गरी जगन्नाठी पन्च देव, पन्च ठाकुर, पाटन देवि, पाटन कालिका र पाटन सौंरा देवि-देवताहरुलाई मिसाएर पुजा-पाठ गर्ने गरिन्छ भनि धकेहर छोतेलाल थारुले बताउनु भएको थियो । धकेरहर छोतेलाल थारु जस्तै मग्तु थारु गुर्वाको पनि उस्तै धारणा रहेको छ । उहाँका अनुसारः जसरी हामीहरु खेती-पाती गर्छौ बै-बरकत, सै-सम्पत माग्छौं । आठ कोठी नौ बख्खार भरपुर होस, नगरी, पगरी सुख होस हाम्रो बाल-बालिकाहरुलाई रोग-बिरोग देखि टाढा रहुन भनि यो पुजा गरिन्छ । लवाङ्गी पुजामा नयाँ दाना वा अन्न खानका लागि यो पुजा गर्ने गरिन्छ। लवाङ्गी पुजामा विशेष गरी जगनठ्या, घर बन्ध्वा, भुहेरवा आदि देवताहरुको पुजा-पाठ गरिन्छ भनि बताउनु भएको थियो ।

लवाङगी पुजाको बारेमा गुर्वा दासु थारुको अलिक फरक धारणा रहेको पाइन्छ । उहाँका अनुसार लवाङगी पुजा खास गरी अगहन (कार्तिक) महिनामा यो लवाङगी पुजा गर्ने गरिन्छ। थारु समुदायमा सब भन्दा पहिला फेनापतिमा (बारबर्दिया नगरपालिका वडा नं. १० स्थित थारुहरुको सामुहिक देवता रहेको स्थान) धाक बजाउने गरिन्छ। जब सम्म त्यस स्थानमा धाक वोल्दैन तवसम्म धकेरहवाले अरु गाँउमा धाक बजाउन जान पाउदैन र नयाँ- नयाँ विवाह भएका दुलाहा र दुलहीहरुले अरु नातेदार कहाँ पाहुँनाको रुपमा जान पाउँदैनन् भन्ने मा न्यतामा विशेष जोड दिनु

भएको थियो ।

थारु समुदायको गाँउमा लवाङगी पुजा हुन लाग्दा सब भन्दा पहिले बरघरको अगुवाईमा छलफल हुने गरिन्छ । यस पुजामा चाहिने सर-समानहरुको व्यवस्था गर्नका लागि कसरी गर्ने ? भन्ने कुरामा वृहत रुपमा छलफल हुने गरेको पाइन्छ । त्यसै छलफलमा सर-समानहरुको व्यवस्था गर्नका लागि घर-धुरीबाट चन्दा उठाउने कि बरघर कोषमा भएको रकमको प्रयोग गर्ने भन्ने विषयमा सबैको सर-सल्लाहमा यदि कोषमा रकम छैन भने एक घर-धुरीबाट कति रुपैया उठाउने ? भनि त्यहि बैठकमा निर्णय गरी त्यहि अनुसार गाँउमा चन्दाका रुपमा रुपैया उठाउने गरिन्छ । त्यहि बैठ्कमा कुन दिनमा पुजा गर्ने ? भन्ने कुराको निर्णय पनि निकालिन्छ । पुजा हुने दिन भन्दा एक हप्ता अघि देखि चन्दा उठाउन सुरु गरिन्छ । गाँउमा लवाङगी पुजाको सबै सर-समानहरुको व्यवस्था भएपछि त्यस गाँउको चौकीदारले धकेरहवालाई लिनका लागि धकेहरवाको घरमा जाने गर्दछन् । उक्त पुजामा रात भर गीत गाउने गीतकार को रुपमा रहेको व्यक्तिलाई थारु समुदायमा धकेहर वा धकेरहवा भनेर चिनिन्छ । धकेरहवा धाक बोजाउन आउँदा सब भन्दा पहिला आफ्ना देवि-देवताहरुलाई धार-धुप गरी सकेपछि धकेरहवा धाक बजाउने गाँउमा जाने गर्दछन् । यसरी धार-धुप दिएर आउदाँ पुजामा कुनै खालका समस्या वा बाधा अर्चन आउदैन भन्ने विश्वास रहेको छ । त्यसै गरी, गुर्वा र केसौकाहरुले पनि आफ्नो घरको देवि-देवताहरुला ई धार-धुप गरी बरघरको घरमा जाने गर्दछन् ।

पुजामा बजाउनका लागि सर-समानहरु धकेहरवाले आफूसंगै ल्याउने गर्दछ । यदि चौकीदारसंग धकेहरवा आउन नमाने पछि चौकीदारले सर-समान मात्र लिएर आउँछन् र धकेरहवाले साँझसम्म आइहाल्छन् । पुजा हुने समयमा धकेरहवाले बरघरको घरमा सबै समानहरु राख्ने र त्यही खाने बस्ने गर्दछन् । पुजा सुरु गर्ने क्रममा बरघरको घर वाट सुरु गर्नु पर्दछ । किन भने बरघरको घर भनेको सबैका लागि देरा घरको रुपमा लिईन्छ । त्यसकारण उक्त देरा घरमा सबै देवताहरुलाई बोलाई कि आउनुस् सबै देवि- देवताहरु आज तपाईहरुलाई पुजा गर्छौ भनि देरा घर मा बोलाइन्छ र बरघरको घरबाट पुजा सुरु हुन्छ । बरघरको घरबाट गर्नुको कारण बारेमा सोध्दा, फेरी पनि गुर्वा दासु थारुका अनुसार बरघर भनेको  गाँउको अगुवाको रुपमा हुने हुदाँ बरघरकै नामबाट गाँउका देवताहरु जस्तै, भुहेरवा र जगनठ्यालाई बरघरको नामबाट मनाईन्छ वा राखिन्छ । गुर्वाको घरबाट सुरु नगर्नुको कारण यो छ कि प्रायजसो गुर्वाहरु त अर्को गाँउको पनि हुने गर्दछन् । त्यसकारण गुर्वाको घरबाट सुरु गरिदैन भनि बताएका थिए गुर्वा दासु थारु ।

बरघरको घरबाट पुजा सुरु गर्दा गाँउको किसानहरु, गुर्वा, केसौका, चिरक्या र धकेहरवाको सक्रिय सहभा गिता रहेको पाइन्छ । पुजा सुरु हुँदा बरघरको घरको आँ गनमा गुर्वा, केसौका र धकेहरवाले वस्नका लागि गुन्द्री बिसाई गुन्द्रीको अगाडी धार-धुप गर्नका लागि पानी, रक्सी र दियो राखिन्छ । गुन्द्रीमा बस्दा बीचमा गुर्वा बस्छन् र एक छेउमा केसौका र अर्को छेउमा धकेहरले वस्ने गर्दछन् । धकेरहवा, केसौका र गुर्वाको लौरोलाई तीनै जनाको अगाडी रहेको दियोको नजिक एकै ठाउँमा राखिन्छ । तीनै जनाको लौरो एकै ठाउँमा राख्नुको कारण यो छ कि गुर्वा, केसौका र धकेरहवा तिनै जनाको देवता लाई मिलाउनका लागि एकै ठाँउमा राखी छाँकी-बुँदा दिईन्छ । पुजा सुरु हुनु भन्दा पहिला गुर्वा, केसौका र धकेहरले छाँकी-बुदाँ दिदै पुजाको सुरुवाट गरिन्छ ।

यस पुजामा विशेषगरी २ वटा वाजाको आवश्यकता पर्दछ धाक र छेनीको । जो धाँक बजाउँछ त्यही ब्यक्ती गीत (पच्रा) गाउने गरिन्छ र अर्कोले छेनी बजाउनको निम्ति धकेहर स्वयम् आफैले छेनी बजाउने व्यक्तिको व्यवस्था गर्दछन् । जुन समयमा धाक बज्छ त्यहि समयमा मात्र छेनी बजाउनु पर्दछ । धाक र गीतको विचमा एक खालको दुरी स्थापना कायम् भएको पाइन्छ । गीत वा पच्रा गाउने समयमा धाक बजाइदैन र धाक बजाउने समयमा गीत वा पच्रा गाइदैन ।

धाक वजाउन सुरु गर्दा सबभन्दा पहिला जगनठ्या देवतालाई जगाउनका लागि पच्रा गाइन्छ । पुजामा खासगरी कर्नौती कर्ण राजाको पच्रा गाँउने गरेको पाइन्छ । जुन जगन्नाठी देवताको रुपमा थारुहरुले पुजा-पाठ गर्ने

गर्दछन् । जगन्नाठी देउतालाई पच्राको मा ध्यमवाट कृषि बालीमा बै-वरकत माग्ने गरेको पाईन्छ र रात भर धकेर हवाद्वारा पच्रा गाउने गरेको पाईन्छ जुन यसप्रकारको रहेको छ । (यो सुम्हौती पच्रा गाउने धकेहर राम बहादुर थारु)

- पन्चो ठाकुर, पन्चो भुइह्यार पन्चो भैलो या न जगन्नाठी बाबा मोर ॥
- मैतो गैनु रे वखान जगन्नाठी बाबा मोर ॥॥
- कहाँ होत जगनाठिक बाबा जल्मक रे ॥
- भइन्नै कब भैले जगन्नाठी बाबा मोर ॥
- अरे... मैतो गैनु रे वखान जगन्नाठी बाबा मोर ॥॥

धाँक वजाउने र सँग-सँगै सुम्रौती, उमाह, फुलवार, जल्मौती र कर्नौती आदि पच्रा गाइन्छ । बरघरको घरमा सुरु गर्दा सबभन्दा पहिला सुम्रौती गीतको माध्यम्द्वारा जति पनि देवि- देवताहरु छन् । सबै देवताहरुलाई बोलाउने गरिन्छ । जस्तै, भारतको डाँडा, सुर्खेतको कार्केविहार, लेपालगन्ज, वढैयाताल, भादा, मोतीपुर लगाएत जति पनि देवि- देवताहरु छन् त्यसै पच्राको माध्यम्बाट पुजा खान र सहभागिता हुनका लागि निम्तो गरि बोलाईन्छ । धकेरहवाले सबभन्दा पहिला गाउने पच्रा सुम्रौती हो । त्यस पछि उमाह पच्रा गाउने गरिन्छ । सुम्रौती पच्राको केही अंश यस प्रकार रहेको छ । (यो सुम्रौतीको पच्रा गाउने सहायक धकेहर शक्तिमान थारु)

- अ...अं.... बर्की भवानी के सुमिरतु बातु ॥
- मै सुमिरतु मै सोनगुनी मै सुमिरतु बातु ॥
- या जतो मै धमराजा मै सातक देवि ॥
- मै सुमिरतु बातु मै सुमिरतु बातु ॥
- या रे लगहो अं... सह....सह....
  अंरे.....अं.... देउरे.......सुमिरतु बातु मै ॥
- जव मोर जैसे तव तो सुमिरत बातु देवि जैसे ॥



सुम्रोती पच्रा गाउँदै गर्दा गुर्वाको निर्देशनमा गाँउका एक जना व्यक्तिले सुन-पानी बनाएर त्यहाँ उपस्थित भएका सबै किसानहरुकोमा पर्ने गरी पानी छर्कने गरिन्छ, ताकि सबैकोमा देवता आओस् । केहि समयमा केसौकाकोमा देवता आउने गर्दछ । केसौकाले देवता खेलेको अवस्थामा गुर्वा, केसौका र धकेहरको लठ्ठी समातेर मर्वामा जाने गरिन्छ । पुजामा सबै देवताहरुको पुजा गरिन्छ तर विशेषगरी जगनठ्या, कालिका र मरी देवताको पुजा गर्ने गर्दछन् भनि धकेहर छोटेलाल थारुले जानकारी दिनु भएको थियो ।



त्यस पुजामा बजाउनका लागि धकेहरवा आफ्नै कला, सीप र ज्ञान प्रयोग गरी धाक बनाउने गर्दछ । यो धाक बनाउनका लागि विशेष खालको काठको प्रयोग गर्ने गरिन्छ । काठ भरिमा सबभन्दा बलियो, नकुहिने र किराहरुले नखाने कम्हार भन्ने रुखबाट बनाईन्छ । यो रुख जङगमा धेरै मुस्किलले पाईन्छ । धाक बनाउनका लागि वीचमा खाली अर्थात् प्वाल मादलको जस्तो भएका हुनु पर्दछ ।

धाकमा लगाउने छाला खासगरी बाखीको छालाको प्रयोग गरेको हुन्छ। बाखीको छाला कलिलो र वोल्ने भएको हुनाले वाखीको छाला प्रयोग गर्न उपयुक्त हुन्छ भनि बताएका थिए धकेहर राम बहादुर थारु। दुवै छेउका छालालाई डोरीले दरिलो तरिकाले बाधेको हुन्छ। धाक बजाउनका निम्ति एउटा लौरोको अवाश्यकता पर्दछ। उक्त लौरोलाई नकुरा भन्ने गरिन्छ। यो नकुरा बना उनका लागि बेलको लगभग १५/१६ सेन्टीमिटरको लामो आकारको हुन्छ र त्यसलाई एउटा टुप्पामा गोलो आकार पारी बनाएको हुन्छ। बेलको जरा वा नयाँ पलाएको हाँगा (कर्ला) ले बनाउने गरिन्छ। त्यही लौरोले हानेर धाँक बजाउने गरिन्छ। त्यससँगै एउटा छेनी नामक बाजा पनि बजाउने गर्दछन्। छेनी एउटा रोटी आकारको हुन्छ र त्यो तामाको हुन्छ। छेनी बजाउन पनि एउटा लौरोको आवश्यकता पर्दछ, त्यस लौरोलाई कस्थी भन्दछन्। पुजामा धाँक र छेनी संग-सँगै बजाउने गर्दछन् एक तारले एक नासले।

बरघरको घरमा केसौकाकोमा देवता आएपछि गुर्वा, धकेहर र केसौकाको तीनै जनाको लठ्ठी समातेर गाउँको देउथान अथवा मर्वामा जाने वेलामा धकेहरले धाक वजाउदै जानु पर्दछ। कुनै ठाउँमा धाक बजाउन वन्द गर्नु हुदै न। तिनिहरुसंगै गाँउका सबै किसानहरु जाने गर्दछन्। मर्वामा पुगेपछि केसौकाले गुर्वा, केसौका र धकेहरको तीनै जनाको लठ्ठीलाई देवताहरुको अगाडी भित्तामा अड्यार राख्ने गरिन्छ र गुर्वा, केसौका र धकेहरले देवि-देवताकोमा रक्सीको धार दिई एक छिन आराम गर्दछन्। मर्वामा जे-जे समानहरुको आवश्यकता पर्दछ पहिलै चिरक्याले व्यवस्था गरेका हुन्छन् ताकि पुजामा कुनै खालको समस्या नआओस्। पच्रा गाउने वेलामा गाँउको किसानहरु र गुर्वाहरुको माग के छ त त्यही माग अनुसार धकेहरले जल्मौती, कर्नौती, उमाह र फुलुवार आदि पच्रा धकेहरले गाउने गर्दछ। पच्रा गाउने वेलामा वीच-वीचमा धाक र छेनी वजाउदै गरिन्छ।

जसरी मन्दिरमा भगवानहरुको भक्ति-भजन गर्दछन् त्यसरी नै थारुहरुको लवाङ्गी पुजामा मर्वामा (ठन्वा) रात भरी धाक बजाउने र धकेहरले पच्रा गाउँने क्रममा विशेषगरी, उमाह र कर्नौती पच्रा गाँउने र धाँक बजाउने गरिन्छ। उमाह पच्राको केहि अंश तल प्रस्तुत गरिएको छ। (यो उमाह पच्रा गाउने धकेहर छोतेलाल थारु)

- या..... रे..... लगव या जतो मै तुवार मत कहतु लगरी मैई ॥
- या..... ज... मै कहतु तुवार विरत करत विरनै लगई ॥
- या.... जतो मोर गवार दाई मोर कउई मोर मैया तु सुरपुत मागेवान ॥
- या.... ज.... मोर लव-लाक जपीया चलई त वातु
  तु मोर जव ॥
- या..... जसाके जाईवेग चलि आई मोर पेर विलान लगाए ॥
- या..... जस वातु अनिका मोर छति सकुते दमिर दुर्गा व सवरम लाग्यो...॥

यसरी लगभग १/२ घण्टा पच्रा गाइसकेपछि रक्सीको छाँकी वुदाँ दिने गरिन्छ। वीच-वीचमा छाँकी-वुदाँ दिनुको कारण धेरै टाढा-टाढाबाट आएको देवताहरुलाई छाँकी खाउ र एक छिन आराम गर भनी वीच-वी चमा रक्सीको धार वा छाँकी दिने गरिन्छ भनि गुर्वा मग्तु थारुले जानकारी दिएका थिए। धकेहरले २५/३० मिनेटसम्म आराम गर्दछन्। त्यहि विश्रामको समयमा चिया खाईन्छ। मर्वाको वाहिर पालो अनुसारको चिया पकाउने टोली छुट्याएको हुन्छ। धकेहर लगाएत सबैले चिया खाइन्छ। विश्राम गरी सकेपछि फेरी सुरु गरिन्छ। यसरी यो प्रक्रिया रात भर चल्दछ। मर्वाको बाहिर गाँउका सबै किसानहरुले जाग्राम गर्नका लागि सक्रिय सहभागिता रहेको पाइन्छ। कोहि किसानहरु रमाइलो गर्दछन् भने कोही किसानहरु आगो तापेर बसेको र कोही किसानहरुले आफ्नो घरबाट सिरक ल्याई मर्वाको वाहिर नजिकै सुतेका हुन्छन्। अर्को दिनको लगभग ३/४ बजेतिर देउता खेल्न सुरु गरिन्छ भनि बताएका थिए (जनकराम थारु)। देउता खेल्न सुरु गरेपछि जति पनि त्यहा उपस्थित भएका किसानहरु छन् सबैकोमा सुन-पानी पर्ने गरी छर्किने गरिन्छ ताकि सबैकोमा देउता खेलुन् भन्ने पौराणिक भनाई रहेको पाइन्छ। त्यो समयमा एक तारको धाक वज्दै जान्छ। त्यही दौरानमा ज-जस्कोमा देउता आउछन् ती मान्छेहरु देउता भएको स्थानमा उफ्रिदै-उफ्रिदै

मर्वा भित्र आउँने गर्दछन् । त्यस मर्वा वा ठन्वा भित्र खुव देउता खेल्दछन् । देवता खेल्ने प्रकृया लगभग १/२ घण्टासम्म चलिरहन्छ त्यही क्रममा गुर्वाले आफ्नो जिब्रोमा त्रिशुल आकारको तिखो पारेको औजारलाई जिब्रोमा छिर ाउछन् र रगतको धार वा हुल्का र रक्सीको धार चढाउँछन् । त्यस कार्यलाई त्रिशुलवाण भन्ने गरिन्छ । त्यसपछि उक्त समयमा जति पनि मान्छेहरुले देउता खेल्दै थिए ती सबैले धार दिइ देवता खेल्न वन्द गर्दछन् ।

विहानको लगभग ६/७ बजेतिर पुजा गर्नका लागि बरघरको निर्देशनमा गाँउका किसानहरु पुजाका सर-समानहरु व्यवस्था गर्न तर्फ लाग्दछन् । सर-समानहरु जुताउने क्रममा बलि दिनका लागि बोका, सुँगुरको पाठो, गाउँ रीति अनुसार ३, ४ र ७ वटा कुखुराहरु र एउटा मंगुर माछा, अण्डा, घिउ, सिंदुर, कालो टिका, धुप, धानको बाला, धागो, रक्सी र जल आदिको सबै समानहरुको व्यवस्था भई सकेपछि मर्वा भित्र रहेका देउताहरुलाई बलि दिने प्रकृया सुरु गरिन्छ । यस पुजामा बलि दिनु कारण यो छ जस्तै, कुनै पाहुना बनेर अरुको घरमा गयो भने रक्सी, मासु खान दियो भने खुसी हुन्छन् । त्यसरी नै देवि-देवताहरुलाई खुसी पार्न वा बनाउनका लागि वलि दिने गर्दछन् । वलि दिने क्रममा सवभन्दा पहिला धकेहर, गुर्वा र केसौकाले रक्सीको छाँकी (धार) दिन्छन् र धकेहरले धाक बजाउन सुरु गर्दछन् भनि बताएका थिए मग्तु थारु ।

पुजा सुरु हुदाँ धाक वजाउने र उमाहको पच्रा गाउदै मर्वामा रहेका देवि-देवताहरुलाई धुप जलाई जल र रक्सीको धार दिँदै बलि दिने कार्य सुरु गर्दछन् । वलि दिने क्रममा मर्वा भित्र गुर्वाले एक ठाँउमा वसेर तन्त्र-मन्त्र गर्दछन् र अर्को तर्फ केसौकाकोमा फेरी देउता खेल्न सुरु गर्दछन् । केसौकाले देवता खेल्दै गर्दा गाँउमा कुनै खालका रोग-व्याधि, आपत-विपत नआओस् भनि देवताहरुलाई मनाउदछन् भनि बताएका थिए गुर्वा मुन्सी थारु । गाउँमा कसै को वच्चा रुने र कुनै व्यक्ति विरामी पर्दछ त्यसलाई के भएको छ ? भनि केसौकालाई सोधिन्छ अनि कसौकाले कारण बताई सन्चो पार्नका लागि पुजा-पाठ गर्नु पर्दछ भनि सल्लाह दिने गर्दछ र यति गरि सकेपछि केसौकाबाट दे उता बैठाउने वा उतारी वलि दिने काम सुरु गरिन्छ । वलि दिनु भन्दा पहिला बोकाको र सुगुँरको बच्चाको टाउको मा रहेको कपाल उखेली देउताहरुमाको चढाईन्छ । त्यसपछि तिनीहरुको घाँटी काटी रगतको धार दिने गरिन्छ र काटेको टाउको देवि-देवताहरुको छेउमा राखिन्छ । कुनै-कुनै गाउँमा बोकाको वलि दिने क्रममा ३/३ वर्षमा दिने गरेको पाइन्छ यस्तो गर्नुको कारण यो छ कि पुजा-पाठमा धेरै खर्च हुने भएकोले त्यसकारण खर्च कम गर्नका लागि ३/३ वर्षमा बोकाको वलि दिइन्छ भनि बताएका थिए कालीराम थारु । बलि दिने क्रममा सबभन्दा पहिला जगनठ्या देउताकोमा बोकाको बलि दिइने र मरी (गाँउत) देवताकोमा सुँगुरको पाठोको बलि दिइन्छ मर्वा भित्र । यसरी मर्वाभित्र बोकाको र सुँगरको पाठोको बलि मात्र दिने गरिन्छ ।



मर्वा नजिकै कुनै एक ठाँउमा खरको घान (घाना) हाल्नका लागि खल्यान (खेन्वा) सफा-सुग्घर पारिन्छ। खेन्वाको एउटा छेउमा गुर्वा, केसौका र धकेहरवाहरुले वस्नका लागि गुन्द्री बिछ्याईन्छ र गुन्द्री माथि बसी पुजा हुने समयमा सफा गरेको स्थानमा एउटा सानो वर्गकार चित्र बनाउने गरिन्छ त्यसलाई चौक भन्ने गरिन्छ। चौक तयार पार्दा आवश्यक पर्ने समानहरु चामल वा गहुँको पिठो, रातो सिंदुर र कजरा आदि सामग्रीको आवश्यक पर्ने हुन्छ। उक्त चौकमा पहिला चामल वा गहुँको पिठो राखि बनाउँछन् अनि त्यस



पिठोको माथि सिन्दुर अनि कोइला पिसि बनाएको कजरालाई हाली तयार पारेर चौकको ठिक बिच्चमा माटोको दियो मा शुद्ध तोरीको तेल हाली दियो बालिन्छ र चौकको ठिक अगाडी सिंदुरले ५/६ ठाँउमा माटोमा टिका लगाइन्छ। त्यही नजिकै धुपको लागि आगोको अँगारो राखी त्यसमा निमको पातमा घिउ मिसाई बनाएको धुपलाई आगोमा राखी धुप चढाइन्छ। पुजामा चौक बनाउनुको कारण यो छ कि पुजाको समयमा देवि-देवताहरुको स्वागत, सत्कार र सम्मानको लागि चौक बनाउने गरिन्छ। त्यहि चौक नजिकै एउटा सानो खाल्डो खनि कुखुराको अण्डामा रातो सिंदुर, कजरा टिका लगाई धागोले बेरेर खाल्डोमा राखिन्छ। त्यही नजिकै धानको बालालाई ठाडो पारी माटोमा गाडिन्छ। त्यस ठाँउमा पनि तीनै जनाको लौरो राखेको हुन्छ। बरकत माग्ने बेलामा धकेहरले नगाएर धाक मात्र वजाउन्छन र त्यस समयमा गुर्वाले मात्र जख्वा-जखीन्या देवतासँग बै-रकत, सै-सम्पत माग्ने क्रममा यसरी पच्रा गाएर बरकत माग्ने चलन रहेको पाईन्छ। जुन तल तीन लाइन यसरी प्रस्तुत गरिएको छ। **(यो पच्रा गाउने गुर्वा मँगतु थारु)**

"अ.... रे..... सातो परबतके जखिन्या रानी मोर ॥
अ.... रे..... जखवा त गैनै दखिन के बजर्‍या ॥
अ.... रे.... नानै कजरा बेसार, कजरा पहिरै जखन्या रानी मोर ॥

यसरी पच्रा गाँउदै गर्दा केसौकाकोमा देवता आउने गर्दछन् र केसौका उफ्रिन ठाल्छन् र तीनै जनाको लौरो समातेर उफ्रिदै खरको घानामा जान्छन् र त्यहि घानामा केसौकाले उफ्रि- उफ्रि गाउन थाल्छन्। जबसम्म त्यस घानामा अन्न आउदैन तवसम्म केसौकाले त्यहि घानामा देवता खेन्दै गरिन्छ। गुर्वाद्वारा केसौकालाई सोधिन्छ कि वरकत आयो कि नाई भनि र देवता खेलि रहेको केसौकाले जवाफ दिन्छ कि आयो भनेर र त्यहाँ उपस्थित भएका गाँउले वा किसानहरुले खरको घानामा खुब राम्रोसंग त्यो अन्नलाई खोज्छन्। यदि किसानहरुद्वारा त्यो अन्न मिलेन भने फेरी केसौकालाई घानामा दाउनका लागि पठाइन्छ बरकत ल्याउनको लागि।



फेरी केसौकाद्वारा उफ्रि-उफ्रि घाना दाँएपछि केसौकाला ई सोधिन्छ र केसौकाले अन्न आयो भने पछि गाँउका किसानहरुले ध्यान लगाएर खोज्छन् र भताउछन् पनि एउटा अन्नको दाना । सबै किसानहरुको धुक्क हुन्छन् कि यो सालमा धानको बरकत आएको छ । त्यति गरी सकेपछि घानामा उफ्रने कार्य समाप्त गर्दछन् । गुर्वाद्वारा केसौकाको मा भएको देवतालाई सान्त पार्नका लागि चामलको अछेता दिईन्छ ।



त्यसपछि त्यहि खेन्वामा केसौकाले कुखुराको बलि कार्य सुरु गर्ने गरिन्छ । यो बलि विशेष गरी जग्गनाठी देवता लगायत घर बन्ध्वा, कालिका, आदि देवताहरुलाई बलि दिने चलन रहेको छ । कुखुराहरुको वलि दिने क्रममा लगातार ७ वटा कुखुराको घाँटी काटी थोरै रगत चौक अगाडी धार दिई टाउको चौक अगाडी राखी शरीरलाई केहि टाढा फालिन्छन् । त्यो भन्दा पहिले कुखुराहरुको टाउकोबाट रौं उखेलेर चौक अगाडी राखिन्छ । सबै कुखुराहरुको बलि दिई सकेपछि अन्तिममा मंगुर माछाको बलि क्रममा टाउको काटेर अण्डा राखेको खाल्डोमा मंगुर माछाको रगतको धार दिइन्छ । त्यो माछाको बलि विर-वसन्ती (बोक्सी)को मा चढाईन्छ । विर वसन्ती देवताले हाम्रो वाल-वालिकाहरुलाई अगा डी-पछाडीबाट दुख-कष्ट नदेओस भनी मंगुर माछा वा गिरगित (एक खालको छेपारो) को बलि दिइन्छ । खास गरी उक्त देवतालाई गुल्लर रुखको फुलको भेठी दिनु पर्दछ । पुरानै परम्परा अनुसार त्यसै रुखको फुल मंगुर माछाले खाई त्यसै माछाको टाउकोमा जम्मा भएको हुन्छ । त्यसकारण मंगुर माछाको बलि दिइने गरेको बताए भुखारी थारु । त्यही स्थानमा पनि गुर्वाले आफ्नो जिब्रोमा त्रिशुल छिराई रगतको हुल्का पनि दिने गरिन्छ । अन्त्यमा गुर्वा, केसौका र धकेहरले फेरी तीनै जनाले रक्सीको धार दिन्छन् चौक अगाडी ।

अर्को तर्फ गाँउको किसान मध्ये एक जना व्यक्तिले विहान स्नान गरी रोटी बनाउदछन् । रोटी बनाउनका लागि चामल वा गहुँको पिठोमा घिउ र चिनि मात्र राखी राम्ररी मोस्नु पर्दछ ताकि सबै एक आपसमा राम्ररी मिलोस् र एउटा ठुलो पातमा गोलो आकारको रोटी बनाई सकेपछि आगोको अँगारोमा पाक्नका लागि राखिन्छ । त्यो रोटीलाई एक तर्फबाट मात्र पकाईन्छ । एक तर्फबाट रोटी किन पकाईन्छ भने महाभारतको पाँच पाण्डप मध्ये भिम (भ्यावा) लाई चढाउनका लागि । पौराणिक भनाई अनुसार पाण्डपहरुले खेती गर्दा भ्यावाले एक कोदालो माटो राखेको खण्डमा त्यति ठुलो हिमाल र पहाड बन्यो । यदि अरु माटो राख्थ्यो भने खेती गर्नका लागि जमिन हुदैंन्थ्यो त्यहि नराखेको खण्डमा भ्यावाला ई चढाउनका लागि त्यस रोटीलाई एक तर्फबाट मात्र पकाउने गरेको भन्ने पौराणिक



किम्बदन्ती रहेको पाइन्छ भनि बताएका थिए गोपाल थारु । त्यस रोटीलाई थारु भाषामा रोत भन्ने गरिन्छ । त्यही रोत पाकी सकेपछि अलगै एउता ठाँउमा रोतको प्रसाद र दुधको धार दिई भ्यावा देउतालाई चढाईन्छ । देउतालाई चढाई सकेपछि त्यहाँ उपस्थित सबैलाई प्रसादको रुपमा ग्रहण गर्नका लागि रोत दिने गरिन्छ ।

अन्तिममा जति पनि बलि दिएका जिताहरु छन् । तिनीहरुलाई आगोमा राम्रोसँग पोलेर बरघरको घरमा लगि ती जिताहरुको साना-साना टुक्रामा काटि बरघरको घरमा पकाईन्छ । र पाकी सकेपछि सबै किसानहरुको भाग आउने गरी मासु बाँडिन्छ र त्यसको साथ-साथै वितरण गर्दै गईन्छ । साँझतिर बरघरको घरबाट धकेहरलाई बिदा दिने वेलामा पनि एक छिन भएपनि धकेहरद्वारा धाक र छेनी बजाउने गरिन्छ । यसरी थारु समुदायको वर्षको अन्तिममा भएको पुजा अर्थात् लवाङ्गी पुजा समापन हुने गरिन्छ ।



**सन्दर्भ सामग्रीः**


- दहित, गोपाल २०६२ थारु संस्कृतिको संक्षिप्त परिचय, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान, साने पा ललितपुर काठमाडौं पेज नः ९३ ।
- थारु, मँग्तु २०७८, बाँसगढी नगरपालिका वडा नं ३ उत्तर भकारी गाँउको गुर्वा ।
- थारु, कालीराम २०७८, बाँसगढी नगरपालिका वडा नं. ३ महादेवा गाँउका बरघर ।
- थारु,दासु २०७८, बारबर्दिया नगरपालिका वडा नं. १० लम्कीफाँटा गाँउका गुर्वा ।
- थारु, राम बहादुर, २०७८, बारबर्दिया नगरपालिका वडा नं. १० लम्कीफाँटा गाँउका धकेरहवा ।
- थारु, छोतेलाल, २०७८, बढैयाताल गाँउपालिका वडा नः ६ भदोही गाँउका धकेरहवा ।
- थारु, शक्तिमान, २०७८, बढैयाताल गाँउपालिका वडा नः ६ भदोही गाँउका सहायक धकेरहवा ।
- थारु, कालीराम, २०७८, बाँसगढी नगरपालिका वडा नं. ३ महादेवा गाँउका बरघर ।
- थारु, भुखारी, २०७८, बाँसगढी नग रपालिका वडा नः २ अछेरिया गाँउका बरघर ।
- थारु, गोपाल, २०७८, बढैयाताल गाँउपालिका वडा नं. ४ बुताहा गाँउका बरघर ।
- थारु, मुन्सी, २०७८, बाँसगढी नगरपालिका वडा नं. ९ बर्का गाँउ माछागढका गुर्वा ।
- थारु, जनकराम, २०७८, बाँसगढी नगरपालिका वडा नं. ९ बर्का गाँउ माछागढका बरघर ।

# नवलपुरको थारुहरुको पहिचान दिने सम्पदाहरु र तिनको वर्तमान अवस्था

**हरीमायाँ थनेत थारु**
मध्यबिन्दु –३ रतनपुर नवलपुर
गण्डकी प्रदेश
सम्पर्क न ९८४७१२७१८९

नवलपरासी (व.सु. पूर्व) जिल्ला नेपालको मध्य भागमा पर्दछ। संघीय गणतान्त्रिक नयाँ संरचना अनुसार यो जिल्ला गण्डकी प्रदेशको ११ जिल्ला मध्येको एउटा जिल्ला हो। यो जिल्ला गण्डकी प्रदेशको एक मात्र तराई र थारु जातिको सघन वसोबास भएको जिल्ला हो। २०६८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंखया ३,१०,८६४ मा ११.८०५ थारुको जनसंख्या रहेकोमा १०.९५ ले थारु भाषा प्रयोग गर्ने गरेको तथ्याङ्क जिल्ला परिचय मा छ। राज्यको पुनस्संरचना पछि नवलपरासी जिल्लालाई २ वटा जिल्लामा २०७२ साल भदौ २९ मा छुट्टयाई पूर्वी र पश्चिम नवलपरासी बनाइएको छ। गण्डकी प्रदेशको यस जिल्लामा चार नगरपालिका र चार गाउँपालिका गरी आठ वटा स्था नीय तहहरु रहेका छन्। यी सबै स्थानीय तहमा थारुह रुको बसोबास र यिनीहरुलाई पहिचान दिने धेरै भौतिक तथा अभौतिक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु छन्। जुन यहाँका थारुहरुको कला, सँस्कृती, परम्परा, चालचलन रीतिरिवाज, भाषा , धर्म, संस्कार तथा भेषभुषासँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा जोडिएका छन्।

थारु जाति नेपालको तराई र भित्री मधेश खोंचमा बसोबास गर्ने रैथाने आदिवासी जनजाति मध्येको एक हो। यो जाति पूर्व मेची देखी पश्चिम् महाकालीसम्मको तराई क्षेत्रमा सदयौं वर्ष देखी बसोबास गर्दै आएको एक मात्र तराइको मूलबासी हो भन्ने कुरा सर्व विदितै छ। नवलपुरमा पनि धेरै वर्षपहिले ज्यादै घना जंगल थियो भने, काला मलेरियाको प्रकोप पनि अत्यधिक थियो। यो ठाउँमा थारु बाहेक अरु जातिको मानिस बस्नै सक्दैन थिए, अरु समुदायको मानिस बसेमा मलेरिया लागेर मृत्यु हुन्थ्यो। मलेरियासँग लड्न सक्ने क्षमता भएको जात थारु नै हो। त्यो विकराल अवस्था देखि नै नवलपुर, लोकवल र चितवनमा थारुको  वसोबास थियो। यसको प्रमाणको रुपमा महाराजा थान , कुमारवर्ति माई शिरथान लगायतका नवलपुरको विभिन्न देविदेवताका थानहरु तथा शक्तिपिठहरुलाई लिन सकिन्छ। जसको मिथक किंवदन्तीहरु थारुसँग मात्र जोडिएको पाइन्छ। जसलाई यहाँको थारुहरुको पहिचान दिने धरोहरको रुपमा लिन सकिन्छ।

परापुर्वकाल देखि थारु वसोबास रहेको नवलपुरको ललपुरीया थारुहरुको १२ औं शताब्दी देखीको प्रमाण पनि छ। राजा पृथ्वी पाल सेनको पाला देखिको प्रमाण लालमोहर सुरक्षित रहेको छ। त्यती मात्र नभई ललपुरको राजा हर्दि थनेत र उनका सुपुत्र मदारी थनेतको बीच भएको युद्ध र पाल्पाका सेनवंशी राजासँग भएको वीरताको गाथा भएको गीत ूघरमारू बाट  प्रष्ट छ। यो गीत नवलपुरको थारुहरुले गाउने र नाच्ने नाचमा यो गीत फरक फरक लयमा गाउने गरिन्छ।  बिकराल अवस्था देखि नै यहाँका थारुहरुको बसाईलाई सुखमय बनाउनका लागि थारु राजगुरौहरुले प्रकृतिको पुजन गर्ने, प्राथाना गर्ने , जडिबुटी बाट डर लाग्दा रोगहरुको सफल उपचार गर्ने र आफूले स्थापना गरेको देवी देवताको थानको रेखदेख गर्ने जिम्मा राज गुरौहरुले पाएकोले अहिले पनि यो कार्यको जिम्मेवारी निभाउदै आएका छन्।

कहिल्यै पनि उचनिचको भेदभाव नगर्ने सधै सबैसँग सुमधुर सम्वन्ध राख्ने सरल स्वभावका यहाँका थारुहरुको पहिचान दिने अदृश्य अभौतिक तथा भौतिक सम्पदाहरु भने ओझेलमा पर्दै गइरहेको छ। भौतिक रुपमा देखिने मठ मन्दिर देवता थानहरु, शक्तिपिठहरु  मात्र होइन थारुहरुसँग जोडिएका प्रकृतिपुजन, प्राकृतिक विपतीलाई रोक्नका लागि गरिने पूजा जस्तै, कन्तरी पुजन लगायतका धेरै नदेखिने खालका साँस्कृतिक चालचलन र परम्पराहरु पनि छन्। यिनै संस्कार, संस्कृति, परम्परा, भाषा, चाडपर्वहरु, भेषभुषा, रीतितिथितिहरुले पहि चान दिने गर्दछन्। जुन् आज पाश्चात्य सँस्कृतिमा परिवर्तन हुदैछन् भने भौतिक रुपमा रहेको ऐतिहासिक शक्तिपिठहरु, देवता थानहरु आज

जिर्ण अवस्थामा छन् र उचित स्यारसुसार, संरक्षण र सम्वर्द्धन को अभावमा चिन्नै नसकिने अवस्थामा पुगेका छन्।

नवलपुरमा भौतिक रुपमा रहेको देवी देवताका थानहरु धेरै छन् । जस मध्ये ११ स्थानमा प्रत्येक पाँच वर्षको अन्तरालमा कन्तरी पूजा विधि विधानको साथमा गर्ने चलन परापूर्वकाल देखी को नै हो । चैत्र पूर्णिमाको अवसर मा चैत्र महिनामा  यसको पूजा सर्वप्रथम देवचुलीमा रहेको शिरथान कुवाँरवर्ति माई को पूजा पछि बाँकी अन्य ९ स्थानमा क्रमशस् पूजा गर्ने गरिन्छ । यो पूजा विधि सकिएको वर्षको जेठ महिना भित्रमा यहाँका थारुहरुको गोतिहर पटिदारको र प्रत्येक थारु परिवारको कुलपूजा (देवाई) तोकिएको राजगुरौबाट गर्ने चलन छ । कन्तरी पूजन हुने ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

**यस प्रकारका छन् ।**

१) बेवरथान (शिरथान) : देवचुलीमा अवस्थित
२) जमराँण थान : कुढौलीमा अवस्थित (कावासोती न.पा)
३) गणिवान थान : कुसनहरीमा अवस्थित (कावासोती न.पा)
४) देवीथान :  भेडावारीमा अवस्थित (गैडाकोटन.पा.)
५) शिखरवासिनी थान : रजहरमा अवस्थित(देवचुली न.पा.)
६) महादेव थान (मुकुन्दसिंह थान): सिखौलीमा अवस्थित (गैडाकोट न.पा. )
७) भागवत देवीथान : साँणमा अवस्थित कावासोती न.पा)
८) डणवर देवीथान : थारु डण्डामा अवस्थित (कावासोती न.पा)
९) मणवाभार थान : मदनपुरमा अवस्थित (मध्यबिन्दु न.पा. )
१०) जमुनीयाभार थान : कोलकट्टामा अवस्थित (मध्यबिन्दु न.पा.)
११) मान्ही खाम्हाँ थान : सर्दीमा अवस्थित (विनयीत्रिवेणी गा.पा )

माथी उल्लेखित थानमा ५/५ वर्षको अन्तरालमा कन्तरी पूजा यहाँका थारुहरुको चन्दा संकलनबाट हुने गर्दछ यि बाहेक नवलपुरमा अन्य धेरै देवी देवताका थानहरु छन् । जुन् ठाउँहरु पनि थारुहरुको पहिचान, र अस्तित्वसँग जोडिएका छन् ।  ती स्थानहरु यस प्रकारका छन् ।

१) महराजा थान २) भगराक धार ३) बरौलिक भरिया    ४) केवल माझी ५) नन्दी भौजीक पोखरी ६) कोलकटवाक जअणीया  ७) भणराक मुसहरनीया ८) कोल्हुवाक नगवाक दोनरवा ९) सोरठ मरहरीया १०) प्रत्येक गाउँक जखणी  ११) चमिनीया  थान १२) प्रभादेवी थान १३) शोभादेवी थान आदी ।

यी बाहेक यहाँका थारुहरुसँग सम्वन्ध राख्ने र पहिचान दिने सम्पदाहरु जो मूल्य मान्यता, सँस्कार, सँस्कृति, परम्परा, भाषा, धर्म चालचलन, चाडपर्वसँग छन् र यिनीह रुले पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा यहाँको थारुहरुको पहिचान दिनलाई अहम् भुमिका खेलेको पाईन्छ जुन यस प्रकारका छन् ।

१) चाडपर्वहरु  २) भाषा   ३) गित तथा नाचहरु ४) गरगहनाहरु तथा भेषभुषा ५) सँस्कार तथा सँस्कृतिहरु ६) प्राकृतिक पूजा तथा वारनाहरु   ७) लालमोहर आदि । यि सबै हाम्रा सम्पदाहरु हुन् जसले थारु हुनुमा गर्व गर्न सकिन्छ र हाम्रा पहिचान हुन् ।

**वर्तमान अवस्था**

कन्तरी पूजन गर्ने ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको अवस्थाको बारेमा सोधिखोजी गर्दा आफैलाई लाज लाग्छ कि म पनि नवलपुरको थारु हो भन्नलाई किनकी कन्तरी पूजन जस्तो ठूलो पूजा हुने स्थानहरुको लागि यहाँका थारुहरुले गाउँबाट उठाइएको केहि नगद र जिन्सी चन्दाको भरमा पूजा विधि लगायतको खर्च धान्नु पर्ने अवस्था छ । प्रकृति पूजन देखि लिएर देवी देवताको थानहरुको मानजान पूजापाठ गर्ने जिम्मा पाएका गुरौ, खोजवार, पावे र धामीलाई दिने पारिश्रमिक पनि नभएको अवस्था छ । उनीहरु आफनो कर्तव्य हो भनेर र आफनो पहिचान दिने सम्पत्ति हो भन्ने ठानेर आफनो जिम्मेवारी र भुमिका निभाईरहेका छन् । पाँच/पाँच वर्षमा हुने कन्तरी पूजामा परेको

भेटी थारु गुठी संस्थानले केही मात्रामा पूजा गर्न लाग्ने खर्च धानेको जस्तो देखिन्छ वा आफनो व्यक्तिगत स्वार्थलाई प्रयोग गर्छ यकिन छैन र हिसाव राम्रो राखेको जस्तो लाग्दैन भन्दै एक जना टिकेत गुरोले भनेको कुरा उद्धृत गरे । हुनत यी ११ वटा स्थान को व्यवस्थापन गर्नलाई थारु गुठी संस्थान समिति पनि छ तर यो समितीलाई गुठीको जग्गाको मुद्दा मामिलाले वर्षौंदेखी तारेख धाउनमा नै ठिक्क भएको छ। जिल्लाबाट पुनरावेदन हुदै सर्वोच्च सम्म तर मुद्दाको टङ्गो लाग्न सकेको छैन । अझै पनि मुद्दा चलिरहेको छ। शिरथान कुवाँरवर्ति लगायतका अन्य कन्तरी पूजन देवी देवताका थानहरुको ऐतिहासिक, धार्मिक, साँस्कृतिक, समाजिक तथा पर्यटकीय महत्व रहेपनि नेपाल सरकार बाट उचित पहल नहुंदा आज सर्दीमा अवस्थित रहेको मान्हीखाम्हाको थानमा पूजा हुन छाडेको दशकौ भइसक्यो भने अन्य ठाउँमा पूजा भएपनि ५ वर्षमा एक पटकमात्र त्यस थानमा पुग्ने र पूजा गर्ने त्यस पछि विर्से जस्तै अवस्था छ।

तकन्तरी पूजा नहुने तर यहाँको थारुहरुको गर्व लाग्ने अन्य स्थानहरु पनि छन् जुन हाम्रो सम्पदा पनि हुन् । जस्तै, महराज थान , भगराक धार, (गोसाई बाबा) भणराक मुसहरनीया, केवल माझी नन्दी भौजीक पोखरी लगायतका थानहरु र स्थानहरु जसले धेरै ऐतिहासिक महत्व बोकेका छन् । पर्यटकीय सम्भावना बोकेका छन् । ती ठाउँहरुको नाम गुमनाम हुदै गएको अवस्था छ । विरलैलाई मात्र यी ठाउँहरुको महत्व, अस्तित्व र त्योसँग जोडिएको मिथकको वारेमा थाहा छ । यी ठाउँहरुको संरक्षण प्रवर्द्धन र मानजान (पूजापाठ) सम्वन्धित गाउँकोले मात्र आफनो गाउँको चन्दाबाट मात्र निर्वाह अर्थात् परम्परा धानेका छन् । केहि गाउँहरुले त पूजापाठ गर्न पनि छाडिसकेका छन् । यी ठाउँहरुको पनि कहि कतैबाट पहल भएको देखिदैन चाहे त्यो थारु पहिचान दिने धरोहर हुन् या सबै जातजातिसँग सरोकार राख्ने धरोहर, यहाँ को सरकारलाई सत्ता जोगाउन र आफनो व्यक्तिगत स्वार्थको लागी बाहेक अन्त ध्यान गएको नै देखिदैन ।

नेपाल एउटा रंगबिरंगका फूल फूलिरहेको बगैचा हो । जहाँ धेरै जातजातिको संगम छ र सबैको आ-आफनो सँस्कार, सँस्कृति, चालचलन, रीतिरिवाज, परम्परा, भाषा ,भेषभुषा, चाडपर्व र मूल्यमान्यताहरु छन् । यी भनेका हामी सबै को गहना हुन्, पहिचान हुन् तर आज ती सँस्कृतिहरु पाश्चात्य सँस्कार र सँस्कृतिमा परिणत भएर डुवुल्की मारिरहे का छन् । परिवर्तनशील समय परिस्थिति र प्रविधि अनुसार परिवर्तन हुन जरुरी छ तर आफूलाई पहिचान दिने कतिपय राम्रा सँस्कृतिलाई पनि साथसाथै लैजान जरुरी छ भन्ने कुरा नयाँ पुस्ताले पनि वुझ्न जरुरी छ र बिर्सन पनि हुदैन । सन्दर्भ, नवलपरासी पूर्वी जिल्ला नवलपुरको थारुको हो । यहाँ नवलपुरमा थारु समुदायसँग मात्र सम्वन्ध राख्ने चाडपर्वहरु छन् जुन आज मनाउन छाडिएको छ । मनाए पनि वास्तविक सँस्कृति भन्दा फरक छ । फरक तरिकाले मनाउंदा बास्तविक सँस्कृति नै ओझेलमा छ । धान रोप्न शुरु गर्ने विधि गौगण भनेको के हो ? आजका नयाँ पुस्तालाई थाहा नै छैन ् । अनत पर्वको भोदी, अमोशा पर्वको भोजनी र शितशितरान पितपितरान अनि सोहराइ पर्व (तिहार) को दिउलीवाती सबै हराउने अवस्थामा छ । जितीया पर्वमा नाचिने झम्टा नाच र गीत हजुरआमा र आमाहरुले धानेको अवस्था छ । व्रत बस्ने चलन त नाम मात्रमा सीमित छ । जितीयामा ब्रत बस्ने दिदीबहिनीहरु मुशिकलले एउटा गाउँमा ४ र ५ जना मात्रै भेटिन्छन् र ती ४र५ जनालाई जितीया व्रत कथा सुनाई पूजा विधि गराउने कथाकार पनि पाउनै गा(हो छ । व्रत पनि कसरी बसुन् ? आज कल जितीया पर्वमा नै बच्चाहरुको परीक्षा चलिरहेको हुन्छ । २८ र ३० घण्टाको व्रत वस्ने कि परीक्षाको तयारी गर्ने अन्यौल छ । त्यसैगरी, दशैमा धुसुरा (कुभिन्डो) को बली दिन विर्सिसकेको अवस्था छ । अनि यी चाडपर्वसँग जोडिएको चालचलन परम्परा गीत नाच पनि विस्तारै हराउदै लोप हुदै छन् । नयाँ पूस्तालाई न त चासो नै छ न त फुर्सद नै । गरगहना र भेषभुषा पनि बनावटी भएका छन् र लगाउने तरिकाबाट नै यसको बास्तविकता र आधुनिकताको बारेमा विश्लेषण गर्न सकिन्छ।

विषम् परिस्थतीमा वा महामारी फैलिदा वारना गर्ने चलन हुन्छ जसलाई अहिको लकडाउनसँग झण्डै झण्डै तुलना गर्न मिल्छ । किनकी वारनामा पनि घर वाहिर जान नहुने र रोग नसर्ने सम्भावना हुने विश्वास हुन्छ तर आज यो चलन पनि सकिदैछ । रोग व्याधी रोक्न , बालीनाली सर्पान गरिने जखोण वारना, लेरुई वारना, मानभाक वारना, हरेरी धपेरी वारना गर्न धेरै जसो गाउँले छोडिसकेको अवस्था छ । जन्म देखी मृत्युसम्मको सँस्कारमा परिवर्तन देख्न

सकिन्छ । नवलपुरमा विहे भोज गर्न सजिलो थियो दाइजोको रुपमा वेहुलीलाई एउटा थाल र लोटा बाहेक अरु दिने चलन थिएन तर आज होडवाजी हुन्छ । पढनाखी पढने चलन र माङर गाउने चलन हराइसकेको छ । हामी आफैले हाम्रा पहिचान मेटाइरहेका छौं । अनि पहिचान भएन हाम्रो भन्न मिल्छ कि मिल्दैन ? आफै विचार गरौं ।
मेणरी नाच, रसधारी नाच, जोगेणा नाच, झुमरा नाचमा महिला होइन पुरुषहरु नचनिया बनेर नाच्नु यहाँको वास्तविकता हो तर आज परम्परा धान्न र पहिचान जोगाउन महिलाहरु अग्रसर हुनु पर्ने वाध्यता छ । ठूला ठूला गीतहरु जस्तै, उदाश, चेरई, घरमार, महाभार, रमायण, चणिवर, जोगिनी, लिरा ,बारीभुरी, बरमासा, चाचर, मघौ चैतवारी , लाला, ललनारी,विरहुनी,वदहा, चिरादेव,कलीका जस्ता महत्वपूर्ण गितहरु लोपोन्मुख अवस्थामा छन् । रौरा र रौरिन (गित जान्ने पुरुष र महि ला) भेट्नै मुश्किल छ । नवलपुरको थारुहरुको प्रमाण र पहिचान लालमोहर पनि कहाँ कुन अवस्थामा छ ? भन्ने कुरा को जानकारी पनि सबैमा छैन ।

भाषा र भेषभुषा पनि कुनै पनि जातिको मुख्य र महत्वपूर्ण पहिचान दिने तत्व हो भाषा भएन भने जाति नै हराउने हुन्छ । पहिचान रहदैन । भनिन्छ, कुनै पनि जातिको पहिचान मेटाउन छ भने उसको मातृभाषा मेटाइदिनु पर्छ र उसको पहिचान दिने तत्व नै रहदैन अनि त्यसको अस्तित्व नै हराए सरह हुन्छ । सायद यस्तो महसुस सबैलाई हुन्छ होला । नवलपुरको थारुहरुको पहिचान दिने यहाँको मातृभाषा थारु भषा पनि हो । तर आज यसको अवस्था र राज्यले गरेको त्रुटिपूर्ण अध्ययन र विश्लेषणको कारण नवलपुरमा थारु नै छैन कि जस्तो पीडाको अनुभुती सबै लाई गरायो । राज्यको पुनस्संरचना पछि नवलपुर गण्डकी प्रदेशमा पर्छ । यहाँ प्रदेश परिचयमा २०६८को जनगणना अनुसार १.६८ प्रतिशत थारुको जनसंख्या रहेको तथ्याङक छ भने जिल्ला परिचय मा पूर्वी नवलपरासीको जनसंख्या २०६८को जनगणना अनुसार ११.९५प्रतिशत रहेको उल्लेख छ । तर २०७८ भाद्र २१ गतेको भाषा आयोगले निकाले को सरकारी कामकाजी भाषा प्रतिवेदनमा गण्डकी प्रदेशमा भोजपूरी भाषिक समुदायको न्यून उपस्थिती भएपनि भोजपुरी भाषालाई कामकाजी भाषा तोकिदिए पश्चात्  यहाँको थारुको अस्तित्व र पहिचान कहाँ रहयो र ? भन्ने प्रश्न आज सबैको मनमा छ जो अझै पनि अनुत्तरित छ । यहि कारणले यहाँको था.क.स.का पदाधिकारीहरुलाई आफनो समुदायको पहिचान खोज्न  भाषा आयोग काठमाण्डौसम्म पुग्नु पर्ने बाध्यता आइलाग्यो । यो त राज्यको त्रुटी थियो तर हामी थारु मातृभाषीहरुले पनि दिनदिनै आफ्नो भाषालाइ विर्सदै गएको अवस्था पनि डर लाग्दो नै छ । किनभने, यो आधुनिक परिवेशको सेरोफेरोमा नेपाली पहिलो भाषा र थारु दोस्रो भाषा भइरहेको अवस्था छ । बच्चाहरुलाई पहिला नेपाली भाषा सिकाइदै छ अनि त्यसपछि मात्र थारु चाहे त्यो सँस्कृतिविद्को घरपरिवारमा होस् या साधारण परिवारमा ।

जुनसुकै जातको भाषा,सँस्कृति, सँस्कार, भौतिक तथा अभौतिक सम्पदा जो जससँग सम्बन्ध राखे पनि ती भनेका सबै सिङ्गो नेपालको सम्पदा हुन् । सकरात्मक सन्देश दिने खालका सबै मूल्य मान्यताहरु, रीतिथिति, चालचलन, भाषा, सँस्कृति, धर्म र परम्परा हाम्रा अमूल्य सम्पति हुन् भन्ने कुरा सबैले बुझ्न जरुरी छ । यी सम्पदाहरुको संर क्षण र सम्वर्द्धन गर्न सकेको खण्डमा सबै जात जातिको पहिचान संरक्षण हुनुको साथै राष्ट्रको पर्यटकीय क्षेत्रमा ठूलो टेवा पुग्नेछ । पूर्वि नवलपरासीमा रहेको ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको समयमा नै सम्बन्धित सबै सरकारी, गैरसरकारी निकाय लगायत यहाँका सबै समुदायले ध्यान दिन सकेमा आर्थिक, समाजिक, साँस्कृतिक र पर्यटकीय क्षेत्रमा विकास हुनेछ र सामाजिक सद्भावलाई अझ मजवुत बनाउन सकिने विश्वास राख्न सकिन्छ ।

# थारू राजनीतिः मन्त्री र सांसदहरु

नामः लक्की चौधरी
ठेगानाः उर्मा ४, कैलाली ।
फोनः ९८५८४२११६८
इमेलः lucky2035@gmail.com

थारू समुदायका प्रतिनिधिहरु नेपाली राजनीतिमा होमिएको लामै समय भयो । पञ्चायतकालदेखि अहिले को लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासम्म कुनै न कुनैरुपमा थारूको सहभागिता राज्य संयन्त्रमा रहेकै छ । २०१३ सालदेखि २०७८ सम्मको ६५ वर्षिय शासन व्यवस्थामा कुनै न कुनै मन्त्रीको जिम्मेवारीमा थारू नेताहरु रहँदैआए । सोअघि सामाजिक संस्थाकोरुपमा भएपनि थारू प्रतिनिधिहरु राजनीतिक चेतनास्तर बृद्धि गर्दैआएका थिए । राणा शासनकालमा थारू प्रतिनिधिहरु उनीहरुका विश्वासपात्र सेवक थिए । पञ्चायतकालमा वडा, नगर, जिल्ला, संसददेखि मन्त्रीसम्मको नेतृत्वमा दरिए । वि.सं. २००५ सालमा थारू कल्याणकारिणी सभा (थाकस) नामक सामाजिक संस्था गठन गरेर थारू हकहित तथा जनचेतना बृद्धिमा अभियान नै चलाए । त्यो समय नेपालमा नेपाल कम्युनिष्ट पार्टी गठनभन्दा अघिको हो । वि.सं. २००६ वैशाख १० गतेमात्र नेपाल कम्युनिष्ट पार्टी गठन भएको थियो । सोअघि नेपालकै सबैभन्दा पुरानो दल नेपाल प्रजा परिषद वि.सं. १९९३ मा गठन भइसकेको थियो । पछि प्रजापरिषदसहित नेपाली काँग्रेस २००३ सालमा गठन भयो । सोही दल सँगसँगै स्थापित सामाजिक संस्था थाकसमा आवद्ध थारू नेताहरु पटक पटक नेपाली राजनीतिक् ओहदामा पुगे । तर उनीहरु नेपाली राजनीतिमा स्थापित हुन सकेनन् । नेपाल प्रजा परिषद, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीमा आवद्ध समकालिन नेताहरु देशको प्रधानमन्त्री, राष्ट्रपति र मन्त्रीको जिम्मेवारीहुँदै अहिलेका प्रमुख पार्टीका नेतृत्वमा छन् । समकालिन थारू नेताहरु भने गुमनाम भए । राजनीतिक भेउ पाएका अहिलेका थारू हरुलाई यो विषय चासो हुनु अस्वभाविक होइन ।

**किन गुमनाम**

थारू प्रतिनिधिहरुको सहभागिता नेपाली राजनीतिमा नभएको होइन । नेतृत्वदायी रुपले नभएको हो । अरुको पिछलग्गु हुनु र स्वयम्ले नेतृत्व गर्नु फरक कुरा हो । तराईका सिधासादा थारू समुदायका प्रतिनिधिलाई पहिलो कुरा त राजनीति बुझ्नै समय लाग्यो । संगठन, समाज, राजनीति र शासन व्यवस्थाबारेमा धेरै कमले चासो देखाए । चासो नहुनु पछाडिको राज शिक्षाको कमी प्रमुख हो । आफू स्वयम्मा कन्फिडेन्स नहुनु नै अरुको आश्रयमा चल्नु हो । थारूसँग प्रशस्त जग्गा जमिन र चलअलच सम्पत्ति थिए । सम्पत्तिको कुनै कमी थिएन । ती सम्पत्तिलाई नगदमा मोलमोलाई गर्न जानेनन् । खेतबारीमा उत्पादित अन्न बजारमा विक्री हुन्छ र पैसा आउँछ सम्मको भेउ थिएन । अन्नपात घरमा राख्ने ठाउँ छैन, तर त्यसको बजारभाउबारे मेसो नै पाएनन् । उत्पादित अन्न र सब्जीहरु मुफ्तमा वितरण गरिदिन्थे । प्रशस्त जग्गा जमिन भएकाले कतिपयले पहाडबाट झरेका गैरथारू सँग "मीत" लाउँदै उपहार दिए । शिक्षादिक्षा आर्जनमा सन्तानलाई लगाएनन् । हलो जोत्न र खेतीपातीको तौरतरिका मात्र सिकाए । 'पढ्ना लिख्ना कौनो काम, हँर जोतो धानैधान' थेगो नै गाउँघरमा प्रचलित थियो, अद्यापि छ । आफ्नो नाम लेख्ने र गीतबाँसका लागि साधारण लेखपढ गरे पुग्छ भन्ने चेतनास्तरले काम गरेको देखिन्छ । त्यो चेतनाले खेतबारी सम्हाल्नमा त समस्या पारेन । तर शिक्षाको अभावले कलान्तरमा थारू लाई हरेक क्षेत्रमा पछाडि पार्दैआयो । आफ्नो थातथलोबाट दायाँबायाँ गर्दै नगर्ने, समाजमा, देशमा के कस्ता घटनाहरु घटिरहेका छन्, कस्तो शासन व्यवस्था चलिरहेको छ, राजनीतिक सूचनासम्म नपाउने थारू  समुदाय गुमनम भएरै समय गुजारे । अद्यापि थारू गाउँका केही सदस्यहरुलाई संविधान, ऐन कानूनबारे कुनै ज्ञान र चासो छैन । अर्थात् जानकारी नै छैन । त्यही अज्ञानता र चेतनाको कमीले लामो समय थारू समुदाय अरु समुदायको शोषणमा पर्दैआए । राजनीतिक चेतना नआउनु, शासन व्यवस्थामा थारू को सहभागिता नहुनु, नेतृत्वदायी क्षमता बृद्धि नहुनु र थारू  नेताहरु गुमनाम हुनुको कारण यी पक्ष बलिया छन् ।

**को को बने मन्त्रीः**

वि.सं. २००७ सालको परिवर्तनपछि फागुन ७ गते मोहन शमशेर जवराको नेतृत्वमा गठित पहिलो मन्त्रीमण्डलमा कोही थारू मन्त्री भएनन् । त्यस्तै, २००८ मंसिर १ गते मातृकाप्रसाद कोइरालाको नेतृत्वमा गठित अर्को मन्त्रीमण्डलमा पनि थारू हरु शुन्य रहे । २०१० साल असार ४ गते गठन भएको मातृकाप्रसाद कोइराला नेतृत्वको अर्को सरकारमा समेत थारू अटाएनन् । त्यस्तै, २०१२ माघ १३ गते टंकप्रसाद आचार्यको नेतृत्वमा गठित सरकारमा पनि थारू को सहभागिता शुन्य रह्यो । २०१३ माघ २३ गते आचार्यको मन्त्रीपरिषद विस्तार हुँदा छिमानन्द महतो थारू (कैलाली) स्थानीय प्रशासन मन्त्रालयको उपमन्त्री हुनुभयो । थारूबाट मन्त्रीको जिम्मेवारीमा आएको पहिलो थारू  नै महतो बन्नुभयो । सोपछि २०१४ साउन ११ गते कुँवर इन्द्रजीत सिंहको नेतृत्वमा अर्को मन्त्रीमण्डल गठन भयो । त्यसमा रामाधीन महतो थारू वनमन्त्रीको जिम्मेवारीमा आउनुभयो । थारू समुदायबाट दोस्रो मन्त्रीको पगरी महतोले लाउनुभयो ।

२०१५ जेठ २ गते सुवर्ण शमशेर जवराको नेतृत्वमा अर्को सरकार गठन भयो । त्यसमा कोही थारू मन्त्री हुन सक्नु भएन । २०१६ जेठ १३ गते विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा पुनः अर्को सरकार गठन भयो । सो सरकारमा परशुनारायण चौधरी (दाङ) शिक्षा मन्त्रीको जिम्मेवारीमा आउनुभयो । चौधरी तेस्रो थारू मन्त्रीको पगरी लगाउनुभयो । पञ्चायतअघिको सरकारमा मन्त्री हुने तीन थारू  उहाँहरु नै हुनुहुन्थ्यो । सोपछि थारूबाट को को मन्त्री बन्नुभयो हेर्नुहोस् तलको सुची ।

| क्र.सं. | व्यक्तिको नाम | पाएको जिम्मेवारी र वर्ष | कैफियत |
|---|---|---|---|
| १ | छिमानन्द महतो | स्थानीय प्रशासन मन्त्रालय, उपमन्त्री २०१३ | कैलाली |
| २ | रामाधीन महतो | वनमन्त्री २०१४ | चितवन |
| ३ | परशुनारायण चौधरी | शिक्षामन्त्री २०१६ | दाङ |
| ४ | लबरु राना थारू | सहायक वनमन्त्री २०३१ | कञ्चनपुर |
| ५ | लवरु राना थारू | सहायक भूमिसुधार मन्त्री २०३२ | कञ्चनपुर |
| ६ | लवरु राना थारू | सहायक निर्माण तथा यातायात मन्त्री २०३३ | कञ्चनपुर |
| ७ | शालीग्राम चौधरी | सहायक स्वास्थ्य मन्त्री २०३४ | वर्दिया |
| ८ | सन्तकुमार चौधरी | सहायक स्वास्थ्य मन्त्री २०३६ | चितवन |
| ९ | फत्तेसिंह थारू | सञ्चार राज्यमन्त्री २०३८ | बाँके |
| १० | चन्द्रदेव चौधरी | स्थानीय विकास सहायक मन्त्री २०३८ | पर्सा |
| ११ | फत्तेसिंह थारू | शिक्षा तथा संस्कृति राज्यमन्त्री २०४० | बाँके |
| १२ | परशुनारायण चौधरी | बाणिज्य मन्त्री २०४० | दाङ |
| १३ | लबरु राना थारू | भूमीसुधार राज्यमन्त्री २०४० | कञ्चनपुर |
| १४ | परशुनारायण चौधरी | बाणिज्य र आपूर्ति मन्त्री २०४१ | दाङ |
| १५ | लबरु राना थारू | भूमिसुधार राज्यमन्त्री २०४१ | कञ्चनपुर |
| १६ | मोहनलाल प्रसाद चौधरी | कृषि सहायक मन्त्री २०४१ | पर्सा |
| १७ | परशुनारायण चौधरी | आपूर्ति मन्त्री २०४३ | दाङ |
| १८ | परशुनारायण चौधरी | बाणिज्य श्रम तथा सामाजिक कल्याण मन्त्री २०४३ | दाङ |
| १९ | परशुनारायण चौधरी | शिक्षा तथा संस्कृति मन्त्री २०४६ | दाङ |
| २० | फत्तेसिंह थारू | कृषि मन्त्री २०४६ | बाँके |

| | | | |
|---|---|---|---|
| २१ | विजयकुमार गच्छदार | सञ्चार राज्यमन्त्री २०४८ | सुनसरी |
| २२ | सुरेन्द्रप्रसाद चौधरी | वाणिज्य तथा आपूर्ति सहायक मन्त्री २०४८ | पर्सा |
| २३ | विजयकुमार गच्छदार | निर्माण तथा यातायात मन्त्री २०५२ | सुनसरी |
| २४ | फत्तेसिंह थारू | वाणिज्य मन्त्री २०५२ | बाँके |
| २५ | दुर्योधन चौधरी | महिला तथा समाज कल्याण सहायक मन्त्री २०५२ | |
| २६ | ज्योतेन्द्रमोहन चौधरी | श्रम सहायक मन्त्री २०५२ | रुपन्देही |
| २७ | विजयकुमार गच्छदार | निर्माण तथा यातायात मन्त्री २०५३ | सुनसरी |
| २८ | फत्तेसिंह थारू | कृषि मन्त्री २०५३ | बाँके |
| २९ | दुर्योधन चौधरी | निर्माण तथा यातायात सहायक मन्त्री २०५३ | |
| ३० | ज्योतेन्द्रमोहन चौधरी | युवा, खेलकुद तथा संस्कृति सहायकमन्त्री २०५३ | रुपन्देही |
| ३१ | महेश चौधरी | स्थानीय विकास राज्यमन्त्री २०५३ | दाङ |
| ३२ | ज्योतेन्द्रमोहन चौधरी | वाणिज्य राज्यमन्त्री २०५४ | रुपन्देही |
| ३३ | महेश चौधरी | स्थानीय विकास राज्यमन्त्री | दाङ |
| ३४ | ज्योतेन्द्रमोहन चौधरी | विना विभागीय मन्त्री २०५४ | रुपन्देही |
| ३५ | फत्तेसिंह थारू | उद्योग मन्त्री २०५४ | बाँके |
| ३६ | विजयकुमार गच्छदार | निर्माण तथा यातायात मन्त्री २०५४ | सुनसरी |
| ३७ | फत्तेसिंह थारू | रक्षा मन्त्री २०५४ | बाँके |
| ३८ | पदमनारायण चौधरी | उद्योग राज्यमन्त्री २०५४ | सिराहा |
| ३९ | रामजनम चौधरी | सामान्य प्रशासन सहायकमन्त्री २०५४ | कैलाली |
| ४० | विजयकुमार गच्छदार | निर्माण तथा यातायात मन्त्री २०५५ | सुनसरी |
| ४१ | रामजनम चौधरी | शिक्षा सहायक मन्त्री २०५५ | कैलाली |
| ४२ | लक्ष्मीनारायण चौधरी | उद्योग सहायक मन्त्री २०५५ | उदयपुर |
| ४३ | विजयकुमार गच्छदार | पर्यटन तथा नागरिक उड्डयन मन्त्री २०५६ | सुनसरी |
| ४४ | सुरेन्द्रप्रसाद चौधरी | विज्ञान तथा प्रविधि राज्यमन्त्री २०५६ | पर्सा |
| ४५ | विजयकुमार गच्छदार | जलश्रोत मन्त्री २०५६ | सुनसरी |
| ४६ | सुरेन्द्रप्रसाद चौधरी | विज्ञान तथा प्रविधि मन्त्री २०५६ | पर्सा |
| ४७ | सुरेन्द्रप्रसाद चौधरी | विज्ञान तथा प्रविधि मन्त्री २०५७ | पर्सा |
| ४८ | विजयकुमार गच्छदार | जलस्रोत मन्त्री २०५८ | सुनसरी |
| ४९ | रामजनम चौधरी | भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री २०५८ | कैलाली |
| ५० | हरिनारायण चौधरी | सूचना तथा सञ्चार राज्यमन्त्री २०५८ | मोरङ |
| ५१ | गोपाल दहित | जनसंख्या तथा वातावरण सहायक मन्त्री २०५९ | बर्दिया |
| ५२ | उमाकान्त चौधरी | कृषि तथा सहकारी सहायक मन्त्री २०६१ | बारा |
| ५३ | गोविन्द चौधरी | कृषि तथा सहकारी सहायकमन्त्री २०६२ | रौतहट |
| ५४ | प्रभुनारायण चौधरी | भूमीसुधार तथा व्यवस्था मन्त्री २०६३ | सप्तरी |
| ५५ | विजयकुमार गच्छदार | भौतिक योजना तथा यातायात मन्त्री २०६५ | सुनसरी |

| | | | |
|---|---|---|---|
| ५६ | रामचरण चौधरी थारू | महिला, बालबालिका तथा समाजकल्याण मन्त्री २०६५ | वर्दिया |
| ५७ | विजयकुमार गच्छदार | उपप्रधानमन्त्री, भौतिक योजना तथा निर्माण २०६५ | सुनसरी |
| ५८ | उमाकान्त चौधरी | स्वास्थ्य तथा जनसंख्या मन्त्री २०६५ | बारा |
| ५९ | गोविन्द चौधरी | शिक्षा राज्यमन्त्री २०६५ | नवलपरासी |
| ६० | रामचरण चौधरी | भूमीसुधार तथा व्यवस्था मन्त्री २०६६ | वर्दिया |
| ६१ | भगवती चौधरी | वन तथा भूसंरक्षण राज्यमन्त्री २०६६ | सुनसरी |
| ६२ | विजयकुमार गच्छदार | उपप्रधानमन्त्री, गृह रक्षा र वातावरण २०६९ | सुनसरी |
| ६३ | विष्णुप्रसाद चौधरी | वाणिज्य तथा आपूर्ति राज्यमन्त्री २०६९ | वर्दिया |
| ६४ | भीमराज चौधरी राजवंशी | गृह राज्यमन्त्री २०६८ | झापा |
| ६५ | विजयकुमार गच्छदार | उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात २०७२ | सुनसरी |
| ६६ | रामजनम चौधरी | स्वास्थ्य मन्त्री २०७२ | कैलाली |
| ६७ | मञ्जुकुमारी चौधरी | सहरी विकास राज्यमन्त्री २०७२ | उदयपुर |
| ६८ | गौरीशंकर चौधरी | कृषि विकास मन्त्री २०७३ | कैलाली |
| ६९ | विजयकुमार गच्छदार | उपप्रधानमन्त्री, संघीय मामिला तथा स्थानीय २०७४ | सुनसरी |
| ७० | गोपाल दहित | भूमिसुधार तथा व्यवस्था मन्त्री २०७४ | वर्दिया |
| ७१ | सन्तकुमार थारू | पशुपन्छी विकास मन्त्री २०७४ | वर्दिया |
| ७२ | डिल्लीबहादुर चौधरी | श्रम तथा रोजगार राज्यमन्त्री २०७४ | दाङ |
| ७३ | तेजुलाल चौधरी | युवा तथा खेलकुद राज्यमन्त्री २०७४ | सप्तरी |
| ७४ | जनकराज चौधरी | संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री २०७४ | कैलाली |
| ७५ | सुमित्रा थरुनी | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री २०७४ | सप्तरी |
| ७६ | रामकुमारी चौधरी | कृषि, भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री २०७५ | सुनसरी |
| ७७ | गौरीशंकर चौधरी | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री २०७७ | कैलाली |
| ७८ | उमाकान्त चौधरी | खानेपानीमन्त्री २०७८ | बारा |

**स्रोतः नेपाल सरकार राजपत्र ।**

सरकारमा मन्त्रीको जिम्मेवारीमा अहिलेसम्म ७८ पटक थारू प्रतिनिधि देखिए पनि त्यसको अनुभूति थारू समुदायलाई भएन । मन्त्री भएको अनुभूति हुने व्यक्तिलाई मात्र भएको होला । यी माथिको सूचीमध्ये सबैभन्दा माथिल्लो पदमा उपप्रधानमन्त्री हुन सफल विजयकुमार गच्छदार हुनुहुन्छ । उहाँ पटक पटक मन्त्री पदमा पुग्नुभएको छ । उहाँले सधैं भन्ने गर्नुहुन्छ, “मैले जुनरुपमा राजनीतिक उचाई कायम गरेको छु, त्यो उचाई कायम गर्न अन्य थारू लाई अझै ५० वर्ष राजनीति गर्नुपर्छ ।” अब उप्रान्त थारू समुदायबाट पहिलो पटक देशको प्रधानमन्त्री हुने एकमात्र चाहना भएको गच्छदारले कार्यक्रममा सुनाउने गर्नुभएको छ । त्यो चाहना पूरा होला नहोला भन्न सकिदैन । यद्यपि गच्छदार थारू समुदायकै प्रतिनिधि भएपनि उहाँलाई मधेसी ज्यादा, थारू कम भनेर पहिचान गर्छन् थारूहरुले । यसअघि उहाँले मधेसी जनअधिकार फोरम, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) र नेपाल लोकतान्त्रिक फोरम नामको पार्टी आफ्नै नेतृत्वमा चलाइसक्नु भएको छ । २०७४ साउन ३० गते गच्छदारले सो पार्टी नेपाली कांग्रेसमा समाहित गर्नुभयो । कांग्रेसबाटै प्रधानमन्त्री बन्ने उहाँको सपना पूरा होला नहोला भन्न सकिन्न । नेकपा (एमाले), नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) मा थारू नेताहरुको प्रतिनिधित्व भएपनि नेतृत्वदायी हुन बाँकी छ ।

**को को भए सांसदः**

२०१५ सालको पहिलो संसदीय निर्वाचनदेखि २०७४ सम्म भएको संसदीय निर्वाचनबाट संयौं थारू सांसद भएका छन् । यद्यपि सबै सांसदलाई मन्त्रीको जिम्मेवारी प्राप्त हुने कुरा भएन । केही सांसदबाटै हराए । कोही मन्त्री भएर पनि गुमनाम बने । सरकारी जिम्मेवारी सम्हालिसकेका थारू अगुवाहरुले राजनीतिकरुपमा नेतृत्व लिन सक्नुपर्ने थियो । तर त्यसो देखिएन । कोही प्रयासरत भने हुनुहुन्छ । हेरौं को को भए अहिलेसम्म सांसद ।

**तालिका २**

| क्र.सं. | व्यक्तिको नाम | दलको नाम | सांसद भएको वर्ष |
|---|---|---|---|
| १ | चेतुलाल चौधरी | नेपाली कांग्रेस | २०१५ |
| २ | हरिलाल चौधरी | स्वतन्त्र | २०१५ |
| ३ | मुनिलाल थारू | नेपाल राष्ट्रवादी परिषद | २०१५ |
| ४ | परशुनारायण चौधरी | नेपाली कांग्रेस | २०१५ |
| ५ | चैत्यलाल चौधरी | राष्ट्रिय पञ्चायत सदस्य | २०२४ (मनोनित), २०३१ (निर्वाचित) |
| ६ | लगनलाल चौधरी | " | २०३० र २०३३ (निर्वाचित) |
| ७ | शालीग्राम चौधरी | " | २०३३ निर्वाचित |
| ८ | शीवलाल चौधरी | " | २०३३ निर्वाचित |
| ९ | सन्तकुमार चौधरी | " | २०३५ निर्वाचित |
| १० | हरिशरणप्रसाद चौधरी | " | २०१९ निर्वाचित |
| ११ | चन्द्रदेव चौधरी | " | २०३८ निर्वाचित |
| १२ | चन्द्रनारायण चौधरी | " | २०३८ निर्वाचित |
| १३ | परशुनारायण चौधरी | " | २०३८ मनोनित |
| १४ | पुहातु चौधरी | " | २०३८ निर्वाचित |
| १५ | फत्तेसिंह थारू | " | २०३८ निर्वाचित |
| १६ | मोहनलालप्रसाद चौधरी | " | २०३८ निर्वाचित |
| १७ | लबरु राना थारू | " | २०३८ निर्वाचित |
| १८ | सन्तकुमार चौधरी | " | २०३८ निर्वाचित |
| १९ | त्रियुगीनारायण चौधरी | " | २०३८ निर्वाचित |
| २० | चन्द्रदेवप्रसाद चौधरी | " | २०४३ निर्वाचित |
| २१ | जयप्रकाश चौधरी | " | २०४३ निर्वाचित |
| २२ | परशुनारायण चौधरी | " | २०४३ निर्वाचित |
| २३ | फत्तेसिंह थारू | " | २०४३ निर्वाचित |
| २४ | भजनलाल राना थारू | " | २०४४ मनोनित |
| २५ | श्यामलाल तवदार थारू | संसद सदस्य (नेका) | २०४८ निर्वाचित |
| २६ | विजयकुमार गच्छदार | " | २०४८ निर्वाचित |
| २७ | लक्ष्मीनारायण चौधरी | " (एमाले) | २०४८ निर्वाचित |

| | | | |
|---|---|---|---|
| २८ | हीरालाल चौधरी | " | २०४८ निर्वाचित |
| २९ | दुर्गानन्दप्रसाद सिंह थारू | " (नेका) | २०४८ निर्वाचित |
| ३० | पद्‌मनारायण चौधरी | " | २०४८ निर्वाचित |
| ३१ | ब्रम्हनारायण चौधरी थारू | " | २०४८ निर्वाचित |
| ३२ | सोहनप्रसाद चौधरी | " (एमाले) | २०४८ निर्वाचित |
| ३३ | सुरेन्द्रप्रसाद चौधरी | " (नेका) | २०४८ निर्वाचित |
| ३४ | मझिलाल थारू थानेत | " (एमाले) | २०४८ निर्वाचित |
| ३५ | त्रियुगीनारायाण चौधरी | " नेपाल सदभावना पार्टी | २०४८ निर्वाचित |
| ३६ | सन्तप्रसाद चौधरी | " | २०४८ निर्वाचित |
| ३७ | हरिप्रसाद चौधरी | " (नेका) | २०४८ निर्वाचित |
| ३८ | रामजनम चौधरी | " | २०४८ निर्वाचित |
| ३९ | विजयकुमार गच्छदार | " नेका | २०५१ निर्वाचित |
| ४० | लक्ष्मीनारायण चौधरी | " एमाले | " |
| ४१ | दानालाल चौधरी | " एमाले | " |
| ४२ | गंगाप्रसाद चौधरी | " एमाले | " |
| ४३ | पद्‌मनारायण चौधरी | " नेका | " |
| ४४ | सुरेन्द्रप्रसाद चौधरी | " नेका | " |
| ४५ | मझिलाल थारू थनेत | " एमाले | " |
| ४६ | ज्योतेन्द्रमोहन चौधरी | " स्वतन्त्र | २०५१ मा निर्वाचित |
| ४७ | हरिप्रसाद चौधरी | " नेका | " |
| ४८ | फत्तेसिंह थारू | " राप्रपा | " |
| ४९ | काशीराम थारू | " एमाले | " |
| ५० | रामजनम चौधरी | " नेका | " |
| ५१ | चक्रबहादुर डंगौरा थारू | " एमाले | " |
| ५२ | हरिनारायण चौधरी | " नेका | २०५६ मा निर्वाचित |
| ५३ | विजयकुमार गच्छदार | " नेका | " |
| ५४ | रामकुमार चौधरी | " नेका | " |
| ५५ | स्मृतिनारायण चौधरी | " नेका | " |
| ५६ | उमाकान्त चौधरी | " नेका | " |
| ५७ | सोहनप्रसाद चौधरी | " एमाले | " |
| ५८ | सुरेन्द्रप्रसाद चौधरी | " नेका | " |
| ५९ | दानबहादुर चौधरी | " एमाले | " |
| ६० | मंगलप्रसाद थारू | " नेका | " |
| ६१ | रामजनम चौधरी | " नेका | " |
| ६२ | इन्द्रजीत थारू | " नेकपा माओवादी | २०६३ अन्तरिम संसद |

| | | | |
|---|---|---|---|
| ६३ | उमाकान्त चौधरी | " नेका | " |
| ६४ | गोविन्द थारू | " | " |
| ६५ | दानबहादुर चौधरी | " | " |
| ६६ | पार्वती चौधरी | " एमाले | " |
| ६७ | पुरन राना थारू | " माओवादी | " |
| ६८ | मोतीदेवी चौधरी | " | " |
| ६९ | मंगलप्रसाद थारू | " नेका | " |
| ७० | रामकुमार चौधरी | " | " |
| ७१ | रामचरण चौधरी थारू | " माओवादी | " |
| ७२ | रामजनम चौधरी | " नेका | " |
| ७३ | रुपा चौधरी | " माओवादी | २०६३ मा निर्वाचित |
| ७४ | विजयकुमार गच्छदार | " नेका | " |
| ७५ | सरस्वती चौधरी | " | " |
| ७६ | सुरेन्द्रप्रसाद चौधरी | " नेका | " |
| ७७ | सोहनप्रसाद चौधरी | " एमाले | " |
| ७८ | स्मृतिनारायण चौधरी | " नेका | " |
| ७९ | हरिनारायण चौधरी | " | " |
| ८० | विजयकुमार गच्छदार | " मजफो नेपाल | २०६४ मा निर्वाचित |
| ८१ | उमाकान्त चौधरी | " नेका | " |
| ८२ | लालमणी चौधरी | " एमाले | " |
| ८३ | इन्द्रजीत थारू | " माओवादी | " |
| ८४ | विष्णुप्रसाद चौधरी | " माओवादी | " |
| ८५ | सन्तकुमार थारू | " माओवादी | " |
| ८६ | रामचरण चौधरी थारू | " माओवादी | " |
| ८७ | रुपा चौधरी | " माओवादी | " |
| ८८ | वीरमान चौधरी | " माओवादी | " |
| ८९ | कृष्णकुमार चौधरी | " माओवादी | " |
| ९० | पुरन राना थारू | " माओवादी | " |
| ९१ | देवीलाल चौधरी | " माओवादी | " |
| ९२ | बुधनीदेवी महतो थारू | " माओवादी | " समानुपातिक |
| ९३ | लक्ष्मीकुमारी चौधरी | " माओवादी | " समानुपातिक |
| ९४ | सुकदैया चौधरी | " माओवादी | " |
| ९५ | सन्तोष थारू | " माओवादी | " |
| ९६ | पट्टु थारू | " माओवादी | " |
| ९७ | सुन्दरा थारू | " माओवादी | " |

| | | | |
|---|---|---|---|
| ९८ | संघप्रसाद थारू | " माओवादी | " |
| ९९ | मानबहादुर महतो थारू | " नेका | " |
| १०० | भोटनीदेवी खवास थारू | " नेका | " |
| १०१ | रामवती चौधरी | " नेका | " |
| १०२ | सरस्वती चौधरी | " नेका | " |
| १०३ | चिरन्जिवीराम थारू | " एमाले | " |
| १०४ | शान्ता चौधरी | " एमाले | " |
| १०५ | रामजनम चौधरी | " मजफो नेपाल | " |
| १०६ | नवोदिता चौधरी | " राप्रपा | " |
| १०७ | दामोदर चौधरी | " माले | " |
| १०८ | मालामती राना थारू | " सदभावना पार्टी | " |
| १०९ | फूलमतिदेवी चौधरी | " राष्ट्रिय जनशक्ति पार्टी | " |
| ११० | रुक्मणी चौधरी | " संघीय लोकतान्त्रिक रा.म. | " |
| १११ | लक्ष्मीलाल चौधरी | " नेपाल लोकतान्त्रिक समाजवादी दल | " |
| ११२ | भगवती चौधरी | " एमाले | मनोनित |
| ११३ | भुपेन्द्र चौधरी | " | " |
| ११४ | महेश चौधरी | " | " |
| ११५ | दिलीप खवास गच्छदार | " नेका | २०७० मा निर्वाचित |
| ११६ | विजयकुमार गच्छदार | " मजफो नेपाल | " |
| ११७ | मञ्जुकुमारी चौधरी | " एमाले | " |
| ११८ | मानपुर चौधरी | " माओवादी | " |
| ११९ | ताराकान्त चौधरी | " एमाले | " |
| १२० | तेजुलाल चौधरी | " नेका | " |
| १२१ | पद्मनारायण चौधरी | " | " |
| १२२ | वलवीरप्रसाद चौधरी | " एमाले | " |
| १२३ | सुरेन्द्रप्रसाद चौधरी | " नेका | " |
| १२४ | जयप्रकाश थारू | " एमाले | " |
| १२५ | वैजनाथ चौधरी | " | " |
| १२६ | पार्वती डिसी चौधरी | " नेका | " |
| १२७ | सुशीला चौधरी | " | " |
| १२८ | सन्तकुमार थारू | " माओवादी | २०७० मा निर्वाचित |
| १२९ | मानबहादुर थारू | " माओवादी | " |
| १३० | जनकराज चौधरी | " मजफो नेपाल | " |
| १३१ | रामजनम चौधरी | " | " |

| | | | |
|---|---|---|---|
| १३२ | गौरीशंकर चौधरी | " माओवादी | " |
| १३३ | सावित्रीदेवी चौधरी | " | " समानुपातिक |
| १३४ | भोटनीदेवी खवास | " नेका | " |
| १३५ | शान्तिदेवी चौधरी | " | " |
| १३६ | बुद्धिसागर चौधरी | " | " |
| १३७ | डिल्लीबहादुर चौधरी | " | " |
| १३८ | प्यारेलाल राना थारू | " | " |
| १३९ | कृपाराम राना थारू | " एमाले | " |
| १४० | विश्रामप्रसाद चौधरी | " | " |
| १४१ | नागेन्द्र चौधरी | " | " |
| १४२ | रवनी चौधरी | " | " |
| १४३ | अञ्जना चौधरी | " माओवादी | " |
| १४४ | अमनलाल मोदी थारू | " माओवादी | " |
| १४५ | रामदुलारी चौधरी | " राप्रपा नेपाल | " |
| १४६ | मीना चौधरी | " तमलोपा | " |
| १४७ | योगेन्द्र चौधरी | " मजफा (लोकतान्त्रिक) | " |
| १४८ | सुमित्रा थरुनी | " " | " |
| १४९ | कल्पना चौधरी | " " | " |
| १५० | रुक्मणी चौधरी | " सं.लो.रा.म. (थरुहट) | " |
| १५१ | गोपाल दहित | " थरुहट तराई पार्टी नेपाल | " |
| १५२ | गंगा चौधरी सत्गौंवा | " " | " |
| १५३ | मेटमणी चौधरी | " एमाले | २०७४ मा निर्वाचित |
| १५४ | नारदमुनी राना थारू | " एमाले | " |
| १५५ | सन्तकुमार थारू | " माओवादी | " |
| १५६ | गौरीशंकर चौधरी | " माओवादी | २०७४ मा निर्वाचित |
| १५७ | अमनलाल मोदी थारू | " माओवादी | " |
| १५८ | विजयकुमार गच्छदार | " मजफो (लोकतान्त्रिक) | " |
| १५९ | तेजुलाल चौधरी | " नेका | " |
| १६० | उमाकान्त चौधरी | " नेका | " |
| १६१ | चन्द्रकान्त चौधरी | " राजपा | " |
| १६२ | रेशमलाल चौधरी | " राजपा | " |
| १६३ | गंगा चौधरी सत्गौंवा | " एमाले | " समानुपातिक |
| १६४ | नमिताकुमारी चौधरी | " नेका | " |
| १६५ | पद्मनारायण चौधरी | " | " |
| १६६ | पार्वता डिसी चौधरी | " | " |

| | | | |
|---|---|---|---|
| १६७ | रामकुमारी चौधरी | " माओवादी | " |
| १६८ | लक्ष्मीकुमारी चौधरी | " एमाले | " |
| १६९ | शान्ता चौधरी | " | " |
| १७० | स्मृतिनारायण चौधरी | " नेका | " |

माथिको तालिकाअनुसार २०१५ को पहिलो संसदीय निर्वाचनदेखि २०७४ सम्म १७० जना थारू सांसदमा निर्वाचित भइसकेको देखिन्छ । तथापि नेपाली राजनीतिमा थारू नेताको भूमिका खोजीको विषय बनेको छ । नेताहरु किन पदमा आउँछन् र गुमनाम हुन्छन् ? यही जिज्ञासा आम थारू युवाहरुले गरिरहेका छन् । पद र लाभका लागि मात्र राजनीतिक नेतृत्वमा आउने र पद सकिएसँगै गुमनाम हुने प्रबृत्तिका कारण थारू समुदायले नेतृत्वदायी क्षमता भएको नेता प्राप्त गर्न सकेन । थारू समुदायबाट देशको नेतृत्व गर्नसक्ने नेताको जन्म हुन नसक्दा समुदाय पछाडि परेको थारू अगुवाहरुको बुझाई रहँदैआएको छ । तराईको प्रमुख जाती समुदाय थारू भएपनि देशको नेतृत्वमा अहिलेसम्म कोही पुग्न सकेको छैन ।

प्रदेश मन्त्री र सांसदहरु

देश पहिलो पटक संघीय संरचनामा गएपछि सातवटा प्रदेशमा प्रदेश सरकार गठन भएको छ । सातवटै प्रदेशमा थारू प्रतिनिधित्व नरहे पनि सातवटै प्रदेशमा गरी प्रदेश सांसदको थारू संख्या २८ रहेको छ । हेर्नुहोस्

**तालिका ३**

| क्र.सं. | नाम | प्रदेश मन्त्री, प्रदेश सांसद | प्रदेशको नाम |
|---|---|---|---|
| १ | वैजनाथ चौधरी | मन्त्री, भौतिक पूर्वाधार विकास (एमाले) | लुम्बिनी |
| २ | विनिता चौधरी | मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी (माओवादी) | सुदूरपश्चिम |
| ३ | अगमलाल चौधरी | नेपाली कांग्रेस | सुनसरी ३ (२) |
| ४ | लगनलाल चौधरी | एमाले | सिराहा १ (१) |
| ५ | शंकरप्रसाद चौधरी | नेका | पर्सा ४ (१) |
| ६ | रामलाल महतो थारू | माओवादी केन्द्र | चितवन ३ (२) |
| ७ | तुलसीप्रसाद थारू | एमाले | रुपन्देही ३ (२) |
| ८ | इन्द्रजीत थारू | मन्त्री, स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण (माओवादी केन्द्र) | लुम्बिनी, दाङ १ (१) |
| ९ | डिल्लीबहादुर थारू | मन्त्री, पर्यटन ग्रामीण तथा सहरी विकास (नेका) | लुम्बिनी, दाङ ३ (१) |
| १० | कविराम थारू | एमाले | वर्दिया १ (१) |
| ११ | कृष्णबहादुर चौधरी | राजपा | कैलाली १ (१) |
| १२ | वीरमान चौधरी | माओवादी केन्द्र | कैलाली ३ (१) |
| १३ | कुलवीर चौधरी | एमाले | कञ्चनपुर १ (२) |
| १४ | वैजनाथ चौधरी | एमाले | नवलपरासी २ (१) |

| | | | |
|---|---|---|---|
| १५ | विद्यानन्द चौधरी | नेका | प्रदेश १ समानुपातिक |
| १६ | नवोदिता चौधरी | नेका | ” |
| १७ | सुनिताकुमारी चौधरी | ” | ” |
| १८ | सरस्वती चौधरी | ” | मधेस, समानुपातिक |
| १९ | आशियादेवी थरुनी | ” | ” |
| २० | भुवनेश्वर चौधरी | नेका | लुम्बिनी, समानुपातिक |
| २१ | पुष्पा थरुनी | ” | ” |
| २२ | धमकली चौधरी | ” एमाले | ” |
| २३ | कृष्णी थारू | ” | ” |
| २४ | लौटी थारू | ” माओवादी | ” |
| २५ | श्यामलाल राना थारू | ” नेका | सुदूरपश्चिम समानुपातिक |
| २६ | चुनकुमारी चौधरी | राज्यमन्त्री, भौतिक पूर्वाधार ि वकास नेकपा (एस) | ” |
| २७ | विनिता चौधरी | मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी” माओवादी केन्द्र | ” |
| २८ | मालामती राना थारू | ” राजपा | ” |

माथिको तालिका हेर्दा बागमति र गण्डकी प्रदेशमा थारूको संख्या शुन्य छ । सो प्रदेशमा न थारू सांसद छन् न त कुनै मन्त्री । सांसद नै नभएपछि मन्त्री हुने कुरै भएन । सो दुई वटा प्रदेशमा थारू समुदायको स्थायी बसो बास नभएकाले पनि प्रतिनिधित्व नभएको हो । यद्यपि केही थारूहरु देशको केन्द्रीय राजधानी काठमाडौंमा स्थायी बसोबास गरेपनि यहाँबाट राजनीति गर्ने हिम्मत गर्न सकेका छैनन् । राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने २०१५ देखि २०७४ सम्मका थारू प्रतिनिधिको सूची शुन्य बरावर छ । अहिलेसम्म राष्ट्रियसभामा विभिन्न समयमा गरी तीन जना थारूले प्रतिनिधित्व गरेको देखिन्छ । २०४७ मा महेश चौधरी (दाङ), २०५२ मा कँइया चौधरी (कैलाली) र २०७४ मा हरिराम चौधरी (कैलाली) ले मात्र सो सभामा प्रतिनिधित्व गर्नुभएको छ ।

**तालिका ४**

| क्र.सं. | नाम | दलको नाम | प्रतिनिधित्व वर्ष |
|---|---|---|---|
| १ | महेश चौधरी (दाङ) | नेकपा एमाले | २०४७ |
| २ | कँइया चौधरी (कैलाली) | राप्रपा | २०५२ |
| ३ | हरिराम चौधरी (कैलाली) | माओवादी केन्द्र | २०७४ |

## तीन दलको नेतृत्वमा थारू नेता

थारू समुदायका नेताहरुको राजनीतिमा सहभागिता निकै पुरानो हो । तर नेतृत्वमा पुग्नसकेको देखिदैन । पछिल्लो समय प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रमुख तीन राजनीतिक दल नेकपा (एमाले), नेपाली काँग्रेस, र नेकपा (माओवादी केन्द्र) केही थारू नेताहरुको प्रतिनिधित्व देखिएको छ । यी नेताहरुको प्रतिनिधित्वले थारू समुदायलाई केही आशा जगाएको छ । यद्यपि विगतको राजनीतिक प्रतिनिधित्व हेर्दा थारू नेताहरु समयको गतिसँगै आउने र ओझेल हुने प्रबृत्ति देखिएकाले अहिले नै समकालिन नेताहरुबाट आशा गरिहाल्न सक्ने अवस्था भने छैन । हेरौं अहिले को राजनीतिक दलमा उच्च तहमा पुग्न सफल नेताहरुको सूची ।

तालिका ५

| क्र.सं. | नाम | दलको नाम | राजनीतिक पद |
|---|---|---|---|
| १ | बैजनाथ चौधरी | नेकपा एमाले | पोलिटव्युरो सदस्य |
| २ | नारदमुनी राना | नेकपा एमाले | पोलिटव्यूरो सदस्य |
| ३. | मन्जु चौधरी | नेकपा एमाले | पोलिटव्युरो सदस्य |
| ४. | शान्ता चौधरी | नेकपा एमाले | पोलिटव्यूरो सदस्य |
| ५. | नरुलाल चौधरी | नेकपा एमाले | पोलिटव्यूरो सदस्य |
| ६. | भगवती चौधरी | नेकपा एमाले | केन्द्रीय सदस्य |
| ७. | गंगा चौधरी सत्गौंवा | नेकपा एमाले | केन्द्रीय स दस्य |
| ८ | राजकुमार लेखी | नेकपा एमाले | केन्द्रीय सदस्य |
| ९ | सरस्वती चौधरी | नेकपा एमाले | केन्द्रीय सदस्य |
| १० | कृपाराम राना | नेकपा एमाले | केन्द्रीय सदस्य |
| ११ | गौरीशंकर चौधरी | नेकपा एमाले | केन्द्रीय सदस्य |
| १२ | वलवीरप्रसाद चौधरी | नेकपा एमाले | केन्द्रीय सदस्य |
| १३ | उमाकान्त चौधरी | नेपाली काँग्रेस | सहमहामन्त्री |
| १४ | गोपाल दहित | नेपाली काँग्रेस | केन्द्रीय सदस्य |
| १५ | योगेन्द्र चौधरी | नेपाली काँग्रेस | केन्द्रीय सदस्य |
| १६ | रामजनम चौधरी | नेपाली काँग्रेस | केन्द्रीय सदस्य |
| १७ | पदमनारायण चौधरी | नेपाली काँग्रेस | केन्द्रीय सदस्य |
| १८ | जीवन राना | नेपाली काँग्रेस | केन्द्रीय सदस्य |
| १९ | कल्पना चौधरी | नेपाली काँग्रेस | केन्द्रीय सदस्य |
| २० | नेपबहादुर चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २१ | ईन्द्रजीत थारू | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २२ | वीरमान चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदय |
| २३ | सन्तकुमार चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २४ | हरिनारायण चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २५ | देवीलाल चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २६ | रुपा चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २७ | अन्जना चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २८ | मन्जु चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| २९ | कृष्णा चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| ३० | रामकुमारी चौधरी | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| ३१ | अमनलाल मोदी थारू | माओवादी केन्द्र | केन्द्रीय सदस्य |
| ३२ | सोहनप्रसाद चौधरी | " (एमाले) | २०४८ निर्वाचित |

स्रोतः राजनीतिक दलको दस्तावेज

**निस्कर्षः**

पहिलो संसदीय निर्वाचन २०१५ देखि अहिलेसम्म हेर्दा थारू सांसद र मन्त्रीको सूची लामै छ । तर सांसद भएर जिम्मेवारी निर्वाह गरेका थारू प्रतिनिधिहरु को कहाँ के गर्दैछन् ? खोजीको विषय बनेको छ । माथिको सूचीमध्ये कतिको निधन भइसकेको हुनसक्छ । तथापि सूचीमा थारू सांसदको संख्या लामो छ । सूची लामो भएनि राजनीतिमा थारू नेताको प्रभाव नगन्य छ । विभिन्न समयमा संसदीय जिम्मेवारीमा आएका थारूहरु जसरी आए, त्यसरी नै समयको गतिसँगै विलाएर गए । थारू समुदायलाई राजनीतिमा दोर्याउने प्रयास गरेनन्, सकेनन् । राष्ट्रिय राजनीतिमा थारू समुदायको पकड र वर्चस्व नभएकैकारण राज्यको हरेक संयन्त्रमा थारूको प्रतिनिधित्व कमजोर बन्यो । शासन प्रणाली राजनीतिक नेताहरुकै पकडमा रहने हुनाले थारूको प्रतिनिधित्व सुनिश्चित गर्न पनि मूल राजनीतिमा थारूको वर्चस्व अनिवार्य हुनजान्छ । यसप्रति अहिलेका युवाहरुले चासो दिएमा भोलिको राजनीतिक भविष्य सुन्दर बन्न सक्छ । नेपाल सरकारको राजपत्रमा प्रकाशित सूचना हेर्दा अहिलेसम्म १९८ पटक थारू प्रतिनिधि सांसद भएका छन् । ७८ पटक सहायकमन्त्री, राज्यमन्त्री, मन्त्री र उपप्रधानमन्त्रीसमेत भइसकेका छन् । यो आँकडाको मूल्यांकन गर्ने हो भने जनसंख्याको अनुपातमा प्रतिनिधित्वको हिसाव न्यून नै हो । तर थारू राजनीति मौलाउने राम्रो अवसर थियो । समयको सदुपयोग गर्न सकेको भए अहिलेका थारूले राजनीतिक, सामाजिक तथा अन्य अधिकारका लागि धेरै माथापच्ची गर्नुपर्ने थिएन । अहिले विद्यमान मन्त्री, सांसदहरुले राजनीतिमा दह्रो पाइला राख्न सक्नुभयो भने धेरै थारू युवालाई राजनीतिमा लामबद्ध गर्न सक्नुहुन्छ । त्यसको प्रयास सबैले आफ्नो ठाउँबाट गर्न आवश्यक छ ।

**सन्दर्भ सामग्री**


१. २०१४ साल वैसाख १७ गतेको नेपाल गजेट ।

२. २०१५ साल जेठ १३ गतेको नेपाल गजेट ।

३. २०१६ साल साउन १९ गतेको नेपाल गजेट ।

४ २०१८ साल पुस १ गतेको गोरखापत्रबाट ।

५. २०१९ साल असार १९ गतेको गोरखापत्र ।

६. २०१९ साल चैत्र २० गतेको नेपाल गजेट ।

७. २०२० फागुन १४ गतेको नेपाल गजेट ।

८. गृष्मबहादुर देवकोटा (२०३९), नेपालको राजनीतिक दर्पण भाग ३, डिल्लीबजार काठमाडौँः उमेश बहादुर देवकोटा, पृः १३, १६६, १६७, ८५१, ८५२ ।

९. नेपालका मन्त्री र सांसद्हरु २०७५, भैरव रिसाल, भरतराज पोखरेल ।

१०. चौधरी, लक्की । हमार पहुरा डट कम २०७५ । जततउकस्ररजकबचउबजगचबाअफरज्ञघडडछ

११. संघीय सरकारको विभिन्न वेवसाइटहरु ।

१२. प्रदेश सरकारका वेव पेजहरु ।

१३. सामाजिक सञ्जाल तथा न्यूमिडिया ।

१४. हमार पहुरा डट कम, न्यूज पोर्टल

१५. थारूवान डट कम, न्यूज पोर्टल

# अष्टिम्की : प्रकृति र मानवजीवनको महिमा

-छविलाल कोपिला

हरेक समुदायमा रहेको चाडवाड, उत्सव लगायतका संस्कृतिसँग जोडिएर रहेको विविधताले त्यो समुदायको पहिचान झल्काउँछ। नेपाल यस्तो देश हो जहाँ विभिन्न जाति समुदायको आआफ्नै कला संस्कृतिहरू रहेको छन्। चाड पर्व, चालचलन रहेको छन्। यसले देशको सांस्कृतिक महत्वलाई जिवन्त बनाउँछ र एकार्को समुदाय बीचको सांस्कृतिक महत्वलाई बुझ्ने अवसर पनि प्रदान गर्छ। आज थारू समुदायमा मनाइने एक महत्वपूर्ण चाड 'अस्टिम्की' को बारेमा केही चर्चा गरिनेछ।

अष्टिम्की मुलतः थारू समुदायमा महिलाहरूको पर्व हो। र स्वेच्छा अनुसार पुरुषहरू पनि ब्रत बस्न सक्छन्। यो पर्वमा दिनभरि ब्रत बस्ने चलन छ। अब लागौं यो पर्व के हो ? किन मनाइन्छ ? कसरी मानिन्छ ? भन्ने तिर। हरेक पर्वसँग पौराणिक, ऐतिहासिक अथवा लोक मान्यताहरू जोडिएका हुन्छन् र यिनै मान्यताहरू नै चाड पर्वका खास आधारहरू पनि हुन्। यसकारण अस्टिम्किीका लोक मान्यताहरू के के हुन् यस बारेमा जान्न जरुरी छ। खास गरेर अस्टिम्कीलाई तीन वटा मिथकीय मान्यताहरू प्रचलनमा रहेका छन्। लोककथा र अस्टिम्किक गीत बारे बुझ्न जरुरी छ। अस्टिम्की बुझ्नका लागि यी मिथकहरूका बारेमा चर्चा गरौं।

**१. लोककथा**

जब गुर्बाबा (सृष्टिकर्ता)ले जल, थलको सृष्टि गरिसकेपछि वनस्पति हुँदै जीवजन्तुहरूको उत्पत्ति भयो। पृथ्वीमा मानिस सर्वश्रेष्ठ प्राणीको रुपमा देखा पऱ्यो। विभिन्न चरण पार गर्दै मानिस जब कृषि प्रणालीमा प्रवेश गर्छ। त्यसै बेला एक एउटा संयुक्त परिवार थियो। उनीहरू सात भाइ छोराहरू थिए। सबै भाइहरू मिलेर काम गर्थे र बर्षभरि लाई खेतबाट अन्न उत्पादन गर्थे। उनीहरू खेतीपाती सकिएपछि प्रत्येक वर्ष हलो, जुवा काट्न जंगल जान्थे। एक पटक असार-साउनमा खेती सकिएपछि उनीहरू सातै भाइ हलो-जुवा काट्न जंगल निस्किए। जंगल टाढा थियो, यसकारण उनीहरूले एक दुइदिनको खर्च बोकेर गाएका थिए। यसरी जंगल गएका श्रीमान्हरू समयमा न आएपछि तिनीहरूका श्रीमतीहरू पनि आत्तिन थाले। उनीहरू गएकै दिनदेखि प्रत्येक दिन घर भिट्टामा धर्को तानेर चिनो चलाउँथे। दिन बिर्सिन्छ भनेर पहिले घरको भिट्टामा धर्को तान्ने चलन थियो। जब सातौं दिनसम्म पनि कोही नआएपछि उनीहरू चिन्तामा परे र उनीहरूको आश पनि टुट्यो। चिन्ताले गर्दा आठौं दिन उनीहरूले चुलो बारे। कुनै खान पाकेन, पानी समेत खाएनन्। बालबच्चाहरू बासी भात र बारीमा फलेका काँक्रा खाएर रहे।

ठीक त्यसै साँझ सातै भाइ छोराहरू टुपलुक्क आइपुगे। घरमा निकै खुसियाली छायो। सबैले खाना, भात-भान्सा पनि वास्ता गरेनन्। सबै वृत्तान्त सुन्न र सुनाउनमै मस्त रहे। रात त्यसै बित्यो। त्यसै परिवारमा एक जना कान नसुन्ने बुढीआमा पनि थिइन्। उनले आँखाले देखेपनि कानले भने केही सुन्दैन थिइन। त्यसैले उनलाई पनि बुझ्न सजिलो होस भनेर एक भाइ छोराले सबै वृत्तान्तहरू भित्तामा चित्रहरू मार्फत जनाउने कोसिस गरे।

जब भाले बस्यो। सबै बुहारीहरू रातभरि खाएका काक्रो लगायतका फलफुल बोक्राहरू लिएर खोला तिर नुहाउन गए। त्यसैबेला जेठी बुहारीको भान्सा पालो थियो। सबै नुहाउन गएपछि उनी तरकारी खोज्न निस्किइन। आफ्नो बारी नजिक थिएन। उनले अरुकै बारीको चिचिन्डो टिपेर ल्याइन। नुहाएर आएपछि सबै मिलेर मीठो पकवान तयार गरे। आफ्नो श्रीमान्हरूलाई खुवाइबरी सुखद् सन्देश बोकेर केही पाहुर लिएर आफ्नो चेलीबेटी कहाँ गए र सुख-दुःखका कुरा गरेर फर्किए। यसरी कालान्तरमा अस्टिम्की एउटा पर्वको रुपमा स्थापित भयो। अहिलेसम्म यो चलन कायमै छ।

## २. लोक कथा

थारु समुदायमा एउटा लोकगाथा छ 'गुर्वावक जल्मौटि' । जुन लोकगाथा थारु समुदायमको सबैभन्दा पुराना गाथाको रुपमा मानिन्छ । जसको सार यस्तो छ । कुनै समय यो पृथ्वी कुनै आकार थिएन अथवा पृथ्वी नै थिएन । पछि गुर्वावाले एउटा आकार दिए । सुरुमा यो पृथ्वीपुरै जल्मग्न थियो । यहाँ कुनै प्राणीहरू थिएनन् । गुर्वावा यो शुन्यतामा रहन सकेनन् । उनले पतालबाट माटो ल्याएर थलको विकास गरे । जहाँ सुरुमा कुशको सृष्टि गरे । कुश उम्रिएर हरियो भयो । त्यसपछि क्रमश अन्नबाली लगायत अन्य बनस्पतिहरूको सृष्टि गरे । त्यसैगरि मान्छे लगायत अन्य जीवजन्तुहरूको पनि सृष्टि गरे । जीवनप्रणालीको विकास पनि गरे । उनले हरेक बनस्पतिहरू समय अनुसार फुल्ने फल्ने भयो । जीवजन्तुहरूमा कुन जीव कति महिनामा जन्मने औसत उमेरसम्म बाँच्ने ? बनाए । मानिस सबैभन्दा बौद्धिक प्राणी बनाए । मानिसले अलग्गै जीवनशैलीको विकास गऱ्यो । खेती प्रणालीको विकास गऱ्यो आफ्नै शैलीमा बाँच्न थाल्यो ।

## ३. लोककथा

जब गुर्बाबाले यो पृथ्वीको सृष्टि गरे, त्यसबेला यो पुरै जलमग्न थियो । पछि गुर्बाबाले पातालबाट माटो ल्याउनको लागि गंगटोलाई पठाए । गंगटोलाई पाताललोकका दानवहरुका पहरेदारहरूले नियन्त्रणमा लिन्छन् । त्यसपछि कुमालकोटी, बिच्छी लगायतको जीवहरूलाई माटो लिन पठाइन्छ तर सबै समान्छिन् । अन्तिममा गड्यौलालाई पठाइन्छ र उसले आफ्नो पेटमा माटो बोकेर ल्याउँछ । त्यही माटोले यो हामीले टेक्ने जमीन बनाउँछ । त्यसपछि यहाँ विभिन्न प्रकारका जलघाँस, बनस्पति, जीवजन्तुहरूको उत्पत्ति हुन्छ । जीव मध्य मानिस सबैभन्दा बौद्धिक र सचेत प्राणीको रुपमा देखा पर्छ । मानिसले अन्य जीवजन्तुभन्दा भिन्नै सभ्यताको विकास गर्छ । जीवनयापनका लागि विभिन्न विकल्पहरू खोज्न थाल्छ । खेती प्रणालीको विकास हुन्छ ।

अस्टिम्की गीत अनुसार गुर्बाबाले खास पात्रको रुपमा इसरूलाई जन्म दिन्छन् । साथै सृष्टिको लागि एकजना महिलाको खाँचो पर्छ । महिलाको रुपमा जासुको पनि जन्म हुन्छ । उमेरले परिपक्व भइसकेपछि दुबैको औपचारिक विवाह हुन्छ । संसारिक जीवन सँगै जीवनयापनका लागि उनीहरुले कृषि बिकल्पको रुपमा रोज्छन् । खेतीपातीका लागि आवश्यक सामान हलो, जुवा चाहिन्छ । एक दिन इसरु हलो जुवा काट्न जंगल जान्छन् । जब काठ लिएर आएपछि हलो कसरी बनाउने उनलाई थाहा हुँदैन उनकी श्रीमति जासुले सिकाएपछि उनी हलो तयार गर्छन र त्यसैले खेतीपाती गर्छन ।

समय क्रम अनुसार जासु गर्भावती हुन्छन् । गर्भावती भएपछि गाउँको एक जना डेगिया भन्नेलाई इसरूले सोडेनी बोलाउन पठाउँछन् । सोडेनीको घर उनलाई थाहा हुँदैन । बोलाउन जाने आदेश भएपछि ऊ सोध्दै-सोध्दै जान्छ । बाटोमा सुरुमा बाख्रा चराउनेलाई सोध्छ, उसलाई थाहा हुँदैन, उसले भेडा चराउनेलाई सोध्न पठाउँछ, भेडा चराउनेलाई पनि थाहा हुँदैन उसले सुँगुर चराउनेलाई पठाउँछ । यसस्तै गाइ-गोरु, भैसी, घोडा, ऊँट, हात्ती चराउने सबैसँग सोध्दै, उसले कुवाँमा पानी लिन आएका महिला, जुत्ता सिउने सार्की, लुगा सिउने दमाइ, फलाम पिट्ने लोहार, सुनको गहना बनाउने सुनार, लुगा सबलाई सोध्छ तर कसैले भन्न सकेका हुँदैन । अन्त्यमा लुगा धुने धोबी कहाँ पुग्छ र धोबीले सुडेनीको घर बताइदिए पछि, उनी सुडेनी कहाँ पुग्छन् ।

पुगेर सुडनीलाई इसरूले लिन पठाएको खबर सुनाउँछ । तर सुडेनीले ससम्मान मलाई हात्ती लिएर आए मात्रै जाने सुनाउँछिन् । डेंगिया फर्किन्छ र इसरुलाई सुडेनीको सन्देश सुनाउँछ । इसरू हात्ती लिएर डेंगियालाई फेरि पठाउँछन् । हात्ती लिएर सुडनीको घर पुगेपछि हात्तीको सुपा जस्तो कान अजंगको शरीर देखेर उनी मुर्छा पर्छिन् । अर्कोपाली घोडा लिएर आउने आग्रह गर्छिन् । घोडा लिएर जाँदा घोडा कराएको सुनेर घोडामा पनि नआउने कुरा गर्छिन् । एवम् प्रकारले ऊँट लगायतका सवारीको माग गर्छन अन्तिममा उनी सुनको खात सहितको डोलीमा जान मन्जुर हुन्छिन् । उनी इसरूको घर पुगेर आफ्नो कर्तव्य पालना गर्छिन् । इसरू र जासुको पहिलो सन्तानको रुपमा कान्हा जन्मिन्छ ।

सुस्त-सुस्त कान्हा बढ्दै जान्छन् । गाउँका केटाकेटीहरूसँग खेल्न थान्छन् । बाखा चराउन सक्ने भएपछि आमाले उनलाई बाखा, गाइ-गोरु चराउन जाने आग्रह गर्दा उनले आफूसँग काठको पौवा, लट्ठी, छाता नभएकोले नजाने आदान लिन्छन् । उनकी आमाले आज तेरो मामालाई बनाउन भन्छु, बनायो भने दिन्छु भनेर सम्झाएर पठाउँछिन् । कान्हा मामाको सबैभन्दा प्यारो भान्जा थिए । मामाले उनले माँगेको सबै चिज बनाएर पठाइदिन्छन् ।

उनी केही समयपछि जवान हुन्छन् । गाइ गोठालासँग रमाउन थाल्छन् । उसलाई बाँसुरी बजाउने रहर जाग्छ तर उनीको आफ्नो बासुरी हुँदैन । यो कुरा आफ्नो आमालाई सुनाउँछन् । आमाले उनको मामालाई भन्छिन् । मामाले आफ्नो प्यारो भान्जाको लागि सुनको बाँसुरी बनाएर पठाइदिन्छन् ।

अब कान्हा बाँसुरी लिएर खुसी हुँदै गोठालो जान थाल्छन् । उनी अब्बल बाँसुरी बादक निस्किए । उसको बाँसुरीको सुरिलो धुनले उनकै माइजू उनको प्रेममा फस्छिन् । आफ्नै माइजूसँग उनको गहिँरो प्रेम सम्बन्ध गाँसिन्छ । एक कान मैदान भने जस्तै कान्हाका मामाले एक दिन भान्जा-माइजूको प्रेमजाल बारे थाहा पाउँछन् । आफ्नै भान्जासँग श्रीमति प्रेमजालमा फँसेको कुरा चाल पाएपछि मामालाई असह्य हुन्छ । तर अति माया गर्ने भान्जालाई कुनै पनि बहानामा केही गर्न सक्ने अवस्थामा थिएनन् । भाञ्जा मारे बाहुन मारे बराबर पाप हो भन्ने ठानेर मामाले केही गर्न पनि सकेनन् । एक दिन एउटा उपाय निकाले । उनले भान्जा कान्हालाई फूल टिपेर ल्याउन पठाए । जुन फूल नागर ाजको निगरानीमा हुन्छ । त्यो फल कसै पनि टिपेर ल्याउन सक्दैन । टिप्न जानेलाई नागराजले दसेर मारिदिन्थे । यसै ले भान्जा फुल टिप्न जाँदा नागराजले डसेपछि उनी मर्छन् र मात्र म मेरो श्रीमति पाउँछु भनेर मामाले कान्हालाई फूल टिप्न पठाउँछन् । षडयन्त्र गरेर मार्नका लागि फूल टिप्न पठाएको कुरा माइजूलाई थाहा हुन्छ । तर सहासी कान्हा मामाको इच्छा विपरित कान्हाले अस्वीकार गर्न सकेनन् । र, उनी खुशी साथ फूल लिन हिडे । पुगेर जब उनी फुल टिप्न खोज्छन् त्यसैबेला नागराजले डस्छ । उनी मुर्छा पर्छन । तर कान्हालाई उनकै प्रेमिका माइजूले नागराज डसेको उपाय सिकाएर पठाएकी थिइन । कान्हाले माइजूले सिकाएको विधि पुरा गरे । उनी फेरि ब्यूँझिए र फूल लिएर फर्किए र आफ्नो मामालाई पूजाको लागि दिए । मामाको षडयन्त्र पनि कान्हालाई थाहा भयो । त्यसैले मामालाई पनि मार्ने उपाय सोच्न थाले । सजिलो उपाय पूजा गरेर ढोग्दा तरबारले बध गर्ने । यसैक्रममा जब मामा पुजा गर्न बस्छन् । उनी पनि तरवार लिएर तयार हुन्छन् । अन्त्यमा मामा फूल चढाएर पूजा गरी ढोगिरहँदा कान्हाले तरवारले आफ्नो मामाको बध गरे । अन्त्यमा उनी आफ्नी माइजूसँग विवाह गरे ।

**हस्तचित्र :**

अष्टिम्कीमा घरको बहरी (प्रवेशद्वारको पहिलो कोठा, बैठक कोठा) को उत्तरपट्टिको भित्तामा हस्तचित्र बनाउने चलन छ । जसमा विभिन्न मानवाकृति र प्राकृतिक चित्रहरू बनाएका हुन्छन् । जुन मानव जीवनशैलीलाई प्रतिकात्मक रुपमा प्रस्तुत गरिएको हुन्छ । उहिले, अहिलेको जस्तो चित्र बनाउनका लागि प्रयाप्त रुपमा रंगहरू पाइदैनथ्यो । चित्र बनाउनका लागि सेमीको पात निचोरेर हरियो र पोइ भन्ने जातको पाकेको फलको निचोरेर रातो रंग बनाइन्थ्यो । त्यसैगरि अन्य रंगहरू पनि बनाइन्थ्यो । चित्र बनाउनु भन्दा पहिले 'ढौरा' भन्ने एक विशेष प्रकारको माटोले भित्ता पोतिन्छ ।

चित्र बनाउनुभन्दा पहिले विभिन्न रंगहरूको बुट्टाले घेरा बनाइन्छ र त्यही घेराभित्तर चित्र बनाइन्छ । यो चित्र बनाउनको लागि कुनै बिशेष कालीगढको जरुरत पर्छ भन्ने छैन । यो चित्र सिकारुहरूले पनि बनाउन सक्छन् । घेराभित्र पनि तीन वटा कोठा हुन्छ । त्यसको माथि अर्को सानो कोठा हुन्छ । जसमा गुर्बाबाको प्रतीक बनाइएको हुन्छ । जुन उल्टो पारेर बनाइन्छ ।

तीन वटा कोठा मध्ये माथिल्लो कोठामा विजोर संख्यामा पुरुषाकृति बनाइएको हुन्छ । यसमा तीनदेखि सात वटासम्माको चित्र बनाउन सकिन्छ । तर केही ठाउँमा सोभन्दा पनि बढी बनाएको पाइन्छ । धेरै मेहनत लाग्ने हुनाले धेरै संख्यामा चित्र बनाउन नसकेको हो । संख्यामा छेकबार छैन । तर यो विजोर संख्यामा हुनुपर्ने कुरामा भने सबै को एकरुपता देखिन्छ । माथिल्लो कोठा पुरुषहरूको चित्रमा मादल भिरेका, बाँसुरी बनाइरहेको, बन्दूक बोकेको तथा

छाता ओढेको पाइन्छ । यस चित्रले पुरुषहरूको विभिन्न क्रियाकलाप र अवस्थाको बारेमा सम्बोधन गर्छ । त्यसको बायाँ कुनामा चन्द्रमा र दायाँ कुनामा सूर्यको पनि चित्र बनाइएको हुन्छ । थारू प्रकृति पुजक हुन भन्ने कुरा बायाँपट्टि चन्द्रमा र दायाँपट्टि सूर्यको चित्रले प्रमाणित गर्छ ।

त्यसैगरि त्यसको ठीक तल्लो कोठा अथवा बीचको कोठामा पनि माथिल्लो कोठामा बनाइएको पुरुषाकृति संख्याको बराबरमा महिलाकृति बनाइन्छ । उनीहरूको दुबै छेउमा जोक्करको पनि चित्र बनाइएको हुन्छ । नाचमा जोक्करको पनि ठूलो भूमिका हुने भएकोले ती चित्र बनाइएको हुनु पर्छ । यसरी माथिल्लोमा पुरुष र तल्लोमा महिलाको चित्रले सृष्टिको बिम्बको लिइन्छ । अर्थात सन्तान उत्पादनको माहिला र पुरुष अनिवार्य बस्तु हुन् भन्ने कुराको संकेत गर्छ । सबैभन्दा तल्लो कोठा माथिको दुबै कोठाभन्दा ठूलो हुन्छ । यसमा विभिन्न प्रकृतिसंग सम्बन्धि आकृतिहरू बनाइएको हुन्छ । जुन यहाँ बूँदागत रुपमा प्रस्तुत गरिएको छ ।।

**रोइना :** तल्लो कोठाको पश्चिमपट्टि रोइनाको चित्र बनाइएको हुन्छ जसको बाह्र वटा टाउका हुन्छन् । त्यसैले यसलाई बरमुर्वा पनि भनिन्छ । कसैकसैले यसलाई रौना (रावण) को प्रतीक पनि भन्ने गरेका छन् । तर रावणको जीवन र आचरणसँगको दुबै घटना परिघटना अस्टिम्कीको न गीतमा पाइन्छ, न कुनै लोकोक्ति, कथा, किम्बदन्तिमा पाइन्छ । रावणको १० वटा टाउको हुन्छ तर रौइनाको १२ वटा टाउको हुन्छ । त्यसकारण रोइना रावण नभएर थारु समुदायको आफ्नै मौलिक पात्र हो भन्ने कुराको पुष्टि हुन्छ । उनको चित्र बनाएपनि उनलाई पूजा गर्ने चलन भने छैन । उनको चित्रमा टीका लगाएमा लगाउनेको बच्चा बच्ची रुने जस्ता चरित्रका जन्मिने जनविश्वास छ ।

**डोली :** मानव मात्रै होइन पशुपन्छिहरूमा एक अर्का आत्मीय सम्बन्ध रहन्छ । तर मानिस बौद्धिक प्राणी भएकोले समयक्रम संगै सम्बन्धलाई औपचारिक रुप दिन थाल्यो । जसलाई विवाह भनेर भनियो । विवाह सृष्टिको औपचारिक माध्यमको रुपमा पनि लिइन्छ । विवाहको पहिलो दिन डोली चढेर आफ्नो श्रीमान्को घर जानु पर्ने भएकोले डोली अनिवार्य हुन्छ । त्यसैगरि अस्टिम्की गीत अनुसार सुडेनीलाई हात्ती, घोडा, ऊँट लगायतको सवारमा आउन नमाने पछि अन्त्यमा डोलीमा बोकेर ल्याइएको प्रसंग पनि छ ।

**कजरिक बनवा :** घना जंगललाई कजरिक वनवाँ भन्ने बुझाउँछ । जंगलमा काठ, बन्यजन्तु, पशुपन्छी रहने बासस्थानको रुपमा लिइन्छ ।

**कमलको फूल** : फूल सुन्दरताको प्रतीकको रुपमा लिइन्छ । यसको पात खान खानाका लागि पनि प्रयोग गरिन्छ । अस्टिम्कीको लोककथामा जंगल गएका सात भाइ छोराहरूले थालको अभावमा यसैको पातमा खान खाने गर्दथे ।

**मयूर :** मयूर नौरंगी सुन्दर चरा हो ।

**लाउ (डुङ्गा) :** अष्टिम्कीमा डुङ्गा यातायातको साधनको प्रतिकात्मक चित्रण गरिएको छ ।

**रैनी मछरिया :** रैनी माछा एक अद्भूत माछा हो जुन जल-थल दुबै ठाउँमा बस्न सक्छ । सृष्टिकर्ताले जब यो पृथ्वी सृष्टि गर्नेबेला जल (पानी) र थल (जमिन) बनायो र पृथ्वीमा मतस्य अवतारको रुपमा रैनी माछाको जन्म भयो । र अष्टिम्कीमा पनि यसको चित्र बनाउने गरिएको छ ।

**हलो जोत्दै गरेको मान्छे :** विभिन्न समयसंगै मानव जीवनयापनका लागि खेतीपाती गर्नु पर्ने भएकोले मानव जीवनशैली र कृषि प्रणालीको बिम्ब ।

**भाले :** समयबोधक पन्छी जसको बोली सुनेर मानिसले समय निर्धारण गर्छन् । अष्टिम्कीमा पनि समयभित्र सबै काम गर्नु पर्ने भएकोले भालेको ठूलो भूमिका रहेको छ ।

**सख्ली कुकनिया :** सुरक्षाको लागि सख्ली कुकनियाँको ठूलो भूमिका छ । कुकुर एक बफादार पहरेदार जनावर हो । त्यसकारण पहरेदार सुरक्षाको लागि सख्ली कुकनियाँ अँगनामा रहेको ठूलो रुखमूनि बाँधिएका हुन्छ । त्यसैगरि हात्ती, घोडा, बाँदर, चराचुरुङ्गी, माछा, कछुवा, गोही, बिच्छी, सर्प लगायतका जनावरहरू प्राकृतिक सम्पदाको रुपमा रहे कोले अस्टिम्कीमा सबै चराचुरुङ्गी, पशु लगायतको चित्रले स्थान पाउँछ । अष्टिम्की दुई किसिमको हुन्छ । बर्का र छुट्की दुबैमा चित्र उही नै हुन्छन् । तर आकारमा भने साना-ठूला हुन्छन् ।  दिनभरि भोकै ब्रत बसेकाहरूले बर्का अष्टिम्कीमा पूजा गर्छन् भने स-साना बच्चाहरू भने छुट्की अष्टिम्कीमा पूजा गर्छन् । जो भोकै ब्रत बस्नु पर्दैन । उनीहरू केही कुरा खाएर पनि बस्न सक्छन् ।

**सामा -जामा :**

जब साँझ भएपछि अष्टिम्की बनाएको घरका मुली महिला (अगुनियाँ, महटिनियाँ) अष्टिम्की बनाएको बहरी लाई राम्ररी गाईको गोबरले लिपपोत गरेर सतरंगी गुद्री, पटकी, ढाँचिया गुद्री बिछ्याउनु, जहाँ पूजा गर्न ल्याएका  चामल राख्छन् । त्यस्तै आवश्यकता अनुसारका सामानहरू जुराउँछन् । सल्लाको धूप, नौनी मिलाएर, सिंदुर, लोटामा पानी र दुई घोघा सहितको तरा सहतिको मकै अष्टिम्की बनाएको पश्चिमपट्टी राखिएको हुन्छ ।

**डट्कट्टन :**

अष्टिम्कीको पहिलो दिन या ब्रत बस्नुभन्दा पहिलो भटौर खैना (दर खाने) लागि दिनभरि माछा मार्ने चलन छ । माछा अरु दिन पनि मारिन्छ । तर, त्यस दिनको माछा मार्ने कामलाई बिशेष मानिन्छ । दिनभरि लगाएर मारेर ल्याएको माछा धेरै भए साँझाको खानासंग खाइन्छ भने केही राती भटौरसंग खानाका लागि बचाइन्छ । यदी कार णबस त्यस दिन माछा मार्ने सकिएन भने भटौर नै खल्लो मानिन्छ । भटौर साँझाको खानापछि आफ्नो काम सकेर सुतेको केही बेरपछि अथवा भाले बास्नुभन्दा पहिले खाइन्छ । यो खाना अरु दिनको भन्दा बिशेष हुन्छ । माछा संगै अन्य मीठा-मीठा परिकारहरू पनि बनाइएको हुन्छ । जुन बेसमयमा खाँदा मीठो मानेर खान सकियोस् भनेर त्यस किसिमका परिकारहरू तयारी गरिएको हो । यो खाने काम भाले बास्नुभन्दा पहिले हुन्छ । यदि कसैले भाले बासेपछि खायो भने ऊ जुठो परेको ठहरिन्छ र ब्रत बस्न पाउँदैन ।

**पूजा :**

साँझ परेपछि ब्रत बस्नेहरू नयाँ-नयाँ कपडा लगाएर अष्टिम्की बनाएको घरमा जान्छन् । साथमा थालमा एक माना चामल, हरियो काँक्रा, काँक्रा नभए, ज्यामुर, भोगते, स्याउ लगायतका फलफुल लिएका गएका हुन्छन् । थालको चामलमाथि माटो दीयो पनि बालेर लगेका हुन्छन् । त्यहाँ गाउँभरिका या टोलभरिका महिलाहरू जम्मा हुन्छन् । ब्रतालु मात्रै नभएर त्यहाँ हेरालुहरूको पनि उस्तै भीड लागेको हुन्छ । जब सबै जना जम्मा भइसकेपछि त्यस घर को अगुनियाँले (घरमुली) पूजा शुरु गर्छ । अष्टिम्कीको सबैभन्दा माथि अथवा टाउकोमा गुर्बाबाको चित्र बनाएको हुन्छ । टीको लगाउने काम गुर्बाबाको चित्रबाट शुरु हुन्छ र क्रमशः सबै चित्रमा लगाइन्छ । तर, सबैभन्दा तल्लो कोठामा बनाएको रोइनाको चित्रमा भने कसैले पनि लगाउँदैनन् । उसलाई टीका लगाएमा रुने खालका बच्चा जन्मिने जनधारणा छ । तर, उमेर पुगेका र बच्चाबच्ची भइसकेकाहरूले भने हस्यौली पारामा टीका लगाइदिन्छन् । यसरी टीका लगाइसकेपछि अगियारी दिने चलन छ । आगोमा सल्लाको घूप, नौनी मिसाएर आगो हबन गर्ने प्रक्रियालाई अगियारी भनिन्छ । आगोमा सल्लाधूप र नौनी चढाइसकेपछि पानी विजोर पटक घेरो हाल्ने चलन छ । घेरो हाल्ने कामलाई पर्छन भनिन्छ ।

टीका लगाउनु भन्दा पहिले आफूले ल्याएका चामल त्यही विछयाइएको गुद्रीमा राखेका हुन्छन् । चामलको छेउछाउमा काँक्रा र बीचमा दीयो हुन्छ । कसैको पूजा नकिदै दीयो निभ्यो भने लुकेर केही खाएको अथवा पानी खाएको अनुमान लगाइन्छ । गाउँका केटाहरू काँक्रा काटन आएका हुन्छन् । पूजा सकिएपछि उनीहरूले काँक्राको भेट्नो काटेर पात सहित यथास्थानमा राख्छन् । काटिएका काँक्रा हेर्न आएकाहरूलाई बाँड्छन् र बचेका काँक्रा घर

लिएर जान्छन् । त्यसैगरि पशिचमपट्टिको कुनामा दुई थान जरा सहितको मकै पनि राखिएको हुन्छ, त्यही मकै टिप्छन् ।

**फलाहार भोजन :**

अष्टिम्की बिशेष गरेर फलाहार पर्व भएको यसमा फलफुल मात्रै खाने गरिन्छ । जब पूजा सकेर ब्रतालुहरू घर फर्किन्छन् । घरमा खानका लागि विभिन्नथरिका फलफुलहरू पनि तयार गरिएको हुन्छ । तर खानुभन्दा यहाँ पनि पूजा गर्नु पर्छ । खाने ठाउँमा गाइको गोबरले लिपपोत गरेर आगो राखिन्छ र त्यसैमा अगियारी दिइन्छ । अगियारी सल्लाको धूप, नौनी र खानलाई तयारी अवस्थामा रहेका सबै बस्तुबाट मिसाएर आगोमा चढाइन्छ र पर्छने काम गरिन्छ । यत्ति काम सकिसकेपछि आफ्ना चेलीबेटीहरूका लागि 'अग्रासन' निकाल्ने गरिन्छ र भोलिपल्ट आफ्नो चेलीबेटी दिन जान्छन् । साँझको खानमा केरा, अम्बा, स्याउ, नासपति लगायतका हुन्छन् ।

**अष्टिम्कीक गीत :**

सबैले खानपिन सकेपछि पुनः अष्टिम्की बनाएको घर जम्मा हुन्छन् र रातभर अष्टिम्की गीत गाउने गर्छन् । गीत ठाउँ अनुसार कतै महिलाहरूले गाउँछन् भने कतै पुरुषहरूले मात्रै गाउने चलन छ । देउखुरीक्षेत्र लगायत केही ठाउँमा पुरुषहरूले मात्रै गाउने गर्छन् भने अन्य ठाउँमा महिलाअरुले गाउने छन् । ब्रत नबसेकाहरूले जाँड दारु खाएर र बसेकाहरू भने फलफुल खाएर रातभर गीत गाउँदै जाग्रम बस्छन् । गीतको केही अंश :

*पहिलेटे सिरिजल जल-ठल ढरटि ।*
*सिरिजिटे गैलाँ हो कुस कई डाभ ॥*
*डुसरे टे सिरिजल अन्न कइ पेरें ।*
*सिरि टे गैलाँ हो अन्न कइ बिरोग ॥*
*टिसरे टे सिरिजल अन्न कइ डाँरे ।*
*सिरि टे गैलाँ अन्न कइ पाट ॥*
*चौटे टे सिरिलज अन्न कइ फुला ।*
*सिरि टे गैलाँ अन्न कइ फल ॥*

**अस्राई जैना :**

बिहान भाले बासेपछि घरको अगुनियाँ अष्टिम्कीको डोलीमा बनाइल अपूर्ण कान्हालाई पूर्णता दिनका लागि अरुकै बारीको कैंठा (चिचिण्डो) चोरेर ल्याउनु पर्छ । चोरेर ल्याएको कैंठाको पूजा गरेर पूर्ण गरिन्छ । यसरी पूर्ण भएपछि कान्हाको जन्म भएको मानिन्छ ।

यता भाले बासेपछि ब्रतालुहरूको खाने पिउने कार्य बन्द हुन्छ । उनीहरूले अष्टिम्की विसर्जनका लागि टपरी खुत्ना थाल्छन् । टपरी साधारण टपरीभन्दा बिशेष प्रकारको हुन्छ । टपरीम पातकै पाँच या सात वटा दीया जोडिएको हुन्छ । बिहान सबै जम्मा भइसकेपछि आफ्नो चामल माथि राखिएको काँक्रोको भेट्नो र पात पनि त्यही टपरीमा राख्छन् र पुनः दीयो पनि बाल्छन् । जब अगुनियाँ आफ्नो सबै सामान तयार गरेर निस्किएपछि अरु पनि संगै लाग्छन् घाट, नदी, कुलो तिर । त्यही विसर्जन गरेर नुहाई घर फकिन्छन् ।

**फरहार :**

विसर्जन पछि आफ्नो तिर लाग्छन् । घरमा खँरिया, फुलौरी, पोँइ र झिलंगीको ठुसा, सुकेको माछा, भात तयार गर्छन् । जब तयार हुन्छ, तब 'फरहार' गर्नका लागि तयार हुन्छन् । फरहार गर्नेबेला पनि साँझा गरे जस्तै अगियारी दिई आफ्नो चेलीबेटीको लागि अग्रासन निकाल्ने चलन छ ।

**अग्रासन :**

चेलीबेटीहरूको नाममा निकालिएको खाने कुरालाई अग्रासन भनिन्छ । सबै काम सकिएपछि आफ्ना चेलीबेटीहरूलाई अग्रासन दिन जान्छन् । यो धेरै दिनपछि दिदी बहिनीहरूसंगको भेटले सद्भाव आत्मीय बढाउँछ । चेलीहरू आफ्नो दाजू-भाइलाई सम्मान गर्छन् । थारू समुदायमा दारु जाँड, मासु खुवाएर सम्मान गर्छन् । भेटघाटबाट मनमा लागेको पीर-व्याथा सुन्न सुनाउने अवसरको रुपमा पनि लिइन्छ ।

**अन्त्यमा :**

यसरी विधिवत रुपमा अष्टिम्की सकिन्छ। हिजोभन्दा आज अष्टिम्की धेरै फेरबदल भइसकेको छ। प्रकृति पूजक थारु समुदायको यो मौलिक पर्व भएपनि कालान्तरमा आएर यो यसको बाह्य प्रभाव पनि परिरहेको छ। पहिल्लो समय यस पर्वलाई कृष्णको गाथासँग जोडेर बर्णन गर्न थालिएको छ। आम मानिसहरूको बुझाइमा अस्टिम्की र कृष्ण जन्माष्टमी एउटै हो भन्ने गलत बुझाइ पनि रहेको पाइन्छ। तर यसको गहिराइ र वास्तविक त्यसो नभएर अस्टिम्की प्रकृति, सृष्टि र मानव जीवनशैलीको गाथा गाइन्छ। जुन गीत थारु समुदायको सबैभन्दा पुरानो मानिने 'गुर्बाबक जल्मौटि' गीतको हुबहु कथाबस्तुमा आधारित लयान्तर गरिएको गीत हो।

यो चाड अरु चाडपर्व जस्तै यो पर्व पनि विकृत बन्दै गएको छ। धेरैले आधुनिकताको नाममा फजुल खर्च गर्ने, सम्मानको नाममा महंगी रक्सी, रंगहरूको प्रयोग, मौलिक परिकारभन्दा बाह्य परिकारको प्रयोग जुन अत्याधिक रुपमा प्रयोग गरिएको हुन्छ। आजको अवस्था रुढ संस्कारलाई परिमार्जन गरेर प्रगतिशील संस्कार निर्माण गर्नु स्वभाविक हो। तर, संस्कार परिमार्जनको नाउँमा त्यसलाई अझ खर्चिलो, महंगा, भड्कावपूर्ण, समाजमा नकारात्मक प्रभाव पार्छ।

# थारु माथीको दमन, बिद्रोह / अबको बाटो



पुरन प्रसाद चौधरी
लेखक
लो.स.पा. का केन्द्रिय सदस्य

नेपालको प्राचिन ईतिहासलाई अध्यन गरी हेर्दा लाग्दछ की नेपालको भुमी र चट्टान संगै थारु समुदायका पुर्खाहरुको उत्पत्ती भएको हो । अहिले सम्म पनि देश वा दुनियाका कुनै पनि विज्ञ, विशेषज्ञ वा विद्वानले थारु समुदायका मानिसहरु संसारका कुनै देश, शहर वा गाउँबाट यतीका वर्ष पहीले कुनै पनि कारणले नेपालमा प्रवेश गरी बसोबास गरेका हुन भन्ने प्रमाणित गर्न सकेका छैनन । प्राचिन नेपालको इतीहासमा लिपीबद्ध नगरे तापनि तर ाई मधेशका धेरै जसो ठाउहरुमा सा-सानो गणराज्यको निर्माण गरी थारु राजाहरु हुने गर्दथे । जस्तै कपीलवस्तुको तिलौराकोट, नवलपरासी जिल्लामा पर्ने कोलीया गणराज्यको रामग्राम, दाङको देवखुर, बारा पर्साको सिमरौढगण लगायतका ठाउँहरुमा थारु राजाहरु हुने गर्दथे । तर प्राचिन नेपालको इतीहासमा कतैउल्लेख गरेको पाइदैन । थारुका पुर्खाहरुले त्यती बेला देखी नै जङ्गलमा पाइने सेखुवा साई (सालको फल) कन्दमुल खादै ढुङ्गा र माटो संग खेल्न सिके, जङ्गलमा पाइने बन्यजन्तु पशुपन्छी र जङ्गली जनावरहरु सित बोल्न सिके, नदी, नाला, पहाड र कलकल बग्ने झरनासित गाउन सिकेका हुन । तराई मधेशमा रहेका घनघोर चारकोषे झाडी जङ्गलहरुलाई फडानी गरी तराई मधेशको भूमीलाई उर्वरक बनाई यस भूमीमा मानव बस्तीका विकास गरेका हुन । तराई मधेशको भूमीलाई बस्ती गुल्जार गराउने क्रममा खतरनाक जङ्गली जनावर, बन्यजन्तुहरु संग कडा चुनौतीको सामना गर्दै हैजा मलेरिया, औलो जस्तो खतरनाक रोगहरुको सामना गर्नु परेको थियो । यसरी माटो, ढुङ्गा र काठको हतियारबाट आफुलाई सुरक्षीत गर्दै तराई मधेशको वंजड जमिनलाई जोत कमोद गरी अन्नहरुको उत्पादन गरी मुलुकलाई र देशका जनतालाई पाल्ने काम गरे । मुलुकको निर्माण हुँदाको बखत मुलुक निर्माणमा पनि अहम भूमिका खेले तर प्राचिन नेपालको निर्माण संगै हालको अवस्था सम्म आई पुग्दा दमीतको दमीत नै रहेको अवस्था सर्वाविदितै छ । १०४ वर्षे राणाहरुको शासन कालमा चरम यातनाको प्रारम्भ भयो । थारु महिला माथि शारिरिक शोषण गर्ने र अन्य थारुहरु माथि श्रम शोषण गर्ने उद्धेश्यले जमिन्दारी प्रथाको शुरुवात गरी यस देशका भूमिपुत्र थारुहरुलाई हलिया मजदुर, हरुवा, चरुवा, कमैया, कम्लहरी बनाई शारिरिक, मानसिक र श्रम शोषण गरी रहे । ज्ञण्ढ वर्षिय राणा शासनको अन्त्य भएपछि पन्चायती प्रजातन्त्रको नाउमा करिब ६०० वर्ष अगाडी यस देशमा आयातीत शाह वंशीय राजाहरुले शासन गरे । शाह वंशीय राजाहरुले ३० वर्ष सम्म शासन गर्दा पनि त्यही १०४ वर्षीय राणाहरुले थारु माथी गरेको जमिन्दारी प्रथालाई नै निरन्तरता दिई राणा शासन कैशैलीमा राज्य सन्चालन गरेकाले थारुहरुको आर्थिक समाजिक र राजनीतीक क्षेत्रमा खासै परिवर्तन देखिएन । यी दुईवटै राणा र राजाहरुको शासन कालमा थारुहरुको शारिरिक, मानसीक र श्रम शोषण मात्रै गरिएन थारुहरुको पहिचान, स्वाभीमान, अस्तीतत्व, अस्मीता समेतको धज्जी उडाई अनाधिकृत रुपमा थारुहरुको पहिचान खोस्ने र मेटाउने काम समेत गरियो । यसरी संसार आधुनिक युगमा प्रवेश गर्दै गर्दा हाम्रो देश नेपालले पनि करिब २५० वर्ष देखि जरा गाडी बसेको जहानीय राणा शासन र शाह वंशिय समान्ती राजतन्त्र युगको जन्ताद्धारा २०६२-२०६३ सालमा अन्त गरी देशले जनताको नयाँ युगमा प्रवेश पाएको छ । देश नया युगमा प्रवेश गरी सकेपछि केही थारु विज्ञ, विशेषज्ञ, बुद्धिजीवीहरुले प्राचीन काल देखी विभिन्न काल खण्डमा आफ्नो गुमेको इतिहास, लोप गराइएको भाषा र संस्कृती, खोसीएको राज्य र पहिचानको खोज गर्न अहिलेका युवा, विद्यार्थी, राजनितीक कर्मी, वकील, पत्रकार लगायत सवै सचेत र चेतनशिल थारु अगुवा नागरिकहरुलाई आफ्नो बौद्धीकता मार्फत आग्रह गरी रहेको छन । तसर्थ थारु समुदायको आर्थिक अवस्था कमजोर र समाजिक, सांस्कृती र राजनीतिक चेतनाको अभाव रहेको र समग्र थारुहरु, थारुहरुको साझा सवाल, साझा मुद्दा र साझा एजेण्डामा

एकमत नहुनुको कारण लक्ष्य प्राप्तीको आन्दोलनमा असफल भै रहेको मुख्य कारणको रुपमा सावीत भैरहेका छन् ।

सम्वृद्ध समतल सु-सम्पन्न तराईको भुमी माथि यहाँका जमिनदार शासकहरुको पहिल्यैदेखी नै आँखा परिरहेको थियो । त्यस समयमा पनि पश्चिम नेपालका तराईमधेशमा बसोबास गर्ने थारु समुदायका मानिसहरु नेपाली जमिनदारहरु सित धेरै पीडित थिए । पुर्खौली घर पहाडबाट बसाई सरी तराईमधेशमा बसोबास गर्ने आदिवासी जनजाती थारु समुदायहरुको जग्गा जमिन कब्जा गरेर बसी सकेका थिए । थारुहरुलाई त्यती बेला पनि कमैया, कम्लहरी, हलिया (गुलाम), हरुवा, चरुवा बनाएर राखेका थिए । जमिनदारहरुको घरमा थारुहरुले बेगारिमा काम गर्न परी रहेको थियो र काम गरे वापत कुनै ज्याला मजदुरी पाइरहेका थिएनन् । आफुहरुले गरेको कामको मजदुरीको बदलामा कुल उत्पादनको एकतिहाई अन्न पाउने जमिनदारहरु सित सहमती भएको हुन्थ्यो । त्यो पनि पाई रहेका थिएनन् । एकताका ति जमिनदारहरुसितको सहमति अनुसार कुल उत्पादनको एकतिहाई अन्न पाउन जमिनदारहरुसँग हदैसम्मको विन्ती चढाए, हारगुहार गरे, अनुनय, विनय गर्दा पनि केही असर गरेन। अन्तमा जमिनदारहरुको अन्याय, अत्याचार सहन नसकी सोषित, पिडित कमैया, कम्लहरी थारुहरुले जमिनदारहरुसित एकतिहाई उत्पादन लिन योजना बनाई जमिनदारहरुको खेत र खलिहान कब्जा गर्ने निर्णय गरे, निर्णय अनुसार २००८ साल बैसाख १४ गते बर्दियाको मानपुर टपराको बेलवा गाउँमा आ-आफ्नो बच्चा र महिलाहरुलाई लिएर करिब १,३०० जना थारु कमैयाहरुले जमिनदारहरुको खलिहान कब्जा गरी दिनको ४:०० बजेको समयमा आफ्नो भागको एकतिहाई अन्न बोरामा भर्न लाग्दाको अवस्थामा नेपाली पुलिसहरु पुगी ति निहत्था कमैयाहरु माथि अन्धाधुन्द गोलि चलाई दमन गर्न थाले ।पुलिसले चलाएको गोली लागि कोइली देवी थरुनी, पतिराम थारु, लक्ष्मी थारु, डिबुवा थारु, चप्पु थारु र सोलरिया थारु समेत ६ जना कमैया थारुहरुलाई सहिद बनाई दिए । बाँकी जनालाई पुलिसले बलपूर्वक कमैया थारुहरुलाई जमिनदारहरुको घरमा काम गर्न लगायो । कमैयाहरुलाई मज्बुरीवस फेरी काममा फर्कन बाध्य गर ाइयो । यो थारु विद्रोह राणा शासन पछिको पहिलो थारु विद्रोह  थियो। यस विद्रोहलाई खरिहानी विद्रोह पनि भन्ने गरिन्छ । यस विद्रोह पछि थारुहरुलाई हलिया, मज्दुर, कम्लहरी र कमैया बनाई त्यस बेलाका जमिनदार, सामन्ती शासकहरुले थारुहरु माथि अत्याचारको श्रृङ्खलावद्ध शुरुवात गरे र सामन्ती जमिनदारहरुको अमानवीय र पशुगत व्यवहार करिब ६० वर्ष सम्म चलिरह्यो । आदिवासी थारुहरुले आफ्नो भाग्य र भगवानलाई दोष दिदै करिब ६ दसकसम्म निस्सासिएर जीवन विताई रहे । २०४६ सालको परिवर्तन पछि तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवालाई २०५८-०५९ साल तिर ज्ञापनपत्र बुझाई हलिया, कमैया, कम्लहरी मुक्तिको आन्दोलनको शुरुवात गरे । २०६० साल तिर देशमा जरा गाडी सकेको कमैया, कम्लहरी र हलियाहरुको दबाब पछिमात्र तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले मुक्त गर्ने घोषणा गर्नुभयो। उक्त घोषणा अहिले सम्म पनि पूर्ण रुपमा सरकारले कार्यान्वयन गरिरहरेको छैन। अहिलेपनि थुप्रै थारुहरु सामन्ती जमिनदारहरुको घरमा अप्रत्यक्ष रुपमा कमैया, कम्लहरी र हलिया बसी काम रहेका छन् । पछिल्लो समयमा यस देशका शासक, शाहवंशीय सामन्ती राजाहरु निरङ्कुश भई प्रतिगमन तिर अगाडी बढ्दै जाँदा २०५१ साल तिर माओवादी जनयुद्धको शुत्रपात भयो। एघार वर्ष सम्म चलेको जनयुद्धमा माओवादिहरुले यस देशका आदिवासी जनजाती, थारु, मधेशी, मुस्लिम, दलित, पिछडावर्गहरुको जाती समुदायलाई संविधानमा पहिचान, अधिकार, समानुपातिक, समावेशी लगायतका माग र मुद्दाहरु सुनुश्चित गराउने प्रलोभनमा पारी थरुवान मुक्ती मोर्चामा लक्ष्मण थारु र लाहुराम थारु लगायतका थारुहरुलाई जनयुद्धमा सामेल गराई उपयो ग गऱ्यो । एघार वर्षे जनयुद्धमापनि धेरै थारुहरुले सहादत दिए । २०६२-०६३ को जनआन्दोलनमा पनि भूमीपुत्र थारुहरुले राम्रो भूमिका निर्वाह गरेका थिए । यस आन्दोलनमा पनि थारुहरुले योगदान र सहादत गरेका थिए। तर २०६२-०६३ को ऐतिहासिक जनआन्दोलन पश्चात तत्कालिन ने.क.पा. माओवादी लगायतका राजनीतिक दलहरुले थारुहरुलाई पहिचान सहितको थरुहट प्रदेश समेतको माग र मुद्दाहरुलाई बेवास्ता गरिदिए र देशका कृयाशिल ठुला राजनीतीक दल नपाली कांग्रेस, ने.क.पा. एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, एकिकृत ने.क.पा. माओवादी, राष्ट्रिय जनमो र्चा नेपाल र विजय कुमार गच्छदारको नेतृत्वमा रहेको तत्कालिन मधेशी जनाधीकार फोरम लोकतान्त्रीक समेतको राजनीतीक दलको नेतृत्वमा २०७२ साल असोज ३ गते नेपालको संविधान २०७२ थारु कल्याणकारीणी सभा केन्द्रिय कार्यसमितिको नेतृत्वमा रहेको थरुहट थारुवान राष्ट्रिय मोर्चा, आदीवासी जनजाती महासंघ र महन्थ ठाकुरको

नेतृत्वमा रहेको तत्कालीन तराई मधेश लोकतान्त्रीक पार्टी नेपाल (त.म.लो.पा. नेपाल) उपेन्द्र यादवको नेतृत्वमा रहेको तत्कालिन मधेशी जनअधिकार फोरम, राजेन्द्र महतोको नेतृत्वमा रहेको सदभावना पार्टी लगायतका राजनीतिक दल र देशका विभिन्न जातीय संगठन दलित, मुस्लीम र पिछडा वर्गको समेत नेपालको संविधान २०७२ मा व्यापक असन्तुष्टी र विरोध रहदा रहदैको अवस्थामा पनि मुलुकको तराई मधेशका धेरै जिल्लाको सदरमुकाम र विरगन्ज, विराटनगर, राजविराज, जनकपुर, भैरहवा, दाङ, नेपालगन्ज, धनगढी लगायतका ठुला शहरहरुमा कर्फ्यु आदेश निशेधीत क्षेत्र जारी गरी नेपालको संविधान २०७२ जारी गरे । थारु आदीवासी, आदीवासी जनजाती महासंघ, दलित, मुस्लीम, पिछडा वर्ग, मधेशी लगायत केही राजनीतिक दलहरुको पहिचान सहितको प्रदेश, जनसंख्याको आधारमा पुर्ण समानुपातीक समावेशी लगायतका प्रमुख माग र मुद्दाहरु २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ मा सम्बोधन नगरे पछि नेपालको संविधान २०७२ ले आफुहरुले उठाएको भाषा, संस्कृती र पहिचानको आधारमा प्रदेशको सिमाङ्कन, नामाङ्कन, जातिय जनसंख्याको आधारमा राज्यको सवै अङ्गमा पुर्ण समानुपातिक समावेशी जस्ता प्रमुख माग र मुद्दाहरु नेपालको संविधान २०७२ मा  बेवास्ता गरेकै कारण लक्ष्मण थारुको नेतृत्वमा रहेको थारुहट स्वायत्त राज्य परिषद, सुरेन्द्र चौधरीको नेतृत्वमा रहेको संयुक्त लोकतान्त्रिक मोर्चा, उपेन्द्र गच्छदार थारुको नेतृत्व रहेको नेपाल लोकतान्त्रिक दल, थारु आदिवासी गैर सरकारी महासंघ, थारु बौद्धिक राष्ट्रिय अनुसन्धान केन्द्र, थारु विद्यार्थी समाज, वेश नेपाल, थारु राष्ट्रिय समाज, आदिवासी थारु विकास मञ्च, थारु युवा फ्रन्ट, केन्द्रिय थारु कल्याणकारिणी सभा, थारु महिला समाज र थारु अगुवा बुद्धिजिवि योगेन्द्र चौधरी गोपाल दहित, शैलेन्द्र चौधरी, डिल्ली बहादुर चौधरी, चन्द्र प्रसाद चौधरी, मिनराज चौधरी, सिएन थारु, चन्द्र नारायण चौधरी र सरस्वती चौधरी समेतका अह्वानमा २०७२ साउन २५ गते राष्ट्रिय भेला बोलाई थारु कल्याणकारिणी सभाका राष्ट्रिय अध्यक्ष श्री धनिराम चौधरी थारुको संयोजकमा थरुहट/थरुवान संयुक्त संघर्ष समितिको निर्माण गरी २०७२ साल श्रावण २७ देखि संघर्षका कार्यक्रम अगाडी बढाइएको थियो . तत्कालिन सभासद सदस्य रामजनम चौधरीको नेतृत्वमा थारु संसद संघर्ष समितिको निर्माण गरी सदनमा पनि संघर्ष गर्दै आईरहेका थिए । संविधानको अन्तर वस्तुमा आफ्ना पहिचान अधिकार सिमाङ्कन, नामाङ्कन स्थापित गराउन सशक्त रुपमा अगाडी बढि रहेको शान्तिपूर्ण आन्दोलन उत्कर्षमा पुग्नै लाग्दा २०७२ भाद्र ७ गते कैलालीको टिकापुरमा सुनियोजित ढङ्गबाट रहस्यमय घटना घट्यो । सो घटनामा १ जना नाबालक र सुरक्षामा खटिएका प्रहरी अधिकृत सहित ८ जना प्रहरीहरुको ज्यान गयो । घटना पश्चात सरकारले सुरक्षा निकायका चारैवटा अङ्गलाई टिकापुर क्षेत्रमा व्यापकरुपमा परिचालन गरी निषेधित क्षेत्र तोकी कर्फु आदेश जारी गऱ्यो तर लगतै भोलिपल्ट २०७२ भाद्र ८ गते छानी छानी थारुहरुको घर, पसल, व्यवसायिक केन्द्र, सञ्चार गृह, थारु विरोधी सुदुरपश्चिम अखण्ड पक्षले आगजनि, तोडफोड, लुटपाट र थारु महिलाहरु माथि द'/ब्यवहा/ समेत गरेका थिए । स्थानीय प्रशासनले थारु बःने गाँउ गाउँमा छापा मारी थारुहरुलाई व्यापक रुपमा धरपकड गर्न थाल्यो । अनुसन्धानका नाममा थरुहट आन्दोलनका नेता, अगुवा, बरघर, भलमन्सा, समाजसेवी, बुद्धिजिवी, विद्यार्थी सवैलाई पक्राउ गरी षडयन्त्रपूर्वक भ'ठ्ठा मुद्दा लगाई जेल कोच्न थालेपछि थारु गाउँवस्तीहरु आतङ्कित र त्रसित भई त्यहाँका मानिसहरु भारी संख्यामा विस्थापित भएका छन् र थुप्रै गाउँवस्तीहरु अहिलेपनि खाली रहेको अवस्थामा छ । सोही घटनामा पक्राउ परेको रेशमलाल चौधरी, लक्ष्मण थारु लगायत २७ जना थारु आन्दोलनकारीहरु माथि राज्यले संगठित, जघन्य अपराधको मुद्दा चलाई कैलाली जिल्ला अदालतबाट र पुनरावेदन अदालत दिपायल डोटीबाट समेत केहीलाई ४२ महिना जेलसजाय गरी छुट्कारा दिएको र माननीय रेशमलाल चौधरी लगायतका १३ जना आन्दोलनकारी राजबन्दीहरुलाई आजिवन कारावासको सजाय सुनाई अहिले पनि थुनामा राखेकोछ । थारु विद्रोह गरेको झण्डै ७ वर्ष पुरा हुनै लाग्यो थारु विद्रोहमा लागेर, कमल चौधरी, विपिन खडका क्षेत्री, प्रकाश चौधरी, रामप्रसाद चौधरी, धन बहादुर थनैत र चिन्कु डगौरा थारु समेत गरी ६ जना थारु सपुतहरुले सहादत दिई सकेका छन् । हजारौको संख्यामा आन्दोलनकारीहरु विस्थापित छन् । करिब ३०० जना थारु आन्दोलनकारीहरु माथि झुठ्ठा मुद्दा लगाइएका छन् . माननिय रेशमलाल चौधरी लगायत १३ जना थारु र ाजबन्दीहरु अहिले पनि आजिवन जेल जीवन बिताई रहेका छन् । हालसम्म थरुहट संघर्ष समिति र राज्यसँग २०६५ साल चैत्र १ गते भएको ६ बुँदे सहमती र २०६९ साल जेष्ठ १० गते भएको १० बँदे सहमति कार्यान्वियन भएको छैन । हुने सम्भावना पनि कम देखिन्छ । किनभने झापा विद्रोहको नाममा नागरिकहरुको टाउको काट्नेहरु सरकार

प्रमुख थिए । आदिवासी जनजाती, थारु, मधेशी लगायतका वर्ग समुदायहरुलाई संविधानको अन्तरवस्तुमा पहिचान सहितको सिमाङ्कन, दिलाउछु भनेर ११ वर्ष जनयुद्धको नाममा करिब १७ हजार मान्छे मार्नेहरु अहिलेको बहुमतको सरकारको प्यादा (सहयोगी) भई नेपालको संविधान २०७२ लाई बेवास्ता गर्दै चरम नश्लीय राष्ट्रवाद तिर उन्मुख रही मुलुकलाई जवरजस्ती अगाडी बढाई रहेका छन्, भने अर्कोतर्फ थारु अन्दोलनकारी शक्तिहरुको राजनीतिक समिकरण परिवर्तन हुनु, नेता अभियन्ताहरु विच बेमेल भई एकले अर्कालाई आरोप प्रत्यारोप गरी नेतृत्वको होडबाजी गर्नु, उचित समयमा बैठक बस्न नसकी निर्णय लिन नसक्नु, आर्थिक दुराअवस्था र राज्यद्वारा नेता, कार्यकर्ताहरुलाई धरपकड गरी झुठ्ठा मुद्दा लगाई ज्यान मार्नेसम्मको डरत्रास देखाई आतङ्कीत पार्नु आदिका कारणले नै थरुहट आन्दोलन कमजोर र सुसुप्त हुनुको मुख्यकारण रहेको विश्लेशकहरुको भनाई रहेकोछ । यस अवस्था प्रति चिन्ता र चाँसो राख्दै २०७५ चैत्र १६ गते बर्दियाको ठाकुरद्वारामा संयुक्त राष्ट्रिय सम्मेलनले दबाव दिन २ बुँदे सुझावपत्र सरकार समक्ष पेश गर्ने निर्णय गऱ्यो । २०७६ बैशाख २० र २१ गते थरुहट थरुवान संयुक्त संघर्ष समितिले राष्ट्रिय भेला बोलायो तर खासै निष्कर्षमा पुग्न सकेन । माननीय रेशमलाल चौधरी बचाउ अभियान समितिले २०७६ बैशाख २५ र २६ गते सप्तरीको बेलुवामा राष्ट्रिय भेला सम्पन्न गऱ्यो र थारु कल्याणकारिणी सभा केन्द्रिय कार्य समितिले २०७६ असार २० र २१ गते चितवनको सौराहामा बृहत राष्ट्रिय सम्मेलन गरी कैलालीमा घटना घटेको दिन भाद्र ७ गतेलाई कालो दिवस मनाउने निर्णय गर्दै देशभरीका थारुहरुलाई भाद्र ७ गते कालो दिवस मनाउन निर्देशन गरेकोछ भने २०७६ भाद्र ७, ८ र ९ गते कैलालीको टिकापुरमा थरुहट थारुवान संयुक्त संघर्ष समितिको राष्ट्रिय भेलाले थारुहरुको माग, मुद्दा र अधिकार पहिचान, सिमाङ्कन, नामाङ्कन लगायतका विषयवस्तुहरुमा बृहत छलफल गरी सही निष्कर्षमा पुगि थरुहट थारुवान संयुक्त संघर्ष समितिलाई एक नयाँ दिशा निर्देश गरी अहिलेको समय, परिस्थिती र अवस्थाको विश्लेषण गरी आवश्यकतालाई मध्यनजर गर्दै गतिशिल नेतृत्वले अहिलेका आन्दोलनरत सबै शक्तिहरु, थारु, आदिवासी जनजाती, मधेशी, मुस्लिम, दलित उत्पिडित जाती, वर्ग, लिङ्ग क्षेत्रका समुदाय राजनीतिक दलहरु समेतलाई एकजुट गराई संघर्ष गर्नुपर्ने अवस्था आएको छ भन्ने कुरालाई आत्मसाथ गरी थारु समुदायमा रहेका विद्वतवर्ग, शिक्षक, वकिल, कर्मचारी, पेशाकर्मी, पत्रकार, बरघर, भलमन्सा, किसान, महिला, युवा, विद्यार्थीहरु अझै संगठनात्मक रुपमा गोलबद्ध भई साझासवाल, साझामुद्दा र साझा आन्दोलन नै अबको बाटो र अहिलेको विकल्प सम्झी आन्दोलनलाई अगाडी बढाउनु पर्ने देखिन्छ ।

# थारु समुदायको विवाह परम्परा

बुद्धसेन चौधरी
सप्तरी

**परिचय-** विवाह पुरुष र स्त्री रुपी दुई आत्माहरुको पारस्परिक मिलन गराउने महापवित्र सामाजिक बन्धन हो । यो अपवाद बाहेक हरेक मानिसको जीवनमा हुन्छ । नेपाली बृहत शब्दकोष अनुसार विवाह भन्नाले स्त्री र पुरुष बीचमा पतिपत्नीको सम्बन्ध कार्य गराउने धार्मिक सामाजिक कृत्य हो । असल र समानस्तरको गुणयुक्त बेहुला र बेहुलीको बीच विवाह सफल बनाउने उद्देश्यले छनौटदेखि विवाह उत्सव सम्म विभिन्न सामाजिक तथा धार्मिक विधिहरु अपनाउने गरिन्छ ।

नेपालको तराईक्षेत्रमा परापूर्वकालदेखि थारुजाति (आदम मानव) बसोवास गर्दै आएका छन । एकपलट् छुट्टिएर गएकाहरु संगको आवत जावत, बोलीचाली, विवाह आदि जस्ता परम्परा एवं संस्कृति मनाउने तरिका क्रमशः फरक भई स्थान पिच्छे भाषा र संस्कृतिमा केहि भिन्नताहरु रहेको छ । यहां खास गरी मध्य र पूवी तराईमा बसोवास गरिआएका थारुजातिको विवाह परम्पराको विषयमा चर्चा गरिने भए पनि सम्पुर्ण थारु समुदायमा विवाहको परम्परागत चलन र महत्व उस्तै रहेको छ ।

पहिला वालविवाह हुने भएकोले अभिभावक छनौटको आधारमा विवाह गर्ने परम्परा थियो । वालविवाह अन्त भई विवाह सम्बन्धि कानूनको निर्माण भएपनि अभिभावकहरुले दुलहा/दुलही छनौट गर्ने, विवाहका लागि महत्वपूर्ण निर्णयहरु लिने चलन अहिले पनि विद्यमान रहेको छ । तर निर्णय प्रकृयामा सुधार भई क्रमशः विवाह गर्ने केटा/केटीको पनि राय सल्लाह लिने चलनको विकास भएको छ । विवाहको प्रक्रियाहरुमध्ये सबै भन्दा पहिले केटा र केटीको छनौट अति महत्वपूर्ण रहेको छ । गाउँ समाजमा लमी (दुरा)ले नै उपयुक्त दुलहा/दुलही छनौटमा मुख्य भुमिका निर्वाह गर्दछ । जसमा दुलहा/दुलहीको कुल खानदान देखी, नातेदार, आर्थीक अवस्था लगायत अन्य कुराहरुको बारेमा जानकारी गराउने काम हुन्छ । अभिभावकहरुलाई चित्तबुझेमा अप्रत्यक्ष रुपमा कहीं अन्तै केटा/कटी हेर्ने काम हुन्छ । जसमा पहिला पहिला त बुढापाकाहरुले बोक्ने लाठीले समेत केटा र केटीको उँचाई नाप गरी मुठ्ठी गन्ने चलन थियो । तर हाल यो चलन हराईसकेको छ । अहिले लमी भन्दा पनि ब्यक्तिगत सम्पर्क र आफै मनपराएर विवाह गर्ने चलनको विकास भएको छ । दुबैपक्ष मोटामोटी रुपमा राजी भएपछी फेरी कुनै दिन देखासुनीको दिन तोकिन्छ ।

**देखासुनी-** देखासुनी शाब्दिक अर्थ हुन्छ शुक्ष्म रुपमा केटा र केटीलाई हेरी वास्तविक कुरो देख्नु र सुन्नु हो । यस कार्यक्रममा केही जान्ने बुझ्ने खालका मान्यजन, भलादमीहरु, लमीहरु, खासगरी केटा/केटीका मावली तर्फका आफन्तहरुको सहभागी हुन्छ । औपचारिक रुपमा केटा केटी हेर्ने व्यवस्था गरिन्छ र सबैका सामु एकपटक फेरि बृहत रुपमा बुझ्नुपर्ने सबै कुरो सोधनी गरिन्छ । यसलाई अर्को शब्दमा (पक्का पक्की) पनि भनिन्छ । दुवै पक्ष बिचको कुराहरु समाजलाई समेत साक्षी राख्ने काम यसमा हुन्छ । दुवै तर्फकोले पक्का नगरुन्जेल यसले मान्यता पाउँदैन । उप्यापत्तर- देखासुनी पछीको अर्को चरणलाई उप्यापत्तर भनिन्छ । यसमा खानपानको विशेष ब्यवस्था रहेको हुन्छ । यो कार्यहरुले पनि उक्त परिवारको खानपिन तथा पारिवारिक व्यवहार झल्काउँछ । मुल घर भित्र नै मुख्य पाहुनाहरुको लागि भोजनको व्यवस्था मिलाइएको हुन्छ जसले गर्दा सरसफाई, घरको आन्तरिक बनौट, घर परिवारका सदस्यहरुको व्यवहार, आचार विचार, रहन सहन समेत बुझ्ने र देख्ने काम पनि हुन्छ । यसको साथसाथै दुबै पक्षका दुराहरुबाट आ-आफ्नो पक्षको गोष्ठी (गोत्र) बंशावली विस्तारमा भन्ने गर्दछ । यसबाट केटा/केटी एउटै गोत्र बंशका हुन कि होइन भने छुट्याउन मद्धत हुन्छ । केटा/केटी एउटै बंशको भए बिहे गर्ने चलन छैन । यो गोष्ठीबाट कुन पक्षको इतिहास कति गौरवमय (कुलीन) छ भने थाहा भई कथा (विवाह सम्बन्ध) पक्का गर्न मद्धत थप मदत्त पुग्छ

। खानपान पछी बिदाई गर्ने बेलामा केटी पक्षको घरमा कम से कम एक एकवटा (टका) रुपैयाँ र बेसारमा रंगाएका सुपारी दुबै पक्षले एउटा रुमालमा जम्मा गरेर समाजको मूलत जेवारलाई दिन्छन । जम्मा भएको सुपारीलाई थालमा राखेर बेसारमा रंगाउँदै पालैपालो तीन तीन पटक कथा बान्हबै ? भनेर सोध्ने गरिन्छ । जवाफमा दुबै पक्षको मूल व्यक्तिले बान्ह भनेर जवाफ दिएपछी जेबारले, ल अब यसमा कुनै गडबडी हुनु भएन भनेर जवाबदेहिता महशुस गराउने काम गर्दछ । यो सुपारी जेबारले नै आफुसंग राख्दछ । कथा बान्हनुको अर्थ एक हिसाबले दुबै जनालाई सामाजिक बन्धनमा पार्नु हो । यो एक किसिमको ईनगेजमेन्ट पनि हो । सम्भव भए सम्म त्यतिखेरै उपयुक्त समय हेरेर केटातिर घरदेखको दिन औपचारिक रुपमा तोक्ने काम पनि गरिन्छ ।

**घरदेख-** यसको शाब्दिक अर्थ बिस्तृतरुपमा घरको बनौट देखि लिएर अन्य सबै व्यवहार सर-समाज तथा आफन्तहरुको संयुक्त टोलीद्वारा एकैसाथ निरिक्षण गर्नु हो । घरदेखलाई पनचढी पनि भनिन्छ । जुन पक्षमा घरदेख हुन्छ त्यस पक्षमा घरदेखिया बाहेकका नजिकका आफन्त र पाहुनाहरु पनि रहेका हुन्छ । पाहुना र आफन्तहरुबाट पनि उसको सम्बन्ध र व्यवहार कस्तो रहेछ, देखिन्छ । प्रायः घरदेखको अवसरमा भोज खुवाउने चलन रहेकोछ । थारुहरुको घरदेखको खानपिन बिशेष नै हुन्छ । जसमा बडी र अदौरी पनि एक हो । यो नभई हुँदैन । कम्तिमा १२/१५ प्रकारका तरकारिहरु रहेकै हुन्छ । घरदेखमा खसीको मासु अनिवार्य हुन्छ । मासु नखानेको लागि त्यस्तै व्यवस्था गरिएको हुन्छ । घरदेख पहिला केटा पक्षतिर र पछि केटी पक्षतिर गर्ने चलन छ । घरदेख निश्चयको खबर आएपछी मात्र खानपिनको तयारीमा लाग्ने चलन रहेको छ । घरदेखमा तयारी गर्न समाजको प्रत्येक घरमा धान बाँडने चलन रहेको छ । जसको बदलामा समाजले धानलाई च्युरा बनाएर बनाएर दिनु पर्छ । अहिले मिल भएकोले मिलमा नै च्युरा कुट्ने चलन रहेको छ ।

घरदेख गर्न जादा केटी पक्षले केटाको लागि र केटा पक्षले केटीको लागि आफना इच्छा र क्षमतानुसार लत्ताकपडा, गरगहना इत्यादि समानहरु लिएर जान्छन । पुगेपछि समय हेरेर केटा र केटीलाई पान, सुपारी, रुपैया, फलफूल तथा घरबाट लगेका सबै सामग्रीहरु विधिवत समर्पण गर्छ । यस कृयालाई नै पनचढी भनिन्छ । त्यस दिनका ग्रह नक्षत्रको अवस्थिति अनुसार केटा र केटीको बस्ने दिशा र पान चढाउँनेको बस्ने व्यवस्था मिलाइन्छ । यो काम प्राय नजिकको बरिष्टतम सदस्य जस्तै बाजे, बुवाले गर्ने चलन रहेको छ । यस क्रममा केटा र केटीलाई नाम, तिनपुस्ते सोधपुछ गर्नुको साथै लड्डु, पान, सुपारी, पैसालाई यो के हो ? भनेर सोध्ने गरिन्छ । केटालाई प्राय बसधरामा चढाउने गरिन्छ भने केटीलाई घरको आँगनमा गई पान चढाउने चलन रहेको छ । घरदेखमा पहेंलो रंगको लत्ता कपडा रहेको हुन्छ । दुलहारदुलहीले अन्य सर्वसाधारण जस्तै घरको काममा सधाई रहेको हुन्छ जसले गर्दा उसको बाणी व्यवहोराको परिक्षण पनि हुन्छ । त्यस पछि खानपीन शुरु हुन्छ ।

नास्तामा च्युराभुजाको साथै वसनादार तरकारी आलु, भन्टा, केरा,फसी, कुमिन्डो, बडी जस्ता परिकार अनिवार्य रहेको हुन्छ । गाउँ घुम्ने, अन्य कुराहरु थाहा पाउने, विभिन्न किसिमको खेल खेल्ने, बैचारिक वहस गर्ने लगायतको काम आ(आफ्नो उमेर समुहमा हुने गर्दछन । घरदेखको बारेमा अन्य समुदायमा एउटा भनाई नै रहेको छ । थारुको घरदेख खानुमा बेग्लै मज्जा छ ।

लगन बान्हनाई- घरदेख केटीपक्षतिर छ भने घरदेखिया र पाहुनाहरु घर फर्कनु पूर्व विवाहको दिन निश्चित गर्न दुबै पक्षले नौवटा सुपारी एउटा थालमा जम्मा गर्छन । त्यस पछी गाउँको जेवार वा भद्रभलादमीहरुले ती जम्मा गरेको सुपारीलाई फुलही थाल (काँस)मा राखी बेसारमा रंगाई लगन बान्हने काम हुन्छ । लगन बान्हुनको मतलब बिहेको लगन निधो गर्नु हो । जेबारले फेरी पनि दुबै पक्षलाई लगन बान्हबै भनेर तिन पल्ट सोध्ने गर्छ । उत्तरमा दुबैपक्षले आ-आफ्नो पालोमा बान्ह भने जवाफ दिए पछी माइन्जन जेबारले दुबै पक्षलाई अब यो दुलहा/दुलही समाजको भयो । अहिले गरिएको बाचा अनुसारको काममा कुनै गडबडी हुनु भएन । सामाजिक जिम्मेबारी र उत्तरदायित्व वोध गराउँदै सुपारीलाई गमछा या रुमालमा बाँधेर उसैले राख्ने चलन छ । ताकी विवाहमा कुनै पक्षबाट गडबडी

भए समाजले यसैलाई आधार मानेर विवाह बन्धनको लागि दबाब दिन सकोस । उलङ्घन भएको खण्डमा सामाजिक दण्ड जरिवाना पनि हुने गर्दछ । लगन बान्हने बेलामा मुलुकी अपराध संहिताको परिच्छेद-११ को विवाह सम्बन्धि कसूर मा भएको व्यवस्था जस्तैस्– मञ्जुरी बिना विवाह गर्न नहुने, हाडनातामा विवाह गर्ने नहुने, वालविवाह गर्न नहुने, विवाहमा लेनदेन गर्ने नहुने, वहुविवाह गर्न नहुने जस्ता कुराहरुलाई पनि ध्यान दिने गरिन्छ ।

महिलाहरुद्वारा गीत गाउँदै दुलहा पक्ष भए दुलही पक्षको सम्धीसंग नाम जोडेर र दुलही पक्षभए दुलहा पक्षसंग नाम जोडेर हँसी मजाकको गीतहरु पनि समावेश गरिएको हुन्छ । लगन बाध्ने काम पछी विदाइको कार्यक्रम शुरु हुन्छ । सर-समाज सहित दुलहा/दुलहीले सबैलाई विदाई गर्दै खुट्टामा ढोग्ने गरिन्छ त्यसको बदलामा आशिर्वाद संगै हातमा केहि रुपैयाँ दिन्छन र घरदेख सम्पन्न हुन्छ ।

कुमरौन- विवाहको एक दिन अगाडि हुने उत्सव लाई कुमरौन भनिन्छ । यसलाई कतै कतै मटकोर पनि भन्ने गरिन्छ । कुमरौनमा घरको कूल देउतालाई कुमारीपाठी बली दिने भएकोले पनि यसलाई “कुमरौन” भनिन्छ । कुमरौनमा केटा पक्षतिर कासाधान कुट्ने, मुरवाइर गांथने, कस्कुटी गर्ने, लावा भुट्ने माटोको चुल्हो तयार गर्ने, कुँवा विवाह गर्ने, कत्तराभ्कार विवाह गर्ने र अन्तमा कुमारीपाठीको बली प्रदान गर्ने जस्ता विधहरु सम्पन्न गरिन्छन भने केटी पक्षतिर यी सबै विधहरुको साथसाथै जगबेदही बनाउने र विवाहको लागि मरवा (मण्डप) तयार गर्ने थप काम हुने गरिन्छन । कुमरौनको दिनमै मरवा तैयार हुनुपर्दछ । केटीको हातको नाप अनुसार मरवाको लम्बाई चौडाई प्रायः ७ वा ९ हात लामो हुने गर्दछ । आँगनको सुविधा हेरेर अभिभावकले निर्णय लिने गर्दछ । राती नै सामाजिक बैठकी बसाएर समाजलाई जिम्मेबारी सुम्पने काम हुन्छ र समाजले त्यहि अनुसार कामको बाँडफाड गर्ने गर्दछ । कुमरौन सम्पन्न गर्न केटीतर्फ दानगर्ने र केटातर्फ पर्छने (पूजागर्ने) दम्पतिहरु दुबै उपवास बसी नुहाई धुवाई गरी दानकरनी (दुलही दानगर्नेको श्रीमती) र परछैवाली (केटातर्फ विवाहमा मुख्यपात्रकी श्रीमती)हरु पहिले मुरवाइर गाथ्ने गर्दछन । त्यसपछी कसाधान कुट्न आँगनमा लिपपोत गरी सिन्दुर पिठो लगाई पूजाको लागि ठिक पारेको ठाउँमा एउटा नाङ्लोमा धान र बेसारका टुक्राहरु, एउटा ओखल र पाँचवटा हातेमुसल राम्ररी धोई पखाली राखिन्छन । वेहुलार वेहुलीले विधकरनीहरुको आँचलमा एउटा सुपाडी र केही अक्षता दिन्छन । त्यसपछी कसा बनाउनको लागि ल्याएको धान कुट्ने काम हुन्छ । बेहुला/बेहुलीले सहित पाँचवटै विधकरनीहरु पाँच पाँच मुठी धान ओखलमा राख्दछन । बेहुला र बेहुलीले सबै विधकरनीहरुलाई हातमा एउटा/एउटा मुसल थमाई दिन्छ । सबै विधकरनीहरुले पालैपालो पाँच-पाँच पटक धानलाई आफ्नो हातमा भएको मुसलले कुट्दछन र आँचलमा भएको अक्षता त्यसमा मिसाउँछन । दानकरनी वा परछैवालीले धान कुटेर अछता तयार गरी गिलो लसादार पिठो बनाउँछ । मुरवाइर गाथ्ने काम पछी बेहुलीतिर मरवा (मण्डप) खडा गर्ने गरिन्छ । मण्डपको थप कामहरु र चुल्हो बनाउने कामहरु अगाडि बढ्छ । गीत गाउने काम भईरहन्छ ।

**मुरवाइर गाथ्नु-** केटीतर्फ दान गर्ने दम्पतिहरु र केटातर्फ पर्छने दम्पतिहरु उपबास बसी नुहाई धुवाई गर्छन । डालोमा सबै थोक लिएर देउता कूलदेउताको पूजा गरी दम्पतिहरु दुबैजना तुलसीका मुन्टाहरुबाट तीन/तीनवटा माला बनाई केटी पक्षले एउटा माला बेहुलीलाई र केटा पक्षकाले एउटा माला बेहुला लाई लगाई दिई दुबै पक्षले एउटा एउटा माला देउता अगाडि र अर्को माला डालोमा राख्ने गर्दछन । जसलाई मुरवाईर गाँथ्ने भनिन्छ । यो काम कसा कुट्नु भन्दा अगाडी हुन्छ । दानकरनीले त्यही डालोमा राखेको माला बेहुलालाई मुखपर्छने बेलामा र केटा पक्षका पर्छनेवालीले बेहुलीको मुखपर्छने बेलामा लगाई दिने गर्दछ । यो तुलसीको माला बनाउन पुरुषले देब्रे हातको कान्छी औला र बुढी औंलाको मदतले फानो बनाई गांठो बनाउँछ भने महिलाले फानोमा तुलसीको मुन्टा छिराउने गर्दछ । एउटा मालामा पांच/पांचवटा वा नौ/नौ वटाको दरले तुलसीको मुन्टो हुन्छ । यसरी मुरवाइर गाथने काम सम्पन्न हुन्छ । अछता र कासालाई डालोमा सजाई आवश्यकतानुसार बाँकी कामहरु अगाडि बढाइन्छ । विवाहको अन्य सामग्रीहरु दियो, तेल, लरी र धागो, अछता, धान, तराजु, तामा, मुरवाइर, पान, सुपारी, काजल, सिन्दुर, तरवार वा केराको गुभो लगायतका चिजबीज व्यबस्था गरेर डालोमा राखिन्छ ।

विवाह सम्पन्न गर्न केटीतिर दानकरनी र केटातिर परछैवाली र लवभुजी सहितको पांच जना विधकरनीहरु हुन्छन। खास गरेर यी व्यक्तिहरु  दुलहा/दुलहीको नजिकका विवाहित आफन्तहरु काकी, भाउजु, दिदी, फुफुहरु नै हुन्छन। मण्डप भर्ने,लिप्ने र पोत्ने कामहरु भई रहन्छन।

**कुँवा विवाह-** बेलुकितिर कूल देउतालाई पूजागरी बेहुली/बेहुला र दानकरनी वा परछैवाली तथा विधकरनीहरु र गीत गाउँनेहरु संगै अन्य व्यक्तिहरु आवश्यक सबै समानहरु लिएर कुमरौन गर्न नजिकको कुवाँमा जान्छन। कुँवाबाट पानी झिकी बेहुला वा बेहुलीलाई पिना र चिम्ट्याइलो माटोले कपाल पखाली नुहाई दिएर कुवाँमा पूजा गर्दछ। पूजाको लागि कुवाँमा पिठो र सिन्दुरले एउटा गोलाकार मरी बनाई  बीचमा एउटा सुपारी राखी सुपारीमा बेहुला/बेहुलीले तीन पटक सिन्दुर राख्दछन। कुँवामा पिठो र सिन्दुर लगाइन्छ। त्यसपछि कतरा झारको जरामा पिठोबाट मरीबनाई मरीको मांझमा सुपारीमा तेल र सिन्दुरले पूजा गरी बेहुला/बेहुलीले देब्रे हातको कान्छी औलाको मदतबाट सिकी(कताराझार) को पातमा तीनवटा गांठोपारी सबै दिशामा तीन तीन पटक चिउरा छर्की अरु चिउरा सहभागीहरुमा बाँडी कुवाबाट घर फर्किन्छ। कुवाँबाट घर फर्किदा भिजेको कपडा दूईवटा थालमा राखी ओडार बनाई दुइवटा बिधकरनीहरु ओढेरसँगै सबैजना घर फर्किन्छन। गित गाउनुको साथै च्युरा बाँड्ने काम हुन्छ।

आँगनमा सिन्दुर पिठो सहितको चौका तयार गरिएको हुन्छ। त्यस भित्र गोलाकार मडी तयार गरिएको हुन्छ। मडी भित्र एउटा खरही र चारकुनामा चारवटा खरही खडा गरिएको हुन्छ। मडी भित्र ढकनामा आगो राखिएको हुन्छ। दनकारनीले आगोमा भेला (जंगलमा पाइने एक किसिमको फल) र तोरी हाल्छन। त्यसपछी दाहिने हातले मुसल खरहीमाथीबाट घुमाई मुसललाई चुम्मा लिन्छन। यो क्रम तिन चोटी चल्छ। ढकनालाई धोप्टाई दिन्छ र घरमा गएर देवतालाई ढोग्ने काम हुन्छ।

कुमारी पाठीको बली- वेहुलारवेहुली कुँवा प्रस्थान गर्ने बित्तिकै देउता घरमा पूजा गरीसकेपछी पाठीलाई खुट्टा पखालेर लगिन्छ अनि अक्षता तुलसीको पात टाउकोमा राखिन्छ। जब सम्म टाउको हल्लाएर झार्दैन तब सम्म बलि दिने चलन छैन।  जसलाई परिक्षा लिने भनिन्छ।  बेहुला वा बेहुली कुवाँबाट कुमरौन गरी घर नफर्किदै काम सम्पन्न गरी पूजा सफा गरी सक्नु पर्छ । बेहुला वा बेहुली कुवाबाट फर्किएर आँगनको बिध सकाई देउतालाई ढोगी सकेपछी कुमरौन कर्म समाप्त हुन्छ।  बलि चढाएको पाठी काटकुट गरी पकाई रातभरीमै सबै मासु खाएर सिध्याउनु पर्छ। बिहान सम्ममा सबै भाडाँकुडाहरु, घरआँगन सफा सुघर, लिपपोत गरी पवित्र वातावरण तयार गरिन्छ।  बिहान सबेरै विधकरनीहरु सँगै बेहुला र बेहुली कुवाँमा पुगेर लगहैर पुरहैर (कलशहरु) पानीले भरेर नयाँ पहेलो कपडाले छोपेर मरवामा राख्ने गरिन्छ।

विवाहको दिन केटीतर्फ मरवा लिपपोत र सजाउने काम दिनभरि चलिरहन्छ। दुबैतर्फ धानको लावा भुट्न नयाँ चुलो तयार गरिन्छ। चुलो कुमरौन दिन बनाउन शुरु गरे पनि विवाहको दिनसम्ममा दुई दिनमै तयार गर्नुपर्छ। चुलोमा थारु परम्परा अनुसारको बुट्टा कोरिएको हुन्छ। दिउँसो दिदी बहिनीहरु बेहुलीलाई सजाउने, मेहंदी लगाउनेदेखि तेल, कसा लगाउने काममा नै व्यस्त रहन्छन भने पाहुनाहरु पनि आउनेक्रम चलि रहेको हुन्छ। थारु समुदायमा बासी मरवा र ताजा लावाको चलन छ। त्यसकारण विवाहको एकदिन अगाडि मरवा तयार गरिन्छ भने विवाहको दिन मात्रै लावा भुट्ने गरिन्छ।  मरवा र चुल्हो त्यस दिन सात/सात पटक लिपपोत गरी तयार गरिन्छ। जगबेदहीको लागि चारवटा केराको बोट र चारवटा खरही मरवाको उत्तर पट्टी उभ्याईको हुन्छ।

**आँप विवाह-** बेलुकी दुबैतिर डालोमा आवश्यक समानहरु राखी साथमा चिउरा लिएर बेहुला/बेहुली, विधकरनीहरु, गीतहाईरहरु आँप विवाहको लागि आफ्नै स्थानीय जातको आँपको रुख नजिक गएर  जरानिर लिपपोत गरी पीठो र सिन्दुरबाट मरी तयार गरिन्छ। मरीको माझमा पहिला अछता राखी त्यसमा सुपारी राखिन्छ र सुपारीमा बेहुला र बेहुलीले तीन तीन पटक सिन्दुर राखी सकेपछि रुखलाई चारै तिरबाट तीन पटक लरी (पहेलो धागो)ले बेर्छ। हरेक फेराको अन्तमा रुखमा सिन्दुर राख्ने गरिन्छ र  सोध्ने गरिन्छ के गरिरहेछौं ? बेहुला/बेहुलीले आँप विवाह गरिरहेछु,

जवाफ दिन्छन । यस किसिमले तीन फेरा पूरा गरी चारैतिर चिउरा छर्किन्छ र बाँकी चिउरा अन्य मानिसहरु तथा बाल बच्चाहरुमा प्रसाद स्वरुप बाँड्ने गरिन्छ र घर फर्किन्छ ।

**लवा भट्नु-** आँप विवाह गरेर घर फर्केपछि लावा भुट्ने काम हुन्छ । नयाँ चुल्हो, धान, कोही, बसनी, बाँसको पंखा, नाङ्लो, टुप्पोवाला कुचो, लवभुजा बस्नको लागि धानको मोइर (बिउको लागि परालमा पोका पारेको धान) आँगनमा तयार गरिन्छ । लवभूजा (लावा भुट्ने मुख्य पुरुष पात्र) र लवभुजी (लावा भुट्ने पुरुष पात्रको श्रीमती) हरु पनि नयाँ लुगा लगाएर लावा भुट्न तयार हुन्छन । आगो तयार भएपछि नांङ्लोमा भएको धान पहिला बेहुलार बेहुली, लवभुजा, लवभुजी र विदकरनीहरु सबैले हरेक पटक पाँच/पाँच मुठी धान कोहीमा हाल्छन । पहिला दुई पटक लवभुजाले र बांकी तीन पटक लवभुजीले लावा भुटेर आवश्यक लावा तयार गर्दछन । लावा भुट्दैगर्दा प्रयोग हुने टुप्पा सहितको कुचो लवभुजा लवभुजी, बेहुला बुहुली र विधकारनीहरुले समातेको हुन्छ । लावा भुटने काम समाप्त भएपछि एउटा दौरा, सिक, पटै र कोदालो लावा भुट्ने ब्यक्ति बेहुलारबेहुली सहित विधकरनीहरु आवश्यक सामग्रीहरु साथ इनार नजिक दूबो भएको ठाउँमा पुग्दछन । दूबो सफा गरी पानी छर्केर पिठो र सिन्दुरले मरी बनाई  मरीको बीचमा सुपारी राखी बेहुलारबेहुलीबाट सिन्दुर हाली सकेपछी लवभुजाले देब्रे हातबाट कोदालोले एकै पटकमा मरी भएको दूबोमा काटेर भाँडो (दौरा) मा राख्छन । अरु आवश्यक मात्राको दूवो ताछेर राख्दछ र काँधमा बोकेर घर फर्किन्छ । आँगनको मुल ढोकामा खाल्डो खनेर ल्याएको सबै दूबो गाडेर माटोलो पुरिन्छ । बिहान सबेरै खाल्डोबाट दुवो निकाली राम्ररी सफा गरी राखिन्छ । त्यही दुवोलाई नै चुमौन (आशिर्वाद) को क्रममा प्रयोग गर्दछ । दूबो ल्याई ढोकामा गाडि सकेपछि लावा भुटने विध समाप्त हुन्छ ।

**जन्ती-** केटा पक्षतिर जन्ती जानको लागि मान्छे जम्मा गर्ने, खुवाउने र आवश्यक सामग्रीहरु तयार गर्ने काम हुन्छ । निश्चित समयमा बेहुला,नोकनैत (दुलहासंगै जाने महिला) अभिभावकहरु, आफन्तहरु, पाहुनाहरु, अन्य शुभचिन्तकहरु, मित्र तथा संगीसाथी सहितको जन्ति सबै हर्षोल्लाश वातावरणमा तयारी साथ बिहेको लागि रवाना हुन्छ । बेहुला आफना देवीदेउताहरु तथा आमाबुबाहरुलाई ढोगी शुभआशीर्वाद लिन्छन । आमाले रवाना हुने बेलामा छोरालाई पानी पिलाई आशीर्वाद दिई  विदाई गर्छन । दुलहालाई देउता घर देखी सवारी साधन सम्म बोकेर लैजाने चलन पनि रहेको छ । दुलहा हातमा तरवार, टाउकोमा मुरेठा (पगडी) धाँटीमा हसुलीले सज्जिएको हुन्छ । तर अचेल सुट तथा दाउरा सुरवाल र टोपी लगाउने चलन चलेको छ । जन्ती प्रस्थान गरिसकेपछि महिलाहरु रातभरी शिक्षाप्रद मंगलगीतहरु गाई रमाईरहेका हुन्छन ।

केटीतिर पनि त्यस्तै किसिमले आँप विवाह, लावा भुट्ने, दूबो ल्याउने कामहरु पश्चात खानपान गरी जन्तीको प्रतिक्षा तथा जन्तीलाई स्वागतको लागि गर्ने कार्यहरु र विवाहको व्यवस्थापनमा व्यस्त रहन्छ । जन्ती गाउँमा पसे पछि  ठाउँ ठाउँमा जन्तीलाई रोकेर सुपाडी माग्ने चलन रहेको छ । जसमा जन्ति पक्ष र गाउँ समाज बिच हँसी मजाक पनि चल्ने गर्दछन । पहिला पहिला बैल गाडीमा जन्ति जाने चलन रहेकोले पाल सहितको गाडी पनि तयारी गर्नु पर्दथ्यो । जन्ती निवासमा आई सके पछी जन्ती लाई स्वागतको लागि तयार गरेको बसघरामा लगिन्छ । अहिले त टेन्टमा नै स्वागत गर्ने चलन रहेको छ ।

अचेल नयाँ चलनको रुपमा स्वंमवर पनि गर्ने गरिन्छ । तर यो थारु परम्परा चाँही होइन । स्वयम्बरमा दुलहा दुलही लाई सबैले राम्रो संग नजिकबाट देख्ने र चिन्ने काम अवश्य हुन्छ ।

कसै-कसैको दुहली चुमाउने संस्कृति पनि रहेको हुन्छ । त्यस्तो छ भने बैवाहिक विधिहरु अगाडि बढाउनु भन्दा अगाडी बेहुली चुमाउने काम हुन्छ । यस विधि अनुसार बेहुला विवाहको लागि आँगनमा प्रवेश गर्नु अघि आँगनमा  लिपपोतगरी चौका गरिन्छ  । बेहुलाका अविभावकहरु एउटा डालोमा बेहुलीको लागि कपडा, गहनाहरु तथा चुमाउने सामग्रीहरु लिई उक्त आफ्नो अनुकुलको साइत अनुसारको दिशामा बस्ने काम हुन्छ । बस्नको लागि कसमिरा सनको सानो भिडी बनाएर ल्याएको हुन्छ । बेहुली त्यसलाई चेपेर बस्छ । बेहुलीको हातमा दहीको लोदिया

(माटोको सानो कचौरामा दही) राखी दूबोधानले बेहुली चुमाई कपडा र गहनाहरु समर्पण गरी विवाह विध अगाडि बढाउ दिनुलाई बेहुली चुमाउने भनिन्छ। बेहुलीले त्यहि लुगा र गहनाहरु लगाउनु पर्छ। जसको घोघट हुन्छ त्यसले बेहुली चुमाउने काम गर्दैन। घरदेखमा दिएको लत्ता कपडा र गहनामा नै विवाह सम्पन्न हुन्छ। दुलहा पक्षले विधकर नीहरु, बाहुन र ठाकुरको लागि नयाँ लुगा ल्याएका छन भने त्यो पनि दिन्छ तर यो अनिवार्य छैन।

**धानयुद्ध-** थारु समुदायमा परम्परागत रुपमा युद्ध कोशल देखी सकेपछि छोरी दिने चलन थियो। केटा पक्षले युद्ध गरेर केटी लानु पर्दथ्यो। समय बदलिसकेको हुनाले ती पौराणिक व्यवहारहरु साँङ्केतिक रुपमा “धानयुद्ध” विधमा परिणत भई व्यवहारमा रहेकोछ । त्यसैले थारु बेहुलाहरु अहिले पनि युद्धका समानहरुमध्ये हाथमा तलवार र घाँटीमा ढालका प्रतिक चाँदीको हसुली विवाह अवधि भर लगाउने चलन छ। धानयुद्ध भन्दा अगाडी दलीन छेक्ने चलन पनि रहेको छ। जस अनुसार विधकरनीहरु मुल गेटको दलिनमा कलश सहित बाटो छेकेको हुन्छ। बेहुला पक्षले त्यसमा आफ्नो क्षमता अनुसारको रुपैया दिए पछी बाटो छोड्ने गरिन्छ। त्यसपछी बेहुला र जन्तीहरु आँगनमा प्रवेश गर्न लाग्दा बेहुली पक्ष र बेहुला पक्ष बीच धान युद्ध हुन्छ। दुबै पक्षले केही समय धानले एक (अर्का पक्षलाई हान्ने गर्दछन। युद्धमा बेहुली पक्षको हार हुन्छ र बेहुला पक्षको जित भई उनीहरु आँगनमा प्रवेश गरी विवाहका बाँकी प्रक्रियाहरु अगाडी बढ्छ। यस समयमा बन्दुक पड्काउने चलन पनि रहेकोमा हाल हराउँदै गएको छ।

जन्तीहरु आँगन प्रबेश गर्दा सबै भन्दा पहिला बेहुली पक्षका विधकरनीहरु बेहुलाको खुट्टा धोई दानकरनीले बेहुला पर्छन्छ। कतै कतै बेहुलालाई आँगनमा प्रवेश गर्नु भन्दा अगाडी ने पर्छने चलन पनि रहेको छ। यसको लागि दानकरनीले बेहुलामाथि तीन पटक डालो घुमाई कलशामा भएको पानी आँपको पातले बेहुलामाथि तीन पटक छर्की बेहुलाको मुख पर्छनेकाम गर्छ। दानकरनीले एउटा थालमा दियोबाली थालमा तेलगुर लिई देब्रे हातको कान्छी औंलाको मदतले बेहुलाको दाहिने गालामा तीन पटक तेलगुर लगाई दिन्छ। त्यस्तै बेहुलाले पनि दाहिने हातको कान्छी औलाले दानकरनीको देब्रे गालामा तीन पटक तेलगुर लगाई दिने गर्छ। त्यसपछि दानकरनीले बेहुलालाई डालोमा भएको मुरवाइर र चौकठा घाँटीमा लगाई दिन्छ। दनकरनीले बेहुलाको टाउँकोमा तराजु र तामा (काठको चामल नाप्ने सानो भाडो) तीन पटक चढाई हरेक पटक यो के हो सोध्छन। हरेक पटक बेहुलाले तुरी तामा लक्ष्मी जवाफ दिन्छ। त्यसपछि दानकरनीले डालोमा भएको कुशको डोरी माथिबाट तल हुने गरी तीन पटक बेहुलाको शरिर मा टाउकोबाट पसाई खुट्टाबाट निकाल्ने काम गर्छ। यो सकेपछी दानकरनीले बेहुलालाई चादरले काँध र पिठ्यु बेरी मरवा परिक्रमा गराउँछिन। जो कि मरवाको पश्विम पट्टिको गेटमा रहेको मलिथम नजिकबाट शुरु हुन्छ। मलिथम सिमलको पात सहितको हाँगा हो जसलाई बाँसको खम्वा संगे ठडाइएको हुन्छ। यसको लागि दानकरनीले बेहुलालाई चादरले बेरी मलिथम नजिक गएर बेहुला हातको तलवार मलिथम समाउने महिलाको हातमा दिई त्यहाँबाट देब्रे भएर मरवाको तीन फेरा लगाउँछ। हरेक फेराको अन्तमा मलिथममा सिन्दुर राख्ने गरिन्छ। हरेक पटक मलिथममा सिन्दुर राख्दा सोधिन्छ कि के गरिरहेकाछौं। हरेक पटक मलिथम विवाह गरेको जवाफ दिनुपर्छ। यस किसिमले मलिथम विवाह र मरवा परिक्रमा विधहरु सम्पन्न हुन्छ। मरवाको पुवी भाग तिर दानपती बसिरहको हुन्छ भने उत्तर पट्टी पण्डित र नाई बसिरहेको हुन्छ। कलशको माथी चौमुख दिप बलिरहेको हुन्छ।

**अठमंगल-** मरवाको उत्तरपट्टि एउटा ठुलो ओखल र एउटा हाते मुसल व्यवस्था गरिएको हुन्छ। नाङ्लोमा धान ल्याइन्छ र बेहुला, बाहुन, ठाकुर र जन्ती तथा समाज मिली आठ जना हरेकले पांच(पांच मुठीको दरले ओखलमा धान दिई सबैले मुसल समाई मन्त्रोउचारण पछी धान कुट्दै चामल बनाई बाहुनलाई चामल दिई बाहुनबाट सुपारी लिने गरिन्छ। यसरी आठजना मिलेर धान कुट्ने परम्परा भएर यस विधलाई अठमंगल भनिएको हो। अठमंगलपछि बेहुलालाई मरवामा लगिन्छ र नयाँ कपडाहरु लगाउन लगाइन्छ। कपडाहरु लगाई सकेपछि दानपतिबाट बेहुली ल्याउन अनुमति लिई घरमा बसिरहको बेहुलीलाई लिएर आई दानपति नजिक बसाउने काम हुन्छ। पंडितले आँपको पातमा बेहुला र बेहुलीको तिन पुस्ते नाम लेखी अठमंगलका चामललाई त्यही पातमा धागोले बेरी कंकल बनाई बेहुलाको दाहिने र बेहुलीको देब्रे हातमा बाधी दिन्छन।

**जेठसार-** रातो रंङले रंगाएका चादरमा बेहुला, बेहुली, पण्डित सबैले पांच-पांच मुठीको दरले धान  राखी मन्त्रो उच्चारण गरेर दुबै पक्षलाई तान्न लगाई गाँठो पारिन्छ जसलाई जेठसार भनिन्छ। यसबाट विवाह बन्धन  गाँठो सरहनै बलियो होस भने मान्यता रहेको छ। यसपछि ठाकुरले बेहुला र बेहुलीको कानमा तीन पटक मन्त्रोचारण गरी फुकेर कनलगी  गर्दछ। पण्डित द्वारा दानपतिको हातमा बेहुलीको हात त्यसमाथी बेहुलीको हात राखेर मन्त्रोउचारण गरेर दानपतिबाट बेहुलालाई कन्यादान गराईन्छ। वेहुलारवेहुली आजीवन साथ रहने, एकअर्काको सुखदुखमा साथ दिने भने बाचा गराईन्छ। त्यसपछि वेहुला र वेहुली एकातिर बस्छ र दानकरनीले मौर(मुकुट) समाई तीन पटक घुमी बेहुलालाई मौर लगाई दिन्छिन भने दानपतिले मौरी(मुकुट) समाई तीन पटक घुमी बेहुलीलाई मौरी लगाई दिन्छन। त्यसपछी मरवा भित्र हुने विवाह विधहरु त्यस बखतको लागि समाप्त हुन्छ  ।

**लहछु-** लहरनी (नाईले नङ काट्न प्रयोग गर्ने हतियार) ले वेहुला वेहुलीको कान्छी औंलामा अलिकति काट्ने विध हुन्छ। यसको लागि आँगनमा चौका गरेर त्यसमा पहिला बाँसको पँखा र त्यसमाथि माटोको नयाँ कोही राखिन्छ। कोहीमा पहिले बेहुला त्यसपछि बेहुलीलाई पालैपालो बसाई नाईले वेहुलाको दाहिने हातको र वेहुलीको देब्रे हातको कान्छी औंलामा लहरनीले काटी रगत निकाली कपासले पुछी कपास सम्बन्धित महिलाको जिम्मा दिन्छ जसलाई लहछु भनिन्छ। लहछूहको कपास बेहुलाको बेहुलीलाई र बेहुलीको बेहुलालाई दही च्युरामा मिसाएर खान दिने चलन छ। यसबाट बिवाह सम्बन्ध मजवुत हुन्छ भन्ने जनविश्वास रहेको छ।

**सिन्दुरदान-** सिन्दुरदानको लागि बेहुलाले आफ्नै घरबाट एउटा कियामा भुसना सिन्दुर, कियाभित्र सोखसहली (खास किसिमको  कसमिरा सनको औंठि जुन औंठि सिन्दुरदानको समयमा बेहुलीको देब्रे हातको कान्छी औलामा लगाई दिने गरिन्छ) र कसमीरा सनको सानो भिडा तथा टाँरीमा (माटोको सानो भाडो) तोरीको तेल एउटा सानो सिकमा (बाबियोबाट बनेको झुंड्याउने चीज) व्यवस्था गरेर ल्याएको हुन्छ। यसको साथसाथै जन्तीले मसाल (उज्यालोको लागि राँको बाल्ने विशिष्ट किसिमको हातले समाउन सक्ने बाँसको बिड भएको माटोको सानो भाँडो जो विवाह अवधिसम्म बाली राख्नु पर्ने हुन्छ) पनि ल्याएको हुन्छ। मसाल खास गरी बेहुला पक्षको लबभुजाले बोक्ने चलन छ। तर अहिले प्रयाप्त बिजुलीको ब्यवस्था भएकोले मसाल बोक्ने चलन हराउँदै गएको छ। मसालबला, ठाकुर लाई हंसी मजाकको झुक्याएर दही चटाउने चलन रहेको छ। तर यो अनिवार्य छैन। विवाह उत्सवलाई हर्षोलास वनाउनको लागि गरिन्छ।  सिंदुरदानको लागि बेहुलीलाई लहछुह विध जस्तै त्यही ठाउँमा बसाई बेहुलाले भुसना सिन्दुरका किया हातमा समाई तीन पटक घुमी घुंठनाको सहाराले बसी कियामा भएको सनपाटको भिंडाको सहायताले चुटकीबाट तीन पटक बेहुलीको सिउँदो सिन्दुर हाल्छन। यो सिन्दुर नै केटीहरुको लागि विवाहिताको प्रतिकको रुपमा आजिवन रहि रहन्छ। यसलाई सिन्दुरदान भनिन्छ।

**जगबेदही-** मण्डपकै नजिकै उत्तर पूर्वको कुनामा चारवटा केराका थाम, खरही खडा गरेर बाँसको कोयाले जगबे दही बनाएको हुन्छ। जगबेदहीमा सिन्दुरदानपछि ठाकुरले होमका लागि ल्याएका बिभिन्न किसिमको काठसहितको सामग्रीहरुमा आगो बाल्ने काम गर्छ। पण्डितले मन्त्रोउचारण  गर्ने काम गर्छ। बेहुलारबेहुलीले हातमा धानको लावा लिएर अलि अलि गरेर खसाल्दै जगबेदीको तीनपटक परिक्रमा गर्दछन। अर्थात आगोलाई साक्षी राखी बेहुला बेहुलीले एकअर्कालाई आत्माले स्वीकार गरी विवाह बन्धनमा बाँधिएको स्वीकार गर्दछन। हरेक परिक्रमा पछी लावा बालिएको आगोमा खसाल्ने गर्द्छ।

कोबर विवाह( मुल घर भित्र भित्तामा पुरैनको पात भित्र विभिन्न सितुवाका आकारका बुट्टाहरु भएको अनकथरी रंगले बनेको कोबर (भितिचित्र)  बनाएको हुन्छ। जसमा पोखरी हुन्छ र चारै कुनामा सूर्य र चन्द्रमा अंकित गरिएको हुन्छन। बेहुलाले तीन पटक यो कोहबरको बिचमा सिन्दुर राख्नु पर्दछ। हरेक पटक विधकरनी द्वारा के गरिरहेछौं प्रश्न सोध्ने गरिन्छ। दुलहाले कोबर विवाह गरेको दिन्छ। यसपछि बेहुला र बेहुली दुबैजनाले घरको देउताहरुलाई ढोगी मलिथ समाउने महिलाको जिम्मा रहेको खडग फिर्ता लिई दुबैजनाले हात समाई  उठाउँछ। त्यसपछी मरवामा

बसेको दानपतिलाई पनि हातमा समाती उठाउँछ । दुलहा र दुलहीलाई  दही चिउरा विधको लागि घरमा लगिन्छ । जसमा लहछुह गरेको एक अर्काको रगत मिसिएको दहीको केहि अंश सहितको दहिच्युरा खानलाई दिएको हुन्छ । दुलहा दुलहीलाई भात खुवाउने चलन छैन । आँगनमा रहेका जन्तीहरु र समाजहरु लगन सुपारी खाएर आँगनबाट बाहिर निस्किन्छ । त्यसपछि जन्तीहरुलाई खाना खुवाइन्छ र सबैजना आराम गर्दछ ।

**सम्धी मिलन-** अर्को दिन बिहान बसघरामा माइन्जन, जेबार लगायतका समाजका मानिसहरु जम्मा हुन्छन् । सम्धीहरु (दुलहाको बुबा,काकाहरु र दुलहीको बुबा, काकाहरु) एकसाथ उपस्थित हुन्छन । दुबै पक्षले समाजको लागि सुपारी, सहोडा एक ठाउँमा जम्मा गर्दछन । लगनको सुपाडी पनि त्यसमा मिसाइन्छ । उपस्थित बिडी चुरोट, सुपाडी, ल्वाङ, सुकमेलले स्वागत गर्छ । समाजको सामुने दुबै सम्धीहरु एकआपसमा तिन पल्ट काँधमा काँध मिलाई गोडलगी गर्दै नमस्ते गर्दछन । यो समाजको सामुने हामीहरु सम्धी भयौं र यस अनुसारको व्यवहार गर्नेछौं भने एक किसिमको वाचा हो । सम्धी मिलनको समयमा कम्तिमा पनि पगडी बाध्नै पर्ने चलन  छ । नयाँ लुगाहरु साटासाट पनि गर्ने गरिन्छ तर यो अनिवार्य छैन ।

**घोघट-** घोघटको व्यावहारिक अर्थ विवाह भई सकेपछि बेहुलीको टाउको, अनुहार इत्यादि अंङ्गहरु छोप्न औपचारिक रुपमा कपडाहरु प्रदान गर्नु हो । बिहान समाजिक सुपारी वितरणपछि यो विध गर्ने चलन रहेको छ । यसको लागि आँगनमा चौका लगाई बेहुला पक्षले एउटा डालोमा बेहुलीको लागि कपडा, गहनाहरु लगायतका अन्य सामग्रिहरु ल्याएर विधिवत  रुपमा समर्पण गर्दछन । त्यसपछी बेहुली सोही लगाई सजिसजाउ हुन्छन । थनलगी-विहान घोघटपछि घरका कूलदेउतालाई पूजाआजा गरी बेहुलीले नयाँ वस्त्र लगाई बेहुलारबेहुली बिधकरनी, समाज, बर ाती तथा लबभुजाहरुको साथमा गित गाउँदै गाउँको  राजाजी थानमा जान्छन । त्यहाँ विधिवतरुपमा पुजागरी र दिप बाले पछी दुबै तर्फको लवभुजाले बेहुला र बेहुलीलाई हातको अंजुलीमा लाबा दिन्छ । त्यसपछी अगाडी अगाडी परछने महिला त्यसपछी बेहुला र बेहुली लावा छर्दै थानको परिक्रमा गर्दछ र गेटको सामुन्नेमा आए पछी बाँकी रहेको लावा देउतालाई समर्पण गर्दछन । यो क्रम तीन पटक सम्म चल्छन । गितहाइरहरु गित गाईरहन्छ । समपुर्ण बिध सकेपछी देउतालाई ढोगेर आउँने कामलाई थारु संस्कृति अनुसार थनलगी भनिन्छ । थनलगी पछि  केहि जोडी परेवाको बलिदिने चलन छ । जसको प्रमुख हकदार बाजाबाला हुन्छ । तर अहिले बली नदिएर त्यसको साटो मिठाई चढाउने चलन चलेको छ ।

**चुमौन-** थनलगी पछी दुलहा दुलहीलाई मरवामा राखिन्छ र चुमौन प्रारम्भ हुन्छ । सवभन्दा पहिले दानगर्ने दम्पतिले आशिर्वाद दिन्छ  । त्यसपछी  आफन्त र नातेदारहरु  पालैपालो मरवामा आई बेहुला बेहुलीलाई दूबो धानले आशीर्वाद दिई, कलसमा रहको दियोले सेकी, कलशमा रहेको जललाई आँपको पातको सहायताले बेहुला बेहुलीको शरीरमा छर्केर आशिर्वाद दिनुको साथै आफनो क्षमतानुसारका उपहारहरु दिन्छ, जसलाई चुमौन भनिन्छ । दानगर्ने दम्पतीले फेरी दोहर्याएर चुमाई सकेपछी चुमौन काम सम्पन्न हुन्छ । समाजको प्रत्येक घरबाट आफ्नो क्षमता अनुसार चामल, तेल, साबुन, सुपाडी  पंखा, लगायतका सामानहरु दिने चलन रहेको छ । जसलाई संकलन गरेर बेहुलीको बिदाई साथ पठाइन्छ ।  मरवामा चुमौनको समयमा पाएको उपहार र बेहुली पक्षले दिएको उपहारहरु अनुसार बेहुला पक्षले पाएको सामान अनुसार बेहुली पक्षलाई साडी, धोती लगायतको उपहारहरु दिने चलन पनि  रहेको छ ।

त्यसपछी खानपान शुरु हुन्छ । मरवामा दुलहा तथा बराती र समाजको कम्तिमा पनि एक एक जना बसेर खाना खाने चलन छ । सबैजना खाई सकेपछि जन्ती घर फर्किने तयारी हुन थाल्छ र सबै तयारी भएपछि बेहुला बेहुलीलाई फेरि एकपटक मरवामा ल्याई तेल कसालगाई देउतालाई ढोगी प्रस्थान गराउने चलन छ । ढोगीसके पछी देउता घरको दलिनमा दनकरनी पलेथी मारेर बसेको हुन्छ र बेहुलाबाट घर भर्ने काम गरिन्छ । यस क्रममा बेहुलाले तिन मुट्ठी धान दनकरनीको खौंछामा राख्ने गर्छ । त्यसबेला विधकरनीद्वारा के गरिरहेको वा कसको घर भरीरहेको भन्ने प्रश्न गरिन्छ । बेहुलाले सासु ससुराको घर भरिहेको छु भनेर प्रत्येक पल्ट जवाफ दिने गर्छ । यो विध सकिसकेपछी

बेहुलाले घरको आँगनमा देउता घर अगाडी भुईमा खडग राखेर घुँडाले टेकेर चारै दिशामा ढोग्ने गर्दछन। तब सम्म चारै तिर रुवावासी र करुण वातावरणमा बनिसकेको हुन्छ। मुखमा खुशी भए पनि चेलीको विदाइ गर्न अवस्थामा सवैको आँखा रसाएको हुन्छ। बेहुलाले क्रमशः सबै उपस्थित महिला तथा पुरुषको खुट्टमा ढोगी आशिर्वाद लिन्छन र बिदाइ हुन्छ। समाजले थालमा घोती र सुपाडी सहित सम्धिलाई सम्मानको स्वरुप विदाई गर्ने चलन रहेको हुन्छ। जसलाई सोहर भनिन्छ। यसरी सोहर गरेको धोती सम्धिले सम्मानपुर्वक ज्वाईलाई ओढाई दिन्छ। त्यस दिनमा घर आँगन बढार्ने गर्दैन तथा मरवा पनि खाली राख्दैन कोइ न कोइ त्यस रात अवश्य सुत्छन। पहिला मरजाद राख्ने चलन थियो। बरातलाई थप एक दिन राखिन्थ्यो र त्यसपछी विदाई गर्ने चलन थियो। अहिले त बिहेको दिन बरात आउने र साँझ बिहे गरेर फर्किने चलन र रातभर विवाह गरी विहान फर्किने चलन पनि चलेको छ। पहिले पहिले डोली तथा गोरु गाडामा रमाइलो गर्दै बेहुला बेहुली लैजाने चलन थियो तर अहिले अनेक किसिमको सवारी साधन सजिसजाउ गरी प्रयोग गर्ने गर्छ।

**अरियाती नोकनैत-** बेहुलीलाई तत्काल न्यास्रो नलागोस र एक्लै महशुस नगरोस त्यसको लागि बेहुलीका दाई भाई,दिदी बहिनी, भाउजुहरु, सखी सहेलीहरु साथ गई बेहुली पूर्याउने चलन छ। पुरुषलाई अरियाती र महिलालाई नोकनैत भनिन्छ। अचेल यो चलन पनि हराएको छ। बेहुला र बेहुलीहरु घर पुगेपछि विघकरनीहरु बेहुला र बेहुलीको खुटा धोइ पखाली पर्छने चलन छ। पर्छनको लागि परछैवालीले बेहुला र बेहुलीमाथि तीन पटक डालो घुमाई आँपको पातले तीन पटक पानी छर्किने गरिन्छ। परछैवालीले बेहुलीको मुखपर्छिने गरिन्छ। देब्रे हातको कान्छी औलाले थालमा भएको तेलगुर बेहुलीको देब्रे गालामा तीन पटक लगाई दिन्छे र डालोको मुरवाइर बेहुलीलाई लगाई दिन्छन। बेहुलीले पनि आफ्नो देब्रे हातको कान्छी औलाले परछैवालीको गालामा तीन पटक तेलगुर लगाएपछी मुखपर्खने काम सकिन्छ। यसपछि बेहुला/बेहुली आँगनको भुँइमा लिपपोत गरीएको चौकामा बस्दछन। ठाकुरले फेरि लहछु गर्दछ। लहछुपछि चुमौन शुरु हुन्छ। चुमौन गर्दा बेहुलालाई बस्न पिड्का दिएको हुन्छ भने बेहुलीलाई सनको भिडी दिएको हुन्छ। सबै आफन्तहरु द्वारा चुमाई सके पछी कोबर घरमा लगिन्छ र त्यहाँ बाँसबासिन रुपी कोबरमा बेहुलाले तीन पटक सिन्दुर राख्दछ र सिन्दुर राख्ने बेलामा तीन पटक सोधिन्छ के गरिराखेका छौं? हरेक पटक बेहुलाले कोबर विवाह गरेको जवाफ दिन्छन। त्यस पश्चात बेहुलारबेहुली घरको कूल देउतालाई ढोगी बेहुली फेरी चौकामा बस्छ। खौछा झार्ने विध हुन्छ सो क्रममा क्रममा नन्दले भाउजु नजिक बसेर नाङ्लोमा राखीएको च्युरा भाउजूको खौछामा दिन्छ भने भाउजूले पनि खौछाको पांचमुठी चिउरा नन्दलाई दिने गर्दछन। यो क्रम तीन पटकसम्म चल्छ। यस किसिमले खौछा झार्ने विध समाप्त हुन्छ। बेहुलाबेहुली घर भित्र गई दही चिउराको विध गर्छन।

**दलहौन-** तेश्रो दिन विहान फेरि घररआँगन सफासुघर गरी देउतालाई पूजापाठ गरी सके पछी ग्राम देवतामा पुजा गर्न र आशिर्वाद लिनको लागि जानेकाम हुन्छ जसलाई थनलगी भनिन्छ। थानमा पहिलाको जस्तै पुजा गरेर फर्किन्छ। आँगनमा देउता घरको सामुन्नेमा पोखरीको प्रतिक चौकामा हलोको पालोमा(जुवा) राखिएको हुन्छ। बेहुलारबेहुलीलाई त्यसमा बसाई अहिरनरपहिरन (मुरवाइर, कंकल, मौररमौरी,कपडा इत्यादि) निकालिन्छ नुहाई दिने गरिन्छ। यो नुहाउने विघलाई “दहलौन” भनिन्छ। त्यसपछि बेहुलारबेहुलीले एक-आपसमा कौडी (जुवा) खेल्ने काम हुन्छ। कुमरौनको क्रममा कुँवामा नुहाई दिएपछि दहलौन ननुहाउन्जेलसम्म आफु मनखुशी नुहाँउन पाउँदैन।
विघकरनीहरुले बेहुला/बेहुलीसंग भएका कंकल, मुरवाइर, मौर र मौरी तथा विवाहका लागि प्रयोग भएका अन्य चीजहरु खोला,नदी वा पोखरीमा लगेर सेलाइन्छन। अचेल सजाएर राख्ने चलन पनि चलेको छ। घुरबहौर- दोस्रो पल्ट सायत हेरेर दुलही भित्रियाउने प्रथालाई परिमार्जन गरी “घुरबहौर” गर्ने चलन छ। घरमा पाहुना हुँदाहुदै बेहुलारबेहुली संगै ससुरालीर माइती पुगेर फर्किने गर्दछ। जसले गर्दा दुरागमनको चलन हराएको छ। घुरबहौरपछी आउजाउ खुल्ला हुन्छ।

अन्तमा अरियाती नोकनैत लगायत पाहुनाहरुलाई भोजन गराई आदरसत्कारकासाथ साडी घोती, लगायतको उपाहर दिई विदाई गरेपछी विवाह उत्सब सम्पन्न हुन्छ। बेहुला/बेहुलीले पतिपत्नीरूपी नयाँ जीवनको शरुवात गर्छ।

॥ समाप्त ॥

# मोरङिया थारुको सामाजिक शासन ब्यबस्था

राम सागर चौधरी
इटहरी-१२, खनार, सुनसरी
Email: rs14richaudhary@gmail.com

**पृष्टभुमी :**

थारु समुदाय नेपालको तराईमा बसोबास गर्ने प्राचिन जाति हो भन्ने कुरामा दुइ मत छैन। घना जंगल भित्र बसोबास गरेका थारु समुदायको छुटै भाषा, संस्कृति, रहनसहन र जनजीवन भएकोले थारुलाई आदीबासी जनजातीमा नेपाल सरकारले सूचीकृत गरेको हो। नेपालको पुर्व झापा देखि पश्चिम कन्चनपुर सम्मको तराई, भित्री मधेशमा बाक्लो बसोबास भएका थारु समुदाय राना, दङौरा, चितवनिया, सप्तरीया, र मोरङिया भनेर चिनिन्छन । थारु जातिमा बिभिन्न थाक वंशहरु छन। राष्ट्रिय जनगणना २०६८ बमोजिम नेपालमा थारु समुदायको जनसंख्या १७,३७,४७० (६.५६%) छ। यस लेखमा कोशी पुर्वमा बसोबास गरेका कोचिला वंशका मोरङिया थारुको बारेमा उल्लेख गरेको छु ।

**मोरङ :**

मोरङको इतिहासको बारेमा लेख्दा महाभारत कालमा अंग, बंग, कलिङ, मत्यस देशको बारेमा उल्लेख छ र मत्यस देशका राजा बिराटको राजधानी मोरङको भेडियारीमा (बिराटबगर) अवशेषहरु अझै पनि छन। मोरङको बैजनाथपुरमा २०४० सालमा पोखरी खन्दा पाखण युगको फेलालाइटको बन्चरो फेला परेको थियो र पुरातत्व बिभागले त्यसलाई लगभग १० हजार बर्ष पुरानो हो भनेर भनेका छन् ।

(१) बराहाक्षेत्र, पिण्डेश्वर, रामधुनी, किचकबध्द, धनपालगढ, दैताधुर आदी मोरङका प्राचिन ऐतिहासिक पुरातात्विक स्थानहरु छन। मोरङ बिभिन्न काल खण्डमा अंग, बङ्ग, प्राची, कौसल, कोंच, मकवानी सेन राजाहरुको देशको अधिनमा थियो भने कहिले स्वतन्त्र रुपमा रहेको थियो। ग्रिक र ल्याटिन लेखकहरुले गांडारीडाई (Gandaridai) गण्डकी प्रदेश र मोरङडाई (Morandai) मोरङको बारेमा लेखेका छन् ।

(२) महेन्द्र मल्लका छोरा शिव सिंहले मोरङको टाकुरामा (बिजयपुर) बिजयस्तम्भ गाडेको कुरा पशुपतिनाथमा पाइएको सिलामा 'मोरङ्गाव निपाल पालक' (मोरङका राजाको रक्षा गर्ने) लेखिएको छ ।

(३) किवदन्ति अनुसार कविलाका सरदार मोरुहाङ ले राज्य स्थापना गरेकाले मोरङ रहन गएको हो। यस्तैमा मोर ङका राजा धनपाल, रनपाल, गजनारायण, बिजयनारायणको नाम आउदछ। मुगल सम्राट जहांगिरको 'जहांगिरनामा' र आलमगिर औरङजेवको 'आलमगिरनामा' मा यस क्षेत्रलाई मोरङ भनेका छन् ।

(४) बाउनड्रेक तथा रेनगेलले सन १७९९ मा तयार पारेको नक्सामा यस क्षेत्रलाई मोरङ राज्य लेखेका छन ।

कुनै कालखण्डमा मोरङको सिमाना हिमालय देखि गंगा सम्म र गण्डक देखि पुर्व टिष्टा सम्म थियो। सुगौली संन्धी भन्दा पहिला कोशी नदी पुर्व र टिष्टा नदी पश्चिम तराइको भुभाग मोरङ थियो। सुगौली सन्धी पछि पुर्वको सिमाना मेची नदी कायम भए पछि कोशी र मेचीको भुभाग मोरङ मा सिमित भयो। बि.सं. २०१९ सालमा नेपाललाई ७५ जिल्लामा बिभाजन गर्दा बुढी खोला पुर्व र रतुवा खोला पश्चिमको भुभाग मोरङ बन्यो ।

यसरी कोशी नदी पुर्वमा बसोबास गरेका थारुलाई मोरङिया थारु भनेर चिनिन्छन। तथापि यहां कोशी पश्चिमका थारुहरुको बसोवास छ उनिहरुलाई सप्तरिया थारु भन्दछन। यी दुवै थारु कौशिकी नदीको किनारमा बासोबास गरे काले कौशिकी बाट कोसिला हुदै कोचिला बंशमा परिणत भएको हो। कुच बिहारका कोंच र कोचिलामा यहि अन्तर भए पनि दुवै कोचिला बंशले परिचित छन ।

**मोरङिया थारु :**

कोचिला वंशका थारु आफुलाई शिव-पार्वतीका सन्तान मान्दछन (५) प्राचिन काल देखि बस्दै आएकोले आदीवासी

हुन । मोरङ राजमा बसोबास गरेका हुनाले स्थान बिशेषका कारणले मोरङिया थारु भनिएका हुन। घना जंगलमा बसोवास र औलो, कालाजर, हैजा, बिफरको महामारीले यस ठाउँलाइ कालापानी भनिन्थियो। मोरङमा एक रुपियाले खान, बस्न र क्रिया समेत गर्न पुगछ भन्ने भनाई थियो। त्यसैले यहां अन्य जातीको बसोबास न्युन थियो । औलो उन्मुलन संगै यातायातको सुबिधा, सरकारी अड्डाको बिस्तार, ब्यापारको बिस्तार र सोझा थारुको बसोबास भएकोले बाहिरबाट कमाउन मोरङ आउन थाले। मोरङमा कमाउन नसकनेले कहि पनि कमाउन सकतैनन् भन्ने प्रचारले प्रवासीहरुको जनसंख्याको चाप बढेर गएको हो ।

२०६८ जनगणनाको आधारमा थारू जनसंख्या सुनसरीमा ११.६ प्रतिसत, मोरङमा ३.८ प्रतिसत र झापामा ०.८ प्रतिसत छ। अहिले मोरङिया थारुको बसोवास सुनसरीको इटहरी उपमहानगरपालिका, दुहबी नगरपालिका, गढी र बर्जु गाउपालिकामा छ भने मोरङमा बुढीगंगा, ग्रामथान गाउँपालिकामा मुख्य बसोबास छ । तथापी बिराटनगर, कटहरी, सुन्दरहरैचा, बेलबाडी, रंगेली नगरपालिकामा पनि बसोबास छ । मोरङिया थारुमा चौधरी, माझी, खाँ, गछदार, सरदार, सिकदार, पेश्कार, कानगोइ, मिरधा, मोदी, तवदार, देवान, फौजदार, सुतिहार, हजारी, थनदार, मडर, फनेत, धामी, खरेर, बिश्वास, भगत, दास, रजघरिया, रौतार आदी बिभिन्न थरहरु छन ।

सुनसरीको रामधुनी, बराहक्षेत्र, इनरुवा नगरपालिकामा सप्तरिया थारुको बसोबास छ । सप्तरिया थारुहरू खाँखमान, लेखी, भडारी, हलदलिया, ओरज्ञान, मिरधा, लोहवरिया, भिमरैता, जसराज, मछराबदल, मझियौर, खोनमा, गोजेवार, चौधरान, परिहत, फटराफागु, बसबिटिया, मौगियाहीआशा, सगतोडा, केवाइर, कनफटा, बिश्वास, चमरुबुधाई, राजधामी बिभिन्न थाक वंशका छन ।

**मोरङिया थारुको सामाजिक संरचनाः**

थारु बसोबास गरेको ठाउँलाई थरुवट (थरवाही) अथवा थरवैटी भन्दछन। बाहुन बसोबास गरेकोको गाउँलाई बभनैटी(बभनाही), बांतरको गाउँलाई बतराही, मुसहर बसेको गाउलाइ मुसहरी, डोम बसेको गाउँलाइ डोमरही भन्दछन । घरवास बनाई बसेको ठाउलाइ डिह भन्छन। डिहमा बसेका टोललाई ग्राम भनिन्छ । यसरी गाउका सबै समावेस भएकालाई ग्रामति भन्दछन र यो सामाजिक संगठन हो । थारु समुदायको बलियो सामाजिक संगठन, मान्यजन प्रथा बिबिध कारणले बि.सं. १९९० साल तिर धारासायी हुंदै गयो र जमिन्दारी शासन बलियो बन्दै गयो । २००७ साल तिर मान्यजन प्रथा अन्तनै भयो । मोरङिया थारु समुदाय चार तहमा संगठित थिए ।

१. ग्रामति (टोल)
२. गछ (गाउँ)
३. थान (इलाका)
४. चौरास या सभा (जिल्ला)

**(१) ग्रामति (टोल):**

एउटा गाउको टोलमा बसोबास गरेका सबै गाउले ग्रामतिमा रहन्छ। टोलमा बसेकाले एक जना मुल मानिस चुनेका हुन्छन् जसलाई मुध (मुख्य) भन्ने गरिन्छ। घर परिवारको मुल मानिसलाई मुध मानेको हुन्छ र उसकै निर्देशनमा घरपरिवार चलेको हुन्छ। त्यस्तै ग्रामतिमा पनि मुध मानिसको निति निर्देशनमा सामाजिक ब्यबहारहरु चलेको हुन्छ। एउटा गछ (गाउँ) मा धेरै ग्रामति हुन सक्छ ।

**(२) गछ (गाउँ):**

गाउँलाई थारु समुदायले गछ भन्दछन। गाउँको टोल टोलमा ग्रामतिका मुध मानिसहरुको सल्लाह बमोजिम गर्छ प्रमुख छानेकालाइ गछदार भन्छन। गछ भरिमा सामाजिक ब्यबहार, बाटो, कुलो पैनी, सामाजिक पुजा, ग्रामथानको पुजा, बिबाह, मर्दापर्दा सबै कार्य गछदारको नेत्रत्वमा हुने गर्दछ । जहां बसोबास गरेको हुन्छ त्यसलाई डिह पनि भन्दछन। प्रत्येक गछमा ग्रामथान, डिहवारथान, बहरजत्रा (संसारी) पुजा आदी धामी (पुजारी) बाट गछदारको

नेत्रत्वमा हुन्छ । ग्रामथानको पुजा आषाढमा र मंसिर महिनामा र बहरजत्रा (संसारी) पुजा चैत्रमा गरिन्छ । गछदार लाई तोकिएको दस्तुर र धामीलाइ तोकिएको दस्तुर ग्रामति, गछमा बसोबास गरेकाले बुझाउनु पर्दछ । पहिला यो ग्यता, क्षमता, गुणका आधारमा गछदारको छनोट हुन्थ्यो तर पछि वंशाणुगत भयो ।

**(३) थान (इलाका) :**

धेरै गछहरु मिलेर थान बनेको हुन्छ। गछका गछदार, ग्रामतिका मुध लगायत भद्रभला भलादमीहरुको भेलाले थानको निर्माण हुन्छ । एक थानको रैती (बासिन्दाहरु) को अर्को थानमा सहज रुपमा सामाजिक ब्यबहार चल्थ्यो । लेनदेन ब्यबहार बांकी बक्यौता ऋण थियो भने बसेको थानबाट लेनदेन फरफारक गरि अर्को थानवालाले वा आफन्तले तिर्न स्वीकार गर्नु पर्दथ्यो। तोकिएको सामाजिक ब्यबहारपालन नगर्ने, सामाजिक अपराध गर्नेलाई दण्डजरिवाना गर्ने र रितिथिति कायम राख्ने, बाटो, कुलो निर्माण कार्यमा मान्यजनको निर्णय पालन गर्दथ्यो। प्रत्येक थानमा मान्यजन, देवान, तहविलदार, पेश्कार, मोदी लगायतका पदाधिकारीहरुको चयन हुन्थियो । पछि गएर बंशानुगत हुन पुग्यो । मोरङिया थारु चार थानमा संगठित थियो ।

३.१. कठरिया थान ।

३.२. मानगढिया थान ।

३.३. धपडिया थान ।

३.४. सरदिया थान ।

बिभिन्न थानका अन्तिम मान्यजन, देवानको नाम उल्लेख गरेको छु। यी मान्यजन, देवानका कतिका बंश अझै पनि जिवित छन र कतिका उतराधिकारी छोरा नभएकाले र सन्तान नभएकाले बंश नास पनि भएका छन ।

**३.१. कठरिया थान :**

सबै भन्दा धेरै जनसंख्या भएकोले प्रमुख थानको रुपमा मान्यता थियो । यस थानले लागु गरेका सामाजिक नियमहरु अरु थानले अनुसरण गर्ने गर्दथ्यो । कठरिया थानको अन्तिम मान्यजन श्री भगमल चौधरी (सिधरा), देवान श्री खुरकन सरदार (गकुवा) का थिए । श्री खुरकन देवानले चलाएको ढाकन प्रथा अझै पनि समाजमा प्रचलित छ । खुरकन देवानका बंसज अझै पनि छदैछन । सुदुर पश्चिममा कठरिया थारु छन तर मोरङिया थारु संग हाल कुनै सम्बन्ध नदेखिए पनि यो खोज कै बिषय हो ।

**३.२. मानगढिया थान :**

मानगढिया थानका अन्तिम मान्यजन श्री मंगलु चौधरी (भुसकलुवा) र देवान श्री कातिकचन माझी (पोंठीया) का हुनु हुन्यियो । मान्यजन मंगलु चौधरीका बंशहरु छदैछन । मानगढिया थानमा श्री अजबलाल चौधरी (बटेरमारा) को हाकडाक चल्द थियो र उहांको निर्णय मान्य हुन्थियो । श्री अजवलाल चौधरीलाई बि.सं. १९७४ साल तिर बडाहाकिमलाई बासमति चामल पुर्याउन २ दिन ढिलो हुंदा झुठा मुदा लगाएर सर्वस्वहरण सहित कलैया (बीरगंज) जेलमा १० बर्ष थुनामा राखेका थिए भने कुरा मेरा हजुरबा ले सुनाउनु भएको थियो ।

**३.३. धपडिया थान :**

यस थानका अन्तिम मान्यजन श्री धनाई चौधरी (कुसाहा) र देवान श्री बैगनु माझी (औराबोनी) का हुनु हुन्थियो । मान्यजन श्री धनाई चौधरीका बंश रामचरण चौधरी अझै पनि कुशाहामा छन। धपडिया थान कठरिया र मानगढिया थानकै निर्णयलाई कार्यानवयन गर्थे ।

**३.४. सरदिया थान :**

यस थानका अन्तिम मान्यजन श्री गोठलु फौजदार (सखुवारे) र देवान श्री प्यारी माझी (सिनुवारी) का थिए । मान्यजन श्री गोठलु फौजदारका छोरा नन्दलाल निसन्तान भए पनि फौजदारका बंशहरु छदैछन । प्यारी देवानका

पिता देवान श्री रामलाल माझी पटवारी थिए र पक्कि इटको घर बनाएकोले समाजमा सानमान छुटै थियो । महाराज श्री ३ चन्द्र समशेर कहां चाकरीबाजहरुले दरवार बनायो भनि पोल लगाउदा राणा सरकारले सो घर भत्काउन लगाएको र पटवारीको जागिर हरण गरेको थियो तर सामाजिक मार्यादा देवान कायमनै रह्यो । पछि श्री प्यारी देवानका सन्तान सिमरिया र पचिरामा बसाई सरि आएका थिए ।

थारु सामाजिक ब्यबहारमा गलत काम गरे वापत दण्डजरिवाना गरि जाति च्युत गर्ने, हुक्का चिलम बन्द गर्ने, बेटीबेटियारी बिबाहमा प्रतिबन्ध गर्ने र पुनः जातिमा सामेल गर्न जातिय चलनानुसार भोजभात दन्ड जरिवाना गर्ने काम थानका मान्यजन, देवान, लगायत उपस्थित गछदारहरुको बैठकले निर्णय गरेर तोक्दथ्यो । एक थान वा चारै थानलाई भोजभात खुवाउनु पर्दथ्यो । कोहि सामर्थवानले एकलै पनि भोजभात गर्ने गर्दथ्यो । यसको लागि चामल दाल दहि दुध आदी तयार पार्न कठिन हुने भएकोले कठरिया थानलाई चार वटामा बिभाजन गरको हो ।

**४.चौरास (सभा) :**

चौरास भन्नासाथ जिल्ला भरिका चारै थानका पदाधिकारीहरु मान्यजन, देवान, तहविलदार, पेशकार लगायत गछदारहरुको समिलित सभा हो। थानवालाले निर्णय गर्न नसकेको अवस्थामा चौरास सभाले निर्णय गर्दथ्यो । नयाँ रितिथिति बासउन, अटेर गर्ने सामन्त, जिमदार, दरोगा, फनेतलाई समेत चौरास मै दण्डजरिवाना गर्दथ्यो । चौरास थारु समुदायको सर्वोच्च संस्था थियो। सरकारी नितिनियम समुदायलाई जानकारी दिने र कार्यानवयन गर्ने गराउने जिमेवारी पनि थान र चौरासलाई नै थियो ।

थारु समाजमा कसुरको किसिम, जरिवाना पाउने ब्यक्तिको आर्थिक अवस्था, सामाजिक मार्यादा, सरकारी जागिर, जमिन्दार आदी बिचार गरेर दण्ड जरिवाना तोकने चलन थियो। सामन्य जरिबाना नतिर्ने अटेर गर्नेलाई थप जरिवाना तोक्द थियो। जरिवाना नतिरेमा समाजबाट बहिष्कार गर्ने, हुक्का चिलम बन्द गर्ने, बेटीबेटियारी नचलने, चौरास भोज तोकने (चारै थानका मनिसलाई भोज खुवाउनु पर्ने) आदी ठुलो सामाजिक दण्ड दिने गरेका थिए। त्यसैले यहि सामाजिक बहिष्कार र दण्ड जरिवानका भयले सत्य, इमानमा बसेका थिए । जुन अहिले पनि थारु समुदाय झुठोबोल्न, ढांट्न डराउछ र नियम कानुनको पालना गर्छन ।

समाजमा उदाहरणिय राम्रो काम गरेकालाई मानपदवी, थर र घर ब्यबहार हेरी जरिवाना कम गर्ने, सकार्न सक्ने जरिवान तोक्ने, बिबाह संबन्ध गांस्न, तीन पुस्ता भित्र बिबाहबारी चलाउने स्विकृति दिने, सहकाटी दिने (नाता काटी दिने), सामाजिक काम बिबाह आदी एक्लो घरपटिको नभइ समाजको काम ठानेर सहयोग जुटाउने, काममा मदत जुटाउने सहयोग गर्ने तथा अप्ठ्यारो परेकालाई बाधाअडचन फुकाउने काम समेत थान र चौरासले गर्दथ्यो । सामुहिक हितको भावना, एकताको भाव, एकचलन, एक बोली भएर समाजमा गरिब धनी सबैमा सामान ब्यबहार भएकोले एक ढिक्का थियो । सामाजिक दण्ड जरिवानाका डरले अपराध गरेकाहरु राती नै सिमाना काटेर भाग्दथ्यो । लोहन्द्रा पारी गए पछि त्यसको खोजीनिति गर्दैनथ्यो ।

**मानपदवी र थर :**

थारु समुदायमा मान्यजनहरुले सामाजिक कामको जिम्मेवारी अनुसार मानपद दिने गर्दथ्यो। पछि यिनै मान पदहरु थरमा परिणत हुन गयो। थारू समुदायमा देवान, सुतिहार, पेश्कार, तवदार, सिकदार, भगत, मोदी, गछदार, थन्दार, धामी, पंजियार, हजारी आदी सामाजिक पदहरु हुन भने सरकारी जागिर पाएकाहरुले सुब्बा, दरोगा, फनेत, सुवेदार, पटवारी, मुखिया, जिमदार, डिट्ठा पदहरु पाएका थिए। थान वा चौरासले एक थरबाट अर्को थरमा परिवर्तन गरि दिन सक्दथिए। पछि त थारु जिमदारहरुले अरुलाई थर परिवर्तन गरि दिएका उदाहरण पनि छन। नागरिकता टोलीले र स्कुलमा पढने बेला शिक्षकहरुले थारु समुदायका मानिसहरुको थर चौधरी लेखाई दिनाले थारु जातिको चौधरी थर प्रयायवाची नै बनेको छ ।

मान्यजन पद थानका राजा सरह हुन्थियो । मान्यजनको आज्ञा, निर्देशन, निर्णय सबैले पालन गर्दथ्यो। देवान पद मन्त्री सरह हुन्थियो र देवानले मान्यजनको आदेशहरुलाई कार्यान्वयन गर्दथ्यो । मान्यजनको प्रमुख ब्यक्तिनै देवान हुन्थे र देवानले मान्यजनको पनि भार सम्हाल्नु पर्दथ्यो । तवदार समाजको दणडजरिवाना देखि भेरभार (जनसहयोग) जिम्मा लिने गर्दथ्यो । मोदी समाजको भण्डार प्रमुख थिए । चौथानी भोज (चारै थानका मानिसलाइ खानपान गराउन), बिबाह, भोजकाज ब्यबस्थापन गर्न सामाजिक कामको लागि टहलुवा (स्वयंसेवक) खटाउने, अन्न खाध्यान्न (चुडा, चामल, दहि, दुध) काठी (दाउरा) र खान धम्माको पात आदी गछदारलाई जिम्मा दिएर तयार गराउदथे । यसरी नै अरु पदाधिकारीहरुको सामाजिक दायित्वहरु थिए ।

**थारु सामाजिक शासनका काम कर्तव्यहरु :**

थारु सामाजिक शासनले ज्यानमारा, सरकारी मुदा, सरकारी तिरोभारो बाहेक सामाजिक मुदाहरुको फैसला गर्ने अधिकार त्यसबेलाका राजाहरुले लालमोहर गरि थारु समुदायका मान्यजनहरुलाई दिएको हुनाले सोही अनुसार सामजिक शासन चलाई समाजलाई संचालन गरेको थियो । सामाजिक शासनमा पञ्चायती बस्ने र निर्णय गर्ने चलन थियो । पञ्चायतीमा निम्न मुद्दाहरु उपर फैसला गर्ने गरेका थिए ।

**१. जातपात :** थारु समुदायमा समावेस गर्ने काम लाई जातिमा दराउने भन्दछन। थारु समाजको नितिनियम पालन गर्नेलाई जातमा समावेश गर्ने र समाजको नियम तोडने, पालन नगर्नेलाइ सामाजिक बहिष्कार गर्ने ।

**२. छुवाछुत :** पानी नचल्ने जातको हातबाट पानी खाएमा, भोजभतेर खाएमा, छोइ छिटो परेमा वा नाता सम्बन्धमा पनि छुन नहुने लाई छोएमा वा बोलेमा पनि जातिय कानुन लाग्द थियो ।

**३. जन्म संस्कार :** जन्मेको छ दिनमा छटिहार र ग्रामतिलाई छुकत भात दिएमा मात्र शुध्द हुने र सामाजिक ब्यबहार बिबाह, पुजा कार्यमा संलग्न हुन पाउने नत्र नपाउने ।

**४. बिबाह :** थारु समुदायमा बिभिन्न प्रकारका बिबाहको चलन थियो र अहिले पनि छ। जबरजस्ती बिबाह, उढरी बिबाह, अबैध्य गर्भबति बिबाह, मागी बिबाह, बिधवा बिबाह, बहुबिबाह आदी बिबाहका मुदा लगायत सम्बन्ध बिछेद, नाता तोड्ने, भरण पोषण आदी मुदाहरु हेर्द थिए ।

**५. मृत्यु संस्कार :** थारु सामाजिक रितिथिति अनुसार मृत्यु संस्कारमा गाडने, जलाउने, जलप्रवाह गर्ने गरेको पाइन्छ र अवस्था अनुसार ब्यबस्था गर्ने चलन छ। दशदिने दाजुभाईले (फुपु र मामा तर्फका) दश दिनमा र मासदिने सहोदर दाजुभाईले ११ दिनमा केश काटने चलन छ र यस नियम पालन नगर्नेलाई जरिवाना गर्ने चलन थियो ।

**६. मानपान :** सामाजिक मार्यादा पालन गर्न र निम्तो दिन मान्यजनलाई नौ सुपाडी, देवानलाई सात सुपाडी, मोदीलाइ पांच सुपाडी, ज्वाई चेलीलाई चार सुपाडी र दाजुभाई इष्टमित्रलाई दुइ सुपाडी निम्तो दिने चलन थियो । नाता काटेर अपमान गरेमा जरिवाना गर्ने चलन थियो ।

**७. लेनदेन ब्यबहार :** ग्रामति, गछ, थान जहां बसे पनि लेनदेन ब्यबहार माघे संक्रान्तिमा हिसाब गरि फरफारक गरि नयां आसामी वा किसान रोज्ने खोज्ने गर्दथ्यो। त्यसैले माघे संक्रान्ति थारु समुदायको महत्वपुर्ण दिन हो । फरछौट नहुने किसान त्यहि ग्रामतिमा बस्न चाहेमा आसमि रोजन सक्दथियो । अर्को आसमी रोजेमा असामिले कर्जा चुकता गरि लान सक्दथियो । यदि कसैले कर्जा चुकाउन असमर्थ भएमा रातीनै भागेर सिमाना काट्नु पर्दथ्यो ।

**८. पुजाआजा र चांडपर्व :** ग्रामथान पुजा, बहरजत्रा पुजा, सिरुवा, दशमी, सुखरात्री (तिहार), होली आदी कुरामा ग्रामति सहमति भएर एकै दिन मनाउने र पुजा गर्ने चलन गछदारको नेतृत्वमा हुने गर्दछ । ग्रामथान पुजा ग्रामति मिलेर पालेपालो मिलाएर गर्दछन र यसमा लाग्ने शुल्क अनिवार्य रुपमा तिर्नु पर्छ । चाडपर्वमा सबै मिलेर रमाइलो गर्ने, नाच्ने, गाउने, खानपान गर्ने चलन छ ।

**९. बाटो, पुल, कुलो आदी :** यी बिकाश कामका लागि गछदारको भुमिका प्रमुख हुन्छ। जनश्रमदान जुटाउने देखि मानिसको संलग्नता गराउने काम गछदारले गर्छ । सामुहिक काममा नआएमा जरिवाना गर्ने चलन थियो ।

**१०. बैरान जग्गा फडानी :** थारु समुदायका मान्यजनले बिरान जग्गालाई फडानी गरेर बस्ति बिस्तार गर्दथे । जंगललाई संरक्षण पनि गर्दथे । मोरडको जंगल फडानिको काम बि.सं. १९६० देखि राणाहरुले आफना परिवारका

सदस्यहरुलाई र आसेपासेलाई जंगल बिर्ता दिने गराले अब्यबस्थित फडानी सुरु भयो ।

**११. सरकारी कर, दण्ड जरिवाना असुल :** मान्यजन, देवान तथा सामाजिक पदाधिकारीहरुले सरकारी राजस्व, कर, दण्ड जरिवाना असुल गरेर सरकारलाई बुझाउने गरेका थिए । पछि सरकारी कर्मचारी जिमदार, मुखिया, पटवारी मार्फत हुन गयो ।

**१२. धामी र बोक्सी :** थारु समुदायमा तन्त्र मन्त्रको ठुलो प्रभाव र प्रयोग छ । गाउँमा रोग, महामारी, भुत, पिचास तथा हाती, बाघको आतंकबाट बचाउने रक्षा गर्नेकाम धामीको हुन्थियो र धामीलाई यी सबैको निवारण गर्ने जिम्मा दिने गर्दथ्यो । राज्यले पनि धामिलाई लालमोहर दिएर राजधामी घोषित गर्दथ्यो । बोक्सी प्रमाणित भएमा सामाजिक अपराधको रुपमा लिने र पञ्चायत डाकेर सजाय दिने गर्दथ्यो ।

**१३. ढाकन प्रथा :** कठरिया थानका देवान श्री खुरकन सरदारले समाजमा घटेका अबैध घटनाहरुलाई (अबैध गर्भवती, उढरी, ढिंढरी) समाजमै गुपचुपमिलाउने, बिबाहबारी चलाउने, इज्जतलाई ढाक छोप गरेर राख्ने, पेट फुटेमा फुटोस तर मुख नफुटोस भनेर कसम खुवाउने चलनलाइ ढाकन प्रथा भनेको हो ।

**१४. सामाजिक समस्या उपर छलफल :** त्यस ताका पनि सामाजिक समस्याहरु धेरै थिए । कन्यौती मइन लिने चलनले पुरुषहरुको बिबाह हुन नसकेको, बिधुर भएको घर चलाउन समस्या रहेको, दण्ड जरिवाना तिर्न नसके को, समाजमा उदण्ड ब्यक्तिहरुको दबदबा, महामारीमा बंश बिनास भएका, टुहुरा बनेकालाई सामाजिक सुरक्षा, सामाजिक नियमहरु पालना नगरेका जस्ता सामाजिक समस्यालाई निराकरण गर्ने र सहज बनाउने काम पनि सामाजिक शासनले मिलाउदथ्यो ।

**१५. सामाजिक सुरक्षा र सहयोग :** थारु समुदायमा बाहिरी आक्रमणबाट बचाउने र संगठित गर्ने काममा समुदायलाई आव्हान गर्ने र हसेरी (योध्दाहरु) लिएर जाने र युध्द गर्ने परंपरा थियो । यसै प्रसंगमा थारुमा भनाई पनि चलेको छ- धौल धमके त भौर चमके । समाजका कुनै ब्यक्तिको काम सकेको छैन वा ठुलो कामहरु बिना पारिश्रमिक हौली (जनसहयोग) दिएर सफल पर्दथ्यो । समाजमा सुरक्षा र सहयोगको भावले कहिले पनि एकलो महसुस हुंदैन थियो ।

**१६. मेलमिलाप :** सामाजिक झैझगडा, सामाजिक समस्याहरु, बेटीबटियारी, बिबाह, सम्बन्धबिच्छेद, लेनदेन ब्यबहार, अंशबण्डा आदी समस्या समाधान समाज बसेर मेलमिलाप गर्ने गराउने र समाजमा शान्ति सुब्यबस्था कायम गर्ने गरेका थिए र अहिले पनि प्रचलनमा छ ।

**अन्तमा :**

यसरी मोरङिया थारु समुदायले आफनो रितिथिति कायम राख्दै अलग पहिचान राखेको हुनाले बि.सं. २०१५ सालको जनगणनामा मोरङमा थारु भाषाको मान्यता पाएका हो । मोरङिया थारु भाषालाई पुर्विया थारु भाषामा मान्यता दिएर रेडियो नेपालबाट बि.सं. २०५१ साल भाद्र १ गते बाट पुर्विया थारु भाषामा समाचार प्रसारण सुरु भयो ।

थारु सामाजिक शासन अहिले हटि सकेको छ। केही सामाजिक चलनहरु परिवर्तन भएका छन। सामाजिक शासनको अबशेषको रुपमा ग्रामति अझै छदै छ । ग्रामति पनि हटदै गएको छ र टोल उपभोक्ता वा टोल सुधार समितिहरु गठन भएर बिकाश निर्माणको काममा सक्रिय भए पनि सामाजिक समस्या, मेलमिलाप गराउने, सामाजिक ब्यबहार मा सहभागी हुने, ग्रामथान गर्ने आदीमा ग्रामतिको भुमिका जिवित नै छ ।

थारु समुदायको बलियो सामाजिक संरचना समाप्त भइ सकेको हुनाले थारु समुदायको आफ्नो मौलिक पहिचान लोपहुदै गएको छ । थारु भाषा, भेषभुसा, रहनसहन, चाँडपर्व, बिबाह, सामाजिक उत्सव पुजाहरु लोप हुदै गएको छ । पुस्तौ देखि सिकेका ज्ञान गुन, तन्त्रमन्त्र, परंपरागत औषधी उपचारको ज्ञान पुस्तान्तरण हुन सकेको छैन । ग्रामथानहरु अतिक्रमणको सिकार बनेका छन । परंपरागत ज्ञान, सिपलाई जिवान्त राख्न सिकेका ज्ञान सिपहरु पुस्तानान्तर हुन आवश्यक छ। यसैले स्थानिय सरकार, प्रदेश सरकार, केन्द्र सरकारले परंपरागत रितीथिति र संमाजिक संरचनाहरुलाई संरक्षण गर्न कानुन बनाएर थारु समुदायलाई अनुभुत गराउन अनिवार्य छ । थारु समुदाय

नगन्य रुपमा सरकारी सेवामा छन तसर्थ सरकारी सेवामा प्रवेशको लागि आरक्षणको ब्यबस्था हुनु पर्छ । सेवा प्रवेश गराउन उत्प्रेरित हुने बिशेष तालिमहरु दिएर सक्षम बनाउनु पर्छ । नेपालको संबिधान २०७२ ले थारुलाई छुटै पहिचान दिएको छ र थारु आयोगको ब्यबस्था गरेका छन । नेपाल सरकारले थारु समुदायलाई मुलधारमा समेटन नसकेकोले सरकार प्रति असंतुष्टीहरु पनि छन । थारु समुदायले आफनो बिकासका लागि आफै लाग्नु पर्छ र सशक्तीकरणमा जोड दिनु पर्छ ।

राम सागर चौधरी
इटहरी उपमहानगरपालिका- १२, खनार, सुनसरी ।
थारु भाषाका लेखक
गोरखापत्र, थारु संस्कृती, जनजाती, हौली, पहुरा, टिहकारी, नेपाल प्रज्ञा प्रतिष्ठानबाट लेख, कथा, कविता प्रकाशित।
पुर्व रजिष्ट्रार- नेपाल स्वास्थ्य ब्यबसायी परिषद, बांसबारी,
सेवा निबृत - जनस्वास्थ्य अधिकृत (स्वास्थ्य सेवा)
आजिवन सदस्यः नेपाल रेडक्रस सोसाइटी, थारु कल्याणकारिणी सभा, हौली परिवार, नेपाल स्वास्थ्य प्राविधिक संघ, सर्वेश्वर शिव मन्दिर ।
सचिव ; सर्वेश्वर शिव मन्दिर, खनार।

# थारु समुदायको सुख र समृद्धिका लागि सम्यक मार्ग

राजेश चौधरी थारु
बुद्धभूमी न.पा.८ सेमरहना, कपिलवस्तु, नेपाल ।
महा सचिव, थारु बौद्ध समाज, नेपाल ।
सह सचिव, थारु कल्याणकारिणी सभा कपिलवस्तु ।

नेपाल एक बहुभाषिक, बहुधार्मिक र बहुसँस्कृति भएको राष्ट्र हो । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार थारु समुदाय कुल जनसंख्याको ६.६% प्रतिशत अर्थात् १७,३७,४७० जनसंख्या रहेको चौथो ठूलो समुदाय हो । थारु भाषा कुल जनसंख्याको ५.८% प्रतिशत अर्थात् १५,२९,८७५ जनसंख्याले बोल्ने चौथो ठूलो भाषा हो । हाल अहिले नेपालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको तथ्याङ्क अनुसार राना थारु सहित ६० जातजातिलाई आदिवासी जनजाति अन्तर्गत राखिएको छ । यसको साथै आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार थारु समुदाय सिमान्तकृत समूह (Marginalized Group) अन्तर्गत पर्ने २० आदिवासी जनजाति समुदाय मध्ये एक प्रमुख समुदाय हो ।

धेरै बिश्लेषक तथा अनुसन्धानकर्ताहरुले वर्तमान समयमा थारु समुदायको विभिन्न पक्षलाई आ-आफ्नै तवरले विश्लेषण गरेका छन् । वास्तवमा थारु समुदायलाई विश्लेषण गर्ने हो भने थारु समुदाय आफ्नो समुदायको मौलिक सांस्कृतिक पक्षमा धेरै धनि मानिन्छ । साथै थारुहरु सत्य, शान्तिप्रिय, मेहनती, इमान्दार, समानता र सदाचारलाई अवलम्बन गर्ने सरल स्वभावका हुन्छन् । त्यसैगरी, विभिन्न तथ्याङ्कहरुलाई विश्लेषण गर्दा समग्रमा थारु समुदायलाई अन्य समुदायको तुलनामा राजनीतिकरुपमा बन्चित, प्रशासनिक र शैक्षिक रुपमा पछाडि र सामाजिक रुपमा पछाडी रहेको र पारिएको साथै, आर्थिक रुपमा गरिब रहेको एक समुदायको रुपमा पाउन सकिन्छ ।

विभिन्न इतिहासकारहरुको लेख तथा विभिन्न समयकाल खण्डमा यात्रामा आएका विदेशी यात्रीहरुको यात्रा वृतान्तको आधारमा थारु समुदायको इतिहासलाई नियाल्दा विभिन्न ठाउँमा थारु समुदायका साना ठूला राजा, रजौटा तथा बडघर भलमन्साहरुको शासन संचालन रहेको पुष्टि हुन्छ । उदाहरणको लागि दाङका दंगीशरण राजा, कपिलवस्तुको शाक्य वंशीय राजा शुद्धोधन, देवदहको कोलिय राजा यसको साथै विभिन्न ठाउँमा थारु समुदायलाई सम्हालेर शासन संचालन गरिरहेका बडघर तथा भलमन्साहरु । तर थारु समुदायलाई नेतृत्व गर्ने साना ठूला राजा रजौटा तथा बडघरहरुको प्रमाणिक रुपमा लिखित इतिहास नभएकोले वा भएपनि विभिन्न कालखण्डमा भएको धार्मिक, राजनीतिक र सामाजिक द्वन्दका कारण बचाउन नसकेकोले हाल अहिले वर्तमान समयमा लिखित इतिहासको कमि नै रहेकोछ ।

यसरी विभिन्न कालखण्डमा भएको धार्मिक, राजनीतिक, सामाजिक द्वन्दका कारण थारु समुदाय परिवर्तित समय अनुसार समायोजन हुन नसकेका कारण, धुर्त र ठग वर्ग वा समुदायको ठगहारी प्रवृत्तिको कारण साथै थारु समुदायले जाँड रक्सी जस्ता नशालु पदार्थलाई खुला रुपमा सामाजिक रुपमा मान्यता दिएकोले थारु समुदायसँग भएको चल अचल सम्पत्ति विभिन्न तरिकाले गुम्न गई वर्तमान समयमा समान्य कृषक, कमलरी, कमैया, मजदुर र सुकुम्बासीको रुपमा जीवन यापन गर्न बाध्य रहेकाछन् ।

आज भन्दा करिब २५०/३०० बर्ष भन्दा पहिले राजाको रुपमा वा जमिन्दार (भूमिपुत्र) को रुपमा शासन संचालन गरेको समुदाय आज आर्थिक रुपमा गरिब, राजनीतिक रुपमा वन्चित, शैक्षिक र प्रशासनिक रुपमा पछाडि, सामाजिक रुपमा पछाडि पारिएको समुदाय, कृषक, कमलरी, कमैया, मजदुर र सुकुम्बासी जस्ता समस्यासँग संघर्ष गर्दै जीवन यापन गरिरहेको समुदायको रुपमा रहेको छ, किन ? यसका पछाडिका कारणहरु के के हुन् ?
यसकारण यस लेखमा अबको वर्तमान परिवेशमा थारु समुदायमात्र नभई राष्ट्रको मुलधारमा आउन नसकेका अन्य आदिवासी जनजाति समुदाय, दलित, अपहेलित, गरिब, शोषित, पिडित, अल्पसंख्यक, सामाजिक रुपमा पछाडि रहेका

वा पारिएका बहुजन समुदायलाई कसरी सुख र समृद्धिको मार्गमा अग्रसर गराउन सकिन्छ ? भन्ने गम्भिर बिषयको रुपमा रहेको सबालको एउटा उपाय, बाटो वा मार्गको रुपमा **सम्यक मार्ग**ले एउटा उचित मार्गको रुपमा कार्य गर्न सक्छ भन्ने आशयका साथ सम्यक मार्गाको ब्याख्या गरिएको छ ।

**सम्यक मार्ग** एसियाका तारा भनि चिनिने महामानव तथा गौतम बुद्धद्वारा आजभन्दा करिब २६०० बर्ष पहिले प्रति पादित नयाँ मार्ग अथवा बाटो हो जुन आजको वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक र कल्याणकारी मार्गाको रुपमा सिद्ध हुन सक्दछ । जुन मार्गले थारु समुदायलाई मात्र नभई राष्ट्रको मुलधारमा आउन नसकेका अन्य आदिवासी जनजाति समुदाय, दलित, अपहेलित, गरिब, शोषित, पिडित, अल्पसंख्यक, सामाजिक रुपमा पछाडि रहेका वा पारिएका बहुजन समुदाय अथवा सम्पुर्ण मानव समुदायलाई सुख र समृद्धिको मार्गमा अग्रसर गराउन पथ प्रदर्शकको रुपमा कार्य गर्न सक्छ ।

जुन व्यक्ति वा समुदायले सम्यक मार्गाको अनुशरण गर्दछ त्यहि व्यक्ति वा समुदायले सुख र समृद्धि प्राप्त गर्न सक्दछ । यहि पवित्रताको मार्ग, सद्धम्मको मार्ग र सद्‌गुणको मार्गाको समुचित अनुशरण गर्नु नै सम्यक मार्ग हो । **सम्यक मार्ग** अन्तरगत मुख्य गरि ३ (तीन) वटा मुख्य मार्गहरु पर्दछन् ।
ती यस प्रकार रहेका छन् ।
१. पवित्रताको मार्ग २. सद्धम्मको मार्ग ३. सदगुणको मार्ग

मनमा प्रश्न उठ्न सक्छ, **पवित्रताको मार्ग कस्तो मार्ग हो ?**

**१. पवित्रताको मार्ग**

सम्यक मार्गाको पहिलो महत्वपूर्ण मार्ग पवित्रताको मार्ग हो । पवित्रताको मार्ग भनेको व्यक्तिगत चरित्रलाई पवित्र गर्ने मार्ग हो । यदि कुनै व्यक्ति एक असल व्यक्ति बन्न चाहन्छ भने उसले असल चरित्रका मापदण्डहरुलाई स्वीकार गर्न आवश्यक हुन्छ । जस्तै की :
१. कुनै प्राणीको हिंसा नगर्नु ।
२. चोरी नगर्नु अर्थात अर्को व्यक्तिको कुनै चिजलाई आफ्नो नबनाउनु ।
३. व्यभिचार नगर्नु ।
४. असत्य नबोल्नु ।
५. नशा दिने कुनै चिज वा वस्तु सेवन वा ग्रहण नगर्नु ।

प्रत्येक व्यक्तिको लागि यो परम आवश्यक छ कि माथी उल्लेखित पाँच शीलको स्वीकार गरोस् किनकी प्रत्येक मानिसको लागि जीवनको कुनै न कुनै मापदण्ड हुन आबश्यक छ जुन मापदण्डको आधारमा उ आफ्नो अच्छाई र बुराई मापन गर्न सकोस् । सम्यक मार्ग अनुसार पवित्रताको मार्ग अन्तरगत पर्ने यी पञ्चशील मानव जीवनको अच्छाई र बुराई मापन गर्ने मापदण्ड हो ।

यस संसारको हरेक ठाँउमा पतित मानिसहरु रहन्छन् । पतित मानिसहरु पनि दुई किसिमका हुन्छन् । एक किसिमको पतित त्यो व्यक्ति हो जसको जीवनको कुनै मापदण्ड रहन्छ । अर्को किसिमको पतित त्यस्तो व्यक्ति हो, जसको जीवनको कुनै मापदण्ड नै हुँदैन । जसको जीवनको कुनै मापदण्ड नै हुँदैन त्यो व्यक्ति पतित भएर पनि उ पतित छ भनेर जान्दैन । त्यसकारण उ हरबखत पतित नै रहन्छ । अर्को तर्फ जसको जीवनको कुनै मापदण्ड हुन्छ त्यो व्यक्ति निरन्तर कोशिस गर्दछ ताकी उ पतित अवस्थाबाट माथि उठ्न सकोस् किनकी उ जान्दछ की उ पतित छ । हरेक मानिसको लागि जीवन सुधारको कुनै मापदण्ड हुनु र नहुनुमा यहि ठूलो अन्तर छ । कुनै व्यक्ति आफ्नो स्तरबाट तल गिर्नु त्यती ठूलो कुरा होइन जतिकी कुनै व्यक्तिको जीवनको कुनै स्तर नै नहोस् ।

**हरेकको मनमा यो पनि लाग्न सक्छ की यहि पञ्चशीललाई नै जीवनको मापदण्ड किन स्वीकार गर्ने ?**
यो प्रश्नको उत्तर तपाई स्वयमलाई नै थाहा हुन्छ यदि तपाई आफूलाई नै यो प्रश्न सोध्नु भयो भने **'के यी पञ्चशील हरेक व्यक्तिको लागि कल्याणकारी छ ?'** र साथसाथै **'के यी पञ्चशीलको पालन गर्नु समाजको लागि कल्याणकारी छ ?'** यदि यी दुई प्रश्नको तपाईको उत्तर स्वीकार योग्य छ भने यसको सिधा परिणाम यो निस्किन्छ कि यो सम्यक मार्गको पहिलो मार्ग अर्थात चारित्रिक पवित्रताको लागि यी पञ्चशील हामी प्रत्येक व्यक्तिले आफ्नो जीवनको उत्तम मापदण्डको रुपमा स्वीकार गरौँ ।

**२. सद्धम्मको मार्ग**
सम्यक मार्गको दोस्रो महत्वपूर्ण मार्ग सद्धम्मको मार्ग हो । कुनै पनि व्यक्तिको सुख र समृद्धिका लागि पवित्रताको मार्ग अर्थात पञ्चशीलको अनुशरण मात्रै प्रयाप्त हुँदैन । यसले सुख र समृद्धिको लागि बलियो आधार मात्रै निर्माण गर्दछ । सुख र समृद्धि प्राप्तिको लागि थप मार्गको आवश्यकता पर्दछ, त्यसकारण अर्को महत्वपूर्ण मार्ग भनेको सद्धम्मको मार्ग हो ।

यस सद्धम्मको मार्गको ८ (आठ) वटा अंगहरु रहेका छन्, जुन यस प्रकार रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. सम्यक दृष्टि | २. सम्यक संकल्प | ३. सम्यक वाणी | ४. सम्यक कर्मान्त |
| ५. सम्यक आजिविका | ६. सम्यक व्यायम | ७. सम्यक स्मृति | ८. सम्यक समाधि |

**१. सम्यक दृष्टि :** सद्धम्मको मार्गको प्रथम र प्रधान अंग सम्यक दृष्टि हो । यसको अर्थलाई प्रष्ट्याउँदा यो बुझ्न जरुरी छ कि संसार एक कारागार हो । र मानिस कारागारको एक कैँदी हो । यो कारागारमा यति अन्धकार छ कि यहाँ केही पनि देखिन्न । कैदीलाई यहाँसम्म देखिन्न की त्यो एक कैँदी हो । थोरै समयको लागि मात्र नभई अधिक समय सम्म यही अध्याँरोमा रहेको कारण मानिस एकदम अन्धो भइसकेको छ, उसलाई यो कुरा पनि सन्देह छ की **'प्रकाश नामको केही चीज पनि कहिँ हुन सक्छ ?'**

प्रत्येक व्यक्तिलाई यो ज्ञान हुन जरुरी छ कि मन मात्र एक त्यस्तो साधन हो, जसको माध्यमबाट मानिसलाई प्रकाशको प्राप्ति हुन सक्छ । तर यी कारागार बासीको दिमागको अवस्था पनि त्यस्तो छैन कि त्यो उदेश्य पूरा हुन सकोस् । यीनीहरुको दिमागले थोरै मात्र प्रकाश आउन दिन्छ । यति मात्रै कि जसको आँखा छ त्यसले त्यति मात्र देख्न सक्छ कि अन्धकार भन्ने कुनै चीज छ । त्यसकारण यस्तो प्रकारको समझदारी प्रयाप्त छैन । तर कैँदीहरुको स्थिति यति निराशाजनक छैन जति देखिन्छ किनकी मानिसमा एक बल छ, एक शक्ति छ जसलाई संकल्प, बल वा इच्छा शक्ति भनिन्छ । जब मानिसको सामुन्ने कुनै उपयुर्क्त आदर्श उपस्थित हुन्छ तब त्यो इच्छा शक्तिलाई जागृत र कृयाशील बनाउन सकिन्छ ।

यदि कुनै मानिसलाई कहिँबाट थोरै प्रकाश प्राप्त भयो र यति मात्र देख्न सक्यो कि उ आफ्नो इच्छा शक्तिको संचालन गर्न सक्छ र अन्त्यमा बन्धनबाट मुक्त हुन सक्छ । त्यस अवस्थामा यद्यपि मानिस बन्धनमा भए पनि उ स्वतन्त्र हुन सक्छ । उ कुनै पनि समयमा त्यस्तो पहिलो पाइला उठाउन सक्छ र एक दिन उ स्वतन्त्र हुन सक्छ, यसकारण कि हामी आफ्नो मनलाई जुन दिशामा लान चाहन्छौँ त्यही दिशामा लैजान सकिन्छ । मनले नै हामीलाई जीवनरुपी कारागारको कैदी बनाउँछ र बनाइरहन्छ अथवा कारागारबाट मुक्त गराउन सक्छ ।

तर मनद्वारा जे चीज निर्माण भएको छ त्यसलाई नष्ट पनि गर्न सक्छ । यदि मनले मानिसलाई बन्धनमा बाँधेको छ त ठीक दिशामा अग्रसर भएमा त्यही मानिसलाई बन्धनबाट मुक्त गर्न सक्छ, त्यसकारण त्यस्तो सम्पूर्ण कार्य सम्यक दृष्टिले गर्न सक्छ । अविद्याको विनाश नै सम्यक दृष्टिको मुख्य उदेश्य हो । यो मिथ्या दृष्टिको विपरित र हन्छ । अविद्याको अर्थ यो हो कि मानिसले 'समस्याको पहिचान र समस्याको समाधानका उपायहरु के के हुन् ?'

भन्ने कुरा जान्दै नजान्नु ।

सम्यक दृष्टिको अर्थ मानिसले अबैज्ञानिक कर्मकाण्डका कृयाकलापलाई व्यर्थ सम्भिmयोस् । मानिसले शास्त्रमा लेखेका सम्पूर्ण कुरा सत्य छ भनी विश्वासबाट मुक्त होस् । मानिस यस्तो सबै अन्धविश्वासबाट मुक्त होस् जुन मानिसको मनको कल्पना मात्र हो र यथार्थतासँग सम्बन्ध रहेको छैन । सम्यक दृष्टिको अर्थ मानिसको मन स्वतन्त्र होस् । मानिसको विचार स्वतन्त्र होस् ।

**२. सम्यक संकल्प :** सद्धम्मको मार्गको दोस्रो प्रधान अंग सम्यक संकल्प हो । प्रत्येक मानिसको कुनै आशा, अकाक्षां र महत्वाकाक्षां हुन्छ । सम्यक संकल्पको अर्थ यो हो कि हाम्रो आशा, अकाक्षां र महत्वाकाक्षां निम्न स्तरको नभई उच्च स्तरको होस् र योग्य होस् ।

**३. सम्यक बाणी :** सद्धम्मको मार्गको तेस्रो प्रधान अंग सम्यक वाणी हो । सम्यक बाणीको अर्थ यो हो कि हरेक व्यक्ति,
१. सत्य बोलोस् ।
२. कुनै व्यक्तिले कोही अर्को व्यक्तिको बुराई / हेला नगरोस् ।
३. कुनै व्यक्तिले अरुको बारेमा झुठो कुरा नफैलाओस् ।
४. कसैले अरु कसैप्रति गाली गलौज र कठोर वचनको व्यवहार नगरोस् ।
५. सबैसँग विनम्र व्यवहार गरोस् ।
६. कुनै व्यक्ति व्यर्थको र बेमतलबको कुरा नगरोस् । कुरा बुद्धि संगत र सार्थक होस् ।

सम्यक बाणीको व्यवहार कसैको डर, भय र पक्षपात सँग सम्बन्ध राख्दैन । यसको साथै कुनै व्यक्तिले यो पनि नसो चोस् कि ठूलो बडाले उसको बारेमा के सोच्दछन् र सम्यक बाणीको व्यवहारले मलाई के हानी हुन सक्छ ।

**४. सम्यक कर्मान्त :** सद्धम्मको मार्गको चौथो अंग सम्यक कर्मान्त हो । सम्यक कर्मान्तले योग्य व्यवहारको शिक्षा दिन्छ । हरेक व्यक्तिको हर कार्य यस्तो होस् जसलाई सम्पादन गर्दा अरुको भावना र अधिकारलाई नकरात्मक प्रभाव नपारोस् । हरेक व्यक्तिलाई यसको बारेमा ज्ञान हुन जरुरी छ कि सम्यक कर्मान्तको मापदण्ड के हो ? सम्यक कर्मान्तको मापदण्ड यहि हो कि हाम्रो कार्य जीवनको जुन मुख्य नियम छ उस सँग अधिक भन्दा अधिक समन्वय राखोस् । जब कुनै व्यक्तिको कार्य जीवनका मुख्य नियमहरु सँग समन्वय राख्दछ त्यस कार्यलाई सम्यक मार्ग भन्न सक्दछौं ।

**५. सम्यक आजिविका :** सद्धम्मको मार्गको पाँचौ अंग सम्यक आजिविका हो । प्रत्येक व्यक्ति आफ्नो जीविका चलाउनु पर्ने हुन्छ । तर सम्यक जीविका चलाउने ढंग र अरु ढंगमा अन्तर छ । मानिसको जीविका चलाउने ढंग कुनै खराब छन् त कुनै असल छन् । खराब ढंगको जीविका त्यो हो जसको कारण अरुलाई हानी हुन्छ, अथवा कसैप्रति अन्याय हुन्छ । असल ढंगको जीविका त्यो हो जुन कार्यबाट अरु कसैलाई हानी नपुऱ्याई अथवा कसैलाई अन्यायमा नपारी जीविका संचालन गर्न सक्छ । यहि सम्यक आजिविका हो ।

**६. सम्यक व्यायाम :** सद्धम्मको मार्गको छैठौँ अंग सम्यक व्यायाम हो । सम्यक व्यायाम अविद्या/अज्ञानको नष्ट गर्ने प्रयासको पहिलो खुड्किलो हो । यो दुःखद कारागारको द्वार सम्म पुग्ने बाटो हो ताकि उसलाई खोल्न सकियोस् । सम्यक व्यायामका मुख्य चार उदेश्यहरु छन् ।
१. पहिलो, सम्यक मार्ग विरोधी मन/चित्त प्रवृत्तिको उत्पत्तिलाई रोक्ने ।
२. दोस्रो, यस्तो सम्यक मार्ग विरोधी मन/चित्त प्रवृतिलाई दबाउने जुन उत्पन्न भएको छ ।
३. तेस्रो, यस्तो मन/चित्त प्रवृतिलाई उत्पन्न गर्ने जुन सम्यक मार्गको लागि सहयोगी होस् ।
४. चौथो, सम्यक मार्गको लागि सहयोगी चित्त/प्रवृत्तिलाई अरु अधिक मात्रामा बृद्धि गर्ने र विकास गर्ने ।

**७. सम्यक स्मृति :** सद्धम्मको मार्गको सातौँ अंग सम्यक स्मृति हो । सम्यक स्मृतिको अर्थ हरेक कुरामा ध्यान दिन सक्नु हो । यो मनको पूर्णरुपमा जागरुकता हो । मनमा जुन अकुशल विचार उठ्छन् त्यसको चौकीदारी गर्ने सम्यक स्मृतिको अर्को नाम हो ।

**८. सम्यक समाधि :** सद्धम्मको मार्गको आठौँ र अन्तिम अंग सम्यक समाधि हो । जो व्यक्ति सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक बाणी, सम्यक कर्मान्त, सम्यक आजिविका, सम्यक व्यायाम र सम्यक स्मृति प्राप्त गर्न चाहन्छ, उसको मार्गमा ५ (पाँच) किसिमको वाधाहरु आउँदछन् । ती बाधाहरु लोभ, द्वेष, आलस्य, विचिकित्सा तथा अनिश्यक हुन् । वास्तवमा यी बाधाहरु बडो कठोर बन्धनहरु हुन् । यीनिहरुलाई तोड्न र जीत्न आवश्यक छ । यी बन्धनहरुबाट मुक्त हुने उपाय समाधि नै हो । समाधिको मतलब मन/चित्तको एकाग्रता हो ।
यस्तो प्रकारको ध्यान हो, जसको कारण यी ५ (पाँच) बाधाहरु/बन्धनहरुलाई स्थगित गर्न सकिन्छ । तर ध्यानको यो अवस्था अस्थायी रहन्छ । त्यसकारण यो आवश्यक छ कि मन/चित्तमा स्थायी परिवर्तन ल्याउनु पर्दछ । यस्तो प्रकार को स्थायी परिवर्तन सम्यक समाधिबाट मात्र प्राप्त गर्न सकिन्छ ।

**३. सद्गुणको मार्ग**

सम्यक मार्गको तेस्रो महत्वपूर्ण मार्ग सदगुणको मार्ग हो । सद्गुणको मार्गमा चल्नु भनेको असल सद्गुणको अभ्यास गर्नु हो । यी सद्गुणहरु यस प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| १. शील | २.दान | ३. उपेक्षा | ४. नैष्क्रम्य (काम बासनाबाट मुक्त हुनु) |
| ५. वीर्य (प्रयत्न) | ६. शान्ति | ७. सत्य | ८. अधिष्ठान (दृढ निश्चय) |
| ९.करुणा | १०. मैत्री | | |

**शील**को मतलब हो नैतिकताको पालन गर्ने, कुशल कार्य गर्ने प्रवृत्ति, अकुशल अथवा गलत कार्य गर्दा लाज र भय मान्ने प्रवृत्ति हो । लाज र भयको कारण पापबाट बचीरहने प्रयास गर्नु नै शील हो अर्थात शीलको अर्थ हो पापबाट मुक्त रहनु ।

दानको अर्थ हो बदलामा कुनै प्रकारको स्वार्थ पूर्तिको आशा बिना अर्को व्यक्तिको भलाईको लागि आफ्नो सम्पत्तिको मात्र नभई आफ्नो रगत, आफ्नो शरीरको अंग यहाँ सम्मकी आफ्नो प्राणको बलिदानी दिनु हो ।

**उपेक्षा**को अर्थ अनाशक्ति हो । यो कोही अर्को व्यक्तिको सुख दुख प्रति निरपेक्ष भाव राख्ने भन्दा भिन्न कुरा हो । यो मन/चित्तको त्यो अवस्था हो, जसमा प्रिय अप्रिय केही पनि छैन । फल जे भएपनि उसप्रति निरपेक्ष रही साधनारत रहनु नै उपेक्षा हो ।

**नैष्क्रम्य**को अर्थ सांसरिक काम बासनाबाट मुक्त हुनु हो अथवा काम भोगको त्याग गर्नु हो ।

**वीर्य**को मतलब सम्यक प्रयत्न वा असल प्रयास हो, जुन कार्य एक पटक गर्ने निश्चय गरेपछि अथवा संकल्प गरे पछि आफ्नो पुरा सामर्थ्यले पुरा गर्न प्रयास गर्ने र उसलाई पूरा नगरी पछाडि फर्केर पनि नहेर्नु नै सम्यक प्रयत्न वा वीर्य हो ।

**शान्ती**को अर्थ हो क्षमा शिलता । घृणाको उत्तरमा घृणा नगरी क्षमा दिनु नै यसको मुख्य सार हो । किनकी घृणाबाट घृणा कहिलेपनि समाप्त हुँदैन । क्षमा शिलताबाट घृणा समाप्त गर्न सकिन्छ ।

**सत्य**को अर्थ हो मृषाबादी नहुनु हो । मानिस कहिले पनि झूठो बोल्नु हुँदैन । उ सधैं केवल सत्यमात्र बोल्नु पर्दछ ।

**अधिष्ठान (दृढ निश्चय)** को अर्थ हो आफ्नो उदेश्यसम्म पुग्ने दृढ निश्चय नै अधिष्ठान हो ।

**करुणा**को अर्थ हो, व्यक्ति व्यक्ति बीच कुनै जाति, वर्ण, धर्म, लिङ्ग, सम्प्रदाय अथवा कुनै पक्षबाट विभेद नगरी सम्पूर्ण मानव प्रति प्रेमपुर्ण दया भाव राख्नु नै करुणा हो ।

**मैत्री**को अर्थ हो, सम्पूर्ण प्राणी प्रति मातृ भावना राख्नु हो । मित्रहरु प्रति मात्र नभइ शत्रुहरु प्रति पनि र मानिस प्रति मात्र नभइ सम्पूर्ण प्राणीहरु प्रति पनि दयाभाव राख्नु नै मैत्रीपूर्ण व्यवहार हो ।

यस्तो प्रकारको सद्गुणको अभ्यास जो कोही मानिसले पनि पूर्ण सामर्थ्य लगाई अभ्यास गर्ने प्रयास गर्नुपर्दछ । त्यसकारण यसलाई पारमिता पनि भनिन्छ ।

के मानिसको चारित्रिक पवित्रता नै कल्याणकारी समाजको आधारशिला होइन, र ? के ईर्ष्या, राग, अज्ञान, हिंसा, चोरी, व्यभिचार र असत्यले चारित्रिक पवित्रताको जरो उखेल्ने कार्य गर्दछ ? के व्यक्तिगत पवित्रताको लागि यो आवश्यक छैन कि व्यक्तिमा यति चारित्रिक बल होस् कि सो व्यक्ति विभिन्न प्रकारको बुराईको बशमा आउन नसकोस् ? यदि कुनै व्यक्तिमा चारित्रिक पवित्रता छैन भने उ जनकल्याण कसरी गर्न सक्दछ ? कोही व्यक्ति वा वर्गले किन अर्को व्यक्ति वा वर्गलाई आफ्नो गुलाम/नोकर/दास बनाउन र आफ्नो बशमा राख्न चाहन्छ ? के यसकारण हो इन कि एक व्यक्ति अर्को व्यक्ति प्रति योग्य व्यवहार गर्दैन ?

यदि प्रत्येक व्यक्ति सद्धम्मको अनुसार जीवन यापन अर्थात सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक बाणी, सम्यक कर्मान्त, सम्यक आजिविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधिको मार्गलाई अनुशरण गरे सम्पूर्ण अमानवता, सम्पूर्ण अन्याय जो कि एक व्यक्तिले अर्को व्यक्ति प्रति गर्दछ, के समाप्त हुँदैन ?

के अभाव ग्रस्त व्यक्तिको अभाव र दरिद्रता समाप्त गर्न र समान्य जनकल्याण गर्न दान आवश्यक छैन ? के जहाँ कष्ट छ, दरिद्रता छ, त्यहाँ ध्यान दिएर समाप्त गर्नको लागि करुणा आवश्यक छैन ? के मानिस सँग प्रेम गर्न आवश्यक छैन ? प्रेम मात्र प्रयाप्त छैन । जे चीजको आवश्यकता छ त्यो हो मैत्रीपुर्ण व्यवहार । प्रेम भन्दा मैत्रीको क्षेत्र व्यापक छ । यसको अर्थ केवल मानिस प्रति छैन बल्की प्राणी प्रति पनि मैत्री भाव राख्न आवश्यक छ ।

सद्गुण स्वभाव र आचरणको साथै प्रज्ञा पनि जोडिएको हुन्छ । प्रज्ञाको अर्थ निर्मल बुद्धि हो । एक असल व्यक्ति त्यसैलाई भन्न सकिन्छ जो व्यक्ति कुनै खराब काम गर्दैन र गर्न सोच्दैन पनि । गलत तरिकाबाट आफ्नो जीविका नचलाउनेर आफ्नो मुखबाट कुनै त्यस्तो शब्द ननिकालोस् जसबाट कसैलाई हानी होस् अथवा कष्ट पुऱ्याओस् । त्यसकारण सद्गुण आचरणको अभ्यास पनि प्रज्ञा पुर्वक अथवा निर्मल बुद्धिको साथमा हुनुपर्दछ । यसकारण पनि प्रज्ञा अति आवश्यक र महत्वपूर्ण छ कि दान त हुनु नै पर्छ तर बिना प्रज्ञाको दानको दुष्परिणाम पनि हुन सक्छ । करुणा त हुनु पर्दछ तर बिना प्रज्ञा करुणा पनि बुराईको समर्थक हुन सक्छ । त्यसकारण सम्पूर्ण सद्गुण तथा पारमिताहरु प्रज्ञा पारमिताको मापदण्डमा खरो तरिकाले उत्रिन पर्दछ । निर्मल बुद्धिको अर्को नाम प्रज्ञा पारमिता हो ।

प्रत्येक मानिसलाई कुशल कर्मको ज्ञान हुन जरुरी छ । कुशल कर्मको उत्पत्ति कसरी हुन्छ ? त्यसको बारेमा ज्ञान हुन जरुरी छ । त्यसैगरि अकुशल कर्मको ज्ञान हुन जरुरी छ । अकुशल कर्मको उत्पत्ति कसरी हुन्छ ? त्यसको बारे मा पनि ज्ञान हुन जरुरी छ । यसको साथै कुशल कर्म र अकुशल कर्म बीच भिन्नताको ज्ञान हुन जरुरी छ, त्यसै कारण प्रज्ञा एक आवश्यक सद्गुण हो ।

यो सम्यक मार्ग कसैको बुझाईमा निराशाबादी मार्गको रुपमा बुझ्न सक्छ किनकी पाठकहरुको ध्यान दु:ख तिर

आकर्षण गर्दछ। तर यस मार्गको बारेमा यस्तो धारणा बनाउनु गलत हुन्छ। निसन्देह, यो मार्ग दुःखको अस्तित्वलाई स्वीकार गर्दछ, तर यस मार्गले दुःखबाट मुक्ति पाउने मार्गको बारेमा पनि त्यति नै जोड दिएको छ।

सम्यक मार्गको उदेश्य पनि अविद्याको नाश गर्नु हो जसको अर्थ हुन्छ, दुःखको अस्तित्वको सम्बन्धमा अज्ञानताको नाश। यो आशाको सन्देश पनि हो किनकी यो दुःखको नाश गर्ने मार्ग अथवा सुख र समृद्धि प्राप्तिको मार्गलाई व्याख्या गर्ने र मार्ग दर्शन गर्ने कार्य गर्दछ।

के हजुर यो विचारमा सहमत हुनुहुन्छ ? धन्यवाद।

हजुरले आफ्नो विचार, कमेन्ट अथवा केही सुझाव सल्लाह दिन चाहनुहुन्छ भने ९८६६१५९०४० वा rajesh.gannepal@gmail.com मा पठाउन सक्नु हुनेछ। सबैको कल्याण होस्।

**सन्दर्भ सामग्री :**

१. नेपाल राष्ट्रिय जनगणना २०६८को तथ्यांक, तथ्यांक विभाग, नेपाल सरकार
२. बुद्ध और उनका धर्म, बि.आर. अम्बेडकर
३. Gowans, Christopher, Philosophy of the Buddha, London: Routledge, 2003
४.Murti, T.R.V, The Central Philosophy of Buddhism, London: Unwin Paperbacks, 1980

# सुर्खेती थारू तथ्याङ्क २०७८ एक अध्ययन

मानबहादुर चौधरी 'पन्ना'
सुर्खेत

**१.विषय प्रवेश :**

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ १२९जातजाति, १२५ भन्दा धेरै भाषाभाषी रहेको तथ्य छ । कर्णाली प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारण विषयक प्रारम्भिक प्राविधिक प्रतिवेदन २०७८ अनुसार १० जिल्लाम करिब ६७ वटा भाषा जीवित रहेको तथ्याङ्क छ । वास्तवम कर्णाली प्रदेशको सुर्खेत जिल्लामा बस्ने विविध जातिहरूमध्ये थारू पनि एक महत्वपूर्ण आफ्नो मौलिक पहिचान रहेको जाति हो । यहाँका थारू वीरेन्द्रनगर नगरपालिकाको विशेष गरेर रत्नराजमार्ग र जुम्लारोड हाइवेभन्दा दक्षिणतिर करिब ३६ गाउँ र राजमार्गदेखि उत्तरतर्फ २ वटा गाउँ गरेर करिब ३८ गाउँमा झुम्म बस्तीमा बसेका छन् । कर्णाली प्रदेशको विभिन्न जिल्लामध्ये सुर्खेत उपत्यकामा मात्र रहेका यहाँका थारूहरूको तुलनात्मक रुपमा अरू जातिभन्दा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा धार्मिक दृष्टिले कमजोर छन् । सुर्खेत उपत्यकाको मूल आदिवासी रूपमा चिनिने थारू यहाँको झार, जङ्गल, वन फाँडेर उल्जार गुल्जार गरेका हुन् । कुनै पनि जातिको वास्तविकता कस्तो छ ? कस्तो अवस्थामा छन् ? उनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक अवस्था कस्तो छ भन्ने विषय थाहा पाउनको लागि तथ्याङ्क विवरणको महत्व अति नै रहन्छ ।

सरकारी निकायबाट राष्ट्रिय जनगणना हरेक १०/१० वर्षमा गर्ने गर्छ । नेपाल सरकारले लिएको बाह्रौ राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा प्रकाशनमा आएको छ । जसअनुसार हाल नेपालमा २,९१,९२,४८० जनसङ्ख्या रहेको तथ्याङ्क सार्वजनिक गरेको छ । सुर्खेतको हालको २०७८ अनुसार ४,३१,३३२ (महिला २,३३,२२६ र पुरुष १,९८,१०६ ) रहेको छ । तथ्याङ्क विभागले देशभरिको जातजाति, भाषाभाषी, धार्मिक, शैक्षिक, भूगोल आदि विविध पक्षको विस्तृत विवरण आगामी वर्ष असोजसम्म आउने जनाएको छ । यसभन्दा अगाडिको तथ्याङ्कबारे असन्तुष्ट जनाउदै वास्तविक तथ्याङ्क बारे थारुहरुको साझा छाता संगठन थारु कल्याणकारिणी सभाले पटक पटक केन्दीय स्तरबाटै आलोचना गर्दै आइरहेको छ । सुर्खेतमा लखागिन थारू उत्थान मञ्च, सुर्खेतमार्फत २०७८ मा नै आफ्नै तरिकाबाट तथ्याङ्क संकलन गरेर आर्थिक, सामाजिक, शैक्षिक, भाषिक एवम् धार्मिक आदि विविध पक्षको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**२. कहाँबाट आए सुर्खेतका थारू ?**

द्रोण रजौरेका अनुसार दाङ बैबाङको एकजनाले भनेअनुसार जगरनथ्यालाई सुन्दर पश्चिमको पहाडी भागमा बसोबास गर्ने मानिसहरुले बाघलाई पूज्ने गर्छन् । पछिल्ला प्रगन्ना देशबन्ध्या गुरुवा रामसरण चौधरीकाअनुसार दाङमा पछिल्ला कालमा पश्चिम दाङमा धेरै बाघ लाग्न थालेपछि सुर्खेतबाट राजी जातिलाई झिकाएर थारूमा सम्मिलित गराइयो र देशबन्ध्या गुरुवा बनाइयो । पछिल दाङ्गी(पश्चिम दाङ)को जगन्नाथपुरीबाट सुर्खेत आएका हुन् । (चौधरी,२०६४:१४५)

सुर्खेत दर्पण पुस्तकअनुसार दाङबाट सुर्खेत ल्याउने काम यहाँका पटुवारी भक्तविर श्रेष्ठ र डिठ्ठा कृष्णलाल पन्त वि.स.१९७५ मा ल्याएका हुन् । सबभन्दा सुरूमा ७ घरका थारूहरूमा पटेनी गाउँको चन्दु थारू, तिलपुरको ढिकपुरे थारू,बुदबुदीको चिलरवा थारू, भवानीपुरको भवाने थारू, पातलगंगाको उत्तरघरे थारू, नयाँघुस्राको बालपुरे थारू,नयाँगाउँको अजन्ते थारू आएको कुरा उल्लेख गरिएको छ । शिवनाराय बि.सी.ले लेखेको "सुर्खेतको थारु जाति"(२०५०) भन्ने विद्यावारिधीको शोधपत्रमा वि.स.१९६० तिर दाङबाट सुर्खेत आएको कुरा उल्लेख गरेका छन् । थारु कल्याण कारिणी सभा सुर्खेतद्वारा प्रकाशित डौनाबेबरी (२०६२ ) पत्रिकामा दाङबाट वि.स. १९५०

तिर आएको कुरा उल्लेख गरिएको छ । यसरी सुर्खेतका थारू दाङ जिल्लाबाट छारा भई आएको कुरामा दुई मत छैन । यसरी सुर्खेतका थारू मुलतः डंगौरा हुन् । दाङका थारूहरूको रीतिरिवाज, संस्कृतिसँग मिल्ने सुर्खेतका थारू कर्णाली प्रदेशको एक मौलिक पहिचान भएका जाति हुन् । सुर्खेतको उपत्यकामा लाग्ने औलो, मलरिया, प्रचण्ड गर्मीसँग संघर्ष गर्दै खेतीयोग्य जमिन बनाउने थारूहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक अवस्थामा पछि परेका छन् । वि.स.२०२२ सालमा तत्कालीन नेपाल सरकारले औलो उन्मूलन गऱ्यो । यसपछि उपत्यकामा अरू जातजातिको आगमन भएको हो । यसभन्दा अगाडि सुर्खेत उपत्यकामा कुनै जातिको बसोबास थिएन ।

**३.सुर्खेत उपत्यकामा बस्ने थारू जातिको परिचय :**

नेपालमा आदिम समयबाट बस्दै आएका थारू जाति सुर्खेत उपत्यकाको थारू यहाँका मूल आदिवासी हुन् । वीरेन्द्रनगर नगरपालिकाको वडा नं.२, ३, ८, ९, १०, ११, १२ मा बसेका थारू ३८ वटा गाउँ रहेका छन् । उपत्यकामा मात्र बसोबास रहेका यहाँका थारू वडा नं. २, ३, ९ र १० मा सघन बस्ती छ भने वडा नं. ८ मा एउटा मात्र गाउँ छ भने वडा नं १२ मा रत्नराजमार्गको उत्तरपट्टि पदमपुरकै नामबाट चिनिने गरिन्छ । उपत्यकाको जमिन खेती योग्य भएकोले परम्परागत रूपमा यहाँका थारू कृषिमा निर्भर छन् । यस उपत्यकामा बसोबासका दृष्टिले वि.स.२०२२ साल अघि औलो शीतको कारण अरू जातिका मानिसहरू बसोबास रहने अवस्था थिएन । किनकि औलो र शीतका कारण एकदिनमै मृत्युको मुखमा पुऱ्याउथ्यो । त्यसैले यो जिल्लाको सदरमुकाम पनि गोठिकाँडामा रहेको थियो । यहाँको खोरिया फाँडेर खेतीयोग्य जमिन बनाउने थारू नै हुन् । पछि अरू जातजातिका मानिसहरूको आगमनले आफूले फाँडेको जग्गा जमिनसमेत गुमाए । टाठाबाँठाहरूले थारूहरूका जग्गाजमिन हडप्ने आफ्ना नाममा गराउने जस्ता जालझेलका कारण उनीहरूसँग आफ्नो जग्गा जमिन अत्यन्तै कम छ । अझै पनि यहाँका थारूहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, एवम् शैक्षिक अवस्था त्यति गतिलो छैन । सुर्खेतका थारू दाङबाट आएकाले यिनीहरूको रहनसहन, रीतिरिवाज, चालचलन, संस्कार, चाडपर्व, संस्कृति दाङका थारूहरूसँग मिल्दछ । मुलतः सुर्खेतका थारूहरू पश्चिम दाङ्बाट सुर्खेत आएका हुन् भन्ने कुरामा एकमत पाइन्छ ।

## ४.सुर्खेतका थारूहरूको जनसाङ्ख्यीय विवरण:

### तालिका नं १.

### वीरेन्द्रनगर वडा नं २ को (२०७८) तथ्याङ्क विवरण:

| क.स. | गाउँको नाम | पुरुष | महिला | जम्मा | घर धुरी | साक्षर | निरक्षर | भषा | | धर्म | | +२ भन्दा माथिको शिक्षा | पेशा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | थारू | नेपाली | हिन्दु | अन्य | | कृषि | नोकरी | व्यापार | मजदुरी | अन्य |
| १ | बिउराघारी | २६ | २२ | ४८ | १० | ३० | १८ | ४६ | २ | ४७ | १इसाइ | ४ | २ | | | ८ | |
| २ | कोलडाँडा | १२५ | ११८ | २४३ | ४४ | २०३ | ४० | २३६ | ७ | २४३ | | १४ | १८ | १५ | २ | ९ | |
| ३ | डारागाउँ | ६० | ६० | १२० | २६ | ९० | ३० | १२० | | १२० | | ६ | १४ | १० | १ | १ | |
| ४ | नयाँबस्ती | ५६ | ६१ | ११७ | २५ | ९७ | २० | १०१ | १६ | ११७ | | | ११ | १ | | १३ | |
| ५ | फलाटे | ८९ | ९६ | १८५ | ४४ | १४३ | ४२ | १८५ | | १८५ | | २१ | ३५ | ८ | १ | | |
| ६ | ठौरी | १४७ | १५५ | ३०२ | ६२ | २७८ | २४ | २९९ | ३ | २७८ | २४ इसाइ | ९ | ५५ | ६ | १ | | १ वैदेशिक रोजगार |
| ७ | जयपुर | ७९ | १०१ | १८० | ५० | १६४ | १६ | १८० | | १७३ | ७ इसाइ | २८ | ३३ | १६ | १ | | |
| ८ | जोगीगाउँ | ५० | ५३ | १०३ | २४ | ८० | २३ | ९९ | ४ | १०३ | | ५ | २४ | | | | |
| ९ | खोलीगाउँ | ९६ | ८९ | १८५ | ४२ | १६४ | २१ | १८५ | | १७५ | १० इसाइ | ७ | २३ | १८ | १ | | |
| १० | गुप्तीपुर | ४७ | ४२ | ८९ | १८ | ७४ | १५ | ८६ | ३ | ८६ | ३ इसाइ | ७ | ११ | ७ | | | |
| ११ | लौवस्ता | ८४ | ९६ | १८० | ३९ | १६७ | १३ | १८० | | १७८ | २ इसाइ | २७ | ६ | २६ | ५ | १ | |
| | जम्मा | ८५९ | ८९३ | १७५२ | ३८४ | १४९० | २६२ | १७१७ | ३५ | १७०५ | ४७ | १२८ | २३२ | १०७ | १२ | ३२ | १ |

### तालिका नं.२

### ३.वीरेन्द्रनगर वडा नं ३ को तथ्याङ्क विवरण (२०७८):

| क.स. | गाउँको नाम | पुरुष | महिला | जम्मा | घर धुरी | साक्षर | निरक्षर | भषा | | धर्म | | +२ भन्दा माथिको शिक्षा | पेशा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | थारु | नेपाली | हिन्दु | अन्य | | कृषि | नोकरी | व्यापार | मजदुरी | अन्य |
| १ | मस्रीखेत | ३८ | ४६ | ८४ | १८ | ८४ | | ६९ | १५ | ८४ | | १० | १२ | १ | १ | १ | ३ ड्राइभर |
| २ | तातापानी | ८५ | ८६ | १७१ | ३६ | १६१ | १० | १६२ | ९ | १७१ | | ११ | ४ | ११ | १३ | ८ | |
| ३ | पटेनी | ८६ | ९१ | १७७ | ३९ | १७७ | | १३७ | ४० | १७७ | | १२ | २१ | १३ | ४ | | |
| ४ | इटौरा | ७३ | ७९ | १५२ | ३१ | १४६ | ६ | १५० | २ | १५१ | ११इसाइ | ९ | २५ | ५ | | | १वैदेशिक रोजगार |
| | जम्मा | २८२ | ३०२ | ५८४ | १२४ | ५६८ | १६ | ५१८ | ६६ | ५७३ | ११ | ४२ | ६२ | ३० | १८ | ९ | ४ |

**तालिका नं.३**

**३.वीरेन्द्रनगर वडा नं  ८ को तथ्याङ्क विवरण (२०७८):**

| क्र. स. | गाउँको नाम | पुरुष | महिला | जम्मा | घर धुरी | साक्षर | निरक्षर | भषा |  | धर्म |  | +२ भन्दा माथिको शिक्षा | पेशा |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  |  |  | थारु | नेपाली | हिन्दु | अन्य |  | कृषि | नोकरी |  | मजदुरी | अन्य |
| १ | नौलापुर | ५१ ५ | २ | १०३ | २१ १ | ०२ १ | ९ | १ | १२ ९ | ८ | ५इसाइ | १७ ६ | ९ |  |  |  |  |

**तालिका नं.४**

**२.वीरेन्द्रनगर वडा नं ९ के तथ्याङ्क विवरण (२०७८):**

| क्र. स. | गाउँको नाम | पुरुष | महिला | जम्मा | घर धुरी | साक्षर | निर क्षर | भषा |  | धर्म |  | +२ भन्दा माथिको शिक्षा | पेशा |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  |  |  | थारु | ने पा ली | हिन्दु | अन्य |  | कृषि | नोकरी | व्यापार | मजदुरी | अन्य |
| १ | तिलपुर | १८९ | १७५ | ३६४ | ८३ | २९३ | ७१ | ३६४ |  | ३६० | ८ इसाइ | ४० | ५२ | २४ | २ |  | २ चालक तथा ३ वैदेशिक रोजगार |
| २ | जब्दी | ३९ | ६१ | १०० | २१ | ७४ | २६ | १०० |  | ९६ | ४ इसाइ | २ | १५ | ६ |  |  |  |
| ३ | घोघ्रेनी | ५१ | ३६ | ८७ | २१ | ६१ | २६ | ८७ |  | ७७ | १०इसाइ | ५ | १५ | १ | ३ | १ | १ वैदेशिक रोजगार |
| ४ | कालिमाटी | १४७ | १५८ | ३०५ | ७० | २०९ | ९१ | ३०५ |  | ३०५ |  | २२ | ५७ | १३ |  |  |  |
| ५ | पातलगंगा | १०४ | ११० | २१४ | ४५ | २१२ | २ | २१२ |  | १८९ | २५ | २४ | ३९ | ४ | १ |  | १ वैदेशिक |
| ६ | टिक्रा(उत्तर) पर्सेनी | ६९ | ८३ | १५२ | ३५ | १४५ | ७ | १५१ | १ | १५२ |  | १६ | २१ | १० |  | १ | ३चालक |
| ७ | तर्का(दख्खिन) पर्सेनी | ५० | ६० | ११० | २६ | १०८ | २ | १०७ | ३ | १०९ | १इसाइ | ६ | १८ | ५ |  |  | २सिकर्मी र १ वैदेशिक |
| ८ | धरमपुर | ४८ | ५५ | १०३ | २१ | ९१ | १२ | १०३ |  | १०२ | १ | ७ | १३ | ६ |  |  | २वैदेशिक रो. |
| ९ | मंगलगढी चौक | १२ | ११ | २३ | ५ | २२ | १ | २२ | १ | १६ | २ इसाइ | ६ |  | १ | ४ |  |  |
|  | जम्मा | ७०९ | ७४९ | १४५८ | ३२७ | १२२२ | २३६ | १४५३ | ५ | १४०७ | ५१ | १२७ | २३४ | ६९ | १० | २ | ११ |

## तालिका नं.५

### ५.वीरेन्द्रनगर वडा नं १० को तथ्याङ्क विवरण (२०७८):

| क्र.स. | गाउँको नाम | पुरुष | महिला | जम्मा | घर धुरी | साक्षर | निरक्षर | भषा | | धर्म | | +२ भन्दा माथिको शिक्षा | पेशा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | थारु | नेपाली | हिन्दु | अन्य | | कृषि | नोकरी | व्यापार | मजदुरी | अन्य |
| १ | बुदबुदी | १०१ | १०५ | २०६ | ४० | १९३ | १३ | १९९ | ७ | १९७ | ९इसाइ | ४१ | ३० | ९ | १ | | |
| २ | पदमपुर | १५४ | १४१ | २९५ | ६२ | २३८ | ५७ | २९५ | | २९५ | | २६ | २५ | १८ | ८ | ५ | ६ चालक |
| ३ | भानपुर | ५७ | ७० | १२७ | ३० | ९० | ३७ | १२७ | | १२३ | ४इसाइ | २ | २६ | ३ | १ | | |
| ४ | नयाँगाउँ | २४१ | २४९ | ४९० | ११० | ४१६ | ७४ | ४९० | | ४८५ | ५इसाइ | १९ | ६८ | २३ | ५ | १४ | |
| ५ | पिप्रह्वा | ६२ | ५७ | ११९ | २७ | ११९ | | ११९ | | १०९ | १० इसाइ | ६ | २३ | २ | २ | | |
| ६ | रहरपुर | ४६ | ६१ | १०७ | २५ | १०७ | | १०७ | | १०७ | | १० | १९ | ६ | | | |
| ७ | पुरानघुस्रा | ५४ | ५२ | १०६ | १८ | ७६ | ३० | १०६ | | १०६ | | ८ | १४ | ३ | १ | | |
| ८ | मनिकापुर | ७७ | ८० | १५७ | ३६ | १२९ | २८ | १५७ | | १५७ | | १४ | २५ | ३ | ४ | १ | ३ चालक |
| ९ | लौवघुस्रा | ८३ | ६८ | १५१ | २९ | १५१ | | १५१ | | १५१ | | ३ | २६ | २ | १ | | |
| १० | कोनैठी | ६५ | ६८ | १३३ | ३५ | १२२ | ११ | १३३ | | १३१ | २इसाइ | ११ | २३ | १२ | | | |
| | जम्मा | ९४० | ९५१ | १८९१ | ४१२ | १६४१ | २५० | १८८४ | ७ | | ३० | १३६ | २७९ | ८१ | २२ | २० | ९ |

## तालिका नं.६

### ३.वीरेन्द्रनगर वडा नं ११ को तथ्याङ्क विवरण (२०७८):

| क्र.स. | गाउँको नाम | पुरुष | महिला | जम्मा | घर धुरी | साक्षर | निरक्षर | भाषा | | धर्म | | +२ भन्दा माथिको शिक्षा | पेशा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | थारु | नेपाली | हिन्दु | अन्य | | कृषि | नोकरी | व्यापार | मजदुरी | अन्य |
| १ | गाग्रेताल | २५ | २३ | ४८ | १२ | ४५ | ३ | ४१ | ७ | ४८ | | ७ | ७ | ४ | १ | | |
| २ | चारकुने | २२ | ३६ | ५८ | ११ | ५३ | ५ | ५१ | ७ | ५६ | २इसाइ | २ | ८ | २ | | | १पलम्बर |
| ३ | सुपाकोन(सुब्बाकुना) | २३ | २२ | ४५ | ९ | ४५ | | ४५ | | ४५ | | ६ | ४ | ३ | | | २ चालक |
| ४ | ढोलढुङ्गा | ५७ | ५५ | ११२ | २९ | ८२ | ३० | ११२ | | ११२ | | १५ | १४ | ३ | ४ | १ | ७ चालक |
| | जम्मा | १२७ | १३६ | २६३ | ६१ | २२५ | ३८ | २४९ | १४ | २६१ | २ | ३० | ३३ | १२ | ५ | १ | १० |

**तालिका नं ७**

**३.वीरेन्द्रनगर वडा नं १२ को तथ्याङ्क विवरण (२०७८):**

| क्र.स. | गाउँक नाउ | पुरुष) | महिला) | जम्मा | घर धुरी | साक्षर | निरक्षर | भषा | | धर्म | | +२ भ न्दा माथिको शिक्षा | पेशा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | थारु | नेपाली | हिन्दु | अन्य | | कृषि | नोकरी | व्यापार | मजदुरी | अन्य |
| | पदमपुर | ३१ २ | ९ | ६० १ | ५ | ५६ ४ | ६ | ० | ६ | ० | ४ | १ | ० | ३ | २ | | |

**तालिका नं. ८**

**वीरेन्द्रनगरग नगरपालिकामा वडाअनुसारको जनसङ्ख्यिक विवरण :**

| क्र.स. | वडा नं. | घरधुरी | जनसङ्ख्या विवरण | | | साक्षरता | | | भषा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | साक्षर | निरक्षर | जम्मा | थारु | नेपाली | जम्मा | |
| १ | वडा नं. २ | ३८४ | ८५९ | ८९३ | १७५२ | १४९० | २६२ | १७५२ | १७१७ | ३५ | १७५२ | ११ वटा थारू गाउँ |
| २ | वडा नं. ३ | १२५ | २८२ | ३०२ | ५८४ | ५६८ | १६ | ५८४ | ५१८ | ६६ | ५८४ | ४ वटा थारू गाउँ |
| ३ | वडा नं. ८ | २१ | ५१ | ५२ | १०३ | १०२ | १ | १०३ | ९१ | १२ | १०३ | १ वटा थारू गाउँ |
| ४ | वडा नं. ९ | ३२७ | ७०९ | ७४९ | १४५८ | १२२२ | २३६ | १४५८ | १४५३ | ५ | १४५८ | ८ वटा थारू गाउँ |
| ५ | वडा नं. १० | ४१२ | ९४० | ९५१ | १८९१ | १६४१ | २५० | १८९१ | १८८४ | ७ | १८९१ | १० वटा थारू गाउँ |
| ६ | वडा नं. ११ | ६१ | १२७ | १३६ | २६३ | २२५ | ३८ | २६३ | २४९ | १४ | २६३ | ४ वटा थारू गाउँ |
| ७ | वडा नं १२ | १५ | ३१ | २९ | ६० | ५६ | ४ | ६० | ५६ | ४ | ६० | १ वटा थारू गाउँ ( पदमपुर) |
| | जम्मा | १३४४ | २९९९ | ३११२ | ६१११ | ५२३९ | ८६७ | ६१०६ | ५९६८ | १४३ | ६१११ | ३८ |

पुरुष=२९९९ महिला=३११२ कुल जम्मा=६१११

यसरी सुर्खेत जिल्लामा बराह गाउँपालिका ३, भेरीगंगा नगरपालिकामा ४५, चौकुने गाउँपालिका १०,चिङ्गाड गाउँपालिका ३, गुर्भाकोट गाउँपालिका १२३, सिम्ता गाउँपालिका ३१ गरी जम्मा ६३२६ थारुहरुको जनसङख्या रहेको छ ।

**तालिका नं.९ वीरेन्द्रनगर सुर्खेतमा रहेका थारूगाउँको नामावली:**

| वडा नं.२ व | डा नं.३ व | डा नं.८ व | डा नं.९ व | डा नं.१० व | डा नं.११ व | डा नं १२ |
|---|---|---|---|---|---|---|
| १.बिउराघारी | १.मस्रीखेत | १.नौलापुर | १.कालिमाटी | १.बुदबुदी | १.गाग्रेताल | १ पदमपुर |
| २.कोलडाँरा | २.पटेनी | | २.जब्दी २ | .कोनैठी २ | .चारकुन्या | |
| ३.डाँरागाउँ | ३.इटौरा | | ३.तिलपुर ३ | .पदमपुर | ३.सुपाकोन | |
| ४.नयाँबस्ती | ४.तातापानी | | ४.घोघ्रेनी | ४.भानपुर | ४.ढोलढुङ्गा | |
| ५.फलाटे | | ५ | .उत्तर पर्सेनी | ५.पिप्रह्वा | | |
| ६.ठौरी | | | ६.दखिन पर्सेनी | ६.नयाँगाउँ | | |
| ७.जयपुर | | | ७.धरमपुर ७ | .पुरान घुस्रा | | |
| ८.जोगीगाउँ | | | ८.पट्लङ्गा | ८.मनिकापुर | | |
| ९.खोलीगाउँ | | | ९ | .रहरपुर | | |
| १०.गुप्तीपुर | | | १ | ०.लौव घुस्रा | | |
| ११.लौवस्ता | | | | | | |

**जम्मा गाँउ संख्या: ३८** **श्रोत: लखागिन थारू जर्नल २०७८**

## ५.शैक्षिक,आर्थिक,भाषिक तथा धार्मिक अवस्था:

**१.शिक्षा** :

शिक्षा मानवीय विकासको सूचक हो। शिक्षाके विकासबिना अरू कुनै कामको विकासको परिकल्पनासमेत गर्न सकिदैन। त्यसैले शिक्षा हरेक समाज र राष्ट्रको सशक्त हतियार पनि हो। किनकि जबसम शिक्षाको पहुँच जनस्तरसम्म पुग्दैन तबसम हाम्रो समाजको विकास, कला, भाषा, साहित्य,संस्कृति, पूर्वाधार, रोजगार आदि विविध पक्षके विकास र उत्थान हुन सक्दैन। राष्ट्रिय जनगणना २०६८ अनुसार सुर्खेतको साक्षरता दर ७३.१२ प्रतिशत छ। बाल विकास केन्द्र ४९६,विद्यालय सङ्ख्या ६४७, क्याम्पस १२, विश्वविद्यालय १ वटा रहेको छ। खास गरेर सुर्खेतमा बस्ने थारू वीरेन्द्रनगरमा मात्र बसेका कारण शिक्षादीक्षा प्राप्त गर्ने मामलामा कुनै सकस छैन। अवसरहरू प्रशस्त मात्रामा घ भन्न सकिन्छ। सुर्खेत जिल्लामा सबभन्दा पहिलले एस.एल.सी उत्तीर्ण गर्ने भागिराम थारु र सनिसरा महतम (२०३४), महिलामा रुपा चौधरी बुदबुदी , स्नातक तहमा यामबहादुर चौधरी कोलडाडा तथा स्नातकोत्तरम मानबहादुर चौधरी पन्ना हुन्। सुर्खेत जिल्लामा थारूहरूको शैक्षिक अवस्थाको विवरण तालिकाम प्रस्तुत गरिएको छ :

## तालिका नं.१०
## सुर्खेत जिल्लाको शैक्षिक तथ्याङ्क २०७८ :

| क.स. | ठेगाना | +२ (१०+२) /आइ.ए वा आइ.एड | | | स्नातक | | | स्नातकोत्तर | | | कुल जम्मा | | | साक्षरता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | साक्षर | निरक्षर | जम्मा |
| १ | वीरेन्द्रनगर- २ | ५२ | ५८ | ११० | ४ | ७ | ११ | ४ | ३ | ७ | ६० | ६८ | १२८ | १४९० | २६२ | १७५२ |
| २ | वीरेन्द्रनगर- ३ | १७ | १९ | ३६ | ३ | २ | ५ | १ | ० | १ | २१ | २१ | ४२ | ५६८ | १६ | ५८४ |
| ३. | वीरेन्द्रनगर- ८ | ६ | ७ | १३ | २ | २ | ४ | ० | ० | | ८ | ९ | १७ | १०२ | १ | १०३ |
| ४ | वीरेन्द्रनगर- ९ | ४५ | ६० | १०५ | ९ | ९ | १८ | २ | ३ | ५ | ५६ | ७१ | १२७ | १२२२ | २३६ | १४५८ |
| ५ | वीरेन्द्रनगर- १० | ५२ | ७३ | १२५ | २ | ९ | ११ | १ | ३ | ४ | ५५ | ८५ | १४० | १६४१ | २५० | १८९१ |
| ६ | वीरेन्द्रनगर- ११ | १२ | १७ | २९ | ० | १ | १ | ० | ० | ० | १२ | १८ | ३० | २२५ | ३८ | २६३ |
| ७ | वीरेन्द्रनगर -१२ | २ | २ | ४ | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ | ५६ | ४ | ६० |
| | जम्मा | १८२ | २३६ | ४१८ | २० | ३० | ५० | ८ | ९ | १७ | २१० | २७२ | ४८५ | ५३०४ | ८०७ | ६१११ |

**तालिका नं.११**

**क) उच्च शिक्षामा (स्नातक) गरेका थारू व्यक्तिहरू :**

| क.स. | नाम | शैक्षिक योग्यता | ठेगाना | शैक्षिक संस्था |
|---|---|---|---|---|
| १ | याम बहादुर चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ कोलडाँडा | त्रि.वि. |
| २ | गोपाल चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ लौवस्ता | त्रि.वि. |
| ३ | सुक्मा चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ ठौरी | त्रि.वि. |
| ४ | शान्ति चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ जयपुर | त्रि.वि. |
| ५ | जागुराम चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ गुप्तीपुर | त्रि.वि. |
| ६ | सुनिता चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ लौवस्ता | ए.यु. |
| ७ | अस्मिता चौधरी | स्नातक उत्तीर्ण | वीनपा-३ मसुरीखेत | त्रि.वि. |
| ८ | दिनेश चौधरी | स्नातक उत्तीर्ण | वीनपा-३ पटेनी | त्रि.वि. |
| ९. | प्रतिमा चौधरी | स्नातक उत्तीर्ण | वीनपा-३ पटेनी | त्रि.वि. |
| १० | गणेश चौधरी | स्नातक उत्तीर्ण | वीनपा-३ इटौरा | त्रि.वि. |
| ११ | हर्क बहादुर चौधरी | स्नातक उत्तीर्ण | वीनपा-३ इटौरा | त्रि.वि. |
| १२ | मान कुमारी चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९ कालिमाटी | त्रि.वि. |
| १३ | मनोज चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९ कालिमाटी | त्रि.वि. |
| १४ | अन्जु चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९कालिमाटी | त्रि.वि. |
| १५ | सपना चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| १६ | शैलेस चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| १७ | राजु चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| १८ | मोतिलाल चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| १९ | शान्ति थारू | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| २० | रेशम चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| २१ | संगिता चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९तिलपुर | त्रि.वि. |
| २२ | रामकृष्ण चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २३ | भागिरथ चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २४ | भगिराम चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २५ | विष्णु चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २६ | सितली चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २७ | सन्तोषी चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २८ | याम बहादुर चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| २९ | लक्ष्मी चौधरी | स्नातक उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| ३० | परेम चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ फलाटे | त्रि.वि. |
| ३१ | अञ्जु चौधरी | स्नातक उत्तीर्ण | वीनपा-१० रहरपुर | त्रि.वि. |

| | | | | |
|---|---|---|---|---|
| ३२ | शोभा चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ कोलाडाडा | त्रि.वि. |
| ३३ | अनिल चौधरी | स्नातक उत्तीर्ण | वीनपा-२ कोलडाडा | त्रि.वि. |
| ३४ | हेमन्त चौधरी | स्नातक उत्तीर्ण | विनपा-८ खजुरा | त्रि.वि. |
| ३५ | मान बहादुर चौधरी | स्नातक उत्तीर्ण | विनपा-८ नौलापुर | त्रि.वि. |
| ३६ | सीता चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ३७ | रमा चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ३८ | पवित्रा चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ३९ | मंगली चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ४० | अमृता चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ४१ | बाल कुमारी चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ४२ | इन्द्रा चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ४३ | डिल कुमारी चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पदमपुर | त्रि.वि. |
| ४४ | हिक्मत चौधरी | स्नातक उत्तीर्ण | विनपा -१० पिप्रह्वा | त्रि.वि. |
| ४५ | कृष्णा चौधरी | स्नातक उत्तीर्ण | विनपा-११ ढोलढुङ्गा | त्रि.वि. |
| ४६ | घनश्याम चौधरी | स्नातक उत्तीर्ण | विनपा-१० मनिकापुर | त्रि.वि. |
| ४७ | सीता चौधरी | स्नातक उत्तीर्ण | विनपा-४ कुमाइ चौक (कोलडाडा) | त्रि.वि. |
| ४८ | पुनम चौधरी | स्नातक उत्तीर्ण | विनपा-२, लौवस्ता | ए.यु. |
| ४९ | सुनिता चौधरी | स्नातक उत्तीर्ण | विनपा-८ नौलापुर | त्रि.वि. |
| ५० | अनिता चौधरी | स्नातक उत्तीर्ण | विनपा-८ नौलापुर | त्रि.वि. |
| ५१ | नरेश चौधरी | स्नातक उत्तीर्ण | विनपा-१० लौव घुस्रा | त्रि.वि. |
| ५२ | प्रमोद चौधरी | स्नातक उत्तीर्ण | विनपा-३, मसुरीखेत | त्रि.वि. |
| ५४ | बिना चौधरी | स्नातक उत्तीर्ण | विनपा-३, मसुरीखेत | त्रि.वि. |
| ५५ | दिपा चौधरी | स्नातक उत्तीर्ण | विनपा-३, पटेनी | त्रि.वि. |
| ५६ | फुल कुमारी चौधरी | स्नातक उत्तीर्ण | विनपा-२, ठौरी | त्रि.वि. |
| ५७ | उमा चौधरी | स्नातक उत्तीर्ण | विनपा-२, भानपुर | ए.यु. |

**ख) उच्च शिक्षामा (स्नातकोत्तर) गरेका थारू व्यक्तिहरू :**

| क्र.स. | नाम | शैक्षिक योग्यता | ठेगाना | शैक्षिक संस्था |
|---|---|---|---|---|
| १ | मान बहादुर चौधरी पन्ना | स्नातकोत्तर उत्तीर्ण | वीनपा-२ लौवस्ता | त्रि.वि. |
| २ | सविता चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-२ खोलीगाउँ | त्रि.वि. |
| ३ | जागुराम चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-२ खोलीगाउँ | त्रि.वि. |
| ४ | हेमन्त चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-२ जयपुर | गोरखपुर युनिभर्सिटी दार्जिलिङ्ग |
| ५ | चन्द्र बहादुर चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-२ फलाटे | त्रि.वि. |
| ६ | बिमलकान्त चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-३ तातापानी | त्रि.वि. |

| | | | | |
|---|---|---|---|---|
| ७ | शान्ति चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-९ तिलपुर | त्रि.वि. |
| ८ | राम बहादुर चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-९ पातलगंगा | त्रि.वि. |
| ९ | संगिता चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-९ पातलगंगा | त्रि.वि. |
| १० | टम बहादुर चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| ११ | मिना चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-९पातलगंगा | त्रि.वि. |
| १२ | मान कुमारी चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-१० रहरपुर | त्रि.वि. |
| १३ | पवित्रा चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-१० नयाँगाउ | त्रि.वि. |
| १४ | प्रेमप्रकाश चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-१० बुदबुदी | त्रि.वि. |
| १५ | राज कुमारी चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा-१० नयाँगाउँ | त्रि.वि. |
| १६ | बाल कुमारी चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा- २ कोलडाँडा | त्रि.वि. |
| १७ | आइती चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा- २ बेउराघारी | त्रि.वि. |
| १८ | राजु चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा- २ ठौरी | त्रि.वि. |
| १९ | लक्ष्मी चौधरी | स्नातकोत्तर उत्तीर्ण | वीनपा- २ ठौरी | त्रि.वि. |

**तालिका नं. १२**

**पेशागत विवरण :**

| क्र.स. | वडा नं. | घरघुरी | कृषि | नोकरी | व्यापार | मजदुरी | वैदेशिक रोजगार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं.२ | ३८४ | २३२ | १०७ | १२ | ३२ | १ | |
| २ | वडा नं.३ | १२४ | ६३ | ३० | १८ | ९ | १ | ३ जना चालक |
| ३ | वडा नं.८ | २१ | ६ | ९ | ६ | | | |
| ४ | वडा नं.९ | ३२७ | २३० | ६९ | १२ | ४ | ५ | ५ चालक, २ सिकर्मी |
| ५ | वडा नं.१० | ४१२ | २७५ | ७९ | २६ | २४ | ८ | |
| ६ | वडा नं.११ | ६१ | ३३ | १२ | ५ | १ | | ९ चालक १ पलम्बर |
| ७ | वडानं १२ | १५ | १० | ३ | | २ | | |
| | जम्मा | १३४४ | ८४९ | ३०९ | ७९ | ७२ | १५ | २० |

**तालिका नं १३**

**सरकारी शिक्षक तथा निजामति कर्मचारी विवरण २०७८:**

| क्र.स. | नम | ठेगाना | कार्यालय | समूह | पद |
|---|---|---|---|---|---|
| १ | जागुराम चौधरी | वीनपा-२ खोलीगाउँ | लेखा परीक्षण नियन्त्रण कार्या( लय अनाम नगर काठमाडौं | लेखा | उपसचिव |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | अञ्जु चौधरी | वीनपा-१० रहरपुर | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश | प्रशासन | शाखा अधिकृत (र ाजपत्राङ्कित तृतीय, सातौं तह) |
| ३. | मान बहादुर चौ धरी | वीनपा-२ लौवस्ता | श्री कृष्ण संस्कृत तथा साधारण मावि इत्राम सुर्खेत | शिक्षा | मावि (तृतीय) |
| ४. | चन्द्र बहादुर चौ धरी | वीनपा-२ फलाटे | भू-जलाधार व्यवस्थ( ापन कार्यालय सुर्खेत | लेखा | लेखा अधिकृत (छैठौं) |
| ५ | आइती चौधरी | वीनपा-२ बिउराघारी | गुर्भाकोट नगर पालिका कार्यालय सुर्खेत | घरेलु | शाखा अधिकृत (छैठौं) |
| ६ | गोपीराम चौधरी | वीनपा-१० रहरपुर | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सुर्खेत | वन | राप. अनंकित(पाँचौ) रे न्जर |
| ७ | विष्णु चौधरी | वीनपा-१० पदमपुर | मुख्यमन्त्रीको कार्या( लय कर्णाली प्रदेश सुर्खेत | प्रशासन | राप. अनंकित(पाँचौ) |
| ८ | राम बहादुर चौ धरी | वीनपा-९ पातलगंगा | जिल्ला प्रशासन कार्यालय, सुर्खेत | प्रशासन | राप. अनंकित(पाँचौ) |
| ९ | दुर्गा बहादुर चौ धरी | वीनपा-१० रहरपुर | भुकम्प मापन कार्या( लय सुर्खेत | लेखा | राप. अनंकित ( द्धित( ीय)सह लेखापाल |
| १० | मान बहादुर चौ धरी | वीनपा-८ नौलापुर | कानुन मन्त्रालय कर्णाली प्रदेश | लेखा | राप. अनंकित(पाँचौ)सह लेखापाल |
| ११ | हर्क बहादुर चौ धरी | वीनपा-३ इटौरा | उच्च अदालत वीरे न्द्रनगर सुर्खेत | न्याय | राप. अनंकित(द्धित( यि)खरिदार |
| १२ | शुशिला चौधरी | वीनपा-८ नौलापुर | मालपोत कार्यालय भक्तपुर | प्रशासन | राप. अनंकित(दित( ीय)खरिदार |
| १३ | हरिकला चौधरी | वीनपा-२ कोलडाडा | लेकवेसी नगर पालिकाको कार्यालय सुर्खेत | पशु | राप. अनंकित(पाँचौ) प्रा.स. |
| १४ | दुर्ग बहादुर चौ धरी | वीनपा-२ फलाटे | भेरीगंगा नगर पालिकाको पशु शाखा छिन्छु, सुखे र्त । | कृषि/जे टिए | राप. अनंकित(चौ थौ)ना.प्रा.स. |
| १५ | क्रिमलाल चौधरी | वीनपा-९ तिलपुर | जिल्ला प्रशासन कार्यालय जाजरकोट | लेखा | राप. अंनकित प्रथम ले खापाल |
| १६ | अञ्जु चौधरी | वीनपा-९ कालिमाटी | राष्ट्रिय वाणिज्य बैंक डोल्पा | वाणिज्य | राप. अनंकित(चौथौ) |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | घनश्याम चौधरी | वीनपा-१० मनिकापुर | हुलाक कार्यालय सुर्खेत | हुलाक | राप. अंनकित (प्रथम) नायब सुब्बा |
| १८ | बिवेक चौधरी | वीनपा-१० रहरपुर | चौकुने गाउ(ँपलिकाको कार्यालय | घरेलु | राप.अनंकित (चौथौ) |
| १९ | चन्द्र बहादुर चौ धरी | वीनपा-१० पदमपुर | उच्च अदालत ने पालगञ्ज बाँके | न्याय | राप.अनंकित ( द्धितीय ) |
| २० | भुवन चौधरी | वीनपा-२ फलाटे | जिल्ला भेटनरी कार्यालय सुर्खेत | पशु | राप.अनंकित (चौथौ) ना.प्र.स. |
| २१ | बाल कुमारी चौ धरी | वीनपा -२ फलाटे | मेहलकुना स्वास्थ्य चौकी | नर्सिङ | सि.अनमि.निरीक्षक (छैठौ तह) |
| २२ | विना चौधरी | वीनपा-३ मसुरीखेत | जिल्ला अस्पताल दै लेख | नर्सिङ | स्टाफ नर्स (छैठौ तह) |
| २३ | गोपाल चौधरी | वीनपा-२ लौवस्ता | नागरिक लगानी को ष नयाँ बानेश्वर काठमाडौं सुर्खेत | लेखा | राप.अनंकित (चौथौ) |
| २४ | लक्ष्मी चौधरी | वीनपा-२ लौवस्ता | श्री सूर्यज्योति प्रा.ि व.सिम्ता ९ टमेटा सुर्खेत | शिक्षा | प्रा.वि. तृतीय |
| २५ | दान बहादुर चौ धरी | वीनपा-११ ढोलढुङ्गा | जिल्ला अदालत बाँके | न्याय | डिठ्ठा (खरिदार) |

**६.भाषिक तथा धार्मिक अवस्था :**

**क) भाषिक अवस्था :**

भाषा विचार विनिमयको माध्यम हो । भाषा हरेक जाति, समुदाय र राष्ट्रको चिनारी हो । राष्ट्रिय जनगणना २०६८ अनुसार १७ लाख ३७ हजार ४ सय ७० अर्थात ६.५८ प्रतिशत थारूको जनसंख्या रहेको छ । धेरै सङ्ख्यामा बोलिने भाषामध्ये थारू भाषा चौथो स्थानमा पर्दछ। सुर्खेतमा २०६८ अनुसार ६८९० जनसङ्ख्यामध्ये ६२७४ अर्थात जिल्लामा १.७९ प्रतिशत बोल्ने वक्ता छन् । सुर्खेती थारूहरूको लवजमा दाङको थारूहरूको लवज पाइन्छ। मुलतः सुर्खेतका थारूहरू दाङबाट छारा भई आएका कारण दङ्गौरा लवज हुनु स्वभाविक हो । भाषा वैज्ञानिक सिद्धान्त अनुसार भाषा प्रत्येक ८ कोशम फरक पर्दै जान्छ । हाल कर्णाली प्रदेशको मुख्य राजधानी वीरेन्द्रनगरमा बस्ने थारूहरूको भाषामा अरू गैर नेपाली भाषाबाट प्रभावित देखिन्छ ।

**डंगौरा थारू भाषाका रूपमा सुर्खेती थारू भाषा**

कुनै पनि भाषा सर्वत्र एकनासले बोलिदैन । समान राजनैतिक र साँस्कृतिक स्थितिमा भौगोलिकताका आधार मा कुनै भाषामा देखिने स्थानीय भेदलाई भाषिका भनिन्छ। जसमा कुनै प्रशिक्षण बिना परस्पर सापेक्षित बोधगम्यता हुन्छ (न्यौपाने, २०५१:३१) कुनैपनि भाषा स्थानीय उपभेदमा विभाजन हुनका लागि भौगोलिक बिस्तार एवम् प्रर्याप्त समय र जनसङ्ख्या हुनु आवश्यक छ । साधारण बोलचालमा भाषा र भाषिका दुबैलाई भाषा भनिए पनि भाषाले जति व्यापक अर्थ बुझाउँछ भाषिकाले बुझाउँदैन । कुनै पनि भाषाका भाषिकाहरूमध्ये विविध कारणहरूले गर्दा एउटा भाषिका भाषा बन्न पुग्दछ भने अरू भाषिकाकै रूपमा सीमित भएर बस्नुपर्ने हुन्छ। थारू भाषाका पनि विविध भेद-उपभेदहरू देखिन्छन् । यसको मूलकारण भौगोलिक दूरी, सम्पर्कको कमी नै हो । नेपाली भाषामा विभिन्न भेद

देखिए झैं थारू भाषामा पनि पूर्विया थारू भाषिका, मध्य तराई थारू भाषिका, चितवनिया थारू भाषिका, पश्चिमा थारू भाषिका र राना थारू भाषिका आदि भेद देखा परेको पाइन्छ ।

**मूलतः** भाषाको क्षेत्रीय र सामाजिक भेद नै भाषिका छुट्टिने कारण हुन् । भाषिका व्यक्ति भाषाभन्दा ठूलो र भाषाभन्दा सानो हुन्छ । भाषिकाको उपभेदलाई उपभाषिका र प्रत्येक व्यक्तिले बोल्ने बोलीलाई व्यक्ति भाषिका भनिन्छ भने भाषिकाको सिङ्गो रूपलाई भाषा भनिन्छ । सुर्खेतका थारू जातिले बोल्ने थारू भाषा, थारू भाषाकै पश्चिममा थारू भाषिका अन्तर्गतको दङ्गाहा लवज हो । सुर्खेतमा प्रायजसो थारूहरू दाङबाट (छारा भएर) छाडेर सुर्खेत आएकाले यहाँका थारूहरूले दङ्गाहा थारू भाषा बोल्दछन् ।

थारू भाषाको लिपि छैन । थारू भाषा बोलीचाली भाषाकै रूपमा सीमित रहेकोले व्यक्ति पिच्छे भाषा फरक देखिनु भाषाको विशेषता हो । राजनैतिक, सांस्कृतिक र शास्त्रीय श्रोतका आधारमा सुर्खेतमा बोलिने थारू भाषा एक दङ्गाहा थारू भाषाको रूपमा राष्ट्रकै सीमाभित्र पर्दछ ।

**ख) धार्मिक अवस्था :**

थारू जातिको मूल धर्म के हो ? भन्ने विषयमा विविध विचार पाइन्छ । जनगणनामा धर्मको हिसाबले प्राय हिन्दु लेखाउने परम्परा विगतदेखि आजसम्म भइरहेको छ । बाहुन क्षेत्री जातिले मन्दिर भने झै थारूहरूको  पूजापाठ गर्ने डिउह्वार कोठा रहेको हुन्छ । जहाँ भगवान शिव, विष्णु, राम, कृष्ण, दुर्गा, सरस्वती आदि कसैको मूर्ति स्वरुप हुँदैन । माटाको थान (पाटा) मा निराकार मैया, सौरा, खेख्री, लागुवासु, घोडा, डमरु, छालाको मूर्ति (गुर्बाबा) आदि विभिन्न पुरातन परम्परामा रही आएको छ । पूजापाठमा जल,डारु, दुध,माछा, पवैको  साग, मासको गेडा, बाबरीको फूल, आदि चढाइन्छ । विशेष गरेर सुङ्गुरको पाठो, भाले, बोका, परेवा आदिको बली दिने चलन छ । गाउँको साझा मन्दिर (ठन्वा) मा भुइह्यार जगनथ्या, पाँच पण्डाव, सायर, सोनपाल भवानी, मरी भवानी, देउती बज्यै, साधु सन्देश (जोगी) आदि देउताको पूजापाठ गरिन्छ ।

अन्य जातजातिका पूजा विधिभन्दा विल्कुल फरक तौरतरिकाबाट थारू संस्कार चलिआएको छ । हरेक पूजापाठ गुरूवा केसौकाबाट गराउने गरिन्छ । अष्टिम्की पर्वमा कृष्ण भगवानके साथ साथ पाँच पण्डाव, कौरव, कुकुर, भाले, वनजङ्गल, सूर्य, चन्द्र, हात्ती, माछा, बाघ, सर्प, बाँदर आदि विभिन्न प्रकृतिको पुजापाठ गर्छन् । त्यसैले थारूहरूको धार्मिक कुरा प्रकृतिसँग निकै नै निकट रहेको पाइन्छ । यसरी आफ्नो धर्मका बारेमा अन्यौल देखिन्छ । हाल नेपालको संविधानमा धर्म निरपेक्षता मुलुकको रूपमा मान्यता दिएको कारण धार्मिक स्वतन्त्रतामा जोड दिएको छ । थारू समुदायलाई  विद्वान रमानन्द सिंहको बुद्ध धर्मको निकट रहेको तर्क छ । त्यसैगरी तेज नारायण पंजियारले लिच्छवीकालमा थारू जातिको धर्म संस्कारमा कुनै दबाब थिएन । त्यसबेलामा थारूहरूको छुट्टै धर्म, संस्कृति, संस्कार प्रचलितमा थियो भन्ने धारणा पाइन्छ । हाल धार्मिक स्वतन्त्रताको कारण सुर्खेतमा केही सङ्ख्यामा क्रिश्चियन धर्ममा प्रवेश गरेको पाइन्छ । धेरै थारूहरू हिन्दु धर्म लेखाएको पाइन्छ ।

सुर्खेतमा थारूहरूको भाषिक तथा धार्मिक अवस्थाको विवरण तालिकाम प्रस्तुत गरिएको छ :

**तालिका नं. १४**

**भाषिक तथा धार्मिक  विवरण** :

| क.स. | वडा नं. | भषा | | | धर्म | | | गाउँ |
|---|---|---|---|---|---|---|---|---|
| | | मातृभाषा ( थारू) | नेपाली | जम्मा | हिन्दु | अन्य | जम्मा | |
| १ | वडा नं. २ | १७१७ ३ | ५ | १७५२ १ | ७१० | ४२ १ | ७५२ | ११ वटा थारू गाउँ |
| २ | वडा नं. ३ | ५१८ | ६६ ५ | ८४ ५ | ७३ १ | १ | ५८४ | ४ वटा थारू गाउँ |
| ३ | वडा नं. ८ | ९१ १ | २ | १०३ | ९८ ५ | १ | ०३ १ | वटा थारू गाउँ |
| ४ | वडा नं. ९ | १४५३ ५ | १ | ४५८ | १४०७ ५ | १ | १४५८ ८ | वटा थारू गाउँ |
| ५ | वडा नं. १० १ | ८८४ | ७ | १८९१ १ | ८६१ | ३० १ | ८९१ | १० वटा थारू गाउँ |
| ६ | वडा नं. ११ २ | ४९ १ | ४ | २६३ | २६१ | २ | २६३ | ४ वटा थारू गाउँ |
| ७ | वडा नं १२ | ५६ ४ | ६ | ० | ६० | | ६० १ | (पदमपुर) |
| | जम्मा ५ | ९६८ | १४३ | ६१११ ५ | ९७० | १४१ | ६१११ | ३८ |

अन्य पालिकामा जम्मा २१५ गरी कुल जम्मा= ६३२६

**७. निष्कर्ष तथा उपसंहार :** जनगणनाले राज्यको स्रोत साधनको उपयोग कसरी गर्ने ? भूगोल जनसङ्ख्याके आधार मा राज्यको बजेट, स्रोत साधनको बाँडफाँड गरिने भएकाले तथ्याङ्कको ठुलो महत्व रहन्छ । स्थानीय तह, प्रदेश तह एवम् केन्द्रबाट पाइने राज्यको सेवा सुविधा तथा विकासको मार्गचित्र कोर्ने कामसमेत तथ्याङ्क बलियो आधार को रुपमा काम गर्ने गर्दछ । सोहीअनुसार स्रोतको उपयोग र कार्यान्वयन गर्ने विषयमा तथ्याङ्कको महत्व हुने भएकोले नेपालमा वि.स. १९६८ देखि प्रत्येक १०/ १० वर्षमा राष्ट्रिय जनगणना हुँदै आएको छ । सुर्खेतको थारु जातिको जनसङ्ख्या वि.स. २०६८ को जनगणनाअनुसार ६८९० रहेको छ । लखागिन थारु उत्थान मञ्च, सुर्खेतले १० वर्ष पछि २०७८ मा आफ्नो समुदायको पुन सर्वेक्षण गर्दा ६३२६ जनसङ्ख्या हुनुले जनसङ्ख्या वृद्धि दर ऋणात्मक मान्न सकिन्छ ।

सुर्खेतको थारु जातिको जनसङ्ख्या वि.स. २०६८ को जनगणनाअनुसार ६८९० रहेको छ । लखागिन थारु उत्थान मञ्च, सुर्खेतले १० वर्ष पछि २०७८ मा आफ्नो समुदायको पुन सर्वेक्षण गर्दा ६३२६ जनसङ्ख्या हुनुले जनसङ्खया वृद्धि दर ऋणात्मक मान्न सकिन्छ । तथ्याङ्क विभागले सार्वजनिक गरेको सुर्खेत जिल्लाको हाल २०७८ को जनगणना अनुसार ४,३१,३३२ जनसङ्ख्या रहेको छ ।

**सन्दर्भ सामग्रीहरुः**


- केन्द्रीय तथ्याङ्क विभाग प्रारम्भिक राष्ट्रिय जनगणना रिपोर्ट २०७८ काठमाडौं ।
- चौधरी , महेश (२०६४) नेपालको तराई तथा यसका भूमिपुत्रहरु, दाङः शान्ति चौधरी ।
- चौधरी , लेखनाथ (२०५५) थारु तथ्याङ्क दाङः सरिता स्वेच्छा प्रकाशन ।
- चौधरी मान बहादुर पन्ना, महतम सनिसरा लखागिन थारु जर्नल (२०७८),थारू तथ्याङ्क सुर्खेत लखगिन थारू उत्थान मञ्च, सुर्खेत ।
- दहित, गोपाल (२०७७) थारू संस्कृतिको परिचय, युनिक नेपाल बर्दिया दोस्रो संस्क. ।
- लेखी खिलानाथ (२०६२) “थारु जातिको वंश र थर” थारु संस्कृति अङ्क १९/२० पृ. ।
- चौधरी, मानबहादुर पन्ना (२०७०) “थारुहरुको विभिन्न थर, उपथर” थारु पत्रकार संघ, फूलरिया अङ्क

पृ.४०/४१ ।

- सर्वहारी, कृष्णराज (२०७७), “थारु ठर उपठरमे मिठक” लावा डग्गर अङ्क ३ पृ.५-९ ।
- चौधरी, मानबहादुर पन्ना (२०६६) सुर्खेती थारू भाषाको शब्दभण्डारको अध्ययन शोधपत्र, त्रिवि सुर्खेत क्याम्पस (शिक्षा) ।
- चौधरी, मान बहादुर पन्ना (२०७९) हाम्रो थारु समाज र संस्कृति, सुर्खेत लखागिन थारु उत्थान मञ्च, सुर्खेत ।
- चौधरी , मान बहादुर पन्ना (२०६२) डौना बेबरी सुर्खेतमा थारू जातिको आगमन र उत्पन्न विवाद पृ.२६ ।
- सर्वहारी, .कृष्णराज (२०७३) थारू साहित्यको इतिहास,नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौं ।
- थारु, फनिश्याम (२०६९) थारु लोक संस्कृति र चाडवाड , नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि काठमाडौं ।
- सरकारी कामकाजको भाषा निर्धारण विषयक प्रारम्भिक प्राविधिक प्रतिवेदन (२०७८), भाषा आयोग शङ्खमूल काठमाडौं ।

# थारु समुदायबारे संवैधानिक र कानुनी व्यवस्थाः एक विश्लेषणात्मक टिप्पणी

-ऋतिक यादव

**सारांश**

थारुहरुको हक र हितको पक्षमा संवैधानिक र कानुनी आधार हुँदाहुँदै पनि यो समुदाय अन्याय, विभेद र वाहिष्करणमा पर्ने क्रम रोकिएको छैन । प्रस्तुत लेख हाम्रा देशको धर्तीपुत्र थारुसँग सम्बन्धित राज्यको संविधान लगायतका कानुनको अवस्था र त्यसको समीक्षात्मक अध्ययनमा केन्द्रित रहेको छ। र, थारुसम्बन्धी मौजुदा कानुन अपूर्ण तथा अधुरो रहेकोले तत्सम्बन्धमा पंक्तिकारको केही सुझावमूलक आग्रह र सिफारिसहरुसमेत पेश गरिएको छ।

**-ऋतिक यादव**

थारू जाति नेपालको मेचीदेखि महाकालीसम्म मध्य-पश्चिम भूभागमा रहेको सुर्खेत उपत्यका, भित्री तराई भनिने दाङ उपत्यका, देउखुरी उपत्यका, चितवन उपत्यका, माडी उपत्यका, मरिनखोला उपत्यका तथा कमला उपत्यकाका साथै नेपालको समग्र तराई र उत्तर भारतको इतिहास बोकेको एक आदिवासी जाति हो । श्रमजीवी, परिश्रमी, मेहनती, कामलाई नै पूजा ठान्ने यो जाती वास्तविक अर्थमा धर्तीपुत्र नै हो ।

समाजशास्त्री डोरबहादुर विष्टकाअनुसार थारूहरू विशेषतः दक्षिणको थार मरुभूमिबाट आएको हुनाले थारू नाम र हन गएको हो । तर, बाबुराम आचार्यले थारुलाई मंगोलियन मानेका छन् । थारु कहिलेदेखि बस्दै आएका हुन् यकिन गर्न सकिन्न।केही लेखहरुमा जनाइएअनुसार थारु तराईमा रामापिथेकसकोपालादेखि नै बसेका हुन् । तर, त्यसलाई पुष्टि गर्ने आधारहरु भेटिएका छैनन् । रामापिथेकस नभए पनि थारुहरु आफूहरु तराईमा गौतम बुद्ध भन्दा अगाडिदेखि बसेको दाबी गर्छन् । थारूहरूको स्थान विशेष अलग नाम, थर, भाषा र सभ्यता छन् । थारू नामका आधारमा एउटै जाति भए पनि भाषिक र सांस्कृतिक दृष्टिकोणले एकआपसमा भिन्नता रहेको पाइन्छ ।

हुन त, लेखिका जिसाल क्राउस्कोप्फले “द किङ्ग्स अफ नेपाल एन्ड द थारु अफ द तराई” पुस्तकमा थारु ‘जंगली फिरन्ते जाती’ भएको लेखेकी छिन् । त्यस्तै पर्यटन प्रचार पुस्तिकाहरूमा थारु समाजलाई अक्सर ‘सभ्यताले नछोएको’ , ‘ असामायिक’, ‘एकांतवासमा रहेको’, ‘अर्कै समयमा बाँच्ने’ वा ‘विकास र सभ्यताले भुलेको’ भनी वर्णन गर्ने गरिएको पाइन्छ । तर, यसमा कुनै सत्यता नरहेको अध्येता टम रबर्टसनको जिकिर छ । रबर्टसनकै जिकिरले सर्वाधिक स्वीकार्यता प्राप्त गरेको छ ।

लेखिका नीरा भगत थारुले थारुमा विभेद भन्ने कुरा नहुने लेख्नुभएको छ । उहा लेख्नुहुन्छ :- ‘थारु समुदायमा लैङ्गिक विभेद पनि अपवादमा मात्र सीमित छ, त्यो पनि अरू जातको संगतमा । थारुमा माथिल्लो जात, तल्लो जात भनेर छूत/अछूत हुँदैन ।थारुको यो सिद्धान्त नै विभिन्न वाद र पार्टीका नाराभन्दा उत्कृष्ट र जीवन उपयोगी छ । थारु समुदाय वर्गविहीनतामा विश्वास राख्छ । ‘यस्ता अन्य पनि थुप्रै प्रगतिवादी पहिचानले थारु समुदाय ओतप्रोत छ, जसले थारु समुदायको अन्यभन्दा विशेष र फरक चिनारी रहेको प्रष्ट हुन्छ ।

मलेरिया रोग लगायतका विभिन्न महामारी र हिंस्रक जंगली जनावरसँग सामना गर्दै तराईलाई खेतीपाती र मानव बसोबास योग्य बनाउन थारु समुदायको मुख्य भूमिका रहेको इतिहास साक्षी छ । सीमामा बस्ने यी समुदायले विगतदेखि नै प्रकृतिसँग नजिक रहेकाले तराई क्षेत्रको चारकोसे झाडी लगायत वन तथा वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुर्याउँदै आएका छन् । हात्ती संरक्षण र परिचालनमा महत्वपूर्ण भूमिका खेलेको कुरा अहिले पनि अधिकांश माहुतेहरु थारु समुदायका व्यक्ति भएकोबाट पुष्टि हुन्छ । यस्तै समग्र पर्यटन क्षेत्रको प्रवर्द्धनमासमेत

थारु समुदायको  महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

२००८ सालमा बर्दियाको बेलवामा  भएको खलिहान घेराउ आन्दोलन, राधाकृष्ण थारुको अगुवाईमा भएको किसान आन्दोलन, बर्दियाको कमैया सुकुम्वासीहरुको कन्दरा आन्दोलन, २०१६ सालमा दाङ्गमा गुम्रा थारुको नेतृत्वमा भएको बेलवा बंजारी किसान आन्दोलन, बैजनाथ थारुको नेतृत्वमा भएको बाँकेको किसान आन्दोलन, २०२८ सालमा गोचाली परिवारले चलाएको प्रतिरोध साहित्य आन्दोलन, माओवादी विद्रोह, टिकापुर विद्रोह, दुबै  जनआन्दोलनहरु सबैमा थारुको विशेष र निर्णायक  भूमिका देखिन्छ । तर वर्तमान अवस्थामा थारू जातिहरूको आर्थिक तथा सामाजिक स्तर जुन रूपमा हुनुपर्ने हो, त्यस्तो छैन। अधिकांश थारूहरू अरुको थिचोमिचो र शोषणमा परेको पाइन्छ । पश्चिम नेपालमा व्याप्त कमैया प्रथाबाट सबभन्दा बढी थारूहरू नै पीडित थिए र छन् पनि । २०५७ साउन २ मा मुक्त गरिए पनि उनीहरूको अवस्थामा सुधार आएको छैन ।

**संविधानमा थारु समुदाय**

२०७२ असोज ३ गते पारित नेपालको संविधानको प्रस्तावनामा थारु समुदायबारे  बोलिएको छैन । यसले प्रथम दृष्टिमै राष्ट्र निर्माणमा थारु समुदायको अमूल्य योगदान, त्याग र समर्पणलाई संविधाननिर्माताले  अवमूल्यन गरेको अनुभूत हुन्छ । त्यस्तै संविधानको   भाग ३ अन्तर्गतको  मौलिक अधिकारमा समेत थारुको अधिकार भनेर उल्लेख गरिएको  छैन । जसरी दलितको अधिकारलाई संविधानको धारा ४५ मा मौलिक हकको रुपमा व्यवस्था गरिएको छ, त्यसरी थारुको हकलाई मौलिक हकमा समावेश गरिएको छैन । मौलिक हकमा सूचीकृत नभएकै कारण थारुको हक हनन भएको खण्डमा सर्वोच्च अदालत र उच्च अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत रिट निवेदन दायर गर्ने संवैधनिक उपचारको हक प्राप्त हुँदैन । मौलिक हकमा दलितको हक राख्नु तर थारुको हक समाविष्ट नहुनु पछाडिको बलियो  विधिशास्त्रीय आधार र कारण देखिदैन् ।

राज्यले क्रमिक रुपमा लागु गर्दै जाने भनीएको  भाग ४ अन्तर्गतको राज्यको निर्देशक, सिद्धान्त, नीती तथा दायित्वभित्र राखिएका केही सन्दर्भहरुले भने थारु समुदायसँग सरोकार राख्न खोजेको भन्न सकिन्छ । आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने र मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने लगायतका राज्यका नितीहरु थारु जातीको उन्नयनप्रति केन्द्रित रहेको भन्न सकिन्छ । तर,मौलिक अधिकारजस्तो राज्यको नीति लागु भए वा नभएको सवाल अदालतमा उठाउन नपाइने संवैधानिक व्यवस्था हुनुले थारुको हक मौलिक हकमा किन र ाखिएन, राज्यको नीतिमा मात्र किन राखियो  भने  शंका पैदा हुनु अन्यथा होइन । यसको जवाफ संविधाननिर्माताले दिन सक्नुपर्छ ।

संविधानले कोरेको सात प्रदेशको सीमांकन पनि थारु समुदायमैत्री छैन । थारुको स्वतन्त्र सांस्कृतिक पहिचानलाई संस्थागत हुन नदीन दमन, कर्फ्यू र निषेधाज्ञाको रणनीति प्रयोग गरेर राज्यले अपूर्ण संविधान निर्माण गरेको छ । थारुलाई  अरु  जातिको बाहुल्यता रहेका पहाडका जिल्लाहरुमा लगेर मिसाइएको छ, यसबाट उनीहरुको स्वतन्त्र पहिचानउपर आक्रमण भएको छ । निर्वाचन क्षेत्रको निर्धारण तथा सीमांकन गर्दासमेत थारुलाई 'बाइपास' गरेको देखिन्छ।अहिलेको संरचनाले थारु समुदायबाट मुख्यमन्त्री वा अन्य कार्यकारी पद बन्न असम्भव भएछ । संविधानले थारुको बसोबासको भूगोल, अहिलेको जनसंख्या, तिनको भाषा, संस्कृति अस्तित्व अझ संकट पर्ने जस्तो गरी सीमांकनको धर्सो कोरेको छ।यस अर्थमा संविधानले थारुको विद्रोह र संघर्षलाई संविधानले अवमूल्यन गरेको प्रथम दृष्टिमै देखिन्छ ।

**थारु आयोगसँग विभेद**

थारुको सन्दर्भमा संविधानले गरेको अर्को महत्वपूर्ण व्यवस्था हो-थारु आयोग। संविधानको धारा २६३ मा नेपालमा एक थारू आयोग रहने, जसमा अध्यक्ष र अन्य ४ जनासम्म सदस्य रहनेछन् भने व्यवस्था गरिएको छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा थारू आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने भन्नुको साथै थारू आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र त्यस्तो आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने संविधानमा व्यवस्था छ । अन्य प्रमुख आयोगहरुजस्तै आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था संविधानमै किन समावेश गरिएन भने प्रश्न पनि अनुत्तरित छ । थारु आयोगलाई राष्ट्रिय आयोगको दर्जा पनि दिइएको छैन । यसले थारु आयोगजस्ता आन्दोलनका भरमा स्थापित पहिचानवादी आयोगहरुसँग संविधाननिर्माताबाट असम्मान व्यवहार गरिएको की हो भने आशंका उत्पन्न हुनु स्वाभाविकै हो । संविधानको धारा २६५ ले गठन भएका आयोगहरुको संघीय संसदले संविधान प्रारम्भ भएको मितिले दश वर्षपछि पुनरावलोकन गर्ने व्यवस्था गरेको छ । अर्थात् आयोग गठनको संवैधानिक व्यवस्थालाई संविधानको व्यवस्थाअनुरुप नै विघटन गर्न सक्ने प्रावधान पनि सँगसँगै राखिएको छ । यसले आयोगमार्फत् सम्बन्धित समुदायको हकअधिकार को संरक्षण, सशक्तिकरणको मुद्दा पनि दश वर्षपछि तुहिने आशंका रहन्छ । के दश वर्षमा आयोगले गरेको कामले सो समुदायको सशक्तिकरण भइसक्छ ? यस सन्दर्भमा बुझ्नु जरुरी छ - लोक सेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता पुराना आयोगलाई पचास वर्षभन्दा अघि गठन भएका हुन् । उनीहरुको पचासवर्ष पछि प्राप्त गरेका उपलब्धिसँग तुलना गरेर थारु आयोगको मकसद पुरा हुन्छ ? थारु आयोग गठन भएको छ वर्ष मात्र भएको छ । पुनरावलोकन गर्ने नै हो भने आजभन्दा पचासवर्ष पछि गर्न पाउने व्यवस्था राख्नु उपयुक्त हुन्थ्यो।

**"थारु" किन छुट्टै क्लस्टर ?**

नेपालको संविधानले थारु समुदायलाई छुट्टै क्लष्टरको व्यवस्था गरेको देखिन्छ । यसबाट थारुबाहेक अन्य आदिबासी जनजाति खुशी छैनन् भन्ने गरिन्छ । कतिपय थारु अगुवाहरुसमेत आदिबासी जनजातिबाट थारुलाई अलग गरेकोभन्दै रोस प्रकट गर्नेगरेका छन् ।थारु तराईका मूलआदिबासी रहेको तर आदिबासीबाट अलग क्लष्टर गरेकोमा पहिचान मेटिने पो हो कि ! चिन्ता केही थारुमा देखिन्छ । तर अर्कोतिर गैरथारु आदिबासी जनजातिहरुले थारुलाई संविधानतः अलग क्लष्टर गरेर आदिबासी जनजातिको आन्दोलनलाई नै तुहाउने षडयन्त्र भएको आरोप लगाउने गरेका छन् । आखिर किन थारु समुदायले संविधानमा आफ्नो छुट्टै क्लष्टर खोजेको हो त ? यस प्रश्नको जवाफ गम्भीरताका साथ बुझ्नु जरुरी छ । खासमा आदिबासीको नाममा आएको अधिकार र राज्यको सेवा सुविधाहरु थकाली, भट्टचन, नेवार, गुरुङ, मगर, तामाङ आदिले खाने भएकाले थारुलाई जहिले सेवा सुविधाबाट बञ्चित हुनुपरेको थियो । त्यही सेवा सुविधाबाट बञ्चित हुन नपरोस् र थारु समुदाय पछाडि परेकोपर्यै हुने अवस्था नहोस् भनेर छुट्टै क्लष्टरको व्यवस्था गरिएको हो । यस मामिलामा संविधाननिर्माताले कुत्सित वा दुराशययुक्त मनसुवा राखेर थारुलाई छुट्टै क्लस्टर दिएका हुन भने तर्कमा दम छ जस्तो लाग्दैन । प्रयुक्त व्यवस्था सबै समुदाय र वर्गलाई समतामूलक ढंगले सम्बोधन गर्ने संवैधानिक उद्देश्यको पक्षमै रहेको छ । यसमा मथापिच्ची गर्नु निरर्थक र अर्थहिन नै हुन्छ ।

**थारु आयोग ऐन, २०७४**

थारु आयोगबारे भएको संवैधानिक व्यवस्थालाई प्रचलनमा ल्याउन थारु आयोग ऐन, २०७४ जारी गरेर कार्यान्वयनमा आएको छ । सो ऐनको प्रस्तावनामा थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा थारु समुदायको सशक्तीकरण गर्नको लागि थारु आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले व्यवस्थापिका-संसदले ऐन बनाएको उल्लेख गरिएको छ ।

संविधानमा राख्न अतिरेक ठानिएको थारु आयोगको काम, कर्तव्य र अधिकारलाई यस ऐनको दफा ७ मा उल्लेख गरिएको छ । जसअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने भनिएको छ :-

(क) थारु समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधार का विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) थारु समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) थारु समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) थारु समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानून, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) थारु समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) थारु समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) थारु समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) थारु समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतना मूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) थारु समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गरी थारु समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) थारु समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,

(ठ) थारु समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने,

(ड) थारु समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने, (ढ) थारु समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ण) थारु समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्वर्द्धनका लागि जीवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(त) थारु समुदायको उदगम् स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(थ) थारु समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(द) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(ध) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

ऐनको दफा ८ मा थारु आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने व्यवस्था छ । त्यस्तै, आयोगले यो ऐन र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन

नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने व्यवस्था दफा ९ मा छ । ऐनको दफा ११ मा आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

ऐनको दफा १० मा आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्याविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था छ । र, त्यसरी गठित कार्यदल गठन गर्दा संविधानमा व्यवस्था भए बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुनुपर्ने भनिएको छ ।

ऐनको दफा १२ मा आयोगको कार्य सञ्चालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहनेछ र आयोगले आवश्यकता अनुसार प्रदेश तहमा समेत कार्यालय स्थापना गर्न सक्ने व्यवस्था छ । ऐनको दफा २२ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नु पर्ने भनिएको छ । र, आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दासंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राख्नु पर्नेछ । ऐन कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम र निर्देशिका बनाउन पाइने व्यवस्था दफा २७ र २८ मा गरिएको छ ।

**प्रत्यायोजित विधायन**

थारु आयोगले थारु आयोग ऐन, २०७४ द्वारा प्राप्त अधिकार प्रयोग गरेको आयोगको कार्यसम्पादनमा सहजता पुग्ने लक्ष्यसहित विभिन्न नियमहरु र कार्यविधिहरु निर्माण गरेर लागु गरेको छ । आयोगको नीतिगत तथा कानुनी सुधार का लागि थारु आयोग नियमावली, २०७८, थारू आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७८, आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८, आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ जस्ता कानुनी संरचनाहरु क्रियाशील छन् । आयोगका पदाधिकारीहरुको कार्यविभाजनको मस्यौदा पनि तयार गरिएको छ ।

**सुझाव र निष्कर्ष**

वर्तमान संवैधानिक र कानुनी व्यवस्थाले थारुको सन्दर्भमा गरेका कतिपय व्यवस्थाहरु लागु गरिएका छैनन् भने केही व्यवस्थाहरुकै उपयुक्तता उपर विभिन्न तहबाट सुधार र पुनरावलोकन गर्नुपर्ने विषयहरु छन् । त्यस्ता केही महत्वपूर्ण प्रतिनिधिमुल्क प्रसंगलाई निम्नलिखित बुंदागत रुपमा प्रस्तुत गरिएको छ :-

**क**) संविधानमा थारु आयोगसँग गरिएको असम्मान व्यवहारको पुनरावलोकन गरिनुपर्छ। संविधानमा संशोधन गर्नुपर्ने विषयतर्फ सरोकारवाला निकाय जिम्मेवार हुनु जरूरी छ ।

**ख**) थारु आयोगसम्बन्धी ऐन, २०७४ को दफा १२ को उपदफा २ मा आयोगले आवश्यकता अनुसार प्रदेश तहमा समेत कार्यालय स्थापना गर्न सक्ने व्यवस्था रहेको छ, तर यस व्यवस्थाको आजसम्म कार्यनव्यन भएको देखिएको छैन । आयोगले राष्ट्रपतिसमक्ष पेश गरेको वार्षिक प्रतिवेदनममा समेत आयोगको भुमिकालाई प्रभावकारी र अर्थपूर्ण बनाउन कम्तिमा पनि पहिलो चरणमा लुम्बिनी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा सम्पर्क कार्यालय स्थापना गर्न सुझाएको छ । यसलाई लागु गर्दै थारु आयोगलाई 'फूल-फ्लेज 'मा लग्न सकियो भने ऐनको मकसदले पूर्णता हासिल गर्छ, संघीयताको कार्यनव्यनमा समेत योगदान पुग्छ ।

**ग**) थारु आयोगले सम्बन्धित समुदाय तथा जातिहरुको हकहितका सवालमा कानुन निर्माण, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी, सम्झौता कार्यान्वयन भएनभएको अनुगमनको जिम्मेवारी पूरा गर्न सकेका छैनन् । त्यसतर्फ, थारु आयोग जिम्मेवार हुनु जरूरी छ ।

**घ**) थारु समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन गर्ने अधिकार आयोगलाई दिनु उपयुक्त हुन्छ । यसलाई अर्ध-न्यायिक निकायको रुपमा विकास गर्नेतर्फ विचार गरिनुपर्छ ।

**ङ**) थारु आयोग ऐन, २०७४ मा संशोधन गरी आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तोक्नु उपयुक्त हुन्छ ।

**च)** थारु समुदायको जनसंख्या र  निर्वाचन ऐनको  आधारमा प्रतिशत तोकी राज्यका हरेक क्षेत्रमा थारु समुदायलाई समानुपातिक समावेशिताको व्यवस्था गर्न निजामती कानुनमा आरक्षणको मर्म, सिद्धान्त र विधिअनुरूप जरूरी संशोधन गरिनुपर्छ। प्रदेश र स्थानीय तहका सरकारका सरकारी सेवा सञ्चालन सम्बन्धी ऐनमासमेत थारु समुदायको जनसंख्याका आधारमा छुट्टै समूहमा राखी समानुपातिक समावेशीको सिद्धान्त अनुसार आरक्षणको प्रतिशत निर्धारण हुनुपर्दछ। त्यस्तै, थारु महिलाको सन्दर्भमा पनि विशेष व्यवस्था गरिनुपर्छ।

**छ)** तीनै तहका सरकारका नीति, योजना, कार्यक्रम तथा बजेट थारु समुदाय लक्षित हुनु आवश्यक छ।

**ज)** टीकापुर आन्दोलन राजनीतिक प्रवृतिको भएकोले टिकापुर घटनाको राजनीतिक रुपमा निकास वा समा धान गरिनुपर्छ। सो मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगबाट टुङग्याउन सकिन्छ ।

**झ)** थारु मातृभाषालाई आधारभूत तहसम्म अध्ययन, अध्यायपनको लागी पाठ्यक्रम निर्माण गरिनु पर्छ । त्यसै गरि थारु समुदायसँग सम्बन्धित पुरातात्विक सम्पदाको सूचिकरण, थारुहरुको थरको सूचिकरण, थारु मानक भाषा बनागनको लागि कार्यायोजना लगायतका कामहरुमा पनि पहल गर्नुपर्छ।

**ञ)** थारु पहिचान संस्थागत गर्न थारु समुदायको परम्परागत बरघर प्रणालीलाई कानूनी मान्यता दिनुपर्ने माग पनि नभएको होइन। तर संघीय व्यवस्था, तीन तहको सरकार बनिसक्दा पनि सम्बोधन हुन सकेको छैन। यससम्बन्धमा तत्काल कानुन बनाउन सम्बन्धित निकाय अग्रसर हुनुपर्छ।

**ट)** हाल प्रचलनमा रहेको नेपालको संविधान २०७२ ले बाँधा श्रम (कमैया, हलिया इत्यादि) लाई निषेध गरेको छ। तर यो संवैधानिक व्यवस्था पूर्ण रुपमा नेपालभरी कार्यान्वयनका लागि एकीकृत कानुन निर्माण गरी बाँधा श्रमिकको मुक्ति, क्षतिपूर्ति, राहात र पुनःस्थापनाको व्यवस्था गर्न उदासिनता देखाएको छ। हाल प्रचलनमा रहेका तर छरिएर रहेका कानुनले यस विषयलाई सम्बोधन गर्न खोजेको देखिए पनि त्यसो हुन सकेको छैन। नेपालमा बाँधा श्रममा रहेको हरुको ठुलो हिस्सा थारु समुदायको रहेको छ। संविधानको धारा ४७ मा यो संविधान प्रारम्भ भएको मितिले ३ वर्षभित्र आवश्यक कानुन निर्माणका लागी बाध्यकारी निर्देशन गरेको छ। तर मौलिक हककै रुपमा रहको धारा २९ र ३४ को कार्यान्वयनका लागी कानुन निर्माण किन आवश्यक ठानिएएको छैन। साँच्चै समाजवादउन्मुख व्यवस्था र सुखी नेपाली समृद्ध नेपाललाई साकार बनाउने हो भने बाँधा श्रम अन्त्य गरी उनीहरुको पुनःस्थापनाको सुनिश्चितता सहितको कानुन बनाउनतर्फ ध्यान पुग्नुपर्छ।

तसर्थ, अहिलेको संवैधानिक र कानुनी व्यवस्था थारूको सन्दर्भमा अपर्याप्त छ। यसमा नया कानुनको निर्माण, भएका समस्याग्रस्त कानुनमा परिमार्जन र संशोधन आवश्यक देखिएको छ। संविधान थारुको अपनत्व सुनिश्चित हुनुपर्छ। थारु आयोग सम्बन्धी ऐनमा भएका व्यवस्थाहरुलाई पनि पूर्णरुपमा लागू गरिनु उत्तिकै जरूरी छ। विभिन्न समयमा भएका थरुहट, थारुवान संयुक्त आन्दोलन र अन्य थारु सम्बद्ध आन्दोलनमा सरकारसँग भएका सम्झौ ताहरुको कार्यान्वयनमा जोड दिनेतर्फ सबै पक्ष केन्द्रित हुनुपर्छ। थारु आयोगलाई अझै अधिकारसम्पन्न, प्रभावकारी र सक्रिय निकायको रुपमा विकास गर्दै लग्नु पर्छ। आयोगलाई दिइने बजेटको आकार र आयोगको पूर्वाधारमा पनि समयनाकुल बढोत्तरी गर्नु पनि उत्तिकै जरूरी छ।

**(यादव काठमाडौं स्कुल अफ ल, भक्तपुरमा अध्ययनरात छन्।)**

**सन्दर्भसूची**

क) नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, https://www.lawcommission.gov.np/np/archives/category/documents/prevailing-law/constitution/constitution-of-nepal

ख) थारु आयोग सम्बन्धी ऐन, नेपाल कानुन आयोग , https://www.lawcommission.gov.np/np/archives/category/documents/prevailing-law/statutes-

ग) रबर्टसन, टम, ;थारुबारे यथार्थ के ? भ्रम के ?, हिमाल खबर , १० माघ २०७७, https://www.himalkhabar.com/news/122036

घ)	पोखरेल, माधव प्रसाद, 'थारुको सांस्कृतिक इतिहास', नयाँ पत्रिका दैनिक, ४ पौष, २०७७, https://jhannaya.nayapatrikadaily.com/news-details/1209/2020-12-19
ङ)	थारु, नीरा भगत, 'थारु को हुन्, कान्तिपुर दैनिक, १७ जेष्ठ २०७३, https://ekantipur.com/ampnews/2016-05-30/20160530080747.html
च)	थारु जाती, विकिपिडिया, https://ne.wikipedia.org/wiki/%E0%A4%A5%E0%A4%BE%E0%A4%B0%E0%A5%81_%E0%A4%9C%E0%A4%BE%E0%A4%A4%E0%A4%BF
छ)	थारु सांस्कृतिक दर्पण, सातगवा थारु समाज, देउखारी, दाङ, २०७७
ज)	चौधरी, लक्की, 'थारु आयोग र यसको औचित्यता', हमर पाहुरा डट कम, असार, ४, २०७५, https://hamarpahura.com/12865
झ)	मोदन, कमल, "बौद्धमार्गी थारु कसरी हिंसात्मक बने ?" ७ भदौ  २०७२, अनलाइनखबर डटकम, https://www.onlinekhabar.com/2015/08/317582
ञ)	थारु आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७
ट)	थारु आयोगको वार्षिक प्रतिवेदन २०७७/०७८

थारु आयोग

नेपाल

# थारु आयोग, नेपाल

अनामनगर, काठमाडौं, नेपाल

टेलिफोन: ०१-५७०५११८, ०१-५७०५११९, ०१-५७०५०८४

टोल फ्रि नम्बर : १६६०-०१-५७-०००

इमेल : info@tharucommission.gov.np

वेबसाइट : http://www.tharucommission.gov.np